# सगरमाथाको नृत्यमग्न आत्मा

## स्रष्टा र सृष्टि

(प्रतिनिधि आधुनिक नेपाली कविता)

*सम्पादन सल्लाहकार*

डा. गोविन्दराज भट्टराई

राजेश्वर कार्की

*प्रस्तावक*

डा. लक्ष्मणप्रसाद गौतम

*सम्पादक*

मोमिला

*प्रकाशक*

**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**

(नेपाल प्रज्ञा-प्रतिष्ठानको परियोजनाअन्तर्गत)

# सगरमाथाको नृत्यमग्न आत्मा

## स्रष्टा र सृष्टि

(प्रतिनिधि आधुनिक नेपाली कविता)


| | | |
|---|---|---|
| **सम्पादक** | : | मोमिला |
| **प्रकाशक** | : | नेपाली कलासाहित्य डट कम प्रतिष्ठान |
| **सर्वाधिकार ©** | : | प्रकाशकमा |
| **संस्करण** | : | प्रथम, वि. सं. २०६५ |
| **प्रति** | : | १००१ |
| **आवरण-संयोजन** | : | ग्राफिक वर्कसप |
| **टाइपसेटिङ** | : | जीवन नेपाल |
| **मुद्रक** | : | df]g{lk|G6ª k];, काठमाडौं |
| | | फोन : ४२५३१९५ |
| **मूल्य** | : | ने. रु. १,२००/– |
| | | भा. रु. १,०००/– |
| | | US$ 25.00 |
| | | Euro 20.00 |

**ISBN:** 978-9937-2-0961-8


**SAGARMATHAKO NRITYAMAGNA AATMA**

*(an anthology of selected modern Nepali poems)*

**सम्पादन-सन्दर्भ**

# हृदयान्तरण / मोक्ष

आदरणीय पाठकवृन्द !

यहाँ नभनेरै पनि स्वयम्मा भनिसकिएका सम्पादन–सन्दर्भित शब्दसुमनहरू अर्पण गर्न गइरहेछु। तपाईंका सारा स्वीकृत–अस्वीकृत आत्मबिम्बहरू यसै ग्रन्थसम्बद्ध इतिहासको क्यानभासमा कोलाज बनी रहनेछन्।

प्रिय भावक !

कहीँ–कतै जब प्रश्नचिह्न लाग्छ; मान्छेको अस्तित्वचेतना अन्तिम अडेसा नभेटे पनि सटीक उत्तरका लागि जोखिममै सम्भावनाको क्षितिज छिचोलिरहन्छ। टकराव नै सही, स्पष्टतः आस्तित्विक अनुभूति वक्ररेखामै हुन्छ। सन्दर्भमा कतै नेपाली पहिचानको प्रश्न, कतै आधुनिकताको प्रश्न, कतै प्रतिनिधित्वको प्रश्न, कतै काव्यिक गुणवत्ताको प्रश्न, कतै मूल या पार्श्वधारको प्रश्न, कतै समयसीमाको प्रश्न त कतै सङ्ख्यासीमाका प्रश्नहरू नचाहेरै पनि तैनाथ हुँदा रहेछन्। यिनै स्वाभाविक प्रश्नहरूको भीडबीच सीमान्त सम्पूर्ण बनाउने प्रयासस्वरूप 'सगरमाथाको नृत्यमग्न आत्मा' ले मूर्त रूप धारण गरेको छ; जसलाई नेपाली साहित्यमा मात्र एक साहित्यिक क्रियाशीलता माने पनि काफी नै लाग्नेछ। सम्बद्ध सिलसिलामा धेरै अन्यथाहरूले बाटो छेक्ने प्रयास गरे पनि अन्यथाहरू छिचोलेरै यहाँसम्म आइपुग्नुको गर्वबोधस्वरूप प्रतिनिधि आधुनिक नेपाली कविताको यो विशेष ग्रन्थ नेपाली साहित्यलाई समर्पण गरिएको छ।

प्रिय सम्बोधनहरू !

जुन ग्रन्थ तपाईंको हातमा छ; त्यहाँ कवितासिर्जना मात्र होइन, थप आकर्षणका रूपमा एक सय पैँतीस स्रष्टाका दृष्टिसन्दर्भित सीमान्त सम्पूर्ण काव्यिक चिनारी पनि नत्थी गरिएको छ। यसर्थ 'स्रष्टा र सृष्टि' उपनाम दिइएको नेपाल एकेडेमीको परियोजनाअन्तर्गत प्रस्तुत कृति नेपाली कलासाहित्य डट कम प्रतिष्ठानको योजनाअनुरूप नेपाली साहित्यलाई विश्वसाहित्यमा पुऱ्याउने प्रारम्भिक पृष्ठभूमि हो।

वस्तुतः तीव्र घातप्रतिघातसहितको मानवमुक्ति, स्वतन्त्रता र समानताको खोजसहित उत्तरोत्तर विकसित वैचारिक सङ्घर्षको युग भन्नु नै आधुनिक युग हो र आधुनिकता सतत विकासमान् एकमुस्ट अवधारणात्मक गुणवत्तापूर्ण प्रक्रिया एवम् वृत्ति हो; जसमा

अनेक तत्त्व एकसाथ मिलेको हुन्छ अर्थात् पुरातन परम्पराविरोधी वैज्ञानिक दृष्टिकोणसहितको नयाँपन एवम् नयाँ मानसिकता; जहाँ निषेधित सत्यको खोजमा निष्ठुर प्रश्नचिह्नको निरन्तरता कायमै रहन्छ। चाहे मानववादी विचारधारा होस् चाहे मार्क्सवादी, चाहे अस्तित्ववादी विचारधारा होस् चाहे फ्रायडवादी, चाहे समाजवादी विचारधारा या संस्कारित अध्यात्मवादी विचारधारा या अन्य कुनै यथार्थवादी धार एवम् कर्मशील दार्शनिक धार होस्; यी र यस्तै अवधारणाहरूको शैलीगत एवम् अभिव्यक्तिगत गुणवत्तापूर्ण सघन जीवनदृष्टियुक्त उन्मुक्तिले नै यहाँ विशेष प्रश्रय पाएको छ। अन्तर्वस्तु र प्रस्तुतिको समष्टिगत नवीनतासहित यसमा विशेषतः स्वतन्त्रता, नैतिकता, समयचेतना एवम् अस्तित्वको सार्थक प्रश्नलाई नकार्न सकिन्न। विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यहाँ तत् समयको नैतिक प्रश्नको उत्तरसहित परिवर्तनका वाहक एवम् शैलीगत स्वतन्त्रतासहित गद्यकविताका सचेत उन्नायक कवि गोपालप्रसाद रिमाललाई प्रारम्भबिन्दु मानिएको छ भने २०२५ सालभित्र जन्मिएका स्रष्टाका मुक्तशैलीका गद्यात्मक कवितासिर्जनाहरू यस ग्रन्थको फैलावट बनेका छन्। विशेषतः तीसको दशकसम्ममा कवितालेखन प्रारम्भ गरी चालीसको दशकसम्ममा स्थापित भइसकेका एवम् अपवादलाई छाडेर कम्तीमा एउटा कवितासङ्ग्रह प्रकाशित भइसकेका स्रष्टाहरू नै यस ग्रन्थका आधारस्तम्भ हुन्। यद्यपि कतिपय शास्त्रीय धाराका सशक्त कवि र काव्यसिर्जनाहरू हाम्रा गौरव हुन् भन्नुमा अत्युक्ति हुनेछैन।

जे-जसरी ‘सगरमाथाको नृत्यमग्न आत्मा’ को अनुष्ठान सम्पन्न भयो, सम्पूर्ण स्रष्टाहरूसहित जान-अन्जान सहभागी सबैप्रति कृतज्ञता ज्ञापन गर्दै यिनै शब्दसुमनहरू हृदयान्तरण गरी बाँकी कमी-कमजोरी यसै ग्रन्थको दोस्रो भागमा नदोहोऱ्याउने प्रतिबद्धतासहित अहिलेलाई मोक्ष अनुभूत गर्न चाहन्छु। फेरि पनि प्रश्नहरू बाँकी नै रहनेछन्... !

**– मोमिला**

# आभार

- सचिव एवम् साहित्यकार श्री एस्पी कोइरालाप्रति विशेष आभार, जसले पृष्ठभूमिमा रहेर संस्थागत अनुष्ठानमा सधैँ हौसला दिइरहनुभएको छ।
- कलाप्रेमी एवम् सहसचिव श्री जलकृष्ण श्रेष्ठप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु, जसबाट हामीलाई ठोक्करहरूमा पनि कर्मशील बन्ने ऊर्जा प्रदान भइरह्यो र विश्वस्त छु कि यो सिलसिला जारी नै रहनेछ।
- विशिष्ट कलाकार एवम् नेपाल प्रज्ञा–प्रतिष्ठानका सचिव श्री हरिहर शर्मा, जसको हार्दिक सहयोगले **सगरमाथाको नृत्यमग्न आत्मा**को अनुष्ठान सम्पन्न भएको छ; त्यस्तै यस पवित्र अनुष्ठानमा सहभागी ज्ञानहरि अधिकारी, गणेश घिमिरेलगायत नेपाल प्रज्ञा–प्रतिष्ठानका सम्पूर्ण सहृदयीहरूप्रति सश्रद्धा आभार व्यक्त गर्दछु।
- जुन रूपमा पूर्णता प्राप्त गरी यो ग्रन्थले नेपाली साहित्यमा प्रवेश पाएको छ, यस सन्दर्भमा सम्पादनका हरप्रश्नको सङ्क्रमणमा कवचजस्तै उत्तर बनेर मलाई सस्नेह सहयोग गर्नुहुने मेरा गुरु डा. गोविन्दराज भट्टराईलाई म मेरो जीवनभरको कृतज्ञता व्यक्त गर्दछु।
- कवि एवम् नेपाली कलासाहित्य डट कम प्रतिष्ठानका उपाध्यक्ष श्री राजेश्वर कार्की; जसको परिकल्पना र सल्लाह–सुझाव एवम् हार्दिक सहयोगबिना यो ग्रन्थले कुनै पनि मूल्यमा मूर्त रूप धारण गर्न सक्ने थिएन, विशेष धन्यवादसहित म उहाँप्रति कृतज्ञता जाहेर गर्दछु।
- एकै वचनको अनुरोधमा अनुसन्धानात्मक प्रस्तावना तयार गरी यस ग्रन्थको गरिमा बढाइदिनुभएकोमा डा. लक्ष्मणप्रसाद गौतमप्रति विशेष आभार व्यक्त गर्दछु।
- कृतिको सामग्रीसङ्कलनका सन्दर्भमा विशेष सुरुचिका साथ सहयोग गर्नुहुने साहित्यकार इन्द्रबहादुर राई, कवि ईश्वरवल्लभ, अविनाश श्रेष्ठ, विप्लव ढकाल, कवि वीरु वाङदेल, सुधा एम. राई, भाइ नीलकमल र पुण्यप्रसाद शर्मालाई आभारसहित विशेष सम्झन चाहन्छु।
- सुन्दर आवरण सिर्जना गर्नुहुने सबिन शाक्यलगायत ग्राफिक वर्कसप परिवारप्रति सहृदय धन्यवाद दिन चाहन्छु।
- विशेष धन्यवादसहित यस कृतिको परिष्कृत रूपमा टाइपसेटिङ गरिदिने भाइ जीवन नेपाललाई हृदयतः सम्झन चाहन्छु।
- यस कृतिले पूर्णता पाउनुमा छोरा सुधीरले तनमनका साथ इन्टर्नेट सञ्जालमा पुऱ्याएको सहयोग र छोरीसरह रिमा कार्कीले दिएको सहयोग र मायाको पनि विशेष भूमिका रहेको छ। यतिखेर म उनीहरूलाई पनि सम्झन चाहन्छु।
- अन्तमा, सखी गीता कार्कीको हार्दिकतालगायत नेपाली कलासाहित्य डट कम प्रतिष्ठान परिवारका सम्पूर्ण सदस्यहरूको सहृदयतालाई पनि सम्झेकै छु।

**– मोमिला**

प्रस्तावना

# आधुनिकता र आधुनिक नेपाली कविता

– डा. लक्ष्मणप्रसाद गौतम

## १. आमुख : पृष्ठभूमि र विषयप्रवेश

'सगरमाथाको नृत्यमग्न आत्मा' एउटा प्रतिनिधिमूलक आधुनिक नेपाली कविताको मानक सङ्ग्रह हो। यो पूर्ववर्ती सामूहिक कवितासङ्कलनहरूको परम्परा र निरन्तरता होइन, बरु तीभन्दा माथिको एउटा मानक कृति हो। आधुनिक नेपाली कविताको इतिहासमा कविताका यस्ता सङ्ग्रह/कलेक्सनहरूको लामै शृङ्खला पाइन्छ। 'हिमालचुली' (२०१२), 'आधुनिक नेपाली कवितासङ्ग्रह' (२०१८), 'साझा कविता' (२०२४), 'आधुनिक नेपाली कविता' (२०२८), 'पच्चीस वर्षका नेपाली कविता' (२०३९), 'समसामयिक साझा कविता' (२०४०), 'आजको मान्छेको कविता' (२०४५), 'नेपाली समसामयिक कविताहरू' (२०४८), 'आजका नेपाली कविता' (२०५०), 'समकालीन कवि र कविता' (२०५१), 'समकालीन नेपाली कविताको रूपयात्रा' (२०५३), 'समकालीन नेपाली कविता' (२०५५ र २०५७) (अलग-अलग), 'कवितासन्दर्भ' (२०५६), 'कविताप्रसङ्ग' (२०५६) आदि धेरै सामूहिक कवितासङ्कलनहरूको शृङ्खला देखिन्छ। यसमा डा. ईश्वर बरालद्वारा सङ्कलित-सम्पादित 'हिमालचुली' (२०१२) नै यस्ता सङ्ग्रहहरूको सम्भवतः प्रस्थानबिन्दु हो। यीमध्ये कतिपय 'कलेक्सन' मात्र छन् भने कतिपय 'सेलेक्टेड कलेक्सन' पनि देखिन्छन्। प्रथमतः कविहरूको प्रतिनिधिमूलक चयन र त्यसपछि तिनका कविताहरूको प्रतिनिधिमूलक चयनका दृष्टिले वैज्ञानिकता, वस्तुगतता, वैधता र विश्वसनीयताका सीमाहरू माथिका सबै सङ्ग्रहमा देखिन्छन्। यति हुँदाहुँदै पनि सम्पादक/चयनकर्ताका केही निश्चित आधारहरू हुन्छन् र केही सीमा पनि हुन्छन् तापनि वैज्ञानिक वस्तुगतताको नजिक पुगेर कवि र तिनका शक्तिशाली कविताहरूको प्रतिनिधिमूलक चयन हुन सक्यो भने त्यसले कवितामा मानक कृति अर्थात् 'मास्टर पिस' हुने अधिकार राख्छ।

कृति वा कविताका नामका अगाडि आधुनिक/समकालीन/समसामयिक विशेषणहरू थप्दैमा ती कविता आधुनिक वा समकालीन हुन सक्दैनन् र ती विशेषण धान्ने/धान्न सक्ने कविता भएमा तिनले त्यस विशेषणको सार्थकता बोक्न सक्छन्। 'सगरमाथाको नृत्यमग्न आत्मा' लाई 'प्रतिनिधि आधुनिक नेपाली कविता' भनिएको छ

र यस सङ्ग्रहले प्रतिनिधि र आधुनिक दुवै विशेषणलाई राम्ररी धान्न सक्छ भन्ने कुरा यस सङ्ग्रहका कविताहरूले नै साक्षी बक्छन्। अझ त्यसमा पनि नेपाली कवितामा आधुनिकताको थालनी छन्दोबद्ध शास्त्रीय कवितालेखनका व्यतिरेकमा गद्य कवितालेखनबाट भएकाले र यस सङ्ग्रहमा पनि नेपाली साहित्यमा गद्यकविताका प्रथम प्रयोक्ता गोपालप्रसाद रिमाललाई नै प्रस्थानबिन्दु मानिएकाले एवम् आधुनिक नेपाली गद्य कविताहरू मात्र यसमा समावेश गरिएकाले 'आधुनिक' विशेषण यहाँ पूर्णतया सार्थक देखिन्छ भने कविभन्दा पनि कविताको प्रतिनिधिमूलक र विशिष्ट किसिमको चयन भएकाले प्रतिनिधि शब्दको विशेषण स्वयम्मा सार्थक देखिन्छ। यी विशेषणहरूलाई धान्न सक्ने ओज यी कविताहरूमा निश्चिन्त छ भन्न सकिन्छ।

## २. आधुनिकता : मान्यता र अभिलक्षण

आधुनिक, आधुनिकता र आधुनिकतावाद शब्द क्रमशः Modern, Modernity र Modernism अङ्ग्रेजी शब्दका नेपाली रूपान्तर हुन्। वर्तमान समयको, यतिखेरको, अहिलेको भन्ने अर्थ बुझाउने आधुनिक शब्दले अत्यन्त व्यापक अर्थ दिन्छ। यो परम्परित मान्यता, मूल्य, सोचाइ, चिन्तन, विचार, दर्शन, शैली, कला, समाज, संस्कृति आदि हरेक 'परम्परित' हरूका विरोधमा देखा परेको स्वतन्त्र एवम् नवीन दृष्टिकोण र उन्मुक्त शैलीगत अवधारणा हो। यसले माथिका सबै कुराहरूमा नवीनताको आग्रह राख्दछ र परम्पराप्रति असहमति जनाउँछ। हरेक विषय र क्षेत्रमा नवीन मूल्य एवम् मान्यताको अस्तित्व राख्ने र अस्तित्व स्थापना गर्ने उद्देश्य राख्नु आधुनिकताको मुख्य परिचय हो। यही आधुनिक हुनाको भाव नै आधुनिकता हो र यही आधुनिकताको मुख्य सैद्धान्तिक अवधारणा वा सिद्धान्तीकरण नै वाद वा अभियानका रूपमा आधुनिकतावाद हो। परम्परित मूल्य, मान्यता र नियमहरूको विच्छेदन गरेर नयाँ किसिमको बाटो समाई नवीन दृष्टिकोणसहित उन्मुक्त रूपले अगाडि बढ्नु आधुनिकताको मुख्य अभिलक्षण हो। यसलाई प्रस्थानबिन्दु निश्चित भएको तर अन्तिम बिन्दु निश्चित नभएको समयसूचक शब्दका रूपमा मानिन्छ।

सामाजिक विकासको क्रमसँगै पुराना परम्परित मूल्य, मान्यता, विचार, चिन्तन, दृष्टिकोण आदि कुराहरूमा क्रमशः परिवर्तन आउन थाल्छ र यो परिवर्तन गतिशील हुन्छ। यस्तो परिवर्तनले देश र समाजका हरेक क्षेत्रमा पुरानालाई विस्थापित गरेर नयाँलाई स्थापित गर्दछ। यही नवीन स्थापनाको क्रमसँगै आधुनिकता जन्मिन्छ। कुनै पनि देश र समाजमा देखिने यस्तो परिवर्तन समयसापेक्ष हुन्छ। आधुनिकता पश्चिमी अवधारणा भएकाले पाश्चात्य कलाचिन्तकहरूले आधुनिकतालाई कसरी हेरेका छन् भन्ने बुझ्नु पनि आवश्यक हुन्छ।

पिटर ब्रुकर र सिमोन पेरिलले समयको गतिलाई पहिचान गरी अङ्गीकार गरिएको नयाँ मूल्य र मान्यतालाई आधुनिकता मानेका छन् भने जे. ए. कडनले स्थापित मूल्य र मान्यतालाई भत्काएर साहित्यका रूप र शैलीमा गरिएको नयाँ प्रयोगलाई आधुनिकता मानेका छन्। मिसेल फुकोले वर्तमानलाई अङ्गीकार गर्ने समयसापेक्ष अवस्थालाई आधुनिकताका रूपमा व्याख्या गरेको देखिन्छ भने पौल डी म्यानले नवीन मौलिकताको सिर्जनाद्वारा परम्परालाई बढारेर फाली नयाँ किसिमले गरिने यात्रालाई नै आधुनिकता मानेको देखिन्छ। प्याट्रिसिया वघका अनुसार परम्परित विषय एवम् शैलीको अन्त्य र यथार्थपरक सौन्दर्यको प्रस्तुति नै साहित्यमा आधुनिकता हो।

विश्वसाहित्यको पछिल्लो समयका यी विशिष्ट कलाचिन्तकहरूका आधुनिकतासम्बन्धी उपर्युक्त परिभाषाहरूबाट आधुनिकता भनेको परम्पराप्रतिको विमति हो भन्ने स्पष्ट हुन्छ तापनि यससँग सम्बद्ध भएर धेरै कुराहरू आएका हुन्छन्। त्यसकारण आधुनिकतालाई यसरी परिभाषित गर्नु उपयुक्त हुन्छ–

अन्धपरम्पराको विरोध गर्दै अन्तर्वस्तु र प्रस्तुति दुवैमा नवीनता, युगीनता, यथार्थपरकता, तार्किकता, प्रयोगशीलता र भौतिकवादी वैज्ञानिकतातिर उन्मुख स्वतन्त्र अवधारणालाई नै आधुनिकता भनिन्छ।

यस परिभाषाबाट आधुनिकतालाई समग्रतः पहिचान गराउने निम्नलिखित प्रमुख अभिलक्षण देखा पर्छन्–

(क) आधुनिकताले अन्धपरम्पराको विरोध गर्छ।

(ख) आधुनिकताले स्वतन्त्रताको पक्षमा वकालत गर्छ।

(ग) पुरातन एकरसताविपरीत आधुनिकतामा नवीन सौन्दर्यचेतको आत्मसात् हुन्छ।

(घ) आधुनिकतामा युगीनता हुन्छ।

(ङ) आधुनिकता यथार्थपरक हुन्छ।

(च) आधुनिकतामा तार्किकता हुन्छ।

(छ) आधुनिकतामा प्रयोगशीलता हुन्छ।

(ज) आधुनिकता भौतिकवाद र वैज्ञानिकतातिर उन्मुख हुन्छ।

आधुनिकता आदर्शका विपरीत यथार्थ अवधारणा हो। यसले शास्त्रीय जडसूत्रवादी मूल्य र मान्यताको तीव्र विरोध गर्छ भने जीवनमूल्यको खोजी गर्दै भौतिकवादी यथार्थवादी वैज्ञानिक दृष्टिकोणतिर झुकाउ राख्दछ। लेखकीय आत्मचेतना, सङ्कुचित सीमाबाट मुक्त हुन खोज्ने प्रवृत्ति, विश्वबोध, युगबोध, समाजबोध, वर्तमानप्रतिको सचेतता र परम्परित शैलीको परित्याग एवम् विरोध पनि आधुनिकताका मुख्य मान्यता वा अभिलक्षण हुन्। समग्रमा स्वतन्त्र वैयक्तिक अस्तित्वको खोजी, बिरानोपनको

भाव वा असम्बद्धता, स्वैच्छिक जीवनशैलीको वरण आदि आधुनिकताका केही विशिष्ट अभिलक्षण हुन्।

पाश्चात्य आधुनिकतावादी चिन्तन र दृष्टिकोणहरूले साहित्य र अन्य जुनसुकै क्षेत्रमा पनि अपारम्परिकतालाई आत्मसात् गरेको देखिन्छ। कोरा आदर्शभन्दा यथार्थमा र कोरा कल्पनाभन्दा वस्तुगततामा जोड दिनु आधुनिकतावादी चिन्तनको विशेषता हो। आधुनिकतावादीहरू वर्तमानप्रति अत्यन्त सचेत हुन्छन्। यिनीहरूको चिन्तन, सोचाइ र दृष्टिकोण बौद्धिक भए पनि यथार्थ, तार्किक एवम् वैज्ञानिक छ। आधुनिकतावादी चिन्तनले पाश्चात्य जगत्मा परम्परित चिन्तन र मान्यतालाई पूरै भत्काइदिएको छ। अझ त्यसमा पनि अनुशासित र नियमबद्ध लेखनका विरोधमा नवीन रूपशैलीको लेखनका रूपमा परिचित आधुनिकतावादी साहित्यमा औचित्यवादी अवधारणाको पनि विरोध छ। यसको परम्परित साहित्यसँग जहिले पनि व्यतिरेकी सम्बन्ध हुन्छ। यसको मुख्य विशेषता भनेको प्रयोगशीलता र नवीनता हो चाहे त्यो विषयगत होस्, चाहे शैलीगत। परम्परित नियमको विच्छेदन, आत्मचेतनायुक्त नवीन प्रयोगपरक लेखन, वस्तुगत र वैज्ञानिक दृष्टिकोण आदि आधुनिक साहित्यमा देखा पर्ने मूलभूत विशेषता हुन्। यिनै विशेषताहरूको परिमार्जन र अझै नवीनताको अन्वेषणका साथ यो आधुनिकता निरन्तर गतिशील देखिन्छ।

## ३. आधुनिकताको विश्वसाहित्यसन्दर्भ

आधुनिकता मूलतः पश्चिमी अवधारणा भएकाले साहित्यमा समेत यो पश्चिमी चिन्तन र चेतनाका रूपमा आएको देखिन्छ तापनि यसको व्यापक विश्वदृष्टि छ। यही बृहत् विश्वदृष्टिले साहित्यचिन्तन, सिर्जना र लेखकीय चेतनाका क्षेत्रमा आमूल परिवर्तन ल्यायो। प्रथम विश्वयुद्धले ध्वस्त र तहसनहस पारेको युरोपेली जीवन र समाजमा मानवीय जीवनमूल्यको क्षय भइरहेको, परम्परित आस्थाका मानकहरूप्रति वितृष्णा जागिरहेको र जीवनशैली एवम् समाजमा परिवर्तनको खोजी भइरहेको सन्दर्भमा साहित्यमा पनि त्यसको प्रभाव पर्नु स्वाभाविक थियो। यसको परिणतिस्वरूप कलासाहित्यमा धेरै नवीन प्रयोगहरू भए। यस क्रममा कविता, आख्यान र नाटकमा नयाँ प्रयोगका ढोकाहरू खुल्न थाले।

३.१ कविता आधुनिकताको मुख्य प्रयोगभूमि हो। आधुनिक कविताले बीसौँ शताब्दीका कवितालाई उन्नाइसौँ शताब्दीका कविताबाट छुट्टयाउँछ। यो छुट्टयाई वा भिन्नताको मुख्य आधार प्रयोगशीलता हो। यस क्रममा प्रथमतः कविताको रूप र शैलीमा परिवर्तनहरू देखा परे। यसरी परिवर्तित रूप र शैलीका कविता लेख्नेहरूमा टी. एस. इलिअट, एज्रा पाउन्ड, वालेस स्टेभेन्स, रोबर्ट ग्रेम्स, विस्टन हफ अडेन,

रोबर्ट लोवेल, डिलन टमस, डब्ल्यू. सी. विलियम्स, स्टिफेन मलार्मे, विलियम बटलर यिट्स, गट्रड स्टेन, रेनर मारिया रिल्के, गुइलम अपोलोनियर आदि धेरै कविहरूको समूह देखिन्छ। इलिअटको The Waste Land (सन् १९२२) र एज्रा पाउन्डको Cantos (सन् १९१७) ले कविताका विषयवस्तु, रूपसंरचना एवम् शैलीशिल्प आदि सबै कुरामा नवीनता भित्र्याएका छन् र अन्य कविहरूका कविताले समेत संरचना, भाषिक विन्यास, लययोजना आदिमा नवीनता देखाएका छन्। यसरी कविताको व्यवस्था, शैली र ढाँचामा नवीनता ल्याउने कविहरूले परम्परित शास्त्रीय ढाँचालाई त्यागेर मुक्तछन्दका कवितालेखनतिर आफूलाई प्रवृत्त गराएको पाइन्छ।

आधुनिक कविहरूका कवितामा विम्बहरूको प्रशस्त प्रयोग भएको छ। विम्बहरूको बहुलप्रयोगले गर्दा आधुनिक कविताहरू साङ्केतिक र बह्वर्थक छन्। आधुनिक कवितामा विषयवस्तुभन्दा कविताको रूपपक्षमा बढी महत्त्व दिइएको हुन्छ र जीवन, जगत्, मान्छे र उसका भोगाइ एवम् अनुभूतिको अभिव्यक्तिका साथै अनौपचारिक नवीन शैलीको अवलम्बन गरिने हुनाले आधुनिक कविता विशिष्ट हुन्छ। यस्ता विशिष्ट कविता लेख्नेहरूमा टी. एस. इलिअट, एज्रा पाउन्ड आदि विम्बवादी कविहरू नै देखिन्छन्। पछि अन्य कविहरूले पनि युरोपेली जीवन र समाज एवम् तेस्रो विश्वका पछौटेपनलाई समेत कवितामा प्रतिविम्बित गराए। आधुनिक कविता अब युरोपेली जीवन र समाजको मात्र प्रतिविम्ब भएन। विज्ञान र प्रविधिको भौतिक विकासले आधुनिक कविताले विश्वव्यापी स्वरूप ग्रहण गर्न थाल्यो। यसरी आधुनिक कविताले विकसित र विस्तारित हुँदै युरोपेली मुलुकहरूका काव्यपरम्परालाई नयाँ गति, दिशा र मोड दिएको छ भने युरोपइतर मुलुकहरूमा पनि क्रमशः नवीन घुम्तीका ढोकाहरू खोलेको छ। आज आधुनिक कविता युरोपेली आधुनिक कविता मात्र होइन, आधुनिकताको विश्वदृष्टिलाई अँगाल्ने सबै मुलुकको कविता हो।

विशेषतः प्रथम विश्वयुद्धका कारण सङ्कटग्रस्त हुनुपरेको युरोपेली चेतनासम्मत अनुभव भोगाइ, पीडा, कुण्ठा, निराशा र सङ्गतिहीनताका चापमा हुर्किएको अस्तित्ववादी विसङ्गतिवादी चेतनाले पनि आधुनिक अङ्ग्रेजी, फ्रान्सेली, जर्मनेली आदि कविहरूलाई प्रभावित पार्‍यो। यसरी तत्कालीन सङ्कटपूर्ण परिवेशमा त्यहाँका कविहरूले जे देखे र जे भोगे तिनै दृष्टिकोण, अनुभूति र भोगाइको तत्कालीन काव्यात्मक अभिव्यक्तिलाई नै आधुनिक कविता मानिन्छ। यिनै आधारमा इयान औस्बी, इलियास केनेटी, ब्रियन एपलयार्ड, पिटर ब्रुकर, सिमोन पेरिल, एम. डब्ल्यू. डेभिज, पिटर बर्गर आदि आधुनिक काव्यचिन्तकहरूले आधुनिक कवितालाई परम्पराको उच्छेदन, नवीनताको अन्वेषण, विसङ्गत जीवनको अभिव्यक्ति, मानवीय जटिलताको प्रस्तुति, कुण्ठा र निराशाको प्रकटीकरण, यथार्थ भोगाइको अभिव्यक्ति, युगीनताको स्वीकार, परिवर्तनको

वरण, चेतनाको पीडा र विभिन्न काव्यिक आन्दोलन एवम् अभियान वा सम्प्रदायहरूका घोषणापत्रका रूपमा मानेका छन्। यो आधुनिक कविताको पहिचान र विशिष्टता पनि हो। यिनै विशिष्टता आधुनिक कविताका मुख्य परिचायक अभिलक्षण पनि हुन्।

### ३.२ आख्यान र नाटकमा आधुनिकता

विश्वसाहित्यमा आधुनिकताको प्रयोग कविता र उपन्यासबाट थालिएको पाइन्छ। त्यसपछि कथा र नाटकमा पनि आधुनिक प्रवृत्तिहरू देखिन थाले। यस क्रममा आख्यान (कथा-उपन्यास) को रूप र शैलीमा परिवर्तन आयो। विषयवस्तुमा नवीनता आयो। अत्यन्त नयाँ किसिमका आख्यान लेखेर आधुनिकतावादी प्रवृत्ति भित्र्याउने प्रमुख आख्यानकारहरूमा मार्सेल प्रुस्त, फ्रान्ज काफ्का, जोसेफ कोनरड, जेम्स ज्वाइस, डी. एच. लरेन्स, भर्जिनिया वुल्फ, ई. एम. फोस्टर, अर्नेस्ट हेमिङवे, एफ. स्कट फिटजेराल्ड, विलियम फकनर, हेनरी जेम्स, थोमस म्यान, आन्द्रे पौल गिड, क्याथरिन म्यान्सफिल्ड, समरसेट मम, जेम्स थर्बर आदिको नाम विशेष उल्लेखनीय देखिन्छ। यीमध्ये पनि जेम्स ज्वाइसको Ulysses (सन् १९९२), भर्जिनिया वुल्फको Jacob's Room (सन् १९९२) जस्ता उपन्यास र क्याथरिन म्यान्सफिल्डको The Garden Party and Other Stories (सन् १९२२) जस्ता कथासङ्ग्रहहरू अत्यन्तै चर्चित मानिन्छन्। यी र यस्तै अन्य आख्यानकृतिहरूले पूर्ववर्ती परम्परित नियमहरूको उच्छेदन गरेर पात्रका चरित्रलाई पनि बेग्लै रूपले चित्रण गरेका छन्। यी आख्यानकारहरूले परम्परित वाक्यरचना र कथात्मक भाषाका सट्टामा चेतनप्रवाहशैलीको प्रयोग गरेका छन्। आख्यानको भाषाको क्रमबद्ध विन्यासका सट्टामा भाषाका विचलनयुक्त रूपको प्रयोग गरेका छन् भने व्याकरणको मानक प्रयोगको वाक्यरचनालाई अतिक्रमण गरेर भाषाशैलीय विन्यासमा पनि नवीनता भित्र्याएका छन्।

पाश्चात्य साहित्यमा कविता र आख्यानपछि नाटकमा आधुनिकता भित्रिएको हो। अभिनय र रङ्गमञ्चलाई मात्र आधार बनाएर नाटक लेख्ने प्रचलन र परिपाटी रहेकामा आधुनिक नाटककारहरूले त्यस परम्पराका व्यतिरेकमा नवीन किसिमका रूप र शैलीमा आधारित नाटकहरू लेख्न थाले। जर्ज बर्नार्ड शा, सिन ओ. केजी, युजिन ओ. निल, टेनेसी विलियम्स, स्ट्रिन्डबर्ग, लुइजी पिरान्डेलो, बर्टोल्ट ब्रेख्त, स्यामुअल बेकेट आदि नाटककारहरूका नाटकहरूले नाटकको स्वरूप र संरचनामा नवीन प्रयोगहरू गरे भने हेनरिक इब्सनले अन्तर्वस्तु र प्रस्तुतिमा समेत नवीनता ल्याए। टेनेसी विलियम्सले संवाद र पात्रप्रयोगमा नवीनता भित्र्याए। बर्नार्ड शाको Candida (सन् १८९५), हेनरिक इब्सनको A Dolls House (सन् १८७९) र अन्य विभिन्न नाटककारहरूका नाटकहरूले विषयवस्तु, संवाद, पात्रविधान, प्रस्तुति, संरचना र शिल्पगत प्रविधिमा समेत आधुनिकता भित्र्याएका छन्।

### ३.३ कलाका अन्य विविध क्षेत्रमा आधुनिकता

साहित्यका विविध विधामा जस्तै कलाका विविध क्षेत्रमा आएका आधुनिकतावादी चिन्तन, पद्धति र प्रविधिले पनि विश्वव्यापी प्रभाव पारेको छ। विशेषतः फ्रान्सेली कलामा अतियथार्थवादी चेतनाले प्रवेश पाएपछि दादावादका पृष्ठभूमिमा चित्रकलामा आधुनिकतावादी प्रवृत्ति देखिन थाल्यो। अझ त्यसमा पनि कलाबाट थालिएर साहित्यमा विकसित भएको आधुनिकताले सम्पूर्ण विषयक्षेत्रलाई राम्ररी प्रभाव पारेको छ। दादावादी कलाकार डू च्याम्पले बनाएको मोनालिसाको दाह्री-जुँगायुक्त चित्रबाट परम्परित कलाकारितामा ठूलो हलचल पैदा भयो। परम्परित कलाकारहरूले यथार्थलाई फोटोग्राफरले झैँ जस्ताको तस्तै उतार्ने पद्धतिका विरुद्ध आधुनिक कलाकारले उसको आफ्नो मानसिकता, कलालाई हेर्ने दृष्टिकोण, चेतना आदिका आधारमा कलाको सिर्जना गर्ने पद्धतिको थालनी गरे। विशेषतः चित्रकला र मूर्तिकलामा यसरी कलाकारको मानसिकता, दृष्टिकोण र चेतनाका विम्बहरूको सिर्जना हुन थाल्यो। परिणामतः आधुनिक कला क्रमशः अमूर्त हुँदै जान थाल्यो।

साहित्यका विभिन्न विधाहरूका साथै चित्रकला, मूर्तिकला एवम् सङ्गीत, मानवशास्त्र आदिबाट पनि आधुनिकताको प्रारम्भ भएको छ र कवितामा पनि यसको प्रभाव पाइन्छ। आधुनिक चित्रकला र मूर्तिकलामा घनत्ववाद, भविष्यवाद र अमूर्त प्रभाववादले परम्परित नियमलाई भत्काए र सङ्गीतकलाका क्षेत्रमा स्ट्राभिन्स्की र स्किनबर्गजस्ता सङ्गीतकारहरूले परम्परागत ताल, सुर र लयका नियमको वास्ता नगरी भिन्नै किसिमले आफ्ना सङ्गीत प्रस्तुत गरे। चित्रकलाका क्षेत्रमा पाब्लो पिकासोका Three Musicians (सन् १९२२) र Three Dancers (सन् १९२५) शीर्षकका प्रसिद्ध चित्रकलाका साथै उनका अन्य चित्रकला र उनकै समकालीन अन्य कलाकारहरूका अमूर्त चित्रकलाहरूले यस क्षेत्रमा ठूलो परिवर्तन ल्याए। विशेष गरेर चित्रकला र मूर्तिकलामा आएका घनत्ववादी, अतियथार्थवादी र अमूर्त शैलीका प्रयोगहरूका प्रवृत्तिले नयाँ चिन्तनको थालनी भयो।

साहित्य, कला र अन्य साहित्येतर विषयहरूमा आएका आधुनिकतावादी प्रवृत्ति, दृष्टिकोण र चिन्तनहरूले सबै विषयक्षेत्रमा देखिएका परम्परित मान्यतालाई विस्थापित गरी नयाँ मान्यताको स्थापना गरेको देखिन्छ। विशेष गरेर विज्ञान र प्रविधिको विकास, नवीन दृष्टिकोण र शैली, चिन्तनको व्यापकताजस्ता कुराहरूले आधुनिकताको प्रवर्तनमा विशेष महत्त्व राख्दछन्। यसका अतिरिक्त जेम्स जे. फ्रेजरको मानवशास्त्रीय चिन्तनका साथै यथार्थवाद, जाँ पाल सार्त्र र अल्बर्ट कामुका अस्तित्ववाद-विसङ्गतिवाद तथा घनत्ववाद, रूपवाद, दादावाद, अतियथार्थवाद, विम्बवाद, बोर्टवाद, भविष्यवाद, संरचनावाद, प्रतीकवाद, उत्तरप्रभाववाद आदिलाई अवलम्बन गर्दै आधुनिकतावादी

कलासाहित्य अगाडि बढेको देखिन्छ। साहित्यिक र साहित्येतर अन्य विविध विषयमा आधुनिकतावादी चिन्तनको प्रभाव परेझैँ कविताका क्षेत्रमा पनि यसको प्रभाव परेको देखिन्छ। यी विविध चिन्तन, मान्यता र वादहरूको समष्टिगत प्रभावका सापेक्षतामा र परिणतिस्वरूप आधुनिकतावादको प्रवर्तन भएपछि यसले अँगालेका कलासम्बन्धी व्यापक शैली र पक्षहरूका आधारमा कला/साहित्य/कविताको अध्ययन-विश्लेषण गर्न सकिन्छ। आधुनिकतावादले कलासाहित्यलाई हेर्ने नवीन दृष्टिहरू दिएको छ र आधारहरू पनि दिएको छ। आधुनिक कलासाहित्यलाई आधुनिक आधार र दृष्टिकोणकै केन्द्रीयतामा हेर्नुपर्छ।

आधुनिक कला र आधुनिक साहित्य (कविता) मा पूर्ववर्ती मान्यताको विस्थापन छ। मूर्तताको ठाउँ अमूर्तताले लिएको छ। प्रत्यक्षको ठाउँ अप्रत्यक्षले लिएको छ। चित्रकला, मूर्तिकला, वास्तुकला/स्थापत्यकला, चलचित्र, फोटोग्राफी आदि कलाका विविध क्षेत्रमा नयाँ-नयाँ विशिष्ट शैलीहरूको प्रयोग हुन थाल्यो। कलाका यथार्थ प्रस्तुतिहरूमा अतियथार्थको प्रयोग हुनाका साथै दादावाद, अतियथार्थवाद, भविष्यवाद, घनत्ववाद, अमूर्त अभिव्यञ्जनावाद आदिको प्रभाव र प्रयोग पनि उपर्युक्त सबै कलामा स्पष्टसँग देखिन थाल्यो। यस्तो प्रयोग चित्रकलामा सबैभन्दा बढी देखियो। सङ्गीतकलामा पनि परम्पराको उच्छेदन भयो। क्लाउड मोनेले थालेको प्रभाववादी चिन्तन कला र सङ्गीतकै पृष्ठभूमिका उपज थिए। सिजाने, पिकासो, ब्राक, आन्द्रे डेरेन, हेनरी माटिस्से, अम्बर्टो बोसियानी, मार्सेल दुसौ, ज्याक्सन पोलाक, रोबर्ट मदरवेल, मार्क रोथ्को, विलियम कुनिङ आदि धेरै कलाकारहरूले विश्वकलाको विकासक्रमलाई नै युगान्तकारी मोड दिएका छन्। कलाका विविध क्षेत्रमा आधुनिकता भित्र्याउन यिनीहरूको योगदान विशिष्ट छ र यिनीहरूले कलाका नयाँ मूल्य, शैली र संरचनाको आविष्कार गरेका छन्। पिकासो, डचाली, माटिस्से, ब्राक आदि कलाकारका चित्रहरू कविताको झैँ अमूर्त भाषा बोल्छन् र तिनले बेग्लै प्रभाव छोड्छन्।

परम्परित कला र परम्परित कविता एवम् आधुनिक कला र आधुनिक कवितामा धेरै भिन्नता छ। परम्परित कवितामा परम्परित कलाको प्रभाव देखिँदैन। ती दुवै शास्त्रीय भए पनि परस्पर अप्रभावित देखिन्छन्, तर आधुनिक कवितामा आधुनिक कलाको प्रभाव छ। आधुनिक कलाले कवितालाई र आधुनिक कविताले कलालाई परस्पर प्रभावित पारेका छन्। परम्परित कला र कविताले प्राचीन धर्म, मिथक र क्लासिकल जीवनशैलीलाई अभिव्यञ्जित गरेको पाइन्छ भने आधुनिक कला र कविताले मान्छेका बाह्य-आन्तरिक पक्षका साथै सामान्य मान्छेका भोगाइ, अनुभूति, पीडा, चेतना, मानसिकता, मनोवृत्ति आदिलाई विशिष्ट किसिमले अभिव्यञ्जित गरेको पाइन्छ। मन्छेका अचेतनको उद्घाटन आधुनिक कला र कविताको अर्को पक्ष हो। सामान्य

मान्छेका भोगाइ र जीवनशैली आधुनिक कला र साहित्यका मूल अन्तर्वस्तु बनेका छन्। आधुनिक साहित्यका धेरै विधाहरू आधुनिक कलाबाट अप्रभावित छैनन्। यो पनि एक किसिमले आधुनिक वैश्विक चेतनाको प्रभाव हो र विश्वदृष्टि हो।

३.४ आधुनिक कविता : समयखण्ड र प्रवृत्ति

आधुनिकता निश्चित बिन्दुबाट सुरु भएर निश्चित बिन्दुसम्म पुग्ने कालखण्ड हो वा साहित्य/कवितामा देखिएका नवीन प्रवृत्तिहरूको समुच्चय हो भन्ने कुरामा धेरै विद्वान्हरू तर्क गरिरहेका छन्। आधुनिकता एउटा कालखण्ड पनि हो र त्यस कालखण्डले जन्माएका नवीनतम प्रवृत्तिहरूको समुच्चय पनि हो। आधुनिक युगभन्दा पूर्वको साहित्य र वर्तमान आधुनिक युगको साहित्यमा धेरै भिन्नता छ। यद्यपि आधुनिक युगपछि उत्तरआधुनिक युग भनेर समयखण्डको रेखा कोर्नेहरू पनि छन् तर उत्तरआधुनिकता आधुनिक युगपछिको कालखण्ड नभई आधुनिक युगभित्रैको पछिल्लो प्रवृत्ति र अवधारणा हो।

पाश्चात्य साहित्य/कविताको ऐतिहासिक विकासक्रमलाई हेर्ने हो भने विभिन्न किसिमले चरणगत विभाजन गरिएको पाइन्छ र कुनै एउटा देशको कवितासाहित्यका केन्द्रीयतामा सिङ्गो विश्वसाहित्य वा पाश्चात्य साहित्यको चरण विभाजन गर्नु पनि कत्ति वैज्ञानिक हुँदैन। यति हुँदाहुँदै पनि कतिपय विश्वराजनीतिक घटनावलीहरूले कला र साहित्यलाई विशिष्ट प्रभाव पारेका छन् र तिनै विभिन्न घटनावलीहरूले कलासाहित्यमा नवीनतम प्रवृत्ति भित्र्याएका छन्। सामान्य प्रवृत्तिगत परिवर्तनका केन्द्रीयतामा विश्वकवितासाहित्यको विकासक्रमको सामान्य रूपरेखालाई यस प्रकार देखाइन्छ–

(क) सुरुदेखि पुनर्जागरणपूर्व युग : धार्मिक–नैतिक आदर्श युग,
(ख) पुनर्जागरणकाल/प्रथम विश्वयुद्धपूर्व : क्लासिकल युग,
(ग) आधुनिक काल – प्रथम विश्वयुद्धयता : विचार र शैलीमा नवचेतना र चिन्तनको युग।

प्रथम विश्वयुद्धले आधुनिकताको थालनी गरेको र द्वितीय विश्वयुद्धले उत्तरआधुनिकतावादी प्रवृत्ति साहित्य/कवितामा प्रवर्तन गरेको सामान्य रेखाङ्कनबाट पनि आधुनिक युगको प्रस्थानबिन्दु निश्चित भएको तर अन्तिम बिन्दु निश्चित नभएको चालू कालखण्ड, तज्जन्य प्रवृत्ति र तज्जन्य अवधारणा पनि हो भन्ने स्पष्ट हुन्छ। कलासाहित्यमा देखिएका आधुनिक प्रवृत्तिका दृष्टिले फ्रान्स, बेलायत, अमेरिका, इटाली, रुस, जर्मनी आदि देशका कवितासाहित्य बढी सशक्त देखिन्छन्।

स्वच्छन्दतावादी भावुकताका व्यतिरेकमा यथार्थपरक चेतना र मानवीय स्वतन्त्रता, समानता, भोल्तेयरको सामाजिक–राजनीतिक विद्रोहको स्वर, फायरबाखको भौतिक दर्शन, कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवाद, डार्विनको विकासवादी सिद्धान्त, फ्रायडको

मनोविज्ञान, फ्रेडरिक नित्सेको ईश्वरको मृत्युको घोषणा आदि विविध चिन्तन र चेतनाले आधुनिक कविता प्रभावित छ। अझ त्यसमा पनि आधुनिक युगमा अमेरिकाले विश्वराजनीति, अर्थव्यवस्था, वैज्ञानिक/प्राविधिक क्षेत्रको विकास र विस्तार, भौतिक उन्नति आदिका कारण विश्वमा ठूलो प्रभाव पाऱ्यो; जसको प्रभाव कलासाहित्यमा पनि पर्नु स्वाभाविक थियो। अर्कातिर फ्रान्सेली कलासाहित्यमा आएका नवचेतनाले पनि सिङ्गो विश्वलाई नै कुनै न कुनै रूपमा प्रभावित पारेको देखिन्छ। यसरी अमेरिका, फ्रान्स आदि-आदि विभिन्न मुलुकहरूका आधुनिक कवितामा देखिएका अनेकौँ सङ्गतिहीनता, मानवमूल्यको विघटन वा क्षयोन्मुख मानवीयता, वैश्विक तथा वैयक्तिक सामाजिक तनाउ, द्वन्द्व, युद्धका विभीषिका, आस्तित्विक चेतना, विसङ्गतिबोध, निरीश्वरवादी चेतना आदि प्रवृत्तिहरू आधुनिक विश्वकविताका पनि मूल प्रवृत्ति हुन्।

अमेरिकाली कला, दर्शन र कवितामा आएका अनेक प्रकारका विचारधारा, बौद्धिकता, व्यापकता, गम्भीरता र जीवनवादी दृष्टि यथार्थवादी चिन्तनका वस्तुपरकतामा आधारित थिए। वैज्ञानिक भौतिक उन्नतिका कारण राष्ट्रवादका अवधारणाहरू धुमिल हुन थाले। परिणामतः वैज्ञानिक भौतिक प्राप्तिहरूलाई उपभोग गरिरहेका युरोपेली मुलुकहरू; दक्षिण अमेरिका, ल्याटिन अमेरिकालगायतका मुलुकहरू; तेस्रो विश्व ठानिएका एसियाली मुलुकहरू तथा उपनिवेशित र भर्खर उपनिवेशबाट मुक्त भएका मुलुकहरूमा बेलायत-अमेरिकाका कविताको प्रत्यक्षाप्रत्यक्ष प्रभाव पर्न थाल्यो। यसरी आधुनिक कविताको मूल्य र कवितामा आधुनिक चिन्तन र चेतनाको मूल्य अब स्थानिक रहेन। त्यो सार्वत्रिक र व्यापक हुन थाल्यो। एउटा मुलुक वा भाषाका कविताको आधुनिकता र अर्को मुलुक वा भाषाका कविताका आधुनिकतामा धेरै भिन्नता हुन सक्छ तापनि विश्वआधुनिकतावाद (Modernism) को छाताभित्र सबै मुलुकका र सबै भाषाका आधुनिक कविता पर्छन् र त्यस्ता कवितामा पाइने आधारभूत प्रवृत्तिमा समानता हुन्छ।

### ३.५ एसियाली आधुनिक कविता : अतिसङ्क्षिप्त रूपरेखा

आधुनिक नेपाली कविहरूलाई विश्वचेतनाले छोइरहेको छ। यसबाट आजको कवि अप्रभावित छैन। भाषागत जटिलताका कारण अङ्ग्रेजीमा लेखिएका साहित्य/कविताका तुलनामा अन्य भाषामा लेखिएका कविताले व्यापकता प्राप्त गर्नु कठिन छ। भाषिक सम्प्रेषणीयताका कारण हिन्दी, बङ्गाली, उर्दू साहित्य/कविताको प्रभाव माध्यमिककालीन नेपाली कवितामा समेत परेको देखिन्छ। आधुनिक कतिपय नेपाली कवितासँग पनि हिन्दी, उर्दू, बङ्गाली आदि कविताले एउटै संवाद गरेको, एउटै विचारको प्रवाह गरेको, एउटै कथ्यलाई अभिव्यक्त गरेको र एउटै चेतनालाई प्रस्तुत गरेको पाउन सकिन्छ। प्रथम विश्वयुद्धको प्रभाव युरोपेली जीवन र समाजमा तत्काल पर्नु र एसियाली मुलुकहरूमा त्यसको केही समयपछि पर्नु तथा एसियाली जीवन

र समाजले भोग्नुपरेका रुग्णता, दीनता, कठिनाइ, जटिलता आदि सङ्गतिहीनतालाई ती मुलुकका कविहरूले आफ्नै किसिमले प्रस्तुत गर्नुजस्ता परिस्थितिले पनि युरोपेली आधुनिक कविता र एसियाली आधुनिक कविताको प्रस्थानबिन्दु एउटै नहुने देखिन्छ।

पाश्चात्य वा युरोपेली कविताको आधुनिकता र एसियाली कविताको आधुनिकताका लागि प्रथम विश्वयुद्ध सार्विक कारकतत्त्व हुन सक्छ तर प्रत्येक एसियाली मुलुकहरूका आफ्नै आन्तरिक राजनीतिक–आर्थिक–सामाजिक परिवेशजस्ता विविध स्थानिक परिवेशले पनि ती मुलुकका कवितालाई प्रभाव पारेका हुनाले यी आन्तरिक परिस्थितिलाई स्थानिक कारकतत्त्वका रूपमा मानेर एसियाली कविताको आधुनिकता निर्धारित हुन्छ। त्यसैले सिङ्गो एसियाली कविताको आधुनिकताको निर्धारण वस्तुगत र वैज्ञानिक हुन सक्दैन।

भौगोलिक दृष्टिले धेरै ठूला दुई छिमेकी मुलुक भारत र चीनका आधुनिक कविताको स्वरूप पनि नितान्त भिन्न देखिन्छ। सन् १९४७ को भारतीय स्वतन्त्रताको सन्दर्भ र त्यसभन्दा पूर्व सन् १९३७–३८ देखि नै हिन्दी कवितामा आधुनिकताको स्पष्ट पहिचान भएको देखिन्छ। सन् १९४० को दशककै चर्चित कृति 'तारसप्तक' भित्र समाहित कविहरूलाई हिन्दी साहित्यमा आधुनिकताका प्रखर स्तम्भ मानिन्छ। नेपालको अर्को छिमेकी राष्ट्र चीनको साहित्यिक आधुनिकता अझ भिन्न छ। सन् १८४० देखि यताका चिनियाँ कवितालाई आधुनिक मानिन्छ। चीनका धेरै आन्तरिक विद्रोह र विशेष गरेर त्यहाँको अफिम युद्ध (सन् १८४०–१८४२) चिनियाँ कविताको आधुनिक कालको प्रस्थानबिन्दु हो। यस युद्धमा पराजित चीनले यसपछि एउटा ठूलो फड्को मार्‍यो। नेपालका यी दुई ठूला छिमेकी मुलुकका कवितामा देखिएको आधुनिकतामा झन्डै एक शतकको भिन्नता पाइन्छ। भारतीय साहित्यमा भने कतिपय पुराना कविहरूले सन् १९२० को दशकतिरदेखि नै कवितामा आधुनिकता आएको मान्दछन् भने पछिल्लो समयका काव्यचिन्तक र कविहरूले 'तारसप्तक' कवितासङ्ग्रहले खास आधुनिकता भित्र्याएको स्वीकार गर्छन्। यसरी हेर्दा नेपाली कविताको आधुनिकतासँग हिन्दी कविताको आधुनिकता धेरै नजिक देखिन्छ भने चिनियाँ कविताको आधुनिकता धेरै टाढा देखिन्छ।

एसियाली आधुनिक कविताको सेरोफेरोलाई हेर्ने हो भने प्रत्येक एसियाली कविताका आधुनिक पृष्ठभूमिहरू भिन्न हुनु स्वाभाविक हो। यति हुँदाहुँदै पनि भारतीय, चिनियाँ र जापानी आधुनिक कविताले अधिकांशतः एसियाली कविताको प्रतिनिधित्व गर्ने हैसियत राख्दछन्। अज्ञेय, नरेन्द्र शर्मा, रामविलास शर्मा, प्रभाकर माचवे, भारतभूषण, केदारनाथ अग्रवाल, गिरिजाकुमार माथुर, महादेवी वर्मा, नेमीचन्द्र जैन, केदारनाथ सिंह, शमशेरबहादुर, धर्मवीर भारती, गजानन माधव मुक्तिबोध, नरेशकुमार मेहता आदि कविहरूले आधुनिक हिन्दी कवितालाई उचाइमा पुर्‍याएका छन्। त्यस्तै कुओ मो

जी, लू स्युन, तियेन चियेन, कोङ चिचेन, ल्यू यची, छेन छ्यू बिङ, लिन चस्यू आदि कविहरूले आधुनिक चिनियाँ कवितालाई अग्रगति प्रदान गरेका छन् भने सुन्तारो तानिकावा, रुमिको कारा, नाकामुरा कुसाताओ, नोरिको मिजुसाकी, केन्जी आयाबे, रिचुको कावावाता, यासुनारी कावावाता आदि कविहरूले जापानी आधुनिक कविताकाव्यलाई अग्रगति प्रदान गरेका छन्। यसरी नै अफगानिस्तान, इन्डोनेसिया, इराक, इरान, कोरिया, पाकिस्तान, फिलिपिन्स, बङ्गलादेश, बर्मा, भुटान, श्रीलङ्का आदि मुलुकहरूका विभिन्न आधुनिक कविहरूले आफ्ना-आफ्ना देशका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि विविध पृष्ठभूमिका केन्द्रीयतामा आधुनिक कविताको विकास र विस्तार गरेका छन्। विश्वका विभिन्न मुलुकका आधुनिक कविहरूको समष्टि र सिङ्गो काव्यसिर्जनाबाट विश्वआधुनिक कविता समृद्ध भएको छ। परिवर्तन र नवीनता सबै विश्वआधुनिक कविताको मूल प्रवृत्ति हो। नेपालीका रिमालले झैँ हिन्दीका अज्ञेय र बङ्गालीका बुद्धदेव बसूले सर्वप्रथम गद्यकविताको सिर्जना गरेर आधुनिकताको ढोका खोलेको कुराले यसलाई पुष्टि गर्छ।

## ४. आधुनिकताको नेपाली सन्दर्भ : कविताका सापेक्षतामा

नेपाली साहित्यमा आधुनिकतावादी चिन्तन र अवधारणा पाश्चात्य साहित्यमा जस्तै परम्पराप्रतिको विरोध र नवीनताप्रतिको स्वीकार रूपमा नै आएको देखिन्छ तापनि पाश्चात्य साहित्यको आधुनिक सन्दर्भ र नेपाली साहित्य/कविताको आधुनिक सन्दर्भका बीच धेरै भिन्नता छ। नेपालीमा आधुनिकताको थालनीका बारेमा प्रशस्त मतमतान्तरहरू छन् तापनि सामान्य रूपमा साहित्य, कला र अन्य क्षेत्रमा आएको पाश्चात्य प्रभाव; आफ्नै देशका राजनीतिक, सामाजिक र साहित्यिक परिवेश आदिलाई आधार बनाएर आधुनिकताको निर्धारण गर्नु उपयुक्त हुन्छ। बितेको वा विगत समयका तुलनामा हरेक आगत समय आधुनिक हुने भएकाले र साहित्य वा अन्य क्षेत्रमा पनि समयको परिवर्तनसँगै नयाँ-नयाँ प्रवृत्तिहरू देखिने भएकाले हरेक पूर्ववर्ती साहित्यभन्दा उत्तरवर्ती साहित्य नवीन वा आधुनिक हुन्छ।

नेपाली कवितासाहित्यमा आधुनिकताको प्रवर्तनका विषयमा धेरै मतमतान्तरहरू देखिए पनि वि. सं. १९७५ यताका कवितामा माध्यमिककालीन प्रवृत्तिको अन्त्य नभएकाले र आधुनिकतावादी प्रवृत्ति नभित्रिइसकेको हुँदा नेपाली कविताले आधुनिकतावादी प्रवृत्तिको स्पष्ट पहिचान परिष्कारवादी धाराको समाप्तिपछि नै बनाएको पाइन्छ। एकतन्त्रीय जहानियाँ राणाशासनका विरुद्ध भित्रभित्रै नेपाली जनता सङ्गठित भई विद्रोहको रूपरेखा तयार पार्नु र परिष्कारवादका आदर्शवादी, नैतिक, आध्यात्मिक एवम् औपदेशिक तथा शास्त्रीय नियमबद्ध अनुशासनका विरुद्ध युगीन यथार्थका सन्दर्भबाट कविता लेख्न थाल्नु आदि कुराहरू नै आधुनिकताको प्रवर्तनका आन्तरिक कारकतत्त्व

हुन्। नेपाली साहित्यमा आधुनिकताको थालनीका धेरै कारकतत्त्वहरू रहेका छन् तापनि कुनै न कुनै रूपमा परम्पराप्रतिको विरोध र नवीनताप्रतिको आग्रह नै आधुनिकताका आधारभूत विशेषता हुन्।

जहाँ परम्पराप्रति विद्रोह र विरोध हुन्छ त्यहाँ स्वतः रूपमा नवीनताको अन्वेषण र प्रयोगको अभीष्टता देखिन्छ। आफ्नो देशको राणाशासनको चरम दमनका विरुद्ध भित्रभित्रै जनता सङ्गठित हुँदै जानु र त्यसैको परिणतिस्वरूप नेपाल प्रजापरिषद्को स्थापना हुनुजस्ता ऐतिहासिक सन्दर्भहरूले नेपाली आधुनिकतालाई आधार प्रदान गरेका छन्। यस किसिमको राजनीतिक परिवर्तनको सन्दर्भले तत्कालीन साहित्यिक परिवेशमा पनि परिवर्तन र नवीनताको खोजी एवम् प्रयोगको अपेक्षा राख्नु स्वाभाविक देखिन्छ। त्यति मात्र होइन, दोस्रो विश्वयुद्धलाई अत्यन्त निकटबाट बुझेका र दोस्रो विश्वयुद्धको पीडा भोगेर नेपाल फर्केका नेपालीहरूमा पनि आफूहरूले विशेषतः युरोपेली मुलुकहरूमा देखेका नवीनता र चमत्कारलाई केही रूपमा भए पनि भित्र्याउने चाहना एवम् उनीहरूमा रहेको नवीन दृष्टिकोणले समेत निकै प्रभावित पारेको छ। यसबाट नेपाली कवितासाहित्यमा पनि नवीनताप्रतिको आग्रह सशक्त रूपमा आएको देखिन्छ।

नेपाली आधुनिकताको सन्दर्भलाई पूरै पाश्चात्य प्रभावका रूपमा वा त्यसको निरपेक्ष रूपमा मात्र मान्नु वैज्ञानिक हुँदैन। नेपाली कवितासाहित्यमा कुनै निश्चित एउटा कारण वा घटनावलीबाट अथवा कुनै एउटा व्यक्ति वा समूहबाट मात्र आधुनिकता भित्रिएको होइन र यो पूरै पाश्चात्य प्रभाव मात्र पनि होइन। यसलाई आफ्नै देश, काल र परिस्थितिका सापेक्षतामा पनि हेर्नुपर्छ। नवीनताको अन्वेषण र प्रयोग आधुनिकताको मूलभूत अभिलक्षण हो र नेपालका सन्दर्भमा पाश्चात्य अङ्ग्रेजी शिक्षाको प्रारम्भले आधुनिकताका लागि विशेष आधारभूमि प्रदान गरेको देखिन्छ। त्रिचन्द्र कलेजको स्थापनापछि नेपालमा आधुनिक अङ्ग्रेजी शिक्षाको व्यापक प्रभाव देखियो र यसबाट क्रमशः नेपाली साहित्यकारहरू पनि प्रभावित हुन थाले। त्यसैले पश्चिमी अङ्ग्रेजी शिक्षाको प्रभावग्रहण पनि आधुनिकताको महत्त्वपूर्ण आधार रहेको देखिन्छ। नेपाली परिप्रेक्ष्यमा आधुनिकताका आफ्नै आधारभूमि छन् र यसबाट पनि नेपाली आधुनिकता प्रस्टिन्छ। नेपाली कविताको आधुनिकताका अभिलक्षण, विशेषता र प्रवृत्तिहरूलाई पूरै विश्वसाहित्यसँग तुलना गर्न मिल्दैन। नेपाली कवितामा आधुनिकताको आफ्नै पृष्ठभूमि र परिवेश पनि छ। नेपाली समाजका मूल्य, मान्यता र तत्कालीन सामाजिक–राजनीतिक सन्दर्भहरूले पनि आधुनिकताको निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् तापनि नेपाली कविताका सन्दर्भमा आधुनिकताका मुख्य अभिलक्षणलाई अति सङ्क्षिप्त रूपमा यस प्रकार देखाइन्छ–

(क) त्रिचन्द्र कलेजको स्थापनाबाट पश्चिमी शिक्षाको प्रभाव र विश्वसाहित्यसँगको परिचय,

(ख) बाह्य वा विश्व–आधुनिकताको प्रभाव र युगीन चेतना,

(ग) नेपाली समाजका युगीन मूल्य र मान्यताको अभिव्यक्तिका साथै व्यक्तित्वको प्रकटीकरण,

(घ) कविताको स्वरूप, विषयवस्तु र शैलीमा नवीनताको आग्रहका साथै छन्दोबद्ध कवितालेखनका व्यतिरेकमा गद्यकविताको प्रवर्तन,

(ङ) प्रगतिशील क्रान्तिकारी अवधारणा, भौतिकवादी जीवनदृष्टि र नयाँ जीवनमूल्यको खोजी गर्ने आग्रह,

(च) दोस्रो विश्वयुद्धबाट फर्केका नेपालीहरूको भोगाइ र नवीन दृष्टिकोण,

(छ) निरङ्कुश राणाकालीन शासनव्यवस्थाप्रतिको विद्रोह र विरोध,

(ज) नेपाली साहित्यकार/कविहरूको विश्वसाहित्यसँगको परिचय र विशेषतः अङ्ग्रेजी आधुनिक कविताको प्रत्यक्षाप्रत्यक्ष प्रभाव,

(झ) परम्परित कवितालेखनप्रविधिका अतिशय नियमबद्धता र शास्त्रीय अनुशासित लेखनका विरोधमा स्वच्छन्द लेखनको थालनी,

(ञ) कवितामा आत्मचेतना र नवीन सौन्दर्यचेतनाको प्रधानता एवम् निरीश्वरवादी दृष्टिकोण,

(ट) नवीन मूल्य र मान्यताका स्वीकारका साथै कवितामा वैज्ञानिक भौतिकवादी दृष्टिकोणको प्रस्तुति,

(ठ) परिवर्तित युगीन मूल्य र मान्यताको स्वीकार एवम् नवीनतम शैलीशिल्पको अवलम्बन,

(ड) परम्परित कवितालेखनका विरोधमा अनेकन् प्रयोगशील कवितालेखनको थालनी,

(ढ) कवितामा पाश्चात्य वैज्ञानिक चिन्तन र प्रवृत्तिको प्रभाव,

(ण) सामाजिक न्याय, स्वतन्त्रता, प्रजातन्त्र र मानवअधिकारप्रतिको सचेतता र विश्वमानवतावादी दृष्टिकोण,

(त) जनताकेन्द्रित/मान्छेकेन्द्रित विचारको प्रस्तुति र कलासाहित्यलाई सामाजिक रूपान्तरणको माध्यम बनाउने प्रवृत्ति,

(थ) कवितामा वैचारिक चेतनाको प्रबलता र शैलीगत नवीनताका साथै समष्टिगत नवीन प्रस्तुतिप्रतिको झुकाउ आदि।

उपर्युक्त यी सङ्क्षेपीकृत बुँदाहरू नेपाली कवितामा आधुनिकताका निर्धारक आधार, विशेषता र प्रवृत्ति पनि हुन्। यसबाट नेपाली कवितामा आधुनिकताको थालनीको बिन्दु स्पष्ट हुन्छ। आधुनिकताका सैद्धान्तिक मान्यता, परिभाषा र अभिलक्षणहरूका आधारमा शास्त्रीयताको परित्याग आधुनिकता हो र यो कुरा प्रथम गद्य कविता लेख्ने

गोपालप्रसाद रिमाल र अन्तर्वस्तुमा र लेखकीय आत्मचेतनामा स्वच्छन्द कविता लेख्ने लक्ष्मीप्रसाद देवकोटाका कवितामा पाइन्छ। त्यसकारण रिमालको गद्य कवितालेखन नेपाली कवितामा एउटा 'ब्रेक डाउन' हो, 'यू टर्न' हो र नयाँ 'डिपार्चर' हो। त्यसकारण पनि आधुनिकताका धेरै अभिलक्षण गोपालप्रसाद रिमालका कविताले बढी आत्मसात् गरेको देखिन्छ।

४.१ नेपाली कवितामा आधुनिकतासम्बन्धी मतमतान्तर

नेपाली कवितामा आधुनिकताको थालनीका सम्बन्धमा प्रशस्त मतमतान्तरहरू देखिन्छन्। यस्ता मतमतान्तर वा दृष्टिकोणहरू परस्पर विरोधी, अवैज्ञानिक, आत्मगत र केही वैज्ञानिक एवम् वस्तुगत पनि देखिन्छन्। यस्ता विवाद र मतमतान्तरहरूको सामान्य अवलोकन यहाँ अपेक्षित देखिन्छ। बालकृष्ण पोखरेल ('नेपाली साहित्यमा कालविभाजन', २०२३) ले मोतीराम भट्टदेखि यताको साहित्यलाई आधुनिक मानेका छन् भने दीननाथ शरण ('नेपाली साहित्य का इतिहास', सन् १९७४) र भानुभक्त पोखरेल ('साहित्यिक समीक्षासङ्ग्रह', २०५५) ले वि. सं. १९७० देखि नेपाली कवितामा आधुनिकताको थालनी भएको उल्लेख गरेका छन्। त्यस्तै यज्ञराज सत्याल ('नेपाली साहित्यको भूमिका', २०१६), वासुदेव त्रिपाठी ('लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन', २०३४), नरेन्द्र चापागाईं ('काव्यसमालोचना', २०५२) र केशवप्रसाद उपाध्याय ('आजका नेपाली कविता', भूमिका, २०५१) ले १९७५ लाई आधुनिक नेपाली कविताको प्रस्थानबिन्दु मानेका छन्। वामदेव पहाडी ('नेपाली कविताका विकासचरण', २०४५) ले १९८० लाई र ईश्वर बराल ('नेपाली साहित्यको कालविभाजन', २०२२), रत्नध्वज जोशी ('नेपाली साहित्यमा कालविभाजन', २०२८) र केशवप्रसाद उपाध्याय ('विचार र व्याख्या', २०४०) ले १९८६ लाई आधुनिक नेपाली कविताको प्रारम्भ मानेका छन्। त्यसरी नै कृष्णचन्द्रसिंह प्रधान ('नेपाली साहित्यका विभिन्न धाराको प्रवृत्ति र इतिहास', २०२३), तारानाथ शर्मा ('समकालीन कवि र कविता : एक परिचर्चा', २०४६), मोहनराज शर्मा ('समकालीन समालोचना : सिद्धान्त र प्रयोग', २०५५), ताराकान्त पाण्डे ('आधुनिक नेपाली कविता : केही शैक्षणिक सन्दर्भ, केही तात्त्विक विवेचना', २०५७), खगेन्द्रप्रसाद लुइटेल ('आधुनिक नेपाली समालोचना', २०५७) र गणेशबहादुर प्रसाईं ('माध्यमिककालीन काव्यसाहित्यको विवेचना', २०६१) ले १९९१/१९९२ लाई आधुनिक नेपाली कविताको सीमारम्भ मानेका छन्। त्यसरी नै मोहनराज शर्मा ('नेपालीका केही आधुनिक साहित्यकार', २०२६), दयाराम श्रेष्ठ ('नेपाली साहित्यको सङ्क्षिप्त इतिहास', २०३४) र तारानाथ शर्मा ('नेपाली साहित्यको कालविभाजन', २०२६) ले २००८ लाई आधुनिक नेपाली कविताको प्रस्थानबिन्दु मानेका छन्। अभि सुवेदी ('रचना र माध्यम', २०५४) ले २०१७ देखि र जीवन नामदुङ

(‘आधुनिक नेपाली कविता’, २०५६) एवम् वैरागी काइँला (‘लीला, लीलात्व र लीलालेखन : सरल भाषामा इन्द्रबहादुर राईका विचार’, २०५९) ले २०२० देखि मात्र आधुनिक नेपाली कविताको प्रारम्भ भएको कुरा उल्लेख गरेको पाइन्छ।

यी विवरणबाहेक अन्य कतिपय विद्वान्हरूका भिन्न-भिन्न मत पनि देखिन्छन्। यीमध्ये कतिपय साहित्यकारहरूले आफ्नो पूर्वधारणामा केही परिवर्तन पनि गरेको पाइन्छ। नेपाली कवितामा आधुनिकताको निर्धारणका लागि उपर्युक्त मतमतान्तरहरूको अध्ययन-विश्लेषण आवश्यक छ। नेपाली कवितामा आधुनिकताका सम्बन्धमा यिनै मतमतान्तरमाथि विभिन्न विद्वान्हरूले विभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेका छन्। नेपाली कवितासाहित्यमा उपर्युक्त नौओटा मत वा दृष्टिकोणमध्ये १९७५ देखि आधुनिकताको थालनी भएको मान्ने दृष्टिकोण र १९९१/१९९२ देखि आधुनिकताको थालनी भएको मान्ने दृष्टिकोणहरू बढी चर्चित, विवादास्पद र स्थापित पनि देखिन्छन्। १९७५ देखि नेपाली कवितामा आधुनिकताको प्रवर्तन भएको मान्नेहरूले लेखनाथलाई आधुनिकताका प्रवर्तक मानेको देखिन्छ भने त्यसपछि १९८६, १९९१/९२, २००८, २०१७, २०२० आदि समयदेखि आधुनिकताको थालनी भएको मान्नेहरूले लेखनाथमा आधुनिक चेत नभएको बलिया तर्कहरू अगाडि सारेका छन्। यी मतमतान्तरहरूबाट आधुनिक नेपाली कविताको खास प्रस्थानबिन्दु ठम्याउन सजिलो हुने देखिन्छ।

विभिन्न विद्वान्हरूले अघि सारेका उपर्युक्त दृष्टिकोण वा मान्यताहरू आफ्ना-आफ्ना यादृच्छिक कल्पनामा आधारित देखिन्छन् र अधिकांश मान्यताहरू आधुनिकतावादी सैद्धान्तिक अभिलक्षणभित्र पर्दैनन्। नेपाली कवितामा आधुनिकताको प्रस्थानबिन्दुका सम्बन्धमा यति धेरै विवाद हुनाका पछाडि आधुनिकतालाई हेर्ने दृष्टिकोणमा भिन्नता, वस्तुगत र वैज्ञानिक दृष्टिकोणको अभाव एवम् यादृच्छिक परिकल्पनामा मात्र आधुनिकताका निर्धारक आधारहरूको पुष्टि हुन नसक्नुजस्ता कारणहरू देखिन्छन्। त्यसकारण आधुनिकतावादी सैद्धान्तिक मान्यता, अवधारणा, अभिलक्षण, विशेषता र प्रवृत्तिका आधारमा नेपाली कविताको आधुनिकताको प्रस्थानबिन्दु निर्धारण गर्नु बढी व्यावहारिक, वैज्ञानिक र वस्तुगत हुन्छ।

### ४.२ नेपाली कवितामा आधुनिकताको निर्धारण र प्रस्थानबिन्दु

आधुनिक नेपाली कविताको प्रस्थानबिन्दुका सम्बन्धमा प्रस्तुत भएका तर्क, मान्यता, अवधारणा, आधुनिकताका अभिलक्षण आदिलाई अध्ययन-विश्लेषण गरेर हेर्दा अधिकांशले प्रवृत्तिगत परिवर्तनलाई आधार मानेर आधुनिकताको निर्धारण गरे पनि कुन-कुन प्रवृत्तिहरू पूर्ण रूपमा आधुनिकताका निर्धारक आधार हुन् भन्ने ठम्याउनतिर नलागेका हुनाले पनि नेपाली कविताको आधुनिकता बढी विवादित भएको हो। नेपाली कविताको चालू वर्तमानकाल नै समयखण्डका दृष्टिले आधुनिक काल हो। आधुनिक

काल भनेको तीनखण्डे कालखण्डको पछिल्लो खण्ड हो र यो वर्तमानको निरन्तर गतिशील कालखण्ड भएकाले यसको उठान वा प्रस्थानबिन्दु भए पनि अन्तिम बिन्दु भने तोक्न सकिँदैन।

नेपाली कवितामा स्वच्छन्दतावादी धाराले परम्परालाई भत्काएपछि सुरु भएको आधुनिकताले नवीनता, शिल्पपरिवर्तन, युगीन सचेतता, लेखकीय आत्मचेतना, वैज्ञानिक दृष्टिकोण, सामाजिक न्याय र विश्वदृष्टिकोण आदि कुराहरूमा विश्वास राखेर प्रस्तुत भएको पाइन्छ। शास्त्रीय नियम र मान्यतालाई परित्याग गरी नवीन मान्यताका साथ कविता सिर्जना गर्ने कविहरूमा गोपालप्रसाद रिमाल र लक्ष्मीप्रसाद देवकोटाको तत्कालीन उपस्थितिले नेपाली कवितामा आधुनिकता भित्रिएको हो। शास्त्रीय छन्दमा कविता लेख्ने परम्परित मान्यताका विरुद्ध सचेत गद्य कवितालेखनका माध्यमबाट परम्पराको शैलीगत उच्छेदन गर्ने काम गोपालप्रसाद रिमालले गरेका छन्। १९९२ फागुन १६ को 'गोरखापत्र' मा प्रकाशित उनको 'कविको गान' शीर्षकको कवितालाई नेपाली कवितासाहित्यको प्रथम सचेत गद्यकविताका रूपमा मानिन्छ र त्यसभन्दा एकडेढ महिनापूर्वको उनको '...प्रति' शीर्षकको कविता १९९२ मार्ग–पौषको 'शारदा' मा प्रकाशित देखिन्छ, तर यो गद्यकविता नभई गीतिकविता हो। यसमा गद्य कवितात्मकताको पूर्वाभास भने देखिन्छ। अर्कातिर १९९२ को वैशाख महिनाको 'शारदा' मा देवकोटाको 'प्रति' शीर्षकको कविता प्रकाशित देखिन्छ। यस छोटो कवितामा पनि गद्य कवितात्मकता छ तर गद्य कवितालेखनको सचेत प्रयास र परम्परित शैलीप्रतिको विद्रोहका रूपमा गद्यकविता लेख्ने सचेत आग्रह देवकोटामा त्यति बेला देखिँदैन। त्यसकारण रिमालको '...प्रति' र देवकोटाको 'प्रति' गद्य कविताको पूर्वाभास दिने कविता हुन् तर गद्य कविता होइनन्। तर रिमालको '...प्रति' शीर्षकको दोस्रो कविता चाहिँ गद्यकविता हो भन्ने कुरा ती कविताबाट नै स्पष्ट हुन्छ। त्यसपछि २००३ मा आएर मात्र देवकोटाले शक्तिशाली गद्य कविता लेखेको देखिन्छ।

नेपालीमा प्रथम गद्य कवितालेखनपरम्परामा गोपालप्रसाद रिमाल र लक्ष्मीप्रसाद देवकोटासँगै प्रवासी नेपाली कवि गोपालसिंह नेपालीका कविताको पनि चर्चा गरिएको पाइन्छ, तर उनको १९९२ मै प्रकाशित 'कल्पना' शीर्षकको गद्य सङ्ग्रहमा कुनै गद्य कविता भएको पाइँदैन, बरु उनको गद्यमा कवितात्मकता पाइन्छ। रिमालकै पहिलो '...प्रति' मा गीतिचेतना बढी देखिनु, देवकोटाको 'प्रति' मा सचेत गद्य कवितालेखनको स्पष्ट स्वरूप प्राप्त नहुनु र रिमालको 'कविको गान' मा सचेत गद्य कवितालेखनको अत्यन्तै अपारम्परिक शैलीको प्रयोग हुनुजस्ता सन्दर्भहरूबाट गोपालप्रसाद रिमालकै 'कविको गान' कवितालाई प्रथम सचेत गद्य कविताका रूपमा मान्नु युक्तिसङ्गत देखिन्छ। शास्त्रीय छन्दोबद्ध कवितालेखनको वर्चस्व रहेका बेलामा 'यी यस्तो पनि

कविता हुन सक्छ' भनेर गद्यकविताको नमुना उत्पादन गरी पाठकहरूलाई नवीन शैलीगत प्रयोगतिर आकर्षित गराएर कविताको परम्परित स्वरूप र संरचनालाई नै भत्काउने गोपालप्रसाद रिमाल आधुनिकतावादी कविताचेतनाका उन्नायक हुन्।

प्रवृत्तिगत दृष्टिले गोपालप्रसाद रिमाल स्वच्छन्दतावादी प्रगतिशील विद्रोही चेतनाका कवि भएकाले कविताको अन्तर्वस्तु/भाव/विचारका साथै शैलीमा पनि विद्रोही बनेको देखिन्छ भने शास्त्रीय अतिशय नियमबद्धता, अनुशासन, संयमित र नियन्त्रित लेखन, औपचारिकता र तीव्र शिल्पसचेतता आदिका विरुद्ध शास्त्रीय नियमबद्ध अनुशासनलाई तोडेर अनौपचारिक शैलीमा असंयमित उन्मुक्त आवेगका साथ कविता सिर्जना गर्ने देवकोटामा पनि शास्त्रीयताप्रति विरोध र विद्रोह देखिन्छ। देवकोटाको विद्रोह र विरोध आत्मगत भएको र रिमालको विद्रोह र विरोध वस्तुगत भएकाले आधुनिकतावादी चेतनाका दृष्टिले रिमालको वस्तुगतता बढी स्पष्ट देखिन्छ। रिमालले छन्दको बन्धन तोड्नु र देवकोटाले परिष्कारवादी काव्यमान्यताका विपरीत कलम चलाउनु परम्पराप्रतिको विद्रोहका समानान्तर रूप हुन्।

वि. सं. १९९१ देखि 'शारदा' पत्रिकाको प्रकाशन हुनु, 'शारदा' पत्रिकाले नवीन किसिमका रचनालाई महत्त्व र प्राथमिकताका साथ छाप्नु, यसै पत्रिकाका माध्यमबाट शास्त्रीयतावादी धाराका व्यतिरेकमा स्वच्छन्दतावादी धाराको प्रवर्तन हुनु र रिमालले १९९२ मा गद्य कविताको प्रवर्तन गर्नु आदि नेपाली कवितामा आधुनिकताका निर्धारक आधार हुन्। नेपाली कवितामा आधुनिकताको निर्धारणका लागि पाश्चात्य आधुनिकतावादका अभिलक्षणलाई मात्र पनि आधार बनाएर हेर्नु हुँदैन र स्थानीय वा नेपाली सन्दर्भलाई मात्र पनि आधार बनाएर हेर्नु हुँदैन। यी दुवैको मध्यबिन्दुमा रहेर वस्तुगत रूपमा हेर्दा १९९१/९२ नै नेपाली कवितामा आधुनिकताको प्रस्थानबिन्दु हो भन्ने स्पष्ट हुन्छ। अङ्ग्रेजी साहित्यमा आधुनिकतावाद स्वच्छन्दतावादका व्यतिरेकमा आएको थियो भने नेपाली कवितामा आधुनिकता परिष्कार वा शास्त्रीयताको विरोध र स्वच्छन्दतावादको समर्थनमा आएको देखिन्छ। त्यसकारण नेपाली कविताको आधुनिकता पाश्चात्य आधुनिकतावादी मान्यताहरूका पृष्ठभूमिमा आफ्नै देशका सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिहरूमा आधारित छ।

नेपाली कविताको ऐतिहासिक विकासक्रमका दृष्टिले स्वच्छन्दतावादी धारासँगै थालिएको आधुनिक नेपाली कविताले हालसम्म आठ दशकको यात्रा गर्दै छ। यस अवधिमा आधुनिक नेपाली कवितामा धेरै प्रवृत्तिगत परिवर्तनहरू आए। १९९० को दशकदेखि नै प्रगतिशील दृष्टिकोणहरू देखिन थाले भने युगीन राजनीतिक परिस्थितिका कारण विद्रोह, क्रान्तिचेतना र प्रगतिवादी प्रवृत्ति पनि मुखरित हुन थाल्यो। १९९३ मा नेपाल प्रजापरिषद्को स्थापना, २००६ मा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीको

स्थापना एवम् २००८ मा नेपाली लेखक सङ्घ र प्रगतिशील लेखक सङ्घको स्थापनाजस्ता घटनावलीले आधुनिक नेपाली कवितालाई युगबोधको टड्कारो अभिव्यक्ति दियो। समयको क्रमसँगै आधुनिक नेपाली कवितामा धेरै प्रवृत्तिगत परिवर्तनहरू आएका छन्।

## ४.३ आधुनिक नेपाली कविताको विकासको रेखाङ्कन

समयको परिवर्तनसँगै नेपाली कविहरू पाश्चात्य आधुनिकतावादका नयाँ–नयाँ रूप र शैलीहरूसँग परिचित हुन थाले। नयाँ चिन्तन र चेतनाले उनीहरूलाई झकझक्याउन थाल्यो। युगीन राजनीतिक अव्यवस्थाको पनि प्रभाव पर्नु स्वाभाविकै थियो। १९९१/९२ देखि स्वच्छन्दतावादी युगचेतनाबाट थालिएको नेपाली कवितामा प्रगतिवादी प्रवृत्तिको अन्तर्मिश्रण भएपछि स्वच्छन्दतावादी–प्रगतिवादी चेतनाका धेरै कविता लेखिए। गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन आदि कविहरूले प्रखर युगचेतनाका गद्यकविताहरू लेखे। प्रवृत्तिगत दृष्टिले परिष्कारवादी भए पनि बालकृष्ण समले आधुनिक चेतनाका शक्तिशाली गद्यकविता लेखे। केदारमान व्यथित आदिले रागात्मक चेतनाका गद्यकविता लेखे। विशेष गरेर २०१६ सम्म स्वच्छन्दतावादी मूल प्रवृत्तिका कविता बढी लेखिए।

२०१७ को राजनीतिक परिवर्तनसँगै तत्कालीन राजनीतिक परिस्थिति, स्वच्छन्दतावादी भावुकता र प्रगतिवादी राजनीतिक आग्रहका कारण कविहरूले आफ्नो अभिव्यक्तिलाई प्रस्तुत गर्न दुर्बोध्य जटिल शैली अपनाए। पञ्चायती व्यवस्थाको स्थापनाले लेखकहरूलाई कुण्ठित बनायो र वाक्स्वतन्त्रताको अवरोधका कारण कविहरूले विम्बात्मक, प्रतीकात्मक तथा साङ्केतिक शैली अपनाए। २०१७ को 'रूपरेखा' मा मोहन कोइरालाको 'घाइते युग' शीर्षकको लामो कविता प्रकाशित भएपछि प्रयोगपरक लेखन सुरु भयो। २०२० मा कविहरूमध्ये वैरागी काइँला र ईश्वरवल्लभसमेतको संलग्नतामा तेस्रो आयाम आन्दोलन सुरु भयो। अवचेतन लेखन, अमूर्त लेखन, अमूर्त चित्रकला र चेतन प्रवाहपद्धतिको प्रयोग, विम्बबहुलता; कुण्ठा, निराशा, निस्सारता, व्यर्थता र सङ्गतिहीनताको अभिव्यक्ति आदि विशिष्टता भएका प्रयोगपरक कविता लेख्ने कविहरू २०३५ सम्म लगभग सक्रिय रहे। यस आधारमा २०३५ सम्मलाई प्रयोगवादी धाराको समय मानिन्छ।

आधुनिक नेपाली कवितालाई तेस्रो आयाम वा आयामेली आन्दोलन (२०२०), राल्फा आन्दोलन (२०२४), अस्वीकृत जमात (२०२६), अमलेख (२०२६) आदि विविध काव्यिक आन्दोलन र अभियानले पनि प्रभावपूर्ण तुल्याएका छन्। प्रयोगवादी जटिलताका कारण प्रयोगवादी कविता असम्प्रेष्य हुन थालेपछि २०३६ को सडक कविताक्रान्तियता आधुनिक नेपाली कविताले नयाँ मोड लिएको देखिन्छ र समकालीन कविताको प्रस्थानबिन्दु सुरु हुन्छ। प्रयोगवादी प्रवृत्तिका जटिलताका व्यतिरेकमा नेपाली कविताले समकालीन

जीवनका भोगाइ र अनुभूतिलाई सम्प्रेष्य भाषाशैलीमा अभिव्यञ्जित गर्न थालेदेखिको समय नै समकालीन कविताको समय हो। २०३६ को राजनीतिक परिवर्तनसँग गाँसिएको सडक कविताक्रान्तिले राजनीतिक स्वतन्त्रता र व्यक्तिसत्ताको महत्त्वका पक्षमा कविताका माध्यमबाट जनचेतना जगाउन थालेदेखि यताको समकालीन नेपाली कविताका २०३६ को प्रारम्भिक मोड, २०४६ को मोड र २०५२/५३ यताको मोड गरी तीनओटा मोडहरू देखिन्छन् र अब २०६५ को राजनीतिक परिवर्तनले अर्को नयाँ मोडको बाटो बनाउन थालेको देखिन्छ। २०३६ को सडक कविताक्रान्तिपछि भोक कविता-आन्दोलन (२०४०), तरलवाद/तरलतावाद (२०४०/२०४६), जनआन्दोलन कविता (२०४६), संरक्षण कवितायात्रा/आन्दोलन (२०५३/२०५५), चौथो आयाम (२०५६), सिर्जनशील अराजकता (२०५७), सडक कविता-आन्दोलन (२०६०), सौहार्द साहित्यको अवधारणा (२०६०), गणतन्त्रवादी कविता-आन्दोलन (२०६१), विशेष रङ्गवाद (२०६१), विलयन लेखन (२०६२), लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च (२०६२), कवितामा लोकतन्त्र (२०६२), गणतान्त्रिक कविता-उत्सव (२०६५) आदि विविध कविता-आन्दोलनले पनि वर्तमानको कवितालाई अग्रगति प्रदान गरेका छन्।

आधुनिक नेपाली कवितामा हालसम्म धेरै प्रवृत्तिगत परिवर्तन र मोडहरू आएका छन्। यिनै मोडहरूले स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, समसामयिक आदि विविध धाराहरूको निर्माण गरेका छन्। स्वच्छन्दता, प्रगतिशीलता, विद्रोह वा क्रान्तिचेतना, आख्याननिरपेक्ष लामा कविताको सिर्जना, अमूर्तता, बौद्धिकता, वैचारिकता, विम्बबहुलता, युगीन राजनीतिक अव्यवस्था, मानवीय मूल्यहीनता, आर्थिक अनुशासनहीनता, सामाजिक असमानता, सङ्गतिहीनता, गरिबी, मानवअधिकारवादी चेतना, चेतनप्रवाह अभिव्यक्ति, द्वन्द्वजन्य परिस्थितिको चित्रण, विश्वमानवतावादी चेतना, आस्तित्विक चेतना, वर्गबोध, लिङ्गबोध, जातिबोध, भौतिकवादी-अनीश्वरवादी दृष्टिकोण, अग्रगमनको अपेक्षा, युगीन विषमता, नारीवादी चेतना, यावत् विसङ्गतिहरूप्रति तीव्र व्यङ्ग्य, उत्तर-आधुनिकतावादी प्रवृत्तिको प्रभाव आदि विविध प्रवृत्तिहरूको सङ्कुलित वृत्त र समष्टि स्वरूपबाट आधुनिक नेपाली कविताको निर्माण भएको छ। त्यसकारण यी समग्र मूल प्रवृत्तिहरूको समुच्चय नै आधुनिक नेपाली कविता हो। अझ त्यसमा पनि शास्त्रीय छन्दलाई क्रमशः परिहार गर्दै मुक्तछन्द वा गद्य कवितात्मक लयसंरचनाका कविता बढी लेखिनु आधुनिक नेपाली कविताको विशेषता हो। आधुनिक चेतना भनेको वर्तमानको विश्वदृष्टि हो र आधुनिक नेपाली कविताले यस विश्वदृष्टिलाई आत्मसात् गरेको छ।

### ४.४ आधुनिक भारतीय नेपाली कविता र डायस्पोरिक सेरोफेरो

कवितामा हामी कहाँ छौँ? हाम्रो आधुनिक नेपाली कविता कहाँ छ? आदि कुराहरू बुझ्न पनि आधुनिक भारतीय नेपाली कवितातिर फेरो मार्नु आवश्यक छ।

भारतीय नेपाली कविहरू भौगोलिक दृष्टिले भारतीय भए पनि भाषा, संस्कार, संस्कृति र नेपाली जातीय चेतनाका दृष्टिले नेपाली नै हुन्। सार्विक पीडा, सार्विक भोगाइ, सार्विक चेतना र समान भाषासंस्कृतिका दृष्टिले नेपालका कविहरू र भारतीय नेपाली कविहरूका बीच साम्य छ तर स्थानिक दृष्टिले भारतीय नेपाली कविहरूका अनुभूति, भोगाइ, चिन्तन, चेतना र पीडा यहाँका कविहरूका भन्दा भिन्न पनि छन्। सन् १९४७ को भारतीय स्वतन्त्रता र सन् १९५० मा भारतीयहरूले प्राप्त गरेको संविधान वा संवैधानिक अधिकारजस्ता महत्त्वपूर्ण घटनावलीले भारतीय नेपाली कविहरूमा आधुनिक चेत सलबलाउन थालेको देखिन्छ। सन् १९६०/६१ मा दार्जिलिङका भारतीय नेपाली कविहरूले गरेको भाषा-आन्दोलनले त्यहाँका नेपालीभाषीहरूको आस्तित्विक चेतनालाई सशक्त तुल्याएको हुँदा यसलाई भारतीय आधुनिक नेपाली कविताको परिपुष्टताको एउटा सशक्त र प्रभावपूर्ण चरण मान्नु समीचीन देखिन्छ।

भारतमा नेपालीभाषीहरूको ठूलो भूभाग छ र त्यो छरिएको पनि छ। त्यहाँ आफ्नै प्रान्तीय समस्याहरू छन्, भोगाइहरू छन्। नेपालीभाषीहरू छरिएर रहेका दार्जिलिङ, असम, मेघालय, बनारस, सिक्किम, मणिपुर, देहरादुन आदि ठाउँमा रहेका नेपाली कविहरूले आफ्नै किसिमले आधुनिकतालाई आत्मसात् गरेका छन्। हरिभक्त कटुवाल, जस योन्जन 'प्यासी', अगमसिंह गिरी, मनप्रसाद सुब्बा, मोहन ठकुरी, राजेन्द्र भण्डारी, नोर्जाङ स्याङदेन, नव सापकोटा, सुधा एम. राई, नर्देन रुम्बा, ज्ञानेन्द्र खतिवडा, केदार गुरुङ, भविलाल लामिछाने, नरेशचन्द्र खाती आदि धेरै कविहरूले भारतीय आधुनिक नेपाली कवितालाई अग्रगति प्रदान गरेका छन्। स्वजातीय अस्मिताको खोजी र आस्तित्विक चेतना भारतीय नेपाली कविहरूका कवितामा बढी पाइन्छ।

आज डायस्पोरिक साहित्यको सिर्जनाले मान्छेको आप्रवासी चेतनालाई छोएको छ। भारतीय नेपालीहरूका संस्कार र संस्कृतिको अन्तर्मिश्रणले त्यही सङ्केत गर्छ। आफ्नो जातीय मौलिक संस्कार एवम् संस्कृतिलाई छोड्न पनि नसक्ने र अर्को संस्कार र संस्कृतिलाई पूरै आत्मसात् गर्न पनि नसक्ने सांस्कृतिक सङ्क्रमण र अन्तर्मिश्रण भारतीय नेपाली कविहरूका कवितामा पाइन्छ। यो असचेत रूपमै भए पनि आएको एउटा डायस्पोरिक चेतना हो। सैद्धान्तिक दृष्टिले यो डायस्पोरिक चेतना उत्तरआधुनिक प्रवृत्ति भए पनि आधुनिक आप्रवासी साहित्यमा पनि यो चेतना पाउन सकिन्छ। एउटा दृष्टिकोणबाट हेर्ने हो भने यो नेपालबाहिरको वाङ्मय/साहित्य-कविता हो। आज नेपालीहरूको डायस्पोरिक एरिया अर्थात् आप्रवासी क्षेत्र ठूलो छ। अमेरिका, जापान, जर्मनी, बेलायत, अस्ट्रेलिया, सिङ्गापुर, हङकङ आदि मुलुकहरूमा धेरै नेपालीहरूले अस्थायी, अर्धस्थायी र स्थायी जीवन बिताइरहेका छन्। त्यहाँ रहेका स्रष्टाहरूमा/कविहरूमा डायस्पोरिक चेतना छ। त्यही चेतनाले उनीहरू लेखिरहेछन्।

भारतीय नेपाली कविहरूका कवितालाई डायस्पोरिक चेतनाबाट हेरिएको पाइँदैन तापनि ती कवितालाई पनि डायस्पोरिक चेतनाका रूपमा मान्नुपर्ने धेरै आधारहरू छन्। अगमसिंह गिरीको 'मेचीलाई बाटो सोधेर' कविता आस्तित्विक चेतनाको राम्रो डायस्पोरिक लेखन हो। यस्ता उदाहरण धेरै छन्।

भारतमा रहेका नेपाली कविहरू अर्थात् भारतीय नेपालीभाषी कविहरू त्यहीँका नागरिक भएकाले उनीहरूलाई घरविहीनताको भावले छोप्दैन तापनि आफ्नो मौलिकपन हराउन थालेको, सांस्कृतिक र जातीय अस्तित्व गौण हुन थालेको र एउटा अज्ञात बिरानोपनले आत्मपहिचान कता–कता अपरिचयीकृत हुन थालेको आभास तिनका कवितामा पाइन्छ। यो डायस्पोरिक चेतना हो। धेरै भारतीय नेपाली कविताहरूको अध्ययन गर्ने हो भने द्वैधचेतना, द्वैधसंस्कृति, सांस्कृतिक अन्तर्मिश्रण, आत्मपहिचानको खोजी र अस्मिताको प्रश्न अहम् रूपमा पाइन्छ।

## ५. प्रस्तुत कृति र आधुनिक नेपाली कविताको विचारवस्तु

आख्यानात्मक लामा कवितामा विचारवस्तुभन्दा घटनावस्तुको प्रबलता हुन्छ। नाटकीय कवितामा आकस्मिकता र द्वन्द्वले विचारलाई नियन्त्रण गर्दछ र प्रगीतात्मक अर्थात् फुटकर कवितामा भाव वा विचारको सशक्त उपस्थिति रहन्छ। आख्यानात्मक संरचनाले कविताको विचारलाई आख्यानसँगै बगाएर तरल बनाइदिन्छ। नाटकीय संरचनाले द्वन्द्वको सिर्जनाद्वारा विचारलाई छिरलिदिन्छ र प्रगीतात्मक संरचनाले कविताको विचारलाई एउटै वृत्तभित्र परिक्रमा गराउँछ अनि कवितामा विचारवस्तु ठोस रूपमा आउँछ। यही विचारवस्तु नै कविताको केन्द्रीय कथ्य वा भाव हो। यो कृति प्रगीतात्मक कविताको मात्र सङ्ग्रह भएकाले यसका सबै कवितामा भाव वा कथ्य मूल विचारका रूपमा आएको देखिन्छ।

आधुनिक कविता घटनाको वर्णनात्मक अभिव्यक्ति होइन, विचारको कविता हो। अन्तर्वस्तुले एउटा विचारको स्वरूप र विचारले अन्तर्वस्तुको स्वरूप प्राप्त गरेपछि आधुनिक कविता शक्तिशाली हुन्छ। कविले यस्ता अन्तर्वस्तु जीवन, जगत्, प्रकृति, संस्कृति, इतिहास, दर्शन, भोगाइ, अनुभूति, समाज आदि जुनसुकै क्षेत्रबाट पनि ग्रहण गर्न सक्छ। यसका लागि ऊ स्वतन्त्र हुन्छ र कवितामा जुनसुकै वा जे–जस्तो अन्तर्वस्तु वा विचार दिए पनि त्यो उसको स्वैच्छिक चयन हो। कवितामा यही नै अन्तर्वस्तु वा विचार हुनुपर्छ भन्ने छैन। यस कृतिभित्रका कवितामा आधुनिक कविताले ग्रहण गरेका जे अन्तर्वस्तु वा विचारहरू छन् ती सबैको अभिव्यक्ति पाइन्छ। आधुनिक कविताको मूल 'थिम' भनेको मान्छेलाई केन्द्रमा राख्नु हो। मान्छेभन्दा ठूलो अरू कुनै सत्ता छैन। यसरी मान्छेलाई केन्द्रीय सत्ता मानेर प्रस्तुत हुनु आधुनिक कविताको अभिलक्षण हो। यो कृति आधुनिक नेपाली कविताको मानक सङ्ग्रह हो र यसका अधिकांश कवितामा

मान्छेलाई नै केन्द्रीय सत्ता मानिएको छ। केही कवितामा प्रत्यक्षतः मान्छे केन्द्रीय सत्ताका रूपमा नदेखिए पनि अप्रत्यक्षतः मान्छेको बलियो सत्ता–उपस्थिति छ।

आधुनिक नेपाली कवितामा अर्थात् 'सगरमाथाको नृत्यमग्न आत्मा' प्रतिनिधि कवितासङ्ग्रहभित्रका कवितामा मान्छे केन्द्रीय सत्ता हुँदाहुँदै पनि अत्यन्त धेरै अन्तर्वस्तु वा विचारहरू कथ्यका रूपमा आएका छन्। यस सङ्ग्रहका कवितामा क्रान्ति छ। विद्रोही चेतना छ। परिवर्तनको चाहना छ। मुक्ति र स्वतन्त्रताको कामना छ। प्रजातन्त्र र मानवअधिकारको प्रस्तुति छ। विघटित मानवीय मूल्यप्रतिको चिन्ता छ। त्यति मात्र होइन रागात्मकता, युगीन चेतना, जीवनबोध, मृत्युबोध; जैविक, सामाजिक, राजनीतिक, आर्थिक सङ्गतिहीनता र विसङ्गतिबोध; विसङ्गतिप्रतिको व्यङ्ग्य, विश्वमानवतावाद; राष्ट्रिय चेतना, प्रकृति र संस्कृतिचेतना, आस्तित्विक चेतना; मानवीय मूल्यबोध, युद्धको विरोध, शान्तिकामी चेतना आदि धेरै अन्तर्वस्तुहरूबाट आधुनिक नेपाली कविता लेखिएका छन्। यस कृतिभित्र यिनै र यस्तै विचारवस्तुको व्याप्ति छ।

आधुनिक नेपाली कविताका उन्नायक एवम् गद्यकविताका प्रथम प्रयोक्ता गोपालप्रसाद रिमालका कवितामा रागात्मक चेतनाभित्र युगीन चेतनाको अभिव्यक्ति छ र क्रान्तिचेतना पनि अत्यन्त सौम्य किसिमले प्रस्तुत भएको छ। लक्ष्मीप्रसाद देवकोटाको कविता चाहिँ रागात्मकताभित्र पनि तीव्र व्यङ्ग्यचेतनाले युक्त छ। अन्य विभिन्न कविहरूका कवितामध्ये 'आमाको सपना', 'बर्लिनको पर्खाल', 'इतिहासको यस घडीमा', 'मुक्तिको कल्पना', 'बेनाम फूलहरू' आदि कवितामा क्रान्तिचेतना मूल विचारवस्तुका रूपमा आएको छ। त्यस्तै 'नाटक अवसानको बेला', 'कति दिन?', 'सर्वोत्तम कविता', 'बन्द गर सम्भोगहरू', 'म युद्धबन्दी भएको बेला', 'विचार, सालिक र एकाकार', 'समय दुख्छ यहाँबाट', 'चैतको बतास', 'युद्धको पक्षमा', 'प्रजातन्त्र मेरो देशलाई', ऐनाको जिन्दगी', 'नेल्सन मन्डेला–२', 'पुरानो मानिस', 'भाषण, सहर अनि म' आदि शीर्षकका कविता युगीन चेतनाका दृष्टिले अत्यन्त प्रभावी छन्।

'परालसँगको सङ्घर्ष', 'रूख एक मानसचित्र', 'म एउटा च्यातिएको पोस्टर', 'बाँच्नुको अर्थबोध', 'ढुङ्गाको बोली', 'अनागत' आदि शीर्षकका कवितामा मान्छेलाई मात्र केन्द्र बनाई जीवनबोध पनि मूल अन्तर्वस्तु र विचारका रूपमा आएको छ भने 'ऊ अर्थात् म', 'मान्छेलाई', 'आफूलाई खोज्दा हराएकाहरू', 'जीवनको बाँसुरी नै अर्कै बज्थ्यो', 'शरणार्थी', 'शरणार्थी शिविरका बालक', 'एउटा देशको खोजमा' आदि शीर्षकका कवितामा आस्तित्विक चेतना र मानवीय मूल्यको खोजी गरिएको छ। 'भोलिको घाम अस्ताएन' र 'दुर्गम उचाइ' शीर्षकका कवितामा चाहिँ मानवीय जीवनमूल्य र आस्तित्विक खोजीका साथै विसङ्गतिबोध पनि केन्द्रीय विचारवस्तुका रूपमा प्रभावी बनेका छन्।

धेरैजसो आधुनिक नेपाली कविता यावत् नकारात्मक प्रवृत्तिका विरोधमा छन् र सङ्गतिहीनताप्रतिको व्यङ्ग्यमा केन्द्रित छन्। यस्ता विसङ्गतिबोध प्रस्तुत गरी व्यङ्ग्यबोध सशक्त भएका कविताहरूमा 'जरुर साथी म पागल', 'दशरथको व्यथा', 'सर्पहरू गीत सुन्दैनन्', 'शब्दको जहर', 'बा आउनुभएको छैन', 'मेरो आफ्नै कथा', 'पर्वत', 'तिमी आकाशभरिको घाम, म घैँटोभरिको रात', 'गाउँको पाठशाला', 'ऐनामा हेर्दा', 'नाम सोध्दा थाहा छैन भन्छे', 'शताब्दी पग्लेको ओढारसित मान्छे', 'चट्टानहरू', 'अवतरित उत्कर्ष', 'यो सहरमा', 'चियाको बोट', 'चर्चको साँझ', 'यो जिन्दगी खै के जिन्दगी', 'मेरो अरथि उठाउने कविता', 'आत्महत्या गर्ने फुर्सद छैन', 'मानवअधिकार', 'हातमा कालो फूल लिएर उभिएकी नायिकालाई', 'सुरुआत', 'दुष्टगाथा', 'सान्नानी फगत गलैँचा हो' आदि शीर्षकका कविता बढी प्रभावपूर्ण छन्। 'छोरीलाई मानचित्र पढाउँदा', 'मूर्ति', 'म बेतलहम सहरको हिप्पोपाटामस' आदि कवितामा विश्वमानवतावादी दृष्टिकोणलाई मूल विचारवस्तुका रूपमा प्रस्तुत गरिएको छ भने 'एउटा गीत नेपालका लागि', 'तिम्रो नाउँ', 'देश खोजिरहेका हामी', 'ए इतिहास, फर्काइदे मेरो सुगौलीको कागत', 'मेचीलाई बाटो सोधेर' आदि कविता राष्ट्रिय चेतना र प्रकृतिचेतनाका दृष्टिले सशक्त छन्।

आधुनिक नेपाली कवितामा रागात्मक चेतना पनि पाइन्छ। रागात्मक सौन्दर्यचेतनाका दृष्टिले 'मैनबत्तीको शिखा', 'प्रेम : त्यसको बहुआयामिक रूप', 'लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र', 'मायाका केही मुक्तक', 'नीला फूल र पहेँला पातहरू', 'म नहारेको भए तिमी कसरी विजेता हुन्थ्यौ ?', 'किशोरीहरू', 'मैले प्रेम गरेकी केटी', 'कुण्ड', 'जसमिन क्रिस्टी', 'फूलहरू केही त बोल', 'मेरो कथा', 'आज तिम्रो ग्राहक मात्तिएको छ', 'शब्दहरूको शरणमा', 'सृष्टिसौन्दर्य' आदि शीर्षकका कविताहरू प्रभावी देखिन्छन्।

यी केही सामान्य नमुना मात्र हुन्। यस्तै विविध विचार, भाव, विषयवस्तु, अनुभूति आदि धेरै कुरा आधुनिक नेपाली कविताका अन्तर्वस्तु बनेका छन्। अझ गहिरिएर हेर्ने हो भने यस सङ्ग्रहमा सङ्कलित सबै कविता विचारका दृष्टिले, अभिव्यक्तिका दृष्टिले, अन्तर्वस्तुका दृष्टिले, भावको प्रस्तुतिका दृष्टिले र कविता एवम् काव्यबीचको सन्तुलनका दृष्टिले पनि भिन्न देखिन सक्छन्। कहीँ कविता र कथ्यका बीच राम्रो सन्तुलन र एकता हुन पनि सक्छ। जे होस्, यस सङ्ग्रहका कविता प्रस्तुति एवम् अन्तर्वस्तुको प्रतिपादन र वैचारिक चेतनाका दृष्टिले उच्च छन्।

## ६. प्रस्तुत कृति, आधुनिक नेपाली कविता र पाठकीय उपस्थिति

आधुनिक कवितामा पाठकीय तत्त्वको आरोह–अवरोह छ। आधुनिक कविताको प्रारम्भसँगै गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र त्यसपछिका

केदारमान व्यथित, बालकृष्ण सम, विजय मल्ल, भवानी भिक्षु, भूपि शेरचन आदिका कविताहरू पाठकसँग सोभ्कै संवाद गर्छन्। विशेषतः स्वच्छन्दतावादी–प्रगतिवादी धारका ती कविताहरू कल्पना र भावनाका उन्मुक्त अभिव्यक्ति थिए। ती कवितामा व्यङ्ग्य, विद्रोह, क्रान्ति र जागरण पनि थियो; समाजचेतना पनि थियो र प्रकृति, संस्कृति र जीवनजगत्का आरोह–अवरोह पनि थिए। २०१६ सम्मका कविताको यस किसिमको धारलाई बलियो पाठकीय उपस्थितिले कवितासँग सोभ्को संवाद गरायो। कविता र पाठकबीचको अन्तरङ्ग अन्तर्क्रिया/आन्तरिक संवादले यी दुईका बीचको सम्बन्धलाई नजिक बनाइदिएको छ।

आधुनिक नेपाली कवितामा २०१७ एउटा निर्णायक मोड हो। यसै बेलाको 'रूपरेखा' मा मोहन कोइरालाका प्रयोगधर्मी कविता प्रकाशित भएपछि पाश्चात्य अङ्ग्रेजी कवितामा आएका आधुनिकतावादी चेतनाले आधुनिक नेपाली कवितालाई अभ्कै परिपुष्टता प्रदान गऱ्यो। मोहन कोइराला, ईश्वरवल्लभ, वैरागी काइँला, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, तुलसी दिवस, बानीरा गिरी आदि धेरै कविहरूका कविताले बौद्धिकता र जटिलताका कारण पाठकसँग सोभ्कै सम्पर्क स्थापित गर्न सकेनन्। संवाद गर्न सकेनन् र सम्प्रेषणको सङ्कटका कारण पाठकीय उपस्थिति कम भयो। पाठकीय उपस्थितिको यो न्यूनता कवि र कविताका लागि दूरताको अर्को कारक थियो।

यस सङ्ग्रहका कवितामा पाठकको बलियो उपस्थिति भएका पहिलोखाले कविता पनि छन्। यस्ता कविता रिमाल र देवकोटाका समकालीन कविहरूका रहेका छन् र यिनमा रागात्मक चेतना बढी पाइन्छ। दोस्रोखाले कवितामा रागात्मक चेतनाका विपरीत बौद्धिक चेतना छ र मिथक एवम् विम्बहरूले भरिएका ती कविता प्रयोगपरक हुनाले ती जटिल भई पाठकसँग सोभ्कै संवाद गर्न नसक्ने खालका पनि छन्। यस्ता कविताले पाठकसँग संवाद गर्न मिथक र विम्बहरूको गहिराइतिर डुबुल्की मार्नुपर्छ। यस्ताखाले कविता पनि यस सङ्ग्रहमा धेरै छन्। २०३० को दशकको मध्यसम्म यस्ता कविता प्रशस्त लेखिए। पहिलोखाले कवितामा कविताको विचारमाथि भावना, कल्पना र रागात्मकताको नियन्त्रण थियो भने दोस्राखाले कवितामा विचारमाथि बौद्धिकता र प्रयोगशीलताको नियन्त्रण थियो। पहिलोखालेमा उत्कर्षमा पुगेको आत्मगतता दोस्रोमा केही शिथिल भई वस्तुगततातिर अभिमुख भएको देखिन्छ।

यस सङ्ग्रहका कविताहरूमध्ये पाठकीय तत्त्वको उपस्थिति भएका तेस्रो खालका कविता पनि निकै छन्। २०३६ को सडक कविताक्रान्तिले कवितालाई कोठाबाट सडकमा ल्याएर सार्वजनिकीकरण गरेपछि कवितामा सडकले बुझ्ने सरल भाषाको संरचना देखियो। फलस्वरूप यस्ता कवितामा पाठकीय तत्त्वको उपस्थिति प्रशस्त भयो। कविताले

जटिल मार्ग त्यागेर सरल मार्ग समात्यो। कतिपय कवितामा अतिशय सरलताको वरणले ठोस तत्त्व हराउन थाल्यो र कविता बढी तरलसमेत हुन थाल्यो। कवितामा युगबोध, जीवनबोध, समाजबोध र समकालीन चेतनाका चापप्रतिचापहरूका विम्बहरू प्रशस्त देखिन थाले। यस सङ्ग्रहमा प्रतिनिधिमूलक उत्कृष्ट चयनलाई निकै ख्याल गरिएको हुँदा तरल कविताको अत्यधिक परिहार भएको छ र ठोस, उत्कृष्ट एवम् सकेसम्म शक्तिशाली कविताको चयन गरिएको छ। यसबाट यस सङ्ग्रहमा सामान्य वा अतिसामान्य पाठकीय उपस्थितिभन्दा सचेत पाठकीय उपस्थितिको अपेक्षा गरिएको कुरा स्वतः स्पष्ट हुन आउँछ।

सचेत पाठकीय तत्त्वको अपेक्षा वास्तविक कवि र कविताको चाहना हो। सचेत पाठकले वास्तविक कविताको अपेक्षा गर्छ र वास्तविक कविताले पनि त्यसरी नै सचेत पाठकको अपेक्षा गर्दछ। त्यसकारण कविता र पाठकका बीचको सम्बन्ध जहिले पनि सापेक्षताको सिद्धान्तमा आधारित हुन्छ। वुल्फ ग्याङ आइजरले भनेका छन्– पाठक दुई किसिमका हुन्छन् : वास्तविक पाठक र इङ्गित पाठक। त्यो वा यो कविता मेरै लागि लेखिएको भन्ने ठानेर पढ्ने पाठक वास्तविक पाठक हो भने अवसर पाए जुन पनि पढिहाल्ने पाठक इङ्गित पाठक हो। आइजरले दुवै किसिमका पाठकको उत्तिकै महत्त्व देखाएका छन् तापनि वास्तविक पाठकलाई उनले बढी महत्त्वपूर्ण ठानेका छन्। माथि उल्लेख गरिएका तेस्रोखाले कविता यस सङ्ग्रहमा सबैभन्दा बढी छन् र आइजरको वास्तविक पाठक र इङ्गित पाठक दुवैको त्यहाँ उपस्थिति अपेक्षित देखिन्छ। त्यति मात्र होइन, हान्स रोबर्ट ज्याउसको अभिग्रहणसिद्धान्त (Reception Theory) का आधारमा यिनै तेस्रो खालका कवितालाई पाठकले आफ्नै किसिमले ग्रहण गरेको हुन्छ। त्यहाँ पाठकीय उपस्थितिले विशेष महत्त्व राख्दछ। यो कविता र पाठकका बीचको सोझो संवादको एउटा कडी हो। 'सगरमाथाको नृत्यमग्न आत्मा' कवितासङ्ग्रहभित्रका सबै कवितामा आइजरको पाठकीयता र ज्याउसको रचनासँगको पाठकीय संवाद पूर्ण रूपमा घटित हुन्छ।

माथि उल्लेख गरिएको तेस्रोखाले कविता भनेको रूढ अर्थमा समकालीन नेपाली कविता हो। आजको नेपाली कविता हो। अहिलेको नेपाली कविता हो। कविता समकालीन हुन कवितामा समकालीन चेतना हुनुपर्छ र पछिल्ला धेरै कविताहरूमा समकालीन चेतना तीव्र छ। समकालीन कविता भनेको आधुनिक कालखण्डको अहिलेसम्मको पछिल्लो कविता हो। अहिलेका कवितामा पाठकीय उपस्थिति केही बढी छ। हुन त आधुनिक कालखण्डको यस पछिल्लो समयमा कविको सङ्ख्या बढी र वास्तविक कविताको सङ्ख्या कम देखिएको छ। कविताका पुस्तकहरू सबैभन्दा बढी छापिने र सबैभन्दा कम बिक्री हुने स्थिति देखिए पनि आधुनिक नेपाली कविताका शक्तिशाली पुस्तकहरू दोस्रो–

तेस्रोदेखि धेरै संस्करणमा प्रकाशित भइरहेको पनि देखिन्छ। यसले पनि पाठकहरू शक्तिशाली कविता चाहन्छन्। उनीहरूमा शक्तिशाली कविताको भोक छ। यस प्रतिनिधिसङ्ग्रहमा शक्तिशाली र प्रतिनिधिमूलक कवि एवम् तिनका कवितालाई उपस्थित गराइएको हुँदा यसले सचेत पाठकीय आवश्यकतालाई राम्ररी बुझेको देखिन्छ।

आधुनिक नेपाली कविताको झन्डै आठ दशकको अवधिमा देखिएको पाठकीय उपस्थितिको अवस्थालाई यस प्रकार देखाइन्छ–

(क) आधुनिक नेपाली कविताको प्रारम्भमा परिवर्तनमुखी सचेतता र रागात्मक अभिव्यक्तिका कारण पाठकीय उपस्थिति बाक्लो देखिएको छ।

(ख) बीचमा बौद्धिकता र बढी प्रयोगशीलताका कारण पाठकीय उपस्थिति केही पातलो देखिएको छ।

(ग) पछिल्लो समयमा राजनीतिक स्वतन्त्रताका कारण पाठकीय उपस्थिति अझ बाक्लो देखिएको छ।

## ७. समापन

'सगरमाथाको नृत्यमग्न आत्मा' प्रतिनिधि आधुनिक नेपाली कविताको सामूहिक सङ्कलन हो। प्रसिद्ध समकालीन कवि एवम् निबन्धकार मोमिलाद्वारा सम्पादित यो कृति सामूहिक कवितासङ्कलन मात्र नभएर प्रतिनिधिमूलक आधुनिक नेपाली गद्य कविताहरूको मानक सङ्ग्रह पनि हो। गोपालप्रसाद रिमाल र लक्ष्मीप्रसाद देवकोटादेखि लिएर २०२५ भित्र जन्मी चालीसको दशकभित्र कवितामा नै आफ्नो विशिष्ट पहिचान र प्रवृत्ति बनाइसकेका र कम्तीमा एउटा कवितासङ्ग्रह प्रकाशित गरेका कविहरूका प्रतिनिधिमूलक कवितालाई चयन गरिएको छ। कवि र कविताको चयन सम्पादकको स्वैच्छिक भए पनि अत्यन्त जिम्मेवारी र इमानदारीपूर्ण तरिकाले मानक र प्रतिनिधिमूलक चयन गरिएको छ भन्ने कुरा कवि र कविताको चयनले देखाउँछ। सबै कविलाई बराबर पृष्ठसङ्ख्याको सीमाका साथ कविका काव्यिक अभिव्यक्ति/प्रस्तुतिहरूको कुशल व्यवस्थापन र विन्यास यस सङ्ग्रहको मात्र नौल्याइ हो। अझ त्यसमा पनि यस सङ्ग्रहमा आधुनिक गद्यकविता मात्र चयन गरिएको र कविका परिमाणात्मकभन्दा गुणात्मक मूल्यका कविताप्रकाशनलाई आधार बनाइएको देखिन्छ र यसै आधारमा यो पूर्ववर्ती सङ्ग्रहहरूभन्दा भिन्न पनि र नवीन पनि देखिन्छ।

आधुनिक नेपाली कविताको यस सङ्कलनमा नेपालका स्थापित कविहरूका साथै भारतीय नेपाली कविहरूका प्रतिनिधिमूलक कवितासमेत समावेश गरिएकाले यो सङ्कलन आधुनिक नेपाली कविताकै प्रतिनिधि र आधिकारिक सङ्कलन भएको छ। यस सङ्ग्रहको सबैभन्दा ठूलो शक्ति–सामर्थ्य भनेको नै यस कृतिलाई कवितासङ्ग्रहका रूपमा मात्र प्रस्तुत नगरी कवितालेखनको प्रारम्भ, कविताको प्रथम प्रकाशन, राष्ट्रिय

स्तरमा प्रकाशनलगायत कविको काव्यिक इतिवृत्त, कविको कविताप्रतिको दृष्टिकोण, कविको आफूप्रतिको आफ्नै दृष्टिकोण, प्रत्येक कवि एवम् कविताप्रतिको सम्पादकको दृष्टिकोण आदिका साथ अत्यन्त व्यवस्थित रूपमा प्रस्तुत हुनु हो। कविताहरू सङ्कलन गरेर पुस्तक प्रकाशित गर्नुमा सम्पादकको कला, कुशलता र क्षमता त्यति देखिँदैन। त्यसलाई साङ्गोपाङ्ग, सर्वाङ्गपूर्ण, व्यवस्थित र आकर्षक बनाउनुमा मात्र सम्पादकको कला, कुशलता र क्षमता देखिन्छ। यस दृष्टिले प्रस्तुत कृतिको सम्पादनकला अब्बल छ।

यस सङ्ग्रहमा समावेश भएका शताधिक कविहरू र तिनका कविताहरूको चयनले यी कविहरू आधुनिक नेपाली कविताका मानक हस्ताक्षर हुन् भन्ने स्पष्ट पार्छ। प्रवृत्तिगत विविधता र बहुलताका विविधतालाई अभिव्यक्त गर्ने यी कविताहरू कवितात्मक वैचारिकताका विविध नमुना हुन्। त्यसकारण पनि उपर्युक्त विविध दृष्टिकोणहरूका आधारमा यो कृति नेपाली कविताको इतिहासमा सर्वथा नवीन, विशिष्ट र पूर्ववर्ती सामूहिक सङ्कलनभन्दा पृथक् छ। यही पृथक्ता, नवीनता र विशिष्टता नै यसका शक्ति, सामर्थ्य र निजत्व पनि हुन्। यो नेपाली कविताको इतिहासमा एउटा ऐतिहासिक दस्तावेज हो र यसले नेपाली साहित्यमा नै आधुनिक नेपाली कविताको मानक सङ्कलन हुने अधिकार राख्दछ।

यस किसिमका सामूहिक सङ्कलनहरूमा सधैँ एउटा गुनासो रहने गर्छ– फलानो कवि पर्‍यो, फलानो परेन। अर्थात् अमुक व्यक्ति पर्‍यो, अमुक किन परेन? आदि-इत्यादि। निश्चित मानक आधार लिएर चयन गर्दा यस्ता गुनासाहरू कम हुन सक्छन्। त्यसो त यहाँ समावेश भएका कवि/कवितामा तीन सय प्रतिशत थपे पनि धेरै छुट्छन् तर एउटा निश्चित सीमा र 'फर्म्याट' भित्र रहेर छनोट गरिएकाले यो गुनासारहित हुनुपर्छ। जति अनुसन्धान गरे पनि नयाँ तथ्यहरू फेला परेर त्यो पछिका लागि बाँकी रहेझैँ यो पनि अनुसन्धानकै एउटा प्रकारको स्वरूप भएकाले पछिका लागि धेरै कुराहरू बाँकी हुनु स्वाभाविक हो।

आज नेपाली कविताका पाठक नेपालमा मात्र सीमित छैनन्। आजको ग्लोबलाइजेसनले नेपाली कविताका पाठकहरू नेपालबाहिर वा एसिया, युरोप, अमेरिका आदि क्षेत्रतिर पनि छरिएका छन्। अझ त्यति मात्र होइन, विदेशका अनेपालीभाषीहरू पनि नेपाली कविताका पाठक भएका छन्। अहिलेको टेक्नोकल्चरले कविताको भौगोलिक सीमा मेटिदिएको छ। स्रष्टाहरूको कुनै भूगोल हुँदैन र सिर्जना पनि भूगोलको रेखाभन्दा माथि हुन्छ। यस सङ्ग्रहले आधुनिक नेपाली कविताको एउटा मोडेल दिएको छ। विश्वसन्दर्भमा पनि आधुनिक नेपाली कविताको यो मोडेलले विशेष अर्थ राख्ने नै छ। पाठकहरूले पनि यस मोडेलमा कवितात्मक सौन्दर्य खोजून्। त्यसैमा यस कृतिको सार्थकता रहनेछ।

# अनुक्रम

सम्पादन-सन्दर्भ / मोमिला
प्रस्तावना / डा. लक्ष्मणप्रसाद गौतम

१. गोपालप्रसाद रिमाल / १
२. बालकृष्ण सम / ५
३. लक्ष्मीप्रसाद देवकोटा / ९
४. सिद्धिचरण श्रेष्ठ / १५
५. केदारमान व्यथित / १९
६. विजय मल्ल / २३
७. मोहन कोइराला / २७
८. अगमसिंह गिरी / ३१
९. धुस्वाँ सायमि / ३५
१०. भवानी घिमिरे / ३९
११. पोषण पाण्डे / ४३
१२. ध्रुवकृष्ण दीप / ४७
१३. भीम विराग / ५१
१४. हरिभक्त कटुवाल / ५५
१५. दुर्गालाल श्रेष्ठ / ५९
१६. द्वारिका श्रेष्ठ / ६३
१७. भूपि शेरचन / ६७
१८. उपेन्द्र श्रेष्ठ / ७१
१९. वासु शशी / ७५
२०. ईश्वरवल्लभ / ७९
२१. पारिजात / ८३
२२. पुष्कर लोहनी / ८७
२३. वैरागी काइँला / ९१
२४. रत्नशमशेर थापा / ९५
२५. मदन रेग्मी / ९९

२६. कृष्ण जोशी / १०३
२७. विनोद अश्रुमाली / १०७
२८. कालीप्रसाद रिजाल / १११
२९. पूर्ण वैद्य / ११५
३०. कृष्णभक्त श्रेष्ठ / ११९
३१. युद्धवीर राणा / १२३
३२. तुलसी दिवस / १२७
३३. हेम हमाल / १३१
३४. वंशी श्रेष्ठ / १३५
३५. क्षेत्रप्रताप अधिकारी / १३९
३६. कुन्दन शर्मा / १४३
३७. जसराज किराती / १४७
३८. जगदीश घिमिरे / १५१
३९. वानीरा गिरि / १५५
४०. भुवन ढुङ्गाना / १५९
४१. कुन्ता शर्मा / १६३
४२. नरेश शाक्य / १६७
४३. बम देवान / १७१
४४. शैलेन्द्र साकार / १७५
४५. मञ्जुल / १७९
४६. बेन्जु शर्मा / १८३
४७. गोपाल पराजुली / १८७
४८. नव सापकोटा / १९१
४९. कृष्णभूषण बल / १९५
५०. तोया गुरुङ / १९९
५१. शशि भण्डारी / २०३
५२. मोहन ठकुरी / २०७
५३. केदार गुरुङ / २११
५४. गोविन्द विकल / २१५
५५. नरदेन रुम्बा / २१९
५६. अन्जीर प्रधान / २२३
५७. शुभ श्रेष्ठ / २२७

५८. जस योन्जन 'प्यासी' / २३१
५९. मनप्रसाद सुब्बा / २३५
६०. पवन चामलिङ 'किरण' / २३९
६१. मञ्जु काँचुली / २४३
६२. भविलाल लामिछाने / २४७
६३. अविनाश श्रेष्ठ / २५१
६४. पदम छेत्री / २५५
६५. जीवन नामदुङ / २५९
६६. नोर्जाङ स्याङदेन / २६३
६७. नवराज कार्की / २६७
६८. बद्री पलिखे / २७१
६९. विमल निभा / २७५
७०. हरि अधिकारी / २७९
७१. विक्रम सुब्बा / २८३
७२. पूर्णविराम / २८७
७३. विष्णुविभु घिमिरे / २९१
७४. हिरा आकाश / २९५
७५. दिलमान राई 'चोट' / २९९
७६. कालुसिंह रनपहेँली / ३०३
७७. कणाद महर्षि / ३०७
७८. पुरुषोत्तम सुवेदी / ३११
७९. राजव / ३१५
८०. भीम दाहाल / ३१९
८१. ज्ञानेन्द्र खतिवडा / ३२३
८२. नरेशचन्द्र खाती / ३२७
८३. मीनबहादुर विष्ट / ३३१
८४. अशेष मल्ल / ३३५
८५. विमल कोइराला / ३३९
८६. कृष्ण प्रधान / ३४३
८७. प्रतिसरा साय्मि / ३४७
८८. उषा शेरचन / ३५१
८९. सरुभक्त / ३५५

९०. जीवन थिङ / ३५९
९१. विनय रावल / ३६३
९२. विश्वविमोहन श्रेष्ठ / ३६७
९३. राजेन्द्र भण्डारी / ३७१
९४. महेश प्रसाई / ३७५
९५. कृष्ण सेन 'इच्छुक' / ३७९
९६. किशोर पहाडी / ३८३
९७. हेमन्त श्रेष्ठ / ३८७
९८. राजेश्वर कार्की / ३९१
९९. श्यामल / ३९५
१००. इन्दिरा प्रसाई / ३९९
१०१. दुर्गा दाहाल / ४०३
१०२. गोविन्द गिरी प्रेरणा / ४०७
१०३. राधेश्याम लेकाली / ४११
१०४. विवश पोखरेल / ४१५
१०५. प्रमोद प्रधान / ४१९
१०६. शारदा शर्मा / ४२३
१०७. राजेन्द्र शलभ / ४२७
१०८. फणीन्द्र नेपाल / ४३१
१०९. जीवन आचार्य / ४३५
११०. तीर्थ श्रेष्ठ / ४३९
१११. जीवनाथ धमला / ४४३
११२. दिनेश अधिकारी / ४४७
११३. कृष्ण धरावासी / ४५१
११४. उदय निरौला / ४५५
११५. अमर गिरी / ४५९
११६. भूपाल राई / ४६३
११७. गोविन्द वर्तमान / ४६७
११८. अरुणा वैद्य / ४७१
११९. एस्पी कोइराला / ४७५
१२०. दुबसु छेत्री / ४७९
१२१. टङ्क वनेम / ४८३

१२२. **खुमनारायण पौडेल** / ४८७
१२३. **ललिजन रावल** / ४९१
१२४. **राजकुमार के. सी.** / ४९५
१२५. **आहुति** / ४९९
१२६. **विप्लव ढकाल** / ५०३
१२७. **प्रवीण राई 'जुमेली'** / ५०७
१२८. **लोकेन्द्र शाह** / ५११
१२९. **मोमिला** / ५१५
१३०. **रमेश श्रेष्ठ** / ५१९
१३१. **केवलचन्द्र लामा** / ५२३
१३२. **भीष्म उप्रेती** / ५२७
१३३. **सुधा एम. राई** / ५३१
१३४. **सञ्जय बान्तवा** / ५३५
१३५. **श्रवण मुकारुङ** / ५३९

## कविसन्दर्भ



**साहित्यिक नाम** : गोपालप्रसाद रिमाल

**नाम** : गोपालप्रसाद रिमाल

**जन्ममिति/स्थान** : वि. सं. १९७५ जेठ १८

**निधन** : वि. सं. २०३० कार्तिक ८

**लेखनप्रारम्भ** : सोह्र वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *प्रति* (***शारदा***, १९९२)

**राष्ट्रिय स्तरमा** : *प्रति* (***शारदा***, १९९२)

**कृति** : ***मसान*** (२००३), ***यो प्रेम!*** (नाटक, २०१५), ***आमाको सपना*** (कवितासङ्ग्रह, २०१९), ***शारदा*** (सम्पादन), ***दर्पण*** (सम्पादन)

**पुरस्कार/सम्मान** : मदन पुरस्कार (***आमाको सपना***का लागि, २०१९), त्रिभुवन पुरस्कार (२०३०)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "...गद्यमा शब्दहरूको भन्दा बढी अर्थको लय हुन्छ। छन्दको बन्धन नभएको हुनाले विचारले, अर्थले गद्यमा लय पाउनुको सीमा नै छैन। छन्द अनन्त छन् भनेजस्तै गद्यको ध्वनि पनि अनन्त छ। यस हिसाबले हामी भन्न सक्छौँ, लेखनाथज्यूको 'पिँजराको सुगा' गद्यमा लेखे झन् राम्रो हुन्छ; 'आदर्श राघव' अथवा 'तरुण तपसी' गद्यमा विशेष रुच्नेछन्।" (साभार : ***साहित्यकार परिचय र अभिव्यक्ति***)

**नजरमा आफै** : भैगो भन्या, भैगो;
तिम्रो दया मलाई चाहिन्न;
बरु तिमीले दिएको जहर सिनित्तै म रित्याइदिउँला
तर तिम्रो दयाको एक थोपा पनि मलाई चाहिन्न। (साभार : *तिमी र म*)

**सम्पादकको कलम** : नेपाली साहित्यका प्रथम सफल गद्यकवि गोपालप्रसाद रिमाल सरल एवम् सुन्दर शब्दविम्ब र प्रतीकद्वारा स्वस्थ अनि स्पष्ट संवेदनाको अर्थातीत सुर, ताल र लयमा आफ्नो कवित्वमूर्च्छना सिर्जना गर्छन्। उनको काव्यप्रवाहमा विशिष्ट मानवीय चेतनासम्मत गर्बिलो पीडाजन्य युगबोध स्वतन्त्रताको आडसहित सशक्त विद्रोहचेतमा उन्मुक्त उर्लिएको पाइन्छ। यसरी कविताको प्राणवत्ता र प्रस्तुति दुवै अर्थले रिमालीय कवितामा आधुनिकताको मृदुल राग ध्वनित भएको स्पष्ट अनुभूत हुन्छ। यसैले उनी आधुनिक नेपाली कवितासाहित्यका युगीन महत्ता हुन्।

●

*गोपालप्रसाद रिमाल*

# प्रति

●

ओ युवती, ओ रूपवती,
तिमीसित मेरो घामपानीजस्तो मिलन भयो,
तिमीलाई सम्झना होला–
हामी बादलजस्तै गुटुमुटु पनि भएका छौँ;
त्यो बादलमा इन्द्रधनु पऱ्यो,
झरी लाग्यो, हुरी आयो,
अनि हामी अकासजस्तै सङ्‌ला पनि भयौँ,
तिम्रो गहिराइमा, तिम्रो गम्भीरतामा, ओ सुन्दरी,
मेरो उत्ताउलो उचाइ हराएको छ;
हामी रोएका छौँ, हामी हाँसेका छौँ,
तर आजको होसले ती सब कुरालाई
खल्लो तुल्याइरहेछ,
त्यो जोसमा यो होस हुनुपर्ने,
मैले 'म तिमीलाई प्रेम गर्छु' भन्नुको सट्टा
'म तिमीलाई गर्भाधान गरिरहेछु' भन्न सक्नुपर्ने।

(१)

ओ युवती, ओ रूपवती;
प्रेम त जङ्गलमा पनि हुन्छ,
यो गाउँघरमा, यो सहरमा
प्रेम मात्र पर्याप्त छैन,
यहाँ स्वस्थ स्पष्ट गर्भाधान हुनुपर्छ,
यहाँ बुद्ध जन्माउनुपर्छ, यहाँ लेनिन जन्माउनुपर्छ;
छोराछोरीको अनुहारजस्तो अर्को कुनै
आफू देखिने ऐना छ?
यहाँ आत्मदर्शन हुनुपर्छ।

(२)

ओ युवती, ओ रूपवती,
अर्को चोटि तिमीलाई भेट्दा
म तिमीलाई सोझै भन्नेछु
"म तिमीलाई गर्भाधान गर्छु"

तिमीसित भेट नभए तिमीजस्तै गरी
उत्ताउली
तिमीजस्तै गरी
निन्याउरी
भएर मेरो मन तान्न सक्ने अर्की
कुनै युवती, कुनै रूपवतीलाई
म बलियो भएर त्यसै भन्न सक्ने
होसमा छु :
"म तिमीलाई गर्भाधान गर्छु।"
●

## आमाको सपना

●
आमा, त्यो आउँछ र?
"हो, बा, त्यो आउँछ।
त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ।
त्यसको कम्मरमा झुन्डिएको शीतजस्तै टल्कने
तिमी एक हतियार देख्नेछौ;
त्यसैले ऊ अधर्मसित लड्नेछ!
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्नेछौ, तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ।"
हो र आमा?
"हो, तिमी जन्मँदा, तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ;
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि;
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि;
तर त्यो मीठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ!
त्यो तिमी नै हौला भन्ने,
मेरो यौवनभरिको सपना थियो!
जे होस्, त्यो आउँछ;
म आमा हुँ, सारा सृजनशक्तिको मुख भएर
म भन्न सक्दछु,

त्यो आउँछ,
मैले यो कुनै अल्छी सपना देखेको होइन!
त्यो आएपछि तिमी यसरी
मेरो काखमा आएर घोप्टिनेछैनौ;
सत्य कुरालाई तिमी यसरी
चुम्बकिएर कथा सुनेझैँ सुन्नेछैनौ;
तिमी त्यल्लाई आफै नै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुनेछौ;
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिँदै बिदा हुनेछौ;
मैले यसरी रोगीलाई झैँ तिम्रो कपाल
मुसारिरहनुपर्नेछैन!
हेरौला, त्यो हुरी भएर आउनेछ,
तिमी पात भएर पछ्याउनेछौ!
उहिले त्यो जीवन–लोकबाट झरेर जूनजस्तै पोखिँदा
सारा जडता सगबगाएको थियो, बा;
त्यो आउनेछ, तिमी उठ्नेछौ।"
त्यो आउँछ कि आमा,
मधुर उषाले चराहरूको कण्ठलाई जस्तै
त्यो आउने आशाले मेरो हृदयलाई कुतकुत्याइसक्यो आमा!
"हो, त्यो आउँछ,
त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ।
अब म उठेँ, गएँ।"

★

'तर त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो!'

●

# कविसन्दर्भ



**साहित्यिक नाम** : बालकृष्ण सम

**नाम** : बालकृष्णशमशेर जङ्गबहादुर राणा

**जन्ममिति/स्थान** : १९५९ माघ २४, काठमाडौँ

**निधन** : २०३८ साउन ६, काठमाडौँ

**लेखनप्रारम्भ** : आठ वर्षको उमेरदेखि (१९६७)

**प्रथम प्रकाशन** : –

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***आगो र पानी*** (खण्डकाव्य, २०११), ***चिसो चूल्हो*** (महाकाव्य, २०१५), ***समका कविता*** (कवितासङ्ग्रह), ***नियमित आकस्मिकता*** (दर्शन, २००५), ***तलतल*** (कथासङ्ग्रह, २०४६), ***मेरो कविताको आराधन*** (आत्मकथा, उपासना १, २०२३ र उपासना २, २०२९), ***हाम्रा राष्ट्रिय विभूतिहरू*** (जीवनीसङ्ग्रह, २०२४), ***मुटुको व्यथा, भक्त प्रह्लाद, अन्धवेग, मुकुन्द-इन्दिरा, प्रेमपिण्ड***जस्ता दर्जनौँ नाटकहरू प्रकाशित

**पुरस्कार/सम्मान** : पृथ्वी प्रज्ञा पुरस्कार (२०३५), साझा पुरस्कार (२०२७), त्रिभुवन प्रज्ञा पुरस्कार (२०२९), वीरेन्द्र पदक, रत्नश्री स्वर्णपदक, एकेडेमी पदक, गोरखा दक्षिणबाहु प्रथम, गोष्ठी स्वर्णपदक, भूकम्प पदकलगायत विभिन्न सङ्घसंस्थाबाट अभिनन्दन र त्रिभुवन विश्वविद्यालयबाट मानार्थ महाविद्यावारिधि उपाधिप्राप्त

# दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता भावनाको बौद्धिक कोमलता हो।... मनको उद्वेगलाई लयमा ढालेर राख्नु अनि फेरि-फेरि त्यसैलाई भावुक हृदयले गाइरहनु, कविताको आराधन गर्नु, जीवनभर नै नपाए तापनि कविताको आह्वान गरिरहनु, त्यसभन्दा शान्तिको अर्को उपाय मैले देखिनँ, न देखेको छु।" (साभार : ***मेरो कविताको आराधन***)

**नजरमा आफै** : "कवि पूरा स्वतन्त्र भए उनीहरूको काव्यरचना धेरै उच्च स्तरको हुन्छ। स्वर्गीय देवकोटाज्यूमा हामी यही गुण पाउँछौँ। साहित्यिक जीवनको बीचबाटोमै म मानववादद्वारा नियन्त्रित भएँ। यी त्रुटिहरू हटाउने भर्सक प्रयास गर्न थालेँ, फलस्वरूप म मुक्त हुन पाइनँ। दार्शनिक भएँ– उड्न सकिनँ, राष्ट्रवादी भएँ– घेरा नाघ्न सकिनँ। नतिजास्वरूप हरेक साहित्यिक कृतिमा आफ्नो सिद्धान्त घुसाउन खोजेँ, तर कतै सफल भएँ, कतै असफल।" (साभार : ***स्रष्टा र साहित्य***)

**सम्पादकको कलम** : नाटचसम्राट्का रूपमा विभूषित कवि बालकृष्ण सम नेपाली साहित्यमा बौद्धिक एवम् दार्शनिक कविका रूपमा परिचित छन्। परिष्कृत भाषाशैलीमा अनुभवातीत उदात्त मानवतावादी चिन्तनसहितको गहन जीवनदर्शन उनका कविताका मूल कवित्वधर्म परिलक्षित हुन्छ।

●

*बालकृष्ण सम*

# मृत्युपछिको अभिव्यञ्जना*

●

मेरी प्रिया, अब मलाई राम्रै निको भयो,
झरेको फूलको थुँगोभन्दा पनि
जीउ अझ शतशः हलुको भो,
अझ किन तिमी त्यस्तरी असार बजार गरी
रोएकी धत्,
मुटु कति घाइते भयो होला!

देख्दिनौ वायुका सूक्ष्म तरङ्ग
तिम्रो विलापको आघातले टुट्दै चकनाचुर हुँदै छन्,
म त कण-कण देख्न सक्छु,
छियाछियामा घुस्न सक्छु
चुप लाग प्रिया,
मलाई माया गर्ने मान्छे, चुप लाग,
रुवाइलाई बौद्ध शून्यमा बिसाऊ!

अब मलाई सन्चो भयो,
कुनै शूलले पनि घोच्दैन,
मेरो शत्रुले तीखो त्रिशूल लिएर
घोच्न आयो भने पनि
त्यो वृथा मेरो बीचमा धूवाँझैं बत्तिनेछ,
किनभने अब म साह्रो ऐनाजस्तो होइन
आकाशजस्तै कोमल पारदर्शक भइसकेको छु,
मेरो हात हावाकै मात्र पनि हुँदो हो त
म त्यसले तिम्रो आँसु पुछिदिन्थेँ
तिम्रा आँखामा चुम्बन पोसेर
आँसु भुलभुल आउने प्वाल टाल्थेँ
तर म आकाश भइसकेँ।
हेर्ने ऐनामा पनि म आफ्नो अनुहार देख्दिनँ,
प्रकृतिको ऐना पोखरीमा निहुरी हेर्छु
त्यहाँ म आफूलाई आकाश मात्र देख्छु।
प्रिया, के मलाई 'मऱ्यो' भनिदियौ–

---

* यो कविता **नेपाली कवितासङ्ग्रह** (सम्पादक डा. ताराप्रसाद जोशी) बाट साभार गरिएको हो।

मऱ्यो भनिठान्यौ ?
हो ?
साँच्चै, म त्यस्तै तिम्रो निम्ति
काम नलाग्ने भएँ कि क्या !
केही विशेष घटना घट्यो होला पनि
परिवर्तनको अनुभूति हुन्छ,
अग्निपरीक्षामा उत्तीर्ण भएको झझल्को लाग्छ,
हो, अब मलाई कतै पनि दुख्दैन
मेरो मन पनि दुख्दैन–
मन राख्ने ठाउँ नै कहाँ छ र–
सब उदाङ्ग/निर्वाङ्ग !–
मेरा इन्द्रिय जे–जेमा पर्छन्
त्यहीँ–त्यहीँ तल्लय हुन्छन्,
म पात देख्नासाथ पातै हुन्छु,
त्यसको सुस्केरामा डुब्छु,
फूलको वर पर्नेबित्तिकै त्यसको सुवासमा वास बस्छु,
जुनसुकै रङ्गमा पनि मिल्ने
मेरो यस्तो गति भइसक्यो–
उडेको छारोभन्दा मैदा–
वाष्पभन्दा पातलो–
तेजभन्दा मसिनो–
हावाभन्दा पनि मिहिन !
एक बिन्दु पानीको बेग्लै अस्तित्व थियो,
सरोवरमा सरोबरी हुनासाथ
त्यो सरोवर भयो।
म आकाश भएँ !–

बादल फाटेको नीलनभ सङ्लिएतुल्य
म तङ्ग्रिएँ,
म निको भएँ !
तिम्रो वरिपरि रुने अरू पनि
मेरा बान्धव इष्टमित्र छन्,
ओहो, त्यो किन त्यस्तरी रोएको
ममा त्यसको त्यति माया रहेछ, मलाई थाहै थिएन,
बरु अर्को त्यो जति रुनुपर्ने हो उति रोएको छैन
●


# कविताको व्याप्ति

●

एक साधु ठूलो डालो लिएर
कविता बटुल्न वनतिर लाग्यो,
डाँडाकाँडा, खोलानाला, लेकबेँसी सबैतिर दौड्यो,
छाँगोपाँगो, फलफूल, सागपात जताततै कति खोज्यो,
कतै पाएन,
उसले ठान्यो– कवितासविताको ऋतु त्यो हैन रहेछ;
हताश भई फर्कन लागेको उसलाई एक रसिकले भेट्यो।
प्रश्न सुनिसकी रसिक बोल्यो– "कहाँ छ जहाँ कविता छैन,
शुष्क आँखाले हेर्‍यो भने त त्यै झरना पनि नीरस छ,
त्यो रौँझैँ जोबन झरिरहेको शून्यमात्रको उद्घोष छ,
क्यै पछि पानी सब निखन्छ र त्यो पाखो खल्वाट हुन्छ!
तर साधु, अनुरागले आफ्नो छाती लिपिहेर,
ठाँटो जमीकन सम्म भएको रक्त–हृदयको सतहमाथि
दुःखी संसारको चोट एकत्रित पारी
उच्छ्वासले शक्ति प्रहार गर,
अनि अनुभूतको छाल उठाई मस्तकसम्मन् छिटा पठाऊ,
आँखा जलजल रसिलो भएपछि सबै नियाली हेर,
सहानुभूतिले नानीलाई सूक्ष्मदर्शक पार,
अनि त ढुङ्गाका नसा–नसामा पनि रगत चलिरहेको देख्छौ,
पत्थरको मुटु छाम्न सक्दछौ,
अनि पहराले रस बहाउँछ,
तिमी कविता पाउँछौ, पिउँछौ!"
यति भनेर घामको मइनझैँ
रसिक लत्याकलुतुक भै पग्ल्यो, साधुको आँखा पनि पग्ल्यो,
रूखहरू खोटोझैँ पग्ले, फलफूल महझैँ पग्ले,
हरिया फाँट पोखरीझैँ पग्ले,
समस्त ब्रह्माण्ड हिउँझैँ पग्ल्यो, आकाशगङ्गा भै पग्ल्यो,
ताराहरू सारा जलबिन्दु बने,
साधुले आफूलाई आफैँ जत्रो आँसुको एक थोपो पाए,
अनि दिग्दिगन्त विश्वभरि नैअणु–अणुको गर्भान्तरमा उनले
प्रलय घनघोर गर्जनमा ओतप्रोत भएर
कविता उर्लिरहेको पाए।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : लक्ष्मीप्रसाद देवकोटा

**नाम** : तीर्थमाधव देवकोटा

**जन्ममिति/स्थान** : १९६६ कार्तिक २७, धोबीधारा, काठमाडौँ

**निधन** : २०१६, काठमाडौँ

**लेखनप्रारम्भ** : *म त अभागिनी पो भएँ* (दस वर्षको उमेरमा)

**प्रथम प्रकाशन** : *केही प्रेमकविताहरू* (पटना, भारत, १९८८)

**राष्ट्रिय स्तरमा** : *राधाकृष्ण मिलन र मीठो कथा* (काव्यकृति, १९८९)

**कृति** : ***मुनामदन*** (१९९२), ***कुञ्जिनी*** (२००२), ***म्हेन्दु*** (२०१५), ***लूनी*** (२०२३), ***सुन्दरी प्रोजर्पिना*** (२००९) लगायत दर्जनौँ खण्डकाव्य; ***शाकुन्तल*** (२००२), ***सुलोचना*** (२००३), ***प्रमिथस*** (२०२८), ***महाराणा प्रताप*** (२०२४), ***वनकुसुम*** (२०२४), ***पृथ्वीराज चौहान*** (महाकाव्य); ***भिखारी, पहाडी पुकार, सुनको बिहान***लगायतका दर्जनौँ कवितासङ्ग्रह; ***लक्ष्मी निबन्धसङ्ग्रह*** (२००२), ***लक्ष्मी कवितासङ्ग्रह, लक्ष्मी कथासङ्ग्रह, लक्ष्मी गीतिसङ्ग्रह*** (२०२८), ***दाडिमको रूखनेर*** (निबन्धसङ्ग्रह, २०३९), ***चम्पा*** (उपन्यास, २०२४), ***सावित्री–सत्यवान*** (नाटक, २००९) आदि; ***युगवाणी*** (साप्ताहिक, सम्पादन) र केही अनूदित कृतिहरू पनि प्रकाशित

**पुरस्कार/सम्मान** : त्रिभुवन प्रज्ञा पुरस्कार, साझा पुरस्कार (***पृथ्वीराज चौहान***का लागि)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "शेक्सपियर, मिल्टन, गेटे इत्यादिका कल्पना र महाकाव्यहरूभन्दा मलाई नेपाल पहाडको सरल भाववाहिनी व्याकरणविरोधी हृदयनिनादिनी प्राकृतिक कविता धेरै आनन्द दिने हुनेछ।" (साभार : ***लक्ष्मी निबन्धसङ्ग्रह***)

**नजरमा आफैं** : "...म भनेको जीवनको गफाडी टिप्पणी हुँ, म व्याख्यान होइन, न हुँ पाण्डित्य-दर्शन।" (साभार : ***लक्ष्मी निबन्धसङ्ग्रह***)

**सम्पादकको कलम** : महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरू मानव, ईश्वर र प्रकृतिजन्य सत्यको तीव्र चैतन्यबाट सिर्जित सौन्दर्यात्मक, हृदयग्राही, स्वच्छन्द एवम् प्रेमिल सञ्चारण हुन्; जसले मानवीय सूक्ष्म सम्बन्धहरूको मिहिन होसमा लयदार एवम् झल्कादार आत्मदर्शन गराई आनन्दबिभोर मानवचेतनासम्बद्ध विषयको झङ्कारसहित सत्यतर्फ डोऱ्याएर लैजान्छन्। यहाँ समाविष्ट 'पागल' कविता जीवनीकार नरेन्द्रराज प्रसाईका अनुसार राहुल साङ्कृत्यायनले उनलाई 'महाकवि' र 'पागल' दुवै भनेर लेखेको लेख पढेकै रातमा लिपिबद्ध गरेका थिए। यद्यपि 'महाकवि' भनेर प्रथम पटक ईश्वर बरालले २००४ सालमै सम्बोधन गरेको पाइन्छ।

●

*लक्ष्मीप्रसाद देवकोटा*

# पागल

●

(क) जरुर साथी म पागल!
यस्तै छ मेरो हाल!

(ख) म शब्दलाई देख्दछु!
दृश्यलाई सुन्दछु!
बास्नालाई स्वाद लिन्छु!
आकाशभन्दा पातला कुरालाई छुन्छु!
ती कुरा,
जसको अस्तित्व लोक मान्दैन
जसको आकार संसार जान्दैन!
म देख्दछु ढुङ्गालाई फूल!
जब, जल-किनारका जल-चिप्ला ती
कोमलाकार पाषाण,
चाँदनीमा स्वर्गको जादुगर्नी मतिर हाँस्दा
पत्रिएर, नर्मिएर, झल्किएर,
बल्किएर उठ्दछन् मूक पागलझैँ,
फूलझैँ एक किसिमका चकोर-फूल!
म बोल्दछु तिनसँग, जस्तो बोल्दछन् ती मसँग
एक भाषा, साथी!
जो लेखिन्न, छापिन्न, बोलिन्न,
बुझाइन्न, सुनाइन्न!
जुनेली गङ्गा-किनार छाल आउँछ तिनको भाषा
साथी! छालछाल!
जरुर साथी म पागल!
यस्तै छ मेरो हाल!

(ग) तिमी चतुर छौ वाचाल
तिम्रो शुद्ध गणित-सूत्र हरहमेसा चलिरहेको छ

मेरो गणितमा एकबाट एक झिक
एकै बाँकी रहन्छ!
तिमी पाँच इन्द्रियले काम गर्छौ! म छैटौँले
तिम्रो गिदी छ साथी! मेरो मुटु!
तिमी गुलाफलाई गुलाफसिबाय देख्न सक्दैनौ,
म उसमा हेलेन र पद्मिनी पाउँछु,
तिमी बलिया गद्य छौ!
म तरल पद्य छु!
तिमी जम्दछौ जब म पग्लन्छु
तिमी सङ्लन्छौ जब म धमिलो बन्छु,
र ठीक त्यसैको उल्टो!
तिम्रो संसार ठोस छ! मेरो बाफ!
तिम्रो बाक्लो, मेरो पातलो!
तिमी ढुङ्गालाई वस्तु ठान्दछौ,
ठोस कठोरता तिम्रो यथार्थ छ!
म सपनालाई समात्न खोज्दछु,
जस्तो तिमी, त्यो चिसो, मीठो अक्षर काटेको
पान्डिकीको बाटुलो सत्यलाई!
मेरो छ बेज काँडाको साथी!
तिम्रो सुनको र हीराको!
तिमी पहाडलाई लाटा भन्दछौ,
म भन्छु वाचाल!
जरुर साथी!
मेरो एक नसा ढिलो छ।
यस्तै छ मेरो हाल!

(घ) म माघको ठन्डीमा
तारको सेतो प्राथमिक राप तापेर बसिरहेको थिएँ,
दुनियाँले मलाई तरङ्गी भने!
भस्मेश्वरबाट फर्कदा सात दिन टोलाएको देखेर
भूत लागेको भने!
एक सुन्दरीका केशमा
समयका तुसाराको पहिला छिर्का परेको देखेर
म तीन दिन रुँदा,
मेरो आत्मालाई बुद्धले छुँदा

मलाई छटाएको भने!
मैले वसन्तको पहिलो कोकिल सुनेर नाचेको देख्दा,
बहुला भने!
एक सुनसान आँसीले मलाई निशास भएर
म प्रलय–वेदनाले उफ्रँ!
मूर्खहरूले मलाई त्यस बेला ठिङ्गुरा हालेर राखे!
म तुफानसँग एक दिन गीत गाउन थालेको थिएँ,
मलाई बुज्रुकहरूले राँची पठाइदिए!
म आफूलाई एक दिन मरेको सम्झेर लम्पसार थिएँ,
एक साथीले बेसरी चिमोटिदिए
र भने, "ए पागल, तेरो मासु अझ मरेको छैन!"
यस्ता कुरा भए साल, साल!
पागल छु साथी!
यस्तै छ मेरो हाल!

(ङ) मैले नवाबको मदिरालाई खुन भनेको छु,
छिमेकी रन्डीलाई लास भनेको छु!
राजालाई गरिब,
सिकन्दरलाई मैले गाली दिएको छु!
महात्मा भनाउँदाको निन्दा गरेको छु!
नगण्य व्यक्तिलाई, तर,
सातौँ आसमानसम्म,
तारिफको पुलमा चढाएको छु,
तिम्रा महापण्डित, मेरो महामूर्ख!
तिम्रो स्वर्ग, मेरो नरक!
तिम्रो सुन, मेरो फलाम
साथी! तिम्रो धर्म मेरो पाप!
जहाँ तिमी आफूलाई चलाख सम्झन्छौ,
उहाँ म देख्छु तिमीलाई बिलकुल लाटा!
तिम्रो उन्नति, मेरो अवनति,
यस्तै छ मोलमोलाइको उलटपलट,
साथी! तिम्रो विश्व, मेरो बाल!
जरुर साथी! म बिलकुल चन्द्राहत छु
चन्द्राहत,
यस्तै छ मेरो हाल!

(च) म अन्धालाई दुनियाँको अगुवा देख्दछु,
गुफा-तपस्वीलाई भगुवा देख्दछु,
मिथ्याका मञ्च चढेकालाई
काला नटुवा देख्दछु!
विफललाई सफल देख्दछु!
प्रगतिलाई अगति देख्दछु!
या हुँला मै ऐँचाताना!
या हुँला मै दिवाना!
साथी! मै दिवाना!

(छ) निर्लज्ज नेतृत्वको नीरस रसनाको
रन्डीको नाच हेर!
जन-अधिकारको डँडाल्नोको भाँच हेर!
जब भँगेरटाउके छापाको कालो मिथ्याले
मेरो विवेक-वीरलाई जाली झूटले ललकार्छ,
तब हुन्छन् मेरा गाला राता साथी!
सल्केका गोलझैँ राता!
जब निमुखा दुनियाँ कालो जहर पिउँदछ,
पिउँछ कानले अमृत भनिठानेर
र मेरा आँखाअगाडि, साथी!
तब हुन्छन् ठाडा मेरा रौँ, रौँ
गर्गनका सर्पकेशझैँ, मेरा जिस्क्याइएका रौँ, रौँ!
जब बाघले मृग खान आँटेको देख्छु, साथी!
या ठूलो माछाले सानो,
तब मेरो मक्काएका हड्डीमा पनि दधिचिको आत्माको
भयङ्कर बल पसेर, बोल्न खोज्दछ, साथी!
स्वर्गबाट चटयाङ परेको दिनझैँ
जब मानवले मानवलाई मानव ठान्दैन, साथी!
तब कडकडाउँछन् मेरो बत्तीसदन्ते बङ्गारा,
दुवै!
जस्तो भीमसेनका दाँत!
अनि, प्रकोपको लाल-लाल आँखाका डल्ला,
फनक्क घुमाएर एक डबलले, म
यो अमानवको मानवजगत्लाई,
एक आगोको लप्काले झैँ हेर्दछु, साथी!

उफ्रिन्छन् मेरा कलपुर्जा,
खलबल, खलबल!
तुफान हुन्छ मेरो सास!
विकृत हुन्छ मेरो चेहरा!
बन्दछ मेरो दिमाग, साथी!
वडवानलझैँ, वडवानलझैँ!
म वन खाने आगोझैँ बहुला हुन्छु!
बहुला, साथी!
काँचै निलूँ झैँ विश्वविशाल!
जरुर साथी!
म सुन्दर चकोर, असुन्दर फोर! कोमल–क्रूर
चिडिया, स्वर्गाग्नि–चोर
तुफान–पुत्र!
पागल ज्वालामुखीको उद्गार
भयङ्कर व्यक्तित्वपाल!
जरुर, साथी! सन्के मगज छु, सन्के!
यस्तै छ मेरो हाल!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : सिद्धिचरण श्रेष्ठ

**नाम** : सिद्धिचरण श्रेष्ठ

**जन्ममिति/स्थान** : १९६९ जेठ ९, ओखलढुङ्गा

**निधन** : २०४९ जेठ २२, काठमाडौँ

**लेखनप्रारम्भ** : १९८४ (पन्ध्र वर्षको उमेरदेखि)

**प्रथम प्रकाशन** : *भुइँचालो* (***गोरखापत्र***, १९९०)

**राष्ट्रिय स्तरमा** : *भुइँचालो* (***गोरखापत्र***, १९९०)

**कृति** : ***कोपिला*** (२०२१), ***मेरो प्रतिविम्ब*** (२०२१), ***कुहिरो र घाम*** (२०४५), ***सिद्धिचरणका प्रतिनिधि कविता*** (२०४५), ***तिरमिर तारा*** (२०४६), ***बाँचिरहेको आवाज*** (कवितासङ्ग्रह, २०४३); ***उर्वशी, ज्यानमारा शैल, कान्तिमती, आत्मबिलौना, बालिवध, जूनकीरी, आँसु, मङ्गलमान*** आदि खण्डकाव्य; ***सिस्वाँ र फुस्वाँ*** (नेवारी काव्य); ***शारदा*** (मासिक), ***कविता*** (त्रैमासिक), ***आवाज, गोरखापत्र*** (दैनिक) को सम्पादन

**पुरस्कार/सम्मान** : त्रिभुवन प्रज्ञा पुरस्कार (२०२७), पृथ्वी प्रज्ञा पुरस्कार (२०४५), वेदनिधि पुरस्कार (२०४६)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "मानिस सामाजिक पशु हुनाले उसको रचना समाजपक्षकै हुनुपर्छ। अर्को कुरो कला पुष्ट भएन भने त्यो साहित्यिक कृति हुँदैन।... सुरु-सुरुमा प्रकृतिसम्बन्धी कविता लेख्थेँ तर पछि क्रान्तिकारी, सामयिक आदि कविता पनि लेख्न थालेँ। समन्वयवादी सिद्धान्त भएकाले हरेक विषयमा कविता लेख्छु, तर ती सबै कुनै कुरा सिकाउनभन्दा आफै नै जान्नका निमित्त लेख्छु। जान्नु र बुझ्नुको क्रम नै मेरो लेखाइ हो।" (साभार : ***स्रष्टा र साहित्य***)

**नजरमा आफै** : क्यै हारेझैँ, क्यै बिर्सेझैँ

..........................

आकृति हो, तर रूपविहीन

भाषा हो, तर भावविहीन

मान्छे हो, तर आत्माहीन

चारैतिरको बन्द विचार

यो मेरो प्रतिविम्ब हिँडेको। (साभार : *मेरो प्रतिविम्ब*)

**सम्पादकको कलम** : युगकविको उपमाप्राप्त कवि सिद्धिचरण श्रेष्ठ नेपाली साहित्यजगत्मा सफल काव्यशिल्पीका रूपमा चिनिन्छन्। भावुक मानवतावादी जीवनदर्शनसहित सरल र सरस भाषाशैलीमा विद्रोह, क्रान्ति र प्रगतिचेतको स्पर्श दिँदै राष्ट्रिय भावोत्तेजक कविताहरू रचना गर्नु युगकवि सिद्धिचरणको घनीभूत कवित्व हो भन्न सकिन्छ।

●

*सिद्धिचरण श्रेष्ठ*

## बा आउनुभएको छैन

●

पानी परिरहेछ,
हावा चलिरहेछ,
समयले अबेर ओढिसक्यो,
बत्ती बलिसक्यो,
भात पाकिसक्यो,
आमा कराउनुभइरहेछ–
बा आउनुभएको छैन।

युग बदलिइसक्यो,
राणा ढलिसक्यो,
भन्दछ जन्जिर टुटिसक्यो
अझ पनि आजादी आएको छैन
प्रगति आएको छैन,
प्रजातन्त्र आएको छैन,
आमा कराउनुभइरहेछ–
बा आउनुभएको छैन।

हाम्रो विचारको घुयैंत्रोले
हाम्रो कल्पनाको वज्रले
अन्धकारको टाउको फुटिसक्यो
अझ पनि नयाँ बेहान आएको छैन
नयाँ युग आएको छैन
आमा कराउनुभइरहेछ–
'बा आउनुभएको छैन।'

●

## कहानी

●

तिमी बाँचेकी भए
म सोध्थेँ–
के तिमी... ?
होइन, केही पनि सोध्दिनथेँ।
तिम्रो काखकी बच्चीलाई
म दिनहुँ आएर खेलाइरहन्थेँ,
माया गर्थें
उसको निर्दोष हृदयको
म सच्चा साथी बन्थेँ,
अनि तिमीले लिन आउँदा पनि
ऊ मेरो काखमा लुक्न आएकी
तिमीलाई देखाइदिन्थेँ
तिमी बाँचेकी भए!

जब त्यो बच्ची बालिका हुन्थी
पुतलीजस्तै खेल्ने हुन्थी,
नाच्ने हुन्थी,
अनि म तिम्रो गाउँको स्कुलको
मास्टर भएर आउने थिएँ,
अनि ऊ पनि स्कुलमा पढ्न आउँथी,
म पढाउँला–
पढ्न, संसारका कुराहरू जान्न–बुझ्न
ऊ उत्सुक भएको म तिमीलाई देखाइदिन्थेँ–
तिमी बाँचेकी भए।

एक दिन ऊ तरुनी बन्थी
शिक्षाको उज्यालो पस्थ्यो
तिमी उसको बिहे गराउन
कोही केटाको तलास गराउँथ्यौ होली,
उसले कसैलाई प्रेम गरेकी हुन्थी
तर जात नमिलेकाले तिमी त्यहाँ छोरी दिन चाहन्नथ्यौ,
मलाई आएर छोरीलाई सम्झाइबुझाइदेऊ भन्न आउँथ्यौ,

अनि त्यो छोरीले यसो भनेको देखाइदिन्थेँ–
'रूख एउटा जात हो,
पशु एउटा जात हो–
मानिस–मानिसको पनि जात नमिल्ने कुरा कहीँ हुन्छ?'
●

## व्यक्तिभित्र समष्टि

●
मैले नदेखेका र नपुगेका सारा गाउँ र सहरहरू!
मेरो सलाम छ।
मलाई आएन र देखेन नभन।
सबैलाई देखेको छु,
सबैलाई चिनेको छु,
मेरो यो जीवनमा सबैको प्रतिविम्ब परिरहन्छ।
समस्त संसार म बसेको ठाउँ त हो नि
समस्त विश्वका मानिसहरू म नै त हुँ नि।
देखेन नभन, आएन नभन,
समस्तको जित जित्छु, समस्तको जन्म म जन्मन्छु।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : केदारमान व्यथित

**नाम** : केदारमान श्रेष्ठ

**जन्ममिति/स्थान** : १९७१ कार्तिक, पूर्व १ नम्बर, सिन्धुपाल्चोक

**निधन** : २०५५

**लेखनप्रारम्भ** : १९९७ तिर (तर एउटा नेपाली र तीनवटा नेवारी पुस्तक आफैले जलाएको)

**प्रथम प्रकाशन** : *परालको त्यान्द्रो* (***साहित्यस्रोत,*** १९९७)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***सङ्गम*** (कवितासङ्ग्रह, २००३), ***प्रणव*** (२००३), ***०९ सालको कवितासङ्ग्रह*** (२००९), ***एक दिन*** (२०११), ***त्रिवेणी*** (२०१५), ***सञ्चयिता*** (२०१९), ***जुनेली*** (२०१९), ***सप्तपर्ण*** (२०२८), ***नारी-रसमाधुर्य, आलोक*** (२०२५), ***आवाज*** (२०३१), ***बदलिरहने बादलका आकृति*** (२०३३), ***मेरो सपनामा हाम्रो देश र हामी*** (२०३४), ***रस त्रिफला*** (२०३८), ***फेरि एउटा अर्को कुरुक्षेत्र*** कवितासङ्ग्रहसहित केही मुक्तकसङ्ग्रह, केही नेवारी कवितासङ्ग्रह, केही हिन्दी कवितासङ्ग्रह र ***मेरी प्रेयसी : प्रजातान्त्रिक स्वतन्त्रता*** (काव्य, २०३६)

**पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा, वेदनिधि पुरस्कार (२०४६), ज्योतिर्मय त्रिशक्ति पट्ट प्रथम, नेपाल एवम् भारतमा अभिनन्दित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो।... अनुभूतिले रन्थनिएर भावावेशपूर्वक लेखिएको कवितामा भाषा, अलङ्कार, अनुप्रास आदि स्वभावतः छायाझैं रचनाका पछि लागेका हुन्छन्। कनीकुथी बल गरेर लेख्दा त्यसमा शिल्पचातुर्य आई आत्मरहित शारीरिक सौन्दर्य मात्र देखा पर्दछ।" (साभार : ***स्रष्टा र साहित्य***)

**नजरमा आफै** : म मनुष्य हुँ, नित मानिस नै रहूँ<br>
गुण-दोष समावेश भएको। (साभार : ***पच्चीस वर्षका कविता***)

**सम्पादकको कलम** : नेपालीलगायत नेवारी र हिन्दीमा समेत समान रूपले कलम चलाउने कविवर केदारमान व्यथित आफ्ना कविताहरूमा वस्तुविचित्रतालाई कोमल र शब्दमाधुर्यसहित आफ्नो सौन्दर्यचेत समाहित गरेर संवेदनाको गहिराइबाट बौद्धिक उचाइका साथ प्रभावी अभिव्यक्ति दिन्छन्। एकसाथ क्रान्तिचेत, प्रगतिचेत, व्यङ्ग्यचेत, प्रकृतिचेत, सौन्दर्यचेत, समयचेतका साथ तीव्र जीवनबोध गर्दै मानवताको पक्षमा वकालत गर्ने आमरण ऊर्ध्वगामी गतिमा हिँडेका साहित्यिक यात्री हुन् कवि व्यथित। उनको यस सङ्कलनमा समाविष्ट कविता २०५१ मा प्रकाशित कविता हो।

●

*केदारमान व्यथित*

## प्रेम : त्यसको बहुआयामिक रूप*

●

कहिल्यै पनि
धमिरा नलाग्ने, जरामा पनि
प्राप्त नहुने, निरन्तर मानसिक पुष्प भने फक्रिरहने
कल्पद्रुम हो प्रेम।

एक शब्द पनि नबोली मौनबाटै
नरनारीका मनमा
आफ्नो अस्तित्वको आभास उत्पन्न गर्न सक्नु
प्रेमको विशेषता हो।

प्रेमलाई विश्व-जीवनदर्शनकै रूपमा
प्रतिष्ठा प्राप्त हुन सके
'संसार सत्मै आधारित छ' लाई
बढी बल प्राप्त हुनेछ।

प्रेम सङ्क्रामक हुन्छ
भनेमा अत्युक्ति हुनेछैन,
यसकारण कि त्यसको सङ्क्रमण-क्षमता
सार्वभौम सिद्ध भएको छ।

प्रेमको वासस्थान
मुटु भएरै त
त्यसको स्वभाव
संवेदनशील भएको।

सजिलैसँग
समस्त सृष्टि आफूभित्र
अटाउन सकेको दिन
स्वयम् पनि प्रेममै लय भइसकेको ठाने हुन्छ।

---

* यो कविता **समकालीन साहित्य**, वर्ष ४ : अङ्क ३ मा प्रकाशित कविताको केही अंश हो।

पूर्णतामा प्राप्त भइसकेको प्रेम
सम्मुख पर्दा
धारिला शस्त्रास्त्रहरू पनि बिनापाइनकै
प्रमाणित भएका छन्।

रूप सम्पन्न,
मन विपन्न छ भने
त्यस्तो व्यक्ति उपयुक्त हुँदैन
प्रेमका लागि।

सारांशमा भन्ने हो भने
भएभरकै मनका फोहोरहरू
पखालिरहने
विरेचन पनि हो प्रेम।

प्रेमले आरोहण गर्ने गरेको
अभिव्यक्ति-सोपानकै
सिँढी त हुन् नि
रस-माधुर्य-आलोक।

प्रेम त्यस्तो गणित हो
जसको पहिचान भाजक-भाजित-भाज्यका
सहयोगबिना
आफै प्रस्तुत भइरहेको हुन्छ।

प्रकृति-पुरुषका बीचको प्रेम-
संसर्गबाटै त
कालप्रवाह निर्माणमुख
हुने गरेको।

प्रेमले आफ्नो उपस्थिति
जनाइरहेकै हुन्छ
स्वागत-मुस्कानबाट, हर्षाश्रुबाट,
मधुर आलापबाट, आलिङ्गनबाट।

दिनसिबाय
लिन नजान्ने प्रकृति
भएरै त
प्रेम अधिक यशस्वी भएको।

आकार त
प्रेमको पनि हुन्छ,
तर त्यसलाई
अनुभूतिकै आँखाबाट मात्र देख्न सकिन्छ।

प्रेम त
प्राणीजगत्कै माध्यमबाट
कहिले उल्लासमा त
कहिले अवसादमा प्राप्त भइरहेकै हुन्छ।

जति खर्च गरे पनि
न्यून भने कहिल्यै नहुने
मुटुकै
ऐश्वर्य हो प्रेम।

रससम्पन्नता प्रेमको
स्वभाव भएरै त
मेघमालासदृश
पग्लिरहने गरेको त्यो।

बलिदानपश्चात् पनि बाँचिरहन्छ
प्रेम त
सार्वजनीन मनमा, मस्तिष्कमा,
वाणीमा।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : विजय मल्ल

**नाम** : विजयबहादुर मल्ल

**जन्ममिति/स्थान** : १९८२, काठमाडौँ

**निधन** : २०५८

**लेखनप्रारम्भ** : १९९३/९४ तिर

**प्रथम प्रकाशन** : *किन* ('प्रश्न') (***शारदा***, १९९८)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***अनुराधा, कुमारी शोभा*** (उपन्यास); ***एक बाटो अनेक मोड, परेवा र कैदी*** (कथासङ्ग्रह); ***विजय मल्लका कविता*** (कवितासङ्ग्रह); ***नाटक एक चर्चा*** (समीक्षा); ***पत्थरको कथा, दोभान, भित्तेघडी, स्मृतिको पर्खालभित्र, भूलैभूलको यथार्थ, बहुला काजीको सपना, जिउँदो लास, कोही किन बर्बाद होस्, पहाड चिच्याइरहेछ, सृष्टि रोकिँदैन*** (नाटक); ***शारदा, कविता***को सम्पादन

**पुरस्कार/सम्मान** : साझा पुरस्कार, गंकी-वसुन्धरा पुरस्कार, भूपालमानसिंह प्रज्ञा पुरस्कार, गोरखा दक्षिणबाहु दोस्रा

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "काव्य वा गद्य (जसलाई म एकै कोटिको ठान्छु) ले जीवनको प्रत्येक पक्षलाई इमानदारीपूर्वक उद्घाटन गरी जनमानसलाई मनोरञ्जन दिँदै उचालोस्, उनीहरूसँग विरोध गरोस्, लडोस् र के देखाओस् भने तिमी केवल संवेदनायुक्त पार्थिव मानिस मात्र होइनौ; तिम्रो जुन जिम्मेदारी छ तिमी मानिस हुनबाट पैदा भएको छ, त्यो हो– तिमी मानिस हौ, तिम्रो चेतना तिमीसामुन्ने खडा छ, तिमी ठग्न पाउन्नौ आफूलाई! मृत्यु जो तिम्रो जीवनको एकमात्र हतियार हो, तिमीले त्योसँग जीवनका निमित्त एकछिन भए पनि बढी लड्नुपर्छ।" (साभार : ***स्रष्टा र साहित्य***)

**नजरमा आफैं** : "म आफू बाँचेको Justify गर्छु, तर अपूर्ण छु,... तर यो गिलासजस्तो कमजोर हैन– खस्दैमा फुट्ने...।" (साभार : ***स्रष्टा र साहित्य***)

**सम्पादकको कलम** : बहुमुखी प्रतिभाका धनी एवम् बौद्धिक स्रष्टा विजय मल्ल सफल कवि मात्र नभएर सफल उपन्यासकार, कथाकार, नाटककार एवम् समीक्षक पनि हुन्। उनका कविताहरू मानवीय खलनायकीपूर्ण असहयोग, द्वन्द्व, सन्त्रास, सङ्घर्ष, तनावलगायत जीवनका शाश्वत विसङ्गतिसँगको टकराव र आस्तित्विक जोखिमका सौन्दर्यमय विद्रोहात्मक भङ्गिमापूर्ण पहेली बनेका छन्।

●

*विजयबहादुर मल्ल*

# छोरीलाई मानचित्र पढाउँदा

●

रातो रगतले कोरिएको साँध छ
खेतमा डिल लाएझैँ
हरे, हरेक राष्ट्रका फाँटमा!
यो हो भारत, यो हो पाकिस्तान
हिन्दू–मुसलमानको रगतले मुछिएको
यही हो रेखा महान्!
यो जर्मनी, यो इङ्गल्यान्ड
यो रुस, यो जापान।

अणुबमले खाएको,
हेर नागासाकी, हिरोसिमा!
हिटलरको भूतले सताएको
यही हो युरोप कङ्काल,
यही हो अमेरिका,
डलरको देश–
'अणुबम' को निर्माता
शान्तिको सन्देश
जता हेर
रातो रगतले लाएको छ घेरा
परेवालाई गन्जकमा बन्द गरेझैँ
मानिस छन् बन्दी यस खोरमा।

मेरी छोरी,
(कुनै दिन त्यस्तो आउला)
जब सबले मिलेर,
हातमा हात गाँसेर,
अङ्कमालमा बाँधिएर–
हब्सी, आर्य, मङ्गोल
पलिनिसियन, द्रविड, काले
सबले पुछ्नेछन्
आँखाको प्याला घोप्टचाएर

आसुँले त्यो रक्तरेखा।
अनि,
धेरै कालपछि–
मेरी छोरी,
कुनै दिन त्यस्तो आउला
त्यो रातो रेखा खोजे पनि
तिमी पाउनेछैनौ त्यहाँ।
●

## यान्त्रिकता

●
सडक–सडक, होटल–होटलमा
कागजका कोरा पर्चाहरूमा
केही लेखिएजस्तो, केही कोरिएजस्तो
यन्त्रमानव
पकेटमा हात हालेर बिस्तारै हिँड्छ, हाँसेर हिँड्छ।
मानौँ यस दुनियाँमा केही भएको छैन
मानौँ यहाँ केही समस्या नै छैन!
ए पत्थरका सालिकहरू,
तिम्रो जीवन र मृत्युलाई छुट्ट्याउन पनि गाह्रो भो,
साँच्चै गाह्रो भो!
●

## कतिले आत्महत्या गरिसक्थे!


●
कतिले आत्महत्या गरिसक्थे!
बगर–बगरमा, गल्ली–गल्लीमा,
रानीपोखरीको नील जलमा,
हरेक देखिने दलिनहरूमा
कतिले झुन्डिएर सृष्टिलाई गिज्याइसक्थे!
कतिले आत्महत्या गरिसक्थे!

दुःखले पोलेको मुटु लिएर
पीडाले सढेको शरीर लिएर
अन्यायको तातो भीरले डामेको अन्धो आँखा लिएर
कतिले नमर्दै आफूलाई मारिसक्थे!
कतिले आत्महत्या गरिसक्थे!

जिउनु छ भनेर नै कोही जिउँदैनन् यहाँ,
मृत्युसँग तर्सेर नै कोही बाँच्दैनन् यहाँ।
यहाँ कतै–कतै पाइन्छ–
आँसुलाई पुछिदिने,
स्नेहको मीठो स्वरले टुटेको दिललाई साँचिदिने
मायालु मुलायम हात, मायालु मुलायम आँखा।

त्यसैले पो–
नत्र त यो दुनियाँ मसान भइसक्थ्यो,
टुटेको दिलको, फुटेको मुटुको,
कसिँगरैकसिँगरको, करङैकरङको थुप्रोभैँ।
नत्र त यो दुनियाँ मसान भइसक्थ्यो!
मसान भइसक्थ्यो!
उफ्! कतिले आत्महत्या गरिसक्थे!
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : मोहन कोइराला
**नाम** : मोहनप्रसाद उपाध्याय
**जन्ममिति/स्थान** : वि. सं. १९८३ मङ्सिर ११, काठमाडौँ
**निधन** : २०६३ फागुन १०, काठमाडौँ
**लेखनप्रारम्भ** : २००७ सालदेखि
**प्रथम प्रकाशन** : *उनीहरूले बुझिसके* (***शारदा***, २००७)
**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***लेक*** (काव्य, २०२५), ***मोहन कोइरालाका कविता*** (२०३०), ***नुन शिखरहरू*** (२०३१), ***सारङ्गी बोकेको समुद्र*** (२०३२), ***हिमचुली रक्तिम छ*** (२०३५), ***कविताबारे केही समीक्षा*** (२०३५), ***नदीकिनारका माझी*** (२०३८), ***ऋतुनिमन्त्रण र गरलपान*** (२०४०), ***नीलो मह*** (खण्डकाव्य, २०४१), ***एउटा पपलरको पात*** (२०४७), ***आज कसैलाई बिदा गर्नु छ*** (२०६०), **गजपथ** (२०६०), ***यतीका पाइला खोज्दै*** (कवितासङ्ग्रह, २०६०)

**पुरस्कार/सम्मान** : साझा पुरस्कार (***मोहन कोइरालाका कविता***का लागि २०३० मा र ***ऋतुनिमन्त्रण र गरलपान***का लागि २०४० मा), मदन पुरस्कार (***नदीकिनारका माझी***का लागि २०३८ मा), रत्नश्री स्वर्णपदक

# दृष्टिसन्दर्भ

**कविताप्रति** : "...सानो देखिए पनि कचौराको पानीमा सिङ्गै आकाश लिन सक्ने क्षमता यस गद्य कवितामा छ। ...मानिस छन्दमा कुरा गर्दैनन्, गद्यमा कुरा गर्छन्, अनि छन्दद्वारा साहित्यमा किन कृत्रिमता ल्याउने?" (साभार : ***स्रष्टा र साहित्य***)

**नजरमा आफैं** : अग्लो शिखरमा चढ्दा पनि पुड्कै भएँ!
आकाश छुन पुग्दा रित्तै भएँ!
..................
ब्रह्माण्ड परै देख्छु, ग्रह परै, छुइँदैन परै छ हृदय
छुइँदा सन्तुष्टि केही पाइने थियो!
..................
बोक्रा छुइन्छ, पाप्रामा छुइन्छ, पहाड चढेर पनि पुड्को भएछु।
(साभार : *पुड्को भएछु*)

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको क्षेत्रमा उन्मुक्त प्रयोगधर्मितासहित पुरानो कविताको धारामा नयाँ शैली र स्वाद पस्केर परिवर्तनको ढोका खोल्ने प्रयास गरेको आत्मस्वीकृति जनाउने कवि मोहन कोइराला गद्य कविताको पक्षमा गहन वकालत गर्छन्। उनका कवितामा परम्पराभञ्जक अमूर्त भाषाको नूतन भङ्गिमायुक्त चमत्कृति महसुस गर्न सकिन्छ। प्रयोगशील लामा कविताहरूसहित अमूर्त अवचेतनप्रधान दुरूह शैलीमा युगीन विसङ्गति र बिद्रुपताहरूको जटिल विम्बाङ्कन गर्नु उनका निजी काव्यविशेषताहरू हुन्।

●

*मोहन कोइराला*

## कोट आधा ओढेर

●

कारखाना, अनुसन्धानशाला र उत्पादनक्षमताका विम्बमा
लक्ष्य गर्दा,
ढिलो सुतेको छिटो उठाउँदा मान्दैनन् आज
घुइँचो भए पनि बासी गन्ध भेटिन्छ बिहान
बस चल्छ, विद्युत् खपत बढ्छ
कोठा, घर, कार्नेस उज्यालो बन्छ, अरू कुनै हुँदैन खलबल हुन्छ,

लाप्पा मारेर जाँड र सिँढीको छालमा हुस्से तन्किन्छ
प्रत्येक रात काट्दासँग एक विदेशी 'एड'
अँगालेर निदाइदिन्छ कक्षमा भोलि अर्को प्राप्त गर्न,

बिगुल फुकिएको हुन्छ हामी जान्दैनौँ कस्तो नाच आफै नपुगी
यसमा विज्ञापन हुन उभिन्छु
खुला अक्षरहरू हातभरि टाँसिदिएर,

नसक्दा-नसक्दा निद्रा पर्दैन
विशुद्ध साहित्य कमजोर अर्थदर्शन, यसको चर्चा
आजभोलिको सस्तो फलाको
शङ्का, उपशङ्का, घृणाले थापेको त्यसैमा बजार छ,
कसैले बोकेको सहरको नमुना छ

तुफानी वेग भाषाभित्र कैदी बनेको छ
बर्सात, ठीक मानेमा बर्सात मान्न सकिँदैन
धरहरा सिँगारिएर सोकेसमा उडिबस्छ बैठकमा
कसलाई दरिद्र बन्न फुर्सद यहाँ,

कञ्चनजङ्घा, माछापुच्छ्रे खिइँदा-खिइँदा
स्टुडियोको पर्दामा हल्लिई मात्र दिन्छ, हिजोआज, सोकेसमा

यस्तो ठाउँ बेला-कुबेला वास खोज्नु बेकार हो
कोट आधा ओढेर, कोट आधा ओछ्याएर
डुल्दा आइमाईको तातो किन्ने कौडी छैन भने काठमाडौँ
रात काट्नुपर्दा पोस्टर बनेर काट्नुपर्छ।

●

## एउटा गीत नेपालका लागि

●

नेपाली आमाका नेपाली अनुहारहरू।
नेपाली माटाका नेपाली अनुहारहरू।
म त सप्तगण्डकी बनिसकेछु अनुहारहरूमा।
म त सप्तकौशिकी बनिसकेछु वेशभूषामा।
मेरा कल्पनामा छाल उठेछन् सात स्वरको।
एउटा वीणा हो नेपाल, एउटा सारङ्गी हो नेपाल।
एउटा तुरही हो नेपाल, एउटा सहनाई हो नेपाल।
मुर्चुङ्गामा एक्लै सेर्पिनी खेलेर झरेकी नेपाल।
लिम्बुनी भाखा फेरी-फेरी उक्लेकी नेपाल।

सिपालु हातले छुनू यो गितार सप्तस्वर आफैं बज्छ।
सप्तगण्डकी छुनू सिपालु हातले सप्तस्वर आफैं उठ्छ।
लहर उठ्नेछन् हिमाली क्षितिज कालीको तीर बनेर।
कठोरता पग्लिनेछ नबोलेको वीणालाई एक स्वर दिनु मात्र छ।
कठिन पनि छैन नबोलेको मित्र एक फेर घचघच्याउनु छ।
टाढा छैन नचिनेको बस्ती एक फेर पुग्नुपर्छ।

झर्नाहरू तार हुन् सारङ्गीका, झर्नाहरू रेसा हुन् मुर्चुङ्गाका।
सप्तगण्डकी जहाँबाट उठ्छ/सप्तकोशी जहाँबाट बज्छ।
तमोर, अरुण निद्राबाट जुन सितारमा उठ्नेछन् स्पर्शमा।
हिमाली पहरा गुनगुनाउनेछन् जुन गीतले
त्यो पानी उठेको छ यो सारङ्गीमा।
त्यो छाल खेलेको छ नेपाली गितारको तारमा।
सप्तगण्डकी सङ्गीतमय छ समूहगानले।
सप्तस्वर त्यसैले सङ्गीतमय छ एकान्त साधनाले।
सप्तकौशिकी त्यसैले सप्तद्वीपमा उठेको छ मणिमाणिक्यले।

गीत उठ्नुपर्छ यो माटोमा, सङ्गीत उठ्नुपर्छ यो उपत्यकामा।
पहाड-पहाड देखिए पनि, ढुङ्गा-माटो देखिए पनि।
यदि देशको ढुकढुकीमा एउटै गितार छ भने।
यदि यो तमोरमा एउटै सङ्गीत छ भने।
यदि यो प्राणमा एउटै मुटु छ भने।

गाउँ हो! नेपाली हो! गण्डकी गाउँ–गाउँ हो! नेपाली सप्तकोशी गाउँ।
गाउँदा धरमरले होइन। गाउँदा कम्पनले होइन।
हिँड्दा डगमगले होइन। एउटा नेपालीले डगमग गर्नु हुँदैन।
एउटा गीतले यो आकाश उठ्नुपर्छ।
एउटै सङ्गीतले यो धर्ती सङ्गीतमय बन्नुपर्छ।
कष्ट त छ गीत गाउनु र एक्लै साज बजाउनु।
कष्ट त छ गीतमा फेरि गेडा हुनु त्यस गेडामा कल्पनाउनु।
एउटा मदिरा हो देशको कल्पना।
एउटा मदिरालय हो देशको सङ्गीत।

म गीत गाउँछु नेपाली तिमी नाच। तिमी नेपाली गीत गाऊ म नाच्छु।
त्यो एउटा गीत सेर्पिनीले हेलम्बूमा गाएजस्तै उच्चाइको होस्।
त्यो एउटा गीत थकालीले गाउन लागेको भावनाको होस्।
त्यो एउटा मनको तार डोल्पाली सुन्दरीले छोएजस्तो छोएको होस्।

त्यो गीत शान्तिका लागि। त्यो गीत प्रगतिका लागि।
त्यो गीत उन्नतिका लागि। त्यो गीत प्रेमका लागि।
त्यो गीत मुसिबतमा मोहबतका लागि।
सप्तकोशीका लागि, सप्तगण्डकीका लागि।
अरुणका लागि, तमोरका लागि।
त्यो गीत विश्वप्रेमका लागि।
नेपालीका लागि।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : अगमसिंह गिरी

**नाम** : अगमसिंह गिरी

**जन्ममिति/स्थान** : १९८४ श्रावण, दार्जिलिङ

**निधन** : २०२७ माघ १८

**लेखनप्रारम्भ** : ९ कक्षामा पढ्दादेखि

**प्रथम प्रकाशन** : *गोर्खाको जय होस्* (***गोर्खा***, सन् १९४६)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***याद*** (सन् १९५५), ***आँसु*** (सन् १९६८), ***युद्ध र योद्धा*** (खण्डकाव्य, सन् १९७०), ***आत्मकथा*** (सन् १९५९), ***जीवनगीत*** (सन् १९६०), ***जलेको प्रतिविम्ब : रोएको प्रतिध्वनि*** (कवितासङ्ग्रह, सन् १९७८); ***कमल, आँखा, दियालो, अस्तित्व***को सम्पादन

**पुरस्कार/सम्मान** : रत्नश्री स्वर्ण पदक, पूर्वराजा महेन्द्रबाट स्वर्ण पदक, भानु पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : 'तिमी' र 'म' बाँचेको संसारमा कविता रहेन भने म त जीवनको सार्थकता देख्दिनँ। हाम्रो यस संयोगलाई चिरसुवासित तुल्याउनलाई, हाम्रो यस मालालाई युग-युगसम्म जीवित राख्नलाई म कविता लेख्न सकिरहूँ। (साभार : ***जीवनगीत***)

**नजरमा आफैं** : उदाङ्गो उत्तप्त मरुभूमि
जलहीन शुष्कता, प्रचण्ड सूर्यकिरण
म बिछोडिएका पैतालाहरूका
पुरिन-पुरिन आँटेका
स्मृतिहीन एउटा विलुप्त चिह्न हुँ
'जलेको प्रतिविम्ब' जलिरहेको प्रतिविम्ब हुँ
'रोएको प्रतिध्वनि' रोइरहेको प्रतिध्वनि हुँ।

(साभार : ***जलेको प्रतिविम्ब : रोएको प्रतिध्वनि***)

**सम्पादकको कलम** : जातीय स्वत्व र स्वतन्त्रताको आवाज भरेर कविता रच्ने स्रष्टा अगमसिंह गिरी नेपाली कविताको वृत्तमा जरुर एक हस्तक्षेपयुक्त कविप्रतिभा हुन्। उनका कवितामा निराशाको अन्धकारमा केही पाउनु र प्रफुल्लताको उज्यालोमा केही हराउनुजस्ता प्राप्ति र अप्राप्तिबीच अन्तर्निहित जीवनका सत्यहरू भावुक शैलीमा ध्वनित हुन्छन्। मानवताका पक्षधर कवि गिरी आफ्ना कवितामा विषादका छायाहरू झेलेर दुःखमुक्तिका गायक बनी प्रस्तुत भएका छन्। सरलता, भावुकता र सुन्दर सपना उनका काव्यिक पहिचान हुन्।

●

*अगमसिंह गिरी*

# मेरो बँचाइको एक दिन

●

मलाई बाँच्न यहाँ–
एउटै दिन भए पुग्छ!
धेरै वर्ष फुलेको
अल्छी आयु
निष्क्रियताले निलेको
निश्चल/सुषुप्त/अकर्मण्य
चाहिएन बूढा दिनहरू
निदालु आकाङ्क्षा
खोक्रा उत्तेजना
अल्छे आशा
लिएर उभिने घातक क्षणहरू
दुश्चिन्ता, विरक्ति, व्यथैव्यथा
ओसारी–ओसारी ल्याउने
चाहिएन छिमलिएका थुप्रै बेलाहरू
मलाई बाँच्न यहाँ–
एउटै दिन भए पुग्छ!
मेरा एउटै–एउटै दिन
सकारात्मक सपना बोकेर आऊन्
जीवनको शाश्वत परिपूर्णता लिएर
मेरो बचाइलाई
अर्थ दिन आऊन्
हजार व्यर्थ क्षणहरूको
लङ्गडो उपस्थितिलाई हुत्याएर
मेरो सबल अस्तित्वको
अर्थपूर्णता फुकाल्न आऊन्
स्वागत छ त्यही प्यारो एक दिनलाई
चाहिएन मलाई श्मशानका
रोदन बोकेका मुर्दा मुहूर्तहरू
मलाई बाँच्न यहाँ–
एउटै दिन भए पुग्छ!

मैले कविताका पङ्क्तिहरू
कोरकार पारेको
एउटा अमूल्य क्षण
यदि छ भने मसँग बाँचोस्
काव्यका सुन्दर हरफहरू पढेको
एउटा रोचक मुहूर्त
यदि छ भने मसँग बाँचोस्
मैले मेरो जातिलाई सक्रिय माया जनाएको
एउटा अर्थपूर्ण बेला
यदि छ भने मसँग बाँचोस्
मैले असहायहरूलाई दिएको
एउटा मीठो दिन
यदि छ भने मसँग बाँचोस्
चाहिएन मलाई सपनाहरूमै रँगाल्न लाउने
खुइलिएका दिन र नाङ्गिएका रातहरू
मलाई बाँच्न यहाँ–
एउटै दिन, फगत एउटै दिन भए पुग्छ!
●

## मेचीलाई बाटो सोधेर

●
टिस्टा, रङ्गित र रेली
धुपीडाँडाहरू यी
परिचित–परिचित
मेरा पहाड–पखेरा यी
सपना यहाँ कुण्ठित छन् यद्यपि
बिपना यहाँ लाञ्छित छन् यद्यपि
सौन्दर्य पनि पीडामय छ
पीडामा पनि एउटा मिठास छ
विह्वलताभित्र आनन्द
आनन्दभित्र विह्वलता
यो विस्तीर्ण हरियालीको चियाबारी
बिर्संदै–बिर्संदै सबैलाई

जब आफ्नै ठानी देशको सँघारभित्र पस्छु म
कतै-कतै अपरिचित-अपरिचित पाउँछु आफूलाई!
पर्यटकजस्तो पाउँछु आफूलाई!!

विगतका धमिला छापहरू
पहिल्याउँदै-पहिल्याउँदै
शून्य/एकाकी यात्रापथमा
माटा र ढुङ्गाहरू
पहाड र भन्ज्याङहरू
सेता-सेता हिउँका चुचुराहरू
कोशी र गण्डकी
मेची र महाकाली
पुराना अमिला व्यथाहरू
बोकेर उभिन्छन्
मेरा सारा विवशता बुझेर

अनि आफ्नै ठानी जब देशको माटो कुल्चन पुग्छु म
कतै-कतै अपरिचित-अपरिचित पाउँछु आफूलाई
– पर्यटकजस्तो पाउँछु आफूलाई!!

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : धुस्वाँ सायमि

**नाम** : गोविन्दबहादुर मानन्धर

**जन्ममिति/स्थान** : १९८७ जेठ १०, काठमाडौँ

**निधन** : २०६४ पुस २, काठमाडौँ

**लेखनप्रारम्भ** : किशोरावस्थादेखि (बनारसमा)

**प्रथम प्रकाशन** : –

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***दीपा*** (२०४६), ***खरानीको बस्ती*** (२०४६), ***मङ्काः*** (उपन्यास, २०४७), ***हिमाल-क्रन्दन*** (एकाङ्की, २००८), ***गङ्की*** (नेवारी उपन्यास; नेपाली, हिन्दी र अङ्ग्रेजीमा पनि अनूदित), ***अग्निगर्भ*** (नेवारीबाट नेपालीमा अनूदित उपन्यास), ***वैशाख २०५३*** (कवितासङ्ग्रह, २०५३); ***समकालीन साहित्य***को सम्पादन

**पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण, प्रबल गोरखा दक्षिणबाहु, श्रेष्ठ सिरपा पुरस्कार (दुई पटक), साहित्यसुत उपाधिद्वारा विभूषित, नेवारी भाषाका प्रथम उपन्यासकारका नाताले अभिनन्दित र सम्मानित, मधुपर्क सम्मान (२०६४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "शब्द
बढी शब्दहरूमा
यति म बाँच्न थालेको छु कि
अब यी शब्दहरू नै
मेरो अस्तित्व बन्न पुगेका छन्।" (साभार : *मेरा शब्दहरू*)

**नजरमा आफै** : जीवनका अनेक
अनगिन्ती घुम्तीहरूपछि आज
उभिएको छ ऊ
एउटा रित्तो चौबाटोमा। (साभार : ***वैशाख २०५३***)

**सम्पादकको कलम** : कुनै वाद र झन्डभन्दा प...र यथास्थितिका विरुद्ध ऊर्ध्वमुखी गतिशीलता चाहने स्रष्टा धुस्वाँ सायमि नेपाली भाषालगायत नेवारी र हिन्दीमा पनि उत्तिकै सशक्त रूपमा कलम चलाउने प्रतिभा हुन्। नेवारी साहित्यका प्रथम उपन्यासकार स्रष्टा सायमिका कविताहरू मस्तिष्कीय सिद्धान्तजस्तो कुनै सत्यको पिछा नगरी जीवनजस्तो हृदयिल भएर स्वयम् सत्यका रूपमा बहन्छन्।

●

*धुस्वाँ सायमि*

## लक्ष्यको खोजीमा

●

लक्ष्यको खोजीमा
लागिपरेको म
अक्षर र शब्दहरूको भीडमा
भौँतारिइरहेको छु

भावना
सङ्कल्पसितै ब्युँझन्छ
चेतनाले
विचारको समुद्रमा
यसलाई काट्दछ

साहस
निकै संयमका साथ आउँछ
साधना
आधार दिने नाउँमा
नपुंसक बनाउँछ

अब त
खोजी छ त मात्र खण्डहरहरूको
मुर्दाघर र मसानघाटहरूको
जहाँ गएर
आफ्नो लासलाई चिन्न सकूँ
संस्कार गर्न सकूँ

विफलताले
थकित र लज्जित पारी जीवनलाई
बिहानै एक बिहान
सुम्पिदिन्छ साँझको हातमा

हुँदाहुँदै पनि जिउँदो
मान्छेलाई मरेको ठान्न
गरिदिन्छ विवश

क्रान्ति भनेको
हुँदो रहेछ मात्र इतिहासको
●

## आज नतमस्तक भएको छु

●
आज
नतमस्तक भएको छु
आफ्नै अगाडि

निकै वर्षदेखि सुतेको
मेरो 'म'
ब्युँझेको छ आज फेरि
किनभने
आज मैले चोरढोकाबाट हैन
भित्रिएर सदर ढोकाबाट
सब थोक भनिदिएँ
●

## मूर्ति ठूलो बन्छ

●
मूर्ति
ठूलो बन्दछ मूर्तिकारभन्दा


भगवान् बनेको मूर्तिलाई
पुज्दछन् सबैले
बनायो कसले मूर्ति
बिर्सिदिने गर्छन्


भक्त
मूर्तिकारलाई होइन मूर्तिलाई
पुज्ने गर्छन्
फेरि मानिसलाई किन
भगवान्भन्दा
आफ्नो स्रष्टाभन्दा माथिल्लो आसन
दिइँदैन
अनौठो कुरो!
जब सिर्जना हुन्छ ऊ
तब पनि
उसको कुनै महत्ता हुँदैन
र स्रष्टा
बनेर, भएर पनि त्यो स्थान
पाउँदैन
जुन प्राप्त हुन्छ भगवान्लाई
दुवै अवस्थामा

यो भगवान्को षड्यन्त्र हो
अथवा
यो मानिसको मानिसप्रति
जलन–ईर्ष्या
अनि द्वेषको मनोभावना हो

मानिसको
यही स्वभाव, आपस्तको वैरी–भावनाको कारण
आज उसलाई
मानिस भएर पनि मानिसको मर्यादा
सम्मान प्राप्य छैन
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : भवानी घिमिरे

**नाम** : भवानीप्रसाद घिमिरे

**जन्ममिति/स्थान** : १९८७ असोज, विराटनगर, मोरङ

**फोन** : ०१-४११४२२३

**लेखनप्रारम्भ** : २००५/०६ तिर

**प्रथम प्रकाशन** : *उदय* (**युगवाणी**, बनारस)

**राष्ट्रिय स्तरमा** : *भानु* (**गरिमा**)

**कृति** : ***स्मृतिका रेखाहरू*** (२०२५), ***भवानी घिमिरेका कविताहरू*** (प्रकाशोन्मुख)

**पुरस्कार/सम्मान** : नेपाल तथा प्रवासमा अभिनन्दित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मूलत: आत्मसंस्कार र वस्तुगत स्थिति-परिस्थितिबाट उत्पन्न संवेदनाको परिणति हो।

**नजरमा आफै** : म कवि हुन सकेको छैन। कवि हुनका लागि मेरो प्रचेष्टा मात्र। कवि हुनु भनेको आफैलाई दाह गर्नु हो। मैले आफैलाई दाह गर्ने साहस गर्न सकेको छैन।

**सम्पादकको कलम** : साहित्यिक पत्रकारितामा समेत आफैमा एउटा सिङ्गो इतिहास बनिसकेको क्रान्तिकान्त विचारको सौन्दर्यात्मक अभिव्यञ्जनाका पक्षधर कवि भवानी घिमिरेका कविताहरूमा मन र मस्तिष्कको दूरी सन्तुलनको सेतुमा आबद्ध छन्। एकातिर कवितामा अभिव्यक्त सङ्घर्षशील चेतनाका ऊर्जाहरू पाठकलाई समेत आन्दोलित सीमामा पुऱ्याउन सक्षम छन् भने अर्कातिर कविको माधुर्यपूर्ण भाषिक मेधाबाट नि:सृत सौन्दर्यको इन्द्रधनुषी छटाले रोमाञ्चित पार्दै भावकलाई आह्लादमा पुऱ्याएर चैतन्यिक उत्कर्ष प्रदान गर्नसमेत सक्षम छन्। यही सत्यमा उनले काव्यिक सफलता हासिल गरेका छन्।

●

*भवानी घिमिरे*

# बाँच्नुको अर्थबोध

●

Life is the Richest Feast Man Here Born

– Devkota

खोलाभरि पानी बगाएर एउटा अर्थ लिनुपर्छ
मलाई तिम्रो पुरस्कार केही चाहिन्न
तिर्खाले व्याकुल छु, फगत एक थोपा पानी भए पुग्छ
जिन्दगी यहाँ बिब्ल्याँटो भइदियो
फगत म सब्ल्याँटो भएर बाँच्न कसरी सक्छु!
प्रत्येक व्यक्ति जो मसँग भेटिन्छ
सोकेसका आशाहरू लिएर
मैले एक पटक बाँच्ने प्रतिज्ञा दोहो-याउनुपर्छ
जिन्दगी कस्तो पुरस्कार यो!
अब त बाँच्नुको अर्थबोध नै के र?
ऐ मरेकाहरूहो!
एक पल्ट सम्पूर्ण निष्ठा लिएर बाँचिदेऊ
जीवन त एउटा श्रेष्ठ समारोह हो।

●

# शुभकामना

●

म तिमीलाई त्यहाँ भेट्नेछु
समारोहमा/समारोहहरूमा
जहाँ सम्मिलित हुने आकाङ्क्षा मेरो
जहाँसुकै होस्
हामीहरू समारोहमा सम्मिलित हुनेछौँ

व्यक्ति स्वयम् आफू मात्र केही होइन
व्यक्ति खालि ऊ मात्र केही होइन
आफूलाई भेट्न पनि अरूसम्म जानुपर्ने हुन्छ
अरूसम्म जान समष्टिमा मिल्नैपर्ने हुन्छ

तिमी चियाका पातहरूजस्तै
हरियो-हरियो भएर फैलिनु
झर्नाहरू हतार-हतार कुदिरहेछन्
नदीनाला समग्र बगिरहेछन्– सधैँ-सधैँ
टिस्टाको वेग पनि देखेको छु
सबै एकनास कुदिरहेछन्– समुद्रमा विलीन हुन

हामीले पनि हतार-हतार हिँड्नुपर्नेछ
कुद्नु पनि पर्छ कहिले-कहिले
हाम्रो पनि समुद्र छ– समष्टि छ
हामी कुनै लक्ष्यहीन यात्री होइनौँ–
हाम्रो पनि त एउटा लक्ष्य छ।
●

## मेरो आकाशको क्षितिजमा...

●
बन्दी हुनु अरूबाट
सार्थकताका लागि बन्दी हुनु
र आफूबाट बन्दी हुनु
दुई भिन्दाभिन्दै कोणबाट हेरेपछि
नजरहरू सबै बन्द गरिदेऊ
म कोलाहल कानले सुन्न सक्छु
नजरबन्दमा पनि अन्तर्दृष्टिहरू खुलेकै हुन्छन्
चिन्तनहरू सब तिखारिन्छन्– नजरबन्दमा
प्राप्तिका उत्सर्गहरू छन्
उत्सर्गको प्राप्ति अझ सुखद छन्
बाँच्नु आफ्ना लागि मात्र के बाँच्नु?
बाँच्नु अरूका निम्ति जीवन महत् हुन्छ।
तिमीभित्र पनि एउटा मान्छे हुनुपर्छ

मान्छेको मन कहिले पो बन्दी हुन्छ?
नजरबन्दमा नजरहरू बन्द होलान्
मनका झ्याल–ढोकाहरू अझ खुल्दछन्
मेरो आकाशको क्षितिजमा टाँसिएर
मेरो मन सिरहाको भूमिको फाँट–फाँट हेरिरहेछ
म सब थोक सुनिरहेछु–
तिम्रा कुकृत्यको कथा– मानिसको आर्तनाद र व्यथा
परिश्रम र कामले काला भएका सजीव मूर्तिहरूलाई
यन्त्रवत् चलाउन सकिन्छ– यस्तो भ्रम नहोस् तिमीलाई
परिश्रमका पुजारीहरूमा पनि चेतनाका किरणहरू प्रभासित भइरहेछन्

मैले तिनका लागि पूर्वबाट
एक टुक्रा सूर्य बोकेर ल्याएको थिएँ
सायद, त्यसैले तिमीले मलाई बन्दी बनायौ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : पोषण पाण्डे

**नाम** : पोषणप्रसाद पाण्डे

**जन्ममिति/स्थान** : १९८९ माघ १, काठमाडौँ

**निधन** : २०४८ वैशाख ७, काठमाडौँ

**लेखनप्रारम्भ** : बाल्यकालदेखि नै

**प्रथम प्रकाशन** : *जलन* (***शारदा***, २००५)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***आँखीझ्याल*** (२०२३), ***मानस*** (२०२३), ***हिउँमा परेका डोबहरू*** (कथासङ्ग्रह, २०३३); ***वटवृक्षको उद्घाटन*** (२०२५), ***मनसा*** (कवितासङ्ग्रह, २०२५); ***जनसाहित्य***को सम्पादन

**पुरस्कार/सम्मान** : नेपाल एकेडेमी पदक (२०२०), रत्नश्री स्वर्णपदक (२०२३), गोरखा दक्षिणबाहु (साहित्यसेवाका लागि, २०२६), सिद्धिचरण काव्य पुरस्कार (२०४८), महेन्द्र प्रज्ञा पुरस्कार (२०४८)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता आफैसँगको आवरणहीन मौन र मिहिन कुराकानी हो; जहाँ अनुभूति र प्रकृतिसँगको साक्षात्कारबाट जीवन अभिव्यक्त भइरहेको हुन्छ।

(स्रोत : डा. ज्ञानू पाण्डे, पोषण पाण्डेकी सुपुत्री)

**नजरमा आफै** : म समुद्रजस्तै उत्तप्त
नुनिलो पानी फ्याँकेर उर्लिरहेछु
......................
के कसैलाई थाहा छ?
म आफू आफ्नो घाउलाई आफैमा धुनुपर्दा
कति कष्टकर छु...? (साभार : ***मनसा***)

**सम्पादकको कलम** : नेपाली साहित्यवृत्तमा सशक्त यौनमनोवैज्ञानिक कथाकारका रूपमा सुपरिचित स्रष्टा पोषण पाण्डे झनै सशक्त कवि पनि हुन्। उनका कवितामा जीवनका अन्तरङ्ग तरङ्गहरू तरङ्गित हुन्छन्। विशेषत: व्यक्ति एवम् सामाजिक वृत्तका अनुत्तरित प्रवृत्तिहरूलाई जीवनानुभूति र प्रकृतिसँगको साक्षात्कारसहित समयसापेक्ष आवरणहीन मिहिन रूपमा अभिव्यक्ति गर्दै आस्तित्विक रङ्ग दिनु उनको काव्यधर्म एवम् मर्म परिलक्षित हुन्छ। उनका कविताहरू नै यस सत्यका लागि अझ प्रामाणिक अभिलेख हुन्।

●

*पोषण पाण्डे*

## सृष्टिको दियो

●

लडाइँ त देव–दानवको थियो
लडाइँ त समुद्र–मन्थनको थियो
लडाइँ त अमृत–हलाहलको थियो।

किन त्यो फिरन्ताले
जानाजान
हलाहलजति सप्पै आफैले पिउनुपरेको... ?

किन त्यो फिरन्ताले
डाह खप्न नसकी
पहाडको टुप्पा–टुप्पा भौँतारिनुपरेको... ?

किन उसले नाङ्गिनुपरेको
त्यतिका जवाहरातले जडेका
तासका पोसाकहरू छँदाछँदै पनि... ?

ल हेर–
अहिलेसम्म पनि मानिसहरू
उसको माथमा
घडाका घडा पानी चढाउँदै छन्–
"हरहर महादेव
हरहर..."

तर, के उसको डाह शान्त नहुन्जेल
सृष्टिको दियो बलिरहनेछ त ?

●

# दशरथको व्यथा

●

तिमीले हान्यौ हात्ती ठानेर
तर पऱ्यो ठहरै श्रवणकुमार
प्यासले छटपटाउँदै, छटपटाउँदै
उसका अन्धा बाबु र आमा
एउटै चितामा जले

त्यो चिताको लपलपाउँदो ज्वाला
त्यो त्यस्तै थ्यो
जस्तो कि
तिमीले कम्मरमा भिर्ने
ओजस्वी
तेजिलो तलवार

पापले छोडेन तिमीलाई पनि
पापले पोल्यो तिमीलाई पनि
रामलाई मिल्यो चौध वर्ष वनवास,
तिमीलाई 'हा राम! राम!!'

आगोले पोल्छ झ्वाट्टै
पोलेर खरानी पारिहाल्छ
पापले त पोलिरहन्छ
ज्युँदै पनि कता हो कता
पोली नै पोलिरहन्छ

हो, हानेको तिमीले होइन
हानेको हो भ्रम-राक्षसले
तर अचम्म!
श्रापबाट मुक्त राक्षस छ
श्रापबाट ग्रस्त तिमी

हो, जानाजान पाप हुँदैन
भ्रमले पाप उब्जाउँछ
त्यसैले त कहिलेकाहीँ
आफूले आफैलाई हेर्नुपर्छ
आफूले आफैलाई छाम्नुपर्छ

कहीँ भ्रम-राक्षसले आँखामा
जालो उनिदि' सकेको त छैन
कहीँ पाप भित्रभित्रै लुकेर
लिसोजस्तै टाँसिइसकेको त छैन...

हुन त, तिमी कहाँ पाप गर्छौ र
कसैले कहाँ पाप गर्छ र
त्यसैले त–
तिमीले हान्यौ हात्ती ठानेर
तर पऱ्यो ठहरै श्रवणकुमार
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : ध्रुवकृष्ण दीप

**नाम** : ध्रुवकृष्ण सिन्या श्रेष्ठ

**जन्ममिति/स्थान** : १९९० मङ्सिर १४, ललितपुर

**निधन** : २०६३ वैशाख ११, ललितपुर

**लेखनप्रारम्भ** : २०१७/१८ तिर

**प्रथम प्रकाशन** : *ताराहरूप्रति* (२०१९/२० तिर)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***घामछायाँ*** (गीतसङ्ग्रह, २०२८), ***आरम्भ आवाज : अन्त आवाज*** (२०३८), ***पत्नीको सङ्कल्प*** (कवितासङ्ग्रह, २०४४), ***भुक्तमान चालिसा*** (२०४४), ***बासी भात*** (२०३८), ***बत्तीस कुलच्छिन*** (भाग १ र २, हास्यव्यङ्ग्य कवितासङ्ग्रह), ***बालभोग, मनभोग*** (बालकवितासङ्ग्रह), ***भजनमञ्जरी*** (भजनसङ्ग्रह, २०४४), ***हाम्रो संस्कृति हाम्रो ढुकुटी*** (संस्कृति, २०५२); ***सङ्गम*** (द्वैमासिक) को सम्पादन

**पुरस्कार/सम्मान** : यात्रालेखन पुरस्कार (पर्यटन बोर्ड), नेवारी पत्रिका 'तिसा' द्वारा सम्मानित, महापाल टोल समितिद्वारा सम्मानित र अभिनन्दित (स्रोत : ज्ञानेन्द्र विवश)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवन भनेको आगो हो, आँसु हो अनि एक मुठी सास। त्यसैबाट निसास्सिएर निस्कने संवेदनशील अभिव्यक्ति नै मेरा कविता हुन्; जुन कविता मेरो मनको बह मात्र होइन, मेरो जीवनकै अभिव्यक्ति पनि हो। हुन त कविता भनेको कला र सौन्दर्यको रूप हो जहाँ जीवन र जगत्‌को विम्ब प्रकट भएको हुन्छ। (सन्दर्भस्रोत : ज्ञानेन्द्र विवश)

**नजरमा आफै** : मेरो जीवन– मृत्युले नपत्याएको एक मुठी श्वास;
मरो प्राप्ति– गधाले त्यागेको एक त्यान्द्रो घाँस;
मेरो प्रीत– गीतले नछोएको एक उच्छ्वास।
यी सबको सारांश :
एक बहुलाको बकवास।
बस, यत्तिकै छ–
मेरो परिचयको इतिहास।

**सम्पादकको कलम** : साहित्यमा वाद मात्र एउटा बर्बाद हो भन्ने मान्यता राख्ने स्रष्टा ध्रुवकृष्ण दीप गीतकार, भजनकार, हास्यव्यङ्ग्यकार, पत्रकार, सांस्कृतिक चिन्तकलगायत सुपरिचित कवि पनि हुन्। केही परिहासमय व्यङ्ग्यसहित सरल र सुबोध एवम् सुरुचिपूर्ण काव्यिक लयमा जीवनको सुरिलो तान भर्दै कवि दीप आफ्ना कवितामा जीवन्त मुस्कुराहट भर्छन्; मृत्युमा पनि फूलको विश्वासले सौन्दर्यको आह भर्छन् र यहींनेर उनी काव्यिक मोक्ष प्राप्त गर्दछन्।

●

*ध्रुवकृष्ण दीप*

## मृत्यु–सौन्दर्य

●

मानिसको मृत्यु पनि
सिर्जनाजस्तै सुन्दर हुन सक्छ
मात्र एउटा फूलको विश्वास
रोपिदिन सक्नुपर्छ हामीले यसमाथि

मृत्युमा पनि नीलकमल
फुल्न सक्छ सरासर।

देवताको स्वर्ग पनि त आखिर
मान्छेकै सपनाबाट सुरु हुन्छ
मात्र अलिकति
क्षितिज उठाइदिन सक्नुपर्छ हामीले

चन्द्र–सूर्य दुवै
हाम्रै आँखाबाट उदाउन सक्छन्।

मानिसको मृत्यु पनि
सिर्जनाजस्तै सुन्दर हुन सक्छ।
मात्र एउटा फूलको विश्वास
रोपिदिन सक्नुपर्छ हामीले यसमाथि।

●

## तोपको नालमाथि बसेको परेवा

●

फेरि पनि त्यो
हाम्रा नानीहरू खेल्ने चउरमा
निस्फिक्री गोला बर्साउन तेर्स्याइएको
कुनै पनि बेला पड्किन सक्ने
भीमकाय तोपको नालमाथि बसेर
एउटा निर्दोष–निमुखा परेवा–
अनभिज्ञ अथाह
अलिकति निद्रामा झैँ
अलिकति तन्द्रामा झैँ
प्वाँखभरि चुपचाप आफ्ना
आफूजस्तै कलिला सपनाहरू कन्याउँदै
एकतमास टोलाइरहेको छ

सायद यति बेला ऊ–
कुनै बारुद होइन, बुद्ध सोचिरहेछ
अथवा बन्दुकको नलीको सट्टा
बोधिवृक्षको तोडका सोचिरहेछ
अथवा ऊ आफ्नो पखेटाका लागि
अझै पनि एउटा गतिलो आकाश नपाएर
एउटा अर्कै आकाश सोचिरहेछ
अथवा हुन सक्छ ऊ–
युद्धले भताभुङ्गिएको बस्तीमा
कतै पिउने पानीपर्यन्त नपाएर
अलिकति आफ्नै आँसु सोचिरहेछ
अथवा हुन सक्छ, ऊ–
मामुली चरासम्म पनि नपाएर
वरिपरि कतै
अलिकति आफ्नै शरीर सोचिरहेछ

म ठोकेरै भन्न सक्छु
यो स्यानो सेतो चराले अहिले
कुनै पनि कालो सोचिरहेको छैन

एउटा उन्मुक्त जीवनबाहेक यसले
कसैको मृत्यु सोचिरहेको छैन
यो मायालु चराले यति बेला
अलिकति हरियाली र शान्तिबाहेक
कसैसित पनि युद्ध सोचिरहेको छैन।
●


## एउटा पेट बाँचिरहेछु

●
अचेल मलाई–
मेरा साथीहरूले समेत
चिन्न छोडिसकेका छन्;
चिनून् पनि कसरी!
अचेल म आफ्नो सिङ्गै टाउको
आफ्नै पेटभित्र कोचेर हिँड्छु :
कोही मलाई मुर्कट्टा भन्छन् त–
कोही जादुगर;
कसैसँग केही नभनी–
चुपचाप म घर फर्कन्छु।

हरेक रात म आफ्नो टाउको
पेटबाट बाहिर निकालेर हेर्छु :
टाउको ढाडिएर– गिलो बासी भातजस्तै
ठसठस्ती गनाइराखेको हुन्छ;
अनि म चुपचाप नाक थुनेर–
ढाडिएको टाउको पुछ्दै सुत्छु।

धेरै भो– जिन्दगी यस्तै काटिरहेछु;
टाउकाको नाममा केवल एउटा पेट बाँचिरहेछु।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : भीम विराग

**नाम** : भीमबहादुर महर्जन

**जन्ममिति/स्थान** : १९९१ माघ १५, माइस्थान, वीरगन्ज

**फोन** : ०५७-५२०५७४

**लेखनप्रारम्भ** : २००९/१० तिर

**प्रथम प्रकाशन** : २०११/१२ तिर (***उदय***, बनारस)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***दुखेको इन्द्रेनी*** (२०२३), ***अतृप्त स्पर्श*** (गीतसङ्ग्रह, २०४३), ***तातो सुस्केरा*** (२०३२), ***भीम विरागका कविता*** (कवितासङ्ग्रह, २०५४), ***आठटुक्रे बादल*** (कथासङ्ग्रह, २०२९), ***मोहभङ्ग*** (गीतामहाकाव्य, २०५९), ***अज्ञात आरम्भ*** (खण्डकाव्य, २०५६), ***भीम विरागका गीतगजल*** (२०५७), ***स्वरसम्राट्सँगका क्षणहरू*** (संस्मरण, २०५७); ***नारायणी*** (साप्ताहिक), ***बिगुल*** (साप्ताहिक) को सम्पादन

**पुरस्कार/सम्मान** : छिन्नलता गीत पुरस्कार (२०४३), ज्ञानपूर्ण पुरस्कार (२०५४), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), गोरखा दक्षिणबाहु चौथा (२०२७), नारायणी अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम पुरस्कार, मकवानपुर सङ्गीत प्रतिभा पुरस्कार (२०५५), नारायणी वाङ्मय पुरस्कार (२०५६), लेखनाथ राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "मानवीय अभिव्यक्तिको एउटा उत्कृष्ट माध्यम हो। ऊ जुन समाजमा हुन्छ, उसको कविता त्यही समाजको अनुहार पनि हो।"

**नजरमा आफैं** : एकान्त मन पराउने अन्तर्मुखी स्वभावको सादा जीवनसहितको एक कलासाधक; जो आफ्ना घाइते उद्वेगहरूबाट अभिव्यक्तितर्फ उन्मुख भएको, कुनै ठूलो आकाङ्क्षा नभएको सामान्य व्यक्ति।

**सम्पादकको कलम** : कवि एवम् गीतकार भीम विराग मानवीय सूक्ष्म संवेदनहरूलाई गद्यात्मक लयको सौन्दर्यसहित आफ्ना कवितामा विम्बाङ्कन गर्छन्। मूलतः प्रेमप्रणय र तज्जन्य विरह-व्यथा, हर्ष-विषाद एवम् राष्ट्रियता तथा क्षयीकृत मानवीय मूल्यसम्बद्ध गहन अनुभूतिहरू विरागीय कविताका प्राणवत्ता हुन्।

●

*भीम विराग*

# आफूलाई खोज्दा हराएकाहरू

●

जोगिनु जीवन हो
मासिनु मृत्यु
जन्म–मृत्युका दुई किनाराबीच
जीवन बगिरहेको छ
हरेक पलसँग सम्झौता गर्दै
परिस्थितिलाई पछार्दै
आफू पछारिँदै
उठ्दै, खस्दै
जिन्दगी बाँचिरहेछ समयको दयामा
उँभो लाग्न बल चाहिन्छ
खस्नलाई चाहिँदो रहेनछ सहयोग कसैको
आकाशमा जून–तारा हुन्छन्
आ–आफ्नै संसारभित्र
आ–आफ्नै व्यथाहरूबीच
कसैलाई झर्न नपाउने व्यथा
कसैलाई झर्नुपर्ने नियत
कस्तो विडम्बनापूर्ण जिन्दगी
अनुहारमा आँखाहरू हुनु अपरिहार्यझैँ
प्रत्येक छातीभित्र
एउटा अनिवार्य मुटु पनि हुन्छ
ढुङ्गैढुङ्गाद्वारा निर्मित पहाड मात्र हुन सक्छ
मान्छे ढुङ्गा हो, न पहाड
नाटक गर्दैमा कोही पनि पहाड हुन सक्दैन
पानी–पानी छ समुद्रभरि
समुद्र डुब्दैन किन कहिल्यै पनि

तापैताप छ सूर्यभरि
किन सूर्य डढ्दैन कहिल्यै
जिन्दगीदेखि सायद भागिरहेछ जिन्दगी
घटनाहरूको तालमा डुबुल्किँदै
दुर्घटनाका छालहरूलाई छल्दै
हूलका हूल मृत्युहरू दौडिरहेको सडकमा
साङ्केतिक बन्दी भएर बाँचिरहेछ जिन्दगी
पाइतालाले कति डोबहरू छोडिसकेर पनि
रित्तिँदैन पाइतालाहरू
रित्तिने दुर्भाग्य मान्छेले मात्र बोक्नुपर्ने हुन्छ
पानीको थोपा पानीमै बिलाएजस्तै
मान्छेको हूलमा मान्छे डराइरहेछ
कसले खोज्ने कसलाई
स्वयम् आफू हराएको ठाउँमा
आफ्नै पहिचान भत्केको गाउँमा
?...।
●

## शङ्कालु आँखाहरू

●
जिन्दगीका घुम्तीहरूमा
समयले साथ दिएन भने दुर्घटना हुन सक्छ
आँखाहरू शङ्कालु हुन सक्छन्
केही सपनाहरू
केही बिपनाहरूबाहेक
मान्छेहरूसँग हुन्छ नै के?
सपनालाई देख्ने
बिपनालाई भोग्ने
अधिकार सुरक्षित छ सबैमा
ती सपनाहरू बाँडचुँड गर्छ मान्छे
ती बिपनाहरू पनि भागबन्डा गर्छ मान्छे
काँचो सूर्यसँगै उदाएर
पाकेको सूर्यसँगै अस्ताउँछ मान्छे


टुकीजस्तै जलेर
आफू अँध्यारो हुन्छ मान्छे
अरूकै लागि बाँचेका मान्छेहरू
आफ्नै घुम्तीको दुर्घटनाभित्र मर्नुपर्छ
आफ्नै परिवेशले थिचिएर छोपिनुपर्छ
यसरी मान्छे सहाय पनि छ
मान्छे यसरी असहाय पनि छ
●

## परिक्रमा

●
पूर्व उदाउँछ
पश्चिम अस्ताउँछ
झोक्रेको साँझपछि
रात निदाउँछ।

अनि ताक पारी बसेका सम्झनाहरू
मुटु कोटचाउँछन्
ओल्टाउँछन्, पल्टाउँछन्
रात छर्लङ्ग पार्छन्।
अनि पछि फेरि...
पूर्व उदाउँछ
पश्चिम अस्ताउँछ
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : हरिभक्त कटुवाल

**नाम** : हुमबहादुर कटुवाल

**जन्ममिति/स्थान** : १९९२ असार १८, असम, भारत

**निधन** : २०३७ भदौ २५

**लेखनप्रारम्भ** : २०१३ तिर

**प्रथम प्रकाशन** : –

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***यो जिन्दगी खै के जिन्दगी, पूर्वकिरण, भित्री मान्छे बोल्न खोज्छ*** (कवितासङ्ग्रह), ***बदनाम मेरा आँखाहरू*** (कविता र गीतसङ्ग्रह), ***सुधा*** (खण्डकाव्य), ***स्पष्टीकरण, ऐतिहासिक कथासङ्ग्रह*** (कथासङ्ग्रह), ***सम्झना*** (गीतसङ्ग्रह), ***म मरेको छैन*** (नाटक); ***अभिव्यक्ति, बान्की, मुक्ति, हिमालय, प्रज्ञा, हिमानी, सङ्गीतसरिता***को सम्पादन; ***चरित्रपाठ***को अनुवाद

**पुरस्कार/सम्मान** : रोयल नेपाल एकेडेमी पदक र सम्मान (२०२०), सर्वश्रेष्ठ कविताका लागि स्वर्ण पदक (२०२४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ। जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई समात्ने प्रयास मात्र गरेको छु जो कतै बारुद गनाएका छन् त कतै फूल मगमगाएका छन्। (साभार : ***यो जिन्दगी खै के जिन्दगी***को भूमिका)

**नजरमा आफैं** : म
चैतको एउटा हुरी मात्र
बस, त्यत्ति
बिजुलीको
एउटा चम्काइमा
त्यत्ति! (साभार : *म*)

**सम्पादकको कलम** : मानवसभ्यताकै विशिष्ट अस्तित्व कहिले चित्रकलामा, कहिले सङ्गीतकलामा, कहिले शब्दकलामा रमाउने स्रष्टा हरिभक्त कटुवाल आधुनिक नेपाली कविताजगत्का निकै ख्याति कमाएका चर्चित कवि हुन्। गेयगुणसहित सौन्दर्यचेतना, समयचेतना र जीवनचेतनाको उत्कर्षमा सिर्जित उनका कविताहरू निराशाका बाछिटासहित जीवनप्रतिको आस्था र जातीय गौरवका गर्बिला स्वर हुन् र सरलता एवम् मृदुलता उनका कविताका धडकन हुन्।

●

*हरिभक्त कटुवाल*

## यो जिन्दगी खै के जिन्दगी!

●

यो जिन्दगी खै के जिन्दगी!
भित्रभित्रै खोक्रिएर बाहिर–बाहिर बाँचेको
एटमको त्रासले चुसेको
समस्याको भूतले सताएको
यो जिन्दगी खै के जिन्दगी!
बन्दुकको नालमा टाउका राखेर निदाउनुपर्छ यहाँ
खुकुरीको धारमा पाइला टेकेर जिउनुपर्छ यहाँ
आँखा चिम्लन पनि जगजगी
आँखा उघार्न पनि जगजगी
यो जिन्दगी खै के जिन्दगी!
पसलमा सोकेसभित्र सजाइराखेको
काँचको चुरोजस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दाचढ्दै–
प्याट्ट फुट्न सक्छ यो जिन्दगी!
रबरका सस्ता चप्पलजस्तै यो जिन्दगी
बाटामा हिँड्दाहिँड्दै–
च्याट्ट टुट्न सक्छ यो जिन्दगी!
यो जिन्दगी खै के जिन्दगी!!

●

# मन त फलामकै भए असल हुन्छ

●

मन त फलामकै भए असल हुन्छ
न घात-प्रतिघातमा रुन्छ,
न सयपत्री र बाबरीले बाटो थुन्छ
मन त फलामकै भए असल हुन्छ
कसैले चिमोटच्यो
एक कप्टेरो त्यतै टाँसियो,
कसैले एउटा मुस्कान फ्याँक्यो
उसैको पछ्यौरीमा गाँसियो;
जहिले पनि जलेकै छ,
जता पनि ढलेकै छ,
मनको बह कसैसित नकह
कसले बुझ्छ, कसले सुन्छ?
मन त फलामकै भए असल हुन्छ!
वसन्तमा वन फुल्यो–
मन उतै भुल्यो,
बैँसले जाऊँ है भन्न लाग्यो–
पीर झन् ठूलो;
आकाश देख्यो आकाशजत्रै
बतास चल्यो बतासजस्तै,
नौनीजस्तो मेरो मनलाई
जसले पायो उसले छुन्छ;
त्यसैले पनि–
मन त फलामकै भए असल हुन्छ!

●

# म कवि

●

आफैलाई खोजिरहनुको उत्सुकताको पछि
गुमाउँदै जानुको चिसो विवशताले पीडित मेरो मुटु
खै, आज कविता सोच्नै मान्दैन,
सायद त्यसैले होला सुनगाभा!
तिम्रो मुस्कानभन्दा मेरा आँखामा यसबेला
ती वृद्ध सज्जनको मलिन अनुहार खेलिरहेछ
जो घण्टौँ एउटा लामो क्यूमा उभिएर पनि हिजो साँझ
मट्टितेलको रित्तो भाँडो हल्लाउँदै घर फर्किरहेका थिए,
जाती हुन्थ्यो बरु म कवि नभएर
त्यही रित्तो भाँडोभरि मट्टितेल हुन सकेको भए,
मेरो देशको एउटा घरमा एक रात एक छाक बल्न सक्थेँ
एउटा वृद्धको खिन्न अनुहार केही क्षण उज्यालो पार्न सक्थेँ
तर सुनगाभा!
मेरो देशको कुनै समस्या पनि टार्न नसक्ने म कवि भएँ
– जो तिम्रै मुस्कानमा मात्र अल्झिरह्यो।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : दुर्गालाल श्रेष्ठ

**नाम** : दुर्गालाल श्रेष्ठ

**जन्ममिति/स्थान** : १९९२ श्रावण कृष्ण एकादशी

**फोन** : ०१-४२५७७७९

**लेखनप्रारम्भ** : २००६/०७ तिर

**प्रथम प्रकाशन** : *दुई थोपा* (***सुस्केरा***, २००९)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***निमन्त्रणा*** (गीतिनाटक), ***इच्छाको सिमाना*** (बालखण्डकाव्य), ***तपक***, ***फूल तिम्रै बारीको***, ***किरमिरे धर्साहरू*** (कवितासङ्ग्रह), ***कागजको डुङ्गा*** (बालगीतसङ्ग्रह), ***चिरबिरी*** (बालकवितासङ्ग्रह), ***अन्तर्भाव*** (प्रेमका कविता, अङ्ग्रेजीमा अनुवादसहित) लगायत नेवारी भाषाका कृतिसमेत दुई दर्जनभन्दा बढी

**पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (२०१७ र २०४६), मूर्तिमान सिरपा (२०५२), नरोत्तमदास-इन्दिरा पुरस्कार (२०५८), अभियान पुरस्कार (२०५८), नूर-गङ्गा पुरस्कार, राष्ट्रिय बालसाहित्य पुरस्कार (२०५९), नेपाल भाषा परिषद्द्वारा 'जनकवि' उपाधि (२०६०), उत्कृष्ट निर्देशन पदक, जी. ए. ए., उत्कृष्ट नाटकलेखन पदक (२०४८), मानार्थ सदस्य (नेपाल प्रज्ञा-प्रतिष्ठान, २०४८), नेवा: हना सिरपा सक्व (२०५२), हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार (२०६३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : संवेदनासँग ठोक्किएर तप्किने हृदयको तरलता; जो अनायासै फुर्छ र त्यही कविता मेरो, मै भइदिन्छ।

**नजरमा आफै** : हेर्दा देखिने हेर्दाहेर्दै हराउँछ पनि। त्यही हो, जसलाई म 'म' भन्छु। हरेक म बिस्तारै मबाट हराउँदै गइरहेको आभास आजभोलि म बेसी पाउँछु। आफू हराउनुको चाल जब म महसुस गर्छु, हृदय द्रवीभूत हुन्छ। मलाई लाग्छ, त्यो मेरो परमानन्द हो।

**सम्पादकको कलम** : नेपालीलगायत नेवारी भाषामा समेत उत्कृष्ट काव्य सिर्जना गर्ने प्रतिभासम्पन्न प्रगतिशील कवि दुर्गालाल श्रेष्ठ सफल गीतकार पनि हुन्। उनी आफ्ना कविताहरूमा अनुप्रासीयताको आड लिएर लयमाधुर्य सिर्जना गर्छन्। जातीय एवम् राष्ट्रिय स्वाभिमानमा प्रतिबद्ध कवि दुर्गालाल प्रकृतिसम्बद्ध दार्शनिक लेखनमा समाजोपयोगी साहचर्यको भावसहित प्रेम र मानवताको वकालत पनि गर्छन्।

●

*दुर्गालाल श्रेष्ठ*

# यो घडी

●

ठाडो तीरको टुप्पोमाथि टेकिरहेको छु,
दुख्छ, धेरै-धेरै दुख्छ
तर सहिरहेको छु, सहन सकिरहेको छु।

जहाँबाट
जति पनि मेरा आफ्नाहरू छन्
तीमध्ये
को-को छोरा र को-को अरूका घोडा हुन्
छर्लङ्ग देखिरहेको छु, देख्न सकिरहेको छु
ठाडो तीरको टुप्पोमाथि टेकिरहेको छु
दुख्छ, धेरै-धेरै दुख्छ
तर सहिरहेको छु, सहन सकिरहेको छु।

यो घडी
आह! यो प्राञ्जल पीडा
हो, यही हो मेरो हुनु!
नखलबल्याइदिए हुन्थ्यो, बिन्ती!
अहिले म, मलाई नै पाइरहेको छु
म, मलाई नै सुमसुम्याइरहेको छु
ठाडो तीरको टुप्पोमाथि टेकिरहेको छु
दुख्छ, धेरै-धेरै दुख्छ
तर सहिरहेको छु, सहन सकिरहेको छु।

●

# दुई थोपा

●

थोपा...
तिमी पनि थोपा
म पनि थोपा
जर्जर माटोमा
कमलको पातबाट तप्किएका हामी
पानीका दुई थोपा

तिम्रो इच्छा
मेरो पनि इच्छा
समुद्र हैन कि
दुई थोपाको
मात्र एक धर्सो बन्ने इच्छा

म आउँछु
तिमी पनि आइदेऊ यता
आउँदाआउँदै धर्सो बन्न नसके
नबनुँला के भो र!

सुकेर जाला; गए जाओस्
तलको सट्टा माथि
धर्सोको ढिको होला
फरक अर्को के नै होला र!

●

# अन्तर्भाव–६

●

प्रेमको उत्कर्ष
त्यही एउटा मात्र त्यस्तो ठाउँ,
जहाँ पुग्दा
जतिबिघ्न क्रूरलाई पनि
मानिस बन्ने अवसर मिल्छ
एक निमेष।

●

# दुर्दिनको यौटा दृश्य


●

रात गयो,
बिहान आउला,
के-के न गरूँ झैँ कत्रो आस!
तर खै?...
न मिर्मिर, न चिर्बिर
न गतिमा गति छ
न जीवनमै जीवन;
विरक्तिको बर्कोभित्र,
चिहानी सन्नझैँ
चुपचाप छ वातावरण!

घरी-घरी भित्र असह्य शूलको चस्को दिँदै
मृत्युको हातझैँ रिङ्दै छ
चिसो-चिसो बतास;
बिहानी मरेको बिहानलाई
एकटकले नियाल्दै छ
विह्वल हुँदै अनायास;
निःशब्द सिमसिमे कोठामा
ओर्लिरहेछ आकाश!
जीउभरि आँखैआँखा
ट्वाल्ल उघारी एकतमास
आँसु र हाँसोको सङ्गीतमय
बिम्झाइको विम्बजस्तै
ठडिइरहेछ प्रत्येक घाँस!
निराश-निराशको तुवाँलोमा
पलाउँदै छिटफुट आस
आँधी कुरेझैँ अडिग/अचल
गुम्म-गुम्म परिवेश;
यो क्षण म देख्दै छु
प्रकृतिको क्यानभासमा
सिङ्गो मेरो देश!

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : द्वारिका श्रेष्ठ

**नाम** : द्वारिकाप्रसाद श्रेष्ठ

**जन्ममिति/स्थान** : १९९२ भदौ, बन्दीपुर, तनहूँ

**फोन** : ०१-४४१४४९१

**इमेल** : info@chitwanjunglelodge.com

**लेखनप्रारम्भ** : कलेज जीवनदेखि

**प्रथम प्रकाशन** : २०१२/१३ तिर

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***शीतको थोपा*** (२०१५), ***द्वारिका श्रेष्ठका कविता*** (कवितासङ्ग्रह, २०३४)

**पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : आफूलाई चिन्ने र स्वयम्तिर फर्कने प्रयासमा नितान्त वैयक्तिक अभिव्यञ्जनाको आत्मरति।

**नजरमा आफै** : मानसिक रूपमा एकाकी– अन्तर्विरोध र विसङ्गतिको सञ्जालमा...।

**सम्पादकको कलम** : 'जीवन एउटा प्रयोग हो' भन्ने दृष्टिका साथ नेपाली कवितासाहित्यमा अत्यन्त बलियो हस्तक्षेपसहित प्रवेश गरेका प्रयोगवादी धारका मानक एवम् एक सशक्त हस्ताक्षरको नाम हो– कवि द्वारिका श्रेष्ठ। जिन्दगी योजनाबद्धभन्दा बढी 'अन द स्पट' बाँचिन्छ भन्ने र कवितामा विद्रोह एवम् अराजकता मन पराउने कवि श्रेष्ठका कविताहरू जीवनका विसङ्गत सत्यका सुरुचिपूर्ण र कलात्मक अभिलेख हुन्। अमूर्ततामा प्रकाश्य आफ्ना कवितामा रहरलाग्दो विम्बसंयोजनसहित जीवनलाई आस्तित्विक रङ्ग दिनु उनको काव्यिक निजत्व हो।

●

*द्वारिका श्रेष्ठ*

## आफू–आफूबाट

●

फुकाल्न हुन्न यो आफूलाई आफ्नो कोटझैँ
केही विश्रान्ति र धूलोबाट मुक्त हुन
टाटैटाटा डोबहरू आफ्ना, अरूका
हातखुट्टा र अनुहारहरूका।
उघार्न हुन्न न त आफ्ना लुगाका सिउनीहरूलाई झैँ
कि सोचूँ नयाँ सिर्जनाको नयाँ खाका
कि सोधूँ पुरानो सिर्जनाको सीमाबद्धता।
धूलो उड्छ– उड्छ आफ्नै टेकेकोबाट
डोब र अनुहारहरू उत्रिएर आउँछन् आफ्नो परिचयबाट
र सीमाको बद्धता हुन्छ आफ्नै थकाइबाट।
हराउने? खै, कहाँ हराउने र?–
परिचयले ढाकिएको यस बस्तीमा
अनुहार उत्रिएको यस ठाउँमा।
हाम्रो निद्रा कति पातला
खप्टै खप्टचाउँछु निद्रा दिएर
एकपछि अर्को क्षणमा
र एकपछि अर्को रातमा।
यो माकुराको जाल
कति पातलो, कति सुन्दर
चिच्याउनु हुन्न, न त सारो कराउनु हुन्छ
चुँडिन्छ यो मन मनैभित्र
कुरुपिन्छ यो मन मनैभित्र
यो मन कस्तो?
उफ्! कसरी खजमजाउन सक्छ
आफ्ना सन्तोषका सतहलाई
आफ्ना सीमाका साँधलाई

सन्तोष जो रोपिएन एउटै ठाउँमा
र जो लिएन एउटै रूप
इच्छा जो बढ्यो माछाझैँ
ठूलो-ठूलो हुँदै सानो माछा खाँदै
सीमा जो तरङ्गिइरहन्छ बेर्दै-बेर्दै माछालाई
बेर्दै-बेर्दै सम्पूर्ण पोखरीलाई।
यस आकाशभरिको प्रकाशको विकिरण
मेरो आँखा मानौँ एउटा पोखरी
म अङ्गीकार गरिरहेछु
मात्र लट्ठिन थकाइबाट, आफ्नो अनुहारबाट
सूर्यको उदाउनु र अस्ताउनु
मात्र बिउँझनु र सुत्नु
रेखाबद्धता सीमाको
जो बाँध्न सकिएन यी पाखुरा र पिडौँलामा,
बिउँझनुको एउटा विवशता
जस्तो हिँड्नुको एउटा अतिक्रमणता
आफ्ना सीमाबद्धताहरूमा
जन्मनुको सीमाबद्धता
वर्षौं-वर्षौं साँध-सीमा लगाउँछ।
मौन र स्थिरता एउटा मृत्यु
हामी मात्र एउटा बीज
जो फस्टियो अनेक हाँगा र उपशाखामा
हाम्रो सुस्केराहरूका माझमा
हामी एक्ला बीज
उभिइरहेछौँ सम्भ्रममा आफ्नै रूखको छहारीमा
आफ्ना इच्छाका छायाहरूमा।
यो बुद्धको बोधिवृक्ष र यो बुद्धको निर्वासन।
●

# मेरो पौरुषता

●

मलाई शङ्का छ
यो वायुमण्डलमा
मेरी आमाको श्वास
अझै कतै
रुमल्लिएको छ,
अहिले यसैले म सम्झन्छु–
'उनको' श्वासमा म बोकिन्छु,
अनि मेरो
पहरो व्यक्तित्वमा
उनले जोत्छिन्
लाख–लाख बीउको
थरी–थरी
बेचबिखन गर्छिन्
कति गहिरो श्वास
उनी सुसाउँछिन्
बाँझो मेरो पहरोमा
पसिनाले धोएको कथा छ,
पत्थरजस्ता
मेरा दुई आँखा फुटेर
आज भल बगेर जान्छ;
मलाई नपत्याए
तिम्रा साम्
कति–कति
फालीले कोपेसरिका पहरा छन्
हेर्नु कति–कति
कसरी रसाएका छन्,
तर मानिसले यति सम्झून्–
यो आमा–स्त्रीको पौरुषता हो!
यो छोरो–पुरुषको कायरता हो!!

●

# कविसन्दर्भ



**साहित्यिक नाम** : भूपि शेरचन/भूपेन्द्रमान 'सर्वहारा'

**नाम** : भूपेन्द्रमान शेरचन

**जन्ममिति/स्थान** : १९९२ पुस, थाक-टुकुचे, मुस्ताङ

**निधन** : २०४६ जेठ १, काठमाडौँ

**लेखन** : २००६ तिर (तेह्र-चौध वर्षको उमेरदेखि)

**प्रथम प्रकाशन** : *नयाँ झ्याउरे* (गीतिकविता, २०११)

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***परिवर्तन*** (नाटक, २०१०), ***नयाँ झ्याउरे*** (गीतिकवितासङ्ग्रह, २०११), ***निर्झर*** (२०१५), ***घुम्ने मेचमाथि अन्धो मान्छे*** (२०२५), ***भूपि शेरचनका कविता*** (कवितासङ्ग्रह); ***कविता*** (कविताप्रधान त्रैमासिक), ***प्रज्ञा*** (त्रैमासिक) को सम्पादन

**पुरस्कार/सम्मान** : साझा पुरस्कार (***घुम्ने मेचमाथि अन्धो मान्छे***, २०२६), गोरखा दक्षिणबाहु (२०४२)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : "जसरी हिमाल पग्लँदा निर्मल खोलानालाको जन्म हुन्छ त्यसरी नै कवि पग्लँदा कविताको जन्म हुन्छ।" (साभार : घटराज भट्टराईद्वारा सम्पादित ***नेपाली लेखककोश***)

"पुरानो कविता मल्लयुद्ध हो र आधुनिक कविता युयुत्सुको खेल।... जीवन निर्वाह गर्न लेखन व्यवसाय नभइदिएकाले मेरो मात्र होइन, प्रत्येक लेखकको बाधा यही भइदिएको छ।... प्रगतिशीलवादमा विश्वास राख्ने भए पनि म त यो चाहन्छु, साहित्यबाट जनहित होस् तर जनहितबाट साहित्य उत्पन्न नहोस्।... छन्द कृत्रिमता हो, अतः मानवको रोदन र हाँसोलाई शृङ्खलाबद्ध गराउन खोज्नु झन् पूर्ण कृत्रिमता हो जस्तो लाग्छ।"

(साभार : ***स्रष्टा र साहित्य***)

**नजरमा आफै** : केही लेख्छन्; यसो हेर्छन्
चित्त बुझ्दैन; अनि केर्छन्
पुनः लेख्छन्; पुनः हेर्छन्
लामो सास फेर्छन्
कठैबरा, बिचरा
'भूपि' शेरचन! (साभार : *व्यङ्ग्यात्मक सेल्फ पोर्ट्रेट*)

**सम्पादकको कलम** : आफ्नो समकालीन पुस्तामा रिमालपछिका सबैभन्दा बढी चर्चित र लोकप्रिय गद्यकवि भूपि शेरचन मूलतः जनपक्षीय साहित्यमा विश्वास राख्ने प्रगतिवादी धारका सशक्त हस्ताक्षर हुन्। कवितामा सौन्दर्यचेतना, लयचेतना, व्यङ्ग्यचेतना र युगचेतना उनका विशेष कवित्व-पहिचान हुन् भन्न सकिन्छ।

●

*भूपि शेरचन*

## मैनबत्तीको शिखा

●

शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको।
मानौँ,
प्रथम रजस्वलापछि
स्नान गरेर
शारदीय घाममा
आफ्नो कौमार्य छरेर
थकित–थकितझैँ
चकित–चकितझैँ
एक्लै–एक्लै मुस्काइरहेको
अनुहार हो यो कुनै
सुन्दरी नवयुवतीको।
शुभ्र, शान्त, स्निग्ध
शिखा मैनबत्तीको।

आँखाभरि वेदनाको पानी
तर, हर्षले हाँसिरहेछ आँखाको नानी
मानौँ, अप्रेसनपछि
होसमा आएर
घोर पीडामा पनि
शिर अलिक उठाएर
नवजात शिशुलाई नियालिरहेको
सन्तुष्ट आँखा हो यो
कुनै पुत्रवतीको।
शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको।

एकातिर धप्प–धप्प
बलिरहेछ अनुहार
अर्कातिर तप्प–तप्प ढलिरहेछ अश्रुधार
मानौँ, यो कुनै विधवाको
त्यो क्षणको अनुहार हो
जबकि उसलाई आएछ याद
एकसाथ
सुहागरात र स्वर्गीय पतिको।
शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको।
●

## सधैँ–सधैँ मेरो सपनामा

●
सधैँ–सधैँ मेरो सपनामा
असङ्ख्य युवती आमाहरू
मेरा अगाडि आउँछन्
र बहुलाईझैँ
'अब मेरो दूधको कुनै मूल्य छैन
अब मेरो मातृत्वको कुनै अर्थ छैन–'
भन्ने गीत गाउँछन्
र मलाई देखाई–देखाईकन
सुँगुरका भद्दा गन्धा बच्चाहरूलाई झैँ
आफ्नो अतिशय दूधले गानिएको स्तन चुसाउँछन्
अनि एक्कासि
छाती पिट्दै, कपाल लुछ्दै
मसँग आफ्ना हराएका छोराहरू माग्न थाल्छन्

सधैँ–सधैँ मेरो सपनामा
असङ्ख्य जीवनद्वारा लत्याइएका
र मृत्युद्वारा नपत्याइएका
जीर्ण तन वृद्धहरू
र विदीर्ण मन वृद्धाहरू
मेरा अगाडि आएर लम्पसार पर्छन्

र मसँग आफ्नो अथाह भविष्यको सूत्र माग्छन्
आफ्नो हराएको एकमात्र पुत्र माग्छन्

सधैँ-सधैँ मेरो सपनामा
असङ्ख्य युवती विधवाहरू मेरा अगाडि आएर
आफूलाई सम्पूर्ण रूपमा नङ्ग्याउँछन्
र आफ्नो हिउँजस्तो कोमल तनमा
दुनियाँका कामुक आँखाले पोलेको
काला-काला डामहरू देखाउँछन्
र मसँग आफ्नो जीवनको सहारा माग्छन्
मसँग आफ्नो यात्राको किनारा माग्छन्

सधैँ-सधैँ मेरो सपनामा
क्षयका कीटाणु बोकेका असङ्ख्य टुहुरा केटाकेटीहरू
मेरा अगाडि आउँछन्
मसँग स्कुलको फिस
पुस्तक किन्ने पैसा
क्रिकेटको ब्याट
र पिताको चुम्बन माग्छन्
र माग्छन्
सुरक्षा र मीठो निद्राले भरिएको रात

यसरी नै सधैँ-सधैँ मेरो सपनामा
मलायाका असङ्ख्य-असङ्ख्य मानिसहरूको
आँसुको एक ठूलो सागर बन्छ
जसको प्रत्येक लहरमा
एक लास माथि उठ्छ
एक लास तल डुब्छ
तर डुब्नुभन्दा अगाडि मलाई
प्रत्येक लासले घृणाले हेर्छ
आह, मेरो सपनामा मलाई
मेरो बिपनाको इतिहासले घृणा गर्छ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : उपेन्द्र श्रेष्ठ

**नाम** : उपेन्द्र श्रेष्ठ

**जन्ममिति/स्थान** : १९९२ माघ २०, चिसापानीगढी, मकवानपुर

**फोन** : ०१-४२७४०५९

**लेखनप्रारम्भ** : २००९/१० तिर

**प्रथम प्रकाशन** : २०११ तिर (***उदय,*** बनारस)

**राष्ट्रिय स्तरमा** : २०१६ (***रूपरेखा***)

**कृति** : ***निम्तो*** (२०१७), ***पञ्चायत*** (२०२४), ***उपेन्द्र श्रेष्ठका कविता*** (२०३९), ***अस्वीकृत*** (२०५६), ***दासले मसँग मुक्ति मागेको छ*** (२०५९), ***नाङ्गो अक्षर*** (कवितासङ्ग्रह, २०६५); ***शिलान्यास*** (साहित्यिक पत्रिका) को सम्पादन

**पुरस्कार/सम्मान** : युगकवि सिद्धिचरण काव्य पुरस्कार, हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार, चितवन वाङ्मय प्रतिष्ठानबाट सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता भन्नु नै जीवन हो। कतिपय कुराहरू त शब्दद्वारा पनि व्यक्त गर्न सकिँदैन, तर पनि जीवनका सारा भोगाइ, संवेदना र दृष्टिकोण कविताबाटै व्यक्त गर्ने प्रयास गरिरहेछु।"

**नजरमा आफै** : नेपाल र नेपाली भएर बुद्धभित्र बाँच्ने खोज्ने तर विस्थापित बुद्धझैँ आफ्नै इतिहास, सभ्यता र संस्कृतिहरूसँगै अवमूल्यन हुँदै कतै जीवनको किनारा भेट्टाउन नसकेको पीडा र व्यथा हुँ म।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको उठानकालको कविपुस्तामा देखा परेका समकालीन कविहरूमध्ये आजपर्यन्त साधनारत कवि उपेन्द्र श्रेष्ठ केही प्रयोगधर्मी चेतसहित व्यङ्ग्य र विद्रोहको काव्यिक मूर्च्छनामा मूलतः सामाजिक विसङ्गतिपूर्ण मानवीय मूल्यक्षरणयुक्त यथार्थीय प्राणवत्ता भर्छन्। सरल विम्ब र प्रतीकको मधुर समायोजनमा भावोद्वेगलाई ससङ्गीत प्रवाहित गर्नु उपेन्द्रीय कवित्वचेत हो भन्न सकिन्छ।

●

*उपेन्द्र श्रेष्ठ*

## श्री घः विहारको विम्ब म!

●

प्रुफरिडरले
सच्याउन बिर्सेको
म एउटा विम्ब
विक्षिप्त भएर बाँचेको छु
निर्वासित भएर।

विद्रोहमा जन्मेको
कैयन् युग र वर्ष बितिसक्दा पनि
म अज्ञान र अन्धकारमा छु
स्वयम्भित्र
हृदय हराएर।

यो शताब्दी र घाइते मानिसझैँ
म घाइते छु
अहिंसा भएर पनि
हिंसा र हत्यामा थिच्चेको छु
आत्मश्लाघा भोगेर
एउटा म असफलता
म हिंडेको छु निरन्तर
यो परिवेशभित्र
थुप्रै पराजय बोकेर।

सत्य र अहिंसाको
म प्रतीक
बाँच्ने क्रममा
यो पौःभा र थान्कामा
मेरो अर्थ
र अस्तित्व खोजेको छु।

थुप्रै पाप र अपराधमा बाँचेको
त्यो इतिहासझैँ पराजय बोकेर
म बाँचेको छु ध्यानमग्न बूढोझैँ
दिशाहीन भएर
श्री घः विहारको विम्ब म!
●

## तिमी आकाशभरिको घाम म घैँटोभरिको रात

●

तिमी आकाशभरिको घाम, म घैँटोभरिको रात
सल्काइदेऊ
मसँगै रगतको सिर्कालै कोरिएका ती कागजका पाताहरू
नब्युँझिऊन् यी राता अक्षरबाट मरेका
साँपहरू फेरि हाम्रो वर्तमानसित
नजन्मोस् ती सालिकहरूबाट फेरि अर्को जङ्गबहादुर
पुरिदेऊ चिहानमा विगत इतिहासका काला अक्षरहरू
नत्र दोहोरिनेछन् विगत इतिहासमा झैँ हाम्रो इतिहासमा
उही घटना र पात्रहरू।


म उभिएको छु
यी हाम्रा अग्ला-अग्ला पहाडसित
म हिंडेको छु
यी हाम्रा खोलानालाको गीतसित
त्यो ब्रह्म-पासोले रोक्न नखोज मेरो उर्लंदो भेललाई
ओर्लिन देऊ ओरालो लागेको घामलाई झैँ मलाई

म फैलिन चाहन्छु चारैतिर विश्वको साम्राज्यमाथि
माउन्ट फुजीको ज्वाला भएर।

तिमी
आकाशभरिको घाम, म घैँटोभरिको रात
तिमी आकाशभरिको घाम, म घैँटोभरिको रात!!
हेर, उः चीलले झम्टा मार्छ
कुखुराको चल्लालाई तिम्रै उपस्थितिमा
लखेट्छ बाजले उः परेवालाई
झैँ अर्धनिद्राले मेरो वर्तमानलाई
लौ, खोस्यो स्यालले बराजुको चिहानलाई
थिचेका छन् माटोले ढुङ्गालाई
ढुङ्गाले माटोलाई झैँ मान्छेले मान्छेलाई
उभिएका छन् है मान्छेका लासमाथि
मान्छेका ताजमहल र कुतुबमिनार।

म घैँटोभरिको रात
कुखुराको आवाजले म बिउँझिसकेको छु
र देखिसकेँ मैले अब आकाशभरिको घाम
मुर्चुङ्गाको आवाजसँगै सलबलाउँछ ओठ मेरो
म भन्छु
ती पोलिएका इँट र कुँदिएका ढुङ्गाले
भन्नुपर्छ अब अदालतमा सम्पूर्ण यथार्थ कुरा
तिमी आकाशभरिको घाम
भन कति बाँचूँ म घैँटोभरिको रात भएर?
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : वासु शशी

**नाम** : वासुदेव वैद्य

**जन्ममिति/स्थान** : १९९२ फागुन २५, काठमाडौँ

**निधन** : २०४९ चैत ४, भारत

**लेखनप्रारम्भ** : आठ/नौ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *विद्यार्थी* (***विद्यार्थी***)

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***मेरी उषा, केही कविता, एउटा यस्तो फूल चाहिन्छ, वासु शशीका कविता, यौटा नदी छ म आफैभित्र*** (कवितासङ्ग्रह), ***पानी गल्दैन*** (खण्डकाव्य); ***शशीका केही गीत*** (गीतिकवितासङ्ग्रह), ***उपहार*** (नाटक), ***तीन नाटक, बाँसुरीमा नअटाएका धुनहरू*** (नाटकसङ्ग्रह), ***फूल ओइलाएपछि, संसारमा सबभन्दा एक्लो जीव*** (उपन्यास), ***केही गीत*** (गीतसङ्ग्रह); ***विश्वका श्रेष्ठ कथा*** (अनूदित कथासङ्ग्रह), ***जाँ बार्बा*** (अनूदित उपन्यास); ***नवनिर्माण, गोरेटो, लोकदूत, वागेश्वरी, सञ्चय*** आदिको सम्पादन

**पुरस्कार/सम्मान** : भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४८)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कहिलेकाहीँ त लाग्छ, समग्र जीवन नै एउटा कविताको ठेली हो।... मेरो विचारमा कविता मात्र चेतनाको अभिव्यक्ति होइन। जसरी कि एउटा बालक रुन्छ भनेर रुँदैन, जसरी एउटा फूल फुल्छ भनेर फुल्दैन; त्यसरी नै कविको कविता पनि लेख्छु भनेर लेखिँदैन।... तर जुन दिन कविताको अन्तिम परिभाषा होला त्यो दिन कविताको पनि अन्त्य हुनेछ। (साभार : ***वासु शशी : व्यक्तित्व र कृतित्व***)

**नजरमा आफै** : सृष्टिको सबभन्दा आश्चर्यलाग्दो कुरा मान्छे नै हो।... आफूलाई चिन्न हिमालय चढ्नुभन्दा पनि गाह्रो हुन्छ।... जीवन बुझ्नकै लागि लेखिरहेछु। (साभार : ***वासु शशी : व्यक्तित्व र कृतित्व***)

**सम्पादकको कलम** : जीवनलाई बुझ्ने सुन्दरतम साधन कविता नै हो भनी विधागत नसोची तत्त्वगत हिसाबले काव्यगत नै लेख्ने आधुनिक नेपाली कविताको परिदृश्यका चर्चित स्रष्टा वासु शशीलाई कथाकार, नाटककार, गीतकार आदि समेतको विशेषण प्राप्त भए पनि मूलत: कवि विशेषण नै चहकिलो अनुभूत हुन्छ। उनको जीवनदृष्टिमा मान्छे नै सबथोक हो। यसैले उनी आफ्ना कविताहरूमा मान्छेलाई नै मियो बनाएर कतै अनुभूत यथार्थमा र कतै प्रबल मनोगत यथार्थमा व्यक्तिन्छन्। जम्मामा उनी मानवीय सूक्ष्म संवेदनसहितको शाश्वततामै गहिरिन्छन्, रम्छन् र उत्सवमय बन्छन्।

●

*वासु शशी*

# एउटा प्रेमपत्र

●

तिमीकहाँ आउने कुराको रूखको टुप्पोमा चढेर
एउटा बाँदरजस्तै मेरो मन टुक्रुक्क बसिरहेछ
परपरसम्म चियाएर।
मेरा हातहरू छन्– मबाट उम्केर
तिमीलाई छुन आउन चाहन्छन्
छाउराले घर फर्केका मालिकको खुट्टा चाटेझैँ गरेर।
अवश्य मेरो मन र हातको– मबाट अलग– तिमीसँग
एउटा अर्कै सम्बन्ध छ,
नरिवलभित्रको तरलजस्तो सम्बन्ध!

वास्तवमा नदीका तीरैतीर लखेटालखेट गर्न जाने हौ भने
यही घाममै हो।
वास्तवमा तिमीलाई छुन जाने हो भने
यही जाडोमै हो।
(साँच्चै, मान्छेलाई छुनुजति सुखद
अरू क्यै हुन सक्दैन हगि?)
तिमी पत्याउँछौ भने म पनि समयहरूको इनार–पिँधबाट
माथि उक्लिरहेछु–
एउटा समययुक्त स्थिति अर्थात् तिमीसँगको भेटसम्म पुग्न।
एउटा लहर पानीबाट उत्रिन खोजिरहेछ
किनारैकिनार भागेर जान।
तिमीले ठीक भनेका थियौ–
मानिस सबभन्दा बढ्ता मानिसकहीँ पुग्न चाहन्छ,
कसैकहाँ पुग्न नपर्ने भएको दिन
खुट्टा भाँचिनैपर्दैन तर हिँड्न नसकिने हुन्छ

तिमी पनि त पर्खिरहेकी हौली
त्यसैले जुन तारा जहाँ हुनुपर्ने हो त्यो त्यहीँ छ।
एउटा बिरुवाले वसन्तलाई कुरेजस्तै कुरिरहेकी हौली
ठिङ्ग उभिएर, चारैतिर आफ्नो पहुँच फिँजाएर।
तिमीले बताएकी थियौ–

मेरो छायाबाहेक तिमीमाथि पर्ने अरू कुनै छाया छैन,
मेरो साथबाहेक तिमीले बस्ने ठाउँ अरू कहीँ छैन।
यो कल्पनाले मुग्ध भएर म ऐना हेर्छु–
अहो! लौ हेर, यसमा त तिम्रो अनुहार देखा परिरहेछ।
यसमा मेरा म्वाइँको लाली लगाएका
मुस्कानजस्ता ओठहरू फरफराइरहेछन्,
मेरो दर्शनको गाजल लाएका आँखाहरू हाँसिरहेछन्।

मलाई सम्भना छ तिमीले गाएकी थियौ–
...सुगा वनमा बस्दा–बस्दा वनजस्तै हरियो भएछ,
...यो नदीबाट जति पानी भिके पनि यसले आफूमा घाउ हुन दिँदैन,
...मानिस अन्धो हुन्छ– आँखा फुटेर होइन, अँध्यारो भएर होइन, सपना देख्न छोडेर,
...मानिस चिसो हुन्छ– आगो नपाएर होइन, सूर्य नभएर होइन, मानिसको न्यानो नपाएर,
...अरूलाई माया मार्नुजस्तो कुरूपता संसारमा अरू क्यै हुन सक्दैन

तिम्रो स्नेह आउनेछ, तिम्रो स्नेह आउनेछ तिमीकहाँ
त्यसरी नै जसरी मेरो देशका पर्वतहरूबाट हिउँ
पग्ली–पग्लीकन हामीकहाँसम्म आइपुग्छ।
भएभरका फूलहरू बगैँचालाई फर्काएर,
आकाशको चन्द्रमा आकाशैलाई सुम्पेर
तिम्रो सम्पन्नता आउनेछ तिमीकहाँ हंसहरू एक बथान
पोखरीमा आएजस्तै।
र हामी फेरि कुदाकुद गर्नेछौँ अनकन्टार एकान्तहरूमा।
र हामी फेरि तिर्खाले चुरचुर भएपछि
एकअर्काका अधर र जिब्रो चुस्नेछौँ।
तिमीकहाँ पुग्ने कुरा मेरो प्रत्येक पहिलो पाइलानजिकै बसिरहेछ
एउटा पाखामा घामनजिकै छायाजस्तै।
(जब–जब कसैको माया पाउँछु म
तब–तब मलाई बढ्ता बाँच्ने इच्छा लाग्न थाल्दछ।)
फेरि हामी भन्नेछौँ–
मानिसले मानिसलाई मन पराउनुजस्तो सुन्दर अरू केही छैन,
मानिस र मानिसको सम्बन्धजस्तो मधुर
अरू केही हुन सक्दैन
●

# पर्खाल लगाएपछि धेरै थोक बाहिर पर्छ


●


पर्खाल लगाएपछि धेरै थोक बाहिर पर्छ
यद्यपि यो हो कि
पर्खाल राम्रो पनि बन्न सक्छ, त्यसमा लहरहरू लाग्छन्,
यद्यपि यो हो कि
पर्खालभित्र जे-जति पर्छ त्यो आफ्नो हुन्छ,
सुरक्षित रहन्छ,
पर्खाल सायद नभई हुन्न
मानौँ देवता हो त्यो
किन्तु पर्खाल पर्खाल मात्रै हो
त्यो आकाशमा पुग्न सक्दैन
र भित्रै पस्नेहरू त त्यसलाई उक्लने पनि हुन्छन्
र पर्खाल, त्यो भत्कन पनि सक्छ

परन्तु अचेलका सहर-सडक जो बालबच्चाका लागि काम लाग्दैनन्
र अचेल मानिसले जो मानिसहरूबाट आफूलाई बढ्ता अलग्याउनुपर्छ
पर्खालमाथि चाहे जतिसुकै खेद प्रकट गरूँ
म त्यसलाई लगाउँछु
(पर्खाल सायद सबभन्दा अप्रिय आवश्यकता हो)
सायद यो जमानामा हामी पर्खालको जरुरत मिटाउनलाई
पर्खाल लगाउँछौँ
हामी पर्खालका विरुद्ध पर्खाल लगाउँछौँ
(तर) लगाउँछौँ, लगाउँछौँ
यद्यपि पर्खाल लगाएपछि धेरै कम भित्र पर्छ
(हुन त सब थोक सबभन्दा बढ्ता चाहिने युग पनि यही हो)
पर्खाल, लोग्नेमान्छेजस्तो पर्खाल,
टाउको लगेर ठोक्न पनि हुने पर्खाल।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : ईश्वरवल्लभ

**नाम** : ईश्वरवल्लभ भट्टराई

**जन्ममिति/स्थान** : १९९३ असार २९, काठमाडौँ

**निधन** : २०६४ चैत्र १०, काठमाडौँ

**फोन** : ०१-४२२२४१९ (मार्फत कमला भट्टराई)

**लेखनप्रारम्भ** : २०११ तिर

**प्रथम प्रकाशन** : *म के हुँ* (***भारती***, दार्जिलिङ, २०१२)

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्*** (२०२९), ***एउटा सहरको किनारामा*** (२०३१), ***समान्तर*** (२०३८), ***कस्मै देवाय*** (२०४२), ***धूवाँको जङ्गल*** (२०६०, कवितासङ्ग्रह), ***केही भूमिकाहरू*** (२०३१), ***सोचको मायामठ*** (निबन्धसङ्ग्रह, २०५७) आदि

**पुरस्कार/सम्मान** : मदन पुरस्कार, साझा पुरस्कार, रत्नश्री पदक, प्रेस काउन्सिल सम्मान, विद्वद्वृत्ति (नेपाली कलासाहित्य डट कम प्रतिष्ठानद्वारा लामो कविताका लागि), हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता भन्ने वस्तु सम्भवतः कुनै वैतनिक यात्राजस्तो हुन्छ, कहिले कुनै विशद स्थितिजस्तो हुन्छ।... अस्तिको अतीतजस्तो स्थितिको सीमा सबै अतिक्रमित भइसकेको हो कि भन्ने खालको स्थितिले यसबेला प्रशस्त आक्रान्त गरिरहेको छ। तिनै सोचहरूबाट मैले रचना लेखेको छु भन्छु। सग्लो ऐना फोर्छु, आफूलाई अनेक टुक्राहरूमा हेर्छु, देख्छु। फेरि सग्लो-सिङ्गो बनाउने प्रयत्न गर्छु समेटेर टुक्राहरूलाई– यस्तै क्रमको क्रम रहेछ कविता भन्छु यसबेला यहाँ।"

**नजरमा आफैँ** : म भ्रान्तिवृक्ष हुँ; भ्रान्ति हुँ
र वृक्ष पनि हुँ।
...............
सायद वस्तु हुँ, सायद वस्तुता हुँ।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको प्रयोगधर्मी सत्ता निकै सफलतापूर्वक सम्भालेका आयामेली कवि ईश्वरवल्लभ भौतिक रूपले अब स्मृतिमा सीमित छन्, तर कवितासन्दर्भले वर्तमानकै अस्तित्वमा आसीन छन्। स्वानुभूतिका शिखरविम्ब, स्वभावनाका बादशाह र स्वचेतनाका सारथि कवि वल्लभको आत्मा कवितामा जिजीविषाको ऊर्ध्वबिन्दुबाट पाठकीय सद्भावको जीवनधुन खोजिरहन्छ; भावकीय मन कविताभरि आफूलाई बोधिवृक्षमुनि भेटिरहन्छ र उनको कवितामय शालीन आग्रहमा सहस्र पुलकित मन देवताको प्रेमनिवेदन सुनेसरि एकमुस्ट उज्यालिएर मृदुल याम झुम्न थाल्दछ। यहीँनेर उनको काव्यिक सत्ता विम्बित हुन्छ।

●

*ईश्वरवल्लभ*

# प्रस्थानको तरखर

●

केही असल मानिसहरूजस्तै
पन्छीहरू हाँगा–हाँगा जम्मा हुँदै थिए
आज, अझै त्यो पुर्बेली हावा चलेन
सुकेको एउटा पात पनि झरेन
हुन त मनको पीर आँधीजस्तै दुख्छ,
त्यसैले बिर्सिदिए हुन्छ, यस्ता कुराहरू

म अब डिलमा उभिएर हेर्छु,
तल फेदीमा नदी आयो कि आएन,
केही दिनअघि त्यहीँबाट त्यो नदी
मेघ भएर आकाश गएको थियो
त्यसैले पानी बग्न पायो कि पाएन

समुद्र गर्जेको थियो
किनार र फाँटहरूलाई उसले खुब हिर्काएको थियो
माझीहरू खोइ
आफ्ना पतवार लिएर आएका छैनन्
यस पालि त आँधीबेहरी नै आउने भयो
अब त घर जानुपर्छ।

●

## शब्दको जहर

●

कविता पनि त
एउटा क्षोभ हो, तृष्णा हो
आदिवासी गुफा हो, र
भित्रसम्म ओर्लिन्छ, छुन खोज्छ
अक्षरहरूको भ्रान्ति चाक्षुष पन्नामा
मनमा तर
आभासहरूलाई छुन खोज्छ
अनुभव र आस्थाको सङ्गमर्मर
तोड्न खोज्छ
त्यसैले कहिले त अत्यन्त पीडा हो
अभ्यन्तरको निरीहता
निर्मम एकाकीपन,
निर्भय गहिराइ र अँध्यारोपन

जुन आद्य जङ्गल हो
केही नितान्त नाङ्गै परिधानहीन उभिन्छ,
आवरण छैन
कुनै कवच र
कुनै त्राण छैन,
भर्खरै आमाको गर्भबाट जन्मेको मेम्ना
सानो र मसिनो तृणले पनि
देह गहिरो बेध्छ
मासु बेध्छ, उसको

अरुणा लामाले मलाई सोध्थिन्–
किन मलाई सबैले दुःखी गीत मात्रै दिन्छन्?
उनका पीडाको दुःख मलाई बोकाउँछन्?
दाइ, उनका अक्षरहरूले मलाई सधैँ बेध्छन्!
म पनि त
आह्लाद गाउन सक्छु! भन्थिन्।

तर आफै पराई शब्दको जहरले निरन्तर
क्षतविक्षत छु
शब्दको जहरले विदीर्ण छु
आहत छु
विषपायी म, नीलकण्ठ पनि म
अक्षर बेध्छ म
अक्षर नै आज्‌तेकजस्तो
नितान्त क्रूर र सामन्त!

त्यसैले कवयित्री मोमिला पनि भन्छिन्–
'मेरो मन आदिवासी'
सायद यस्तै
त्यसैले म र मेरो जम्मै
अस्तित्व पनि आदिवासी।

अक्षरले अचेल मलाई तीखो भीर घोच्छ
निरोको आगो र भ्वाइलिनको स्वर
अनि रोम सहरको मोन्टाज, इतिहासको
मेरै कविताले मलाई बेध्छ
आदिवासी मन बेध्छ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : पारिजात

**नाम** : विष्णुकुमारी वाइबा

**जन्ममिति/स्थान** : १९९४, दार्जिलिङ

**निधन** : २०५० वैशाख ५, काठमाडौं

**लेखनप्रारम्भ** : चौथो कक्षामा पढ्दा

**प्रथम प्रकाशन** : *कसको हो त्यो छायाँ मलाई बोलाउने?* (२०१३ तिर, ***धरती***)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***आकाङ्क्षा, पारिजातका कविताहरू, बैँसालु वर्तमान*** (कवितासङ्ग्रह); ***शिरीषको फूल, महत्ताहीन, बैँसको मान्छे, तोरीबारी, बाटा र सपनाहरू, अन्तर्मुखी, उसले रोजेको बाटो, पर्खालभित्र र बाहिर, अनिदो पहाडसँगै, परिभाषित आँखाहरू*** (उपन्यास); ***आदिम देश, सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु, वधशाला जाँदा–आउँदा*** (कथासङ्ग्रह); ***धूपीसल्ला र लालीगुराँसको फेदमा, एउटा चित्रमय सुरुआत, अध्ययन र सङ्घर्ष*** (आत्मसंस्मरण), ***आधी आकाश***

**पुरस्कार सम्मान** : मदन पुरस्कार (२०२२, ***शिरीषको फूल***का लागि), सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०४९, ***बैँसालु वर्तमान***का लागि), गंकी-वसुन्धरा पुरस्कार (२०४९), प्रज्ञा-प्रतिष्ठानबाट विद्वद्वृत्ति प्राप्त, 'साहित्यकुञ्ज' त्रि. वि. द्वारा अभिनन्दित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "मेरो निम्ति मनोभावनाको लिखित अभिव्यक्ति कविता एउटा बोध मात्र हो जो भाषा र शैलीमा उनिएर आकृतिमा आउँछ।... कवितालेखनमा बोध र प्रतिभा दुवैको राम्रो संयोजन हुनुपर्छ। यसबाहेक ती मानवीय बोधहरूमा आफू बाँचेको युग र समाजको प्रतिक्रियाबोधले पनि स्पष्ट काम गरिरहेको हुन्छ।" (साभार : ***ज्ञानगुनका कुरा***, भाग २२)

**नजरमा आफै** : "...वास्तवमा ममा धेरै कुराहरू सामान्य छैनन्, त्यसैले अरू सामान्य स्वास्नीमान्छेहरूले जस्तो सामान्य व्यावहारिक जीवन बिताउन सकिनँ।... जम्मामा मलाई Introvert र एकाकी भने हुन्छ... म पानीदेखि डराउँछु र अग्ला पहाडहरू कल्पना गर्न सक्दिनँ... तथापि मलाई पहाड नै मन पर्छ र वर्षा ऋतु नै प्रिय लाग्छ। डराउँदै, तर्सिंदै भए पनि वर्षा ऋतु नै बेसकन Enjoy गर्छु।" (साभार : ***वेदना***, वर्ष २२, अङ्क १, पूर्णाङ्क ५४)

**सम्पादकको कलम** : कविका रूपमा पारिजात सूक्ष्मबोध र अथाह प्रतिभाको राम्रो संयोजन गर्न सक्ने सशक्त स्रष्टा हुन्। विसङ्गत पृष्ठभूमिमा आस्तित्विक प्रकाशनासहितको कसीमा उत्रिएर प्रगतिशील चेतको उचाइमा पुग्न सफल सुरुचियुक्त, सुसंस्कृत र अथाह सिर्जनशील प्रतिभा पारिजातको सर्वप्रिय कविता नै यहाँ समावेश गरिएको छ।

●

*पारिजात*

# लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र

●

१. जीवनसाथी!
धेरै–धेरै प्यार
मलाई लाग्छ, यी स्वतन्त्र उड्ने मलेवाहरूका घाँटीमा
एउटा हृदय उनेर पठाऊँ
एउटा हृदय जडेर पठाऊँ
एउटा प्रेमपत्र झुन्ड्याएर पठाऊँ
एकपल्ट दोहोऱ्याऊँ
शताब्दीअघिको प्रेमको भावुकता
तर आजको सीमारेखा
कुन स्वतन्त्र चराले उड्न पायो र?
यो कुँजिएको अस्तित्व
कुन सुस्केराले विश्वको हावामा बिसाउन पायो र?

२. प्रिय!
हेर्नै नपाई आँखाबाट ओझेल भएका तिमीलाई
बोल्नै नपाई टाढा भएका तिमीलाई
मस्तिष्कमा उभ्याउने यथेष्ट साधन नै छैन
रकेटको उडानले कल्पनालाई ढिलो बनाइसकेछ क्यार
मानचित्र राखेर उड्दाउड्दै पनि
दुर्घटनामा परिदिन्छ मेरो आतुरता
अब म... अब म
सात समुद्र पार गरेर आउँदिनँ
तिमीलाई यहीँ म मेरै चौतारीमा हेर्छु
किनभने शरीरसँगै मेरो मस्तिष्क पनि सीमित भएको छ
ढुङ्गामा परिणिता गौतमीजस्तै

३. प्रिय!
प्रेम एक मृगतृष्णा
प्रेम एक चखेवाको लोभ
मेरा निम्ति प्रेम एक निर्जीव सत्य
मानौँ काकाकुलको तिर्खा

मानौँ घामलाई प्रेम गर्दागर्दै सूर्यास्तमा जाम परेको क्लिसो
यो नश्वर शरीर
यो अनन्त चाहना
तर, प्रेम दुई शरीरको मिलन
तिम्रो अँगालाभित्र म
मृत्युलाई छेकबार हालिरहेछ इच्छाको ताँती
प्रत्येक रात–
आह, म मेरा मीठा सपनाहरूलाई हेर्दै पोल्दै गर्दै छु।

४. प्रिय!
तिमीले लेखेका थियौ
म तिम्रो वालेटको तस्बिरमा मुस्कुराउँछु रे
तिमी मलाई पाएर हराउन चाहन्नौ रे
मेरो सम्झनापत्रले तिमीलाई 'फिनिक्स' ले झैँ बिउँझाउँछ रे
मेरो माया तिमीलाई वटवृक्षको मायालु छाया रे
आह! यी सब इतिहासबद्ध भइसके
कसरी मैले बाँचेको थाहै नपाई
एक लामो अवधि बिताइसकेछु
अब तिमी अवश्य पाउनेछौ मलाई
'फिनिक्स' लाई झैँ आफ्नै खरानीमा जुनी फेरेको होइन
तर भन्नै नपाई मनको कुरा
सधैँ–सधैँका निम्ति सुतेको निद्रामा।

५. प्रिय!
म मरिसकेँ
तिम्रो प्रेमलाई आफूसँग जलाइसकेँ, गाडिसकेँ
म सुतिसकेँ
सुत्नका निम्ति छँदै छ चिरनिद्रा
तर बाँच्ने तिमी त भोलि बिउँझन्छौ नयाँ घामसँगै
तिमी नरुनू सङ्घर्षलाई व्यङ्ग्य गर्दै
तिमी मान्छौ?
कति बलियो थियो मेरो अन्त्य
जसले अनन्तको एक हिस्सा चोइटयाएर लग्यो
कति बलियो मेरो मृत्यु
जो अमरत्वलाई नै अधमरो बनाएर गयो

प्रेम मर्दैन तर यसलाई मार्नुपर्छ
मेरो अन्त्यजस्तै तिम्रो आरम्भ पनि बलियो हुनुपर्छ
अब यहाँ आउँछ यस पत्रको शेष
मेरो पत्रको शेष
तिम्रो 'फिनिक्स' को शेष
जीवनसाथी तिमीलाई
मेरो सबै प्यारको अवशेष।
●

## रामसाइँला


●
रामसाइँला विस्फोटको हाँसो सुहाउँछ ठिटचौलीमा
रामसाइँला आगोको बोली सुहाउँछ ठिटचौलीमा
हामीले यसको सीमा कल्पना गरेका छैनौँ
हामीले यसको विशालता अनुभव गरेका छैनौँ
आजको यो पाइलो आजैका दिनलाई समर्पित
आजको यो निष्क्रिय दिन आजैलाई समर्पित।


आजकै अनुरूप अर्को दिनमा
कुन्नि घामको सट्टा आतङ्क उदाउन सक्छ
साथी! त्यो त हाम्रो वर्तमान हुनेछ
आजको खैरो साँझ आजैलाई समर्पित
आजको विसङ्गति आजैलाई समर्पित।

उच्चाटभरिको दिन!
साँझ तिम्रो मृत्युजस्तै लागिरहेछ
हुन सक्छ, कालो रात तिम्रो शोकसभाजस्तै मनाइरहूँ
एक रातभरिको मौन धारणा
तर मलाई भोलि तिम्रो शोकगीत लेख्न फुर्सद हुनेछैन
दिन! आजको रित्तोपना तिमीलाई समर्पित।

रामसाइँला विस्फोटको हाँसो सुहाउँछ ठिटचौलीमा
रामसाइँला आगोको बोली सुहाउँछ ठिटचौलीमा।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : पुष्कर लोहनी

**नाम** : पुष्करप्रसाद लोहनी

**जन्ममिति/स्थान** : १९९५ चैत, काठमाडौँ

**फोन** : ०१-४४१३४६८, ४४४३२९०

**इमेल** : lohanipushkar@hotmail.com

**लेखनप्रारम्भ** : २०१२

**प्रथम प्रकाशन** : *परिस्थिति* (**इन्दु**, २०१७)

**राष्ट्रिय स्तरमा** : *कौडी* (**रूपरेखा**, २०२०)

**कृति** : ***चहकदार मइन्टोल र पिलपिले लालटिन, भुट्ट – मोतीराम भट्ट, पाँच सय वर्ष : सुन हो कि घुन?*** (अनुसन्धान र समालोचना), ***कौडी*** (कवितासङ्ग्रह), ***आकाश विभाजित छ*** (उपन्यास, सहलेखन), ***पीपलबोट*** (जापानी शैलीको कविता, सहलेखन); ***पर्यायवाची शब्दकोश, सुन्दरीकालिक ऋतुवर्णन तथा समस्यापूर्ति***को सम्पादन

**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविताप्रति भन्नु नै व्यक्तिप्रतिको धोकापूर्ण इमानदारीको सत्य-असत्य, झूटमुट तथा पापी इच्छा र प्रयोगको अहम्मा लालायित मायाजाल– त्यही जालमा फस्ने, फसाउने, उम्किने र उम्काउने अनि खाडल पुर्ने।

**नजरमा आफै** : पशुप्रवृत्तिको रूप! आफैमा तृप्ति-अतृप्तिको कारण हल्लिँदै-हल्लिँदै, हाँस्दै तथा जुरुक्कै सम्पूर्णतालाई उठाएर एकैपल्ट फ्याँकिदिने प्रबल जोस। सेलाउँछ, सल्किन्छ र आफैमा बलेर आफैले निभाउनुपर्ने।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताजगत्मा यौनवादी स्रष्टाका रूपमा परिचित कवि पुष्कर लोहनीका कविताहरू यौनमनोविज्ञानका दस्ताबेज हुन्। उनी आफ्ना कवितामा यौनविषयक समकालीन सन्दर्भहरू, यौनसूचक प्रतीक र विम्बको सुरुचिपूर्ण विधानसहित प्रस्तुत गर्छन्। यौनलाई मानिसको स्वाभाविक प्रकृति ठान्ने कवि लोहनीका कविता भन्नु नै मानवीय जीवनचर्यालाई प्रभावित पार्ने तत्कालीन समाजको यौन-अनुभूति, यौनकुण्ठा, यौनविकृति एवम् यौनमनोविज्ञानजन्य अध्ययन र व्यवहारको बौद्धिक खुलासा हुन्। यहीं उनले आफ्नो काव्यिक निजत्व स्थापन गरेका छन्।

●

*पुष्कर लोहनी*

## रापिलो घाम

●

जब कठ्याङ्ग्रिएको जोबनले
कर्के आँखा पारेर खिसिक्क दाँत देखाउँछ
युवती लाजले भुतुक्क हुन्छे,
अनौठो आनन्द अनुभव गर्छे

घामको मधुर सुमसुमाहटमा
ऊ लुटपुटिन्छे, जिस्किन्छे, चल्छे
उसको प्यार र कोमल स्पर्शमा लट्ठिन्छे
अनि लडीबुडी गर्दागर्दै
कठ्याङ्ग्रिएको जोबनलाई तताउँछे
आफ्नो सब कुरा बिर्सिन्छे

पछि घामले ऊसँग खेल्न छोड्दा
उसको रापले पोल्दै आउँदा
लागू खाएको व्यक्तिले केही खोजेझैँ
ऊ खोज्छे– होसमा आउँछे
त्यहाँ ऊ झस्किन्छे अनि आँखाबाट आँसु झार्छे।

●

# कुण्ड

●

हिजो राति सपना देखेँ–
अग्ला–अग्ला पहाडहरूको घेरामा रहेको
एउटा सानो कुण्ड
उत्तेजित गन्धले आकर्षित गरिरहेको
हल्का हावाले झ्याउहरूलाई हल्लाउँदा
कुण्डको पानी गम्भीर भएर चलबलिन्छ
गहिरिएर साँघुरिएको कुण्ड
फैलिन खोज्छ तन्किएर
दुइटा सेता ढुङ्गाहरूको बीचबाट

मैले सुनेको थिएँ–
कुण्ड पवित्र हुन्छ
कुण्डभित्र जति फोहोर फाले पनि
कुण्ड सधैँ निर्मल हुन्छ
कुण्डको पानी जति पिए पनि
कुण्ड सधैँ रसाइरहेको हुन्छ

म पहाड चढ्दै जान्छु
प्रत्येक चढाइमा एउटा डर र विश्वासले
मलाई अँठ्याइरहन्छ
कता–कताबाट एउटा आवाज आउँछ–
'ए, तिमी त्यहाँ नजाऊ
सर्पले कुण्डलाई पहरा दिइरहेको छ
त्यो कुण्डभित्र सर्पले विष फालेका छ
त्यो सुन्दर कुण्डलाई हेर्ने प्रयास नगर
त्यो चिसो कुण्डको पानी पिएपछि
मात लागेर कुण्डबाट माथि आउन सक्नेछैनौ'


एक्कासि मेरो नजिक एउटा सानो गुफा देखा पर्छ
म अड्छु
कहीँ अरू बाटो देख्दिनँ
मुटु ढक्क भएर आउँछ
गुफाबाट एउटा सर्प सुल्ल बाहिर निस्कन्छ

फेरि मेरो कानमा आवाज आउँछ–
'तिमी त्यो गुफाभित्र पसेर कुण्डमा जाऊ
सूर्यको किरणै देख्न नपाएको कुण्ड तिमीले देख्नेछौ
सूर्यको तातो स्पर्श पाउने आशा लिएको कुण्ड तिमीले देख्नेछौ
ओझेल परेको सूर्यको तापले मत्याएको कुण्ड तिमीले देख्नेछौ
अझ देख्नेछौ
कुण्डको किनारमा पल्टिरहेको एउटा चिसो सर्पलाई'

हँसिलो मुस्कान दिएर चिसिएको कुण्ड
मेरो नजिक उभिई र भनी–
'नडराऊ, अघि बढ
मेरो वरिपरिको झ्याउ सफा गर
आऊ, नजिक आऊ एउटा सुगन्धित गन्धले
तिमीभित्रको चिसोपनमा अग्नि उत्पन्न हुनेछ
त्यो तिम्रो तातोपनमा
चिसिएको कुण्ड पनि तातिनेछ
नडराऊ, तिमी शिव बनेर अघि बढ
तिम्रो वाहन सर्पलाई
सबले तर्सिने गरेर देखाइदेऊ
तिमीभित्रको विषको ज्वालालाई
कुण्डभित्र ओकलेर चिसो पारिदेऊ'

अनि भनी–
'म सधैँ तिमीलाई शिवको रूपमा हेर्न चाहन्छु
तिमी रूप बदलेर
तिमी वेश बदलेर
सधैँ–सधैँ कुण्डभित्र घुस्ने गर
डिलमा बसेर पहरा दिनेहरू सब सुतिसके!'
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : वैरागी काइँला

**नाम** : तिलविक्रम नेम्बाङ

**जन्ममिति/स्थान** : १९९६ साउन २५, पाँचथर

**फोन** : ०१-४४३२५२८

**लेखनप्रारम्भ** : २०११ सालदेखि

**प्रथम प्रकाशन** : *नवोदित कविसँग* (***भारती***, २०१३)

**राष्ट्रिय स्तरमा** : *मेरो अटोग्राफ* (**रूपरेखा**, २०२०)

**कृति** : ***वैरागी काइँलाका कविताहरू*** (२०३१), ***महागुरु फाल्गुनन्दका उपदेशहरू तथा सत्यहाङमा पन्थका भजनमाला*** (२०४७), ***लिम्बू जातिमा कोखपूजा*** (२०४८), ***चङः त मुन्धुम (सृष्टिवर्णन)*** (२०६०), ***किरात जागरण गीत*** (अनुवाद, २०३८) आदि; ***तेस्रो आयाम*** (२०२९), ***राष्ट्रिय भाषाको कवितासँगालो***, ***लिम्बूग्रन्थसूची*** (२०५०) को सम्पादन

**पुरस्कार/सम्मान** : साझा पुरस्कार (२०३१), सिद्धिचरण काव्य पुरस्कार, हरिहर शास्त्री-सावित्रीदेवी काव्य पुरस्कार, वाणी पुरस्कार

# दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता थोरैमा धेरै कुराको भावुकतापूर्ण अभिव्यक्ति दिने माध्यम हो। भन्ने कुरा एउटा ताल, एउटा सुर राखेर अर्थात् एउटा रिदम मिलाएर भन्दाखेरि सुन्नेलाई पनि राम्रो लाग्ला वा प्रभावशाली हुन्छ भन्ने लाग्छ, तर वास्तवमा कविता यही हो भन्ने परिभाषा अब मेरो रहेन।"

**नजरमा आफै** : "पहिले पनि कविता लेख्दाखेरि आफूलाई बाहिर निकालेर लेख्ने कोसिस गरेँ। म जे गर्न खोज्छु, मैले त्यो गरिराखेको हुँदैन। म जो छु, प...र वैरागी अर्को हुन्छ। यो एउटा पीडा हो। अनि यो 'आफू' आफू होइनको पीडा कहाँनेर छल गरिरा'छु, कहाँनिर कपट गरिरा'छु, कहाँनिर चाहिँ ठिक्क भइरा'छु जस्तो लाग्छ।... परिस्थितिको दास मान्छे, दास हुनबाट उन्मुक्तिका लागि आरम्भदेखि अहिलेसम्म सङ्घर्षरत छ। अब त्यही सङ्घर्षमध्येको एउटा सबैभन्दा कमजोर सिपाही 'म' अर्थात् वैरागी काइँला।"

**सम्पादकको कलम** : चित्रकार पिकासोको चित्रकलाविधि क्युबिजमसँग तुलनीय नेपाली साहित्यमा तेस्रो आयामका प्रणेतात्रयमध्येका एक स्रष्टा कवि वैरागी काइँला जीवनलाई सम्पूर्णतामा व्यक्त गरिनुपर्छ भन्ने मान्यतासहित कवितामा तेस्रो आयाम अर्थात् गहिराइबाट आयाम टिप्दै सतहको अनुभूतिसम्बद्ध तत्क्षणका जीवन्त स्वरहरू चित्रात्मक भाषामा व्यक्त गर्छन्। कविताको वस्तुता र अर्थनिरपेक्षताप्रति आग्रहशील कवि काइँला कविताको सुर-तालप्रति पनि निकै सचेत रहेर विम्ब, प्रतीक र मिथकको समायोजनमा लागिपर्छन्। यसरी विचार र शिल्पको संयुक्त घनत्वमा उनको कवित्व सशक्त स्थापित छ भन्न सकिन्छ।

●

*वैरागी काइँला*

## पर्वत

●

घरभित्र पनि सिरान तला उक्लिँदा
डाँडा–डाँडा अग्लो डिल भरेङको प्रायजसो म उक्लिन्छु।
आजकाल सपनामा सधैँ म पर्वत चढिरहेको
हुन्छु!

जो झुक्दैनन् जति डाँडाहरू, पहाडहरू
टेक्दै झुकाउँछु खुट्टाले प्रत्येक पाइलाको सँघारमाथि
मेरो सडकमाथि!

उफ्! भाँच्चिएर लडिदिन्छन्
हिमालयका ढाडहरू...
आहाल–आहाल रात छादेर मेरो सडकमाथि।

आकाशका भित्ता–भित्ता ठोकिँदै बजारिन्छ
प्रतिध्वनिको वज्र–
दौडँदै गरेको रेलको छप्परमाथि मूल सडकमाथि!
ऐनाको चोइटाले थापेका रगतका टुक्राभित्र
डिब्बा–डिब्बा किच्चिएका

जिन्दगीका क्षणहरू...
भाँच्चिएको रेलको लिकमाथि

दनदनाउँदो आगोको मुस्लोभित्रबाट
म बटुल्दछु, म बोक्दछु...
गोजीभित्र अनि काँधमाथि!

धेरै नानीहरूलाई स्कुलसम्म पुऱ्याएर
धेरै छोराहरूलाई सीमान्तको मोर्चासम्म पुऱ्याएर
धेरै बाबुहरूलाई अड्डादेखि घरसम्म फर्काएर
अब त थाकिसकेका बाटाहरू
अब त दुर्घटनामा टुक्रिएका सडकहरू

हो, यी सब सडकहरू
मैले मेरो काँधमाथि बोकेको छु
मेरो कुम्भकर्णको काँधमाथि जिन्दगीको लास बोकेको छु!

मेरो काँधमाथिबाट
मेरो प्रेमको घनत्व र आस्थाको उत्तापले
पाकेको जिन्दगीको लास
चोइटा-चोइटा किरणहरूमा चोइटिइएर खस्दछ
यौटा-यौटा वरदान बोकी उज्यालोमा छ्यापिँदै खस्दछ

मेरो प्रत्येक पाइलाभित्र : मेरो सडकमाथि!
आँखा खस्दछ : यौटा रात सकिन्छ
अर्को आँखा खस्दछ : फेरि अर्को रात सकिन्छ
पैताला खस्दछ : एक खुट्टा बाटो भरिन्छ
पन्जा खस्दछन् : पृथ्वीदेखि आकाशसम्म पुल टाँगिन्छ
दुई हात अँगालो खस्दछ :
असीमित आयतनमा धरतीमाथि
अनि इतिहासमा फेरि यौटा अर्को फाटक उघ्रिन्छ!

फाटकको निधारभरि
मानिसको जानकारीका निम्ति
धुपीका सिन्के पातहरूका माझ-माझ
हाँगाको आँख्ला-आँख्लाका आँखाहरूका अक्षरमा
समयले दौडी आएर लेखिदिन्छ : सूचनाका केही पङ्क्तिहरू

स्वागत छ– पर्वतारोहीलाई,
कलिला-कलिला पैतालालाई,
प्रत्येक जिन्दगीलाई!

अब प्रत्येक मान्छेले सुरु गरून्
आ-आफ्नो यात्रा फेरि यहाँबाट,
यस फाटकबाट!
सूर्यलाई भरीकन

तेस्रो आँखाको ठूलो घुम्ने बल्बभित्र
उत्तानो समुद्रलाई दुवै हातमा टेकिदिएर

उभ्भिएको फाटकको टाङमुनिबाट
सार्क र ह्वेलको मत्स्य-आक्रमणबाट
तारतारी सामुद्रिक डाँकूहरूको लुटपिटबाट
धनमाल र बचाएर जहाजलाई
अनि औँलामा उचालेर गोवर्द्धन

आफै पनि यस फाटकबाट
आजकाल सपनामा सधैँ म पर्वत चढिरहेको हुन्छु!

आजकाल सपनामा सधैँ
म पर्वत चढिरहेको हुन्छु!
●

## चिया पिइसकेर उसको घरबाट हिंड्ने बेलामा

●
आज, मेरो हजुर-को
दर्शनार्थ– धृष्टता गरौँ कि भनेर
इः, यसरी गुन्डिएर आएको थिएँ


आज, मेरो हजुर-को
सेवार्थ के-के भनौँ कि भनेर
इः, यसरी झुन्डिएर आएको थिएँ

शिष्टताका निम्ति साधुवाद!
चियाका निम्ति धन्यवाद!

अरू के भनौँ...
सब बिर्सिएँ, जे-जे भनौँ भनेर आएको थिएँ।

हेर्नुहोस्...
यी आँखामा जो लजाइरहेका तस्बिर थिए
मेरो हजुरकै हुन् कि भनेर
चिनाउन आएको थिएँ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : रत्नशमशेर थापा

**नाम** : रत्नशमशेर थापा

**जन्ममिति/स्थान** : १९९६, कमलपोखरी, काठमाडौँ

**फोन** : ०१-४४४५४८८

**लेखनप्रारम्भ** : २००८/०९ तिर

**प्रथम प्रकाशन** : ***भिरालो*** (हस्तलिखित) मा (२०१२)

**राष्ट्रिय स्तरमा** : *मन पर्छ त्यो रात* (***उकालो***, २०१६)

**कृति** : ***चक्लाभरिको घाम, ताराका काँचा रङ्ग*** (कवितासङ्ग्रह), ***ओभानो सिउँदो, रुझेका परेला*** (गीतसङ्ग्रह)

**पुरस्कार/सम्मान** : देवकोटा साहित्य पुरस्कार, युगकवि सिद्धिचरण काव्य पुरस्कार, मुक्ति पुरस्कार, रेडियो नेपालबाट सम्मान (गीतमा), साधना सम्मान, लाइफटाइम एचिभमेन्ट अवार्ड (हिट्स एफ. एम.), भीमनिधि राष्ट्रिय प्रतिभा पुरस्कार, छिन्नलता पुरस्कार, हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "समाजलाई सही दिशा दिने इमानदारीपूर्ण मानवीय संवेदनाको ओजपूर्ण कलात्मक अभिव्यक्ति!"

**नजरमा आफै** : "समाजलाई मार्गनिर्देशन गर्ने काव्यिक भूमिका निवार्ह गरिरहेको एउटा साधारण पात्र।"

**सम्पादकको कलम** : मूलतः आफू गीतकार हुनुमा गर्व गर्ने स्रष्टा रत्नशमशेर थापा आधुनिक नेपाली कविताको कालखण्डमा आफ्नो विशिष्ट स्थापत्य जनाइसकेका एक प्रखर कवि हुन्। अनुप्रासीयता एवम् सङ्गीतात्मक माधुर्य कविको आफ्नोपन हो। उनका कविताहरू स्वर र शिल्प दुवै अर्थमा विशिष्ट काव्यचेतकै सिर्जनात्मक प्रतिफल हुन् भन्न सकिन्छ। कवि थापा निश्चय नै गद्य गीतका ओजस्वी मेधा हुन्।

●

*रत्नशमशेर थापा*

## नाटक अवसानको बेला

●

सही रूपमा एक अङ्क नै पूरा नहुँदै
किन बदलिँदै गइरहेछन् यति छिटो
यहाँ खेलिने नाटकका दृश्यहरू
फटाफट–फटाफट
भाँचिँदै बीच–बीचमा सिलसिला।

बिजुलीको झल्याकझुलुक–मल्याकमुलुकमा
फेरिँदै जान्छन् आकारहरू पर्दाहरूका रङ्गमञ्चका
राता, नशिला घुमाएर अतृप्त आँखाहरू
अभिनयको नाउँमा पुट्ठा हल्लाउँदै
ढुनमुनाउँदै, नीला गिजा ङिच्याउँदै, लरबराउँदै
भकभकाउँदै रटेका पाठ यो चिसो रातमा।

आपसमा झुत्ती खेल्दै, फतफताउँदै
निर्लज्ज ओकलिरहेछन् निस्ता संवाद
चढेर होला ठर्राको उन्माद
बाँध्न दर्शकहरूलाई मोहपाशमा
हाँकिरहेछन् डिङ अल्लारे पात्रहरू
मुन्टो फर्काएर आकाशमा नचाउँदै बिटुला हात
ओहोरदोहोर–ओहोरदोहोर गरिरहेछन्
रङ्गमञ्चको एक कुनादेखि अर्को कुनासम्म
त्रुटि लुकाउन लपेटेर नक्कली तासको लिवास
ताली र प्रशंसाको प्रतीक्षामा
ठसठसी कन्दै खोजिरहेछन् चुँडेर छरिएका
गीतका गेडाहरू बटुलेर जोड्न अनुप्रास
एउटै बोल घरी–घरी ठटाउँदै मादलमा
पाप्राहरू खरीको झार्दै एकनास
नङ्ग्याइरहेछन् आफैँले आफूलाई उघारेर
आफैँले रचेको झुसिलो इतिहास।

पड्केर दोबाटोमा ट्रान्सफर्मर निभ्छन् बत्तीका मालाहरू
चाउरी परेका अन्धकारका तन्किन्छन् सारा छालाहरू
होहल्ला सुइय्य सिटी गन्द्राङगुन्द्रुङ
अनि बन्द आवाज
चकमन्न एकलास
चिर्न बाएर सुरसाको मुख मेट्न तलतल
काँचा वायुहरूले रचेका नाटकको अवसानमा
खिलखिलाउँदै भित्ता सिलिङको कालकानमा
समाधिमा लीन हुन खोज्दै छ यो पुरातन हल।
●

## एक जोर आँखा मुर्दाको पाखामा

●
सूर्य
रिस र ग्लानिले रातो हुन्छ
आँखा जुधाउँदै हारेर
किनकि यो जिउँदाको होइन
मुर्दाको आँखा हो।

रात
सराप्दासराप्दै पहेँलिन्छ
एकोहोरो बोलिरहँदा थाकेर
किनकि यो जिउँदाको होइन
मुर्दाको भाका हो।
तान्त्रिक
वाल्ल पर्छ टोलाएर
तन्त्रमन्त्र खुबी हराएर
किनकि यो जिउँदाको होइन
मुर्दाको पाखा हो।

यस ठाउँमा वास बस्नेको
आत्मा पनि दास बन्छ,
डेरा जमाउनुअघि नै सोच

किनकि यो जिउँदाको होइन
मुर्दाको शाखा हो।
●

## भुत्ते बन्चरो

●
यहाँ मानिस
आफ्नै खुट्टामा
भुत्ते बन्चरो चलाएर
पुरुषार्थी बन्छ।

फाट्टफुट्ट–फाट्टफुट्ट
अमिला मुस्कानका
दुईचार रेखा देखाएर
आफूलाई आशावादी भन्छ।


आक्कलभुक्कल जोसमा
शान्ति रुचाउने
तटस्थ नीति अपनाएर
आफूलाई ठूलो गन्छ।

अनि!
आफूलाई नापेर
आफ्नै मिहिनेतले
आफैलाई पुर्न
एउटा खाल्डो खन्छ।

यहाँ मानिस
आफ्नै खुट्टामा...
भुत्ते बन्चरो चलाएर
पुरुषार्थी बन्छ।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : मदन रेग्मी

**नाम** : मदन रेग्मी

**जन्ममिति/स्थान** : १९९६ मङ्सिर, काठमाडौँ

**फोन** : ०१-४७२०१५७

**इमेल** : rssregmi@mail.com.np

**लेखनप्रारम्भ** : २०१९

**प्रथम प्रकाशन** : *एक टुक्रा...* र *मरेको दास मुक्ति माग्न आउँछ* (***रूपरेखा***, २०२०)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***मदन रेग्मीका कविता*** (कवितासङ्ग्रह), फुटकर कथा र कविताहरू विभिन्न साहित्यिक पत्रिकामा प्रकाशित

**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "इच्छा लागेको कुरा लेख्ने।"

**नजरमा आफै** : "अरूजस्तै।"

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको परिदृश्यमा प्रयोगवादी धारका एक सशक्त कवि मदन रेग्मी जीवनका सूक्ष्म संवेदनहरूलाई अमूर्त चित्रकलाको समष्टि सौन्दर्यजस्तै शब्दका कोलाजहरूमा व्यक्त गर्दछन् र व्यष्टि सौन्दर्यबाट समष्टि सौन्दर्यको काव्यवाटिकामा पदार्पण गर्छन्। आफ्ना कविताहरूमा निकै उत्कृष्ट विम्ब र प्रतीकहरूको समायोजन गरी जीवन र जगत्को विकृत र विसङ्गत सत्यको प्रकाशन गर्दै त्यसको विपरीत एउटा सुन्दर समाज र जीवनको चाहना राख्छन् कवि रेग्मी, अर्थात् अँध्यारो बोधबाट उज्यालोको बोध गराउनु उनको शिल्पगत काव्यप्रयोजन परिलक्षित हुन्छ।

●

*मदन रेग्मी*

# परालसँग सङ्घर्ष

●

छाम्दाछाम्दै जीवन, सम्पूर्ण वर्षका औँलाहरूले पनि
सित्तै फर्कनुपर्छ
मासिएको ओथारे फुलको खोस्टो बोकेर।

दिन बित्छ यसरी नै वर्षौं
उमेरपछि उमेर गाभिएर
एक अझ्म गरुङ्गो उमेरहरूको
तैपनि बेवारिसी सुल्झिन सक्दैन
वारिसमा दिएको छैन मैले, आँखा फुटाएकी आमा
या माटो लङ्गडो उखेलेको घाँसहरूजस्तै निश्चल पाटाहरूमा
बेवारिसी सुल्भन सकेन; वारिसहरू कीरैकीरा घाँटीमा
मेरो आँसु तिनका कणाहरूमा,
बेवारिसी सुल्झिन सकेन; तिम्रा मासुका बेराइ आँधीहरूमा
श्राप दिन्छ युग सजायको मुटु
तैपनि बेवारिसी सुल्भन सक्दैन
फगत कीराहरू हाँस्छन् घाँटीहरूमा।
वर्षलाई छाड्दै आएका वर्षहरू साथ छन्
साथ उजाड अग्लाइ
जहाँ कामसम्म आत्महत्यामा तुर्लुङ्गिएका छन्
र मुन्तिर तापक्रम हराइसकेका मथने गाभेर साथ छन्
यी थेग्रा,
झारपात र मुटुको ढुकढुकी,
दिनको उज्यालोका विरुद्ध
त्यो अँध्यारो सूर्य झुन्डिएको इन्द्रेनीबाट
मेरो कोठामा चियाइरहन्छ
सुल्झिन सक्दैन तैपनि
यी अनन्त चुच्चाका ठेलाहरू
सर्वाङ्ग अस्तित्वमा गाभिसकेका
दिन यहाँ सधैँ अस्ताएको छ
मेरो उमेरका विरुद्ध
यो आँपको कोया हो मृतहरूले छाडेर गएका

त्यसैले चुसेको छु यसलाई स्वादहीन भए पनि
छाम्दाछाम्दै जीवन सम्पूर्ण वर्षका औँलाहरूले
पनि सित्तै फर्कनुपर्छ
मासिएको ओथारे फुलको खोस्टा बोकेर,
भुइँमुनि श्वास थुनिएको छ,
भर्खर जन्मेको बच्चाले आगो खायो
र आगोले यसलाई
कताका विभ्रान्त जिब्रा र बोली चिर्कामा विश्राम
सबै यहाँ भन्छन्, तर त्यो बच्चाले जस्तो पाठेघरभित्रको
(यहाँ कसैको देश र घरबार हुन सक्दैन)
यी घरहरू घर हुन सकेनन्
यो देश, देश हुन सकेन
खालि, हो भन्ने विश्वासमा तैपनि पासो हालेर
यो दूधे गिदी जब-जब मुर्छिन्छ!

म मुटुको ढुकढुकीद्वारा
त्यो कालो भकुन्डोलाई फेरि पर फाल्छु,
त्यो दिन सधैँ अस्ताएको मेरो उमेरका विरुद्ध
कालो दिन दुख्छ मेरो खुट्टाको श्वाससँगै
मेरो बूढी दुब्लाएकी विश्व, यो अस्ताएको सूर्य
अटाउन सक्दैन, मेरो कोठा झुन्डिएको सिलिङका कीला
जहाँबाट सिकिँदै जान्छन् रगतका बेवारिसी थोपाहरू
र सँगै रङ्गीन फिँजहरू बाढीका तरङ्गहरूमा
तैपनि बेवारिसी सुल्झिन सक्दैन
फगत हाँस्छन्, वारिसहरू कीरैकीरा घाँटीमा।
●

## तिमी समुद्रजत्तिकै नजिक अनि त्यति नै टाढा


●

म आँधी र समुद्रबीच पानीको पहरामा
तिमी समुद्रजत्तिकै नजिक
अनि त्यति नै टाढा
लाग्दछ यी बाक्ला रूखहरू
र गुनगुनाउँदा धानका बालाहरू

मेरो एकलासे बोझिलो स्वतन्त्रता
र यी पहाडहरू सबैभन्दा पीडाका मुहान भएर
हात फैलाएर उभिएको छु
जरा नभएको अजङ्गको रूखका फैलिएका
हातका हाँगाजस्ता आँधीबेहरीको प्रतीक्षामा
तिमी त्यसरी नै आयौ
समुद्रको छलाङभन्दा पनि उत्कृष्ट
भेटेँ/चिनेँ/पाएँ तिमीलाई
र गुलाफका काँडाहरूसँगै रोइदिएँ
तिमीसित बिदा मागेँ जब सदाका निम्ति
मैले चिनिन कि...
वियोगका रहरलाग्दा प्रक्रिया
तिमीसित तिमीबाट पर
जब म सर्पले डसेको विभ्रान्त निद्राबाट ब्युँझिएँ
यो आउँदो–जाँदो दोहोरिने
हत्यारा बिहान
एक्लो म
अनि मृत्युको राम्रो कुकुरसित खेल्दै
तिमीसम्मै पुग्न खोज्ने
तिमी समुद्रजत्तिकै नजिक
अनि त्यति नै टाढा
लाग्दछ अब त यसरी
यी सुसेल्दा रूखहरूका माझ
र गुनगुनाउँदा धानका बालाहरूका गीतको तरङ्गसितै
हाँस्दै हरियो जवानमै मरिदिऊँ
चुपचाप/निःशब्द/एक्लो
तिमी समुद्रजत्तिकै नजिक
अनि त्यति नै टाढा
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : कृष्ण जोशी

**नाम** : कृष्णप्रसाद जोशी

**जन्ममिति/स्थान** : १९९६ माघ २०, भोजपुर

**फोन** : ०१-४७७०३१७/९७४११३५७७२

**लेखनप्रारम्भ** : २०१३

**प्रथम प्रकाशन** : ***बालसाहित्य***मा (२०१३ तिर)

**राष्ट्रिय स्तरमा** : *मेरो पारोबिनाको ऐना* (***गोरखापत्र***, २०१९ पुस १४)

**कृति** : ***विसङ्गत स्वरहरू*** (गीतिकवितासङ्ग्रह, २०४९), ***पोखरीभित्रको शताब्दी*** (२०५४), ***आगो-समुद्र : पानी-समुद्र*** (२०५८), ***चित्रदंश*** (कवितासङ्ग्रह, २०६१) लगायत तीनवटा कविता प्रकाशित

**पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु, शुभराज्याभिषेक पदक, जानपद दीर्घसेवा पदक, जानपद सेवा पदक, दैवी प्रकोप पीडितोद्धार पदक, व्यथित काव्य पुरस्कार, सम्मानपत्र

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता देखिने जीवनको बाह्य वर्णन मात्र होइन, जीवनभित्रको उथलपुथलको उत्खनन पनि हो।"

**नजरमा आफैं** : "मेरो दृष्टिमा मैले सबैभन्दा मन नपराउने मान्छे– 'म'।"

**सम्पादकको कलम** : स्रष्टा कृष्ण जोशी सूक्ष्म मानवीय संवेदनाका कवि हुन् भने उनका कविताहरू सुन्दर जीवनको पक्षमा गुञ्जित मधुर आलाप हुन्। कवितामा समयचेतना, अस्तित्वचेतना र सौन्दर्यचेतनाको इन्द्रधनुषी मेधा उनको विशिष्ट काव्यिक निजत्व हो भने कविताको सागरीय छालसँगै दर्शनमा डुब्नु उनको सोख हो। जम्मामा आधुनिक नेपाली कविताभित्र उनको स्थान सुरक्षित लाग्दछ।

●

*कृष्ण जोशी*

# शिखर पुग्नुअघि

●

एउटा यात्राको समाप्तिले भन्दा
एउटा यात्राको प्रारम्भले मात्र पनि
मनलाई त्यसै–त्यसै आन्दोलित पार्दो रहेछ
गहिराइमा नदीको डुब्नुभन्दा
किनारमा बसेर डुब्नुको अन्दाजले पो
मनलाई त बिथोल्दो रहेछ।

अपराधपछिको अपराधी सन्त्रास भोग्नुभन्दा
अपराध तयारीको सुरुआतले मात्र पनि
आगो लागेझैँ पोल्दो रहेछ
अपराधतर्फको प्रस्थानले भन्दा पनि
बहकिने मनको बानीले पो
दोष भोग्नुपर्दो रहेछ।

ठूलो कुनै दुर्घटनामा पर्नुभन्दा पहिले
दुर्घटनास्थलतर्फको अभियान पनि कहिलेकाहीं
नियन्त्रण गर्नुपर्दो रहेछ
गल्ती कुनै हुनुभन्दा पहिले
हुने गल्तीको मिठासबाट
आन्दोलित हुन पो साह्रो रहेछ।

पाएपछि खोजेको चिजको
मूल्यलाई बिर्सनुभन्दा
खोजिरहने अभियानको सुरुआत पो
महँगो र सुखद रहेछ
सुन्दर सर्वाङ्गहरूलाई सखाप पार्नुभन्दा त
विचरणबाट मात्तिनु पो
धेरै कठिन रहेछ।

गहिराइ कति हो थाहा पाउन
शिखर पुगेर खस्नुभन्दा
धेरै बेर तलसम्म हेरेपछि
प्रस्थान गर्नु पो शिखरबाट कठिन रहेछ
शिखर पुगेर शिथिल र थकित हुनुभन्दा
चिसो–चिसो हिउँ र बतास हुनुभन्दा
शिखर पुग्नुअघि नै
शिखर छाड्नु पनि अप्ठेरो
अति धेरै अप्ठेरो रहेछ।

घाइते कुनै ठूलो दुर्घटनाबाट हुनुभन्दा
सानै घटनाको घाउ पनि पर्याप्त दुख्दो रहेछ
आँखाहरू सबैलाई छलेर केही क्षण
एकान्त जङ्गलसँग साटिनुभन्दा
पसल–पसल सहरमा टाँगिनु पनि कठिन रहेछ
घर–घरमा बत्तीहरू, अँध्यारो पनि महँगो छ
शिखर पुग्ने पनि हतार छ
शिखर पुग्नुअघि शिखर छाड्न पनि कठिन छ
ठूलो दुर्घटनालाई छल्न
सानो घटनालाई भोग्न पनि हतार छ।
●

## आँसु रुभ्रेर : देवताहरू

●
पानी भएर पानी
पहिरो भएर भीर
कामिरहेछन्
लाग्छ पानी होइन, मृत्यु टेकिरहेछन्
पहिरो टेकिरहेछन्– मान्छेहरूले

उडिरहेछन् भोका चील–गिद्धहरू
च्यापेर मान्छेको स्वाद
मान्छेकै आकाशभरि

यस्तो लाग्छ
चील-गिद्धका भोक बाँचिरहेछन्
सबै दिशाहरूबाट/निसानाहरूबाट
अप्रत्याशित आउने
अन्तिम क्षणको सम्भावना पर्खिएर– मान्छेहरू

दुर्गन्ध पोखिएको छ
बाँच्ने ठाउँहरूमा
बाँच्नुको परिभाषा वमन भएर


पत्याउनु गाह्रो छ
विषाक्त हुन सक्छन् हरेक क्षणहरू
नपत्याउनु झन् साह्रो छ
निर्भय पनि त हुन सक्छन्– कुनै क्षणहरू

अन्तिम संस्करणभित्र
खोजिरहेछु यति बेला मान्छेलाई
बाघ-भालु-चितुवाका नङ्ग्राहरूमा/सर्पदाँतहरूमा
साङ्घातिक समयका अनुहारहरूमा
कहिलेकाहीँ मान्छेइतर मान्छेहरूमा

साह्रै विश्वास छ
र त अन्तिम विश्वास हुन् देवताहरू
साह्रै अविश्वास छ
वरदानशून्य पनि छन् देवताहरू

निर्विचार छु
प्रसादमा कुन मृत्यु चढाऊँ
ढुङ्गाको आँसु रुझिरहेछन् स्वयम् देवताहरू।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : विनोद अश्रुमाली

**नाम** : विनोदकुमार काफ्ले छेत्री


**जन्ममिति/स्थान** : १९९६ चैत २, झापा

**फोन** : ०१-४४८९२४०

**लेखनप्रारम्भ** : –

**प्रथम प्रकाशन** : २०१९ तिर (***भानु***)

**राष्ट्रिय स्तरमा** : ,,



**कृति** : ***एक अँजुली जूनकीरी*** (कवितासङ्ग्रह); ***सञ्चय*** (डाइजेस्ट) को सहसम्पादन

**पुरस्कार/सम्मान** : कविता महोत्सवमा प्रथम पुरस्कार (२०३३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जिन्दगीको बाँझो खेत अनुभवको हलोले जोतेर हृदयको पाखाभरि पाकेको ज्ञानको फसल जो दिमागको चुलामा छड्काएर शब्दहरूको थालमा सजाइन्छ, त्यही नै कविता हो।

**नजरमा आफै** : म झुक्नुपर्दा सजल बादल हुन सक्छु, म रुक्नुपर्दा अटल हिमाल हुन सक्छु; तर आफूले आफैलाई जब नियालेर हेर्छु, आफ्नै खल्तीमा खुम्चिएको रुमाल हुन पुग्छु।

**सम्पादकको कलम** : समाजमा व्याप्त अन्याय, अत्याचार र शोषणको विरोध गर्दै प्रेम, दया र करुणाजस्ता विशिष्ट मानवीय संवेदनहरूको उच्छलन साहित्यमा हुनुपर्छ भन्ने मान्यता राख्ने शब्दशिल्पी कवि विनोद अश्रुमाली आफ्ना कविताहरूमा सरल र सरस ढङ्गबाट सत्य, शिव र सुन्दरको यथाशक्य प्रतिष्ठापन गर्न चाहन्छन्। साहित्यले समाजलाई पथप्रदर्शन पनि गर्नुपर्छ भन्ने कल्याणवादी विचारका संवाहक कवि अश्रुमालीका कविताहरूले पनि यिनै कल्याणमयी सत्यलाई नै काव्यवर्चस्वका रूपमा स्थापन गर्न खोजेको स्पष्ट जाहेर हुन्छ।

●

*विनोद अश्रुमाली*

# रात कुल्चेर हिँड्दै छु

●

रातलाई आँखामा निचोरेर हरेक रात
एक-एक थोपा चाट्छु,
सुत्नेहरूहो, सुत
हजारौँ सपनाका मालिक तिमीहरू!
रात भनेर म पनि सुतेँ भने
आकाशका जम्मै घाम-जून-ताराहरू
मसँगसँगै सुत्नेछन्,
मेरो सुन्दर, शान्त र विशाल मौन
नदीको पानी भएर बग्नेछ,
मैले थाहा नपाई
मेरो कोठाको मनिप्लान्ट
एक सुत बढ्नेछ,
फूलहरूमा रङ्ग र सुगन्ध चढ्नेछ।

म सृजनाको हरेक पल
जिन्दगीबाट उम्काउन चाहन्नँ,
त्यसैले रातलाई पनि
मेरा दिनहरूलाई जस्तै
घाँटीमा अँठ्याएर लछारपछार पार्छु
चोक्टा-लाम्टा छर्छु
रात मानेर सुत्नेहरूहो, सुत
हजारौँ बिपनाका सालिक तिमीहरू!

मेरा आमाहरू
लिलाम चढिसकेका छन्
म अब निश्चिन्त छु
स्वतन्त्र छु
म कुनै निद्राको कैदमा छैन
सपनाहरूको कैदमा पनि छैन।

अब मेरो कुनै बिहान छैन
कुनै साँझ पनि छैन
मध्याह्नको रापिलो घाम
पिठ्यूँमा बोकेर बाँचेको छु
मलाई कुनै डर छैन।

रात कुल्चेर हिँड्दै छु
पाइताला रगताम्मे छन्
पदचिह्न छोड्दै छु
होस गर सुत्नेहरूहो,
हजारौँ सपनाका मालिक तिमीहरू!
हजारौँ बिपनाका सालिक तिमीहरू!!
●

## कति दिन ?

●
हेरूँ, कति दिन गाँज्ने हो
अक्टोपसको पन्जाले मुटु-कलेजो।

रगताम्मे हुन्छ विचार
उठ्नेबित्तिकै हरेक बिहान
लङ्गडो हुन्छ भावना
मनको सहरमा भूकम्प गइरहन्छ
आगलागी छ त्यहाँ
धूवाँ उठिरहन्छ मुस्लो-मुस्लो
आर्तनाद छ दसै इन्द्रियहरूमा
अस्तव्यस्त छन् अङ्गप्रत्यङ्ग।

ममताको काखबाट चुँडिएको जिन्दगी
मायाको अग्लो रूखमा अल्झेर बसेको छ
उडोस् त बन्धन छ
बसोस् त पाइतालामुनि कुनै धरती नै छैन।


हरेक वर्षा
बूढो पहाडको खुट्टा धोएर
नदीनालाहरू हिँडिदिन्छन्
हरेक शरद्
आकाश पुछेर हाँसिदिन्छ
तर आफ्नो यो मन
पीडाको हरियो हिमाल बोकेर
सधैँ चुपचाप निदाउँछ।


हेरूँ, कति दिन घोच्ने हो
लालीगुराँस र सयपत्रीले मुटु-कलेजो।
●

## जिन्दगी : टाँचा नमारेको टिकट

●
अधुरो जीवनको
सबै थोक त अधुरो छ
धरती-आकाश, घाम-जून-तारा
सारा-सारा
आधा छ,
अधुरो छ;
तर यो अधुरो कहानीबीच
जब-जब तिमी मुस्काइदिन्छौ
तब यो जिन्दगी
त्यो हुलाक टिकटजस्तै लाग्छ
जो लिफाफामा टाँसिएको भए पनि
हुलाकको टाँचा लाग्न छुटेको हुन्छ।
●

# कविसन्दर्भ





**साहित्यिक नाम** : कालीप्रसाद रिजाल

**नाम** : कालीप्रसाद रिजाल

**जन्ममिति/स्थान** : १९९६ चैत १०, धरान

**फोन** : ०१-४४७०७७९

**लेखनप्रारम्भ** : २००७ देखि

**प्रथम प्रकाशन** : *सम्झनाको बाढीले वेदनाको मूल फुटायो* (२००७)

**राष्ट्रिय स्तरमा** : *मायाको प्रदेश* (*ज्योति*, २०१३)

**कृति** : ***ज्वारभाटा*** (२०१९), ***रिजालका केही कविता*** (२०२५), ***यो प्रश्न कोसित सोधौँ*** (२०४७), ***आफैँलाई हराएपछि*** (कवितासङ्ग्रह, २०६१), ***के छ र जिन्दगी बिताइदिन्छु*** (कविता-गीतसङ्ग्रह, २०३६), ***आँखा छोपी नरोऊ भनी*** (गीतसङ्ग्रह, २०४५), ***केही गीत केही गजल*** (गीत-गजलसङ्ग्रह, २०५४), ***सुम्निमा*** (बी. पी. कोइरालाको उपन्यासको हिन्दी अनुवाद, सन् १९६७), ***यशोधरा*** (गीतिनाटक, २०५९), विभिन्न गीति एलबमहरू

**पुरस्कार/सम्मान** : प्रज्ञा-प्रतिष्ठान पदक (२०२०), रत्नश्री स्वर्ण पदक (२०३४), छिन्नलता पुरस्कार (२०४९), हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार (२०५३), कृष्णकुमारी-मनोरथ नेपाल साहित्य पुरस्कार (२०५८), २०५७ सालको सरकारी राष्ट्रिय प्रतिभा पुरस्कार अस्वीकार गरेको, अन्य विभिन्न सम्मानबाट अभिनन्दित

# दृष्टिसन्दर्भ

**कविताप्रति** : म कवितालाई जति सकिन्छ बढीभन्दा बढी मानिससँग पुगोस् भन्ने चाहन्छु र प्रत्येक कविले आफ्नो शैली र पन साहित्यसिर्जनामा दिनुपर्छ। कालीप्रसाद रिजालका कवितामा कालीप्रसाद रिजालकै पन र शैली हुनुपर्छ। यसलाई नारा, प्रवचन र राजनीतिक वादले थिच्नु हुँदैन। साहित्य साहित्य नै हुनुपर्छ। यसप्रति हाम्रो भावी पुस्ताले सोचोस् भन्ने अनुरोध गर्दछु।

**नजरमा आफै** : आम मानिसमा हुने गुण-अवगुण ममा पनि छन्। साहित्यमा जति मैले गर्नुपर्थ्यो त्यति गर्न सकिरहेजस्तो लाग्दैन। फेरि मैले जहिल्यै विभाजित हुनुपऱ्यो साहित्यिक व्यक्तित्व र अन्य व्यावहारिक एवम् जागिरे व्यक्तित्वमा। यी व्यक्तित्वबीच द्वन्द्व र अतिक्रमणसँगै आफू उन्मुक्त हुन नसकेको र दबावले थिचेको अनुभव पनि भइरह्यो।

**सम्पादकको कलम** : प्रणय र वेदनाका सफल गीतकारका रूपमा पनि परिचित छन् कवि कालीप्रसाद रिजाल। युगचेतनालाई विशिष आत्मसात् गर्दै समकालीन घटन-विघटन सन्दर्भित मानवीय संवेदनाहरूलाई सरल र सरस एवम् लयात्मक काव्यमाधुर्यमा अङ्कन गर्नु उनको निजी पहिचान हो।

●

*कालीप्रसाद रिजाल*

## ऐनामा हेर्दा

●

ऐनामा हेर्दा आफूलाई
झलक्क कतै देखेजस्तो लाग्छ
चिनेजस्तो, बात मारेजस्तो लाग्छ

थाहा छैन एकलास हो कि कोलाहलमा
खुसियाली हो कि सुँक्क-सुँक्कमा
सपना हो कि बिपनामा
आँगनमा हो कि कतै परदेशमा
कि कसैको अनुहारमा
भेटेजस्तो लाग्छ, देखेजस्तो लाग्छ

ऐना हेर्दा अनुहारमा
आफ्नै मनको छाया परेजस्तो लाग्छ
आफैले आफैलाई छोएजस्तो
केही भेद खुले-खुलेजस्तो
आफैले आफैलाई प्रश्न गरेजस्तो, केरेजस्तो लाग्छ

आफ्नै आँखाले आफैलाई लखेटेजस्तो लाग्छ
सङ्कोच र केही भयले
आँखा झुके-झुकेजस्तो लाग्छ
आफ्नै अन्तरकुन्तरमा
आफै लुके-लुकेजस्तो लाग्छ

विवश, विवश
थकित, थकित
दयनीय, दीन
हीन, उत्साहहीन
लखतरान परेका सिकारी र सिकार
लखेट्न असमर्थ, भाग्न असमर्थ

दुवै एकै थलोमा पल्टिएजस्तो लाग्छ
मानौँ एउटा तीर र एउटा मुटु
सँगसँगै सुताएजस्तो लाग्छ

आफूलाई आफ्नै अनुहारले मोसो दलेर
आफ्नो ठेलागाडीमा आफैलाई गुडाएर
आफ्नै मुटुले टिन ठटाएर आफ्नै छातीमा
आफ्नै मुखले थुकेर, आफ्नै आवाजले कराएर
आफ्नै हूलले आफूलाई आफूभरि घुमाएजस्तो लाग्छ
ऐनामा हेर्दा कैले त
आफ्नै मुख च्यातिदिऊँ जस्तो लाग्छ

आँखा फुटाइदिऊँ, खप्पर फोरिदिऊँ जस्तो लाग्छ
आफैले आफूलाई ढुङ्गा हानेर
झन्यामझुरुम फुटाइदिऊँ जस्तो लाग्छ
ऐनामा हेर्दा कहिले चाहिँ
सुमसुम्याएर आफैँ आफ्नो आँसु पुछिदिऊँ जस्तो लाग्छ
आफ्नो काखमा राखेर आफैलाई
म्वाइँ खाइदिऊँ, माया गरिदिऊँ जस्तो लाग्छ

बेस्मारी अँगालो मारेर आफैलाई
डाँको छोडेर रोइदिऊँ जस्तो लाग्छ
आफैले आफैलाई धोइदिऊँ जस्तो लाग्छ
तर अँगालोमा त सायद ऐना मात्र हुन्छ
र बेस्मारी थिचिदिँदा ऐना फुटिदिन्छ
बिझिदिन्छ ऐना, रगत आइदिन्छ
ऐनाका टुक्राहरू देख्दा आफै फुटेजस्तो लाग्छ
आफैलाई कतै काटेजस्तो लाग्छ
रगत होइन, आफै बगेजस्तो लाग्छ
आफैलाई आफू कतै चस्किए, दुखेजस्तो लाग्छ

प्रश्नलाई ऐनाले प्रश्नकै रूपमा उत्तर दिन्छ
हरेक मुद्रालाई उही मुद्रामा जवाफ दिन्छ
ऐनामा हेर्दा आफै जमेर ऐना भएजस्तो लाग्छ
आफै आफ्नो फ्रेमभित्र परेजस्तो लाग्छ

आफूले होइन, ऐनाले आफूलाई हेरेजस्तो लाग्छ
कीला ठोकेर आफूमाथि आफैलाई टाँगेजस्तो लाग्छ
आफ्ना आँखाले आफैलाई नङ्ग्याएर
आफ्नो अपराधी हातलाई आफ्नै हातले समाएजस्तो
आफ्नो टाउकामा तुर्लुङ्ग आफैलाई झुन्डचाएर
आफ्नो एनाटोमी गरेजस्तो लाग्छ
आफूलाई मारेर आफैभित्र दबाएजस्तो लाग्छ
आफूलाई पाएर आफ्नो सबै गुमाएजस्तो लाग्छ
●

## मेरो विषयमा

●
मलाई मन नपराउनेहरू
मेरो विषयमा
अक्सर भन्ने गर्छन्
यसका कविता त राम्रा हुन्छन्
गीतहरू पनि राम्रा छन्
तर मान्छे भने ठीक छैन
यो सुन्दा मलाई
अत्यन्त सन्तोष
परम गौरवको अनुभव हुन्छ
मेरो झन्डै पाँच दशकको
साहित्यसाधनापछि
आज आएर कसैले मलाई
मान्छे त बेस हो
तर कविता र गीत भने
राम्रा छैनन् भनेर
टिप्पणी गरेको भए
हे परमेश्वर!
मेरो के हाल हुन्थ्यो होला??
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : पूर्ण वैद्य

**नाम** : पूर्णबहादुर वैद्य

**जन्ममिति/स्थान** : १९९७ भाद्र १२, भक्तपुर

**फोन** : ०१-४२२४२४३

**लेखनप्रारम्भ** : ११/१२ वर्षको उमेरमा

**प्रथम प्रकाशन** : *बिहान* (***बिहान***, २०१२ तिर)

**राष्ट्रिय स्तरमा** : *सन्तप्त धर्तीमा उभिएर* (***उदय***, २०१६ तिर)



**कृति** : ***पूर्ण वैद्यका कविता*** (२०५७), ***सरासु*** (नेपाल भाषा, २०२६), ***कवितायालागा*** (कवितासम्बन्धी रचना, २०२१), ***लः लः खः*** (पानीशृङ्खला, २०५३), ***जि छगु अभिव्यक्ति युगया*** (निबन्धसङ्ग्रह, प्रकाशोन्मुख)

**पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा पुरस्कार (कविता), श्रेष्ठ सिरपा पुरस्कार (निबन्ध) (२०४७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), अस्वीकृत विचार साहित्य पुरस्कार (२०५८), साहित्य सन्ध्या पुरस्कार (२०५९), विशिष्ट सम्मान (प्रगतिशील लेखक सङ्घ, २०६३), भक्तपुर साहित्य समाजद्वारा अभिनन्दन (२०६३)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : "संवेदना र अनुभूतिको सिर्जनात्मक योग हो; जहाँ कविको सामाजिक दायित्वबोध पनि हुन्छ।"

**नजरमा आफै** : "एउटा सामान्य, सरल र स्वाभिमानयुक्त व्यक्ति। अरूको भलोमा बढी चिन्तित हुने, मैत्री र करुणाले बढी संवेदित हुने काव्यभूमिका निर्वाह गरिरहेको एउटा सामाजिक पात्र।"

**सम्पादकको कलम** : स्रष्टा पूर्ण वैद्य मूलतः नेपाल भाषाका विशिष्ट कवि भए पनि नेपालीमा समेत उनका सशक्त कविताहरू प्रकाशित छन्। कवि वैद्यका निम्ति कविता एक प्रकारको विम्ब हो। उनी कवितामा भाषिक प्राञ्जलतासहित प्रतीकको सहाराबाट विम्बलाई आकार दिन्छन् र सम्यक् अर्थबोध गराउँदै पाठकलाई गन्तव्यमा पुऱ्याउँछन्। शाश्वत प्रकृतिको सार्वभौम सत्य र मानवीय सत्यलाई दार्शनिक गहिराइका साथ अन्तर्भूत गरेर वर्तमानसँग सान्निध्य कायम गर्छन् र नितान्त वैयक्तिकजस्तो काव्यिक उद्‌बोधनमा पनि साधारणीकृत पक्षमा आफूलाई उभ्याउँछन्। जम्मामा उनी स्वर र शिल्प, भाव र भाषा, अनुभूति र अभिव्यक्तिको गरिमापूर्ण संयोजन गर्ने कुशल शिल्पी हुन्; सशक्त आधुनिक कवि हुन्।

●

*पूर्ण वैद्य*

## टुक्रा-टुक्रा जिन्दगीमा

●

कतिपय विचार
व्यवहारमा साट्न नसकी
आजको बजारबाट
        जिन्दगी– म
        कैयौँ पटक खोटो साबित भई
                        फर्केको छु।
        आफ्नै भाउ हराएको
        यस सहर–बजारमा
        अजङ्गको टल्कने साँपझैँ–
        बग्दै आइरहेको सभ्यताको जीउमा
                                चिप्लिएर
        कैयौँ पटक मैले आफैलाई–
                        हराएर आएको छु
        आफैले आफ्नो हुलिया दिएर आएको छु
प्रचलित मूल्यको
सख्त विपरीत– म
        दिनहुँ–
        अवमूल्यनको–
                सिँढीबाट खसेर
बैँसभरिको आँटमा
        साँचेर ल्याएको
        सिङ्गै रूप मेरो
        छताछुल्ल पोखिएका छन्
        हिलैहिलोको यस दोबाटोमा
कति टिप्नै नभ्याई
कतिपय मानिसहरूको क्रूर अहम्मा
        रूप मेरो चूर्ण भएको छ
        जहाँकहीं कुल्चिएर
यसरी आज म
आफ्नै बन्दो आकृतिबाट

धुजिएर च्यातिएको छु
टुक्रिएर फुटेको छु
आफ्नै इच्छित रूपबाट
विखण्डित– म
टुक्रा–टुक्रा जिन्दगीमा
बेरूप बाँचेको छु
रूप आफ्नो हराउँदै आएको छु।
रूखको विशाल रूप
सूक्ष्मतामा घनीभूत बियाँझैं
कुण्ठित स्थितिको
सीमिततामा बन्धित– म
आफै रूपको
मात्र, प्रारूप
सीमितता र अनिश्चितताबाट घस्रँदै
आफ्नो रूपको आकाश खोज्न हिँडेको,
फैलिन–
तर, उज्यालो समय खोज्दाखोज्दै
यहाँका फोहोर अँध्यारा समयहरूले
मलाई कति खाएका छन्
कीरा लागेको बीउझैँ।
सान्त्वनाले मात्र
टालेको जिन्दगी– यो।
जहाँ पनि तन्काइराखेको
काँडे–यथार्थहरूमा मात्र
अड्केर–
जिन्दगी मेरो जहाँतहीँ च्यातिएको छ।
तिमीलाई थाहा छ–
जिन्दगी– म
जहाँ–जहाँ हो च्यातिएको छु
त्यहीँ–त्यहीँ नै मेरो समय
नाङ्गो देखिएको छ
घाउबाट पिपझैँ
त्यहाँ मेरो सत्यबाट
बीभत्स र विसङ्गतिहरू
चुहिँदै आइरहेछन्।

किर्तेमा नै अरूको प्रारब्ध
बेचबिखन हुने
यस सहर–बजारमा
म फेरि आफैलाई बटुल्न आइरहेछु
चूर्ण भएका आफ्ना रूपका कनिकाहरू
सधैर्य जोड्न र फिँजाउन
म फेरि आफ्नो जमिन खोज्न आइरहेछु
मात्र मोलतोलको यस धरातलमा
म फेरि आफ्नो मोल सोध्न आइरहेछु
आफ्नो विचार साट्न आइरहेछु
यहाँका व्यवहारहरूमा।
●

## सत्य

●
सत्य!
पानीको एउटा समुद्र हो।
मान्छेहरूले आ–आफ्नो भाँडोअनुसार
त्यसलाई भरिलिन्छन्

अनि, तिनीहरू एकआपसमा
त्यसको लम्बाइ, चौडाइ र गहिराइको कुरामा
टाउको फुट्ने गरी लड्छन्।
आफ्नो भाँडाको दोष
कसले पो देख्न सक्छ र?
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : कृष्णभक्त श्रेष्ठ

**नाम** : कृष्णभक्त श्रेष्ठ

**जन्ममिति/स्थान** : १९९७ कार्तिक, काठमाडौँ

**फोन** : ०१-४२२०३०७

**इमेल** : pushpa@info.com.np

**लेखनप्रारम्भ** : १२/१३ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : ***शारदा*** वा ***प्रगति***मा (२०११/१२ तिर)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***कृष्णभक्त श्रेष्ठका कविता*** (२०३३), ***मान्छेको कथा*** (२०५३), ***रातको दस बजे*** (२०६०), ***ठूलो मान्छे*** (कवितासङ्ग्रह, २०६१); ***मधुपर्क, गोरखापत्र***को सम्पादन

**पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार, देवकोटा काव्य सम्मान, हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "मेरो कुनै निश्चित अवधारणा छैन।"

**नजरमा आफै** : "खै, मैले आफूलाई ठम्याउनै सकेको छैन।"

**सम्पादकको कलम** : प्रयोगधर्मी चेतका कवि कृष्णभक्त श्रेष्ठ आधुनिक नेपाली कवितावृत्तका एक गर्बिलो सिलसिला हुन्। उनका कविताहरू एकातिर बुझ्नु र नबुझ्नु, हुनु र नहुनुबीचको दूरीमा सिर्जित मान्छेका गोधूलिपीडाका सुरुचिपूर्ण कलात्मक संवेदनहरू हुन् भने अर्कातिर यस लोकमा युद्ध हुनुअघि नै परास्त हुनुपर्ने, नबल्दै जो निभ्नुपर्ने सिद्धि बिर्सिएको विवश साधुझैँ आफैमा निर्वासित अभिशापग्रस्त मानवीय चेतनाका अस्तित्वशील उत्सवमय स्व-आशीर्वाद हुन् र अर्पण गर्न नपाएको श्रद्धाञ्जलीझैँ कैयौँ भग्नावशेषका जीवन्त आस्था हुन्। लाग्छ, मृत्युको सहज वरणको अहम् स्वीकृतिस्वरूप आफ्ना कवितामै कवि कृष्णभक्त श्रेष्ठले मोक्ष प्राप्त गरिसकेका छन्।

●

*कृष्णभक्त श्रेष्ठ*

## अभिशप्त मान्छे

●

समय नहुँदै जसले आँखा उघार्छ
उसले धेरै कुरा देख्छ
देख्न हुने पनि देख्छ
देख्न नहुने पनि देख्छ
यसरी एक पल्ट आँखा उघारेपछि
सक्दैन फेरि चिम्लन उसले
देखेको नदेख्यै गर्न पनि सक्दैन

देख्नैपर्ने बाध्यता
एउटा पाप हो
प्रायश्चित्त त गर्नैपर्छ–
अझ बढी देखेर

यो त आफैमा एउटा सराप पनि हो
जति बढी देख्यो
त्यसभन्दा बढी देख्दै जानुपर्ने–
सर्वाङ्ग नाङ्गै नहुन्जेल
यो एउटा दण्ड पनि हो
सिसिफसले जस्तै बोक्न विवश
बिसाउनै नपाउने
बाँचुन्जेलको एउटा बोझ

त्यसैले उघार्न हुने आँखा
र उघारेपछि
देख्नैपर्ने पीडाबाट आक्रान्त छ
आतङ्कित छ
अभिशप्त छ मान्छे!

●

## मान्छेलाई

●

मान्छेलाई
हो, मात्र मान्छे भइदिए
पर्याप्त हुँदैनथ्यो र!
भए-नभएका अलौकिक
दिव्यास्त्रहरू बटुलेर उसलाई
महान् योद्धा किन भनाउनुपरेको!
स्यालको जमातै पछि लगाएर
होहल्ला गराउँदै
महामानव किन बन्न खोजेको!
आँखा खोल्ने निहुँमा
भक्तजनहरूलाई अन्धो बनाएर
ईश्वरै पनि किन बन्नुपरेको!
मान्छेलाई
हो, मात्र मान्छे भइदिए
पर्याप्त हुँदैनथ्यो र!

●

## एकलासमा बसी : एक्लै

●

बाँझो बारीको ढिस्कोमा उम्रेको
नीलकाँडा र सिस्नुको झाङबाट
नियाल्नसम्मन् नियाले हेरेँ मैले
किर्ते
जालसाजी
फिरादपत्रजस्तो
यहाँको अस्तित्व
मैजस्तो मान्छेको व्यक्तित्व–
उठाएर टाउको छेपारोले जस्तै।


अनि
फर्काएर दुइटै आँखा आफैभित्र

फरक्कै
हेर्न चाहन्छु
म आफै पनि के रहेछु!

कछुवाले जस्तै थुतेर टाउको
हातखुट्टा
आफैमा खुम्चन चाहन्छु।
सारसले जस्तै
तानेर लामो गर्धन
भरिएको गाँड आफ्नै चुच्चाले
कन्याउन चाहन्छु।

चाहन्छु नै अनि साँढेले जस्तै
डामेको साँढेले जस्तै
हतार–हतार खाएको सबै उग्राउन
एकलासमा बसी
एक्लै।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : युद्धवीर राणा

**नाम** : युद्धवीर राणा


**जन्ममिति/स्थान** : १९९८ मङ्सिर, गुल्मी

**फोन** : ०३७५१२६०१४९

**लेखनप्रारम्भ** : सन् १९६४/६५ तिर

**प्रथम प्रकाशन** : *यो ठाउँ* (***युगरेखा***, २०२८)

**राष्ट्रिय स्तरमा** : *घाम, त्यो हामी र हामी र मलाई छोडेर गएको बैँस* (***नेपाली कवितायात्रा***, सन् १९९०)



**कृति** : ***चिहान नपाएका तक्माहरू*** (खण्डकाव्य)

**पुरस्कार/सम्मान** : काष्ठकला विधामा प्रथम पुरस्कार (सन् १९६६), कला विधामा पुरस्कार (सन् १९७४), संस्कृति र ललितकलाका लागि सम्मानित (सन् १९९६), चित्रकला र भास्कर्यका लागि सम्मानित (सन् २००४), राष्ट्रिय पुरस्कार (नेपाली साहित्य परिषद्, सिक्किम), कृष्ण स्मृति पुरस्कार र सम्मान (सन् २००४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "देखेसुनेका दृश्य र कथाहरूको अनुभव, जीवनमा भोग्दै आएका दुःख-सुख, हर्ष-बिस्मात, पीडा, व्यथा तथा आनन्दानुभूति नै कविता हो। थोरै शब्दमा धेरै कुरा समेटेर मनोग्राही शैलीमा ढालेर सरल-सहज रूपले लयात्मक तथा मर्मस्पर्शी अनुभूतिको प्रस्तुति नै हो कविता र काव्य। कविता कला हो। कला नपुगेको कविता भावपूर्ण भए पनि श्रुतिमधुर हुँदैन। त्यसैले लाखौँ कवि भए पनि दुईचार जनाका कविता मात्र मन पर्ने हुन्छन्।"

**नजरमा आफै** : –

**सम्पादकको कलम** : स्रष्टा युद्धवीर राणा आधुनिक नेपाली कवितावृत्तका एक गर्बिलो हस्ताक्षर हुन्। केही प्रयोगशील सृजनधर्मिताका साथ सौन्दर्यात्मक प्रभावी अभिव्यक्ति दिन सक्षम कवि युद्धवीरका कविताहरू आफ्नो अस्तित्वको सूचना दिन स्वयम् सफल छन्। प्रकृतिका सरल र आकर्षक बिम्बमा मानवीय सूक्ष्म संवेदनायुक्त अन्तर्वस्तुको प्रकटीकरण निकै खुलेको आभास मिल्दछ। विचारसौन्दर्य र शिल्पसौन्दर्यको दोभानी सुन्दरता उनको काव्यिक उपलब्धि हो।

●

*युद्धवीर राणा*

## ऐ इतिहास, फर्काइदे मेरो सुगौलीको कागत

●

हरेक दिन यहाँ इतिहास केरिने गर्छ
हरेक दिन यहाँ इतिहासको पन्ना फेरिने गर्छ
हरेक दिन यहाँ इतिहासको अध्याय फेरिने गर्छ
हो, इतिहासले घटना चपाउँछ– घटना निल्छ
इतिहासले यहाँ घटना खान्छ,
इतिहासले यहाँ चङ्गेजको तुफान चपाएको छ
सुल्तान महमुदको आँधी निलेको छ।
मानको उर्लंदो खहरे पचाएको छ
त्यस्तै आज पनि
असमको हुन्डरी खाएर इतिहास अघाएको छ
खै! बुद्ध, अशोक जन्मेर पनि के भो र?
गान्धीवादको तोरण टाँगेर चिच्याए पनि खै के भो र?
लखिमपुर, गहपुर र नेलीका घटनाहरू खाँदा-खाँदा
अपच भएर इतिहास छटपटाएको छ।

ऐ इतिहास, मेरा अमरसिंह र भक्ति थापा फर्काइदे!
ऐ इतिहास, मेरा कालु पाँडे र बलभद्र फर्काइदे!

फर्काइदे मेरो सुगौलीको कागत!
मैले तँलाई दिएर ठूलो भूल गरेको छु,
हेर् मेरो अनुहारलाई, कसरी बाँचेर मरेको छु,
त्यसैले त्यो सुगौली-कागतका हरफहरू
धोएर ब्रह्मपुत्रमा बगाइदिन चाहेको छु
जसरी खुँडा-खुकुरी काँगडामा पखाल्दा
कटकटिएको रगत टिस्टाले बगाएको थियो
आज फेरि त्यसरी इतिहासका हरफहरू धोएर बगाइदिन चाहेको छु।

●

## विकलाङ्ग जिन्दगी


●

अन्तरिक्षमा चुलिएका अट्टालिका
यहाँ पनि मान्छे बस्छन्
रुन्छन् हाँसोमा
तल भुइँमा खर-परालका झुप्रा
यहाँ पनि मान्छे बस्छन्
र हाँसो उदाउँछ आँसुमा
आँसु खस्छ सुकेका रोटीका टुक्राहरूमा;
कोप्रिएको पेटमा आफ्ना हातखुट्टा गुजुल्टचाएर
पुस-माघको रात अँगाल्छन् चिसो
फिक्का चियाको खैरो पानीमा घाम उदाउँछ
अनि त कुँजिएका खुट्टा तान्छन्,
छाला चुस्दाचुस्दै आमाको छातीमा
च्याट्ट छोडेर बालक फिस्स हाँस्छ
उसले माथि अट्टालिका देखाउँछ
आमा आँसु हाँस्छे बालकको ओठमा औँला राखेर
माथिबाट हाँसो रुन्छ
आँसु स्वच्छ उसका आँखामा,
दिउसोको चर्को घामले यिनीहरूको पिठ्यूँ डाम्न सक्दैन
सहँदासहँदै नाङ्गो पिठ्यूँ ढाल भइदिएको छ
थाहै नपाई अगुल्टो ठोस्दाठोस्दै
पुस-माघको जाडो पनि उम्किसकेको हुन्छ,
पोहोर-परारजस्तै अहिलेको हिउँद-वर्षा पनि
आफ्ना हत्केलाबाट चिप्लिएर गए
जिन्दगीमा वसन्त आएर
कुन बेला फूल फुलाएर गयो
अथवा वसन्त आउँदै आएन, के थाहा?
हिजोजस्तै आज पनि खुस्केर गयो,
आकाशका ताराहरूजस्तै
अनन्त हरियो कल्पना छातीमा च्यापेर
साँझ-बिहानको जोहो गर्दागर्दै
जिन्दगीको फूल झरेर जान्छ!

मानौँ यी प्रत्येक निधारमा यस्तै हरफ लेखिएको छ,
घाम उदाउँछ आकाशमा
खै, जिन्दगीमा उदाउन सकेन
प्रत्येक वर्ष ऋतु फेरिन्छन् यो धरतीमा
तर यहाँ जिन्दगी पत्थर भएको छ
गोरेटो खन्दा–खन्दा
मूल सडक बन्न सकेन
त्यसैले यहाँ आँसुमा जिन्दगी हाँसेको छ,
बिहानीले यहाँ घाम बोकेर आए पनि खै के भो र?
औँसीको रातमा कहिल्यै जून उदाएन
अगेनाको डिलमा धिपधिप गर्ने टुकी
कहिल्यै सूर्य हुन पाएन,
यो भोको–नाङ्गो विवशताले विद्रोह जन्माउन सक्दैन
किनभने यहाँ पुरुषत्व छैन
लङ्गडा–लुला–विकलाङ्ग पारिएको छ
यसैले यिनीहरू युगसँग दगुर्न सक्दैनन्
न कुनै युग–प्रतिनिधि नै जन्माउन सक्छन्
फगत यहाँ कसैका लागि बाँचेको छ जिन्दगी
मुटुभित्र आँसु लुकाई कसैका लागि हाँरोक छ जिन्दगी।
●

## कविसन्दर्भ






**साहित्यिक नाम** : तुलसी दिवस

**नाम** : तुलसीप्रसाद जोशी

**जन्ममिति/स्थान** : १९९८ साउन, धनकुटा

**फोन** : ०१-५५२२६९०

**इमेल** : tdiwasa@info.com.np

**लेखनप्रारम्भ** : २०१२/१३ तिर

**प्रथम प्रकाशन** : *ज्योति*मा (२०१५)

**राष्ट्रिय स्तरमा** : *हृदयको बालक* (**रचना**, २०१८)

**कृति** : ***तुलसी दिवसका कविता*** (२०४०), ***नेपाली लोककथा केही अध्ययन, धिमाल लोकधर्म र संस्कृति, प्रदर्शनकारी धिमाल लोकसंस्कृति, नेपाली बाजाहरू, नेपाली लोककथा, नेपाली लोकसंस्कृति सङ्गोष्ठी, सेभेन पोएट्स*** (अङ्ग्रेजीमा) को सम्पादन

**पुरस्कार/सम्मान** : प्रज्ञा पुरस्कार (२०१८), दिनकर अन्तर्राष्ट्रिय साहित्य पुरस्कार (२०४८), एमिनेन्ट पोएट्स अवार्ड, राष्ट्रिय कविता महोत्सव पुरस्कार (२०१८), लोकसाहित्य पुरस्कार (२०३९)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता मान्छेको सिर्जनशील प्रतिभाको आजसम्मको विशिष्ट भाषिक अभिव्यक्ति र प्राप्ति हो भन्ने लाग्छ। कविताले मलाई आफूलाई हेर्ने दृष्टि दिएको अनुभव भएको छ। कवितामा जीवन, सौन्दर्यचेतना र उपयोगिताको समष्टि व्यञ्जना अभिव्यक्त गर्न सकिन्छ।"

**नजरमा आफै** : "म आफूलाई अझै खोज्दै छु।"

**सम्पादकको कलम** : युगचेतना र संस्कृतिचेतनाको सुन्दर दोभान भएर बग्न चाहने चर्चित स्रष्टा तुलसी दिवस आधुनिक नेपाली कविताका अग्रणी कवि हुन्। लोभलाग्दो विलक्षण विम्ब र प्रतीकसंयोजनसहितका शालीन एवम् प्रभावी व्यञ्जना उनको तीक्ष्ण काव्यचेतको सिर्जनात्मक प्रतिफलन हो भने उनका कविताहरू मानवीय सूक्ष्म संवेदनका अन्तर्ध्वनि हुन्। आफूभित्र साँचेर राखेको नीलो आकाश डामिँदै कालो-कालो कहाली लाग्ने दह हुँदै जाँदा कवितासित शान्त र मौन समुद्रको नीलो जुलुसमा थाहै नपाई सामेल हुने कवि दिवस आधुनिक नेपाली कविताकै उत्कर्ष दाबी हुन्।

●

*तुलसी दिवस*

## यात्रासंस्मरण

●

हिँड्दाहिँड्दै मोडमा
हिँडेको बाटो नै मोडिएछ
हिँड्नेको पनि केही लाग्दो रहेनछ!

उक्लँदाउक्लँदै उकालोमा
उक्लेको बाटो नै ओर्लेपछि
उक्लनेको पनि केही लाग्दो रहेनछ!

ओर्लंदाओर्लंदै ओरालोमा
ओर्लेको बाटो नै उक्लेपछि
ओर्लनेको पनि केही लाग्दो रहेनछ!

हिँड्दाहिँड्दै मोडमा
हिँडेको बाटो नै मोडिएपछि
हिँड्नेको पनि केही लाग्दो रहेनछ!

●

# रूख : एक मानस-चित्र

●

जहाँ पनि र
जब पनि हामी
भुइँमा लडेको रूखको मुढामा
साना-ठूला सूक्ष्म गोल आकृतिहरू देख्छौँ,
निश्चय नै हामीले बुझ्ने हुन्छ–
गहिरिएको खोँच र बगेको पहिरोबीच
पहाडको ढाडमा एक्लै उभिएको
त्यो बूढो रूखले
आफ्नो जीवनकालमा पटक-पटक
पहाडजत्रै अनन्त पीडाको भारी बोकेको थियो।

रूखसँग पनि आफ्नो मन र संवेदना हुन्छ
र ती आफ्ना जीवनका साना-ठूला घटना
तथा तिनबाट उम्रेर भित्र-बाहिर गर्ने
नितान्त निजी मनोभाव र अनुभूतिलाई
एक-एक गरी
मनको त्यही विस्तारित पोखरीमा उठ्ने
संवेदनाका प्रकम्पित मौन लहरले
अर्द्धवृत्त र पूर्णवृत्त काला-नीला बुट्टाहरूमा
रचनात्मक अभिलेख सूक्ष्म रूपले राख्ने गर्दछन्।


तर तिनलाई प्रकृति आफैले बनाएको
अनुपम कलाकृति ठानेर हामी पुलकित हुन्छौँ,
यथार्थमा ती रूख आफैले लिपिबद्ध गरेका
अनेक शाखाका परिच्छेदहरूमा आबद्ध
तिनका आत्मवृत्तान्तहरूले भरिएका आफ्नै आत्मजीवनी हुन्।


तर रूखको भाषा र लिपि भएको
वर्णमालाको त्यो पहिलो पुस्तक भने
धेरै पहिले जङ्गल छाडेर सहर निस्केपछि
एकाएक हामी आफैले गुफामा बिर्सिआएका छौँ।

त्यसैले रूखहरू अहिले
समूह-समूहमा
हाम्रो मनको घना जङ्गलबाट
क्रमशः एक-एक गरी बाहिर निस्केर
भुइँमा मुढो भई यत्रतत्र लडिरहेछन्।

आह! तिनीहरू नढली जमिनमा
तिनको जीवनी पढ्न हामी असमर्थ छौँ
र लगातार असमर्थ भइरहेछौँ।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : हेम हमाल

**नाम** : हेम हमाल

**जन्ममिति/स्थान** : १९९८ भदौ, काठमाडौँ

**फोन** : ०१-४४७३५५३

**इमेल** : futures@work

**लेखनप्रारम्भ** : २००७ तिर

**प्रथम प्रकाशन** : ***हालखबर***मा (२०१५)

**राष्ट्रिय स्तरमा** : *फूलबारी* (***रूपरेखा***, २०१७)

**कृति** : ***यो सहर छाड्नुभन्दा पहिले*** (२०२९), ***गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन*** (२०३९), ***हेम हमालका कविता*** (२०५७), ***सहर र सपना*** (कवितासङ्ग्रह, २०६२)

**पुरस्कार/सम्मान** : वासु शशी स्मृति सम्मान (२०६१), राइटर्स क्लब र बगर फाउन्डेसनद्वारा सम्मान (२०५६)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता यस्तो विधा हो जुन मानिसको साथी नभएको बेला, एक्लो भएको बेलामा आत्मीय केही छ या हुन्छ भने त्यो कविता हो।"

**नजरमा आफै** : "चुपचाप र शान्त आफैमा अल्भिएको एउटा मान्छे।"

**सम्पादकको कलम** : गाउँ र सहरको विम्बभित्र सपनाको मूर्च्छनामा झङ्कृत हुँदै आधुनिक नेपाली कविताको कालखण्डमा आफ्नै सुरतालले गजबसित, मस्तसित हिँडिरहेका नेपथ्यका काव्ययात्रीजस्ता स्रष्टा हेम हमाल आफ्नो समयका बहुचर्चित कवि हुन्। संवेदनाको सीमान्त गहिराइबाट भावगाम्भीर्यसहित सरल र सरस शैलीमा अत्यन्त सौन्दर्यात्मक प्रवाहशील कविता सिर्जना गर्नु उनको सोख हो। हो, कवितामा उनका आफ्नै पाइला छन् तर ती सबैका पाइला भइदिन्छन्; उनका आफ्नै पीडाहरू छन् तर सबैका पीडा भइदिन्छन्; आफ्नै अनुभूतिहरू छन् तर सबैका अनुभूति भइदिन्छन्, सबैका मनहरू र सबैका जीवनहरू भइदिन्छन्। यहीँनेर उनले विशिष्ट काव्यिक सफलता हासिल गरेका छन्।

●

*हेम हमाल*

## शरणार्थी

●

कसको समुद्रमा गएर डुब्नू म
कसको पहाडमा लुक्नू!
आकाशबाट खसेको ताराले
कुन देशको नाम सम्झनू!

धर्मका कारण
जातिका कारण
चेप्टो नाकका कारण
ध्वाँसे अनुहारका कारण
आफ्नै देश छाड्नुपर्‍यो मैले
दिउँसो मासै
दैलो उदाङ्गै छाडेर
दिशाहीन बाटो लाग्नुपर्‍यो मैले।

यो घरलाई नभत्काइराख्नू
बिहान उदाउने हरेक सूर्यलाई बचाइराख्नू
म फर्की आउँछु
एउटा बत्ती जगाइराख्नू
अहिलेलाई त जसोतसो गरुँला
आफ्नो भाग्यको परदेशमा वास बसुँला।

●

## सपना

●

१

म सधैँ
बसाइँ सरेको सपना देख्छु
नयाँ गाउँमा पुग्छु
इँटा जोडेर नयाँ घर बनाइरहेको हुन्छु
कता हो कता
पहाडको टुप्पामा
युक्लिप्टसको रूखको फेदलाई
अङ्कमाल गर्न पुग्छु
त्यतिखेर मैले नयाँ पोसाक फेरेको हुन्छु
यस्तैमा कुइरो लागेर
सबै थोक ढाकेको देख्छु।

सेतो गुलाफमा
बिस्तारै रातो रङ चढ्दै आएको देख्छु
नीलो क्षितिजमा
इन्द्रेनीले रङ भर्दै गरेको देख्छु
अरू कसैकी भइसकेकी प्रेमिकाको सपना देख्छु
हिमनदीमा
रमाइलो मान्दै चिप्लेटी खेलिरहन्छु।
जतिपल्ट घिस्रेर तलसम्म पुग्छु
उतिपल्ट हिमालको टाकुरामा पुगिसक्छु
म सधैँ सेतो घोडा चढेर
पहाड उक्लिरहेको हुन्छु।

२

म सधैँ सपनामा
साँध-सीमाबिनाको
नाम नभएको देशमा पुग्छु
बिनानामका मानिसहरूलाई भेट्छु

बाटा–बाटामा
आँखाहरू मात्रै
हातहरू मात्रै
कहिले खुट्टाहरू मात्रै भेट्छु।

कुनै–कुनै मानिसको मुटु
छातीबाहिर लत्रेको देख्छु
कसैको हातभरि गिदी
कसैको हातभरि हात
र कसैको मुटुभरि पेट देख्छु।

३


म सधैँ सपनामा
हिँड्दाहिँड्दै मान्छे
बाटामै बिलाएको देख्छु।
सडक मानिसमाथि दौडिरहेको देख्छु
सहरभरि खोलैखोला भुमरी परिरहेको देख्छु
त्यस खोलाले
मानिसको इमान र सम्मान बगाएको देख्छु।

म सधैँ सपनामा
आकाश ढाकेर सलह आइरहेको देख्छु
बादलैबादल मिलेर एउटा देश बनेको देख्छु।

आकाश अनादिदेखि
सबै मानिसका लागि–
एउटा अन्तहीन अन्तरिक्षमा
म सधैँ सपनामा
निल आर्म्सट्रङका
पैतालाहरूको छाप देख्छु।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : वंशी श्रेष्ठ

**नाम** : वंशीलाल श्रेष्ठ

**जन्ममिति/स्थान** : १९९९ असार, काभ्रे

**फोन** : ०१-४४७४११७

**लेखनप्रारम्भ** : २०१३ तिर

**प्रथम प्रकाशन** : *अञ्जली* (**पालुवा**)

**राष्ट्रिय स्तरमा** : *साँढेहरू* (***साहित्य,*** २०१८)

**कृति** : ***भीष्मको प्रणयगीत, महाकाव्यको मृत्यु*** (कवितासङ्ग्रह), ***वंशी श्रेष्ठको निबन्धसङ्ग्रह, रामानन्द जोशी*** (जीवनी र चित्रसमीक्षा); ***उपेन्द्र श्रेष्ठका कविता, युद्ध अपराधी*** (जापानी जीवनी), ***पालुवा, धूपी, जनवार्ता, द एभरेस्ट***को सम्पादन

**पुरस्कार/सम्मान** : सुनकोसी साहित्य प्रतिष्ठान सम्मान (२०५४), गरिमा पुरस्कार (२०५४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "जीवनमा बाँच्ने क्षणहरूको अनुभवको अभिव्यक्तिलाई सौन्दर्यको दृष्टिकोणले हेरेर लेखिने विधा।"

**नजरमा आफै** : "शाश्वत सत्य र भौतिक सत्यको खोजकर्ता।"

**सम्पादकको कलम** : साहित्यमा जीवन र जीवन्त चरित्रहरू खोज्ने स्रष्टा वंशी श्रेष्ठ कवितालाई सीमाबन्दीमा राखेर अध्ययन गरिनु हुन्न भन्ने सशक्त बौद्धिक कविप्रतिभा हुन्। उनका कविताहरू विशिष्ट मानवीय चेतनाको गर्भगृहबाट जन्मेका सौन्दर्यमयी शब्दार्थभङ्गिमा हुन्। चित्रकार एवम् चित्रसमीक्षक पनि रहेका कवि वंशी श्रेष्ठ कवितामा चित्रात्मक शैलीमाधुर्यलाई अभिव्यक्तिगत रणकौशलका रूपमा ध्रुवीकृत गर्छन्। जम्मामा भावुकता र बौद्धिकता एवम् दार्शनिकताको प्रतीकमय, विम्बमय एवम् मिथकीय सौन्दर्यात्मक समीकरण नै उनका कविताहरूको मूल चारित्रिक दाबी हो।

●

*वंशी श्रेष्ठ*

## नदीकिनाराका सपना

●

इन्द्रावती र सुनकोशी–किनारमा खेल्दै,
किताबहरू ठूलो ढुङ्गामाथि राखेर–
स–साना ढुङ्गाहरू नदीमा फ्याँक्दै गरेका
अनि कागतका नाउहरू पानीमा बगाउँदै
यी स–साना बालबालिकाहरू
के–कस्ता सपना हुर्काइरहेछन् होला!

तर यसो हेर्दा :
नाङ्गै खुट्टा र अर्धनग्न यी निर्दोषहरू
अहिले आफ्नै परीलोकमा खेल्दै छन् होला;
नक्षत्रयुद्ध-नीति र शान्तिक्षेत्रका कुरा छाडौँ;
भरे-भोलि के सिक्ने भनी चिन्ता नभएका यिनलाई
महान् आकाङ्क्षाका कल्पना त
अम्बरजस्तो विशाल,
अनि अवनीजस्तो कल्याणकारी लाग्लान्!

नदी र जङ्गलका किनारैकिनार त
ध्रुव र बुद्ध पनि हुर्केका थिए,
नदी तथा वनपाखाका किनारवरपर नै त

सन्त ददामी र जिजस हुर्केका थिए,
अशोकको समर्पण-चिह्न- लुम्बिनी,
अलेकज्यान्डरको समर्पण-चिह्न- ददामी;
तर मानिसहरू इतिहास पढ्दा
अशोक र अलेकज्यान्डरका समर्पणहरू बिर्सन्छन्,
हो, यी दुवैले समर्पण गरेका थिए;
आ-आफ्ना महत्त्वाकाङ्क्षाहरू पूर्ति गर्न नसकेर!
महानताका कल्पनाहरू साकार गर्न नसकेर!

नदीको त बग्ने धर्म हो- बगिरहन्छ,
त्यसरी नै सूर्य उज्यालो दिइरहन्छ,
अनि पृथ्वी, दिनरात बनाई उर्वरा भइरहन्छिन्
केवल कल्याणका लागि,
उत्सर्ग र समर्पणमा को रित्तिएका छन् र?
तर घात गर्ने तरबारका अस्तित्व हराउँछन्;
अर्धनग्न यी निर्दोषहरूका सपनालाई आघात गर्दा,
कति स्वतन्त्रताले उल्लासमा खेल्दै छन्!
नदीकिनारामा तथा जङ्गलका कान्लाछेउ
यी स-साना बालबालिकाहरू!

यसरी नै सुदिमा गावा र तेम्जकिनारमा
मेरा पाइलाहरू पर्दा-
त्यहाँ पनि खेलिरहेको देखें :
यस्तै स-साना बालबालिकाहरू
आ-आफ्ना सपनाका चित्रहरू बुनेर।

हामी त हुर्किसकेका छौँ-
तर पनि हामीले बाटो बिराएका पनि हुन सक्छौँ;
केही दर्शन राम्ररी बनाएका पनि हुन सक्छौँ;
तसर्थ नदीमा स-साना ढुङ्गाहरू फ्याँक्दै खेल्नेहरू,
अनि कागतका नाउहरू पानीमा बगाउँदै खेल्नेहरूका-
सपना र मुस्कानहरूलाई फक्रन दिऊँ!
हामीले पनि त खेलेका थियौँ, यसरी नै-
नदीकिनार र जङ्गलका कान्लाहरूमा!
●

# शरणार्थी शिविरका बालक

●


यो राष्ट्रको भूभाग, शरणार्थी शिविर
शरणार्थी आमाहरू जन्माउँछन् बालबालिका।

पछि, केही समयपछि एक जना बालक घोषणा गर्छ
म निर्वासित होइन, सर्वहारा पनि होइन,
कमैया वा सुकुम्बासी पनि होइन,
शरणार्थी शिविर मेरो जन्मथलो
तर भिक्षापात्र लिएर घुम्ने पनि होइन।

भूगोलका सीमाबन्धका रक्षकहरू
उसलाई शिविर त्याग्न दिँदैनन्,
अनि ऊ प्रश्न गर्छ :
यो राष्ट्रको संविधान,
वा कुन राष्ट्रको संविधानमा
राष्ट्र खोज्ने अधिकारको बन्देज छ?
बिचरा–बबुरो नारा चर्काउँछ
अनि भाषण गर्छ : मलाई राष्ट्र चाहिन्छ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : क्षेत्रप्रताप अधिकारी

**नाम** : क्षेत्रप्रताप अधिकारी

**जन्ममिति/स्थान** : १९९९ चैत १२, तनहूँ

**फोन** : ०१-४४७३३८३

**लेखनप्रारम्भ** : २०२० देखि

**प्रथम प्रकाशन** : *सोयुज यान* (***गोरखापत्र,*** २०२०)

**राष्ट्रिय स्तरमा** : *तिम्रो रूप मेरो रेखा* (***रूपरेखा,*** २०२३)

**कृति** : ***रहर लागेर*** (२०२५), ***गामबेँसीका गीत*** (२०३२), ***पहाडदेखि पहाडसम्म*** (२०४०), ***नफुलेका फूलहरू*** (२०५३), ***फेरि एउटा परिवर्तन*** (२०५५), ***युद्धका छायाहरू*** (कवितासङ्ग्रह, २०६३)

**पुरस्कार/सम्मान** : साझा पुरस्कार (२०५३), छिन्नलता पुरस्कार (२०५३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता ठेस लाग्दा र बेस लाग्दा लेखिने विधा जहाँ म देश लेखिरहेको हुन्छु।

**नजरमा आफैं** : विकासवादी धारणाले पिरोलेको मान्छे म। म सङ्घर्षशील परिवेशबाट उकालो लागेको मान्छे भएकाले तल्लो तप्कातिरै बढी सोचिरहेको हुन्छु। मान्छे मुगूमा रारा देख्छन्, म राराभन्दा मुनिका सारा-सारा सोचिरहेको हुन्छु।

**सम्पादकको कलम** : स्रष्टा क्षेत्रप्रताप अधिकारी आधुनिक नेपाली साहित्यवृत्तमा राष्ट्रवादी कविका रूपमा स्तम्भित छन्। समाज र राष्ट्रकल्याणको चिन्तनदेखि विश्वमानवकल्याणको चिन्तनमा डुबुल्की मार्दै उनका कविताहरू हिमाल भएर अग्लिन्छन्, छहरामा गुन्जिन्छन्, तालमा गहिरिन्छन् र खहरे, खोला एवम् नदी भएर बग्छन्। सम्पूर्णमा प्रेमले झुम्दछन्। उनका कवितामा युगौंदेखि जिन्दगीले खोजेको मूलभूत आकाङ्क्षा, मोह, सुरक्षा, जीवन र बाँच्ने क्रम आजको प्रक्रियागत भिन्नतामा व्यक्तिन्छन्। कतै हाम्रै लोकविम्बमा तिनै संवेदनाहरू अवतरित हुन्छन्।

●

*क्षेत्रप्रताप अधिकारी*

# मायाका केही मुक्तक

●

– आज बिहान
बूढो वृक्षलाई छाडेर
एउटा मोहक पक्षी
अनिश्चित दिशातिर उड्यो

– तिम्रो यो शुभयात्रा
मेरो कविताको अन्तिम वाक्य
नभइदिए हुन्थ्यो

– तिम्रो कोठाजस्तै
आज मेरो मन पनि
चिसो छ,
रित्तो छ।

– मेरो
मन, मगज र मुटुमा बगेको छ
तिम्रो मायाको त्रिवेणी।

– तिम्रो अनुपस्थितिमा
आफू शून्य हुनुपरेको सत्यकथा
तिमीलाई त के विश्वास
मलाई पनि विश्वास छैन

– तिमीले भनेकी थियौ
'शारीरिक सम्बन्ध मायाको अन्त हो'
तर
मेरो मायाको दिव्य कथा
त्यही बिन्दुबाट पो सुरु भयो।

– सामान्य माया भए त
बिछोड हुँदा पनि
रोइदिँदा भइहाल्थ्यो
धोइदिँदा गइहाल्थ्यो।

– कहाँ चुमूँ यी ओठहरूले
कता बढाऊँ यी हातहरू
पोलिरहेछन् दिनहरू
टोकिरहेछन् रातहरू।
– तिमी पवित्र पात्र
पीपलको पात मात्र किन?
लालीगुराँस पनि अटाउन सक्छ्यौ।
– यो माया पाप हो भने
सराप देऊ
तिमी आगो भएर उठ
म आफ्नो शेष बालिदिन्छु।
●

## गाइने

●

खडेरी खसेको खेतमा
पानी चिच्याएर
गर्भे हिलो सुकेको
तिमीले एक नानी देखेका छौ?

चिसो व्याप्त लेकमा
तातो अनुमान ओढेर
शीत सुतेको जीवन
एक मुठी घामले सेकेका छौ?

स्वर सुकेको सारङ्गीमा
स्वदेश गाउँछ
आदिम बस्ती
तिमीले एक पाइलो टेकेका छौ?

मेरो सङ्क्षिप्त इतिहास
यत्ति हो
तिमीले एक शब्द लेखेका छौ?
●

## सर्वोत्तम कविता

●

सरकार
माओवादी
युद्धविराम।

आतङ्ककारी आरोप
टाउकाको मूल्य
र, रेडकर्नर नोटिस फिर्ता।

वार्ताटोली घोषणा
बाबुराम संयोजक
नेपाल बन्द फिर्ता।

शान्तिपूर्ण
वर्षगाँठ मनाइने।

यो समाचार–
यो देशको
सुन्दर सविता हो
यो समाचार–
यो दशकको
सर्वोत्तम कविता हो।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : कुन्दन शर्मा

**नाम** : कुन्दन शर्मा

**जन्ममिति/स्थान** : २००० कार्तिक, वीरगन्ज


**फोन** : ९८९९२७४०१३ (भारत)

**लेखनप्रारम्भ** : –

**प्रथम प्रकाशन** : –

**राष्ट्रिय स्तरमा** : *सडकैसडकमा* (***कविता***, २०२१)

**कृति** : ***मेरा कविताहरू*** (२०४५), ***यो मन*** (कविता-सङ्ग्रह, २०५१), ***एउटी छोरीको कथा*** (कवितासङ्ग्रह, २०६०)



**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता शब्दको जादुगरी प्रकाशन हो; जहाँ विद्रोह र पीडा पनि सुन्दर लाग्दछ।

**नजरमा आफै** : नारी हुनुमा गर्व गर्ने पुरुष विरोधी होइन तर उसको निरङ्कुश दृष्टिकोणको आलोचक यो म, जो पुरुषसापेक्ष होइन, आफ्नै मायाको मनसित पौँठेजोरी खेल्दै आफ्नो स्वतन्त्र अस्तित्व खोजिरहेछ, जो थाकेर पनि सधैँ नयाँ थकाइतिर लम्किरहेछ, थाहा छ उसलाई अन्त्य उसको अन्त्यहीन सडकमा हुनेछ।

**सम्पादकको कलम** : नेपाली कवितासाहित्यका एक सशक्त नारीहस्ताक्षर कुन्दन शर्माका कविताहरू मूलत: नारीसंवेदनाका दृष्टिमा सूक्ष्म मानवीय संवेदनाका दस्तावेज हुन्। विशिष्ट काव्यात्मक निर्मितिमा उनका इमानदार अनुभूतिहरू संरचित छन् जो भावकीय झङ्कतिको आविष्कारमा सफल प्रतीत हुन्छन्।

●

*कुन्दन शर्मा*

# सडकैसडकमा

●

उफ्! सडक कहिल्यै खतम हुँदो रहेनछ
एकपछि अर्को बढ्ने
एकले अर्कालाई काट्ने।
सडक र यो हिँडिरहने विवशता
कतैबाट सराप पाएको हो कि?
कस्तो यो मन,
कहिल्यै नअघाएको!
थाकी–थाकी उठेका मेरा पाइलाले
सोधिरहन्छन्, अझ कता?
यो थकाइ,
सबै जीउभरि सरिसक्यो
तैपनि म किन नअडेकी?
सडककै छेउमा कुनै दिन
अन्तिम थकाइमा ढल्ने सत्य मेरो!
तर सडक अझ बढ्दै जाला
नटुङ्गीकन...।
हैन, मैले किन टुङ्गिन जानिनँ त?
टाढा–टाढा आँखा पुऱ्याएकी थिएँ
आफ्नो अन्त्य खोज्न,
नपाउँदा पनि
किन अघि बढिराखेँ त्यसै!
किन? किन??
किन र???

सडक कहिल्यै खतम हुँदो रहेनछ
एकपछि अर्को बढ्ने...
म कहिल्यै अडिँदो रहिनछु
थाकेर पनि,
सधैँ नयाँ थकाइतिर लम्किने।
थाहा छ मलाई, अन्त्य मेरो
अन्त्यहीन सडकमा हुनेछ।
अनि यात्राको यो विवशतालाई
म
घर, सहर र विश्व बनाई
सधैँ नयाँ अर्थ दिन खोज्छु।
नयाँलाई पुरानो पारी
फेरि नयाँतिर लम्कन्छु।
कसरी भनूँ म
मेरो हिँडाइ अर्थहीन छ?
'अर्थ' खोज्नै त म हिँडिरहिछु–
यो रित्तो मनको,
यो हिँडिरहने विवशताको,
र 'हो' र 'हैन'
दुई विरोधी सत्यले ठगिएको
जीवनको।
प्रत्येक 'किन' ले मलाई अघि सारेको छ,
म जहाँ थिएँ
त्यहाँ म छैन।
म जहाँ छु
त्यहीँ भोलि हुनेछैन।
'किन' को अन्त्य 'अघि' हुन्छ
अनि प्रत्येक 'अघि' ले फेरि 'किन' ल्याउँछ।
सडक कहिल्यै खतम नहुने
म जहिले पनि हिँड्न खोजेर;
म जहिले पनि हिँडिरहने
आफैसँग हारेर।
एउटै घेराले मलाई
बाँधिराख्न कहाँ सक्यो र?
मैले बाँधिएर बस्नै पनि कहिले मानेँ र?

सडक कहिल्यै खतम हुँदो रहेनछ

……………………………

एकले अर्कोलाई काट्ने!
मैले सडक बनाएँ
हिँडिरहन– नयाँका लागि बढिरहन।
तर मेरो प्रत्येक पाइलाअगाडि
फेरि यो तगारो किन?
मलाई अड्याएर
किन मागेको विवरण मैसित,
मेरो हिँड्ने विवशताको?
मेरो रित्तिँदै गएको मनको?
र यो हाँसोउठ्दो जीवनको?…!

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : जसराज किराती

**नाम** : जसराज किराती

**जन्ममिति/स्थान** : २००२ साउन १७, खोटाङ

**फोन** : ०३५-६९०५४८

**लेखनप्रारम्भ** : २०२०/२१ तिर

**प्रथम प्रकाशन** : *त्यो अर्धचन्द्र* (***जूनकीरी***, २०२४ तिर)

**राष्ट्रिय स्तरमा** : ***अभिव्यक्ति***मा



**कृति** : ***उज्यालो खोज्ने आँखाहरू*** (२०३६), ***जसराज किरातीका कविता*** (२०५७), ***जसराज किरातीका प्रतिनिधि कविताहरू*** (२०६५)

**पुरस्कार/सम्मान** : कदरपत्र (नवप्रतिभा साहित्यिक मञ्च, खोटाङ, २०५६), प्रतिभा पुरस्कार र कदरपत्र (वाणी प्रकाशन, विराटनगर, २०५७), आदिवासी गीति सम्मान (२०६४), जिल्लास्तरीय अन्य कदर तथा पुरस्कारहरू

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविताप्रति म हर्दम ऋणी छु। कविता भनेको जीवनजगत्‌को उच्च र कलात्मक अभिव्यक्ति ठान्दछु। मान्छे हुनुको अस्तित्व र पहिचान कविताको रङ्‌ग सुन्दर ढङ्‌गले रँगाइदिँदा नमीठो पनि मीठोजस्तो लाग्छ। नराम्रोलाई राम्रोतिर लैजाने सामर्थ्य कवितासँग नै हुन्छ।

**नजरमा आफै** : म आफूलाई कविताको पुजारी ठान्छु। म कविताको पूजा गर्छु। अर्कातर्फ कविता उब्जिने र बग्ने ठाउँ भनेको जीवनजगत्‌कै नदीमा हो। अत: मान्छे यो नदीमा डुब्छ, उत्रन्छ। ऊ नदीको किनारा खोजिरहन्छ। म त्यहीभित्र छु।

**सम्पादकको कलम** : नेपाली साहित्यजगत्‌मा आधुनिक जीवन्तताका उत्कृष्ट विम्ब एवम् एकान्तमयताबाट सर्वोपरि काव्यिक जिजीविषाकै हाँक दिइरहेका कवि जसराज किराती स्वयम् कञ्चन पहाडी गाउँबस्तीका सशक्त प्रतीक हुन्। उनका कविताहरू यथास्थितिको दासत्व एवम् समाजका विसङ्‌गत किरिङमिरिङहरूप्रति आह्लादकारी विद्रोह जनाउँदै सुन्दर जीवनका पक्षमा आत्मिक न्यायका साथ वकालत गर्ने ऊर्जाशील प्रभावी अभिव्यक्ति हुन्। मेरो अनुभूत शोधमा यो काव्यिक प्रशस्ति उनै कवि किरातीको विशेष खुबी हो भन्न म रुचाउँछु।

●

*जसराज किराती*

## पहाडकी केटी

●

हिमनदीहरू बोकेर मेरो शरीर बगिरहेछ
म हिमाल भइरहेछु
कहीँ म ढुङ्गाबाट ओर्लिएको हुँ
कहीँ म रूखबाट झरेको हुँ
अक्सर पग्लिएर/बगेर
पहाडकी केटीलाई जिस्क्याउँदै/जिस्किँदै हिँडिरहेको हुँ।

छिटको गुन्यू लगाएकी पहाडकी केटीलाई
म त्यस्तै हिमाल जन्माउन दिन्छु
त्यो हिमालसँग बोल्न सक्ने ओठ पनि हुनेछ
त्यो हिमालसँग हिँड्न सक्ने पाइताला पनि हुनेछ
अक्सर योद्धाजस्तै त्यो
बहादुर र फराक छातीको फरासिलो पनि देखिनेछ
त्यो बोलेको र पहाडहरूलाई गीत सुनाएको बेला
म लाटो हिमाल भएर उभिनेछैन
चिसो हिउँ भएर पग्लिने पनि छैन
मेरो शरीरमा जीवनको रङ्ग चढेर म रङ्गीन हुन्छु
ममा प्राण चढेर म जीवित हुन्छु
हो, म पहाडकी केटीलाई त्यही हिमाल जन्माउन दिन्छु
आफै बगिरहेका छाल रोकेर
एक अँगालो छोरो समातेर
झुल्के घामजस्तै म मुसुक्क हाँस्छु।

पहाडकी केटी,
जसको कम्मरमा पटुकी भएर सपनाहरू बाँधिएका छन्
पहाडकी केटी,
जसको छातीमा रगत भएर भविष्यहरू जाम भएका छन्

नदीको किनारजस्तै मस्त भएर
गर्भदान माग्न मसँग त्यो केटी आउँछे
हामी अँगालोमा बाँधिनेछौँ
प्रेमी र प्रेमिका मस्त भएको बेला नआए हुन्छ जूनले
देखा नपरे हुन्छ ताराले।

यस्तो लाग्छ–
त्यो केटी दस हजार सूर्यका पाइतालाहरू कपालमा सिउरिएर
एक डोको जून बोकेर हिंड्छे
यस्तो लाग्छ– त्यो केटी
एक अँगालो क्षितिजको घाँस काटेर दस अँगालो जुनेली बटुल्छे
हिजो बेलुकी एक पेट मरुभूमि बोकेर त्यो केटी
हिउँहरूमा चिप्लेटी खेल्दै घर फर्की
उसले त्यही हिमाल भइरहेका ढुङ्गाहरूमा
आफ्नो खसेको आँखाको सम्झना गरी
उसले त्यही हिउँ भइरहेका भुइँहरूमा
आफू सुतिरहेको आकाशको सम्झना गरी
त्यो केटीले रातभरि
उँभो लेकतिरको डाँडामा
दगुरिरहेको आफ्नो जवानी सम्झी
गीतहरू सम्झी।

म उसलाई पग्लिँदै बगिरहेका हिउँहरूबाट बोलाउँछु
मेरो स्वर बाँसुरीको धुन हुनेछ
बिनायो वा मुर्चुङ्गाको आवाजजस्तै म उसलाई बोलाउँछु।

ऊ आफू उनन्तीस हजार अग्लिन्छे
र उनन्तीस हजार फैलिन्छे
म विश्वस्त छु
ऊ आमा हुन्छे
आफ्नो काखभरिको छोरालाई
यो नेपालको व्यथा र हिमालको कथा सुनाउँछे
म ढुक्क छु
उसले म लाटाको कथा सुनाएर
छोरालाई जिन्दाबादको आशीर्वाद दिन्छे।
●

# मेरो जन्म

●


झुप्रामा ज्युनु र दस लाख अँध्याराहरूमा मर्नु
रुनु र बीस लाख मृत्युहरूमा विसर्जित हुनु
देश हुनु र देश नहुनु
बाटाहरू सर्प–रङको पल्टिनु र
यात्रीहरू तारा–रङमा हराउनु
लहरहरू हुनु र किनाराहरू नहुनु
एउटा राष्ट्र हुनु
लाग्छ– म त्यस बेला जन्मिएको थिएँ।


सम्मानित तर सडकमा उभ्याइएको
पुरानो सालिकजस्तो
म आमाको चेहरामा हेर्छु
हिउँद भइसकेको आँखाबाट
मेरी आमाको नतमस्तक मन्जुरी र विवशता बोकेर
हूलका हूल हिँडिरहेका मौसमहरू हेर्छु
सायद यो विरक्तिबाट छुटकारा मागेको बेला
अझ आफ्नो जवानीको अँगालो थापेर
आमाले आकाशसँग
निर्मल उज्यालो देऊ भन्नुहुँदा
मेरो जन्म भएको थियो।

माटोसित अँगालो मारेर सुतिरहेको बखत
मैले त्यहाँ मुठी बटारेर सङ्कल्प पनि गरेँ
म लाटाहरूलाई बोली दिन्छु
बहिराहरूलाई शब्द दिन्छु
र अन्धाहरूलाई आँखा दिन्छु
तर पछि आएर मैले बिर्सें
मेरो जन्मको अर्थ यहीँ कतै हराएँ।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : जगदीश घिमिरे

**नाम** : जगदीश घिमिरे

**जन्ममिति/स्थान** : २००२ चैत २८, मन्थली, रामेछाप

**फोन** : ०१-४३३०३३३

**इमेल** : jg@continental.com.np

**लेखनप्रारम्भ** : २०२०/२१ तिर

**प्रथम प्रकाशन** : *प्रयास* (***अञ्चल सन्देश,*** २०२१)

**राष्ट्रिय स्तरमा** : *युद्ध उन्मूलन युद्ध* (**रूपरेखा,** २०२५)

**कृति** : ***लिलाम*** (२०२७), ***साबिती*** (उपन्यास, २०३२), ***जगदीशका कथाहरू*** (२०२९), ***केही कथा, कविता र संस्मरण*** (२०३४), ***सन्तान*** (नाटक, २०३६), ***अन्तर्मनको यात्रा*** (२०६४), ***अग्निसूत्र*** (कवितासङ्ग्रह, प्रकाशोन्मुख)

**पुरस्कार/सम्मान** : मैनाली कथा पुरस्कार, उत्तम-शान्ति पुरस्कार, मदन पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता तीव्र संवेदनाको घनीभूत अभिव्यक्ति हो। यस अर्थमा यो चराको गान वा मीठो सङ्गीतको तानजस्तो हुने हुँदा अनुवाद गर्न लगभग असम्भव पाएको छु। अनुवाद मात्र होइन, राम्रो कविताको समग्र भाव व्याख्या गर्न पनि लगभग असम्भव हुन्छ।

**नजरमा आफै** : म सामान्य कवि हुँ। जब मेरा आफ्ना भाव कुनै खास रूपमा घनीभूत भएर आउँछन्, ती कविता बन्छन्– कहिले ठीकै, राम्रै।

**सम्पादकको कलम** : तीव्र संवेदनात्मक सिर्जनक्षमता भएका कवि जगदीश घिमिरेका कविताहरू ह्रासोन्मुख एवम् विघटित मानवीय मूल्यको साक्ष्यस्वरूप स्तम्भित छन् र सँगसँगै मनुष्यशक्तिको कलापूर्ण दिव्यता झल्काउन आतुरझैँ लाग्छन्। जम्मामा उनका कविताहरू जीवनको शाश्वत सत्यको स्पर्श गर्दै दर्शनमा घनीभूत हुन्छन् जुन किसिमको कविताको प्रासङ्गिकता कहीँ र कहिल्यै पनि मर्दैन।

●

*जगदीश घिमिरे*

## सुख

●

हिउँद नहुनु सुख होइन
हिउँदको न्यानु सुख हो

ग्रीष्म नहुनु सुख होइन
ग्रीष्मको शीतल सुख हो

वेदना नहुनु सुख होइन
वेदना बाँड्ने हुनु सुख हो

उँभो लाग्नु आफैमा सुख होइन
उँभो लाग्दा डाह नगर्ने स्वजन हुनु सुख हो

उँधो लाग्नु आफैमा सुख होइन
उँधो लाग्दा नघच्याड्ने आफन्त हुनु सुख हो

नछुट्टिनु सुख होइन
छुट्टिँदा सम्भना हुनु सुख हो

●

# जालसाजी

●

उद्देश्य खोतल्दै–खोतल्दै जाँदा
म उद्देश्यको समेत उद्देश्य पाउँदिनँ र
अर्थ सोध्दै–सोध्दै जाँदा
म अर्थको समेत अर्थ देख्दिनँ
अस्तित्व पहिल्याउँदै–पहिल्याउँदै जाँदा
म अस्तित्वको समेत अस्तित्व भेट्दिनँ
यो एक मुठी सास हो– जुन सत्य हो
यो एक मुठी गाँस हो– जुन ध्रुवसत्य हो
जीवन
त्यही एक मुठी सास र एक मुठी गाँसका निमित्त
गरिने जालसाजी हो
जीवन आफूले आफैंप्रति गरिने अन्याय हो।

समाज छ, राष्ट्र छ, संयुक्त राष्ट्र पनि छ
वर्ण छ, वर्ग छ, उचाइ र गहिराइ पनि छ
धर्म छ, पाप छ, अर्थ छ, अनर्थ छ
काम छ, निष्काम छ, सकाम छ, अतिकाम छ
तर मोक्ष खै कुन मिसिलमा परेर हराएछ?

जागिर छ–
जुन वेश्याको सिउँदोको सिन्दूर हो
जुन स्वाभिमान बेचेर कमाएको तलब हो
नियमावली छ
जुन गीता हो, बाइबल हो, कुरान हो
हाकिम छ
जुन दैव हो
व्यवस्थापन छ
जुन लीला हो।

मान्छे छ, चुप छ
रेडियो बोल्छ, माइक बोल्छ वा बोल्छन् चराचुरुङ्गीहरू
अथवा झर्नाहरू वा टेम्पो वा जेटका आवाजहरू।

साहित्य छ
त्यो आङका छारो हो
नलेखे लेख्नुपर्छ
लेखे लेख्न हुन्न।

चित्र छ–
त्यो हाम्रो व्यङ्ग्यचित्र हो
विद्रूप छ–
त्यो हाम्रो जीवनवृत्त हो
जीवन आफूले आफैसँग गरिने अन्याय हो
जीवन आफूले आफैसँग गरिने जालसाजी हो
●

## समय

●
सङ्घर्षको जुवामा जोतिँदा–जोतिँदा
जब मान्छे एक छाक खान पुग्ने हुन थालेको हुन्छ
अनि तिमी उसको दाँत फुकाल्न थाल्छौ

पराजय र धोकाको अग्निपरीक्षाबाट गलेर
जब मान्छे बल्लतल्ल देख्न र चिन्न थालेको हुन्छ
तिमी उसको दृष्टि खोस्छौ

जीवन जहाँ मात्र बुझिन्छ र मात्र बाँचिन्छ
जन्मेदेखि जहाँ केवल सिकिन्छ, सिकिन्छ, सिकिन्छ
र कहिल्यै पनि जानिँदैन
जहाँ, जब अलि–अलि जान्न थालिन्छ
जहाँ, जब अलि–अलि बाँच्न थालिन्छ
तिमी ठहर गर्छौ वृद्ध भएको
अनि तिमी मृत्यु दिन्छौ
समय, तिमी कति निष्ठुरी छौ!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : वानीरा गिरि

**नाम** : डा. वानीरा गिरि

**जन्ममिति/स्थान** : २००३ वैशाख (अक्षयतृतीया), खरसाङ, भारत

**फोन** : ०१-४४८२६२४

**इमेल** : giri_banira@yahoo.com

**लेखनप्रारम्भ** : –

**प्रथम प्रकाशन** : *मुटु* (***मुटु***)

**राष्ट्रिय स्तरमा** : *मेरो साथी भन्छ* (***दियो***, २०२०)

**कृति** : ***एउटा जिउँदो जङ्गबहादुर, जीवन : थाय्मरु*** (कवितासङ्ग्रह), ***मेरो आविष्कार*** (लामो कविता), ***कारागार, निर्वाण, शब्दातीत शान्तनु*** (उपन्यास)

**पुरस्कार/सम्मान** : कविता महोत्सव पुरस्कार (सन् १९६४), रत्नश्री स्वर्ण पदक (सन् १९६६), गोरखा दक्षिणबाहु चौथा, लोकप्रियादेवी पुरस्कार (२०४८)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरो प्रथम प्रेम हो।

**नजरमा आफै** : म आफैमा एक वृषोत्सर्ग<br>तिमी यसै रूपमा मलाई स्वीकार। (साभार : ***मेरो आविष्कार***)

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितासाहित्यमा नारी-अस्मिता र मानवीय गरिमाको उद्घोष गर्ने एक बौद्धिक नारीहस्ताक्षर हुन् स्रष्टा वानीरा गिरि। युगौंदेखिका छल, छद्म र षाड्यन्त्रिक क्रीडाको विरोधमा उठेका मानवीय शालीन स्वर हुन् उनका कविताहरू। जीवनका कतिपय आघातबाट उठेका मानसिक र दैहिक सङ्घर्षद्वारा अनुप्राणित सौन्दर्यात्मक अभिलेखमा मात्र पूर्णविरामित नभएर आहतको उफ् र आहमा झनै नअलमलिई मान्छेको आस्था अड्ने एउटा ठाउँको खोजी गर्दै जीवनलाई, समाजलाई दिशानिर्देश गर्ने सबल बाटो कोर्दै अघि बढिरहनुमा उनका कविताले उत्कर्षपूर्ण गर्वको दाबी गरेको अनुभूत हुन्छ।

●

*वानीरा गिरि*

# म एउटा च्यातिएको पोस्टर

●

ए मान्छे!
च्यातिएका वाक्यका टुक्राहरूका
पटक–पटकमा बेग्लाबेग्लै अर्थ नलाऊ
मैले आफ्नै कहानी बिर्सिसकेकी छु।

अगेनाको छेउबाट
मीनपचासको ढिकीमा
एउटा बूढो
नातिनातिनालाई लोककथा भन्छ।
पारोहाङ र लेम्पुहाङ ओर्लन्छ
बूढाका आँखाहरूमा मानौँ ऊ स्वयम्
एउटा शिव एउटा युगको
र सतीदेवीलाई उसले हराइसकेको छ
दक्षको यज्ञमा।

ऊ कथा भन्छ–
लाल–हीराको
र आफै भगाउँछ लाललाई
शताब्दीअघिको सेतो घोडामा,
जसका टापहरूले समयका कानहरूलाई
अझ पनि हुकुम दिइरहेका हुन्छन्
उफ्! कति विवश
ती मान्छे/हामी मान्छे
यो कथा भन्ने बूढो मान्छे!

खोइ यसले काट्न सकेको
समयको तन्काइ र समयको हुकुमलाई?
खोइ यसले भाँच्न सकेको
समयका हेलचेक्र्याइँ र समयको धोकालाई?
मोजेजले कसरी समुद्रलाई काट्न सक्यो,
मोजेजले कसरी समुद्रलाई भाँच्न सक्यो?

हो, यहाँ बहस गर्छु–
आस्था र अनास्थाको
विश्वास र अविश्वासको

मेरा सत्य र मेरा आस्थाहरू
लिलाम भइसकेका छन्
हरिश्चन्द्र घाटमा,
मेरो विश्वास पनि अब त
लुखुरलुखुर हिँड्छ
भतुवा कुकुरजस्तो
गल्लीका रछानमा।

सराप लाग्छ मलाई
यो गर्भाशय र यी फूलहरूको
जो काम लाग्न नपाएर फालिएका छन्
फुटेको कसौँडीझैँ
जो काम लाग्न नपाएर सुकेका छन्
रसबिनाको दाखझैँ
शताब्दीपछि
म उभिइदिन्छु समयको ढिस्कोमाथि
एउटा लोककथा बनेर,
चोटका डोबहरूलाई छाम्दाछाम्दै
मेरो समय
झ्याङ्ग्वाल परिसकेको हुन्छ।

मरुभूमिको छातीमा
मेटिनकै निम्ति
हाम्रा पैतालाहरू छापिएका छन्
च्च... च्च...
हिमालको चिसो बतास यो त रक्सीको मताइ
बिहानीमा यसले एउटा पीर थपेर जान्छ
विश्वास सपना ढुक्कता र अधिकारको
गर्भपात गरिदिएर
हलुङ्गो बनिदिन्छ।
हामी लासहरूमाथि निर्धक्क हिँडिरहेछौँ

पृथ्वी पनि लासहरूको एउटा चिहान हो
हामी चिहानमा घर बनाउँछौँ
हामी चिहानमा भोज खान्छौँ
हामी चिहानमा बाँचिदिन्छौँ
हामी हाँक दिन्छौँ
आफ्नै लासलाई चिहानभित्रबाट
जनक राजाको दरबारको शिवधनुसितै
अब स्वयंवर छिनिसकेका छन्,
हिजोआज लवकुशहरू
टुकुचाको धमिलो पानीमा बग्न थालेका छन्
मान्छेको आस्थालाई अड्ने एउटा ठाउँ चाहिन्छ
बिसाउनलाई एउटा चौतारो चाहिन्छ
बाँच्नलाई पनि एउटा मोह चाहिन्छ– मृत्युको
एक सय वर्ष बढी जिन्दगी
उफ्!
कल्पना मात्र पनि पागल बनाउने एउटा बिरामी हुन्छ।

जिन्दगी
यो व्याख्या होइन महाकाव्यको
भूमिका होइन आत्मकथाको
संस्करण होइन आफ्ना कृतिहरूको
म चुलाको प्वालबाट
एउटा जिन्दगी फुकिदिन्छु
र तपेसको चामल छड्काइदिन्छु
म ऐनाको सतहमा
एउटा जिन्दगीको सास फेरिदिन्छु।
र आफ्नै अनुहारलाई धमिलो देखिदिन्छु।
म एउटा च्यातिएको पोस्टर
समयको भित्तामा
ए मान्छे!
च्यातिएका वाक्यका टुक्राहरूका पटक-पटकमा
बेग्लाबेग्लै अर्थ नलगाऊ
मैले आफ्नै कहानी बिर्सिसकेकी छु।
●

## कविसन्दर्भ




**साहित्यिक नाम** : भुवन ढुङ्गाना

**नाम** : भुवन ढुङ्गाना (कोइराला)

**जन्ममिति/स्थान** : २००३, विराटनगर

**फोन** : ०१-४४७४४१९

**इमेल** : daman@wlink.com.np

**लेखनप्रारम्भ** : २०२५ सालदेखि

**प्रथम प्रकाशन** : *शब्दकोशको 'अ' झैँ* (२०२६)

**राष्ट्रिय स्तरमा** : ***मधुपर्क***मा (२०२६)

**कृति** : ***परिभाषा*** (कवितासङ्ग्रह, २०६५), ***युद्धको घोषणा गर्नुभन्दा अघि*** (कथासङ्ग्रह, २०४८); ***सिउँडी***को सम्पादन

**पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार, गरिमा सम्मान, हिमशिखर सम्मान, लोकप्रियादेवी पुरस्कार, वनिता सम्मान आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविताप्रति म निराशावादी छैन। जीवनका उतारचढावमा यसले मलाई साथ दिएको छ। ऊ मेरो अभिन्न मित्र हो। कवितामा सर्वोपरि मान्छे हुनुपर्दछ भन्ने मेरो मान्यता हो। मान्छे भनेपछि समाज, देश, काल, परिस्थिति सबै कविताका विषयवस्तु हुन्। समयको मृत्यु भए पनि कविता बाँचिरहोस् भन्ने चाहन्छु।

**नजरमा आफै** : आफूले आफूलाई मूल्याङ्कन गर्नु सबभन्दा कठिन काम हो। मेरो अभिव्यक्तिको इमानदारिता नै म कवि हुनुको परिचय हो। मभित्रको कवि मान्छेलाई समालोचकले नचिने पनि म मृत्युपर्यन्त त्यो कविसँग कविताकै भाषामा संवाद गरिरहनेछु। प्रतीक्षारत छु, कसैले कहिल्यै नलेखेको कविता त्यो आत्मालापबाट प्रकाशमा आओस्।

**सम्पादकको कलम** : कवितामा इमानदारिता मन पराउने स्रष्टा भुवन ढुङ्गाना आधुनिक नेपाली कवितावृत्तमा नारीस्वरका संवाहक कविप्रतिभा हुन्। उनका कविताहरू कथ्यका दृष्टिले जीवनका पीडाहरूको आहतपूर्ण झङ्कारमा 'स्व' को खोज हुन्। उनका कविताहरूमा लोकभाकाजस्तो सहज र सरस शैलीसङ्गीतको विम्बात्मक उत्कर्षसमेत भेटिन्छ। यसरी स्वर र शिल्पको सुन्दर दोभानमा उनको काव्यिक निजत्व मुखरित भएको जोकोहीले स्पष्ट अनुभूत गर्न सक्छ।

●

*भुवन ढुङ्गाना*

# चैतको बतास

●

अनुभूतिले समातेकी छु
हातहरूले छुँदैनन्
यी वर्षहरू हुन्
पछाडि छुटेका।

वर्षको अन्तिम महिना
चैत छुट्दै छ भारी बिसाएर
पुच्छरमा छ वैशाख झुन्डिएको
चैतको बतासले हल्लाउँछ
बतासले भुँवरी घुमेको छ
फनक्क बितेको यो वर्ष।

अनुभूतिले समातेकी छु
हावाहरूले छुँदैनन्
यी अपरिचितहरू हुन्
बेला–कुबेला दुर्घटनामा परेका
आत्मीयताको गाँठोमा
बिहानीको छापा–खबरले बाँधिएका।

बतासको गन्थनमा
बारुदको गन्ध
फूलको मालामा
सिनोको दुर्गन्ध

उभिएका छन् लहरै, लस्करै
रामनामी ओढेर
टाउको जोडेर
चैतको बतासमा सयपत्री फूलहरू
ओढेका छन् पीताम्बर
गुनगुन–गुनगुनको मन्त्रोच्चारण
टाउको जोडेर फूलहरू
चैतको बतासमा

अनुभूतिले समातेकी छु
हातहरूले छुँदैनन्
यो वर्षको अन्तिम चैत हो
बताससँगै छुटिरहेको।
●

## पीडा

●
आत्मबोधको पीडाले
अचेत
एक मध्याह्नमा
पीडा
म तिमीसँगै सुतेकी थिएँ
कतै लाग्यो
पीडा खुर्केर
बोक्रा ताछेर
पहेँला आलुसरह
म पनि यी लुगाहरूले
नबेरिएकी हुँदी हुँ
लज्जित
भयभीत र आतङ्कित
पीडा
म तिमीलाई छाम्न पुगेछु
तिमी टाँसिएछौ
जुकासरह
र, रगत चुसिरहन्छौ
हठात्
भिँगाको स्वरले
ब्युँभाइदिएछ पीडा
मध्याह्नमा
मानौँ मलाई सम्भाइरहेछ
तिमी ज्युँदै छौ
●

# परिभाषा

●

चारपाटे
सानो सुकुलमा
देशको नक्सा खोजिरहेछु
कतै परिभाषा खोजिरहेछु
जिउनु पनि त एउटा कला हो
म पनि यसमा पारङ्गत छु
र, जिउँदै छु
जिउने परिभाषा खोजिरहेछु

थाहा छ
यद्यपि थाहा छ
गुराँसको रङ्ग रातो हुन्छ
रगत बग्दैन
हिमाल भन्नु हिउँ हो
चिसो, पोल्दैन

कतै मन पोलेको छ
रगत बगेको छ
देशको परिभाषामा
परिभाषित
अलिकति स्वार्थ छ

अर्थात् जसको जति स्वार्थ छ
उसका लागि
देश त्यही हो
देश त्यति नै हो
देशको परिभाषा
त्यही अलिकति स्वार्थ हो।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : कुन्ता शर्मा

**नाम** : कुन्ता शर्मा चौलागाईं

**जन्ममिति/स्थान** : २००३ भदौ १, सुनसरी

**फोन** : ०२५-५२१८०२

**इमेल** : kunta_sharma@yahoo.com

**लेखनप्रारम्भ** : माध्यमिक कक्षादेखि

**प्रथम प्रकाशन** : *लाहुर गएको प्रेमीलाई एउटा पत्र* (***सम्झना*** सामयिक सङ्कलन)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***म उभिएको ठाउँ*** (कवितासङ्ग्रह, २०५२); ***सङ्कल्प*** (द्वैमासिक), ***छायाँ*** (महेन्द्र क्याम्पसको मुखपत्र) को सम्पादन

**पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार, व्यथित काव्य पुरस्कार, पारिजात सृजन पुरस्कार, केवलपुरे प्रतिभा पुरस्कार, साहित्यिक पत्रकारिता पुरस्कार (प्रेस काउन्सिल) आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता समयको दस्तावेज
कविता मानवसमुदायको उद्‌गीत
कविता परिष्कृत र संवेदनशील मस्तिष्कको उपज

**नजरमा आफै** : उर्लिरहेको विशाल सृष्टिसिन्धुको सूक्ष्म बिन्दु म।

**सम्पादकको कलम** : प्रगतिशील चेतसहित मूलतः नारीसंवेदनाका कवि कुन्ता शर्माका कविताहरूमा पुरुषको सर्वसत्तावादी समाजव्यवस्थाप्रति तीव्र नारीविद्रोहका वैचारिक आवाजहरू कलात्मक सौन्दर्यमा झङ्कृत हुन्छन्। यद्यपि उनका कतिपय कविताहरूमा नारीका कोमल संवेदनाको पनि उत्तिकै प्रभावी प्रवाह भेटिन्छ।

●

*कुन्ता शर्मा*

# सङ्गीतकार

●

सुदूरपूर्व बस्ने
मेरो एउटा साथी छ
जसले आफ्नो जीवनका धेरै वर्षहरू
काठमाडौँका चिसा छिँडीहरूमा बिताएको छ
ऊ मीठा–मीठा गीतहरू लेख्छ
ती गीतहरूमा अझै मीठो सङ्गीत भर्छ
आफ्नो झन् मीठो स्वरले गाउँदै हिँड्छ
गल्ली–गल्लीहरूमा, चोक–चोकहरूमा
गोठहरूमा, खर्कहरूमा
बाक्ला सल्लाघारीहरूमा
धुपीसल्लाका शीतल छायाहरूमा
खेतहरूमा, आली ताछिरहेका खेतालाहरूका बीचमा
उसका गीतहरूमा मार्तोल र छिनोहरू बज्ने गर्छन्
उसका गीतहरूमा कुटो र कोदालोहरू बज्ने गर्छन्
अनि अन्याय र अत्याचारमा निसास्सिएका
थिचिएका, मिचिएका
भोका र नाङ्गाहरूका कहानी बज्ने गर्छन्

जब आफ्ना कुशल औँलाहरूले
गितारका तारहरू छुन्छ ऊ
ती तारहरू झनन्न... बजिरहन्छन्
अनि ती सशक्त स्वरहरूले
परपरसम्मका मानिसहरू जुर्मुराउँछन्
यस्तो लाग्छ– पाखाका झुप्राहरू जुर्मुराउँछन्
नीलो आकाशका फराकिला आँखाहरू जुर्मुराउँछन्
नदीका छालहरू, पर्वत–शृङ्खलाहरू जुर्मुराउँछन्
उसका महान् विचारहरूलाई मानिसले चिनिसकेका छैनन्
उसका महान् आकाङ्क्षाहरूलाई
आत्मीय मित्रले पनि जानिसकेका छैनन्
एउटा यस्तो दिन पनि आउनेछ
घामझैँ उज्याला र न्याना उसका विचारलाई
कुहिराले छोप्न सक्नेछैन
किरणजस्ता भएर तिनीहरू
झलमल्ल–झलमल्ल गर्दै फैलिरहेका हुनेछन्
उसले रोजेका सुन्दर बाटाहरूको
सम्मान र सराहना गर्नेछन् सबैले
त्यो समय वसन्त आएझैँ आउनेछ
फूलका सुन्दर गुच्छाहरू बोकेर
शिशिरको रापिलो उदासीनता पन्छाउँदै आउनेछ
सुन्दर सरगम बोकेर
मैले बारीको करेसामा सयपत्री रोपिसकेकी छु
आँगनको डिलमा मखमली हुर्काइसकेकी छु
म माला गाँस्नेछु
दुनाहरूमा टीका सजाउनेछु
उसको विजयमिश्रित मुस्कान हेर्न
भाइपूजाको दिनमा
निधारमा टीका र गलामा माला सजाउँदै
उसले ल्याएका उपहारहरू मुक्तिका, चेतनाका
सर्वत्र बाँडिदिनेछु
खुसी हुँदै रोमाञ्चित हुँदै
मेरो एउटा साथी छ
पहाडको एउटा भेगबाट बग्ने छहरा झैँ
बग्दै आएको छ ऊ

काठमाडौँका चोक र गल्लीहरूमा
ऊ अझै केही दिन बस्छ यहाँ
मानिसका दुःख र पीडाहरू राम्ररी केलाएर
तिनीहरूको विरोधमा गीतहरू बनाउँछ
ध्वनिहरू फिँजाउँछ
असमानता र बर्बरतासँग औधी घिनाउँछ
मेरो साथी गीतका लहरहरू बोकेर
सहरमा होइन गाउँमै गएर
बाँकी जिन्दगी बिताउने रहर गर्छ
दुःखले कक्रिएको जीवनमा मानिसहरूको
आशाको सञ्चार गर्छ
उत्साहको सङ्गीत भर्छ
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : नरेश शाक्य 'नीरज'

**नाम** : नरेश शाक्य

**जन्ममिति/स्थान** : २००३ मङ्सिर १०

**फोन** : ९७४१०३७०४५

**लेखनप्रारम्भ** : २०२०

**प्रथम प्रकाशन** : *कलिलो बालक* (**रूपरेखा**, २०२१)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***नरेश शाक्य 'नीरज' का कविता र गीतहरू, परिवेश, अन्धकारको वृत्तभित्र*** (कवितासङ्ग्रह)

**पुरस्कार/सम्मान** : साहित्य सन्ध्या पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, व्यथित काव्य पुरस्कार, अस्वीकृत विचार पुरस्कार, फ्री नेपाल डट कम सम्मान, साहित्य सन्ध्या सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता व्यक्ति स्वयम् र समाजको मीठो स्वचिनारी हो।

**नजरमा आफै** : जीवन बाँच्नका निम्ति सङ्घर्षरत व्यक्ति र सामाजिक योगदान गर्न सजग।

**सम्पादकको कलम** : विशेषत: प्रगतिशील धारमा विश्वास राख्ने कवि नरेश शाक्य 'नीरज' का कविताहरूमा संवेदनाको गहिराइबाट जीवनको आयाम भेट्ने प्रयास हुन्छ। सौन्दर्यचेतमा पनि त्यत्तिकै आस्थावान् कवि 'नीरज' आफ्ना गद्य कवितामा गीतिचेतयुक्त लयमाधुर्य भर्छन्। आज कविता नै उनको जीवनसाथी बनेका छन्, अर्थात् कविताजस्तै जीवन बाँच्ने कवि 'नीरज' का कविताहरू यिनै सत्यका प्रकाशना हुन्।

●

*नरेश शाक्य*

## मेरो कविता

●

युद्ध लड्न गएको मेरो कविता
मऱ्यो वा बाँच्यो
केही खबर आएन,
म वृद्ध बाबु
छोरो विजेता भएर
फर्कने आशामा छु।
प्रेमको तृष्णामा हिँडेको मेरो कविता
कतै तन्नेरी मुटुमा घाइते भएर
अल्झ्यो कि ?
स्वाधीन बाँच्ने रहर गर्दै थियो,
छिमेकीहरूसँग समान बाँच्ने
इच्छा गर्दै थियो,
बाध्यताले
कतै परतन्त्रमै जकडियो कि ?
शान्तिको,
विकासको
आधारभूत आवश्यकताको पूर्तिको योजना
षड्यन्त्रको चक्रव्यूहमा फस्यो कि ?
युद्ध लड्न गएको मेरो कविता
मऱ्यो वा बाँच्यो
केही खबर आएन,
म वृद्ध बाबु
छोरो विजेता भएर
फर्कने आशामा छु।

●

# वर्तमानको टापुमा बन्दी म

●

वर्तमानको टापुमा
एक्लो बन्दी
छालहरू मेरो भावना हिर्काइरहन्छन्,
चिन्ता–नदी मलाई घेरिरहन्छन्,
डुङ्गाहरू छैनन् जसमा चढेर
        म यो चिन्ता–नदी उम्कन सकूँ,
        छालहरू घचेट्न सकूँ,
        (यो अस्वस्थ परम्परा)
आफन्तको सहरमा
निर्विघ्न पाइला टेक्न
एक मुटु माया पोख्न
तर मात्र निर्मोहको सीमाहीन विस्तार
मेरा आँखा बिभ्फाउन आउँछ
मलाई ठुङ्न आउँछ,
निरन्तर घाइते मेरो योद्धा
उठ्छ, लड्छ
उठ्छ, लड्छ
वर्तमानको टापुमा
एक्लो बन्दी
छालाहरू मेरो भावना हिर्काइरहन्छन्।

●

# पग्लेर पनि तिम्रो मुटुबाट

●

पग्लेर पनि तिम्रो मुटुबाट
मात्र ग्लेसियर बहन्छ,
जमेर तिम्रो मुटु हिमशिला बन्छ,
दुवै स्थितिमा तिम्रो उपस्थिति–
हाम्रा निम्ति
कति निरङ्कुश र क्रूर
विषाक्त र वेदनायुक्त छ?
तिम्रो कोखमा जीवनरस सिञ्चन हुने
उर्वरता होला
के हामी कहिल्यै त्यस्तो आशा गर्न सक्छौँ?
तिम्रा ओठमा मानवता सिर्जना गर्ने
प्यास तृप्त पार्ने
गर्माहट होला
के हामी कहिल्यै त्यस्तो
किञ्चित् अभिलाषा गर्न सक्छौँ?
प्रगतिको मार्गप्रशस्त हुन सक्ने
सम्भावनाका सारा सुन्दर र
रहरलाग्दा क्षितिजलाई ओझेल पारेर
ठिही र स्याँठमा अनुवाद गरेर
तिम्रो निर्जीव र संवेदनाहीन सुन्दरतामा
हामी किन गर्व गरौँ?
किन प्रशंसा गरौँ??
पग्लेर पनि तिम्रो मुटुबाट
मात्र ग्लेसियर बहन्छ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : बम देवान, दर्शन राई

**नाम** : बमबहादुर (देवान) राई

**जन्ममिति/स्थान** : २००३ मङ्सिर १५, सङ्खुवासभा

**फोन** : ०२५-५२०९४६, ९८०४०२७६९६

**लेखनप्रारम्भ** : २०१९

**प्रथम प्रकाशन** : *नहटाई पाउ* (***सौगात***, २०२०)

**राष्ट्रिय स्तरमा** : *वर्तमान इतिहास नानीहरूलाई किस्सा* (***चेली***, २०२७)

**कृति** : ***हाम्रो गीत हाम्रो आवाज*** (कवितासङ्ग्रह, २०२९) (दर्शन राई नामबाट)

**पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०५४), डा. स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार (२०५९), भूकम्प उद्धारक पुरस्कार (२०४५)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता अनुभूतिको कहालीलाग्दो सौन्दर्यले अभिसिञ्चित सम्प्रेषणीय एवम् पद्यमय सहज अभिव्यक्ति हो। अनुभूति जीवन र जगत्सँग सम्बन्धित हुन्छ। कविताको माध्यमबाट जीवन र जगत्लाई आनन्द प्रदान गर्दै अझ सुन्दर र जीवन्त बनाउने यत्न रहे मानिसको जीवन महोत्सव बन्छ; कविता फूलजस्तो सरल र गहिरो भए जो पाठकको अनुभूतिमा आउँदा उनको जीउको सर्वाङ्ग सिरिङ्ग हुन जान्छ। यस्तो कवितालाई पूर्ण कविता भन्नुपर्ला।

**नजरमा आफैं** : इमानदारिताद्वारा सङ्गीतबद्ध
स्वभाषी शब्दहरूमा गाउँदै हिँड्ने
मात्र राष्ट्रियतामा अलमलिएको धुन
न दूषित मानवता
न अदृषित भगवान्
म एक्लो
फगत एक्लो बम देवान।

**सम्पादकको कलम** : आफ्नो समकालीन पुस्तामा निकै चर्चित तर कतै अलमलिएजस्तो, कतै हराएजस्तो कवि बम देवान कथाकार अनि गीतकार पनि हुन्। उनका कविताहरू सौन्दर्यसिञ्चित र सम्प्रेषणधर्मी एवम् मनलाई झङ्कृत पार्ने हुन्छन्; जहाँ जीवन उत्सवमय बनेको हुन्छ। उनी आफ्ना कवितामा लयमाधुर्यसहित ध्वनिगाम्भीर्य पनि सिर्जना गर्छन्। प्रकृतिको तालमा जीवनको ताल मिलाएर समयसन्दर्भित मानवताको गीत गाउनु कवि देवानको काव्यिक निजत्व हो।

●

*बम देवान*

## बेनाम वनफूल

●

विस्तृत ⁄ विशाल
घना जङ्गलभित्र
कति–कति मनसुनका हातले उमारे
बेनाम ⁄ बेखबर वनफूलहरू !
र ओइलाए, हराए
बेनाम ⁄ बेखबर वनफूलहरू !

न कुनै कविका आँखाको गहिराइले
छोयो यिनलाई,
न त कुनै युगल प्रेमको भावकुताले
छाम्यो यिनलाई
बिनामूल्याङ्कन
बिनाप्रशंसा

सर्वाङ्ग कठ्याङ्ग्रिने शीतको सारमा होस्
या कालो रातको घनघोर बर्सातमा होस्

शरद्को मादकतापूर्ण सुन्दर साँझमा होस्
या विरक्तिलाग्दो हिउँदको पतझडमा होस्

बेनाम ⁄ बेखबर वनफूलहरू
सिर्जनाका रङ्गहरू छरेर
फुल्छन्, वैलिन्छन्
अज्ञात सहिदका आँखाका सपनाहरूजस्तै
यो एकान्त घना जङ्गलभित्र
बेनाम ⁄ बेखबर वनफूलहरू !!

●

## व्यस्तताले निलेको मुस्कान आफ्नै ओठको

●

मलाई त थाहै भएन...
कहिले आएछ वसन्त
र टाँसेछ मुनाहरू हाँगामा, झाडीमा
र
लेखेछ प्रीतिका नयाँ गीतहरू
ऐँसेलुमा झुमेका
वनचरीका भाका-भाकामा!

वास्तवमा मलाई कहाँ थाहा हुन्छ र,
जुरे थुम्का र नागीहरूमा
कुन बेला सुनौलो लाली मुस्कुराउँछ?
चियाल र सिमलका नरम-नरम पातहरू चुमेर
कुन बेला दिनले बिदा लिन्छ!

यो त मान्छेलाई मात्र थाहा हुने कुरा हो!

कसरी बूढो वर्ष लौरो टेकेर घुम्तीबाट पार हुन्छ?
कसरी नयाँ वर्ष
समयको घोडामा उन्मुक्तिसाथ सवार हुन्छ?

शिर ठाडो हुनुपर्छ यी सब हेरेर जान्नलाई,
शिर ठाडो हुनुपर्छ!!
समय बैँसालु हुनुपर्छ
चौतारीमा भारी बिसाएर
एक मुठी शीतल सास फेर्न पाउनुपर्छ!


भारीले थिचेर कुप्रो परेको शरीरलाई
नाम्लोमुनि रातदिन निहुरिएको शिरलाई
के थाहा होस् कठै!
ती वैभवशाली सौन्दर्यका रङ्गहरू
के थाहा होस्
जीवनका अँध्यारा/उज्याला आभासहरू!

हुन त मैले पनि
ठाडो शिर भएको मान्छे हुन पाउनुपर्ने,
पाउनुपर्ने अब ता,
मान्छेको पाइताला लिएर हिँड्न पाउनुपर्ने!

बौरियामा बाँधिएका छिनसित
कता हरायो मुस्कान आफ्नै ओठको?
चारैतिर छाएको रङ्गीन वसन्त
आँखाहरूले छाम्न पाउनुपर्ने!

चौतारीमा शीतल छहारीमुनि
वनचरीसँगसँगै आफ्नो उन्मुक्तताका गीतहरू गाउन पाउनुपर्ने
अहो! अब त–
आफूले आफैलाई बेस्सरी अँगालोमा बाँधेर
माया गर्न पाउनुपर्ने!!
●

# कविसन्दर्भ





**साहित्यिक नाम** : शैलेन्द्र साकार

**नाम** : शङ्करप्रसाद श्रेष्ठ

**जन्ममिति/स्थान** : २००३ मङ्सिर १७, भोजपुर

**फोन** : ०१-४४७२८१९

**इमेल** : shailendrasakar@hotmail.com

**लेखनप्रारम्भ** : २०१६ तिर

**प्रथम प्रकाशन** : *स्वास्नीमान्छे* (***साहित्य***)

**राष्ट्रिय स्तरमा** : *एक उद्वेग* (**रचना**, २०१९)

**कृति** : ***शैलेन्द्र साकारका कविता, कोलाज*** (कथासङ्ग्रह), ***कालपात्र र अरू कथाहरू, सर्पहरू गीत सुन्दैनन्*** (कवितासङ्ग्रह), ***रामायण र अरू कथा*** (कथासङ्ग्रह), ***नाङ्गो तार*** (लामो कविता), ***कवितामा अमेरिका*** (कवितासङ्ग्रह), ***अमेरिका*** (कवितामा विधाता); ***अवतार विघटन, आकाश विभाजित छ*** (उपन्यास) को सहलेखन; सम्पादन : ***कथामा नारी हस्ताक्षर, मन्त्र, चिन्तन, समष्टि***को सम्पादन

**पुरस्कार/सम्मान** : कविता महोत्सव पुरस्कार (२०२४), मुस्याचु पुरस्कार (२०३९), युगकवि सिद्धिचरण काव्य पुरस्कार (२०४९), छिन्नलता सम्मान (२०५८), अन्नपूर्णा सम्मान (२०६२), दोभान सम्मान (२०६४), बङ्गलादेश लेखक सङ्घबाट सम्मान (२०६३)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता लेख्नु भनेको नाङ्गो तारलाई छुनु हो। कविताकर्म भनेको चेतन/अवचेतन मनको विस्तार हो। कवितामा यति धेरै स्वीकारोक्ति भेट्छु कि कहिलेकाहीँ मैले मूर्खता गरिरहेजस्तो लाग्छ। कविता एउटा 'धक्का' हुनुपर्छ, चेतनामा यसले चोट पुऱ्याउनुपर्छ। जे होस्, जीवन्त लेखनमा समर्पित रहने आन्तरिक सोच छँदै छ।

**नजरमा आफैं** : सत्य र आत्मस्वीकृति लेख्ने प्रयासमा लागिरहेको एउटा विद्रोही व्यक्ति। संसारभरि कविता खोज्ने र कविताको सम्मान हेर्न चाहने व्यक्ति।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको कालयात्रामा निकै सशक्त उपस्थिति जनाउने कवि शैलेन्द्र साकारका कविताहरू स्वर र शिल्प दुवै भाकामा अत्याधुनिक चेतनाका सम्यक् मूर्च्छना एवम् कलात्मक निष्कर्ष हुन्। जीवनको घुम्तीमा फेर परेका नग्न, क्रूर एवम् बिब्ल्याँटा सत्यहरू; जसले नेपथ्यबाट वर्तमानलाई कोटचाउँदा चहराउने घाउका अध्यायहरूको विम्बात्मक प्रेमिल अभिव्यञ्जना उनका कविताको अपनत्व बनेको छ; जसलाई मानवीय चेतनसौन्दर्यका ऊर्ध्वमुखी आस्तित्विक प्रकाशन हो भन्न सकिन्छ।

●

*शैलेन्द्र साकार*

# रिँगटा

●

रामायण, महाभारतका सम्पूर्ण ठेलीहरू
बाइबल, कुरान र पुराणका थाकहरू
ज्ञानविज्ञान किरिङमिरिङ करोडौँ अक्षरहरू
मानवसभ्यताका लाखौँ हारजितका कथाहरू
औषधीशास्त्र, नियमकानुनका थुप्रै पुस्तकहरू
फटाफट–फटाफट कसले पल्टाइरहेछ
मलाई रिँगटा लागिरहेछ।

आँखाले नभ्याइँदा लाखौँ चीलहरू उडिरहेछन् छानामाथि
आकाशमा बादलहरू खोजिरहेछन् आड
काला प्रेतहरू हिँडिरहेछन् आँगनमा र
फूलबारीमा फैलिरहेछ सुक्खा आगो।
लाखौँ मैनबत्तीहरू बलिरहेछन् एउटा पङ्क्तिमा
काला लुगा लगाएका एक हूल मान्छेहरू
लाखौँलाख मानिसहरू भीड बनाएर
लाखौँ मानिसहरू दौडिरहेछन् च्यापेर मुखमा
एक–एकवटा कालो मैनबत्ती।

साइकोडेलिक पेन्टिङमा झैँ
संसार नाचिरहेछ वृत्तमा।
मानिसको मगजमा आत्तिएको मुसोझैँ
भयको रगत दौडिरहेछ।
उज्यालो आकाशबाट खसिरहेछ अँध्यारो तारा
मानिसहरूलाई देखेर मानिसहरूलाई डर लागिरहेछ।
कोही छ जसले यहाँ मलाई तर्साइरहेछ
हिँड्न लागेको बाटो झोलुङ्गे पुलझैँ हल्लिरहेछ
रगतमा फणा उठाएको गोमन फन्का मारिरहेछ
रिँगटामा हिँडिरहेछु।

मलाई मान्छेहरूदेखि रिँगटा लागिरहेछ।
को शरीरभित्र पसेर पिङ खेलिरहेछ?
कामिरहेको लेन्सबाट फोटोमा को उत्रिरहेछ?
कसले ढोका, झ्याल र सिलिङहरूमा निर्घात घन ठोकिरहेछ?
कसले टाउकोभरि साइरनको घण्टी बजाइरहेछ?
म कुराहरू सडकमा ठमठम्ती दौडिरहेको देखिरहेछु
म कुराहरू नाटकमा जथाभाबी उफ्रिरहेको भोगिरहेछु
मान्छेका प्रत्येक अङ्गप्रत्यङ्गहरू
छुट्टाछुट्टै हिँडिरहेको र मरिरहेको देखिरहेछु।
म आफूसँग धुम्म रिसाएर बसेको आकाशमुन्तिर
एउटा जुलुसमा हिँडिरहेछु– भोज खाएर मात्तिएका
सम्पूर्ण देवताहरूलाई बेवास्ता गर्दै
एउटा आक्रोश हिँडिरहेछु
क्रुद्ध हिँडिरहेछु
रिँगटा हिँडिरहेछु।
●

## सर्पहरू गीत सुन्दैनन्

●
तिमी जतिसुकै पीडाले चिच्याऊ
ईश्वरका विरुद्ध उभिएर सडकमा
अथवा आनन्दले विभोर भएर
जीवनको प्रशंसामा जतिसुकै गीतहरू गाऊ
त्यसको केही मूल्य छैन
तिमी कसैकहाँ सम्प्रेषित हुन सक्दैनौ
कसैलाई ब्युँझाएर केही भन्न सक्दैनौ
सर्पझैँ आत्मरतिमा निमग्न भएकाहरू
गीत सुन्दैनन्– तिम्रो कविता सुन्दैनन्।


मलाई थाहा छ–
तिमी चिरन्तन बोलिरहेछौ
युगका सुख–दुःखका कथाहरू
तिमी बालिरहेछौ सधैँ आफ्नो अस्मिता
तिमी मुटुका भक्कानोहरूलाई पङ्क्तिबद्ध गरिरहेछौ।

तिमी कवितामा खोजिरहेछौ जीवनको लय
तिमी अन्याय र बर्बरताको कथा सुसेलिरहेछौ
तिमी आफ्नो अस्तित्वका सम्पूर्ण रागहरू बजाइरहेछौ।

तर के गर्छौ मेरा प्रिय गायक
सर्पहरू गीत सुन्दैनन्
संसारका कुनै पनि सर्पहरू
कविता सुन्दैनन्।

तिमीले जतिसुकै चिच्याई–चिच्याई गाए पनि
यी मन्दिरमा खोपिएका सर्प–प्रतीकहरू बहिरा छन्
कुनै पूर्वनिश्चित चाडको सामूहिक भोजमा बहुलाएर
यी विषदन्त गोमनहरू टोकिरहन्छन्
कुनै पनि नवजात शिशु भविष्य
र ईश्वरका सामु गर्वोन्नत रहन्छन्।
मलाई दुःख छ मेरा गायक
सर्पहरू कविता सुन्दैनन्
सर्पहरू गीत सुन्दैनन्।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : मञ्जुल

**नाम** : मेघराज शर्मा नेपाल

**जन्ममिति/स्थान** : २००३ फागुपूर्णिमा, भोजपुर

**फोन** : ०१-५५५१३६८

**इमेल** : manjul.nepal@gmail.com

**लेखनप्रारम्भ** : २०१३

**प्रथम प्रकाशन** : २०१७/१८ तिर भद्रपुरको स्थानीय पत्रिकामा

**राष्ट्रिय स्तरमा** : *आमा म तिमीलाई छुन्छु* (***रूपरेखा***, २०२१)

**कृति** : ***साइँली मोरीलाई*** (२०२४), ***दुई हरफ ओठहरू*** (गीतसङ्ग्रह, २०६४), ***छेकुडोल्मा*** (उपन्यास, २०२७), ***गायक यात्री*** (कवितासङ्ग्रह, २०४०), ***सम्झनाका पाइलाहरू*** (नियात्रा, २०४५), ***मञ्जुलका नयाँ कविताहरू*** (२०४५), ***जाने होइन दाइ आलापोट*** (यात्रानिबन्ध, २०४७), ***सिद्धिचरणहरू*** (काव्य, २०५५), ***मृत्यु-कविता*** (२०५५), ***चोकटी कविता*** (२०५५), ***पाइलाका निबहरूले*** (२०५१), ***गाउँका दृश्य-दृश्यमा बाँडिएर*** (२०५५), ***उज्यालोको प्रशंसामा*** (२०४२), ***नग्न*** (अनुवाद, २०६१)

**पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार (२०४०), सिद्धिचरण काव्य पुरस्कार (२०५१), उत्तम-शान्ति पुरस्कार (२०४५), साझा पुरस्कार (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मानिसहरूसँग सधैं कुरा गर्न चाहने एउटा सुन्दर साथीको नाम हो कविता।

**नजरमा आफै** : यो संसार, यो जीवजगत्को सञ्चालन देखेर यसमा सहभागी हुँदै मुग्ध भएर हाँसिरहन चाहने एउटा कवि।

**सम्पादकको कलम** : मान्छेको अन्तस्करणको आवाजलाई विश्वास गर्ने र मान्छेलाई नै सर्वोपरि ठानेर केवल मान्छेकै नाममा कविता सिर्जना गर्ने आधुनिक नेपाली कविताको परिदृश्यमा एक सशक्त स्रष्टा कवि मञ्जुलका कविताहरूमा यत्रतत्र जीवनको मधुरतम सङ्गीत महसुस गर्न सकिन्छ। कविता र जीवनबीच समाहित साधक कवि मञ्जुल जीवित साहित्यको रङ्गमा आफूलाई बाँचेको महसुस गर्छन्। एक समय प्रगतिशील चेतका कवि मञ्जुल राल्फाली जमातसँग आबद्ध भएर जनतासम्म पुगे। आज तिनै अनुभवहरूको गम्भीर र कलात्मक अभिव्यक्तितर्फ उन्मुख हुँदै उनी कविताको अनन्य साधनामा लीन बन्न पुगेका छन्।

●

*मञ्जुल*

## गितारको गीत

●

कसैले मलाई खोलबाट निकालिदिए हुन्थ्यो
आफ्ना बलिष्ठ हातहरूले
मेरा तारहरूमा बेस्सरी हिर्काएर
झनझनाउँदा स्वरहरू फैलाइदिए हुन्थ्यो
कसैले मलाई खोलबाट निकालिदिए हुन्थ्यो

मलाई एउटा कोठाको अँध्यारो कुनामा
किन्त्रिक्क परेर
थन्किएर
दिन बिताउन मन परिरहेको छैन
कसैले अलि जाँगर गरिदिए हुन्थ्यो
स्वच्छ हावामा
खुला फाँटहरूमा
एउटा स्वतन्त्र मान्छेजस्तै
मलाई पनि घुमफिर गर्ने मौका दिए हुन्थ्यो
कसैले मलाई खोलबाट निकालिदिए हुन्थ्यो

मेरा तारहरू नमिलेका पनि होलान्
कुनै अलि खोल्नुपर्ने होला
कुनै अलि कस्नुपर्ने होला
सिपालु वादकले मेरा कानहरू निमोठिदिए हुन्थ्यो

उसका सुकोमल औँलाहरूसँग खेल्ने
ओहो! मलाई कत्रो रहर छ!
उसले मेरो भावना बुझिदिए हुन्थ्यो
कसैले मलाई खोलबाट निकालिदिए हुन्थ्यो

खोलको च्यातिएको प्वालबाट
उडिरहेका चराहरू देख्छु
बगिरहेको आकाश देख्छु
आकाशको उन्मुक्त फाँटमा रमाउँदै कुदिरहेको
तर कोठाभित्र भने कन्जुसी गरी-गरी अलि-अलि छिरेको
उज्यालो घाम देख्छु
खेलिरहेका केटाकेटीहरू देख्छु
कस्तो कुसमयमा जन्मेछु छिः म त
अलिकति जाँगर पनि नभएका
उत्साह मरेका
वादकहरूको हातमा परेछु
कस्तो कुसमयमा म तयार भएछु

गितार हुँ
कसैले बजाउँदैन भने मेरो के उपादेयता?
यदि म थकित मजदुरको हातमा हुन्नँ भने
यदि म खेतका गरा र आलीमा पुग्दिनँ भने
यदि म गाउँका झुप्रीहरूमा
अथवा सहरका फोहोर बस्तीहरूमा डुल्न पाउँदिनँ भने
विद्यालयका प्राङ्गणहरूमा रमाउन पाउँदिनँ भने
मेरो जिउनुको के सार्थकता?

जीवनमुखी अभिव्यक्ति भएका कलाकारले
आफ्ना सुरिला स्वरहरूमा
मलाई पनि मिलाएर
मीठा धुनहरूमा सिँगारेर
अरू साथी-सँगातीसँग मिसाएर
कुन्दुङ-कुन्दुङ अथवा झ्याम-झ्याम बजाइदिए हुन्थ्यो
कसैले मलाई खोलबाट निकालिदिए हुन्थ्यो
●

## आहालमुनिको हिमाल


●

तिमी यति सानो आहालमा सुतिरहेको देखेर
माया लाग्यो
तिमी त आकाशको विशालतामा
सुत्नुपर्ने
तिमी तल–तल नुहेको देखेर
दु:ख लाग्यो
तिमी त माथि–माथि उठेर जानुपर्ने
आकाशलाई पनि उल्टचाएछौ तिमीले
रूखलाई पनि घोप्टचाएछौ तिमीले
तिमी यसरी उँधोमुन्टिएको देखेर
दु:ख लाग्यो
आहालमुनिको हिमाल!

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : बेन्जु शर्मा

**नाम** : बेन्जु शर्मा

**जन्ममिति/स्थान** : २००४ मङ्सिर, काठमाडौँ

**फोन** : ०१-४४३१९२४

**इमेल** : benju_12000@yahoo.com

**लेखनप्रारम्भ** : ७/८ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *नेपाल* (***रूपरेखा***, २०१८)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***आन्दोलनपूर्वका बन्द अभिव्यक्ति, सम्बन्ध प्रदूषण, इतर किनाराको वरिपरि*** (कवितासङ्ग्रह), ***देहमुक्त*** (उपन्यास), ***विसङ्गत*** (कथासङ्ग्रह), ***टू सिस्टर्स*** (सहकवितासङ्ग्रह)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, महेन्द्र विद्याभूषण, दीर्घ सेवा पदक, चार स्वर्ण पदक

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मेरा कविता समाजमा, देशमा घटेका दुर्नियति, विसङ्गति, अन्याय, मानवीय मूल्यको विघटनबाट व्यथित मनका अभिव्यक्ति हुन्।

**नजरमा आफै** : आफू सोझो र सरल मनको पुञ्ज तर सधैँ बाङ्गो र झूटबाट प्रताडित र प्रहारित।

**सम्पादकको कलम** : स्रष्टा बेन्जु शर्मा आधुनिक नेपाली कविताको बुद्धपथमा सार्थक यात्रा हिँड्दै सशक्त पदचापका साथ अघिल्तिर बढिरहेका विशिष्ट कविप्रतिभा हुन्। शैलीगत सरलता एवम् सरसताभित्रको भावगत गहनता, प्रतिबद्धता र प्रवाहशील दक्षतासहितको अनुशासित चिन्तन स्रष्टा बेन्जु शर्माको काव्यिक निष्ठा हो। प्राकृतिक विम्ब र सुसाध्य प्रतीकसंयोजनले उनका कविताको अन्तर्वस्तु भावको तरलतासहित उत्कर्षमा घनीभूत हुन पुग्दछ। उनका कविताहरू जम्मामा दार्शनिक चेतसहित अलिकति विद्रोह, अलिकति नारीको स्वत्वमुखी चेतना र अलिकति सूक्ष्म मानवीय संवेदनाका सौन्दर्यात्मक मूर्च्छना हुन्।

●

*बेन्जु शर्मा*

## बन्द गर सम्भोगहरू

●

सम्पूर्ण हावामा बारुदको गन्ध फैलिएको बेला
चिसा खोलाहरू, नदीहरू
तातो रगत भएर बहेको बेला
मानिसको मनभित्र
आगोका बीउहरू रोपिएर
आगोहरू सुन्तलाका बमगोला भएर
विवेकहरू विचलित भएर
पाशविकता नै पुरुषत्व भएको बेला
परीक्षाको हरप्रश्नका उत्तरहरू
गलत लेखिएको बेला
एल. एस. डी. को लागूले
युग चक्कराइरहेको बेला
चेतना विचेत भएको
सोझा, निर्दोष, निश्छल नौजवानका लासहरू
यत्रतत्र पारिजातका फूलझैँ झरेको बेला
सृजना र सृष्टिलाई नै
हाँक दिइएको बेला
के जन्माउनु सन्तानहरू!
आगलागीमा
चरु बनाउनका लागि?
गोलीको होलीमा
चीरदाह गर्नका लागि?

ए! सम्पूर्ण महिलाहरूहो!
बन्द गर कोखहरू
अब कुनै बच्चाहरू
लोरी सुन्दै झोलुङ्गामा झुल्नेछैनन्
यो नपुंसक समयसँग
बन्द गर सम्भोगहरू!

●

# परम्परा

●

कैयौँ वर्षअघिदेखि
मेरो कोठामा
झुन्डयाइएको थोत्रो तस्बिर
कीरा–मुसाले खाइसकेको
झम्पाट तस्बिर
बानी परेको आँखाले मात्र
ठम्याउन सक्ने
एउटा थोत्रो आकार
ठिङ्ग उभिइरहेको तस्बिर
मेरी बज्यैले पूजा गर्दै आएको
यो तस्बिर
मेरी आमाले सगौरव झुन्डयाएको
यो तस्बिर
आज,
मेरा आँखामा खड्किरहेछ
आस्थाको पनि
एउटा परिधि हुँदो रहेछ
विश्वासको पनि
एउटा सीमा हुँदो रहेछ
अब,
आगोको रङ्गले
पोतिदिन्छु यो तस्बिरलाई
चारै कोणहरू ढपक्क ढाकिदिएर
एउटा बल्दो सलाई
राखिदिन्छु बीचमा
बस, बीचमा।

●


# शून्य नै स्वीकार छ

●

सादा फुलस्केपको मेरो मनमा
तिमीले केही रेखाहरू कोऱ्यौ
केही चित्रहरू बनायौ
तर रङ्ग राख्न किन बिर्सियौ ?
निर्जीव रेखामा मात्र बाँधिदिएर
एउटा अस्थिपञ्जर बनाएर
किन कतै अलमलियौ ?
कसैले तिमीलाई
अँगालोभित्र बाँधेर राख्यो होला
एउटा बन्धनभित्र बन्धित पाऱ्यो होला
मलाई यो अस्थिपञ्जर चाहिँदैन
रङ्गभित्र रँगिएर
गुराँस बन्न चाहिरहेछु
गुराँसका राता ओठहरूले
तिमीलाई सिन्दूर छर्न चाहिरहेछु
आँखाहरूभित्र बन्धित गरेर
तिमीलाई मुटुको जेलमा
जन्मभरका लागि
कैद गर्न चाहिरहेछु।
तिमी अस्थिपञ्जरमै
मलाई जियाउन चाहन्छौ भने
मेटिदेऊ यी रेखाहरू
सेतो आकाशमा टोलाएको
मेरो मन
शून्यताको गहिरो खाडल खनिएको
मेरो मन
सादा फुलस्केपमै बाँच्न चाहन्छ
कुनै ऋतुहरूलाई यहाँ प्रवेश हुनेछैन
मलाई शून्य-शून्य नै स्वीकार हुनेछ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : गोपाल पराजुली

**नाम** : गोपालप्रसाद पराजुली

**जन्ममिति/स्थान** : २००४ पुस २, काठमाडौँ

**फोन** : ०१-४४८२८२९

**इमेल** : gopalparajuli@yahoo.com

**लेखनप्रारम्भ** : २०१६/१७ तिर

**प्रथम प्रकाशन** : ***रसिद***मा (२०२० तिर)

**राष्ट्रिय स्तरमा** : ***रूपरेखा***मा (२०३० तिर)

**कृति** : ***पृथिवीमाथि आलेख*** (२०४६), ***हिमालमाथि आलेख*** (२०५३), ***देशमाथि आलेख*** (२०५५), ***शब्दशताब्दी*** (२०५७), ***समयको प्रस्थान*** (२०५८), ***नयाँ ईश्वरको घोषणा*** (काव्य, २०६०), ***Declaration of a New God*** (Epic, 2008), ***गोलार्द्धका दुई छेउ, सडकपछि सडक*** (नाटक); **गरिमा**को सम्पादन

**पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०६०), आई. एन. एल. एस. बेस्ट बुक अवार्ड, परदेश कविता पुरस्कार (सन् २००३), आई. एन. एल. एस. बुढाथोकी अनलाइन अवार्ड (२०६४), राष्ट्रिय कविता महोत्सव पुरस्कार (२०३८), गोपालप्रसाद रिमाल सम्मान, अनेसास नेपाल च्याप्टरद्वारा सम्मान, तन्नेरी सम्मान आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मैले जीवनसँग राखेको प्रस्ताव हो। म जीवनलाई र कवितालाई परिभाषामा साटेर जीवनका अनन्त सम्भावनाहरूलाई सीमित पार्न चाहन्नँ।

**नजरमा आफै** : म साहित्यमा प्रवेश गरेको संसारसम्म पुग्नका लागि हो र आफैलाई हेर्न हो। साहित्यद्वारा जीवनलाई हेर्ने मेरो दर्शन भनेको आफूभित्र हेर्ने त्यस दृष्टिबाट प्राप्त तत्त्वको प्रयोगद्वारा संसारलाई सुन्दर मानवबस्तीका रूपमा रूपान्तरित गर्नु हो। यो जिम्मेवारी वहन गर्ने व्यक्तिलाई नै मैले आफू भनेर चिनेको छु।

**सम्पादकको कलम** : नाटककारका रूपमा आफ्नो बलियो हस्तक्षेप जमाइसकेका स्रष्टा गोपाल पराजुली आधुनिक नेपाली कविताजगत्मा आफ्नो पृथक् उपस्थितिको सूचना दिन सक्षम गम्भीर र शालीन कवि हुन्। उनले अभिव्यक्तिको एउटा रूढशैली बनाएका छन्। त्यो उनको निजी पहिचान हो, तर पछिल्लो समयका कविताहरूमा उनले त्यो रूढशैलीमा विचलन ल्याएको देखिन्छ। यद्यपि पूर्णत मुक्त भने होइन। यो उनका लागि कलात्मक जोखिम हो, जसले उनलाई घाटाभन्दा बढी अर्को शिखरयात्रातिर उन्मुख गराएको भान हुन्छ। यिनै सत्यको साक्ष्यस्वरूप उनका कविताहरू यहाँ प्रेषित छन्; जहाँ उनको तीक्ष्ण काव्यिक चेतको प्रासङ्गिकता अझ सबल लाग्दछ।

●

*गोपाल पराजुली*

## गोपाल पराजुलीसमक्ष शपथ

●

आफ्नै विचारका बीच
संसार प्रवेश गरेको मैले
मेरो लेखकलाई
धेरै सम्मानका साथ रक्षा गर्न चाहेको छु
कसैले बेचेका सपनाका एम्बुसहरू
यथावत् छन्
कसैले मेरो रातमाथि बम
र उज्यालोमाथि
भीषण सुनामी युद्धहरू खसालेका
यथावत् छन्
ममाथि आगो खसालेको दृश्य
मैले आफ्नै आँखाअगाडि
हेर्नुपरेको सत्य हो
सत्यलाई छल गरी
कसैले मलाई आफ्नो अनुहार देखाएको
र टाढा पुगेपछि
दृश्यबाट आफ्नो अनुहार हटाएको
धेरै चोटि देख्नुपरे पनि
डराएको छैन
बल गर्नेको हातमा बन्दुक
र छल गर्नेको हातमा संसार पुगेको यस बेला
जीवनका मधुर नाराहरू चोरी गरेर
मान्छेहरू
झूट बोल्न बसेको कुरा सत्य हो

कसैको अनैतिक इच्छामा
फस्न नचाहने म
मेरा इच्छाहरू
बारम्बार फटाहाहरूको फन्दामा परेको सत्य हो
स्वाभिमान जोगाउन खोज्दा
धेरै चोटि खतरामा परेको र
आफ्नै स्वाभिमानको भारले
थिचिएर पातलो भएको म
आफूलाई चिन्न
आफैसँग हिँडेको सत्य हो
मेरा प्रश्नले खोजी गरेका व्यक्तिहरू
अहिले जहाँ हिँडिरहेका भए पनि
सत्य बोलिदिने
र इमान बचाइदिने कोही नभएको यस बेला
जसले जे टिप्पणी गरे पनि
तिनका टिप्पणीहरू
क्षमा गर्न लायक छैनन् भन्छु
मेरा प्रश्नहरूलाई अनुत्तरित राख्दै
समय हिँडिरहेको यस बेला
मेरो दुःख हेर्न बानी परेकाहरूलाई
मेरो विजयले दुःख दिन सक्छ
तर
गोपाल पराजुली
आफ्नो विजयमा
र मृत्युमा कसैलाई
कुनै विज्ञापन दिनेछैन
सबैलाई विश्वास गर्ने
मेरो कमजोरीमाथि टेकेर
शत्रुहरू माथि जाने प्रार्थना गरिरहेछन्
शत्रुहरूको यो अनौठो प्रार्थनाको समय
मैले मेरो लेखकलाई बचाउन
संसारका धेरै कुरा गुमाउने
आज शपथ लिएको छु
●


# म युद्धबन्दी भएको बेला

●

मैले बोल्ने शब्दलाई
म नजिकबाट नियाल्दै छु
म अडिँदै छु
यसै बेला
घण्टाघरको सुई टक्क अडिएको छ
मेरो शब्द
र अर्थको गम्भीरता बचाउन नसक्नेहरू
मञ्च मेरो रक्षा गर्न सक्दैन भन्ठानिरहेका छन्
मेरो भावनाको प्रतिनिधित्व
मैले चुप लागेर गरे पनि
वा अडी-अडी गर्न चुप लागे पनि
म कसको भावनाअनुसार बोल्न
कुन शब्दलाई विघटन गर्ने
र कुन शब्दले कसलाई सम्बोधन गर्ने
सोचिरहेछु,
संसारले मलाई जे सुन्न प्रतीक्षा गरिरहे पनि
र म जे भन्न लागिरहे पनि
कि एकछिन मैले अड्नुपर्छ
कि समयले
म समयको आवाज बोक्न उभिएको
र समय मेरो शब्द प्रसार गर्न
उभिएको यो बेला
मैले नबोले त्यो मलाई
ठूलो सजाय हुने
मैले धेरै बोले
त्यो पनि मलाई सजाय हुने
यो कुरा मभित्र
पाँच सेकेन्डभित्र सुरु भएर
अन्त भएको युद्ध हो
जुन युद्धलाई म नै हेरिरहेछु
म नै हेरिरहेको थिएँ

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : नव सापकोटा

**नाम** : नरबहादुर सापकोटा

**जन्ममिति/स्थान** : २००४ माघ, गुवाहाटी, असम

**फोन** : ०३६१-२५७१४५२

**लेखनप्रारम्भ** : १५/१६ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : ***भानु स्मारक ग्रन्थ***मा (सन् १९६९)

**राष्ट्रिय स्तरमा** : *सिर्ज एउटा कागजको इतिहास तिम्रो यी पुर्खाको*

**कृति** : ***सिर्ज एउटा कागजको इतिहास तिम्रा यी पुर्खाको*** (सन् १९८०), ***काव्यान्तर*** (कवितासङ्ग्रह, सन् १९९६), ***शब्दको आकाश*** (कविता), ***मुनामदन*** (नाटक, सन् २००३), ***लहर*** (सन् १९९९), ***वेदान्तका वाणी*** (सन् २०००), ***मृत्युञ्जय*** (अनुवाद)

**पुरस्कार/सम्मान** : कवि पुष्पलाल उपाध्याय स्मृति पुरस्कार (सन् २००१), विभिन्न स्थानका विभिन्न सङ्घसंस्थाबाट सम्मानित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : हाम्रो ब्रह्माण्डको सूक्ष्मतम कविता हो– ॐ। कविका कविताले ॐले जस्तो अरूको मन-मस्तिष्कमा प्रकम्पन ल्याउन सक्नुपर्छ। ॐको प्रकम्पित उच्चारणले ब्रह्माण्डमा शब्दतरङ्गको एउटा वृत्ताकार रूप प्रदान गर्दछ। यही शून्य (०) हो। शून्याकार ब्रह्माण्डको सूक्ष्म रूप। यसरी कविताले जीवनजगत्को ज्ञान गराउँछ र शून्यबाट अर्थात् केही नहुनुबाट केही हुनुको भाव सिर्जना गर्दछ। यही शून्यवादबाट जीवनमा केही हुनुको आशाप्रद भाव सिर्जनु नै कविस्रष्टाहरूको धर्म हो। अनि त्यही सिर्जना नै 'कविता' हो।

**नजरमा आफैं** : उर्लेर आएका भावलाई
टपक्क टिपेर अक्षरमा थुन्न नसक्नाले
सबै कल्पनालाई सिर्जनाको रूप प्रदान गर्न
नसकेकोमा अतृप्त छ मन।

**सम्पादकको कलम** : ॐलाई ब्रह्माण्डको सूक्ष्मतम कविता र शून्यलाई अझै सूक्ष्म र जटिल कविता ठान्ने स्रष्टा नव सापकोटा आधुनिक नेपाली कवितासाहित्यका एक सशक्त हस्ताक्षर हुन्। जीवन एउटा मात्र वादको कमारो होइन भन्ने कवि सापकोटा कुनै एउटा वाद आफ्नो सम्पूर्ण कवित्वलाई अँगाल्न समर्थ नहुने बताउँछन्। यसैले उनी कवितामा प्रयोगधर्मितालाई आफ्नो मौलिक साँचोमा ढाल्छन्, तर प्रयोगवादी क्लिष्टता उनको धर्म होइन। सृजनशील सांस्कृतिक एवम् जातीय मोह, छरितो व्यङ्ग्यसहितको अभिव्यञ्जनात्मक निखार, ठेट शब्दगत प्रतीक र बिम्बसंयोजन आदिको कलात्मक रङ्गमा भावकको हृदयभरि कविताको मृदुल झङ्कारले सौन्दर्यात्मक एवम् आनन्दात्मक उच्छलन पैदा गर्नु उनको काव्यिक निजत्व हो।

●

*नव सापकोटा*

# धूलो

●

धूलो !
हो, धूलो !!
अर्काको पाइतालाले कुल्चिने; पसिने र धसिने धूलो।
सधैँ अरूको लात र घात सहने
यो धूलो–
देख्नमा कति क्षुद्र ! अस्तित्वविहीन !!
तर यी हर्दम कुल्चिहिँड्ने/थिचिइरहने
मस्तिष्कहीन पाइतालालाई के थाहा–
यस धूलोमा पनि अजिब शक्ति निहित छ।
पाइतालाको घात-प्रतिघातले दिक्क पार्दा
यसको ब्रह्माण्ड तात्दछ र
उडेर हावामा यी पाइतालाको मालिक
जीउभरि टाँसिन्छ
आँखा-आँखा, नाक-नाकमा पसेर पाइतालाको
निर्देशकलाई अत्याउँछ
अझै पनि यसमाथि दबाव थपिइँदै रह्यो भने
यसको विवेकले विद्रोह गर्दछ
आफू रिसले हिलो भइदिन्छ र
पाइतालाको शरीरलाई चिप्ल्याएर
बेस्सरी पछारिदिन्छ।

●

## युक्लिप्टस : आउने पिँढीलाई आशीर्वाद !

●

रमेर बाँच्ने इच्छाले जमेर आएकाहरू
गडेर हेर्ने इच्छाले त्रिनेत्र जड्नेहरू
रहस्य बुझ्ने इच्छाले मस्तिष्क किन्नेहरू

चालै नपाई नाङ्गिए युक्लिप्टसका रूखहरू
जस्तो
नाङ्गिँदै छन् त्यसरी नै युक्लिप्टसका हाँगाहरू
जस्तो
यो कस्तो ?

पर्छ र नाङ्गिन युक्लिप्टसका हाँगाहरू–
झन् यसको छायामा हुर्केका यौवनहरू
छैन र यसमा अर्को गुण 'सधैँ हरियो रहने' यसका पातहरू

भन्न मन लाग्छ यसैले–
युक्लिप्टसको छायामुनि मौलाएका यौवन
नचढून् हाँगा–हाँगामा
बरु झाँगिऊन् यसका
सदा हरित पात–पातमा।

●

## स्थिति

●

तिमी गएदेखि–
सहरका बत्तीहरू धमिलिएर निभ्दै बल्ने गर्छन्,
बतासका झोक्काहरू मेरा कानमा
एउटा अस्पष्ट भाषामा के–के साउती गर्छन्
मदेखि धेरै माथि अग्लिएको आकाशको आयतनभित्र
जून अल्लरी–अल्लरी टहल्ने गर्छ;
म कल्पनामा आफ्ना दुवै हत्केलाले
तिम्रो अनुहार समाती मेरा आँखाभित्र नियाल्ने प्रयत्न गर्छु

कि महत्तम प्रेमको भाकलको सम्झनाले तर्साउँछ,
कहिले कतै कसैले त्यो प्रार्थना सुनिदिए
कहिले कतै कसैले त्यो वन्दना थाहा पाए
आस्था र विश्वासको तार छिन्नेछ।

यद्यपि घामलाई साक्षी राखी खाएको खसम
जुवाडेले हारेको बाजीजस्तो हुँदै होइन
जो एक बाजी जित्न हजार बाजी हार्छ,
युद्धभूमिमा घाइते सिपाहीले पाएको
वीरताको तक्माजस्तो पनि होइन प्रिय
जुन सन्दुसभित्र बन्द रहन्छ जीवन्तसम्म।
हो, ईश्वर एउटै छ– प्रेम एउटै छ,
त्यो अनन्त, अमर र सत्य छ,
कि सत्यलाई हामीले स्वीकार गर्नुपर्छ,
किनभने– ईश्वर निराकार छ भन्ने जान्दाजान्दै
हामी इन्साफदेखि डराउँछौँ
फूल–प्रसाद–भेटी चढाउने गर्छौं
मृत्यु जीवन्त नहोस् भन्न खातिर
हामी ढुङ्गामा देवत्व प्राप्त गर्छौं।
त्यसैलाई चढाएको फूल प्रेम हो
सम्भवतः हामी त्यसैमा केही पाउने गर्छौं,
सम्भवतः हामी त्यसैमा बाँच्न खोज्छौँ!!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : कृष्णभूषण बल

**नाम** : कृष्णभूषण बल


**जन्ममिति/स्थान** : २००४ चैत १, इलाम

**फोन** : ०२१-५३०११२

**लेखनप्रारम्भ** : २०१९/२० तिर

**प्रथम प्रकाशन** : *म युवक हुँ* (***सौगात***, इलाम, २०२२ तिर)

**राष्ट्रिय स्तरमा** : *झझल्को मेरी आमाको* (***दियालो***, दार्जिलिङ, २०३२)



**कृति** : ***दाज्यू तिम्रो हात चाहिन्छ*** (खण्डकाव्य, २०३३), ***भोलि बास्ने बिहान*** (कवितासङ्ग्रह, २०४१ र २०५९)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार र अन्य धेरै

## दृष्टिसन्दर्भ

**कविताप्रति** : चेतहरूले छोइदिँदा निस्किएको भावनाको गङ्गा, तरङ्ग, खुसी, आफैसँग खेल्ने साथी र कहिलेकाहीँ नमिल्दा अपराधीजस्तो पनि सबै थोक कविता।

**नजरमा आफै** : थकित-पीडित एउटा यात्री हुँ वा केही होइन।

**सम्पादकको कलम** : कविताप्रति मामुली अनुरक्त कवि होइनन् कवि कृष्णभूषण बल। आधुनिक नेपाली कविहरूको लाममा उभिने अब्बल दर्जाका सशक्त कवि बल कविताका शिखरयात्री हुन्। शब्दको सामर्थ्य बुझेका कवि बलका कविताहरू शैलीगत मनोहारितासहित उर्वर कवित्वका प्रमाण हुन्। विषयवस्तुको याथार्थिक विश्लेषणसहित आफूलाई आत्मसात् गर्ने स्वतन्त्रता एवम् मानवीय महत्ताका गायक कवि बल नेपाली कविताका दोबाटाहरूका स्वयम् बाटा हुन्।

●

*कृष्णभूषण बल*

# बाटो खनी जाने सहिदहरू

●

बादलहरू च्यातेर घाम निकाले हाम्रा सहिदहरूले
तर त्यो घाम उनीहरूका सपनामा कहिल्यै लाग्न सकेन
तुवाँलाहरू फटाएर सिङ्गै आकाश दिए हाम्रा सहिदहरूले
तर त्यो आकाश उनीहरूको भविष्यले कहिल्यै भेट्न सकेन।
तिर्खाले व्याप्त धुकधुकीमा मुहानै खन्याइदिए हाम्रा सहिदहरूले
तर चैतको खडेरीले मुहानै सुकाइदियो,
यहाँ कसैले तिर्खा मेट्न सकेनन्,
बुच्चे चरीहरूमा प्वाँख भिराए हाम्रा सहिदहरूले
तर भोका चरीहरू भोकले कहिल्यै उड्न सकेनन्।
वर्षौं अन्धा रहेका अन्धाहरूलाई आँखा दिए हाम्रा सहिदहरूले
तर अन्धाले आँखा पाउँदा आफैलाई चिन्न सकेनन्
जाडाले कठ्याङ्ग्रिएकाहरूलाई,
भावनाको दोलाई र कम्बल बाँडेका हुन् हाम्रा सहिदहरूले
तर ओढ्नेले कहिल्यै ओढिदिएनन्
अब त यस्ता दाताहरू यी आँगनहरूमा कहिले आउलान् र
जबकि यहाँ त सहिद बन्नु पनि अभिशाप छ
किनभने यो देश नै यस्तो हो जहाँ सतीको श्राप छ।

●

# मनको घाउ

●

कुन बतासले उडायो यसरी, पत्करझैँ पानीमा तैरिएको छु
कुन हतारको बाढीले बगायो यसरी, आफन्तहरू हेर्दै बगेको छु।
सानो लहरले पनि बगाउन सक्छ मलाई, छाल नै किन चाहियो र
जसले पनि घाँटीमा बल्छी अल्झाउन सक्छ मलाई, जाल नै किन चाहियो र,
तैपनि षड्यन्त्रका काला हातहरू घाँटी निमोठ्न तम्सेका छन्
तैपनि तिनलाई पहाड बनाएर सुरुङ खन्न केही आँखाहरू उठेका छन्।
कुन बगैँचामा खडेरी खाएर टाक्सिएका होलान् ती मेरा कलिला फूलहरू
कुन गोरेटोमा बाटो बिराएर हिँडेका होलान् ती मेरा अबोध आँखाहरू
खै, कति दिन परदेशी भएर बाँच्नुपर्ने हो यसरी
डाँडाबाट लडेको ढुङ्गा नै भए पनि कतै एउटा अडिने ठाउँ हुन्थ्यो होला
मन त हो मान्छेको कमलो छ यसै पनि कहाँ लगेर बिसाउने होला।

●

# इतिहासका कुरा

●

सिर्जनाको एउटा जून हामीबीच पाइला राखेर भर्खरै हिँड्यो
उत्साहको एउटा वातावरण भर्खरै घाटमा लगेर सेलाइयो
फगत एउटा न्याउरो सहर मुर्दाहरूको घुइँचो बोकेर विक्षिप्त छ
फगत रित्ता पाइलाहरूको फोस्रो पदचापमा सडकहरू मौन छन्
इतिहास त्यहीँ रह्यो
हामी त्यहीँ रह्यौँ
खोलाहरू ब्युँझिएका छन् वा निदाएका छन् थाहा पाउन हामीले अगुल्टो चोर्‍यौँ
पहाड–बँसी सुतेका छन् वा ब्युँझिएका छन्
थाहा पाउन हामीले सहरहरू चहार्‍यौँ
जब राम्ररी थाहा पायौँ, हामी बगिसकेका थियौँ
जब राम्ररी थाहा पायौँ, हामी पहिरोमा परिसकेका थियौँ
इतिहास त्यहीँ रह्यो
हामी धेरै पछि सर्‍यौँ।

सुगौली सन्धिको डाम बोकेका हामी
भीमसेनको लासले घाट नपाएको देख्ने हामी
सतीले सरापेका हामी
एउटा चिसो आकाश ओढेर बालेको दियो कहिलेसम्म बल्न सक्छ
अरुणको गडतीरमा परेका रूखहरू के ठेगान कहिले लस्कन्छन्
भर्खर–भर्खर बिहानीको डाक लिएर बासेको भाले स्यालले भुल्याइसक्यो
भर्खर–भर्खर मिर्मिर लिएर डाँडामा देखिएको घाम, जसलाई घामले छोपिसक्यो
भूगोलले त यसै पनि ठगेकै छ
इतिहासलाई स्वयम् हामीले ठग्यौँ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : तोया गुरुङ

**नाम** : तोया गुरुङ

**जन्ममिति/स्थान** : २००४ चैत, कोदारी, सिन्धुपाल्चोक

**फोन** : ०१-४४८१८५६

**इमेल** : toyagurung516@hotmail.com

**लेखनप्रारम्भ** : २०१७

**प्रथम प्रकाशन** : *मेरो इतिहास बन्नेछ* (***स्वास्नीमान्छे***, २०१९)

**राष्ट्रिय स्तरमा** : ,,



**कृति** : ***सूर्यदह, धूपी, देवल घुमेपछि, तोया गुरुङका लामा कविता, Dhoopee or the Juniper*** (***धूपी***को अनुवाद)

**पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार, व्यथित काव्य पुरस्कार, रत्नश्री स्वर्ण पदक, कृष्णकुमारी-मनोरथ नेपाल स्मृति वाणी पुरस्कार, कन्या बहुमुखी क्याम्पस (डिल्लीबजार) बाट सम्मानपत्र, ग्रिन अनर सम्मान (लभ ग्रिन नेपाल), Felicitation Guest of Honour

## दृष्टिसन्दर्भ

**कविताप्रति** : आजन्म कैद छु। मेरा कवितामा मेरा दृष्टिकोणहरू छन्। मेरो कवितामा भन्दा म केही फरक छैन।

**नजरमा आफैं** : निश्चिन्त छु। स्वतन्त्र छु।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको कालखण्डमा प्रयोगधर्मी चेतका साथ आफ्नो सिर्जनशील हस्तक्षेप कायम राख्दै आजपर्यन्त काव्ययात्रामा समर्पित स्रष्टाको नाम हो कवयित्री तोया गुरुङ। वर्तमान जिन्दगीका बिब्ल्याँटाहरू, विसङ्गतताहरू , मानवचेतनाका अस्वीकृत पीडाहरू अर्थात् जीवनका क्रूर नग्न अनुभूति र संवेदनका शब्दशिल्पगत सीमान्त सौन्दर्यात्मक प्रभावी प्रकटीकरण उनको काव्यिक उत्कर्ष हो।

●

*तोया गुरुङ*

## शताब्दी पग्लेको ओढारसित मान्छे

●

फुत्किन्छ प्रतिध्वनि ओढारभित्र ठोक्किएर
कोच्चिएर, कोप्चिएर ओढारभित्र
जिन्दगी खाँदिएर
मान्छे...
मान्छे दब्बिएर अपरिचित भइसकेको छ
लम्केर, केवल लम्केझैँ गरेर

फुस्किएर नलीखुट्टाका हाडहरू
अन्धोतुल्य ठोक्किएर
अन्धोहीन खहरेमा मिसिएर
ओल्टिँदै
पल्टिँदै
यी जिन्दगीका आभासहरू

मान्छे...
कोरिन्छन् पानाहरू
आवाज तिखारिएर
मक्किन्छन् पानाहरू
इतिहास बिर्सिएर
होमिन्छ आगाको ज्वालाभित्र
सीता होमिएझैँ अग्निमा
अग्निपरीक्षा होइन त्यो तर
खरानी भएर मसानघाटमा
मान्छे...
जिन्दगी छाम्दै गए
केवल ऐनाको प्रदर्शनीभित्र
रित्तिएको जिन्दगी धोक्रे र बोक्रे मायाभित्र

यसैले
मान्छे जन्मन्छ, मर्छ
अनि के-के गर्छ (जन्म र मृत्युको दोभानमा)
के-के हुनुपर्छ मान्छेले

धरती जिउँदो लाग्छ मान्छे पाएर
पाएर अनगिन्ती मान्छे
तर माटोमा कुल्चेर छाप बस्छ
त्यही पापी मान्छेको
अस्तित्व हराउँदै गएको मान्छेको

पाएर थुप्रै आफैजस्तो– झक्कालझुक्कुल परेजस्तो

नाटचशालामा
पासोमा पर्दै नासो भएर
नाटक देखाउँछ यही मान्छेले
धरतीलाई आँसु र हाँसोको उपहार सुम्पेर
तर पनि कसो-कसो
निसास्सिँदै गनाउने ओढारभित्र
गुम्सिँदै जाँदै छ मान्छे
प्रश्नैप्रश्नको भारी बोकेर

तर
सहर-बजारमा बाँच्ने ए मान्छे
ओढारभित्र टुक्रे चट्टान पल्टाउँदै जन्मेको मान्छे
आश्रम नपाई जङ्गलमा सन्न्यासी बन्ने यही मान्छे
किन! भ्रम छ मान्छेको मान्छेलाई
आफ्नै प्रतिविम्बदेखि नै

हुन सक्छ अनगिन्ती रूखहरू
अनगिन्ती रूप लिएर जन्मन सक्छन्
प्रेमिकाको लासमाथि ताजमहल जन्मेझैँ
अझै चाहँदो हो प्रेमिकाको लासमाथि
त्यस्तै ताजमहल जन्माउन

बलिको बोकोझैँ पोसिएको मान्छे
अझै बिहान भोकाएको छ मान्छे देखेर

भ्रम छ मान्छेलाई
कसरी मान्छे सस्तो ?
किन मान्छे सस्तो ?
झस्किन्छन् यी मान्छेहरू ओढारको इतिहास पल्टाएर


जता जाऊ तिमी– हामीजस्तै मान्छे
कहीँ खित्का छाड्दै पाखुरी बजाउने मान्छे
अब कहाँ अटाउने
बीसौँ शताब्दीको चमत्कारमा दङ्ग हुने ए, मान्छे !

पुरानो ओढारमा स्मृतिपट पल्टाउँदै
मान्छे... एक चोटि सास फेर्छ
भ्रमले हाँगा फिँजाउँछ

अस्तित्व एउटै हुँदै
पुर्खाको निम्तालु पत्र पाएर
मान्छे...
लौ त यहीँसम्मन् आएर...
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : शशि भण्डारी

**नाम** : शशिराम भण्डारी

**जन्ममिति/स्थान** : २००४ चैत ३१, काठमाडौँ

**फोन** : ०१-४२४८२५५/४२४८२६६

**इमेल** : shashis@ccsl.com.np

**लेखनप्रारम्भ** : बाल्यकालदेखि

**प्रथम प्रकाशन** : *विडम्बना* (***नयाँ सन्देश***, २०१९)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***क्षितिजसँगैको आकाश, उही क्षितिज : उही आकाश, शीतको जून, डाँडावारिको घाम*** (कवितासङ्ग्रह); ***सम्झनाका तरेली*** (संस्मरण); ***लक्ष्मी दिदी, विचलन*** (उपन्यास)

**पुरस्कार/सम्मान** : हरिहर शास्त्री-सावित्रीदेवी काव्य पुरस्कार (२०६३), एकीकृत विकास केन्द्र सम्मान (२०६१), नागरिक स्वर्ण सम्मान (२०६२), हीराबहादुर खड्का साहित्यिक पुरस्कार (२०६३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : सूक्ष्म आन्तरिक भावनाको ऐना।

**नजरमा आफै** : आफूजस्तै, याने म 'म' जस्तै।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको कालखण्डमा प्रयोगवादी धारसँगै प्रवेश गरेका भए पनि स्रष्टा शशि भण्डारी प्रयोगवादी क्लिष्टताबाट बिलकुल टाढा रही विशेषत: पछिल्लो समयमा बढी सक्रियताका साथ प्राकृतिक बिम्बक्रीडाबाट सरल र सहजसम्प्रेषणीय कविता सिर्जना गर्ने शालीन कवि हुन्। रचनात्मकता र आफ्नो सीमालाई बुझेका, प्रकृतिको साहचर्यमा जीवन गुनगुनाउने कवि शशि आफ्ना कवितामा विचारको सागर पौडिँदै किनार पुग्ने प्रयासका यथार्थ सङ्घर्षणहरूको सौन्दर्यात्मक उच्छलनसँगै काव्यिक रौनकता हासिल गर्छन्। यस किसिमको संवेगात्मक अभिव्यक्ति उनको मौलिकपन हो; जहाँ उनी प्रश्नहरू बाँकी नै राख्छन् र पाठक एवम् भावकलाई सूक्ष्म साउती गरिरहन्छन्, झङ्कृत पारिरहन्छन्।

●

*शशि भण्डारी*

## ईश्वरवन्दना

●

पूजा-सामग्री र शङ्खध्वनिबीच
आरती म गरिरहेछु
केही नबोल्ने, केही नसुन्ने
त्यही बहिरो पत्थरको विशेषतालाई अझै
म ईश्वर बनाइरहेछु।

सहमति सबैको हो
भाकल गर्दै मन बहलाउने
प्रार्थना पनि सबैको हो
पूजाकोठामा सजिएको
तिमीलाई नै सदैव
पूज्य बनाइरहने।

वन्दनाभित्रको तिम्रो मोहसँग
केही नबोले पनि, केही नसुने पनि
बाहिरै भए पनि
एक श्रद्धा जोडिरहेछु
तिमीलाई सदा-सर्वदाका लागि
ईश्वरै बनाइरहेछु
तिम्रो कल्पित रूप कुँदिएको पत्थरलाई
फेरि-फेरि भगवान् बनाइरहेछु
तिम्रै पूजा गरिरहेछु।

●

# नमिल्दा इच्छाहरू

●

– तातो सूर्य
 दिनलाई सजाउँछ
 आफै शीतलता खोजिहिंड्छ।

– रुग्ण चन्द्रमा
 अँध्यारोमा झुल्कन्छ
 आफै रातको वशमा पर्छ।

– शुष्क पानी
 आफै तिर्खा मेटाउन खोज्छ
 प्यास सम्झी रुने गर्छ।

– निर्मोही सपना
 आँखालाई बहिष्कार गर्छ
 आफै साँझ कुरिरहन्छ।

– नमिल्दा इच्छाहरू
 – प्रकाशबाट छाया छुटाउँदै
 – दिनबाट राप खोस्दै
 – रातबाट धार निचोर्दै
 मेघलाई उर्ल्याउँछन्
 पानीलाई वेगविहीन बनाउँछन्
 सपनालाई पनि अस्वीकार गर्छन्।

●

## उही क्षितिज : उही आकाश

●

माथि-माथि उड्नुबाहेक
हामीसँग अरू गुँड छैन
अविरल सपना देख्नुबाहेक
हामीसँग अरू विकल्प छैन
रातको नीरव प्रतीक्षामा बस्नुबाहेक
समय साट्ने अर्को कुनै बोली छैन।

कुँजिएका पखेटाबाहेक
आकाश छुने अर्को वेग छैन
नफुल्दै गरेका पालुवाबाहेक
निर्जन तुल्याउने अर्को वायु छैन
हातभरि सकिएको शब्दबाहेक
शङ्का र उपशङ्का पखाल्ने अरू माध्यम छैन।

शताब्दीदेखि मानिआएको मान्यताबाहेक
अरू केही आँखामा जाडोसरि जमिरहेको छैन
शान्तिको क्षितिजमा कठ्याङ्ग्रिनुबाहेक
शरद् र हेमन्त अरू थेगिरहेको छैन।

बाँकी रहेको समयलाई पहिल्याउनुबाहेक
नयाँ घडीलाई हामीले अरू निम्त्याइरहेका छैनौँ
खस्किरहेको बोझिल घामलाई पुकार्नुबाहेक
देखिने खस्काइलाई अरू हामीले बोलाइरहेका छैनौँ
क्षितिजसँगैको आकाशलाई सिँगार्नुबाहेक
उही क्षितिज र उही आकाशसँग
हामी अझ बढी अरू केही भनिरहेका छैनौँ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : मोहन ठकुरी

**नाम** : मोहन ठकुरी


**जन्ममिति/स्थान** : २००५ वैशाख, दार्जिलिङ

**फोन** : ०९४३४१-६६७५३

**लेखनप्रारम्भ** : सन् १९६४

**प्रथम प्रकाशन** : *म कविता कोरिरहुँला* (***दियो***, सन् १९६४)

**राष्ट्रिय स्तरमा** : ,,



**कृति** : ***निःशब्द, अभिन्न अक्षर*** (कवितासङ्ग्रह); ***मेरो अँगालोको रात, हेङ्गओभर*** (कथासङ्ग्रह); ***काजी नजरुल इस्लाम, मिता अनि उसको जादूको जुत्ता*** (अनुवाद); ***अविस्मृत क्षणहरू*** (संस्मरण); ***नेपाली कवितायात्रा, अगमसिंह गिरी रचना सञ्चयन, जलनका कथाहरू***को सम्पादन

**पुरस्कार/सम्मान** : स्रष्टा पुरस्कार, दियालो पुरस्कार, साहित्य अकादमी पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवन अनेक अनुभूतिहरूको सङ्ग्रह मान्छु म। तीता-मीठा, विरह-वेदना, मिलन-बिछोडका अनुभूतिहरू। तिनै अनुभूतिहरूबाट मेरा कविताहरू जन्मन्छन्।

**नजरमा आफै** : मूलतः म कवि हुँ। कवि हुनुमा मलाई गर्वबोध छ। मलाई पाठकहरूले कविकै रूपमा सम्झनामा राखून्– चाहन्छु म यस्तै।

**सम्पादकको कलम** : स्रष्टा मोहन ठकुरी कविताका विशिष्ट अनुरागी एवम् त्यसैमा समर्पित कवि हुन्। उनका केही कविताहरूमा प्रगतिवादी बाछिटाहरू भेटिन्छन् भने पछिल्ला कविताहरू आस्थाको विघटनपश्चात् नैराश्यपूर्ण विसङ्गत धरातलमा विनिर्मित वर्तमान अस्तित्वको हृत्स्पर्शी प्रकाशना बनेका छन्। उदाङ्ग सौन्दर्यभन्दा अमूर्त सौन्दर्यका पारखीजस्तो लाग्ने कवि ठकुरीका कविताहरूमा अन्तर्निहित सूक्ष्म प्रतीकात्मकता, व्यङ्ग्यको साङ्केतिक मौनता र विम्बगत अनुशीलनको सौन्दर्यात्मक शिल्पगत विधानसहितको सम्प्रेषणीयताको निवार्ह उनको काव्यिक निचोड हो। जम्मामा कवि ठकुरी शालीन र सौम्य कविताका पक्षधर स्रष्टा हुन्।

●

*मोहन ठकुरी*

## एक्लो छु यात्रामा

●

मिलन र बिछोडको दोभान छ यो प्लेटफर्म
अँगालोहरू छन्, गुडबाईका हातहरू छन्
हार्दिक हर्षमा हराएकाहरू छन्
बिछोडको वेदनामा विचलितहरू छन्
निर्निमेष दृष्टि बोकेर/जीवन
सदृश छ यो प्लेटफर्म।

नभुल्ने कसमका आँखाहरू
सजल छन्/प्लेटफर्मको
त्यो अर्को किनारामा।
अपरिचित अनुहारहरू छन्।
म छु बसेको/कम्पार्टमेन्टको यो कुनामा
समातेर मुस्कानका केही हातहरू।
कहिल्यै कसैको नभएको/यो
ठाउँलाई
ओगट्ने हतार र हल्लाहरू छन्
अनि एउटा दीर्घ निःश्वास
अस्थायी प्राप्तिको!

गति छ/वेग छ
दृश्यहरूमा।
घामका हातहरूमा
पसिनाले भिजेको छ

तनमनलाई चिस्याएर लैजाने/बतासको
चीत्कार सुनेको छ।
आँखाहरूमा हरिया खेतका
लस्करहरू छन्
टाढामा देखिने रूखहरू र
घरहरू छन्।

गाई–बाख्राका बथान छन्
साना दहहरू छन्
सिकार कुरेर बसेका/ध्यानमग्न
बकुल्लाहरू छन्।
टाढामा ओझेल हुँदै गएका
जिराफजस्तै नरिवलका
बोटहरू छन्।
डुब्दो घामको प्रतिविम्ब
साना पोखरीहरूमा।

खोलो बग्दै छ।
बालुवाको बगरमा
केही पदछापहरू
केही क्षणमा मेटिनलाई!

घरदेखि टाढा
यात्राको यो साँझमा
एकतमासले बिग्रेको छ यो मन।

एक्लो छु यात्रामा।
●

## मेची पुलमा बिसाएका हामी


●
पुलमुनि बगिरहेछ पानी।
बगिरहनु धर्म पानीको।
हामी पुलमा।

वारिकाहरूलाई पारि पुऱ्याउनु
पारिकाहरूलाई वारि ल्याउनु
जोडेर
धर्म पुलको।
कहीं पुग्नलाई आइपुग्यौँ
हामी यहाँ।

कहीँ पुग्नलाई।
पुग्न पाएनौँ।
पुल यो।
चुपचाप
मौन।
कर्महीन/धर्महीन
भइदियो यो।
हामी यताका पनि हुन पाएनौँ
हामी उताका पनि हुन पाएनौँ।
यद्यपि हामीसित
अझै एउटा यात्रा छ
अझै एउटा लक्ष्य छ
अझै एउटा सङ्कल्प छ।
जीवित हामीसित।
सबै गुमाएर रहेको
यो प्राण छ हामीसित।
टुङ्गोमा पुग्नलाई
यही यथेष्ट छ हामीसित।

आज
यो पुल छ–
मात्र मौनता
हिँडिरहेछ
योमाथि।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : केदार गुरुङ

**नाम** : केदार गुरुङ

**जन्ममिति/स्थान** : २००५ श्रावण, सिक्किम

**फोन** : ०३५९५२५०६४५

**लेखनप्रारम्भ** : सन् १९६६

**प्रथम प्रकाशन** : *म बाँचिदिन्छु* (***जनदूत***, सन् १९६६)

**राष्ट्रिय स्तरमा** : *मेरो हिमालको देश*
(***ध्वनि-प्रतिध्वनि***, सन् १९७१)

**कृति** : आठवटा कवितासङ्ग्रह, दुईवटा कथासङ्ग्रह, एउटा निबन्धसङ्ग्रह, एउटा सबबन्धसङ्ग्रह; ***स्रष्टा, झिल्का***को सम्पादन

**पुरस्कार/सम्मान** : पाँचवटा पुरस्कार र पन्ध्र-सोह्रवटा सम्मानहरू

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता आत्मा र चेतना दुवैको संयोजनबाट प्रवाहित तथा प्रस्फुटित भएर बग्ने सुललित एवम् कोमल शब्द र भावहरूको मुहान हो।

**नजरमा आफै** : साहित्यलेखन, सम्पादन र संस्थास्थापन औ सञ्चालनमा प्रायः तीनचौथाइभन्दा बेसी जीवनका भागहरू खर्च गर्दै रहे पनि कतिपय अनिवार्य कार्यहरू सम्पन्न गर्न नसकेको र भनेजस्तै औ चिताएजत्तिको केही सिर्जना गर्न र प्रकाशमा ल्याउन नसकेकोमा गहिरो पीडाबोधसहित कर्म गर्दै रहेको एक साहित्यसेवी।

**सम्पादकको कलम** : साहित्यलेखन-सम्पादन, संस्थास्थापन-सञ्चालन एवम् सम्पूर्ण साहित्य-संयोजनमा नै आफ्नो जीवन समर्पण गर्दै आएका नेपाली साहित्यका अथक साधक स्रष्टा केदार गुरुङ एक अनवरत सिर्जनशील कर्मयोगी कविप्रतिभा हुन्। उनको निश्छल काव्यसृजनधर्मितामा जातीय स्वाभिमान एवम् मानवजीवनका निक्खर भोगाइहरू प्रतिविम्बित छन्। कवितामा स्थानीय रङ्गसहितको सौन्दर्यसन्धान उनको काव्यिक निजत्व हो। सम्पूर्णमा उनको काव्यपरिसर जीवनको सत्प्रयोजनमा प्रभावी निधोका साथ रेखाङ्कित छ भन्नुमा अन्यथा बोलिएको भन्ने म ठान्दिनँ।

●

*केदार गुरुङ*

## सिमानाको धार र पाइतालाहरू...

●

समयको–
हातदेखि चिप्लिएर
लडिरहेछन् केही वस्तुहरू
ठाउँ खोज्नलाई कि टुक्रिनलाई
कोही सही अर्थ लाइरहेछन् कि ?
परिवर्तन भइरहेछ–
शब्द र सिद्धान्तहरूमा
कायम राख्नलाई मात्र मर्यादाको
परिणाम क्रिया र कर्ताका भुलेर
फगत अनुक्रम मिलाउनलाई लहर बटुलेर आकाङ्क्षाको !
प्रक्रिया त होस्–
कुनै नयाँ प्रतिक्रिया जन्माउनलाई
किन त्यही योजना र कार्यक्रममा
सामूहिक दृष्टिको हनन गरेर व्यक्तिगत धारणामा
समस्त समूहको समुद्रलाई बगाएर सुकाउन दिइरहनु ?
पानी सुकेर आगो बलिरहेछ–
कहीँ कसैको घर उडेर भत्किरहेछ !
भ्रम र भयको भुमरीमा बौलाएर भाग्नलाई
सबै आफ्नै बाटो लड्दै, उठ्दै हावामा दगुरिरहेछन्
सिमानासम्म पुग्ने दूरी कति र कस्तो छ ? पछ्याइरहेछन् !!

●

# यो सन्दिग्ध परिवेश...

●

सधैँजस्तो
आज बिहान पनि
झ्यालबाट देखिने
भकेम्लोको रूखबाट
एक हूल कागहरूले
कुनै नयाँ नितान्त आवश्यक
सूचना दिएझैँ–
आफ्ना नाम–
आफै पुकारिरहेछन्;
तर किन, कसलाई, केको चासो?–

ती कागहरूले...
आँगनमा चरिरहेका चिङ्नाहरू
ढुकिरहेछन् कि?–
कतै चुलाको वरिपरि राखिएका–
खुल्ला तसला र कराहीका खानाहरू
हेर्दै पो छन् कि?–
नत्र त्यही भकेम्लोका
पाकेका अमिला दानाहरू ठुँगेर
आफ्ना नाम र अभिनय प्रदर्शन गराएर
त्यहाँबाट कतै उडेर जाने हुन् कि?

कसैलाई केही पो भइहाल्यो कि जस्तो...
ठूलो सङ्कोचमा डुबाइराखेर–
ती कागहरू भुरुरु उड्दै फेरि–
कुनै अनिश्चित दिशातिर अदृश्य हुन्छन्!

यस्तो सन्दिग्धता केलाई हो?–
तर, बिहानपिच्छे
सधैँ यस्तो–
परिवेश छाइरहन्छ!

●

# म इच्छाहरूलाई मारिरहेछु!

●

म आफ्नै सुख र शान्तिका निम्ति
सबै अनावश्यक इच्छाहरूलाई मेरो मनबाट
सकी-नसकी अनिच्छाहरूको अप्ठेरो भीरबाट लडाएर
औलको मोथको जराजस्तै... बेस्सरी टकटक्याउँदै र धूलो झार्दै-
अग्ला र ठूला-ठूला ढुङ्गामाथि थुपारेर...
ग्रीष्मकालको लामो, दिक्कलाग्दो दिन र
चर्को घामले डढाएर मारेझैँ-
यसरी मारिरहेछु!-

खै, किन यस्ता इच्छाहरूदेखि मलाई
आसक्ति होइन, विरक्ति मात्र जागेर सताउँदछ!
यसैले एक जुनी सुखपूर्वक, ढुक्कसित बाँच्नलाई म त...
यी सबै अवैध इच्छाहरू (जुन मेरो क्षमतादेखि बाहिर छन्!...)
सबै-सबै यसरी निमिटचान्न पारेर मारिरहेछु!
कतै छेउछाउ, कहीँ ढिम्किन पनि नदिई
कठोरतासित बलपूर्वक गलहत्याएर
दुःख दिई-दिई मारिरहेछु!

नपत्याए
मलाई नै हेर्नोस् न त!
म कति शान्तसित शान्तिका निम्ति हाँसिरहेछु?
के तपाईंहरू मलाई
आँखा र मन दुवैले देख्न सक्नुहुन्छ??

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : गोविन्द विकल

**नाम** : गोविन्दबहादुर बोहरा

**जन्ममिति/स्थान** : २००५ माघ, सुनसरी

**निधन** : २०६२

**लेखनप्रारम्भ** : किशोरावस्थादेखि नै

**प्रथम प्रकाशन** : २०२६/२७ तिर

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***आजको सेलो*** (२०४५), ***एक टुक्रा धुन*** (कवितासङ्ग्रह, २०६१), ***विकलका केही गजलहरू*** (२०६०), ***एउटा प्रतीक राजकुमार*** (अप्रकाशित खण्डकाव्य)

**पुरस्कार/सम्मान** : महानन्द पुरस्कार, वीरछायाँ पुरस्कार, डा. स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार, प्रगतिशील लेखक सङ्घबाट पुरस्कृत, कर्मचारी सङ्घ, जनसांस्कृतिक मञ्च, प्रस्फुटन साहित्यिक समूह, गरिमा सिनेकला प्रतिष्ठान, विमल स्मृति प्रतिष्ठान (धरान) आदि सङ्घसंस्थाबाट अभिनन्दित तथा सम्मानित (सन्दर्भस्रोत : बम देवान)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "भित्तामा लतपत पोतिएको छिरबिर रङ्गभित्र
केही अर्थ भएझैँ लाग्छ
……………
रङ्गहरू स्वर भएर भित्ताभरि गुन्जिँदै कानमा केही
केही कहेझैँ लाग्छ
हुन त के हो…, तर यहीभित्र पनि
मानवसमूहको कथा-व्यथा बहे-बहेझैँ लाग्छ।" (साभार : ***आजको सेलो***)

**नजरमा आफै** : म? एउटा डोब
धेरै पछि छोडिनेछु
……………
म एउटा अणु, तैपनि मान्छेको महत्ताको गीत भएर म
तिम्रो मुटुभित्र धड्किरहनेछु। (साभार : ***आजको सेलो***)

**सम्पादकको कलम** : एक समय बहुचर्चित प्रगतिशील साहित्यकार गोविन्द विकल साहित्यिक डायरीबाट बिस्तारै हराउँदै गएको महसुस भइरहेको छ। यद्यपि उनका कविताहरू मान्छेको महत्ताको गीत भएर नेपाली मुटुभित्र धड्किरहनेछन्। उनका कविताहरू सौन्दर्यचेतको उपल्लो प्रस्तुतिसहित समयसापेक्ष जीवनचेतना 'च्याक ढुङ-ढुङ' गर्दै मुटुभित्र सङ्गीत उमार्ने विचारका सशक्त संवाहक हुन्।

●

*गोविन्द विकल*

## फूल, भूमि र तपाईं

●

फूलमा चमक छ,
फूलमा रूप छ,
फूलमा सुगन्ध छ
तपाईं भन्नुहुन्छ
यस्तो हुनु हुँदैन
तर! प्रकृतिको संरचना हो
यस्तै हुनुपर्छ।

रिसले
भएजति फूल टिपेर
पाइतालाले कुल्ची–कुल्ची
        नष्ट गर्नुहोस्
तर! महाशय!
सृष्टि रोकिँदैन
फूल अझ बेसी फुल्छन्
संसारभरि ढकमक्क हुँदै
आफ्नो चमक छर्छन्
        चन्द्रमाले झैँ
आफ्नो सुगन्ध दिन्छन्
कस्तूरी–बिनाले झैँ
        आफ्नो रूप देखाउँछन्
        ताराहरूले झैँ

तपाईंको इच्छाविपरीत
फूलहरू फुल्छन्, फक्रिन्छन्
आफ्नो स्वाभाविक गतिले, गुणले
दिनुपर्ने कुरो दिन्छन्
लिनुपर्ने कुरो लिन्छन्
महाशय,
जति नै उग्र हुनुहोस्
फूलको विरोधमा
फूलले यसरी नसिहत दिन्छन्
के गर्नुहुन्छ ?
धरतीमा फूलको आधार भूमि हो
सबै भूमि तपाईंविपरीत छन्
त्यसैले फूल र भूमिको, विरोधमा
उजुर गर्नोस्
स्वर्गमा (?)
हेरूँ !
तपाईंका मालिक इन्द्रले
के निर्णय दिन्छन् ?!
●

## युग र म

●
युग !
तिमीले पिउन लागेको सर्बतको गिलासमा
एक टुक्रा बरफ म
क्रमशः बिलिँदै जानेछु।
युग !
तिमीले तान्दै गरेको चुरोटको
एक सर्को धूवाँ म
क्रमशः हावामा विलीन हुनेछु।
युग !
तिमीले हिँडेका थुप्रै पाइलाहरूमा
म !

एउटा डोब
धेरै पछि छोडिनेछु
युग!
महाबलि तिमी
म एउटा अणु तैपनि
मान्छेको महत्ताको गीत भएर म
तिम्रो मुटुभित्र धड्किरहनेछु।
●

## ब्ल्याक मार्केट

●
कालो कारबाट कालो सुटकेस बोकेर
कालो सुट निस्क्यो
त्यो कालो सुटले त्यो कालो सुटकेस
अर्को कालो सुटलाई दियो
र अर्को कालो सुट बेपत्ता भयो
कुन्नि! कता गयो
सबैलाई थाहा छ, यो ब्ल्याक मार्केट हो
तर
अनुसन्धान विभागको पुलिस हेरेकोहेऱ्यै भयो।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : नरदेन रुम्बा

**नाम** : नरदेन रुम्बा

**जन्ममिति/स्थान** : २००६ वैशाख, दार्जिलिङ

**निधन** : २०४७

**लेखनप्रारम्भ** : –

**प्रथम प्रकाशन** : *बिपनामा बिउँझेको बिहान* (***धूवाँ***, सन् १९६९)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***प्रक्षेप*** (कवितासङ्ग्रह, सन् १९७८), ***नरदेन रुम्बाका कृतिहरू*** (सन् २००४), ***मृगतृष्णा*** (गीतिनाटक), ***भित्तेचित्र*** (कवितासङ्ग्रह, छुट्टै पुस्तकका रूपमा अप्रकाशित), ***दुनियाँ*** (नाटक, छुट्टै कृतिमा अप्रकाशित); ***हाम्रो सानो पत्रिका*** (सन् १९७१) को सम्पादन

**पुरस्कार/सम्मान** : श्रेष्ठ शब्दकार, श्रेष्ठ पत्रकार, गोरखा सहिद सेवा सङ्घद्वारा मरणोपरान्त सन् २००२ मा पुरस्कृत

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "मेरो युवाकाल साँच्चै व्यङ्ग्यचित्र कोरेको जस्तो छ। कहिले चित्रकार हुने रहर लाग्छ, फेरि सङ्गीतज्ञ हुने प्रेरणा जाग्छ, तर यी सब कुराभन्दा मलाई साहित्य (कविता) प्रति औधी रुचि छ।" (साभार : ***नरदेन रुम्बाका रचनाहरू***)

**नजरमा आफै** : "सृष्टिको सिम्फोनीको कुन रेन्जमा बजेको छु, थाहा छैन। बजेको छु।" (साभार : ***नरदेन रुम्बाका रचनाहरू***)

**सम्पादकको कलम** : थोरै शब्दमा विम्बात्मक बुनोटबाट कवितामा विशेष लयको झङ्कृति पैदा गर्नु कवि एवम् गीतकार नरदेन रुम्बाको विशेषता हो। उनका कवितामा बोलिएको मानवीय एवम् दार्शनिक सत्य पनि मस्तिष्कले नभएर हृदयले बोलेको सत्य हो भन्न सकिन्छ।

●

*नरदेन रुम्बा*

# मेरो देशको ऐनाभित्र

●

चर्किएका हातहरूले
फुटेका औँलाहरूले/नङहरूले
मैले छाम्न खोजेँ, मैले स्पर्श गर्न खोजेँ
मेरो देश कतै छ कि भनेर, यो हो कि त्यो हो कि भनेर
तर कहाँ छ मेरो देश!
गुराँसका फूलहरू हेर्छु कहिले, मधेसका घामहरू हेर्छु कहिले
कुखुरा बास्दै गरेको, पहाडका बस्तीहरूमा हेर्छु
सुसाउँदै गरेको साँझको बाँसघारीमा हेर्छु
कि परको उदाउन लागेको कि डुब्न लागेको रातो घाममा हेर्छु
यो देश कतै मेरो हो कि भनेर, मेरो देश कतै मेरो इच्छा कि भनेर

मेरो नरम कि गरम, मेरा सेता कि राता कि ताता आँखाहरूले
मैले हेर्न खोजेको होइन
मैले चिन्न खोजेको होइन
गरिबहरूको पाइतालामा, बेसहाराहरूको अँगालोमा
मैले देख्न नखोजेको होइन
कतै नपुगेका बाटाहरूमा कुखुराका चल्लाहरूमा
मैले निर्दोष-निर्दोष मेरो देशलाई
प्यारो गर्न नखोजेको होइन
तर खै किन यो देश हाँस्दैन
धरोधर्म कहिलेकाहीँ लाग्छ, मेरो देश नै छ कि?
कि म देशहीन भइसकेँ?

सुकुम्बासीहरूको छाती माटो भइसक्यो
त्यहाँ कतैतिर म मेरो देश हेर्छु
मेरै बाबु-बराजुको छाती र करङ माटो भइसक्यो
त्यहाँ म मेरो देश हेर्छु
कोहीबेला सुकिसकेका चियाका बोटहरूमा

कोहीबेला भोकाएका नीला ओठहरूमा
कोहीबेला पहाड र भन्ज्याङका खोपीहरूमा
कोहीबेला चिनारीहरूले लाएका भादगाउँले टोपीहरूमा
म खोज्छु मेरो देश तर?
रेलका लिगहरूमा धर्मको नाम गरेर
तरबार उठाउने मान्छेहरू
झन्डा बोकेर रातो, खुकुरी बोकेर धरमराउने मान्छेहरू
हामीलाई गरम नै मन पर्छ भन्ने मान्छेहरू
हामीलाई जाडो नै मन पर्छ भन्ने मान्छेहरू
हामीलाई त अँध्यारोमा बस्ने बानी भइसक्यो भन्ने मान्छेहरू
बिजुलीबत्ती हामीले अहिलेसम्म पाउन सकेनौँ भन्ने मान्छेहरू
हामीलाई साँझ मीठो चाहिन्छ भन्ने मान्छेहरू
हामीलाई बिहान चाहिन्छ चिसो, रमाइलो भन्ने मान्छेहरू
मेरो देश हो कि?

मेरा आँसुहरू बिरामी भइसके
किन मलाई थाहा छैन, ती आँसुहरूलाई पनि थाहा छैन
कहाँ भिज्नुपर्छ, कहाँ सुक्नुपर्छ
त्यो बाटो, त्यो डाँडो, त्यो भीर, त्यो पाखा
त्यो चाँप, त्यो गुराँस, त्यो काले मान्छे, त्यो अग्लो घर
मेरा देश त्यही हो?
आज कता-कता सोच्दै छु
न यो बिहान हो, न साँझ हो
मलाई एउटा देश चाहिन्छ
मेरो छोरालाई एउटा देश चाहिन्छ
तर खै त?
●


## मध्याह्न

●

यो भन्ज्याङबाट
माथि उठेर आकाशको बीचमा त्यो घाम
एकक्षण रोकिन्छ
त्यसले हिमालहरूलाई छातीले छोएर
एकक्षण स्तब्ध हुन्छ
आफू बीचमा बसेर जब त्यसले मलाई जीवनको
किनारतिर डोऱ्याउँदै लान्छ
म अँधेरोलाई त्यसै–त्यसै बिर्सिहाल्छु
म मान्छेका बस्तीहरूदेखि माथि जान्छु
आकाशमा धेरै तरङ्गहरू बनिन्छन्
अझै माथि जान्छु
मेरा नङ र मासुहरू बादलजस्तै फाट्दै
पातलिँदै नीलोमा बिलाउँदै जान्छन्
यसरी सधैँ एउटा घमाइलो/रमाइलो मध्याह्न
यो मान्छेको अन्तिम रूप र अनुहार च्यातेर
नयाँ विकासको नयाँ प्रश्वास खोजिरहेको हुन्छु।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : अन्जीर प्रधान

**नाम** : डा. अन्जीर प्रधान

**जन्ममिति/स्थान** : २००६ भाद्र १८, काठमाडौँ

**फोन** : ०१-४२४५७६२

**इमेल** : epsa@wlink.com.np

**लेखनप्रारम्भ** : २०१५ तिर

**प्रथम प्रकाशन** : २०१६ (स्कुलको पत्रिकामा)

**राष्ट्रिय स्तरमा** : *ध्वनि* (२०२०/२१ तिर)

**कृति** : ***विस्थापित अनुहारहरू*** (संयुक्त कवितासङ्ग्रह, २०२८), ***निदाएर यात्रा*** (कवितासङ्ग्रह, प्रकाशोन्मुख); ***महामन्त्र, रेषा*** आदिको सम्पादन

**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : आधुनिक कविता बौद्धिक हुनुपर्छ, तर गणितजस्तो होइन। कलाद्वारा सिञ्चन गरिएर भावनाहरूको तीव्र संवेदनशीलताको पकडमा कविता अर्थिनुपर्छ।

**नजरमा आफैं** : कोही पनि मानिस समष्टिमा एकैपल्ट देखिनु गाह्रो पर्छ। हजार टुक्रामा बाँडिएको व्यक्तित्व, विम्ब र प्रतिविम्बहरूको माध्यमबाट देखिने मान्छे झूटो हुन्छ। त्यसैले मेरो प्रयास रहन्छ कि मैले आफूलाई स्पष्टसित छाम्न सकूँ, तर जीवनयात्रामा अमूर्त भूगोलभित्र हराएर आफू पनि हराएको पाउँछु।

**सम्पादकको कलम** : अथाह प्रतिभाका धनी रहेर पनि प्रकाशनमा त्यति देखिने नचाहने अन्तर्मुखी स्वभावका स्रष्टा अन्जीर प्रधान साहित्यिक आन्दोलन अस्वीकृत जमातसँग सम्बद्ध कवि हुन्। कुनै समय सम्पूर्णतामा विश्वास राख्ने कवि प्रधान जीवनका अनुभवहरू खारिँदै जाँदा आफ्ना कविताहरूमा हजार टुक्राहरूमा बाँडिन विवश मान्छेको नियति स्वीकार गर्दै ती सबहरूभन्दा प...र मान्छेका नाङ्गोपनसँग जुझेरै मान्छेत्व छाम्न, चिन्न र अनुभूत गर्न चाहन्छन्, अर्थात् भनौँ उपसंहारमा स्वयम्‌तिर फर्कन चाहन्छन्; मानवीय मूल्य र मान्यताहरूलाई आफ्नै आयामबाट नयाँ अर्थ दिने अग्रसरता देखाउँछन्।

●

*अन्जीर प्रधान*

# व्यर्थको एक दिन

●

आफ्नै आत्मजहरूको नाममा
विजयघोषको
निरर्थक बान्कीहरू प्रस्तुत गर्नु
आफ्नो अनुहारबाट आफ्नो हरेक निमेष
खरिद हुँदै गएको म
आफ्नै अनुहारबाट छु यसरी निरर्थक!

उच्चाटन गरिएको समयसँग
घनत्व भत्केको व्यक्ति
मौन प्रक्षालन गरेर
आफ्नै कुरूप भावहरूबाट
कहीँ-कतै नअड्किने
अग्निप्रवाहबाट जीवन
भ्रम आँखाको
भ्रम मतिको
सत्यसँगको टाढापन आफैसँग
सीमा पर्खालहरूबाट
नजिक, छायाभन्दा नजिक
जेलिएर अस्तित्व
विसर्जन हुने बेला
एक घात आफैलाई
गरेँ मैले!

सल्लाको रूखमा
तिम्रो नाम खोपेर चक्कूले
होहल्ला र ठट्टा गरेर
टुटेफुटेका हँस्यौलीहरूमाझ

होस पन्छाएर एकछिन
सामेल हुनु
अन्ताक्षरी खेलेर
बहलाउनु, भुल्नु
गीतका घाउहरूलाई
तासको दरबारभित्र फैलेर
हुकुम चलाएजस्तो
एउटा उच्छ्वास रोकेर
समय छायाको
ढाडहरूमा उक्लेर
सूर्यास्तको तस्बिर
खिच्न लालायित
ती आफ्ना पीडाहरू बताउन
नसक्ने जङ्गलहरूजस्तै
सोखका औँलाहरूमा
झूटो अभिमान लेखेर
आफ्नै छातीमा
गौरवान्वित मानिसका छलहरू
कवाब चपाएर इन्द्रधनुष
बगेको हेर्नु
र फोहोर आलोचना
मिल्काएर
विक्षत तिमी छैनौ
तिमी माछाहरूबीच छौ
माछाको ढाडमा टेकेर
सूर्यास्तको तस्बिरमा
सबै थोक बिर्सन सक्छौ!

गन्ती भुलेको दिन
कुनै दिन फेरि
यस जङ्गलमा प्रवेश गरेछु भने
यो सल्लाले आफ्नो एलबमबाट
मलाई मेरो समयमाथि गरेको
घात सम्याउनेछ।
●

# अनुहार हराएपछि

●

अब हामी एकअर्कालाई केही भन्दैनौँ
भन्नुको अर्थ पनि छैन!
सुन्नुको अर्थ पनि छैन!!

हामीबीच शब्द तरल भएर बगिरहेछ
बाफ भएर सढिरहेछ आवाज
काँडे तार र जाली उम्रिरहेछन्
घाँटीभरि हाम्रो
हामी एक्लै-एक्लै भोगिरहेछौँ
करोडौँ दुःस्वप्नका कथाहरू
असङ्ख्य विभाजित मनस्थितिहरूमा भएको
रातो रङ्गसँग
विचलित/आक्रान्त
म अथवा हामी
आफ्नो सडकभरि पनि फैलन सकेका छैनौँ
कहीँ पनि भएन निर्वाह/अवस्थाहरूको संरक्षण
तिमी र म, हामी कसरी भनूँ
खोइ अनुहार?

बरफजस्तो गिलासमा
दृष्टि पनि पग्लिन थालेपछि जब
हरेक निमेष मर्दै गइरहेको
अनुभूतिको लासमाथि
कहाँ छ नाम तिम्रो, मेरो!
तिमीलाई मैले रूख, वरपीपल भने भयो
तिमीले मलाई मेच, टेबिल, पङ्खा भने भयो।

अब हामी एकअर्कालाई केही भन्दैनौँ
भन्नुको अर्थ पनि छैन!
सुन्नुको अर्थ पनि छैन!!

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : शुभ श्रेष्ठ

**नाम** : शुभलक्ष्मी श्रेष्ठ

**जन्ममिति/स्थान** : २००६ कार्तिक २०, पाल्पा

**फोन** : ०१-४२६३४४६

**लेखनप्रारम्भ** : २०२० तिर

**प्रथम प्रकाशन** : *प्रकृतिको देन* (***आलोक***, २०२४)

**राष्ट्रिय स्तरमा** : ***मधुपर्क/ गोरखापत्र***, २०३५

**कृति** : ***मेरो छानामाथिको नीलो आकाश*** (२०४३), ***बन्द मनको पिन्जडाभित्र*** (कवितासङ्ग्रह, २०५४), ***अस्मिताको खोजी*** (उपन्यास, २०५९)

**पुरस्कार/सम्मान** : विभिन्न जिल्लाव्यापी तथा राष्ट्रव्यापी कविता गोष्ठीमा प्रथम, द्वितीय र तृतीय पुरस्कार प्राप्त

## दृष्टिसन्दर्भ

**कविताप्रति** : शब्दशिल्पद्वारा थोरैमा धेरै व्यक्त गर्न सकिने कलात्मक विधा नै कविता हो।

**नजरमा आफै** : अरूका लागि बाँच्ने तर आफूलाई व्यक्त नै गर्न नसक्ने र जिन्दगीलाई बुझ्दै गरेको एउटा अन्तर्मुखी चेतनशील व्यक्ति।

**सम्पादकको कलम** : ध्वंसात्मकता होइन सिर्जनात्मकतामा विश्वास राख्ने स्रष्टा शुभ श्रेष्ठका कविताहरू जम्मामा जीवनकै आग्रह हुन्। प्रकृतिको साहचर्यसहित समयको गर्भबाट जन्मेका जीवनका सूक्ष्म पहेलीहरू विम्बित रङ्ग कवि श्रेष्ठका कवितामा तरङ्गित हुन्छन्। उनको काव्यविम्ब भन्नु नै मूलतः जीवन र जगत्का त्यस्ता वाचाल विम्बहरू हुन् जो सधैँ मौनतामा बोलिरहेका हुन्छन्।

●

*शुभ श्रेष्ठ*

## मेरो छानामाथिको नीलो आकाश

●

मेरो छानामाथिको आकाशले
चुपचाप हेरिरहेछ
पृथ्वीको उकुसमुकुस बाफिएको अनुहार
धरती फाटिरहेछ खण्ड-खण्ड हुँदै
मेघराशिहरू दौडिरहेछन् यत्रतत्र
मेरो छानामाथिको नीलो आकाश
बादलको पर्दाले ढाकिदियो
पृथ्वीको बाफिएको अनुहार
छियाछिया भएर फाटचो
आकाशले नियालेर हेरिरहेको छ
भोकले मौनता छाएको छ
अतीतले घचघच्याउँदा
वर्तमान त्यसै तर्सन्छ
दरिद्रताको सङ्केत गर्दै
भिखारी त्यहाँ उभिन्छ
चारैतिर मौनता छ
मेरो छानामाथिको आकाश
मौन छ

धरती मौन छ
आक्रोश मौन छ
भोक मौन छ
अतीत मौन छ
वर्तमान मौन छ
मेरो छानामाथिको नीलो आकाश मौन छ
विश्वास मौन छ
आस्था मौन छ
संस्कार मौन छ
आँखाले टुलुटुलु हेरिरहेछ
आँखाको नानी मौन छ
परेलाहरू मौन छन्
आँसुका थोपाहरू मौन छन्
मेरो छानामाथिको आकाश मौन छ
म मौन छु
मेरा आस्था र विश्वासहरू मौन छन्
मेरा क्षितिज र परिधिहरू पनि
मौन छन्
मेरो छानामाथिको आकाश मौन छ।
●


## क्यानभासभित्र

●
एउटा भ्रमको जिन्दगी भोगिरहेछु
सुन्दर सपनाहरू
किन आँखाभित्र सुतिदिन्छन्?
निर्लज्ज रातहरू
किन आँखाभित्र सशङ्कित भएर सलबलाउँछन्?
सूर्यले उज्यालो घाम
आँगनभरि पोखिदिन्छ
रात फेरि सशङ्कित हुन्छ
रातले उज्यालोसित
मितेरी लाउन मन पराउँदैन।

अँध्याराले अँध्यारो खोज्छ
उज्यालोको आगमनमा
रात सधैँ रोएर जान्छ
रात रुनुको अर्थ
मलाई थाहा छैन
दिन हाँस्नुको अर्थ पनि मलाई थाहा छैन
तर
रुनु र हाँस्नुका
आ–आफ्नै अर्थहरू छन्
भोगाइका आवेग पनि
छुट्टाछुट्टै हुन्छन्।

रात त मलाई पनि मन पर्दैन
सिङ्गो आकाश पनि कालो देखिन्छ
अँधेरो रातभित्र
मान्छेको भाग्य पनि अँधेरो लाग्छ
अँधेरो रातभित्र
तर, जिन्दगीको भोगाइ
बेग्लाबेग्लै बाटाहरू
भिन्दाभिन्दै उद्देश्यहरू
छुट्टाछुट्टै क्यानभासभित्रका चित्रहरू
किन?
आ–आफ्ना व्यथाहरू
यसरी पोखिदिन्छन्
अँध्याराको खापा खोलेर
किन?
आफ्ना दृष्टिचित्रहरू प्रस्तुत गरिरहन्छन्
क्यानभासभित्रका अत्याधुनिक चित्रहरू
रङ्गमा रङ्ग थपेर...!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : जय योन्जन 'प्यासी'

**नाम** : डा. जस योन्जन

**जन्ममिति/स्थान** : २००६ मङ्सिर, दार्जिलिङ

**फोन** : ०३५४-२३३२३२८, ९८३२३६६६९४

**इमेल** : rujasyonle@rediffmail.com

**लेखनप्रारम्भ** : सन् १९६३

**प्रथम प्रकाशन** : ***हिमालय-सन्देश***मा (सन् १९६६)

**राष्ट्रिय स्तरमा** : Festival (*The Statesman*, 1994)

**कृति** : ***चिठी*** (उपन्यासिका, सन् १९७८), ***'प्यासी' का केही समालोचना*** (सन् १९८३), ***एउटा देशको खोजमा*** (कवितासङ्ग्रह, सन् १९८५), ***पारसमणि प्रधान : केही कृति कैरन*** (सन् १९८७), ***बुद्धदेव बसु*** (जीवनी, सन् १९९२), ***नयाँ सूर्यको प्रतीक्षामा*** (नाटक, सन् १९९२), ***शान्तिसन्देह*** (कवितासङ्ग्रह, सन् २००२)

**पुरस्कार/सम्मान** : दियालो पुरस्कार (सन् १९७३), स्रष्टा पुरस्कार (सन् १९८७), आकाशवाणी नाटचलेखन पुरस्कार (सन् १९८९), अरुणि पुरस्कार (सन् १९९०), भानुभक्त पुरस्कार (सन् १९९८), मदन स्मारक व्याख्यान सम्मान (सन् १९९६), कमल पुरस्कार (सन् १९९९), साहित्य अकादेमी पुरस्कार (सन् २००८), रामलाल अधिकारी पुरस्कार (सन् २००७)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : वस्तुजगत्का कतिपय कुराले कहिलेकाहीँ हृदयमा एक किसिमको अनुभूति दिँदछन्। सोही अनुभूतिलाई भावकल्पना र चेतनाले शब्दहरूद्वारा बान्की पारेर अभिव्यक्त गर्नु नै कविता हो।

**नजरमा आफै** : 'प्यासी' हुँ, 'प्यासी' छु। सायद प्यास तृप्त नभई जीवनयात्रा टुङ्गिएला। तर म जीवनदेखि निराश छैन। सङ्घर्ष जीवन जिउने जुक्ति ठान्दछु।

**सम्पादकको कलम** : नेपाली साहित्यमा एक प्रिय चर्चित स्रष्टाको नाम हो जस योन्जन 'प्यासी'। उनका कविताहरू साधारणीकृत भएर सम्प्रेषणधर्मी प्रवाहमा प्रवाहित हुन्छन्। उनका कविताको अन्तर्वस्तु प्रगतिवादी काव्यधाराको भावुक प्रवाहमा संरचित छन्। शब्दको सामर्थ्यसँग परिचित 'प्यासी' ठेट एवम् मृदुल भाषासहित नवीन विम्बसंयोजन गर्दै सौन्दर्यीकृत आफ्नो लेखनमा काव्यिक मौलिकता जीवन्त राख्छन्। त्यहाँ कविको सशक्त आत्मध्वनि पनि प्रतिध्वनित भइरहेकै हुन्छ।

●

*जस योन्जन प्यासी*

## एउटा देशको खोजमा

●

आफैबाट आफै निष्कासित भएपछि
आफैबाट आफै निर्वासित भएपछि
एउटा विशाल आकाशको खोजमा
अझसम्म कोही–कसैले आविष्कार गर्न नपाएको देशको खोजमा
निरुद्देश्य, निरुपाय भएर एक्लै भाग्दै–भाग्दै हिँड्दा
निःसहाय, मृतप्रायः भएर एक्लै रुँदै–रुँदै हिँड्दा
म युद्धले ध्वंस पारेको त्यो किल्लामा आइपुगेछु
जहाँ वैरीका खुँडासँग जुधेर भाँचिएका
पुर्खाहरूको खुकुरीको एक टुक्रो फलाम पनि
खिया लागेर माटो भइसकेछ।

यसैले अब मलाई झन्–झन् विश्वास लाग्न थालेको छ
मेरो कतै अतीत कथा भएर बाँचेको छैन
मेरो कुनै भविष्य इतिहास भएर साँचिनेछैन
फगत अर्थहीन वर्तमानको व्यथा बोकेर
मैले क्यान्सर लागेको घाममा पोलिँदै सङ्क्रमित भएर पनि
मैले चमरेले निलेको जूनमा अलमलिएर आतङ्कित भएर पनि
मैले चारैतिर ढुस्से लागेको वातावरणमा दिशाहीन र भयभीत भएर पनि

चराको विष्ठा पनि नपरेको बरु
एक ढिस्को माटो आविष्कार गर्नु छ
एउटा सानो टापु भए पनि पत्ता लगाउनु छ
एउटा देश फेला पार्नुपरेको छ
अनि नयाँ देशको पूर्वक्षितिजको अन्दाज लगाएर
'मोड–फू–सान' ले जस्तै एउटा नयाँ बिहानको प्रतीक्षा साँच्नु छ

नभन्दै एउटा नयाँ बिहान जन्माउने विचारको गर्भाधान गरेर
मैले कल्पित रातभित्र रङ्गीन सपनाहरू देख्न थालेछु–
म भास्को–डी–गामाको खुट्टाले टेकेर
रबिन्सन क्रुसोको महाराज्य चलाइरहेछु
जहाँ म सेतो दूधजस्तो सेतो केही दाग नभएको

मेरो देशको झन्डामुनि उभिएर
महाशून्य र चुपचापको लामो राष्ट्रिय गीत गाइरहेछु–
मेरो राष्ट्रिय गीत टुङ्गेपछि म देख्छु
परबाट काँडाको मुकुट लाएर अनुहारभरि रगतको पसिना लिएर
काँधमा क्रस बोकेर हाँस्दै–हाँस्दै एउटा मान्छे आउँछ र भन्छ–
'तिम्रो नयाँ देशमा मलाई पनि धर्मको बीउ छर्न देऊ!'

म देख्छु–
एउटा मान्छे मुण्डन गरेको कपाल र गेरुवा वस्त्र लाएर
गम्भीर मुद्रा र अर्धमुदित नयनमा माथिदेखि झरेर
मछेउ उभिन्छ र भन्छ–
'तिम्रो नयाँ देशमा मलाई पनि अहिंसाको बिरुवा सार्न देऊ!'

म देख्छु–
तलबाट गीताले छातीको गोलीका खोपिल्टा छोप्दै
लट्ठी टेक्दै–टेक्दै उँभो उक्लँदै आएर
एक जना बूढो मान्छे मेरो नजिकै बस्छ र मुस्कुराएर भन्छ–
'तिम्रो नयाँ देशको माटोमा मलाई पनि सत्य–शान्ति रोप्न देऊ!'
पूर्व–पश्चिम, उत्तर–दक्षिण दिशाहरूबाट सेता परेवाहरू
चुच्चामा बधाई–पत्रहरू बोकेर उड्दै आउँछन्
अनि मेरो अघि खसाल्दै जान्छन्
ती कोही लिङ्कन, लेनिन र हो–ची–मिन्हका हुन्छन्
ती कोही देवकोटा, रेम्ब्रान्ट र सरेसका हुन्छन्
ती कोही रोमियो, मजनु र उमर खैयामका हुन्छन्
ती कोही गल्ली, फुटपाथ र उकाली–ओरालीमा मर्नेहरूका हुन्छन्
त्यस बखत म आफैलाई महासन्तुष्टिको हाँसो दिलाएर
'युरेका! युरेका!!' भन्दै विजयध्वनि लगाउँछु आफ्नै निम्ति
आविष्कारको आवाज गर्छु आफ्नै निम्ति
फलतः कल्पित रातको सपमो भित्ताहरू गर्ल्यामगुर्लुम ढलेर
मलाई थिच्न खोज्छ
मलाई पुर्न खोज्छ
मलाई मार्न खोज्छ
यसरी आफ्नै सपनासँग पनि पराजित भएर
कुन्नि कस्तो जित खोज्दै–खोज्दै डुली हिँड्दा
म यस्तो ठाउँमा आइपुगेछु

जहाँ विशाल लाँकुरीको रूख पनि सुकेनासको रोगी भएर
साँझको चिसो सिरेटोसँग केही क्षण बाँच्नुको म्याद राखेर
धरमरिँदै, काँप्दै बिन्ती गरिरहेको रहेछ
यसरी म अपत्यारिलो सत्य बोकेर भौँतारिई हिँड्दा
हिमाल पनि कालो भएर उत्तानो परी
ताण्डवको शोकगीत आकाशसित गाएजस्तो लाग्छ

यसरी मैले अप्ठ्याराहरूबाट एउटा आस्था खोजी हिँड्दा
फूलबारीको फूलका थुँगाहरूबाट शब्दको गन्ध आएजस्तो लाग्छ
सिमानामा काँडे तारहरू लाएर
मान्छेले भैरवको मुखुन्डामा अनुहारहरू परिवर्तन गरेजस्तो लाग्छ
'स्ट्रिप्टिज' भनिने तरुनीहरूका नाङ्गा नृत्यहरूमा
यो सहरले चरम सभ्यताको विज्ञापन गरेजस्तो लाग्छ
यति मात्र होइन
विज्ञानको हातहतियारले अप्रेसन गर्दा–गर्दा
वैज्ञानिक टनिक, ट्याबलेट र पाउडरहरूले बचाउँदा–बचाउँदा
अब प्रजनन हुन नसक्ने रेत भएका खेतहरू हेर्दा
प्रत्येक मान्छेले बाँच्नुको रहर छोड्नुपर्ला जस्तै लाग्छ
यसैले यहाँ आफैमा रहनुको अधिकार पाएर पनि
अब कति आधारहरू बताउन सकिन्छ–
अब कति प्रहरहरू रुङ्न सकिन्छ– निर्वासित यो जिन्दगीको?
मलाई निर्वासित हुन नै स्वीकार छ
मलाई बहिष्कृत हुन नै स्वीकार छ
बरु हिउँ भएर रातभर कक्रिन तयार छु
अर्थहीन भएर खोला बग्नुमा मलाई लोभ छैन
यो महानिस्पट्ट कालो युगले अन्तिम सास फेर्दा मलाई रुनु छैन
बरु एउटा नयाँ देशको
    नयाँ क्षितिजबाट
    नयाँ घाम झुल्केको हेर्न नै राजी छु।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : मनप्रसाद सुब्बा

**नाम** : मनप्रसाद सुब्बा

**जन्ममिति/स्थान** : २००७ भाद्र १८, दार्जिलिङ

**फोन** : ०३५४-२२६०३४३, ९८३२०२५४६५

**इमेल** : manus_darj@rediff.com

**लेखनप्रारम्भ** : विद्यार्थी-अवस्थादेखि

**प्रथम प्रकाशन** : *बनाउनु छ* (***सरिता***, विद्यालयको मुखपत्र)

**राष्ट्रिय स्तरमा** : *प्रात:देखि रातसम्म* (***हाम्रो अस्तित्व***)

**कृति** : ***बिब्ल्याँटो युगभित्र कार्टुन मान्छेहरू, बुख्याँचाहरूको देशमा, ऊष्मा, आदिम बस्ती, ऋतु-क्यानभासमा रेखाहरू, अक्षर-अर्केस्ट्रा*** (कवितासङ्ग्रह); ***त्यो मोडसम्म पुगेको मान्छे*** (उपन्यास)

**पुरस्कार/सम्मान** : दियालो पुरस्कार (सन् १९७५), रत्नश्री स्वर्ण पदक (२०५०), साहित्य अकादमी पुरस्कार (सन् १९९८)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता प्रथमत: कला हो जो हामी जीवनका निम्ति सिर्जन्छौँ या निर्माण गर्छौं। कला बन्नुको पहिलो सर्त हो सौन्दर्य जुन हाम्रो अनुभूतिको विशेष अभिव्यक्तिमा प्रकट हुन्छ। तर इमानदारिताबिना त्यस्तो अभिव्यक्ति सम्भव हुँदैन।

**नजरमा आफै** : कविताको सन्धान र आविष्कारमा प्रयासरत एक सानो पाइला।

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितावृत्तमा गतिशील प्रयोगधर्मी आग्रहसहित कवितामा विशिष्ट उद्घाटित हुने स्रष्टा मनप्रसाद सुब्बा एक चर्चित प्रतिनिधि कविको नाम हो। उनी प्रेक्षकको चेतनामा आएर अस्तित्व प्राप्त गर्ने प्रेक्षित वस्तुको भइदिनुसँग सम्बद्ध आनुभूतिक तरङ्गलाई इमानदारितापूर्वक अनेकौँ विशेषणको भीडरहित व्यक्तिको मूल सत्त्वको सौन्दर्यात्मक निक्खरतामा अभिव्यञ्जित गर्नुसँगै सार्वकालिक काव्यिक निजत्व हासिल गर्छन्। उनी जगत्मा अस्तित्वको मूल आधार द्वन्द्व र गतिको सङ्गीतलाई कविताको लय, सुर र तालमा विलयन गर्नुमा काव्यिक उत्कर्षको अनुभूति गर्छन्। पसिना र आँसुको अनवरत वर्तमानतामा मोतीको प्रश्निल धारसँगै कहिल्यै नथाकी पौडिरहने मानिसमा निहित विशिष्ट अन्तर्बोध र सौन्दर्यचेतको सजीव रूप कविताको सार्थकता कविता हुनुसित छ भन्ने कवि सुब्बाले निश्चय नै कविताको जीवन्त सत्ता सम्भालिरहेको साक्ष्यस्वरूप प्रेषित छन् स्वयम् उनका कविताहरू।

●

*मनप्रसाद सुब्बा*

## भाषण, सहर अनि म

●

भाषणको मसिनगनबाट
पड्किरहेछन् शब्दहरू
– माझचोकमा –

म सहरको एक छेउ
घरको बरन्डामा बसेर
मानिसहरूको ओहोरदोहोर हेरिरहेछु सडकमा।
एक जोडी युवक-युवती
धपक्क बलेको अनुहारसित
बात गर्दै जाँदै छन्।
केही माथि जुत्ता-दोकानमा
यौटी बोज्यू
आफ्नो पाँच-छवर्षे नातिलाई जुत्ता किनिदिँदै छिन्।
यौटा लामो यात्रालाई उपहार त्यो जुत्ता।

अनिकालको भाँडामा
ढुङ्गाको आलुसित पानी उम्लिएजस्तै
भाषण उम्लिँदै छ
– चोकमा –

उः, त्यहाँ दबाई-दोकानमा चाहिँ
सधैँजस्तै नै
भीड छ दबाई किन्नेहरूको।
फुटपाथनेर सेकेन्ड ह्यान्ड लुगाको थाकमा पनि
लुगा छान्नेहरू उत्तिकै।
सिजनर्स बोकेर आएको बस
घ्यारघ्यारिँदै सर्दै छ चोकतिर।
ऐलेसम्म भाषण हेरिरहेका भरियाहरू
भारी बोक्ने होडमा बसपछिल्तिर झुत्तिन्छन्।

होटलको ग्राहक खोजेर छाक जुटाउनेहरू पनि
बसभित्र अघि नै पसिसकेका छन्।
पर पान-दोकानछेउ नेर
आजै बिहान फक्रेको गोदावरीजस्ती
यौटी केटी
अघिदेखि उभिइरहेकी छ कसैलाई पर्खेर।
बिहान एक डोको सब्जी ल्याएर आउने दाइ पनि
अब फर्किने तरखरमा छ एक झोला सौदा लिएर।

मुठ्ठीहरू उजाइँदै छन्
नाराहरू गर्जिंदै छन्
– चोक चर्काउँदै –

पर मोटर-स्टचान्ड र बस-स्टचान्डमा भने
सधैँजस्तो
'फेरि भेटौँला' आशाहरू
हात-हातमा कति मीठो हल्लिएका!
अनि/अफिसबाट हतारसाथ घर फर्किरहेकी
ती महिलाका इयर-रिङहरू
आह! कत्ति लोभलाग्दो हल्लिएका!
मास्तिर यौटा बिल्डिङको छतमा
स्किपिङ खेल्दै उफ्रिरहेकी
त्यो सानी केटीको केशराशि झन्
कस्तरी हल्लिइरहेछ छालझैँ रहरलाग्दो गरी।

अब भित्र पस्छु म।
फेरि एक पल्ट 'मेघदूत' पढ्छु।
चिठी पनि लेख्नु छ।
लेख्नु छ प्रेमका आहहरू
विश्वासको बत्ती बालेर।
जाती पारेको छु विश्वासघातका चोटहरू पनि
विश्वासले नै सेकेर
अहँ, कहिल्यै थाकिनँ म
प्रेमका कथाहरू सुनेर।
●

## मेरो शब्द (?)

●


फूलको पराग यौटा अक्षर पाएँ
एक छेस्को ढुङ्गा र एक चिम्टी माटो पनि मेरो हातमा आएर
अक्षरहरू नै भइदिए/अनि यी अक्षरहरूलाई
एक थोपा पसिना र एक थोपा आँसुले मुछेर
यौटा शब्दको आकृति दिएँ
र मेरो सासको गन्ध हालेर
मेरो स्वरको तरङ्गसित छोडिदिएँ।


मबाट छुटेपछि/त्यो शब्द पूरै डुलन्ते भयो।
जता गयो त्यतैको भयो/जोसित बस्यो उसैको भयो।
तर अडिएर कतै बस्न सकेन।
अचेल त्योसित मेरो कतै भेट भइहाले पनि
त्यसले मात्तै चिन्छ मलाई/म राम्ररी चिन्दिनँ त्यसलाई।
त्यसले कहिलेकाहीँ बोलाउँछ मलाई
तर त्यसको स्वर निकै भिन्दै भएको छ/भिन्दै भइरहन्छ।

एक पल्ट सोधेँ त्यसलाई–
'तँ किन यसरी बद्लिरहन्छस् हँ, मेरो शब्द?'
त्यसले ठाडै जवाफ दियो–
'अरे! तिमी चैँ किन बद्लिन चाहँदैनौ?
के तिमीले आफूलाई कहिल्यै नबद्लिने भगवान् सम्झेको?
बद्लिइरहनुमा आनन्द छ
बद्लिइरहनुमा त गति छ अनि जीवन छ
बुझ्यौ?'

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : पवन चामलिङ 'किरण'

**नाम** : पवनकुमार चामलिङ

**जन्ममिति/स्थान** : २००७ असोज, सिक्किम

**फोन** : ०३५९२२०२३०४

**लेखनप्रारम्भ** : विद्यालय जीवनदेखि

**प्रथम प्रकाशन** : *वीरको परिचय* (सन् १९६७)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***प्रारम्भिक कविताहरू, अन्तहीन सपना : मेरो बिपना, म को हुँ*** (कवितासङ्ग्रह), ***Perennial Dream*** (कवितासङ्ग्रह); ***दामथाङ : हिजो र आज*** (अभिलेखसङ्ग्रह); ***निर्माण***को सम्पादन

**पुरस्कार/सम्मान** : कवितामा 'चिन्तन' पुरस्कार (सिक्किम साहित्य परिषद्, सन् १९८७), भारतशिरोमणि राष्ट्रिय पुरस्कार (सन् १९९७), वर्ष पुरुष अन्तर्राष्ट्रिय पुरस्कार (American Biographical Institute)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मेरा अत्यधिक कविताका बोलीहरू मान्छेदेखि मान्छेसम्म रहेका छन्। त्यो मान्छे जुन परिवेशमा बाँचेको छ, जहाँको भूगोलमा ऊ साक्षात्कारित भएको छ, जुन संस्कृतिमा ऊ मुखरित भएको छ त्यही मान्छेलाई नै मैले प्रमुख विषय बनाएँ, किनभने जीवनहीन अभिव्यक्तिको कुनै अर्थ हुँदैन। जीवनकै नाद, जीवनकै आलापविलाप र जीवनकै स्पन्दन घोलेर व्यक्त गरिने कलापूर्ण अभिव्यक्ति नै साहित्य (कविता) हुन्छ। त्यो साहित्य (कविता) जहाँ पूर्णरूपेण मानवता सुरक्षित रहन सक्छ।

**नजरमा आफैं** : विश्वभरिकै नेपालीलाई जाति र भाषाको मालामा एकताबद्ध सूत्रबाट उनेर हेर्ने हुनाले यसको पहिचान विश्वमै सर्वोत्कृष्ट रहेको छ भन्ने देखाउन चाहने म नेपाल र नेपालीको अनन्य शुभचिन्तक हुँ।

**सम्पादकको कलम** : नेपाली भाषा र साहित्यका एक अथक साधक एवम् सुपरिचित हस्ताक्षर कवि पवन चामलिङ 'किरण' का कविताहरू भारतीय नेपाली समाजका युगविम्ब हुन्। प्रवास, समय र संवेदनाका प्रासङ्गिक अन्तरङ्गताहरू उनका कविताका मुटु हुन् भने जीवनको नाद एवम् आलापविलाप धडकन हुन् र मानवता उनका कविताका सीमान्तीकृत स्वर हुन्। काव्यविम्बहरूको सुन्दर संयोजनले कवि 'किरण' लाई कुशल शब्दशिल्पीको विशेषण सगौरव हस्तान्तरण गरेको साक्ष्यस्वरूप उनैका कविताहरू प्रेषित छन्।

●

*पवन चामलिङ 'किरण'*

## हामीभित्रको स्थिति

●

केही छैन यी निर्धा रातहरूमा
छोडेर आशा र भरोसाका सपनाहरू,
यी पनि–
रातजस्तै झूटा र पापी छन्
सपना मात्रै जन्माउने निर्धा रातहरूमा
वास्तवमा असङ्ख्य बिपनाहरूको
निर्मम हत्या भएको छ,
यसैले निर्धा बैँसहरू बोकेर
दिनहरू बिपनाको खण्डहर भएको छ।

●

## ब्रह्मपुत्र र कामाख्या पुगेर आफैलाई हेर्दा

●

ब्रह्मपुत्रको किनारैकिनार भएर
मेरा जिउँदा मान्छेका लासहरू बग्दै जाँदा रहेछन्,
पानीको वेगसँग पौडन नसकेर हो कि,
नाउ खियाउन नजानेर हो कि!
मेरा मान्छेहरू सागरमा डुब्दै जाँदा रहेछन्!
ब्रह्मपुत्रको पानीमा डुबेर मरेका मेरा मान्छेका लासहरू
छिमेकी गिद्ध, वनबिराला र स्यालहरूले
आपस्तमा बाझ्दै भोज लगाउँदा रहेछन्,
र आजकाल यस भेकमा
मेरा मान्छेका हाडहरू उभ्याएर
ब्रह्मपुत्रको किनारमा बाँध बाँध्ने काम हुँदो रहेछ।

कुन देवताको पापले हो कि,
कुन जुनीको श्रापले हो–
मेरा मान्छेका कथाहरू आँसुले लेखिँदै गए,
मेरा मान्छेका भग्न व्यथाहरू पसिनाका ज्यालासँगै साटिँदै गए।
* * *
आफ्नै पसिना र रगतको मलले पाकेको बाली पनि
मेरा मान्छेहरूले
मेरा भन्न सक्दैनन्
आफ्नै आँगन र घरमा पनि
किन हो–
मान्छेजस्तो बाँच्न सक्दैनन्।
यस्तो पाप र श्रापको संसारमा
मेरा मान्छेका बिपनाहरू सपना बनेका छन्!
यो कुनै दन्त्यकथा होइन,
यो कुनै काल्पनिक कहानी पनि होइन;
यो त करोडौँ अभागी मान्छेको भग्न कथा हो,
यो त मेरा जिउँदै मरेका मान्छेका
मुर्दा इतिहासको पन्ना हो।
के मेरा बाबु, बाजे र बराजुहरूले
ब्रह्मपुत्रको पानीमा नुहाएर
हामीलाई लगाइएका पाप र श्रापहरू
पखालेनन् र?
के मेरी आमा र बजूहरूले
कामाख्या माईको चरणमा शिर राखेर
आफ्ना सन्तानको सुख र शान्तिका निम्ति,
भक्ति र सेवा गर्नेहरूका निम्ति
प्रार्थना गरेका थिएनन् र?
* * *
त्यहाँका देवी–देवतालाई
धूप, अक्षता र फूलपाती चढाएर
पूजा गर्दै आएको कति युग भइसक्यो,
आफ्नो परिश्रमको फलमा फलेका बालीको
न्वागी चढाउँदै आएको
कति शदी भइसक्यो!
* * *

आफैले बाघ र हात्तीसँग लडेर
आबादी बसाएको बस्तीमा
आज मेरा मान्छेहरू खोइ कहाँ छन्?
आफ्नै बलिदान र रगतका बुँद-बुँदले
लेखेको इतिहासका पानाहरूमा
मेरा मान्छेहरू खोइ कहाँ छन्?
* * *
ब्रह्मपुत्र-छालले पनि
मेरा मान्छेहरूकै घरहरू भत्काएर लान्छ,
प्रत्येक वर्षको बाढीले पनि
मेरा मान्छेहरूकै बाली डुबाएर लान्छ,
सानोभन्दा सानो पैह्रोले पनि
मेरै मान्छेका छातीहरू भत्काएर लान्छ,
यहाँका देवी-देवता रिसाएर हो कि,
कामाख्या र ब्रह्मपुत्रको आशीर्वाद नपाएर हो कि-
देवता र देवी भएपछि
समान दृष्टि र आशीर्वाद हुनुपर्ने!
ब्रह्मपुत्र र कामाख्या माईले
सबैको रक्षा गर्नुपर्ने!
- हामीले पुज्नुपर्ने देवता अर्कै छ कि!
- हामीले खोज्नुपर्ने संसार यहाँ अर्कै छ कि!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : मञ्जु काँचुली

**नाम** : मञ्जु तिवारी

**जन्ममिति/स्थान** : २००७ माघ, काठमाडौँ

**इमेल** : manjukanchuli@yahoo.com

**लेखनप्रारम्भ** : ७/८ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *धरती र आकाश* (***रत्नश्री***, २०२४)

**राष्ट्रिय स्तरमा** : *रूख* (***मधुपर्क***, २०२४/२५ तिर)

**कृति** : ***किरणका छालहरू, मेरो जीवन मेरो जगत्, टु सिस्टर्स, आत्मप्रतीति, पलकभित्र पलकबाहिर*** (कवितासङ्ग्रह), ***केही माया केही परिधि, मञ्जु काँचुलीका कथा, विश्वामित्रको सुहागरात*** (कथासङ्ग्रह), ***आकाश विभाजित छ*** (संयुक्त उपन्यास), ***हाम्रो सवाल दाइदाइको जवाफ*** (वार्तालाप), ***तिवारी नाटचसाहित्यको विश्लेषणात्मक अध्ययन*** (संयुक्त सम्पादन)

**पुरस्कार/सम्मान** : लक्ष्मी पदक (२०१७), रत्नश्री स्वर्ण पदक (२०३६), व्यथित काव्य पुरस्कार (२०५०), गुरुवाचार्य कथा पुरस्कार (२०३१), लेडी अफ द मन्थ नारी मञ्च (२०५०), सर्वश्रेष्ठ साहित्यकार, रङ्गमञ्च (२०५२), दीपा जनमत पुरस्कार, महेन्द्रसिंह कार्की पुरस्कार, गोपालप्रसाद रिमाल सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : अन्तर्जगत् र बाह्य जगत्को अन्तर्क्रियाबाट उत्पन्न भएको चेतना र त्यसको भावात्मक अभिव्यक्ति नै कविता हो। तिमी × म (बाह्य जगत् × अन्तर्जगत्) = अनन्त कविता।

**नजरमा आफै** : केही हद मानवअधिकारविहीन देशको अत्यन्त सङ्घर्षशील र पूर्ण रूपमा आत्मनिर्भर हुँदै अग्रसर भएको एक नागरिक। देशको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अव्यवस्थाका विरुद्ध सामाजिक, साहित्यिक र शैक्षिक क्रियाकलापको माध्यमबाट परिवर्तन र चेतनाका लागि कार्य गर्दै आएकी एक मध्यम श्रेणीकी जिम्मेवार महिला।

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितावृत्तमा मञ्जु काँचुली एक सशक्त नारी हस्ताक्षर हुन्। नारीसंवेदनाको पक्षमा वकालत गर्ने स्रष्टा काँचुलीको काव्यगत अभिव्यक्तिशिल्प भन्नु नै नौलो एवम् आस्वाद्य सामाजिक समष्टिविम्बको खाकामा मनको भाका प्रस्तुत गर्नु हो। कथ्यको प्रस्तुतिमा दार्शनिक गहिराइको जलप झल्किनु कवि काँचुलीको अझ निजी पहिचान हो। जम्मामा उनका कविताहरू सुरुचिपूर्ण बौद्धिक अभिलेख हुन्।

●

*मञ्जु काँचुली*

## ढुङ्गाको बोली

●

जब मनले त्याग्छ जीवन र वस्तुको आकर्षण
तिमी मेरो वा म तिम्रो हुन्नँ

भावनाको बन्धन, वासना र ध्येय हुन्न
समतामयी बुद्धिले पीपलका हाँगा–हाँगामा
भऱ्याङ चढ्दै बढ्छ

सरल पाइलाले जब माटो र बाटोहरू
छोड्दै–छोड्दै अघि बढ्छ
जीवनमुक्तिको पदचिह्नबाहेक
माटोमा अर्को चिह्न हुन्न

सङ्कल्पहरू, साना–साना भुइँचालो र पानीका लहरहरू
मेटिन्छन्; सतह स्थिर देखिइन्छ
हावा शान्त हुन्छ, बादल देखिइन्न कतै
इच्छा–अनिच्छारहित
दुःख–सुख चिन्तनरहित
सुषुप्त आचरण भरिइन्छ

मान्दिनँ सुख–दुःखलाई
जब विषयले उत्पन्न अतितृष्णाको बन्धनले घेरिइन्नँ
म तिम्रो वशमा पनि हुन्नँ

मुक्त भएको मनको सुगन्धले
सजिएको छ बगैँचा
वस्तुप्राप्तिका इच्छाहरू
दुःखका खातहरू, भयका शृङ्खलाहरू

सत्-असत् त्यागेर परमपदमा टेकेको छ
शान्त सागर निश्चल छ सदा
माटोमा मन्द सुगन्ध छ

म एक सूक्ष्म आकार, सर्वरूप, गुदी
विषादमुक्त विस्तृतता
सर्वस्व स्वरूप; अलग्ग अस्तित्व

प्रकृति, माया, ब्रह्म वा
विज्ञान, सत्य, नित्य वा अरू केही मलाई किन सोध्छौ?
व्यर्थ किन कुनै कामना गर्छौ?
यो सबै सांसारिक प्रपञ्च मलाई थाहासम्म हुन्न

थोरै सहजीवीहरूको अलिकति मन बुझेर
तिनको अभिमत बोलेको छु, दुःखी छैन

आन्तरिक दृष्टि छ,
अणु-परमाणुभित्र गति जारी छ
बाह्य जगत् हेरेको छु
प्रपञ्चरहित अवस्थामा
बाहिरी रूपले तिम्रो आचरण पनि बेहोरेको छु

आकुलता र कलङ्करहित आकाशजस्तै
निर्मल मनले स्वच्छन्द विचरण गर्छु
कावा खाँदै
शरद्कालीन तलाउको तिम्रो रागमय पानीको सँघारलाई
हेरेको छु, टाढैबाट

आफ्नै मनका पहेँला पानाहरूलाई त्यसमा
देखेको छु
यो आकाश र यो आनन्द
निर्मल मुक्ति
संवेदनमुक्ति! टाढैबाट

निर्विकल्प पदमा स्थित
पत्थरसमान, चेष्टारहित
सङ्कल्प-शान्त परास्वरूप, एक ढिक्का मुटु

तिम्रो शरद्कालीन तलाउको नजिकै
रागमय पानीदेखि अलि पर
आफ्नै किनारको
आफ्नै विचारको
एक मुठी माटोमा टेकेर
मुक्तिका शब्दहरू बोलेको छु
साना-साना गिट्टीहरूको आवाजले

कतै प्रहार पर्‍यो होला
यस ढुङ्गाको (बोलीको) त्यस पानीमा
मलाई थाहासम्म हुन्न!
●

## मोनालिसाको चित्र

●
आधा आँखा हाँसेको छु त
आधा आँखा रोएको छु
आधा मन अघाएको छु त
आधा मन भोकाएको छु
यी झुत्रे आशाहरूलाई
आँखाको आधा सुकेको पानीले टल्काएर
यो मनलाई
विशाल समुद्रको मायाको पानीबाट फर्काएर
भित्तामा टाँगिएको
मात्र एउटा विवशताको अर्पण लिएर
आधा,
मौनतासँगै अनुहार हराइरहेछु
आधा,
भावगङ्गाको उज्यालो अँध्यारो सुरुङमा
यो मन हराइरहेछु
यो भित्ते पानाको लामो पर्खाइमा
म, मेरै चित्रकारलाई खोजिरहेछु!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : भविलाल लामिछाने

**नाम** : भविलाल लामिछाने


**जन्ममिति/स्थान** : २००६ फागुन, असम (भारत)

**फोन** : ००९१-९९५७०२०६७९

**लेखनप्रारम्भ** : सन् १९६१

**प्रथम प्रकाशन** : *वसन्तको शुभागमनमा* (**आमा**, सन् १९६३)

**राष्ट्रिय स्तरमा** : ,,



**कृति** : ***अनागत*** (सन् १९८३), ***शब्द हुन् यी मेरा*** (सन् १९९६), ***असमाप्त पाइलाहरू*** (कवितासङ्ग्रह, सन् २००१), ***शीर्षकहीन*** (मुक्तकसङ्ग्रह, सन् २००३), ***एउटा घर यस्तो*** (सन् २००६), ***भविलाल लामिछानेका दुइटा नज्म/केही गजल*** (गजल, सन् २००७), ***हाशिए के पल*** (हिन्दी, सन् १९९८), ***बादलपारिको देश*** (शिशुकवितासङ्ग्रह, सन् २००६), ***कसका लागि ?*** (कथासङ्ग्रह, सन् २०००); ***कोपिलो, आँकुरो, हरिभक्त कटुवाल स्मृतिग्रन्थ*** (सहसम्पादन), ***साहित्यप्रवाह, समकालीन नेपाली साहित्य, संस्कृति, आफ्नै सिर्जनाभित्र गुरुभक्त धिताल*** आदिको सम्पादन

**पुरस्कार/सम्मान** : हरिभक्त कटुवाल स्मृति पुरस्कार (सन् १९९३), पुष्पलाल उपाध्याय स्मृति पुरस्कार (सन् २००४), बाबा आम्बेडकर साहित्यरत्न पुरस्कार (सन् २००६)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता त्यो माध्यम हो जसले मानवीय संवेदनालाई मानिसका दैनन्दिन सङ्घर्ष, उसका र वरिपरिका समस्यालाई देश, समाज र कालसँग जोड्दछ। यो अत्यन्त मनोग्राही, संवेदनशील तथा चेतना उब्जाउने हुन्छ। कविताले स्वान्त:सुख मात्र दिँदैन, केही सोच्न र गर्न पनि बाध्य गराउँछ। नदीको धाराजस्तै हुन्छ कविता जसले सुक्खा ठाउँलाई भिजाएर शीतलता प्रदान गर्छ।

**नजरमा आफैं** : थोरै समयमा धेरै बाँच्न खोज्ने, मन नपरेका कुरा मुखिन्जेल भन्न खोज्ने, भन्न नभ्याएमा केही कोर्ने, लेख्ने र आफ्ना संवेदनाहरूलाई पीडितसम्म पुऱ्याउन खोज्ने बबुरो एउटा साधारण मान्छे!

**सम्पादकको कलम** : स्रष्टा भविलाल लामिछाने शब्दको शक्ति र सौन्दर्यप्रति सचेत कवि हुन्। उनका कविताहरू मानवीय आह, उफ्, व्यथा र उत्पीडनका सौन्दर्यात्मक दस्तावेज हुन्। सरल एवम् सरस र प्रशंसनीय विम्बविधानसहित वाद र पूर्वाग्रहभन्दा प...र अतीतलाई भविष्यका आँखाले सचेत वर्तमानमा हेर्नु उनको लेखकीय निष्कर्ष हो भने हृदय र मस्तिष्कलाई एकसाथ झङ्कृत पार्नु उनको काव्यिक वर्चस्व हो। उनका यहाँ समाविष्ट कविताहरू आफ्नो अस्तित्वको सूचना दिन स्वयम् समर्थ छन्।

●

*भविलाल लामिछाने*

## अनागत

●

तिमीले देखेको मान्छे– मभन्दा अग्लो छैन
मभन्दा पनि अग्लो मान्छे/मभित्र छ।

च्यातेर पहाडका अनुहारहरू
एउटा बीभत्स वेदना भोगेको समय
मभित्र सग्लै सुतेको छ/मबाहिर सग्लै सुतेको छ।

तिमीले देखेको सपना– योभन्दा अग्लो छैन
योभन्दा पनि अग्लो सपना/तिमीभित्र छ।

पीपल र वरका जराहरू
गाडिएर माटोमुनि/चट्टानका विचारहरू
मस्तिष्कबाट उम्रिएर/पैतालाबाट गई
माटोमुनि गाडिएका कति वर्ष बिते?

उत्तर–?
उत्तर–?
उत्तर–?

जान्छु, तिमी पीपल र वरका रूखजस्तै मूक बस्नेछौ
तिम्रो इतिहासको चेतन मान्छे अचेत हुँदै गएको छ
तिमी ढुङ्गामुढाजस्तै मूक बस्नेछौ।

तिम्रा चेतनाहरू त कृतदास/मुक्ति माग्ने तर्खरमा सधैँ
अल्झिरहेछन्
यस युगको चेतन मान्छे अचेत हुँदै गइरहेछ।

म अब 'फोसिल' बोकेर आउने सूर्यलाई सोध्दै छु
–मेरो पनि 'फोसिल' छ? फोसिलै सही–
अस्तित्वको एउटा आभास/घाम पनि एउटा फोसिल हो–
आगोको फोसिल

त्यसैले/पहाडपछि उठेको धूवाँमा
आगो बोलेको सुन्दै छु।

मान्छे त सबै 'फोसिल' भइसके
त्यसैले कोर्रा खाँदा पनि बोल्दैनन्
शरीर डाम्दा पनि बोल्दैनन्
ट्वालट्वाल्ती टोलाउने आँखाहरू– देखेर पनि केही बोल्दैनन्।

तिमी चुक्दै छौ ठम्याउन आकाशका पाइलाहरू
सायद एउटा आकाश आउँदै छ/र ल्याउँदै छ
एउटा-एउटा पाइला– एउटा-एउटा जुलुसहरू
एउटा-एउटा मान्छे– एउटा-एउटा इतिहास
एउटा-एउटा शब्द– एउटा-एउटा नारा

एकैछिन पर्खेर बस है, आकाश तिमीलाई भेट्न आउँदै छ
तिमीले भेटेको आकाश– तिमीभन्दा अग्लो छैन
तिमीभन्दा अग्लो आकाश/तिमीभित्र छ
मभन्दा अग्लो आकाश/मभित्र छ
हामीभन्दा अग्लो आकाश/हामीभित्र छ

एउटा कालपुरुष/बाजजस्तो पन्छीमा चढेर आउने कुरा प्रायः
निश्चित भइसकेको छ
र, समय अब पन्छी हुँदै छ
लगाम थाम्न सूर्यका हजारौँ हातहरू
दिगन्तबाट माथितिर उक्लिँदै छन्
बस, दुइटा मुठी खोलिदिँदा हुन्छ
प्रकाशका भोका र प्यासाहरूको ब्युँतिने कुरा प्रायः
निश्चित भइसकेको छ

हामी मुठी पर्खेर बसेका छौँ
तिमी मुठी पर्खेर बसेका छौ
सबै मुठी पर्खेर बसेका छन्
बस, दुइटा मुठी खोलिदिँदा हुन्छ
एउटा निश्चित दिशाबाट उज्यालो पोखिने कुरा प्रायः
निश्चित भइसकेको छ

पीडित र जर्जरित मान्छे बाँझो माटोजस्तै भएका छन्
मनका कुनै कुनाहरूमा कुनै गीत बज्दैन
जब हजारौँ वर्षपछि कुनै देशमा सङ्गीतको जन्म हुन्छ
अनि ढुङ्गाका फोसिलहरूमा प्राण पलाउँछ
चर्किएका चरहरूबाट जब विस्फोटसँग एउटा मान्छे जन्मिन्छ
त्यो मान्छे मात्र मभित्रको मान्छेजस्तो हुन्छ

आज तिमीले देखेको मान्छे– तिमीभन्दा अग्लो छैन
तिमीभन्दा अग्लो मान्छे तिमीभित्र छ
मभन्दा अग्लो मान्छे मभित्र छ
हामीभन्दा अग्लो मान्छे हामीभित्र छ

यी लहरै आकाङ्क्षाका हूलहरू केही पर्खेर बसेका छन्
एउटा नयाँ युग आउने कुरा प्रायः निश्चित भइसकेको छ
●

## पटाक्षेप

●
इतिहासका निर्माताहरू सधैँ इतिहासपछि लुकाइन्छन्

ऐतिह्य, कला र संस्कृतिको जिउँदो रूप– ताजमहल
मुमताजको स्मृतिस्वरूप/समाधिमा बनिन्छ
पर्यटकलाई बुझाउँदा शाहजहाँले बनाएको भनिन्छ
शताब्दीसम्म आकाश गुन्जिने गरी वाहवाही लुटाइन्छन्
कालिगडका हात काटिन्छन्/ती इतिहासमा दास कहलाइन्छन्
इतिहासका निर्माताहरू सधैँ इतिहासपछि लुकाइन्छन्
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : अविनाश श्रेष्ठ

**नाम** : रामकृष्ण श्रेष्ठ

**जन्ममिति/स्थान** : २०१२ वैशाख, गुवाहाटी, असम

**फोन** : ०१-४६००२६८, ९८४१५७८०७५

**इमेल** : ashrestha23@yahoo.com

**लेखनप्रारम्भ** : कक्षा ६ मा पढिरहँदा

**प्रथम प्रकाशन** : *बाढी* (***तरुण***, हस्तलिखित, सन् १९६९)

**राष्ट्रिय स्तरमा** : *कन्ट्रास्ट* (***दियालो***, सन् १९७४)

**कृति** : ***परेवा : सेता-काला, संवेदना/ओ संवेदना!, अनुभूति यात्रामा..., करोडौँ सूर्यहरूको अन्धकार*** (कवितासङ्ग्रह); ***समय, समय अनि समय, अश्वत्थामा हतोहत*** (नाटक); ***तान्या, इन्द्रकमल र अन्धकार*** (कथासङ्ग्रह); ***कविता, समकालीन साहित्य, समकालीन नेपाली कविता, आधुनिक भारतीय नेपाली कथा***को सम्पादन

**पुरस्कार/सम्मान** : युवा वर्ष मोती पुरस्कार, रत्नश्री स्वर्ण पदक, धौलागिरी साहित्य पुरस्कार, लोकेन्द्र साहित्य पुरस्कार, सर्वोत्कृष्ट नाटक लेखक पुरस्कार (प्रज्ञा-प्रतिष्ठान), नेपाल मोसन पिक्चर अवार्ड

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवन, सपना, यथार्थ, फ्यान्टचासी, मोह, रहस्य आदिलाई आफ्नो मनोसंसारभित्र मथेर शब्दमा त्यो भावसंवेगलाई जति छोप्न सकिन्छ त्यही नै केही हो कि कविता!

**नजरमा आफै** : अरूले जे देखून्, जे सम्झून्, जे भनून्; 'म' आफैलाई थाहा छ– पूर्णतातिरको यात्रामा हिँडिरहेको म तर अपूर्ण मान्छे। मलाई आफू जे हुँ, जे छु– त्यसमा कुनै अपसोच छैन।

**सम्पादकको कलम** : सफल कथाकार एवम् नाटककारका रूपमा परिचित स्रष्टा अविनाश श्रेष्ठ प्रयोगधर्मी चेतका एक विशिष्ट कवि हुन्। उनका कविताहरू विम्ब र प्रतीकका अनुसरणीय उत्कृष्ट कोलाज नै हुन्; जहाँ मानवीय चेतनपीडाका बौद्धिक दबाव र तरङ्गहरू महसुस गर्न सकिन्छ। उनी जीवनका विरोध, विद्रोह र अस्वीकृत सौन्दर्यलाई तीव्र संवेदनको प्रवाहमा समेटेर काव्यिक अनुष्ठान पूरा गर्छन् र तृप्तिमा काव्यिक विजयको उद्घोष गर्छन्। सम्पूर्णमा उनी आधुनिक नेपाली कवितामा आदिम प्याससहितका उत्कृष्ट वर्तमान निष्कर्ष हुन्।

●

*अविनाश श्रेष्ठ*

# हातमा कालो फूल लिएर उभिएकी नायिकालाई !

●

॥एक॥

उन्मादको अर्को नाम नै तिमी थियौ नायिका!
उपकूल–उपकूल, बगर–बगर नदीमय सम्भावना तिम्रा उन्मत्त आँखामा
लोलाउँथे– रात, थाकेर बिसाएझैँ बोगनबेलियाको झ्याङमा।

तिमी हुनु नै समुद्र हुनु थियो/तिमीभरि उर्लन्थे मेरो पौरुषका
अदम्य लहरहरू/ज्वारभाटाहरू। नीलो आवेगको पानीमा
उत्रने गर्थे/तृप्तिका फेनिल अनित्य कुसुमहरू।

तिमी हुनु नै उपत्यका हुनु थियो/भन्ज्याङमा लाग्ने न्यानो
पहारिलो घाम हुनु थियो/वा आकाश हुनु थियो अनन्त र गतिमय
अन्तरिक्षको रहस्य ओगटिराख्ने।

तिम्रो कौमार्यले गाएका स्वप्निल गीतहरूलाई/तिम्रै मासुको
मनमुग्ध सङ्गीतमा सजाएर– मेरा कान र आँखाले सँगसँगै
सुन्ने गर्थे/तिम्रो अधीर यौवनको साँघुरो अँध्यारो ओढारमा बसेर।

तिमीलाई छुनु/दिव्य हुनु थियो।
तिम्रा अगम्य, अनुद्घाटित अवयव र इन्द्रियहरूको/पहिलो
आविष्कारक म नै थिएँ। मेरो शरीरको थाँक्रोमा
सपक्क बेरिँदै गएर नै/तिम्रो देहलहरामा फुल्न थालेका थिए
असङ्ख्य फूल– कामनाका, गोप्य तृष्णाका, ललित वेदनाका...

जति पटक तिम्रो देहको नदीलाई स्पर्श गर्थें/मभित्रको
आनन्दको एकलास आकाशमा उडिजान्थे सारसका बथानहरू
तिमीसितको प्रत्येक पल्टको सहवासपछि
मेरो मनमा टङ्कारिने गर्थ्यो
तीर्थयात्राको पवित्र अनुभूति।

तिम्रा आँखाको आदिम नीलो दहमा/आफ्नै
प्रतिविम्ब जति पल्ट देख्छु झुक्किएर
म आफैलाई अर्कै चोला फेरिएको नौलो मान्छे
अनुभव गर्थें बारम्बार।

एकताक तिमी आउँथ्यौ केशहरू बतासमा छिरल्दै,
उडाउँदै/काँध-काँधमा मेघहरू बोकेर/कुनै
किंवदन्तीकी नायिकाझैं असङ्ख्य आकाश चहार्दै,
तिम्रा प्रत्येक पदचापका ऋचाहरू– सूक्ष्म व्याख्याका निम्ति
छाडिने गर्थे मेरो मस्तिष्कमा/तिमी गएपछि।

तिम्रो मादकताको ग्रन्थका अध्यायहरू/अध्यायपिच्छेका
पानाहरू समयसँगै पल्टिँदै गए/त्यसपछि धमिलिँदै गयो
तिम्रो लावण्य/भुइँकुहिरोभित्रको आकृतिझैं– मेरो स्मृतिमा।

॥दुई॥

कैयौँ वर्षपछि/आज फेरि तिमीलाई हठात् देखेथें
त्यही नदीको बगरमा/तिमी उभिएकी थियौ उसरी नै
विह्वल मुद्रामा/तिम्रो हातमा थियो एउटा कालो फूल।
कालो फूल : समयले तिम्रो हातमा
थमाएर गएको/एउटा गम्भीर दायित्व,
प्रतिवादको, बहिष्कारको, विरोधको
र विद्रोहको।

हो, त्यो फूलको रङ्ग ठीक रातको झैं कालो थियो,
अन्धकारको झैं कालो थियो/सके तिमीभित्रको
गहन अतृप्ति र अभावको झैं कालो थियो।


संसारमा व्याप्त कुनै पनि कोलाहल, अभाव वा
असन्तोषको पक्षमा/विरोधका प्लेकार्ड र ब्यानरहरू

तिम्रो हातले कहिल्यै उचालेको थाहा छैन।
तर, कुन्नि किन हो आज ⁄ तिमीले हातमा लिएको
कालो फूल देखेर मलाई लाग्दै छ–
तिम्रा हातहरू सक्षम हुँदै जानेछन् अनि एक दिन
प्रत्येक शोषणलाई चुनौती दिँदै
तिनै हातले उचाल्न सक्नेछन् आफैमा
ठूला–ठूला सङ्घर्षहरू ⁄ आन्दोलन र विप्लवहरू।

प्रत्येक शोषणको प्रतिवादमा ⁄ कालो फूल
हातमा लिन सक्नुपर्छ ए नायिका!
तिम्रै आस्था र प्रेरणाको शक्तिले सञ्चालित हुन–
सक्नेछन् तब मात्र– ठूला–ठूला क्रान्तिका मिसिलहरू,
विरोधप्रदर्शनका शोभायात्राहरू।
तिम्रै सहनशील गर्भबाट जन्मनेछ एक दिन
दलित, शोषित, त्रस्त र आतङ्कित मान्छेहरूको नेता।

हातमा कालो फूल लिएर ⁄ निस्फिक्री
उभिएकी ए नायिका! ⁄ तिमी
असफल प्रेमिका थियौ
तर तिमी सफल आमा बन्न सक्नुपर्छ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : पदम छेत्री

**नाम** : पदम छेत्री

**जन्ममिति/स्थान** : २००८ जेठ, मेघालय (भारत)

**फोन** : ९८३२०४६५१८

**इमेल** : pdm_chhetry@yahoo.co.in

**लेखनप्रारम्भ** : *आशङ्का* (सन् १९६७)

**प्रथम प्रकाशन** : *सुनको ताल्चा*

**राष्ट्रिय स्तरमा** : *मिराज* (अनुवाद) (***समकालीन भारतीय साहित्य***)



**कृति** : ***आदिम सडक*** (कवितासङ्कलन), ***तुराका नेपालीहरू*** (खोजमूलक निबन्ध)

**पुरस्कार/सम्मान** : आशारानी निर्माण पुरस्कार, निर्माण प्रकाशन, नाम्ची, दक्षिण सिक्किमद्वारा अभिनन्दित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : यथार्थसँग साक्षात्कार गर्नु नै कविताको अन्तिम लक्ष्य हो भन्ने कुरामा मलाई पत्यार लाग्दैन। कविता मानसिक विस्तारको परिचायक हुनुपर्छ; कविताले व्यापक अमानवीयताको प्रक्रियामा आवश्यक हस्तक्षेप गर्न सक्नुपर्छ भन्ने कुरामा म विश्वास गर्छु। कवितामा म अर्थविस्तार मात्र नगरेर मेरो संवेदनशीलतालाई सम्प्रेषित गर्ने प्रयास गरिरहेको हुन्छु। शब्द वा वाक्य कवितामा अर्थका लागि मात्र नभएर प्रभाव उत्पन्न गर्नका लागि पनि प्रयोगमा ल्याइरहेको हुन्छु। अनुभूतिको कुनै भाषा हुँदैन। त्यसैले कविता भाषासम्म आइपुग्दा यसका धेरै भावहरू हराइसकेका हुन्छन्। प्रत्येक पटक कविता लेखिसकेपछि मलाई यस्तो लाग्ने गर्छ– मभित्रका सलबल्याइँहरू कवितामा भित्रिनै सकेनन्, बाहिरै छुटे। ती कवितामा भित्रिन नसकेका र बाहिरै छुटेका सलबल्याइँहरूभन्दा उत्कृष्ट कविता अर्को हुनै सक्दैन। मलाई त यस्तै लाग्छ।

**नजरमा आफै** : आफैभित्रको अन्तरिक्षमा कुनै अज्ञात नक्षत्रको खोजीमा भौँतारिइरहेको।

**सम्पादकको कलम** : कविता अव्याख्येय नि:शब्द प्रार्थना हो भन्ने स्रष्टा पदम छेत्री शब्दहरूको नेपथ्य मौनतामा मुग्ध हुने एक विशिष्ट कवि हुन्। अभिव्यक्तिशिल्प र भाषागत सौन्दर्यान्त कालिगडी प्रकटीकरणमा उनका कविताहरू उत्सवमय लाग्दछन्। मानवीय सत्यतामा विस्तारित उनका कविताको अन्तर्वस्तु सुन्दर जीवनको पक्षमा प्रतिबद्ध अनुभूत हुन्छ। भनौँ, उनका कविताहरू विशिष्ट सुवासित अनुष्ठान हुन् जसले दूरन्तसम्म आफ्नो स्पष्ट पदछाप छोडिरहेका हुन्छन्। यही नै कवि छेत्रीको मनोहारी काव्यसंस्कृति पनि हो।

●

*पदम छेत्री*

# आदिम सडक

●

म
मेरा कैयौँ–कैयौँ योजना
र परिकल्पनाहरू
अनि, यो आदिम सडक।

नियतिको बृहत् दैनिकी
त्यहाँ सङ्कलित
मेरा भावी यात्राविवरणहरू
गन्तव्यतिर लम्किरहेका
मेरा एक जोडी थकित पाइतालाहरू
र इतिहासका असङ्ख्य, अमेट पदचिह्नहरू
अनि, यो आदिम सडक।

उफ्!
निस्पट्ट अन्धकार/अनिश्चितताको
तीखा–तीखा रोडाहरू/विपदाका
विषाक्त वायु/उपेक्षाको
र कालो छाया/आशङ्काको
अनि, यो आदिम सडक।

आह!
न्यानो काख
निधारभरि टीका
अनि, थाप्लाभरि आशिष्/ममताको

कलिला हात
सयपत्रीको माला
अनि, आँखाभरि श्रद्धा/आस्थाको

कुसुमित यौवन
अँगालोभरिको साथ
सुषमाले चुमेको उन्मादित रात
कण-कण पराग/प्रणयको

धमिराले खाएको मूल खाँबो
'म' लाई पालो दिने कलिला काँधहरू
आसिला स्तम्भहरू/आगतका।

दु:खका कण्टकमय घारीहरू
सुखका शीतल छहारीहरू
विस्तृत सागर/अतीतको
अनगन्ती छालहरू/स्मृतिका
र निरन्तर अग्रसर रहस्यतिर
मेरा प्रबल जिजीविषाहरू
अनि, यो आदिम सडक।

उफ्! बीभत्स!!
ओइलिएर झरिसकेका आशाका शिरीष र बाबरीहरू
चिहानमनि गाडिएका अतीतका कथाहरू
ह्वारह्वार्ती सल्किरहेका इतिहासका पानाहरू
कालयज्ञमा होमिएका मांसपेशीका चरु।

र,
अथाह जलधि/अनन्त आकाश
कुइरोले ढाकिएको
अज्ञात लक्ष्य
तथा
गन्तव्यतिर लम्किरहेका
मेरा एक जोडी थकित पैतालाहरू
अनि, नियतिले खनिदिएको
यो आदिम सडक...
●

## मोह

●

वारि नै छौँ हामी यतिखेर/वारि नै
आ–आफ्ना भिmटिमिटी उपलब्धिहरू काखी च्यापेर उभिएका/
सांसारिक उपलब्धिहरू

अनि एउटा महासागर छ हाम्रो अघि/अपार र विस्तृत महासागर
र, पारिपट्टि छ कुइरोले डम्मै छोपिएको एउटा ब्रह्माण्ड/
एउटा अज्ञात वास्तविकता

बलौटे बगरमा छोडेर आ–आफ्ना पदचिह्नहरू
पस्नु छ हामीलाई महासागरभित्र
बिसाइराखेर बगरमै/हामीले अर्जेका जम्मै सांसारिक उपलब्धिहरू

बिसाएर कुम्लो भारमुक्त हुने हर्षभन्दा
कुम्लाको मोहले अँगालिरहेको छ हामीलाई यतिखेर/
एउटा निरर्थक मोहले

र, हामी उदास छौँ यतिखेर/हताश छौँ हामी
एउटा द्विविधा बाँचिरहेका छौँ हामी यतिखेर/
एउटा अन्योल बाँचिरहेका छौँ वारि नै

बूढो समय जम्ल्याहा हात गरेर बिदाको नमस्कार गर्दै छ हामीलाई
यात्राको शुभकामना आशिष् फुसफुसाउँदै
र, आत्तिएका छौँ हामी यतिखेर/महासागरमा पस्न/पसेर बिलाउन

मोह छ हामीलाई आफ्नो अस्तित्वको/बलौटे बगरमा छोडिराखेका
आ–आफ्नै पदचिह्नहरूको...

●

## कविसन्दर्भ



द.

**साहित्यिक नाम** : जीवन नामदुङ

**नाम** : जीवन नामदुङ

**जन्ममिति ⁄ स्थान** : २००८ भदौ, दार्जिलिङ

**फोन** : ०३५४२४६६३४६, ९४७४३८९५३१

**इमेल** : jiwan.namdung@gmail.com

**लेखनप्रारम्भ** : सन् १९६८

**प्रथम प्रकाशन** : ***सुस्केरा***मा

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***जीवन नामदुङका कविताहरू, समय चुपचाप बोल्छ, वैशाख*** (कवितासङ्ग्रह), ***महामानव*** (खण्डकाव्य), ***समकालीन नेपाली समालोचना, हरिभक्त कटुवाल*** (मोनोग्राफ), ***पर्यवेक्षण, अगमसिंह गिरीका कविताको अध्ययन र आधार, नेपाली साहित्यका भौँप्वालहरू*** (समालोचना), ***जयदेव, जयशङ्कर प्रसाद*** (अनुवाद), ***गाब्रियल रानाका कथाहरू, हरिप्रसाद गोर्खा राईका कथाहरू, सुखनमका कथाहरू; जागरण, डुवर्स आवाज, देवा, सुयोग, दियालो***को सम्पादन

**पुरस्कार ⁄ सम्मान** : रत्नश्री स्वर्ण पदक, साहित्य अकादेमी पुरस्कार (भारत)

## दृष्टिसन्दर्भ

**कवितាप्रति** : साहित्यको सबैभन्दा सशक्त, सुगम र लोकप्रिय माध्यम कविताले जीवनको स्वाद, गन्ध र रङ्ग मौलिक रूपमा चिनाउँछ। संसारमा यावत् वस्तुजगत् र दृश्यजगत् नष्ट भइसक्दा पनि कविता एक्लै बाँचिरहनेछ, वस्तुत: कविता सिर्जनाको पनि सिर्जना र प्रारम्भको पनि प्रारम्भबिन्दु हो। जो जीवनदेखि जति टाढो जान्छ उसलाई कविता मन नपर्न सक्छ, तर जो जीवनदेखि जति नजिक छ उसलाई कविता मन पर्छ। यो मानवीय स्वभाव र प्रवृत्ति हो।

**नजरमा आफै** : शैशवको कोमल हत्केला
र बाँच्नुको कठोर हत्केला समाउँदै
बाँचिरहेछु म जिन्दगीको प्रतिकूल।

**सम्पादकको कलम** : अनुवादक, सम्पादक र समालोचकसमेत रहेका स्रष्टा जीवन नामदुङ उत्तरप्रयोगकालीन नेपाली साहित्यका एक प्रतिष्ठित कवि हुन्। उनका कविताहरू स्थानीय साधारण विम्ब र प्रतीकको सौन्दर्यात्मक समीकरणका साथ जीवनमुखी ध्वनिमा खुब खुलेको अनुभूत हुन्छ। उनका कविताहरू मानवीय सूक्ष्म संवेदनशील पक्षको गहन महत्ता र त्यसको भावकीय कलात्मक संस्पर्शताको गरिमा सुरक्षित राख्न सक्षम छन्। यसर्थमा कवि नामदुङको काव्यिक वरणलाई एक अर्थपूर्ण घटना मान्न सकिन्छ।

●

*जीवन नामदुङ*

## आत्महत्या गर्ने फुर्सतै छैन

●

आफ्नै अधिकारको सिङ्गो मृत्यु त
मर्न भियाइएको छैन भने
आत्महत्या गर्ने त फुर्सतै छैन
अफिस धाउँदा–धाउँदा
बिचरा मेरो कोट र प्यान्ट
आज साह्रै थाकेको छु
होस्, विश्राम गरोस् आज त एकदिन
भोलिदेखि दोहोरिन्छ फेरि
निरन्तरताको दोस्रो नाम
जीवनभर मेरै सेवामा बिताएर पनि
अवकाशका अल्छीलाग्दा दिनहरूमा
'ह्याङ्गर' मा क्रुसिफाई सहिदका आँखाले
मलाई अझै गिज्याइरहेका छन्
विश्वयुद्धको जर्सी भए पनि
यसको ऐतिहासिक मूल्य हुने थियो
बुलेटका हस्ताक्षरहरू भए पनि
सङ्ग्रहालयमा यो सजिने थियो
मेरो उमेरका चोटहरू बरु
टाँगिएका छन् यहाँ कोटहरू भएर
कतिपल्ट हातबिनाको बाहुलामात्र
अफिस गएको छ यो कोटसित

कतिपल्ट प्यान्टका मोहरीमात्र
हिँडेका छन् मेरो जुत्ताहरूसित
हातहरू पनि छन् उसका बन्धकी बसिसकेका
खुट्टाहरू पनि छन्, तर साङ्लीमा बाँधिएका
कानहरू छन्, तर आदेश पर्खिरहेका
आँखाहरू छन् सधैँ-सधैँ तर्सिरहेका
आवाजहरू पनि छन्, तर पिँजडाभरिका
साङ्लीमुक्त हिँडून् जुत्ताहरू पनि
बिचरा सडकमा केही क्षण
पिँजडामुक्त आत्महत्या गरून्
मेरै पर्याय यी कोटहरूले
अल्छीलाग्दो अवकाशको केही क्षण।
●

## आरोपपत्र

●
जिन्दगी बाँचेको निहुँमा
मलाई समयले आरोपपत्र दायर गरेको छ
समयको अन्तहीन महासागरबाट
एक अँजुली जिन्दगी उघाएर
बाँच्नुको एक घुट्को तिर्खा
मेट्न खोजेको युगौँ भयो
आफैले आफैलाई खोज्न हिँडेको
एउटा अन्तहीन यात्राजस्तो
कहीँ, कुनै घुम्ती र मोडहरूमा
जिन्दगी नभेट्नुको पीडा बल्भिरहन्छ
जिन्दगी जरायोको सिङ अल्भेर
निष्ठुर सिकारी पर्खिरहन्छ
धेरै दिनदेखिको भोको, हिंस्रक र आक्रामक
सिकारी कुकुरमा रूपान्तरित समय
मलाई खेदिरहन्छ
मलाई आरोपपत्र थमाइरहन्छ।
●

# प्रथम प्रक्षेप प्रेमको

●

मैले तिमीलाई जीवनको परिभाषा सोधेँ
तिमीले बग्दै गरेको खोलालाई देखायौ
मैले तिमीसँग मृत्युको परिभाषा मागेँ
तिमीले त्यही खोलाको बगरलाई देखायौ
मैले तिमीलाई प्रेमको अर्थ सोधेँ
तिमीले लजाउँदै गरेको कोपिलालाई देखायौ
मैले प्रश्न गरिरहेँ
तिमीले जवाफ दिइरह्यौ
सवाल–जवाफमै सन्तुष्ट भयौँ हामी
प्रेमको नाममा कोपिलालाई देखाएर
तिमी स्वयम् नै पत्थर भयौ
जिन्दगीको नाममा खोलालाई देखाएर
तिमी स्वयम् नै गतिहीन भयौ
तर खोलो हिजोजस्तै बगिरह्यो
कोपिलाले लजाउन नै सिकिरह्यो
बगर सदाझैँ उजाड थियो
तर यसबेला भने
न त तिम्रो जवाफ थियो
न मेरो सवाल थियो
प्रकृतिमा जे थियो
त्यो नै यहाँ सत्य थियो।

●

# कविसन्दर्भ



**साहित्यिक नाम** : नोर्जाङ स्याङदेन

**नाम** : नोर्ज्याङ स्याङदेन

**जन्ममिति/स्थान** : २००८ माघ, दार्जिलिङ

**फोन** : ०३५४-२२७०१३२, ९८३२०७०१४८

**इमेल** : norjyang@yahoo.co.in

**लेखनप्रारम्भ** : बाल्यकालदेखि

**प्रथम प्रकाशन** : *फूलहरूसित मेरो अभिव्यञ्जना* (***गुञ्जन***, सन् १९७०)

**राष्ट्रिय स्तरमा** : *एक पाइला आँसु* (***भारतीय नेपाली वाङ्मय***, सन् १९७७)

**कृति** : ***मूर्च्छना*** (सन् १९८४), ***कविताजस्तै कविताहरू*** (सन् १९८९), ***राग-रन्थहरूमा*** (कवितासङ्ग्रह, सन् २०००)

**पुरस्कार/सम्मान** : सिर्जना पुरस्कार (सन् १९८६), निर्माण रजतजयन्ती सम्मान (सन् २००२), गोपाल गाउँले निर्माण पुरस्कार (सन् २००७)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : म कवितालाई साह्रै माया गर्छु। यही मायाको कारणले हो म उसलाई स्वस्थ, सबल, सुन्दर एवम् सन्निकट भएको देख्न चाहन्छु। कोही बेला म कवितादेखि टाढा भाग्छु जब उसलाई होइन, कविता गर्नेले आफूलाई प्रस्तुत गर्ने दुस्साहस गरिरहेको पाउँछु।

**नजरमा आफै** : साहित्यकार आफूलाई म मान्दिनँ। बस, म गम्भीर स्रष्टा हुँ– कविताको, मात्र कविताको।

**सम्पादकको कलम** : कविता स्वयम्ले आकृति मागिसकेपछि कविता लेख्ने कवि नोर्जाङ स्याङदेन हुनु र नहुनुबीचको दूरीमा बँचाइको आफ्नो सहीतम पहिचान खोज्नमा तल्लीन स्रष्टा हुन्। आधुनिक नेपाली कवितावृत्तमा उनका कविताहरू विशेष स्थानमा आसीन छन्। जीवनका सचेत यात्राबाट निःसृत आहत र रहस्यमय अनुष्ठान उनका कविताका विषयगत यथार्थ हुन्। विम्बको सौन्दर्यात्मक रागमा उनका कविताहरू मृदुल झङ्कारसहित निपुणतापूर्वक सम्प्रेषित हुन सक्दछन्। यही काव्यिक निजत्वमा उनले आफ्नो काव्यसत्ता उभ्याएका छन्। यिनै विषय, प्रसङ्ग र सन्दर्भहरू इङ्गित कवि स्याङदेनको काव्याकाश निकै फराकिलो अनुभूत हुन्छ।

●

*नोर्जाङ स्याङदेन*

# अभियुक्त

●

कुनै पनि ठूलो अपराधको दण्ड
मैले सश्रम कारावासको जन्मकैद दिइएको देखेको छु।
कि अधिकभन्दा अधिक मृत्युदण्ड दिइएको देखेको छु।
तर म अब एउटा नयाँ दण्ड
एउटा महादण्ड
एउटा अभूतपूर्व दण्ड, त्यो पनि
मलाई दिइएको म देख्न चाहन्छु।
सश्रम जन्मकैदको कारावास मलाई यथेष्ट छैन।
कुनै प्रकारको मृत्युदण्डसम्म पनि मलाई यथेष्ट छैन।
एकपल्ट मारिएपछि अथवा एकपल्ट मरेपछि
फेरि कहिल्यै पनि म नहुनुपर्ने अवस्थाको दण्ड म चाहन्छु।
मलाई अलिकति पनि बाँकी नराखिएको दण्ड म चाहन्छु।
काट्न, जलाउन सक्दैन रे यो आत्मालाई
कुनै पनि शस्त्रले, कुनै पनि आगोले
बगाउन, सुकाउन सक्दैन रे यो आत्मालाई
कुनै पनि पानीले, कुनै पनि वायुले।
बस, त्यस्तो आत्मामा फेरि मेरो कहिल्यै वास नहोस्।
श्रीकृष्णले अर्जुनलाई दिएको पुनर्जन्मको आश्वासन र आस पनि नहोस्।
मलाई सांसारिक अथवा दैविक कुनै क्लेमेन्सी चाहिँदैन।
त्यहाँ पुनः कुनै नव नहोस्।
त्यहाँ पुनः कुनै भव नहोस्।
बस, एकपल्टको मृत्युदण्डमा मारिएपछि।
अथवा त्यो मृत्युदण्डमा एकपल्ट मरेपछि
फेरि त्यहाँ भइरहनुपर्ने
बाँचिरहनुपर्ने कुनै अवस्था नहोस्।
फुटेपछि मुटु फाइरिङ स्क्वाइडमा
फेरि त्यहाँ भावना नहोस्।
फोरिएपछि टाउको हात्तीको पाइलामुनि
फेरि त्यहाँ बुद्धि नहोस्।
काटिएपछि घिच्रो गिलोटिनमा
फेरि त्यहाँ संसर्ग नहोस्

चुँडिएपछि नसो फाँसीको डोरीमा
फेरि त्यहाँ जीवनको अर्को पासो नहोस्।
हो, म नयाँ दण्ड चाहन्छु।
म महादण्ड चाहन्छु।
म अभूतपूर्व दण्ड चाहन्छु।
मलाई नहुन नदिने यो आत्माको जन्जिर
तोडिएको देख्न चाहन्छु।
म एकदमै नहुन चाहन्छु।
यस्तो दण्ड दिन सक्ने सामर्थ्य तिम्रो दण्ड विधानमा छ के?
तिम्रा देवताहरूसित छ के?
तिम्रा ईश्वरहरूसित छ के?
मृत्युपछि मात्र होइन
यो जिउँदो जीवनकालमै दण्ड चाहन्छु
म सम्पूर्ण स्वतन्त्रता चाहन्छु।
●

## घायल फूल : केही झरेका पत्रहरू

*(अन्तर्राष्ट्रिय विकलाङ्ग वर्षको शुभावसरमा)*

●

"The marvellous richness of human experience would lose something of its rewarding joy if there were no limitations to overcome... no dark valleys to traverse."


**– Helen Keller**

हामी बैसाखीबिना हिँड्दैनौँ।
बैसाखी हामीबिना हिँड्दैन।
यसैले हाम्रो रङ्ग हुँदैन।
हामी हातबिनाको अँगालो बढाउँछौँ।
तर बिनाहातको अँगालो अँगालो हुँदैन।
यसैले हाम्रो जात हुँदैन।
सहानुभूति र समभावनाको टापुमा
हामी एक्ला मान्छेहरू
हामी रुने आँसु एउटै हुन्छ।
जीवन रोयो कि आँखा रोयो तर
छामी हेर्ने सायद कोही हुँदैन।

हामी हिँड्ने बाटो ब्रेलका अक्षरहरूजस्तै रोडे छन्।
सधैँ ओझेल, इन्द्रेनी समाएका यी पहाड र क्षितिजहरू
दृश्यबाट वञ्चित हामीलाई सोध्नू,
सधैँ हिँडेर जानुपर्ने यो क्यानभास र ग्यालेरीका महान् कृतिहरू
कति सुन्दर र सजीव छ भनेर।
स्वरहरूबाट लाञ्छित हामीलाई सोध्नू,
गीत, गुञ्जन र यो संसारको सिम्फोनी नै
हाम्रो मुटुभित्र कतिसम्म पस्छ भनेर।
स्पर्शबाट तिरस्कृत हामीलाई सोध्नू,
कि आफ्नै हातका औँलाहरू कति नरम छन् भनेर।
कि अँगालोको घेराभित्र कति माया अट्छ भनेर।
शब्दहरूबाट अवहेलित हामीलाई सोध्नू,
कि वाक्पटुता प्रतियोगिताका विजयीलाई
मीठा शब्दहरूमा बधाई दिइने रहर कति हुन्छ भनेर।
सोध्नू साँच्चै,
कि बैसाखी समातेर हिँड्दा ठेला उठेको हत्केलाभरि
यो जिन्दगी कतिसम्म दुख्छ भनेर।
हामी पसिनाबिना हिँड्दैनौँ।
पसिना हामीबिना हिँड्दैन।
यसैले हाम्रो र तिम्रो जिन्दगीमाझ कुनै सिमाना छैन।
हाम्रो चरम व्यथामा निस्कने सुस्केरा पनि
खोलाको शीतल हावाजस्तो छ।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : नवराज कार्की

**नाम** : नवराज कार्की

**जन्ममिति/स्थान** : २००९ वैशाख ३०, म्याग्दी

**फोन** : ०१-४३५२८६९

**इमेल** : navraj_karki@hotmail.com

**लेखनप्रारम्भ** : २०२४ सालदेखि

**प्रथम प्रकाशन** : पोखराका स्थानीय पत्रपत्रिकामा

**राष्ट्रिय स्तरमा** : *यस सहरका हालखबर* (***मधुपर्क***, २०३०)

**कृति** : ***सिलसिला*** (२०४०), ***मनभित्रको आँधी*** (२०५३), ***एक दनक*** (कवितासङ्ग्रह, २०५९)

**पुरस्कार/सम्मान** : कविता महोत्सव पदक (२०३७), गाइजात्रा महोत्सव प्रथम पुरस्कार (२०३७, २०३८, २०३९), रत्नश्री स्वर्ण पदक (२०३९), रत्न श्रेष्ठ पुरस्कार (२०४१), व्यथित काव्य पुरस्कार (२०५३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता भाषाको, भावको र विचारको सर्वोत्कृष्ट अभिव्यक्ति हो। कविता मेरा निमित्त आनन्दको अजस्र स्रोत हो, साधनाको सुख हो। कविता मेरो कर्म र पहिचान पनि हो।

**नजरमा आफै** : आफ्नै बारेमा लेख्नुपर्दा सरल, शान्त र इमानदार व्यक्ति हुँ। सत्यको अन्वेषण गर्ने, सत्यको अनुष्ठान गर्ने र सत्यकै मार्गमा चल्ने स्वाभिमानी नेपाली हुँ।

**सम्पादकको कलम** : सत्यको अन्वेषण र अनुष्ठानमा लीन हुँदै सत्यकै मार्गमा चल्ने एक स्वाभिमानी नेपालीको दाबी गर्ने कवि नवराज कार्की आफ्नै जिन्दगीप्रति कृतज्ञता जाहेर गर्छन्। यसरी जीवनप्रतिको प्रतिबद्धतासहित सर्वकालीन र सर्वदेशीय साहित्यमा विश्वास गर्ने कवि कार्कीका कविताहरूमा मानवीय मूल्यको विघटनप्रति खेद प्रकट गर्दै प्रेम र मानवताप्रति विश्वासको लालित्य अभिव्यक्तिको सुन्दर भङ्गिमासहित प्रकटिएको हुन्छ।

●

*नवराज कार्की*

# सुन्दर भविष्यको सपना

●

मलिन अनुहार लिएर चौबाटोमा उभिएको युवकलाई मैले सोधेँ
तिम्रो हातको कापी–कलम कसले खोस्यो?
ऊ केही बोलेन, खालि मलाई घुरेर हेर्‍यो
मैले फेरि सोधेँ–
तिम्रो हातमा यो ढुङ्गा कसले राखिदियो?
ऊ केही बोलेन र अर्कोपट्टि फर्क्यो
उसको गोजीमा ठूलो सलाईको बट्टा थियो
म तर्सें, उसको कम्मरमा खुकुरी र मोजामा चक्कू पनि थियो।

मध्याह्नमा, यो व्यस्त चौबाटोमा
यो उमेरमा, यो मुद्रामा
म तर्सें, उसको भविष्य सम्झेर
म तर्सें, मेरो देशको अवस्था सम्झेर
म तर्सें, मेरो किशोरावस्था पक्का पनि यति भयानक थिएन
मेरा स्कुले दिनहरू यति दर्दनाक थिएनन्
त्यो किशोर मेरो कोही थिएन
तर मेरो सर्वस्व थियो
रगतको साइनो थिएन तैपनि
त्यो मेरो युग थियो
त्यो मेरो भविष्य थियो
वास्तवमा त्यो मेरो देश थियो।

मैले भनेँ– बाबू! फर्क, मतिर हेर
मेरो प्रश्नको जवाफ देऊ
यो ढुङ्गाले जुन घरमा हाने पनि
हामीजस्तै मान्छेको बिचल्ली हुन्छ
जसलाइ चोट लागे पनि
हाम्रै जस्तो रगछ बग्छ
उसले भन्यो– म सुन्दिनँ, केही पनि सुन्दिनँ
केवल म देख्छु मात्रै
हेर्नोस्, कति फोहोर छ चारैतिर

मैले भनेँ– सफा गरौँला
हेर्नोस्, निस्पट्ट अँध्यारो छ जताततै
मैले भनेँ– बत्ती बालौँला
अभाव छ, हटाउँला
दुःख छ, बाँडौँला
फाल, बिन्ती छ, यी कलिला हातहरूमा
कठोर ढुङ्गा सुहाउँदैन
यो कम्मरको खुकुरी पनि फाल
त्यो चक्कू र सलाई पनि फाल।

ऊ एक छाँटले उभिइरह्यो
मलाई घुरेर हेरिरह्यो
र बेस्सरी टाउको हल्लाउँदै भनिरह्यो
नसुनाउनोस् मलाई यस्ता बातहरू
म केही पनि सुन्न चाहन्नँ
सुन्दासुन्दै थाकिसकेको छु
म केही पनि सुन्दिनँ र तपाईंलाई चिन्दा पनि चिन्दिनँ
म फेरि तर्सें, यो कस्तो विडम्बना हो?
मलाई मेरै युगले चिन्दैन
मलाई मेरै भविष्यले चिन्दैन
कठै! मलाई मेरै देशले चिन्दैन
मलाई आफ्नै दुर्भाग्यमा रुन मन लाग्यो
खै! कसरी देखुँला म
सुन्दर भविष्यको सपना!
●

## हुरी

●

हुरी जसले आतङ्ककारी नाम पाएको छ
हुरी जसले विध्वंसकारी बदनाम कमाएको छ
भन्छन् उसले धेरै घरहरू भत्काएको छ
धूलो उडाएको छ, रूख ढलाएको छ
कहिलेकाहीँ आफ्नै मनभित्र हुरी चल्छ

कहिले कतै मस्तिष्कमै हुरी चल्छ
बाहिर हुरी चल्छ, भित्र हुरी चल्छ
झ्याल थुनिन्छ, ढोका थुनिन्छ
तर लाचार 'मनुवा'
मन थुन्न नसकेर अलमलिन्छ

बच्नै सक्दैन कोही
जब समयको हुरी चल्छ
रोक्नै सक्दैन कोही
जब समयको हुरी चल्छ
मै हुँ भन्ने पहाडहरू भत्कन्छन्
मै हुँ भन्ने सागरहरू उल्टन्छन्
छाल उठ्छ, आँधी उठ्छ, ज्वार उठ्छ
कैयौँ सपनाका जहाज डुब्छन्
कैयौँ बिपनाका जहाज डुब्छन्
हुरी सागरमा पनि चल्छ
हुरी मैदान र पहाडमा पनि चल्छ
केवल पर्खनु मात्र पर्छ
त्यो गतिमान् हुरी एक दिन अवश्यै चल्छ
त्यो बलवान् हुरी
कहाँ तिमी हामीझैँ
चुपचाप सहेर बस्छ
ऊ चल्छ, निरन्तर चल्छ
कायाकल्प भएरै चल्छ
नित्यनवीन भएरै चल्छ
चल्नु उसको धर्म हो
कसैले चाहे पनि, नचाहे पनि
ऊ हुरी हो
चल्दै रहन्छ
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : बद्री पलिखे

**नाम** : बद्रीमोहन पलिखे

**जन्ममिति/स्थान** : २००९ जेठ ३०, धरान

**फोन** : ०२५-५२३०५१

**लेखनप्रारम्भ** : २०२५ देखि

**प्रथम प्रकाशन** : *चक्रव्यूह* (***झुत्तो***, २०२६)

**राष्ट्रिय स्तरमा** : *कविता तिमी नआऊ* (***मधुपर्क***, २०४३)

**कृति** : ***कालचक्र*** (२०५०), ***मन्जुरीनामा*** (मुक्तक-सङ्ग्रह, २०५८), ***मौन अनुहारहरू*** (२०५३), ***शान्तिस्तूप*** (कविता-सङ्ग्रह, २०५९), ***सुनसरीका प्रतिभाहरू*** (प्रतिभापरिचय, २०५३), ***मनस्थिति*** (लघुकथासङ्ग्रह, २०६०), ***केही आकृति : केही अनुभूतिहरू*** (२०६१), ***यात्रागोलार्द्ध*** (यात्रानुभूति, २०६२)

**पुरस्कार/सम्मान** : वासु शशी स्मृति पुरस्कार (२०५९), मोहन रेग्मी स्मृति सम्मान र पुरस्कार (२०५६), राष्ट्रिय शिक्षा पुरस्कार (२०३७), धरान महोत्सवमा अभिनन्दन र कदरपत्र (२०५६), नवरङ्ग सम्मान (२०५२), कवि विमल गुरुङ स्मृति सम्मान (२०६१), सङ्गम सम्मान (२०५८), डा. स्वामी प्रपन्नाचार्य पुरस्कार (२०६३), Ambassador for Peace Award

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता 'तमसो मा ज्योतिर्गमय' हो। कविता भावनाको सुन्दर एवम् कलात्मक अभिव्यक्ति हो। कविताले मन छुनुपर्छ। पाठकले कविता पढ्दा आफ्नै भोगाइ तथा मनोभाव अभिव्यक्त भएको जस्तो हुनुपर्छ। सम्प्रेषणीय हुनुपर्छ।

**नजरमा आफै** : म मोफसलमा डोकाले छोपिएको चल्लोझैँ छु जसलाई पोथीले पनि आफ्ना पखेटामा लुकाएको हुन्छ र पनि चारो टिप्न चरिरहन्छ। अर्को अर्थमा भन्दा म पेसा र परिस्थितिको पेपरवेटले थिचिएको छु। म वातावरण र अवसरबाट पनि वञ्चित भएको स्रष्टा हुँ।

**सम्पादकको कलम** : नेपाली कवितासाहित्यमा बद्री पलिखेका कविताहरू नेपाली जनजीवनका सङ्कट र सङ्घर्षका स्वरहरूको पक्षमा वकालत गर्छन्। ऊर्ध्वमुखी जीवनका आकाङ्क्षाहरूमा मानवीय रङ्गसहित राष्ट्रवादी सोच र नेपालीपनको गर्व गर्न लायक शाब्दिक कलाका मनोहारी दस्तावेज हुन् कवि पलिखेका कविताहरू।

●

*बद्री पलिखे*

## चुप

●

पख!
नानु सुतेको छ
हल्ला नगर– चुप!
परीकथा, भूतप्रेत र दन्त्यकथा भन्दै
थपथपाउँदै/गीत गुनगुनाउँदै
लट्ठी र हाउगुजी देखाएर
बल्ल–बल्ल नानुलाई सुताएकी छु,
न्यानो गरी थाङ्नामा सुतेको छ।
कोक्रो हल्लाउँदै/लहरी गाउँदै सुताएकी छु,
सुत्न देऊ
हल्ला नगर– चुप!
ब्युँझियो भने रुन्छ/दुःख दिन्छ
पँधेरो गएकी छैन
छाक टार्न– चामल पैँचो माग्नु छ।
रछ्यानमा छन्– थाल–बट्का
सबै जुठा छन्– भ्याएकी छैन
भोक टार्न– बनिबुतो गर्न गएकी छैन।
धेरै कामधन्दा सिध्याउनु छ,
घर लिप्नु छ/चुलो पोत्नु छ
थुप्रै घरधन्दा थाती छ।
पख!
भर्खरै नानु सुतेको छ,
हल्ला नगर– चुप!

●

## स्वाभिमान

●

जमिनभन्दा अग्लो
ढिस्को हुन्छ।
ढिस्कोले जतिसुकै फुइँ देखाए पनि

पहाडभन्दा अग्लो हुनै सक्दैन।
पहाडभन्दा अग्लो
सगरमाथा हुन्छ।
पहाडले जतिसुकै फुर्ती देखाए पनि
सगरमाथाभन्दा उच्च हुनै सक्दैन।
सगरमाथा अग्लो हुन्छ।
सगरमाथाभन्दा पनि अग्लो
मान्छे हो,
मान्छेभन्दा अग्लो
स्वाभिमान हुन्छ।
स्वाभिमान,
जमिनमाथि उठेको आकाश हो।
क्षितिजमा
जमिन र आकाशको भेट हुन्छ।
●

## मेरी कविता अनशनमा छे

●

१. मेरी कविता
पर्चा बाँड्दा र पोस्टर टाँस्दाटाँस्दै
भागदौडमा पक्राउ परी।

२. मेरी कविता
हातमा प्लेकार्ड बोकेर
जुलुसमा नारा लगाउँदालगाउँदै
पुलिसको लाठीचार्जमा सख्त घाइते भई।

३. मेरी कविता
छाताचोकमा भाषण गर्दागर्दै
गिरफ्तार भई।

४. मेरी कविता
भानुचोकमा कविता पाठ गर्दागर्दै
प्रतिबन्धित भई।

५. मेरी कविता
अब लामो निर्वासन र कठोर कारावासबाट
बल्ल मुक्त भई/रिहा भई।

६. मेरी कविता
आन्दोलन हो/जुलुस हो,
आफैमा एउटा क्रान्ति हो।
७. मेरी कविता
बन्धन, मुक्ति र दासत्वको विरोधमा
विद्रो हो/चीत्कार हो/इनक्लाब हो।
८. मेरी कविता
आडम्बर होइन/स्तुतिगान होइन,
चाकडी, चाप्लुसी र झूटो प्रशंसा होइन
ताली र अन्धो समर्थन पटक्कै होइन।
९. मेरी कविता
भोकको ज्वालामा हुन्छे/ठेलावालको ठेलामा हुन्छे,
खाते बालकको झोलामा हुन्छे/सुकुम्बासीको बस्तीमा हुन्छे
व्यथा, सुस्केरा, पीडा र रोदनमा हुन्छे।
१०. मेरी कविता
भीडमा हुन्छे/कोलाहलमा हुन्छे,
जुलुसमा हिँड्छे/सडकमा सुत्छे/झोपडीमा बस्छे,
मेलामा डुल्छे/हाटबजारमा घुम्छे।
११. मेरी कविता
माग हो/आह्वान हो/अपिल हो
मेरी कविता
बिन्तीपत्र होइन/अभिनन्दन होइन,
………………………………
मेरी कविता
महँगी र मूल्यवृद्धिको विरोधमा आवाज हो/स्वर हो,
दमन र अत्याचारको विरोधमा दरिलो मुठ्ठी हो/हुङ्कार हो।
१२. यस बेला मेरी कविता अनशनमा छे,
आफ्नो माग पूरा नहुन्जेल अनशन जारी राख्दछे।
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : विमल निभा

**नाम** : विमलकृष्ण श्रेष्ठ


**जन्ममिति/स्थान** : २००९ असार, नेपालगन्ज

**फोन** : ०१-४२७८१२८

**लेखनप्रारम्भ** : २०२४ देखि

**प्रथम प्रकाशन** : २०२४ (***स्थानीय पत्रिका***)

**राष्ट्रिय स्तरमा** : *एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ* (***रूपरेखा***, २०२६)



**कृति** : ***आगोनिर उभिएको मानिस*** (कवितासङ्ग्रह, २०४०), ***एउटा बाहुला नभएको बुसर्ट*** (कवितासङ्ग्रह, २०६०), ***चौथो कलम*** (व्यङ्ग्यसङ्ग्रह), ***लहर*** (त्रैमासिक, सम्पादन), ***गरिमा*** (मासिक, सम्पादन), ***कुरा*** (सम्पादन), ***हिमाली आवाज*** (सम्पादन), ***भन्ज्याङ*** (सम्पादन)

**पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार (२०५०), व्यथित काव्य पुरस्कार, कृष्णमणि साहित्य पुरस्कार, साहित्य सन्ध्या पुरस्कार, साझा पुरस्कार

# दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता कुनै अलौकिक अथवा इन्द्रजालीय वस्तु होइन । यो कविको सामाजिक कर्मको कलात्मक दस्तावेज हो । यो मलाई अत्यधिक प्रिय पनि छ जसद्वारा म जीवनको कठोर यथार्थसँग साक्षात्कार गर्छु ।"

**नजरमा आफैँ** : कविता र जीवन दुवै मोर्चामा आन्दोलनरत रही कविताद्वारा यो पृथ्वीलाई सुन्दर बनाउन काव्यात्मक आवरणसहित आफ्नो हिस्साको अभियानमा जुटेको एक स्वाभिमानी व्यक्ति !

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितामा मार्क्सवादी वाम-राजनीतिक चेतनासम्पन्न सशक्त कवि विमल निभा समाजमा अन्तर्निहित विकृति, विसङ्गति, विषमता र अन्यायका विरुद्धमा विद्रोहजन्य मानवीय संवेदनाहरूलाई प्रखर व्यङ्ग्यात्मक काव्यसौन्दर्यमा अभिव्यक्त गर्दछन् । प्रगतिचेतमा विश्वास राख्ने कवि निभा मनुष्यहरूका जुझारु इतिहासको गरिमाबाट अभिभूत विम्ब र प्रतीकहरूको समायोजनबाट आफ्नो विशिष्ट काव्यधर्म निर्वाह गर्छन् ।

●

*विमल निभा*

## जुम्ला

●

उज्यालो कतै छैन
स्वप्न हराएको छ
के तपाईं अन्धकारको खुराक भएको
बस्तीमा जानुभएको छ?

अपराधीझैँ उभिएका छन्
नाङ्गा पहाडहरू
जोसँग खान दिनलाई केही छैन
जे छ त्यो बाँझो भूमिझैँ चारैतिर
फैलिएको छ
मानिसहरूको मुटु
गाई–गोरु र भेडाहरूका करुण करङमा
धड्किरहेछ
र दुई चिसा हातहरू स्पर्श गर्न
निरन्तर अघि बढिरहेछन्
गाउँहरूलाई छोएर बगिरहेछ
नदी
जहाँ साना–ठूला ढुङ्गाहरू
एकआपसमा टकराइरहेका छन्
तर आवाज कतै छैन

के जुम्ला मौन छ?
रोटीको अनुहार फेरिएको छ
भोकको स्वाद तीतो भएको छ
र पेटभित्रको खालीपन
छचल्किएर
बाहिर निस्किएको छ
यसपालि जाडो धेरै छ
पसिना आइरहेछ
र आगोनेर उभिएको मानिसको
शरीर
तामाझैँ चम्किरहेछ

जुम्लामा मौसमको कुनै ठेगान छैन
एकछिनमै जङ्गलको हावा सिटी बजाउन थाल्छ
के तपाईंले फाँसीको तख्ताझैँ हल्लिइरहेको
सल्लाको हाँगालाई हेर्नुभएको छ?
●

## सूर्य र कविता

●
सूर्य एक कविता हो

सूर्य कलात्मक छ
भावपूर्ण छ
लययुक्त छ
सूर्यको पङ्क्ति-पङ्क्ति पढ्न मन लाग्छ
अक्षर-अक्षर लेख्न मन लाग्छ
शब्द-शब्द सुनाउन मन लाग्छ

कविता एक सूर्य हो

कविता चम्किलो हुन्छ
तापपूर्ण हुन्छ
प्रकाशयुक्त हुन्छ
कविताको न्यानो घाम ताप्न मन लाग्छ
तातो बाँड्न मन लाग्छ
चमक छर्न मन लाग्छ

सूर्य एक कलात्मक, भावपूर्ण र लययुक्त कविता हो
कविता एक चम्किलो, तापपूर्ण र प्रकाशयुक्त सूर्य हो

साथी, सूर्य र कवितामा कुनै अन्तर छैन
दुवै अन्धकारका कट्टर दुस्मन हुन्।
●

# तिम्रो नाउँ


●

कोपिलाको सासमा
सुगन्धले तिम्रो नाउँ लेखिएको छ
चराको निद्रामा
सपनाहरूले तिम्रो नाउँ लेखिएको छ
बिहानीको थालनीमा
शीतका थोपाहरूले तिम्रो नाउँ लेखिएको छ
हावाको बोलीमा
गीतका पङ्क्तिहरूले तिम्रो नाउँ लेखिएको छ
पहाडको उचाइमा
हिउँको चमकले तिम्रो नाउँ लेखिएको छ
आकाशको छातीमा
नौलाख ताराहरूले तिम्रो नाउँ लेखिएको छ
नदीको यात्रामा
उत्साहित छालहरूले तिम्रो नाउँ लेखिएको छ
धरतीको बारीमा
सुन्दर-सुन्दर फूलहरूले तिम्रो नाउँ लेखिएको छ
जताततै तिम्रो नाउँ लेखिएको छ
घाँसको शिरमा, काँचो माटोको रङ्गमा,
झर्नाको हलचलमा, मौसमको परिवर्तनमा,
आगोको सङ्केतमा, जङ्गलको अन्तिम छेउमा,
दगुरिरहेका बादलहरूको तीव्र इच्छामा
र बस्तीका परिश्रमी मानिसहरूको घनघोर थकानमा
तिम्रो, मात्र तिम्रो, तिम्रो नाउँ लेखिएको छ
सूर्यको भकुन्डोलाई
आफ्नो सानो-सानो पैतालाले हिर्काएर खेलिरहेको
नेपालको छोरो
तिम्रो नाउँ के हो हँ?

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : हरि अधिकारी

**नाम** : हरि अधिकारी

**जन्ममिति/स्थान** : २००९ असार, काभ्रे

**फोन** : ०१-६५४००५७

**इमेल** : adhikaryh@hotmail.com

**लेखन प्रारम्भ** : २०२४

**प्रथम प्रकाशन** : ***ज्योत्स्ना***
(त्रिचन्द्र कलेजको वार्षिक पत्रिका, २०२४)

**राष्ट्रिय स्तरमा** : ***रूपरेखा***मा (२०२४)

**कृति** : ***रामलालको आकाश*** (कथासङ्ग्रह, २०३९), ***संसद्मा एक दिन*** (कवितासङ्ग्रह, २०५६), ***हरि अधिकारीका कविता*** (२०६३)

**पुरस्कार/सम्मान** : युवा महोत्सव कथा प्रतियोगिता (२०२६), सहिद दिवस कविता प्रतियोगिता (२०२६), प्रथम पुरस्कार (राष्ट्रिय कविता महोत्सव, २०२७), गरिमा सम्मान (२०६१), नव क्षितिज वाणी साहित्य पुरस्कार (२०५६), दानमाया साहित्य सम्मान (२०२७)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवन र जगत्लाई हेर्ने कलापूर्ण अन्तर्दृष्टि हो कविता।

**नजरमा आफैं** : आफ्नो नजरले आफूलाई राम्रोसँग देख्न सकिँदैन।

**सम्पादकको कलम** : कवि हरि अधिकारीका लागि मेरो परिधिमा कुनै विशेषण रहेन। यसर्थमा कि म उनको नजरमा फेदीमै छु र फेदीबाट अघि हिँड्नेहरूलाई आफूभन्दा शिखरमा देख्नु स्वाभाविकजस्तो लाग्छ। यतिखेर म उनलाई पनि आफूभन्दा अगाडि शिखरमै देखिरहेछु। यद्यपि सबैलाई हेक्का रहेकै हुनुपर्छ कि देखिएको शिखरभन्दा प...र अनगिन्ती शिखरहरू छन्/हुन्छन्; जुन शिखरहरू चुम्न हिँड्नेहरू जोकोही अरू पनि अझ बढी सफल हुन सक्छन्।

●

*हरि अधिकारी*

# म र मेरो अन्धकार

●

म छु
मसँग मेरो एकान्त छ
र, छ आफूलाई मात्र थाहा हुने वेदनाको दंशले
उफारिरहेको मेरो उद्विग्न हृदय,

चकमन्न कोठामा
तार चुँडिएको पुरानो सारङ्गी छ
धूलोले छोपिएका पुराना तस्बिरहरू छन्
र, छन् अधुरा सपनाका मायालाग्दा टुक्राहरू,
आजको साँझ छ
सधैँझैँ उदास र निस्तेज
अचानक टक्क अडिएको छ मानौँ रातको स्पन्दन,
म आफूलाई छामिरहेको छु
म आफूलाई टकटक्याइरहेको छु
स्मृतिको लामो र जीर्ण राजमार्गमा
टोलाएर उभिएको छु
भेटिने आसमा लुटिएको मेरो पहिलो प्रेम,
मसँग मेरो आफ्नै अन्धकार छ
र, छन् पुरानो घाउझैँ प्रिय मेरा पराजयहरू
जहाँनेर उज्यालोको लास परेको छ त्यहीँ
नाङ्गो, एक्लो र हताश सिमलको रूखझैँ
ठिङ्ग उभिएको छ मेरो मधुरो प्रतिविम्ब।

●

# मानव–अधिकार

●

मेरा हत्याराहरू मेरै शोकसभामा धाराप्रवाह बोलिरहेछन्
म त्यही आलङ्कारिक भाषणको प्रशंसा गर्न अभिशप्त छु।

जेनेभाको भव्य सभागारमा
मेरो लासलाई बीचमा राखेर
मानिसहरू चिच्याइरहेछन् (यसरी मानवताको हत्या गर्न पाइन्न)
उता किगाली र मोगादिसुका अँध्यारा बस्तीहरूमा
आत्महत्या जारी छ।

मेरी दुःखी स्त्री र आमाहरूको पीडामाथि
जान्नेहरू अग्रलेख लेखिरहेका छन्
उता जाग्रेब र कोसोभोका गल्लीहरूमा
मेरी विधवामाथि बारम्बार बलात्कार भइरहेछ।

राष्ट्रसङ्घको अग्लो भवनको माथिल्लो तलामा जम्मा भएर
विश्वका चिन्तित राजनयिकहरू रगतजस्तै
गाढा रातो रङ्गको मदिराको चुस्की लिँदै
मेरा टुहुराहरूको भविष्यबारे श्वेतपत्र तयार गर्दै छन्
उता रियो र साओपाउलोका सडकहरूमा
मानिसका छाउराहरूलाई पहरेदारहरू नै छप्काइरहेछन्।

म कागजका चाङहरूमा पूर्णतः सुरक्षित भएको छु
यद्यपि काबुलको भग्नावशेषमा थिचिएर
मेरो प्राण निस्किएको एक जुग भइसकेको छ।

●

## परिचयहीन

●


एक धर्सो नरमाइलो हाँसो
च्यापेर ओठको देब्रे कुनामा
आफैसँग कुरा गर्दै/लड्दै-झगड्दै
एकसुरमा हिँडिरहेको त्यो
अधमरो मानिसको नाम के हो?

उसले
नाघ्न नभ्याएका ती भन्ज्याङहरू
हुर्काउन नसकेका रूखहरू
बनाउन नपाएको छाप्रो
र चिन्न नभ्याएको चौताराले
चिनेका छन् कि कतै?

जन्मेदेखि नै उसलाई लखेट्दै आएको
दु:ख र अभावको
विशाल दानवले पो भन्न सक्छ कि
त्यो निमुखाको पहिचान के हो?
उसले
खोस्रेर मलिलो पारेका पाखाहरू
रोएर भिजाएका मझेरीहरू
बाँधेर तह लगाएका खोलाहरू
र कुँदेर ब्युँझाएका पत्थरहरूको
आफन्त त होइन त्यो?
अज्ञात, अनाम र अकिञ्चन मानिस!

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : विक्रम सुब्बा

**नाम** : डिल्लीविक्रम इङ्गवाबा

**जन्ममिति/स्थान** : २००९ पुस २०, फिदिम, पाँचथर


**फोन** : ०१-४७८३५०१

**इमेल** : ingwaba2005@gmail.com

**लेखनप्रारम्भ** : २०२५ तिर

**प्रथम प्रकाशन** : *बिर्से* (स्कुलको मुखपत्रमा, २०२५ तिर)

**राष्ट्रिय स्तरमा** : ***सङ्कल्प***मा (२०३५ तिर)



**कृति** : ***शान्तिको खोजमा*** (खण्डकाव्य), ***कविको आँखा : कविताको भाका*** (कवितासङ्ग्रह), ***सगरमाथा नाङ्गै देखिन्छ*** (कवितासङ्ग्रह), ***सुम्निमा-पारुहाङ*** (मुन्धुम काव्य), ***विक्रम सुब्बाका कविता र गीतहरू***, ***Concise Limbu Grammar and Dictionary (Co-author)***

**पुरस्कार/सम्मान** : पुरस्कार/सम्मान सम्पूर्ण अस्वीकृत गरेको र गर्ने

## दृष्टिसन्दर्भ

**कविताप्रति** : रगत र पिपको संयुक्त जुलुस हो कविता जसले घोडाबाट निरङ्कुश घाउलाई जमिनमा खसाल्ने अभियानमा आफूलाई सामेल गर्दछ।

**नजरमा आफै** : कविता लेख्न थालेँ जसै
सबै यथास्थितिविरुद्ध आजीवन
आफूलाई प्रतिपक्षमा ढालेँ तसै।

**सम्पादकको कलम** : प्रथमतः छातीमै सुन्दर कविताहरू लिएर बाँच्न चाहने कवि विक्रम सुब्बाका कविताहरू आधुनिक नेपाली कविताका विशिष्ट नमुना हुन्। स्रष्टा सुब्बा यथास्थितिविरुद्ध प्रतिपक्षबाट अझ सुन्दर जीवनका लागि व्यङ्ग्यधर्मी कविता रच्ने प्रगतिचेतका कवि हुन्। जन्म र मृत्युबीच प्रेम र घृणामा बाँचिएको सरल जीवनलाई खै क-कसले, के-केले बीचैमा उल्झन पारेर जटिल बनाइदिन्छ। यिनै आत्मगत मौलिक कथ्यसहितका अत्यन्त सुरुचिपूर्ण कोलाजमय सुन्दर बिम्बहरूको समष्टिगत विशिष्ट चित्रकारिताजस्तो आफ्ना प्रिय काव्य-अभिलेखहरूमा कवि सुब्बाले उत्कृष्ट निजत्व र पृथक् उचाइ स्थापित गरेका छन्।

●

*विक्रम सुब्बा*

## तिमी को हौ ? तिमी के हौ ?

●

तिमीलाई पहिलो चोटि देखेपछि
मेरा हराएका घामजून भेटेजस्तो लाग्यो
तर तिमीले भन्यौ
यी त मेरा आँखा हुन्...

मेरो सपना पनि हराएको थियो,
हेर्दै लाँदा त्यो पनि तिमीमा भेटेजस्तो लाग्यो
तर फेरि तिमीले भन्यौ
यो त मेरो शरीर हो...
मेरो आफ्नो फैलावट हो

मेरो सङ्गीत हराएको थियो,
अचानक एक दिन
तिम्रो ढुकढुकीमा भेटेजस्तो लाग्यो
तर तिमीले प्रमाणसहित भन्यौ
यो त मेरो हृदय बोलेको हो

त्यसै गरी
मेरो खुसी पनि हराएको थियो
हेर्दै जाँदा त्यो पनि
तिम्रा ओठहरूमा अल्झिएको पाएँ
तर फेरि तिमीले भन्यौ
त्यो त मेरो मुस्कान हो

अब म के भनौँ
अब म के सोचौँ
तिमी मेरो अमूल्य सम्पत्तिको थुप्रो हौ ?
कि मेरो सानो देशको मेरो सानो झुप्रो हौ ?

भन... भन...
तिमी को हौ?
तिमी के हौ?
●

## मेरो कथा

●
मेरो मायाको रुमालमा कसैले
आफ्नो मतलबको फूल भऱ्यो
सग्लो मेरो मन भाँचेर
आफ्नो धुन बजाउने बाँसुरी बनायो
मेरो सपनाको ऊनी धागो उधारेर
आफ्ना लागि न्यानो स्विटर बुन्यो
मेरो इज्जतको लम्बाइ समेटेर
आफ्नो घमन्डको पगरी बनायो
मेरो कविता लेख्ने कलम समाएर
मेरै मुस्कानलाई थुन्ने जेलको नक्सा बनायो
दुःखमा सँगै बसी खिचेर टाँगेको हाम्रो तस्बिरलाई
भित्ता समाउँदै भुइँबाट उक्लेको चिसो ओसले छुन थाल्यो।

मेरो छातीको ढुकढुकी निकालेर
आफ्नो घडीको समय दिने टिकटिके बनायो
मेरा हार्दिक र इमानदार प्वाँखहरू लिएर
आफ्नो स्वार्थको घोडालाई बाइपङ्खी बनायो
मेरो धैर्यको ह्याकुलो लिएर
आफ्नो कालो टाउको बिसाउने सिरानी बनायो
मेरो विश्वासको आरनमा हालेर
आफ्नो पित्तलको हृदयलाई सुन बनायो
मेरो भक्कानो फुटेर निस्केको गीतलाई
आफ्ने व्यक्तित्व टल्काउने पालिस बनायो
हाम्रो तस्बिरको फलामे फ्रेमलाई
अदृश्य खियाले बिस्तारै-बिस्तारै खान थाल्यो।

मेरो हृदयको ढुङ्गा खियाएर
आफ्ना लागि असला माछा माऱ्यो
मेरा आँखाको नर्सरीबाट उज्यालोको बिरुवा उखेलेर
सम्बन्धको उपत्यकामा अँध्यारोको खेती गऱ्यो
उसलाई आफ्नै मुटु बनाएर राखेको अपराधमा
मलाई काटेर मबाट उसले आफूलाई बाहिर निकाल्यो
जमानाको अनुहारमा अनौठो रगत-आँसु पोतियो।

यो कथा बिस्तारै वातावरणमा फैलिएछ
धमिलो भएको मानवीय मानचित्र सुस्त-सुस्त हल्लिइरह्यो।
●


## मेरो देश

●
एउटा देउराली थियो
पसिनाको पाती चढाउने
एउटा चौतारी थियो
थाकेको मन बिसाउने
एउटा सानो बस्ती थियो
सुखदु:ख बाँड्दै मिलेर बस्ने
अचेल उनीहरू
मरेको न बाँचेको आँखाले हेरिरहेछन्।

एउटा सानो आकाश थियो
आफ्ना जूनताराहरू सजाउने
अलिकति बतास थियो
जीवन भएर छातीमा रहने
एउटा सानो फूल थियो
दु:खका बेला पनि हाँस्न सिकाउने
अचेल उनीहरू
टुहुराको आँखाले हेरिरहेछन्।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : पूर्णविराम

**नाम** : बलराम शर्मा भट्टराई

**जन्ममिति/स्थान** : २०१०, काठमाडौँ

**फोन** : ०१-४४१२४७६

**लेखनप्रारम्भ** : २०२६

**प्रथम प्रकाशन** : दुई टुक्रा, ***नयाँ सन्देश***मा (२०२७)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***इतिहासका किल्लाहरूमा, गोविन्दले ठीक भन्यो, ए! मेरो आदरणीय लेकाली फूल, लड्न जन्मेकाहरूले*** (कवितासङ्ग्रह); ***आफन्त, पानीमाथि पानी, झ्यालसँगको झ्यालिन्चा*** (कथासङ्ग्रह) आदि

**पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार, पारिजात सिर्जनशील पुरस्कार, लोकेन्द्र शाह स्मृति पुरस्कार, अस्वीकृत विचार पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : सर्वहारावर्गको राज्यस्थापनार्थ गेयतासहित कलात्मक रूपमा विम्बको सहारासहित शब्दको प्रस्तुति गरिनुपर्ने।

**नजरमा आफै** : सामान्य प्रगतिवादी कवि।

**सम्पादकको कलम** : मान्छेभित्रकै खलनायकत्वबाट सिर्जित जीवनसम्बद्ध विस्मयसूचक पीडाको युगबोध गर्दै कविताको ध्वनिमा सर्वहाराको पक्षमा परिवर्तनको संवाहक बनेका कवि पूर्णविराम जनपक्षीय सिर्जनामा विश्वास राख्छन्। भौतिक मृत्युभन्दा पर लेखकको लेखकीय मृत्यु पाठकको हातमा रहेको बताउने कवि पूर्णविरामका कविताहरू कवि सरुभक्तका शब्दमा भन्दा जति हदसम्म विषयवस्तुवादी छन् त्यति हदसम्म शैलीवादी भने छैनन्। यद्यपि कवितामा गेयतासहितको कलात्मक विम्बविधान उनको मौलिक दाबी रहेको छ।

●

*पूर्णविराम*

## समय दुख्छ यहाँबाट

●

यो समय चितुवाले चिथोरेको
आभास लिँदै घाउ हेर्दै हिँड्नुपर्ने समय
घाम फर्केको इतिहास
नाङ्गा आँखा लिएर
दु:खी हुँदै पढ्नुपर्ने समय
तिमी आज पनि मेरा आँखामा लुक्यौ
केवल बतास पोखेर
दिन पनि लुक्यो
तिमी पनि लुक्यौ
दुख्छ यो समय यहाँबाट
अलिकति टाढाको ओछ्यान सम्झिँदा
भोक जति टकटक्याए पनि
जानै नमानेको यो समय
दुख्छ यहाँबाट पनि यो समय।

प्वाँखहरूलाई एउटा न्यानो
गुफा दिन नसकेको समय
मानिसका बगलीहरूमा
विश्वास राखिदिन असमर्थ भइरहेको समय
प्रेमपूर्वक चलाउने
अधिकारभित्रको कपालमा
एक थुँगा फूल सिउरिन नसकेको समय
दुख्छ, यो समय दुख्छ
यहाँबाट पनि दुख्छ।

ताजा घाउ पस्किन
मसँगसँगै आउन लागिरहेछ
एउटा समय सधैँको जस्तो
कसैले उपहार दिएको
पुरानो घडीको सुईबाट

कतिओटा सूर्य डुबे
घाम बाँड्न नसकेको
कुरा सम्झिँदा
दुख्छ यो समय पनि।

नीला मानिसहरूले
समयलाई अवलोकन
गरिरहँदा
यहाँबाट पनि यो समय दुख्छ
रगतको पसल थापेर
सुतिरहेको सडक हेर्दा
सडकले दुखाउँछ, समय दुख्छ
मात्र निद्राका लागि
धूलाहरू जम्मा पारेकोमा
त्यो समय पनि दुख्छ
यो समय पनि दुख्छ यहाँबाट
सानो झरीले पनि निभाउने
गरी फुकेको आगो यो समयभित्र दुख्छ
राहदानी लिएर बिदेसिएको
वसन्तलाई सम्झिँदा
वसन्त पनि दुख्छ
समय पनि दुख्छ।

आफ्ना नङहरूले कोतरेर
सहरका सालिकहरूका पोसाकहरू
धुजा-धुजा पार्न सक्दिनँ
समय दुख्छ असमर्थ पिँजराभित्रबाट
आफ्नो मुखको बतास फुकेर
उडाउन सक्दिनँ एउटा बाज र
त्यसको आफलताफल बचेराहरू
सक्दिनँ, समय दुख्छ।


खाली पेट दुख्छ
यहाँबाट पेटसँगसँगै
समय पनि दुख्छ।

समयले दुखाउँदादुखाउँदै
प्वाँखहरू रोएका स्वरहरू
मैले सुनिनँ भने
हतकडी र नेलका इतिहासहरू
मेरा आँखाले सिंहावलोकन गरेनन् भने
मछेउ उभिएको सहिद हुन लागेको
मानिसको प्राथमिक उपचार
मैले गर्न सकिनँ भने
मलाई केही नभन्नू
कसैले केही नभन्नू
मैले भनेकै छु
भनिसकेकै छु, समय दुख्छ
यहाँबाट पनि समय दुख्छ।

बाजका झुन्डहरूले
एउटा मानिसलाई
लखेटिरहेको बेलामा
मैले आफूलाई कन्याउन
बिर्सेको पनि हुन सक्छु
र चुपचाप अत्याचार हेर्ने मात्र
हेरिरहेको आँखा लिइरहेको हुन सक्छु
मैले त्यो थाकेको मानिसलाई
आफ्नो झुत्रो ओढनीभित्र लुकाएर
आफ्नो काखभित्र शरणार्थी शिविर
खडा गर्न सकिनँ भने
मलाई कसैले केही नभन्नू
म पनि अहिलेजस्तो
भन्दिनँ– समय दुख्छ
यहाँबाट पनि समय दुख्छ।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : विष्णुविभु घिमिरे

**नाम** : विष्णुप्रसाद घिमिरे

**जन्ममिति/स्थान** : २०१० भाद्र कृष्णाष्टमी, इलाम

**फोन** : ०१-४१०८५४७

**लेखनप्रारम्भ** : २०२७ सालदेखि

**प्रथम प्रकाशन** : *ज्यामिरगढी* (***सूर्योदय***, २०२९)

**राष्ट्रिय स्तरमा** : ***रूपरेखा***मा (२०३५)

**कृति** : ***कठघरामा उभिएर, काँडाकाँडामा टेकेर*** (कवितासङ्ग्रह), ***जनैको साँचो, सहयात्रा*** (टेली-चलचित्र); ***गरिमा, अहिले, विमोचन***को सम्पादन

**पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार, मोती पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, मानश्री पुरस्कार, जेसिज सम्मान, साहित्यिक पत्रकारिता पुरस्कार आदिका साथै विभिन्न सङ्घसंस्थाबाट सम्मानित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरो मनको साथी हो। उसले जति मलाई चिनेको छ, म उसलाई सायद त्यति चिन्दिनँ, तैपनि ऊ मलाई असाध्यै माया गर्छ। यही अनुभूति व्यक्त गर्न नै सायद म कविता लेख्छु।

**नजरमा आफै** : सधैँ जेब्राक्रसमा उभिएर सोच्ने मान्छे।

**सम्पादकको कलम** : सदा सुन्दर जीवनको पक्षमा सिर्जनारत कवि विष्णुविभु घिमिरे आधुनिक नेपाली कविताको फ्रेमभित्रका एक सशक्त हस्ताक्षर हुन्। उनी कवितामा जातीयता, राष्ट्रियता, प्रकृतिपरकता एवम् सौन्दर्यचेतसहित मानवीय मूल्य र महत्ताका गायकका रूपमा जीवनको सङ्घर्षशील सत्यको समेत कलात्मक प्रकाशन गरेर विसङ्गत भीडबीच सामाजिक न्यायको पक्षमा वकालत गर्छन्। कवितामा सरल र मोहक शैलीगत अनुष्ठान कवि घिमिरेको काव्यिक पहिचान हो।

●

*विष्णुविभु घिमिरे*

# जीवनको बाँसुरी नै अर्कै बज्थ्यो !

●

१. पीरहरू
सुन्दर भए
कति आनन्द हुन्थ्यो
ती सबै
बजारमा बिक्री हुन्थे
त्यति बेला
आँखामा
एउटा उज्यालो चमक हुन्थ्यो
ओठमा
सधैँ वसन्त फक्रन्थ्यो
त्यतिखेर
न मेरो बाध्यताको दासता रुन्थ्यो
त्यति बेला
जीवनको बाँसुरी नै अर्कै बज्थ्यो !

तर पीरहरू सुन्दर हुनासाथ
मसँग
के पीरहरू बस्थे ?
आफ्ना
पीरहरू अरूकै हुन्थे
मसँग
के पीरहरू बाँच्थे ?
ती पीरहरूको पसल खोलेर
सायद अरू नै धनी बन्थे।

२. सपनाहरू
साँचो भए
कति आनन्द हुन्थ्यो
अहिले
जति सुन्दर सपनाहरू छन्।

ती सबै बजारमा बिक्री हुन्थे
त्यति बेला
मलाई न मेरो समयले जोत्थ्यो
मलाई न मेरो बाध्यताले नोकर बनाउँथ्यो
त्यतिखेर
न मेरो हाकिम ईश्वर हुन्थ्यो
न मेरो अफिस मन्दिर बन्थ्यो
त्यति बेला
बिपनामा सबभन्दा आनन्द मनाउनेहरू
मेरा सुन्दर सपनाहरूका अगाडि
कति विनम्र
हातहरू जोड्दै उभिन्थे होला!

तर
सपनाहरू
साँचो हुनासाथ
मुठीबाट चुहिन्थे
मसँग
के सपनाहरू हाँस्थे?
ती सपनाहरू एक-एक किनेर
सायद अरू नै सम्मानित बाँच्थे!


३. कल्पना
यथार्थ भए
कति आनन्द हुन्थ्यो
अहिले
जति कल्पनाका तरङ्गहरू छन्
ती सबै
बजारमा बिक्री हुन्थे
त्यतिखेर
आफ्ना नानीहरूको
म पनि
एउटा आदर्श बाबु बन्थेँ
आफ्नी श्रीमतीको
हरदम आँखाकै नानी बन्थेँ

साँच्ची
म पनि एउटा
बाबु–आमाका आँखामा
होनहार सन्तानमा गनिन्थेँ
त्यसबेला
यथार्थका
भावविहीन बगरे मुटुहरू
यथार्थका
कृत्रिम औपचारिक मनहरू
मेरा कल्पनाहरू खुसी पार्न
कति भजन गाउँथे होला
कति प्रार्थना जप्थे होला !

तर कल्पना
यथार्थ हुनासाथ
मसँग
कल्पना नै के बाँचथ्यो !
मसँग
के कुनै कल्पनाले कावा खान्थ्यो ?
अहिले
जति सुन्दर कल्पनाहरू छन्
ती अरूकै हुन्थे
ती कल्पनाहरूको
दोकान खोलेर
सायद अरू नै मालिक बन्थे।
●

# कविसन्दर्भ





**साहित्यिक नाम** : हिरा आकाश

**नाम** : हिरा पराजुली

**जन्ममिति/स्थान** : २०१० फागुन १०, झापा

**फोन** : ०२३-५२१०७६

**लेखनप्रारम्भ** : २०२७/२८ तिर

**प्रथम प्रकाशन** : *टुक्रा कविताहरू* (***युगज्ञान***, २०२९/३० तिर)

**राष्ट्रिय स्तरमा** : ***गरिमा*** वा ***मधुपर्क***मा (२०४२/४३ तिर)

**कृति** : ***आगोका स्वरहरू*** (कवितासङ्ग्रह, २०५५); ***भानु, दूबो, वरुण***को सम्पादन

**पुरस्कार/सम्मान** : पराग समूह, कटुँजेद्वारा आयोजित राष्ट्रव्यापी प्रतियोगितात्मक कविगोष्ठीमा तृतीय (सन् १९८७), इन्द्रेनी परिवार, भद्रपुरद्वारा आयोजित कविगोष्ठीमा प्रथम (सन् १९८६), स्रष्टा पुरस्कार (सन् १९५५), महानन्द पुरस्कार (सन् १९८८)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता कहिलेकाहीँ कविताको भऱ्याङबाट ओर्लेर तल सडकमा जिन्दाबाद र मुर्दाबादको जुलुस पनि भएको छ। यसैले कविता निरङ्कुशताविरुद्ध समयको आवाज हो।

**नजरमा आफै** : साँझले बालेर गएको तिम्रो सामु एउटा बलिरहेको सूर्य छ; म त्यही निर्वासित सूर्य हुँ र म नदीहरूसित सुसेल्न सिक्दै छु, पहाड र हिमालसित जीवन भोग्न सिक्दै छु।

**सम्पादकको कलम** : स्रष्टा हीरा आकाश मूलतः विद्रोही कवि हुन्। निरङ्कुशताविरुद्ध समयको स्वरमा स्वर थपेर उनी कविताको भऱ्याङबाट ओर्लँदै कहिले जुलुसमा अनूदित भइदिन्छन्; कहिले चिप्लेर गएको समय नियाल्छन्, मूल्याङ्कन गर्छन्। कविताको सीमाभित्रको उनको विचरणमा मरुभूमिको पानीको कथा, बालुवाको पहाडको कथा मुक्त आवाजमा प्रतिध्वनित हुन्छन्; विम्बात्मक प्रकाशमा मञ्चित हुन्छन्। जम्मामा कवि हीरा आकाश कालो समयको कालो छायाविरुद्ध रचनात्मक आमन्त्रण हुन्, काव्यिक अनुष्ठान हुन्।

●

*हिरा आकाश*

## अक्षरहरू

●

कुनै मालिकले
नोकरलाई
कोर्रैकोर्राले हिर्काएको
नीलडाम हो मेरो अक्षर।

साहूको
जाली तमसुकले
लुटिएको
मोहियानी हो मेरो अक्षर।

सबै कुरा पाएर पनि
सार्वभौमसत्ता गुमाएको
सिक्किमी जनता हो
मेरो अक्षर।

मुक्तिका लागि
वर्षौंदेखि देश खोज्दै
लडिरहेको
प्यालेस्टिनी शरणार्थी हो
मेरो अक्षर।

स्वयम्भूको डाँडो र
त्यसभन्दा पनि माथि
सगरमाथाबाट
चिच्याई भनिदिन्छु–
'बाँच र बाँच्न देऊ'
जोडी मलेवा हो
मेरो अक्षर।

●

## मुक्त आवाज

●

जति–जति बर्साऊ
सहर–बस्ती
छाना–छानाभरि बमहरू
जति–जति पड्काऊ
छाती–छातीभरि बन्दुकहरू
या कुल्च दाब्रैदाब्रा हुने गरी
बुटले शरीरभरि
आवाज कहिले मरेको छ र (?)
हामी त्यही अजर
मुक्त आवाज हौँ
जहाँ पनि, जहिले पनि
गुन्जिरहन्छौँ।

●

## यसबेला

●

यसबेला
घडीको सियो एकआपसमा जोल्ठिएर
ठीक बाह्र बजेको छ
र मान्छेका छायाहरू पुड्का भएका छन्।

यसबेला
पर्यावरण नै चकमन्न छ
वातावरण नै सुनसान छ
पानीको प्रवाह पनि माथिसम्म आइपुग्दैन
र डिल ओभानो छ
तातो हावा चलिरहेछ
र सरुवा रोगका जीवाणुहरू
स्वतन्त्र उडिरहेछन्
सँगसँगै सारा वातावरणलाई
'डिहाइड्रेसन' बनाइरहेछन्।

यसबेला समयले बाह्र बजाइरहेछ
र मनपरी गरिरहेछ
उठेकालाई बसाएको छ
बसेकालाई सुताएको छ
बस्न र सुत्न नमान्नेलाई
मुताएको छ
धुपौरेहरूको कहीँ कमी हुन्न
तिनीहरूलाई आफ्नो वरिपरि
फनफनी घुमाएको छ।

घाम डुबेर
अन्धकार छ यसबेला
अँध्यारोमा कालो छाया देखिँदैन
अँध्यारोमा कालो मानिस चिनिँदैन।
प्रियजन!
यो कालो समयको कालो छायाविरुद्ध
आऊ, अर्को एउटा समय खडा गरौँ
र हाम्रो छायालाई
पुड्को हुनबाट जोगाऔँ।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : दिलमान राई 'चोट'

**नाम** : दिलमान राई

**जन्ममिति/स्थान** : २०११ फागुन, जलपाइगुडी

**फोन** : ०९८५०३२१७१०

**इमेल** : dilman_rai@rediffmail.com

**लेखनप्रारम्भ** : सन् १९७७ देखि

**प्रथम प्रकाशन** : ***सलाम***मा (सन् १९८०)

**राष्ट्रिय स्तरमा** : *केटो र निमपत्ती : जिन्दगीको चौरस्तामा* (***मधुपर्क***, २०४३)

**कृति** : ***कसैको प्रतीक्षामा*** (कवितासङ्ग्रह, सन् २००४), ***शीतबिन्दु*** (गीतिकाव्य, सन् २००५)

**पुरस्कार/सम्मान** : स्रष्टा पुरस्कार (सन् २००५)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : धेरैजसो मानिसहरू कविताबिनै पनि बाँच्न सक्छन् र रुन पनि सक्छन्। वास्तवमा उनीहरू कवितामै बाँचिरहेका हुन्छन्, हाँसिरहेका हुन्छन् र रोइरहेका हुन्छन्। यद्यपि कविताको कलात्मक एवम् शाश्वत स्वरूपलाई उनीहरूले चिनेका हुँदैनन्, सायद। अनि जो थोरैजसोले चिनेका हुन्छन् उनीहरू पक्कै पनि कविताबिना बाँच्नै सक्दैनन्।

**नजरमा आफै** : किनाराको आशामा सङ्घर्षरत एक्लो माझी।

**सम्पादकको कलम** : काँडामा फुल्ने, पीडामा हाँस्ने स्रष्टा दिलमान राई 'चोट' आधुनिक नेपाली कविताजगत्मा एक हस्तक्षेपसहितका कविप्रतिभा हुन्। प्रभावी काव्यविम्बमा जीवन, समय र सौन्दर्यचेतको आह्लादकारी संयोजन कवि 'चोट' को काव्यिक गरिमा हो। यही सत्यको दाबी गर्न यहाँ पेसित कविताहरू सक्षम छन् भन्ने लागेको छ। र यो काव्यिक प्रशस्ति मेरो अनुभूतिको शोधमा उनै कवि दिलमान राई 'चोट' को खुबी हो भन्न सकिन्छ।

●

*दिलमान राई 'चोट'*

# केटो र निमपत्ती : जिन्दगीको चौरस्तामा

●

एकपल्ट फेरि हुरी चल्यो
धेरै-धेरै पत्करहरू उडाएर
कतै निर्माण सुरुआतको
कतै बर्बाद विपदाको
जिन्दगीको चौरस्तामा उभिएर
मुसुमुसु हाँस्दै छ
रूख निमपत्तीको।

यो वसन्त पालुवा लाग्ने याम
दुर्भाग्य! यही मौसम खडेरी आइदियो
निकै-निकै माथि उठ्ने सपना
डढेलोले निर्मम खाइदियो।

सेक्नसम्म सेक्यो धरतीलाई सूर्यले
कालो माटो फाट्नसम्म फाट्यो गर्मीले
त्यसैले, उराठिलो बबुलका रूखहरूदेखि तर्सिएर
सबै निमपत्तीको फेदमा भेला हुन्छन्
रमिता हेर्न, चाख लिन, सुस्ताउन।

अनि श्मशानको नीरवता चिर्दै
एउटा कालो, तन्नेरी
तर नाङ्गो केटो
दिनभरि भौँतारिएर
रात बिताउन आइपुग्छ
केटो असाध्य मातेको छ आज भोकले
अघाएर छेवैमा सुतिरहेको भुस्याहा कुकुरसँग
ईर्ष्यामा गनगनाउन लागेको छ– त्यसैले।

एक हूल जुलुस उसलाई कुल्चँदै जाइदिन्छ
सरस्वतीपूजाको चन्दा माग्न निस्केका हुन्
वा भोटको चिट्ठा हत्याउन
केटालाई खुट्याउनै गाह्रो भइदिन्छ।

आँकुरादेखि टाकुरा फुल्दै फूल
गलैँचादेखि फलैँचामा झर्दै फल
कतै सुर्तीभन्दा खरो
कतै मूर्तिभन्दा केही दरो
हर्ष–विषादको लक्ष्मणरेखा नाघ्दै
बितिदिन्छ पचासी साल।

भित्तामा झुन्डिएको 'दिल्ली सेट'
निकै तात्तिन्जेल बज्यो
खबरमा कम्पन थियो– थर्कमान
हानाहान र तानातानमा
चरक्क चर्केर– वर्तमान।

अँध्यारोमा नदेखिने
तन्नेरी, कालो तर नाङ्गो केटो
भोकले र रोगले रुँदै थियो
हो, त्यस दिन जुन दिन
युवा वर्ष घोषित भएथ्यो।

आज निकै रौनक छाएको छ
निमपत्तीको छातीमा
एउटा छयासीको क्यालेन्डर
पसलेले थापेको छ,
बा–आमा भन्दै थिए
नयाँ कपडा पहिरेर
चोखो हृदय लिएर
नयाँ बिहानीको उज्यालोसँगसँगै
गर्नुपर्छ स्वस्थ जीवनको शुभारम्भ।

यो छाती ताक्ने होइन
छाती मिलाउने पर्व हो
यो क्रान्तिको होइन
शान्तिको वर्ष हो
तर–
केटाको भोको पेट बटारिन लाग्दा

एउटा आन्दोलनको जन्म हुँदै जान्छ
उसका मुठ्ठीहरूमा
अद्भुत शक्तिको बारुद भरिँदै
अनि–
एक अँगालो हुरी चल्नासाथ
निमपत्तीका हाँगाहरू मच्चिन थाल्छन्
जिन्दगीको चौरस्तामा उभिएर।
●

## शब्दध्वनि

●
तपतपको शब्दध्वनिमा
दुई थोपा आँसु चुहुन्छ
आँखाबाट शून्यताको।


हल्लैहल्लाको हजारमा
सबैका कानहरू थुनिएका छन्
सिबाय एउटा बहिरो ठिटाको।

कसको प्रश्न सुन्नु/नसुन्नु
वाल्ल परेको छ उत्तर
बुझ्न नसकी कचिङ्गल रुप्पीको।

जूनले घामलाई डाह गर्छ
पैँचो उज्यालोमै चम्कन्छन्
जूनकीरीहरू जुनेलीको।

नाटकीय रङ्गमञ्च झूटो प्रपञ्च
दोस्रो पटक शवपरीक्षण गरिन्छ
महिनौँ गाडेको मुर्दाको।
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : कालुसिंह रनपहेँली

**नाम** : कालुसिंह रनपहेँली

**जन्ममिति/स्थान** : २०११ वैशाख, खर्साङ

**फोन** : ९५३४४१०६४६

**लेखनप्रारम्भ** : सन् १९६७/६८ तिर

**प्रथम प्रकाशन** : *खुड्किलो* (**खुड्किलो**)

**राष्ट्रिय स्तरमा** : *सहर बनिँदै छ* (**भानु**)

**कृति** : ***मूल्यन-अवमूल्यन*** (खण्डकाव्य, सन् १९९४), ***युग्मक*** (युग्मकसङ्ग्रह, सन् १९९८), ***बाँच्नुको क्रम*** (कवितासङ्ग्रह, सन् २००४), ***कथाकुटीर*** (लघुकथासङ्ग्रह, सन् २००४), ***यथार्थबोध*** (कथासङ्ग्रह, सन् २००५), ***फेरि अर्को मेघदूत*** (लघुकाव्य, २००७)

**पुरस्कार/सम्मान** : स्रष्टा पुरस्कार (सन् १९८५), आकाशवाणी वार्षिक पुरस्कार (सन् १९९०), रूपक पर्यावरण परिवार पुरस्कार (सन् १९९४ र २००५), विराट् नेपाली साहित्यिक गोष्ठी प्रतियोगितामा दोस्रो पुरस्कार (सन् १९७३), उत्तरबङ्ग नाटचजगत् पुरस्कार, विभिन्न सङ्घ-संस्थाबाट अभिनन्दित

# दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरा निम्ति जीवनको छवि हो जसलाई कलात्मक फ्रेममा सजाउन सकिन्छ।

**नजरमा आफै** : साहित्यको एक पूजक, लेख्न रुचाउने मन छ ऊसित।

**सम्पादकको कलम** : नेपाली काव्य विधामा जीवनका विरोधाभासपूर्ण निक्खर भोगाइलाई सरल तर गहन रूपले व्यक्त गर्न सकिने दाबीका साथ दुईहरफे कविता 'युग्मक' लेखनको परम्परा बसाउने प्रयोगशील स्रष्टा हुन् कवि कालुसिंह रनपहेँली। यसरी नेपाली कवितावृत्तमा बलियो हस्तक्षेपसहित स्तम्भित कवि रनपहेँली जीवनको अथाह सौन्दर्यमा समर्पित कर्मयोगमा विश्वास राख्ने स्रष्टा हुन्। उच्चतम मौलिक काव्यात्मक शिल्पमा उनको कविताको अन्तर्वस्तु विशेष उज्यालिएको महसुस हुन्छ। यहीँनेर उनको काव्यात्मक निजत्वको हुङ्कार भेटिन्छ।

●

*कालुसिंह रनपहेँली*

## यदि आँसु उँभो बग्दो हो !

●

कति आनन्द हुने थियो
यदि आँसु उँभो बग्दो हो !
आँसु झरेर छातीलाई मात्र नभिजाएर
मस्तिष्कलाई नै भिजाउने थियो।

आँसु उँभोतिर बग्दो हो त सायद
मान्छेको विवेकका कठोर बन्जर भूमिहरू
कोमल, गिला र खुकुला हुन्थे।

आँसु उँभोतिर बग्दो हो त
हिरोसिमामा बम खस्ने थिएन
नागासाकी पड्कने थिएन।
गोड्से र जोन बुथ
फ्याँकेर पिस्तोल
गर्थे अङ्कमाल गान्धी र लिङ्कनसित।
क्लड इथर्ली आकाशबाट फूल बर्साउँथे।
लिभरपुल जहाजहरूमा सोमालियाका केटाकेटीहरू हालेर
घुमाउन जान्थे लिएर।

यदि आँसु उँभोतिर बग्दो हो
मान्छेका देशहरूमा झ्यालखानाहरू बनिने थिएनन्–
झ्यालखानाहरूमाथि फलैँचाहरू बनाएर
बस्थे मानिसहरू हावा खान।

यदि आँसु उँभोतिर बग्दो हो
मान्छे ढुङ्गाका आकाश हुने थिएनन्–
मान्छे फलामका ग्रिल हुने थिएनन्–
मान्छेहरू खोलाहरू हुन्थे
छालहरूसित अङ्कमाल गर्दै हिँड्थे।

आँसु तर उँभो बग्न सकेको छैन !
आँसु तर उँभो बग्न सकेको छैन !!

●

# नार्सिसससित

●

१. समयको हावाले च्यातेको
रूपको गुड्डी
चाउरीका करङहरू देखाएर
लर्किरहेछ अनुहारको रूखमा।
नार्सिसस,*
मेरो हातमा पनि छ
फुटेको एउटा ऐना।

२. फूलका क्यारीहरू
फूल–फूलका ऐनाहरू।
समय ढुङ्गाको घुयँत्रो।
क्षणभङ्गुरता।
आँखा चिम्म गर्छु–
सुन्छु एउटा आवाज 'छर्लम्म!'
नार्सिसस,
मेरो हातमा पनि छ
फुटेको एउटा ऐना।

३. उमेरको बोटमा
बैंसका फूलहरू सुन्दर हल्लिइरहेछन्।
हुरीका पाउहरू देखिँदै छन्
दगुर्दै–दगुर्दै यतै आउँदै गरेका।
नार्सिसस,
मेरो हातमा पनि छ
फुटेको एउटा ऐना।

---


* नार्सिसस– *ग्रिक मिथकका एक पात्र जो पानीमा आफ्नो प्रतिविम्ब हेर्दछन्, अनि आफ्नै सुन्दरतामा मक्ख भई प्राणत्याग गर्दछन्।*


४. आम्मै! कति नुहेको
कम्मरमा त्यो उमेर!
फुटेछ त्यहाँ
वयको एउटा ऐना।
नार्सिसस,
मेरो हातमा पनि छ
फुटेको एउटा ऐना।

५. त...ल-तलबाट
उठ्दै आइरहेका बादलहरूले
हरे! छोप्न लागे गाउँ
ढाक्न लागे घरहरू!
आउँदै छ, बादल आउँदै छ
बर्सिनलाई फुटेर छर्लम्म!
नार्सिसस,
मेरो हातमा पनि छ
फुटेको एउटा ऐना।

६. बग्दै आइरहेको समयको पानी
खोला बोटमा फुलेका
फोका फूलहरू!
उठ्दै आएका
फुट्दै गएका।
सुन्दर फिँज
विसर्जित भइरहेका।
अहो!
फुटेको पानीको स्वरूपमा
जिन्दगीको काँच छर्लम्म!
नार्सिसस,
मेरो हातमा पनि छ
फुटेको एउटा ऐना।
●

# कविसन्दर्भ





**साहित्यिक नाम** : कणाद महर्षि

**नाम** : कणादबहादुर मिश्र

**जन्ममिति/स्थान** : २०११ वैशाख २८, काठमाडौँ

**फोन** : ०१-४४८६६१५

**इमेल** : pramada.mishra@gmail.com

**लेखनप्रारम्भ** : २०२२/२३ तिर

**प्रथम प्रकाशन** : *खै हाम्रो दौरा-सुरुवाल* (***माधुर्य***)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***गुफा*** (२०३१), ***पग्लेका लाभाहरू*** (२०३४), ***भतेर र आँखाहरू*** (२०५०), ***घाउमा हरिभक्त कटुवाल*** (कवितासङ्ग्रह, २०५८); ***लालिमा*** (कवितासङ्ग्रह), ***अणिमा*** (कथासङ्ग्रह) को सम्पादन

**पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार (२०५४), दीर्घसेवा पदक (२०५५)

# दृष्टिसन्दर्भ

**कवितාप्रति** : मेरो काव्यरचना नै काव्यगत धारणाको सत्य, सिङ्गो र सर्वाङ्ग उपस्थिति हो भन्ने सोच राख्दछु। खुसीले उचाल्दा, अन्यायले आक्रमण गर्दा, मनका घाउहरूमा घोचिँदा, घोत्लिँदा, वेदनामा भिज्दा, सामाजिक चेतनाले चेताउँदा... यस्तै विविध रङ्ग-बिरङ्गहरूले लतपताएपछि, स्पर्श दिएपछि त्यही स्पर्शले सकसकाएको करुणा, क्रोध, व्यङ्ग्य, विरोध आदिलाई कविताको माध्यमबाट लयात्मक अभिव्यक्ति दिने प्रयत्न गर्ने गरेको छु।

**नजरमा आफै** : इमानदार र स्पष्टवक्ता हुनुका कारण दुःख पाउने व्यक्ति!

**सम्पादकको कलम** : गुटपछिको फुट र वादपछिको विवादभन्दा टाढा रहेर साहित्य रच्न चाहने कवि कणाद महर्षि आफ्ना कवितामा जीवनका अनेकन् सूक्ष्म संवेदनहरूको सौन्दर्यानुभूति गर्दै लयात्मक अभिव्यञ्जनाका साथ मानवीय मूल्यवत्ताको खोजी र स्थापन गर्न प्रयासरत रहन्छन्। मूलतः विसङ्गत एवम् आस्तित्विक चेत उनका कविताका मूल स्वर हुन्।

●

*कणाद महर्षि*

# पिउरीको डसना पनि बिझाउँछ

●

आकाशभरिका एक फौज ताराहरूको
रिमझिम पनि चाहिन्न
फूलजस्तै सुकुमार मालीले गोडेको
फूलबारीको कुनै फूल पनि चाहिन्न
कहलिएका बगैँचाका विविध फलहरूको
कुनै स्वाद पनि चाहिन्न
कोइलीको कुहू–कुहू पनि
अब पटचारिलो भइसक्यो
झर्ना, हावा र नदीको सुसाइमा पनि
विरक्ति बगिसक्यो
जङ्गलको एकान्तमा खस्ने
पत्करको मसिनो आवाज पनि
कोलाहलबीच पड्केको गोलीझैँ लागिसक्यो
सुनसान र एकलासे जुनेली रातमा
एक्लै हिँड्ने आनन्दी मन मऱ्यो
जात्रा/जात्रा र चाडपर्वको हूलमा
मिसिन मन गर्ने
तन्नेरी इच्छा पनि मऱ्यो
बत्ती कात्ने कोमल पिउरीको
बाक्लो डसना पनि बिझाउँछ
चौरासी व्यञ्जनको भोजन पनि
अब तीतो भो
यत्ति हो कि अब
मानिस सबै सन्चै छन्
भोकै मानिस कतै छैनन्–
जान्न पाएँ
असङ्ख्य आनन्द भयो
अनन्त शान्ति भयो।

●

# यात्राको आरम्भमा

●

पढ्न खोज्यो कि एउटा सराप आइलाग्ने इतिहास
हेर्न खोज्यो कि अनेकौँ परिधिले छेक्ने बस्ती
बुझ्न खोज्यो कि एउटा कुहिरो लाग्ने वर्तमान
 – कति अस्पष्ट!
 – कति अपराधी!
 – कति दुर्गन्धी!

मस्तिष्कले यहाँ अर्कै आकाश हेर्दै छ
हत्केलाले यहाँ अर्कै धरती खोज्दै छ
पैतालाले यहाँ अर्कै गोरेटो टेक्दै छ

ऐँसेलु र काफलको पवित्रतालाई ढोगेर
परालको कुन्यूमा लुकेको अव्यक्त ठेलालाई सोहोरेर
भोको प्राण र सिङ्गो देशलाई साक्षी राखेर–
 अपराधैअपराधमा अग्लिएको इतिहासलाई च्याते हुन्छ
 टेबिलैटेबिलमा छरिएको केन्द्रित गिदीलाई फाँडे हुन्छ
 पिचैपिचमा रमाउने पाइलालाई च्याते हुन्छ
 ..............................................।

गोरेटोको शिलान्यासमा यही गीत रोप्ने हो कि!
यात्राको आरम्भमा यही आयाम खोप्ने हो कि!

●

# नीला फूल र पहेँला पातहरू

●

आकाश मन पर्छ, मलाई सागर मन पर्छ
मन पर्छ मलाई किनभने
मन–मन उड्न, मन–मन डुब्न पाइन्छ

मन डुबेको कति मनलाग्दो हुन्छ, नीलो समुद्रमा
मन उडेको कति मनमोहक हुन्छ, नीलो आकाशमा

मलाई समुद्र मन पर्छ, मलाई आकाश मन पर्छ
किनभने त्यो नीलो हुन्छ, नीलो मलाई मन पर्छ


मन परेको आफ्नो वस्तुलाई, फूल भन्न रुचाउँछु
मलाई नीला फूलहरू मन पर्छ


फूलहरू शिरमा–
मन परेका मनका फूलहरू मनका ईश्वरमा
मनका ईश्वर मलाई मन पर्छ, किनभने
त्यसमा मूर्ति हुँदैन, आकार हुँदैन
त्यसैले त्यो आकाश हुन्छ, आकाश मलाई मन पर्छ–
त्यसैले त्यो नीलो हुन्छ, नीलो मलाई मन पर्छ

मेरो प्रिय रङ्ग नीलो, यो भूमिलाई
मनको ईश्वर, यो भूमिलाई
मनको आकाश, मनको सागर यो भूमिलाई
मेरो मनको फूल यो भूमिलाई
जो नीलो हुन्छ, त्यो मेरो मन हुन्छ

तनले के गर्छ, त्यो लासको पनि हुन्छ
सुकेको पहेँलो पातको पनि हुन्छ
जे गर्छ त्यो मनले गर्छ
मन सधैँ तरुण हुन्छ
मेरो मनको तरुण यो भूमिलाई।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : पुरुषोत्तम सुवेदी

**नाम** : पुरुषोत्तम सुवेदी

**जन्ममिति/स्थान** : २०११ असार २३, तेह्रथुम

**फोन** : ०१-४२७५४२७

**इमेल** : subedipurushottam@gmail.com

**लेखनप्रारम्भ** : २०३० देखि

**प्रथम प्रकाशन** : *काठमाडौँ* (***मधुबिन्दु***, २०३२)

**राष्ट्रिय स्तरमा** : *नुनको हार : मान्छेको मूल्य* (***शिलान्यास***, २०३६)

**कृति** : ***आतङ्कगन्ध*** (२०४८), ***एक्लो विजेता*** (कवितासङ्ग्रह, २०५४)

**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : समर्पण र साधनाको सुरुचिपूर्ण अभिव्यक्ति।

**नजरमा आफै** : सामान्य मान्छे।

**सम्पादकको कलम** : पारदर्शी र तरल भाषाको विरोधमा कठोर र ठोस भाषालाई अँगाली आफ्नो काव्यिक निजत्व स्थापन गर्न चाहने कवि पुरुषोत्तम सुवेदी आधुनिक नेपाली कवितावृत्तका एक परिचित हस्ताक्षर हुन्। प्रगतिचेतमा विश्वास राख्ने कवि सुवेदी कवितामा भविष्यमुखी अविदित यथार्थ छिचोल्न विदित यात्रा तय गर्ने योद्धा हुन्; जो देशलाई गरिबीमा स्थापित दु:खबाट मुक्ति दिलाउन चाहन्छन्; जसलाई समयको झेली हस्तक्षेप स्वीकार छैन। उनी आफ्नो तीक्ष्ण काव्यचेतले अनुभूत सत्यलाई शिल्पचातुर्यसहित कविताको सिर्जनशील उज्यालोमा मोक्ष दिलाउन चाहन्छन्। यहीँनेर हामी उनको काव्यिक उत्कर्ष महसुस गर्न सक्छौँ।

●

*पुरुषोत्तम सुवेदी*

## विद्रोह : धरतीको एक टुक्रा टेकेर

●

एक्लै उभिएको छु क्षितिजमुनि
धरतीको एक टुक्रा टेकेर
क्षितिज, पर डाँडाको उचाइमा
एक्लोपनको बोझ बोकेर
मजस्तै अन्यमनस्क खडा छ
– रक्सीले छोडिसकेको रक्स्याहाजस्तो।

मैले टेकेको धरती हल्लिँदै छ
मभित्रको आक्रोश विस्फोट
ज्वालाका रूपमा निस्कनलाई
एउटा मान्छे– नितान्त एक्लो मान्छे
हल्ला र विद्रोह जीवनको सासफेराइ
रूखो क्रन्दन युगबोधको समेटेर
मान्छेका आँखामा कारखानाको धूवाँझैँ पीरो
– एक्लै चियाउँछ आँखाले जहाँसम्म देखिन्छ।

आफन्तहरूले धोका दिएका यो साँझ
प्रेयसीले पाचुके मागेकी छन्, मानौँ
नमीठो भविष्यको अस्थिर पीडा जन्मन्छ
म आफूलाई नै बिर्सिरहेको छु
एउटा मान्छे हुन्छ कल्पित मुटुभरि–भरि
बिसाउनी पार गर्ने उसका यान्त्रिक खुट्टा छन्

फुटपाथमै खुस्कन्छन् सडक नटेक्दै
मुठी बटारेर बदला लिन आतुर म
मन्द-मन्द हेर्दै आँखाहरूले कठोरता
– रेडियोधर्मिताको वेगमा पगाल्ने त होइन पृथ्वीलाई ?

आकस्मिक निर्णयले जन्माएका लक्ष्यहीन लहरहरू
हिउँचुली, पाखाहरू, मरुभूमि र समुद्रसम्म फैलन्छन्
फैलेका यी स्थूलताहरू एकैपटक आइदिँदा
आत्महत्या हेर्न मन लाग्छ हत्याझैँ
घाँटी रेटेर यस धरतीको
धेरै होइन एक टुक्रा धरती भए पुग्छ
विद्रोहको निसाना बनाउन
तारा मात्रै झुल्के पनि हुन्छ सूर्यको सट्टा
जीवनबोध– गोधूलिको शान्ति
एक्लोपनको अनुभूति– कात्रो भिरेको विवशता।

सूर्यतेज जब टेबुलल्याम्प बन्न आइपुग्छ
क्षितिजमा अँध्यारो– फगत अँध्यारो कालिमा
विद्रोह– समर्पण, विद्रोह– हाराकिरीजस्तो
एउटा आस्था जीवनभरिको
लुकाऊँ कि त्यही डाँडामा पोको पारेर बचाउन त्यो ज्योति ?
गुलाममान्छे एक्लो भएको बेला बजारमा
म त्यही निरीह, विवश र कातर मान्छेपन बोकिहिँड्छु
चिसो बतास, तातो किरण र विश्वास चाहिन्छ मलाई
परपरका असफलताहरूसम्म धावा बोल्नलाई।

मैले हेरेको रातो क्षितिज उघ्रँदै छ बादलविहीन
नवविवाहित युवतीको घुम्टो जसरी अनावृत्त हुन्छ
खुसीले जितेन एक्लोपनलाई– तिलाञ्जली
म बिस्तारै पाखुरा छाम्छु पाइला बढाउँदै अलि-अलि
एक्लै अन्यमनस्क र भावहीन अतीतका साथ
मेरा पदचिह्नहरू धरतीको धेरै टुक्रामा टेकिएका हुनेछन्
क्षितिज हेर्दै जान्छु, क्षितिज हेर्दै जान्छु अविरल
विद्रोह मुटुभित्रभित्रै सल्कँदै छ, विस्फोट जन्मँदै छ चाँडै...।
●

# युद्धको पक्षमा

●

आँखामा जुन उन्माद छ
सपनाको उज्यालो फ्रेममा
त्यो निद्राबाट रूपान्तरित होइन
जीवनबाट निःसृत जीवन नै हो
जसका लागि लड्यौँ हामीहरू
उज्यालो युद्धको निरन्तरता।

कहिले घामपानी देखियो इन्द्रेनीसाथ
कहिले खुल्ला आकाशमुनि
आशाका रङ्गीन किरणहरू देखिए
तर हामी एकनास लड्यौँ
आस्था–युद्धका मोर्चाहरूमा।

कहिलेकाहीँ उठे हामीलाई बिथोल्न
केही मसिना महत्त्वाकाङ्क्षाहरू युद्धविरोधीहरूका
तर हामी हारेनौँ,
बरु थपिए हाम्रा साथ हजारौँहजार हातहरू
जोगाउन जीवनको निरन्तरता
हत्याराहरूको हातबाट।


हाम्रो लक्ष्य हामी नै हौँ
हाम्रो सपना हामी नै हौँ
लक्ष्य र सपनाको विरोधमा जोसुकै आऊन्
तिनको विरोधमा हामी लड्नेछौँ।

यो निरन्तर युद्धमा
यो आस्था–युद्धमा
बलिरहेछन् एक जोर आँखा
जसको रक्षाका लागि
हामी युद्धको पक्ष लिन्छौँ
र, आँखामा हाम्रो सपना आरोपित गरेर
हामी युद्ध गर्छौं, निरन्तर युद्ध।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : राजव

**नाम** : जनार्दन पुडासैनी

**जन्ममिति/स्थान** : २०११ कार्तिक १५, काठमाडौँ

**फोन** : ०१-४६५०१२१

**इमेल** : rajav_pudasaini@yahoo.com

**लेखनप्रारम्भ** : २०२८ साल

**प्रथम प्रकाशन** : *बूढो* (***विदेह***, २०३०)

**राष्ट्रिय स्तरमा** : *बूढो* (***विदेह***, २०३०)

**कृति** : ***समयपीडा, इतरजिल्लावासी, कङ्गन खित्का*** (कथासङ्ग्रह); ***लोचनवंशको साक्ष्य र अन्य नाटक*** (नाटकसङ्ग्रह); ***माननीय बनोट*** (व्यङ्ग्यसङ्ग्रह); ***असमर्थ श्लोक, क्रूरको सौन्दर्यप्रेम*** (कवितासङ्ग्रह), ***एक्काइसौँ शताब्दीका भासहरू र बीसौँ शताब्दीको ह्याङओभर*** (शृङ्खलाबद्ध कवितासङ्ग्रह)

**पुरस्कार/सम्मान** : मैनाली कथा पुरस्कार (२०५२), गोपालप्रसाद रिमाल सम्मान (२०५१), देवकोटा सम्मान (२०५९)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कवितालेखन सतत नयाँ खोजको विधा हो। यसले कुनै पनि पद्धति, रूप, आयतन र दर्शनको सीमा मान्दैन। सम्पूर्ण रूप, सौन्दर्य र वाक्पद्धतिहरू भत्काएर कविता नयाँ अस्तित्वमा उपस्थित हुने कोसिस गर्छ। आफ्नो गति र धारको हिसाबले कविता कुनै बेला शान्त र कुनै बेला भेलको गतिमा बगेको देखिन्छ। तर जुनसुकै गतिमा बगे पनि कविता स्पन्दनहीन हुँदैन। मेरो कवितालेखन यही आत्मबोधबाट प्रभावित छ।

**नजरमा आफै** : म गोरो छु। के म त्यो रङ्ग मात्र हुँ? म पाँच फिट चार इन्चको छु। के म त्यति उचाइको मात्र हुँ? आफूले आफूलाई हेर्दा यस्ता थुप्रै अन्तर्बाह्य प्रश्नहरूसँग जुध्नुपर्छ। सायद तिनै रङ्ग, रूप र उचाइले मलाई सफा मनको, सुन्दर विचारको र अग्लो चिन्तनको मान्छे बनाइदिएका हुन्। मेरो व्यक्तित्वका यिनै आधारहरूले गर्दा म तार्किक संवेदनशील बनेको छु। मेरो संवेदनशीलतामा तार्किक चिन्तन नजोडिएको भए म एउटा भावुक व्यक्ति मात्र हुन्थेँ।

**सम्पादकको कलम** : स्रष्टा राजव कथाकार, नाटककार, निबन्धकार अनि अरूमा समेत विभक्त भए पनि कवि राजवको अस्तित्व सग्लो स्तम्भित छ। उनका कविता विडम्बनाहरूका विरुद्ध सचेत विद्रोह, सङ्घर्ष र तीव्र जिजीविषाका अभिव्यक्ति हुन्। मानिसहरूमाथि लादिने क्रूर नियति नै आफ्नो लेखनको प्रथम सर्त मान्ने कवि राजव आफ्ना कवितामा आडम्बरीमाथि सूक्ष्म व्यङ्ग्य प्रहार गर्छन्। आफ्नो लेखनले जुनसुकै वाद र धार छोओस्, तर उनलाई मान्छेको स्वतन्त्रता प्रिय छ, शिल्पयुक्त तार्किक एवम् बौद्धिक र सुगठित अभिव्यक्तिमा विश्वास छ।

●

*राजव*

# क्रूरको सौन्दर्यप्रेम

●

बाज पनि मुग्ध छ
यो बिहान

आफ्ना नङ्ग्राहरू
हाँगोमा गाडेर
मोहित
महसुस गर्दै छ
आफ्ना पखेटाका काप–कापमा
चिसो सिरेटो

ऊ अहिले आहारका लागि सक्रिय छैन
छ उत्तिसको हाँगामा
स्थिर/आनन्दित

त्यस कारण
चराहरू
अहिले निमग्न उडिरहेछन्

खबर छैन उनीहरूलाई
नजिकैको यो बाजको
जो लालायित सुदूर देशको पर्यटकझैँ
हरिया पहाडपछाडिको अर्ध–उदित सूर्य हेर्दै छ

बिहानको यो कलिलो मोहकता
हट्नेबित्तिकै
फेरि झम्टनेछ ऊ
चराहरू

वास्तवमा
क्रूरको सौन्दर्यप्रेम
स्थायी हुँदैन

●


## घर गएपछि

●

अरूलाई विश्वास छैन
तर ऊ आफैलाई विश्वास छ
ऊ बाँच्छ
अस्पतालको सघन शय्यामा बाँच्छु भन्ने
विश्वास नछोडेर
ऊ अर्धबेहोस छ
र कुरिरहेछ अस्पतालबाट घर हिँड्ने समय
तर डाक्टरहरू भन्छन्
केही दिनपछि
ऊ मृत घोषित हुनेछ
त्यसकारण उसका निकटस्थहरू
ऊ नहुँदाको पीडा खप्ने अभ्यासमा लागिसके
तर ऊ अर्धचेतनमा सोचिरहेछ
अस्पतालबाट घर जानेछु
र जीवनलाई
ठीक मानिस भएर सपार्नेछु
ऊ सोचिरहेछ
बेला–बेला
सम्बन्ध बिग्रिएका सबैसँगको कटुता
मधुर गर्नेछु
र मायाका धेरै दृष्टिहरू
जम्मा गर्नेछु
घरको बूढो कुकुरलाई
आफ्नै हातले स्याहार्छु र
अर्को नयाँ छाउरो पाल्न थाल्नेछु
र मानिसको जीवनसँग जोडिने
पशुहरूको प्रेम बुझ्ने
सविस्तार कोसिस गर्नेछु

ऊ सोचिरहेछ
घरमा पस्नेबित्तिकै
सबभन्दा पहिले
सब किताबहरूको
धूलो झार्छु
र तिनलाई
सफा कपडाले पुछ्दै
र्‍याकमा राख्दै गर्छु
विशेष गरी कथाका, निबन्धका
कविताका, स्मृतिका पुस्तकहरू
चाहनासाथ देखिने, पाइनेतिर राख्छु
र नयाँ किताबहरू
छानी-छानी किनेर थप्छु
र सकभर सब किताबहरूलाई
आफूबाट ओझेल पर्न दिन्नँ
ऊ सोचिरहेछ
यो शय्याबाट घर गएपछि
साँझका/बिहानका
एक-एक प्रकृतिको स्वाद लिन्छु
र सखारका कोपिलाहरू
र सन्ध्याका वयस्क फूलहरू छुन्छु
हिउँ भएका/नदी जमेका
झर्ना बोकेका पहाडहरूको यात्रा गर्छु र
लेकसँग/बेँसीसँग/शिखरसँग भेट्छु
ऊ सोचिरहेछ
घर गएपछि
राम्रा साज र शब्दका
हृदयले बुनेका र गाएका
सबै धुनहरू र गीतहरू सुनिरहन्छु
र बाँच्नुको स्वाद बराबर लिन्छु
●

# कविसन्दर्भ





**साहित्यिक नाम** : भीम दाहाल

**नाम** : भीम दाहाल

**जन्ममिति/स्थान** : २०११ मङ्सिर, सिक्किम

**फोन** : ९७३३०-९२३३७

**लेखनप्रारम्भ** : २०२६

**प्रथम प्रकाशन** : *कञ्चन सत्य सिकाउँछ*
(***कञ्चनजङ्घा,*** सन् १९६९)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***समृद्ध व्यथा, कङ्काल अभिव्यक्ति, रगतको हस्ताक्षर*** (कवितासङ्ग्रह); ***अभीष्टको खोज, द्रोह, विद्रोह*** (उपन्यास); ***मेरो मनको साइनो तिम्रो मनलाई*** (कथासङ्ग्रह); ***विचार, क्रान्ति र परिवर्तन*** (इतिहास-रेखाङ्कन)

**पुरस्कार/सम्मान** : –

# दृष्टिसन्दर्भ

**कविताप्रति** : मैले आफूलाई छलेर लेख्न चाहिनँ। जो चाहेँ त्यो लेखेँ, किनभने चाहना मात्र मेरो सम्पत्ति हो। यो शरीर कहीँ पनि जहिले पनि विगत भइदिन सक्छ। यो सत्य स्वीकार गर्न कसैलाई प्रभु चाहिँदैन। समयले छोडेर जाला तर मेरो आशा छ, समयलाई पछ्याइरहनेछ कविताले।

**नजरमा आफै** : म एउटा युगले बाटामै छोडेको मान्छे, मैले एउटा नयाँ बाटाको निर्मम कसम खाएको छु।

**सम्पादकको कलम** : उपन्यासकार-कथाकार स्रष्टा भीम दाहालको दार्शनिक आकर्षण अस्तित्ववाद रहे पनि कवितावृत्तमा समाजवादी यथार्थबाट बढी प्रभावित कविका रूपमा स्तम्भित छन्। उनका कविताहरू व्यक्तिवादभन्दा माथि सौम्य मानवसमाजको परिकल्पनामा समर्पित छन्। यिनै समाजवादी प्रगतिचेतको अन्तर्वस्तुसहित शब्दको शक्तिशाली सौन्दर्यात्मक समीकरण उनको काव्यिक संस्कृति हो। उनी आत्मकेन्द्री चिन्तनको विपक्षमा सामाजिक न्यायप्रति उत्तरदायी रहेको सत्यका लागि स्वयम् उनका कविताहरू साक्ष्य छन्।

●

*भीम दाहाल*

# ओ युगकी आमा

●

एउटा हराइजाने भीड
मजेत्रोको फेरले फेर बाँधेर
माइबेनी मेला घुमेका यादहरू
जस्केलामा तिम्रा विद्रोही आँखाहरूको बाफझैँ देखिन्छ
ओ युगकी आमा!

धेरै सिकुवाहरूबाट सुख सापट नपाएर
फर्किएको हुनुपर्छ तिम्रो दुःख
आङमा तिम्रो धेरै आँगनहरूको बास्ना आउँछ
केलाएको हुनुपर्छ तिमीले धेरै महाजनहरूको धान–चामल
तिम्रो पटुकाबाट बेलाबखत अझै कनिका झर्छ
ओ युगकी आमा!

धेरै पल्ट गर्भपात भएका
तिम्रा अपूर्ण इच्छाका मलिन रेखाहरू
अलग्गै देखिन्छन् तिम्रा आँखामुन्तिर
थरथराइरहेका कलेटीभरि ओठहरूबाट
तिमी विद्रोहको आवाज उठाउन तयार छौ
ओ युगकी आमा!

बर्सेनिजस्तै जन्मेका लालाबालालाई
चुसाएको हुनुपर्छ धेरै–धेरै सेतो रगत
तिम्रा शरीरका अनगिन्ती अथाह व्यथाबाट
धेरै मिहिनेतीहरू जन्मेको हुनुपर्छ
ओ युगकी आमा!

नियालेर हेर्दछौ टाढा–टाढा
तिम्रो अझै पनि कुनै नयाँ सपना हुनुपर्छ
स्वप्निल, दर्द–प्लावित दृष्टिबाट
एउटा नयाँ युग त पर्खिरहेकी छैनौ?
ओ युगकी आमा!

●

## श्राप पाएको गाइने

●

गीतहरूमा दर्दको निवारण पाए
त्यस गाइनेलाई अभिशप्त भन्ने थिएनन्
स्वरको संयोजनमा समस्याहरूको निदान पाइने भए
त्यस तानसेनले अवहेलनाको सामना गर्ने जरुरत थिएन।
गाइरह्यो युग-युग वीरताका गीतहरू
विवाह, न्वारन, पास्नीका गीतहरू
स्वर र मनको उचाइसम्म पुगेर
उसले गीत गाइरह्यो, अवहेलना पाइरह्यो।
एउटा मात्र काम गर्न बिर्सिरह्यो गाइने–
कि उसले आफ्नो गीत रच्न सकेन
आफ्नो गीतलाई शब्द र स्वर दिन सकेन।
रेट्न सकेन सारङ्गीमा अमिल्दो उसको जीवनलाई
गाइने अरूकै गीत गाइरह्यो, अवहेलना पाइरह्यो।
गाइनेभित्र उसको पुस्ता-पुस्ताको कथा
उनीहरूले सभ्य समाजको असभ्य चारण भइदिएको कथा
बिझाइरहन्थ्यो बेतको काँडाजस्तै।
मुटुभित्र कतै पसेको पुस्तौँअघिको काँडा
निकाल्न सकेको थिएन उसले।
अरूकै गीत र गाथामा
आफ्नो व्यथित स्वर बेचिरह्यो।
जीवनलाई एउटा गह्रौं भारीजस्तो उकालीमा
खेपिरह्यो, सारङ्गीको तार रेटिरह्यो।
उसको वरिपरि झुरुम्मै भइरहे मानिसहरू
भुराभुरीहरू सिँगान तान्दै हँसाउने लहर पर्खिरहे
गाइने टाढा क्षितिजमा गाडेर भास्सिएका आँखाहरू
एकतिर गीत गाइरह्यो।
अर्कातिर विरह रोइरह्यो
आफ्नो विरह उसको, जुन
गाइनेले गाउन सकेन, जन्मजन्मान्तर!

●

## यो बाध्यता हो कि विडम्बना प्रिये ?

●

गाँठो परेको सिरकमा
जब–जब तिमी गर्मीलाई मबाट तान्थ्यौ
म आधा ठिहिरो र आधा सिरेटोमा
तिमीलाई पूरै सिरक छोडिदिन्थेँ
त्यसबेला तिमीले मलाई फलाममा तौलिइनौ
त्यसबेला तौलिइनौ पित्तल र काँसोमा पनि
आज तिमी मलाई सुनचाँदीमा तौलिन चाहन्छ्यौ
यो बाध्यता हो कि विडम्बना प्रिये ?

जुन बेला एक जोडी कर्णफूलका निम्ति
सराफीले मलाई किन्न मानेन
तिमीले मलाई सिक्री–सिक्री, कण्ठ–कण्ठको भाउ लगायौ
जब म बन्धक हुन सक्छु सिरबन्दीका लागि
तिमी मलाई झुम्के बुलाकीमा बेच्न चाहन्छौ
यो बाध्यता हो कि विडम्बना प्रिये ?

●

## कुतियादार

एउटा अमिलो साँझ
धिपधिपे लालटिन राखेर
मैले तिम्रो मुर्दा रुँगेँ।
जीवनभर बोलेनौ
पर्खिरहेछु कहीँ मसान भएर तिमीले
एक पल्ट कुत तिर्दैं नतिर्ने
घोषणा गर्नेछौ।
एउटा उधारो कात्रोभित्रबाट
तिमी बौरी उठ्नेछौ।
ओ कुतियादार
तिमी यति सजिलै नमरिदेऊ !

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : ज्ञानेन्द्र खतिवडा

**नाम** : ज्ञानेन्द्र खतिवडा

**जन्ममिति/स्थान** : २०११ पुस, दार्जिलिङ

**फोन** : ९८३२५३४४८९, २५१३२७१

**लेखनप्रारम्भ** : सत्तरीको दशकदेखि

**प्रथम प्रकाशन** : *देवकोटा* (***सौगात***)

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***खस्नै लागेको उज्यालोमा*** (कवितासङ्ग्रह)



**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : समाजलाई भरिपूर्ण देख्न चाहनेहरूलाई सोध्नु के होइन कविता! मान्छे, मानिसजस्तै भएर बाँच्न चाहनेहरूलाई सोध्नु के होइन कविता! शोषित-पीडितहरूका बन्द आवाजलाई सोध्नु के होइन कविता! सत्यको पक्षधर र असत्यलाई तरबारको धार हो कविता! यसैले सभ्य चाल हो कविता!

**नजरमा आफै** : ऐनामा अनुहार हेर्दा म आफू आफूजस्तै लाग्दिनँ। टेप भएको आफ्नो आवाज सुन्दा म आफैले बोलेको भैँ पटक्कै लाग्दैन। आधा उमेर गइसक्यो र पनि म आफैले आफैलाई कुनै दिन कहीँ-कतै पनि भेट्न सकेको छैन।

**सम्पादकको कलम** : स्रष्टा ज्ञानेन्द्र खतिवडा जीवनको सर्वोपरि सौन्दर्यमा आस्था राख्ने कविप्रतिभा हुन्। उनका कविताहरू नेपालीहरूको सार्वभौम पीडा, मानवताको सङ्कटग्रस्त युगीन पीडा एवम् जीवनका शाश्वत पीडाका सशक्त अभिलेख हुन्। कवितामा पीडाको उद्घोष गर्दै सुन्दर जीवनको आकाङ्क्षा ध्वनित गर्नु उनको काव्यिक निष्कर्ष हो भने नवीन शिल्पसन्धानसहित अन्तर्वस्तुको सौन्दर्यात्मक प्रकटीकरण उनको काव्यिक उत्कर्ष हो। जम्मामा कवि खतिवडा मानवीय सूक्ष्म संवेदनयुक्त तिक्खर भोगाइका शालीन कवि हुन्।

●

*ज्ञानेन्द्र खतिवडा*

## मासिँदै गएको अनुहार टाउकाको

●

झुल्किएको सभ्यताको
औँलो समाएर
अग्लँदै गएको टाउको
फेरि
ओरालो लाग्दै छ– यसबेला

सुरुमै फ्याँकेको पुरानो
अनुहार नपरेको अनुहार
पुनः टाँस्दै छ
उठाउँदै
टाउकाको अघिल्लो भित्ताभरि

झर्दै छ–
सभ्यताको घोडाबाट हाम फाल्दै

हो, चार पाउमै कुद्ने रे
डार्विनका
रामबहादुरहरू
हरिओम्हरू

जर्ज बुसको रामधुनी
जगाएर
छाक टार्न पल्केका पाखुराहरू
सधैँ
पुर्पुरोलाई दोस्याउँदै
झर्दै छन् ओरालो

सभ्यताले
सुलसुती खेल्दै छ– यतिखेर

झर्न पनि
कस्तरी झर्न सकेको
अनुहार टाँसेर टाउको
पाइतालातिर

टाउकालाई
लाजै नलाग्ने भो– यतिखेर

अनुहार अलमलिएर
घरी–घरी
पुच्छर र सिङको हाँचमा
नभेटेको होइन घरी–घरी

साँच्चै
झर्न पनि त
कस्तरी झर्न सकेको
अनुहार टाँसेर टाउको
पाइतालातिर

साँच्चै
खस्न पनि त
कस्तरी खस्न सकेको
अनुहार टाँसेर टाउको
पुच्छरतिर!
●

## बेघरबार भएको छु
●
मैले मेरो शरीरको अग्लाइ काटेर
यस देशका पहाड–पर्वतलाई दिएको छु
यसर्थ
यहाँका पहाड–पर्वत अग्ला–अग्ला छन्
म आफू भने पुड्को छु।

मैले मेरो नाकको सान काटेर
यस देशको इज्जत र मान बढाइदिएको छु
यसैले म नाकचेप्टे छु।

मैले मेरा आँखाको रोसनीले
यस देशको उज्ज्वलता अझ चम्काइदिएको छु
यसैले म आफू चिम्से छु।

मैले मेरो निधारको चौडाइ काटेर
यस देशको मानचित्रलाई अरू विस्तृत बनाइदिएको छु
यसर्थ म आफू अभागी छु।

मैले मेरो सिङ्गो शरीर नै
यस देशको सिमाना–सिमानामा छेकबार बनाइदिएको छु
यसैले म बेघरबार छु।
●

## वाह ! पुतली
●
त्यति तलबाट
घृणा, तिरस्कार र बिगबिगीको झुस
ढाडभरि बोकेर
त्यतिमाथि उठ्न सक्ने/उड्न सक्ने
झुसिलकीरो

यदि मान्छेले त्यति तलबाट
उठ्नुपर्ने हुन्थ्यो भने!

वाह! पुतली!!
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : नरेशचन्द्र खाती

**नाम** : नरेशचन्द्र खाती

**जन्ममिति/स्थान** : २०११ पुस ७, दार्जिलिङ


**फोन** : २५८२०५२, ९८३२०४९०५८

**इमेल** : nckhati@yahoo.com

**लेखनप्रारम्भ** : सन् १९६४/६५ तिर

**प्रथम प्रकाशन** : *उसको सम्झना* (***दियालो***)

**राष्ट्रिय स्तरमा** : *सभा भइरहेछ* (***प्राची***)



**कृति** : ***हस्ताक्षर*** (लघुकाव्य, सन् १९७८), ***परेली–परेलीमा भिजेर*** (सन् १९८४), ***लीला : रेखाहरूका*** (कवितासङ्ग्रह, सन् २००१); ***भवभूति*** (अनुवाद, सन् १९९०); ***अध्ययन : नेपाली समालोचनाका*** (सन् २००७), ***अध्ययन : नेपाली निबन्धका*** (समालोचना, सन् २००७)

**पुरस्कार/सम्मान** : विभिन्न सङ्घ-संस्थाद्वारा सम्मानित

# दृष्टिसन्दर्भ

**कविताप्रति** : मेरो व्यक्तिगत विचारमा जीवन छाडेर साहित्यको अर्को कुनै विषय नै छैन लाग्छ। जीवनले टिपेका विविध अनुभूति, घटनाक्रम, विचार, अभिव्यक्ति नै सधैँ हृदय र मस्तिष्कको सिर्जनात्मक स्रोत बन्न पुगेका छन् कवितामा। मानवजीवनबाटै साहित्य-कला सृजित छ– मानवकै आस्था, बल, बुद्धि, मन र प्रेममा। कवितारचनाधर्म नै पनि मानवसौन्दर्यानुभूति हो। साहित्य यसै लेख्नुपर्दछ, गर्नुपर्दछ भन्ने अडानमाथि मेरो विश्वास अग्रसर हुँदैन। यो सिर्जना हो स्वतन्त्र, उन्मुक्त र निरपेक्ष एक प्रकारले मानवजीवनजस्तै। कवितालेखनको रचनात्मक गरिमा पनि त्यहीँ परिवेष्ठित छ।

**नजरमा आफै** : म आफ्नै नजरमा एक मानव हुँ प्रथम बुद्धि र हृदय भएको। तदनन्तर विविध रूप, वर्ग, जात, जाति, सम्बन्ध र साइनोमा विभाजित चरित्र हुँ। एउटा अनिश्चित दिशाको यात्री। विघटित, खण्डित र टुक्रित व्यक्तित्व। यसैले म मेरै नजरमा अनभिज्ञ एक ठूलो प्रश्न हुँ।

**सम्पादकको कलम** : कतैबाट निर्धारित र निर्दिष्ट नभई काव्यानुभूति आभ्यन्तरमै आलोकित हुँदो रहेछ भन्ने स्रष्टा नरेशचन्द्र खाती जीवनगत अव्यवस्थित प्रक्षेप र आयामको समाधिस्थ अनुरुपनमा हुनुको वस्तुता टिप्दै सिङ्गो निरपेक्षित भविता काव्यमा प्रसारण र प्रणयन गर्न सक्ने खुबीका एक लोभलाग्दो प्रतिभा हुन्। उनका कविताहरू सीमान्त शिल्पगत सौन्दर्य र वैचारिक सौन्दर्यको दोभानबाट बग्दछन्। अत्यन्त ललित, मृदुल एवम् मधुर प्रकृतिविम्बको सौन्दर्यात्मक अनुष्ठानमा उनका कविताहरू अनुप्राणित हुन्छन्।

●

*नरेशचन्द्र खाती*

# परेली–परेलीमा भिजेर

●

असमय जिन्दगी टक्क अडिन्छ
त्यहाँ धराशायी सृष्टि हुन्छ
प्रलयको हातले छुँदै जाँदा असमय
यो धरतीको माटोमा मान्छे कुहिन्छ।

परेली–परेलीमा भिजेर
मान्छेलाई यो धरतीको माटोसित रिस छ
यो माटोसित शत्रुता बढेको छ
मान्छेलाई पृथ्वीको थुप्रै घात छ।

कति गरुङ्गो यो परिधि
कति अनौठो उज्यालोले मुख धोएको यो धरतीमा दिनहरू
एक नयाँ गर्भाधान हुने प्रतीत
अब तिमीले दिनु हुँदैन कसैलाई आत्मसात् गर्न
सृष्टि यहाँ ठसठस्ती गनाउँछ
असमर्थ छ यो टुक्रा जिन्दगी
यो नगरको कुनै छेउतिर
तर घसार्न कोही मान्दैनन् यसलाई
छोडिदिए हुन्छ त्यसलाई
मौलिन दिए हुन्छ कुनै गल्लीका गन्धहरूमा
र पछि च्यात्न सकोस्
आफ्नै अघि नसुहाएको यो वर्तमानको नक्सालाई
खेदे हुन्छ/त्यसलाई भाग्न लगाए हुन्छ आस्था मरेको चिहानबाट
र पछि जिउन सकोस् रबिन्सन क्रुसोले जस्तो
तिमी र मलाई पनि हँसाएर यो साँघुरो आयतनमा
तर यो पाइतालामा टक्क अडिन्छ
जिन्दगी 'प्यारालल' होइन
बाङ्गिन्छ, टुक्रिन्छ, लड्छ, भाँचिन्छ, धस्किन्छ र अडिन्छ
जिन्दगी 'प्यारालल' हुँदैन।

परेली–परेलीमा भिजेर
असमय जिन्दगी टक्क अडिन्छ

त्यहाँ धराशायी सृष्टि हुन्छ
प्रलयको हातले छुँदै जाँदा असमय
यो धरतीको माटोमा मान्छे कुहिन्छ।
●

## आत्मसात्

●
मलाई तिमीभित्र अनुवाद गर
तिम्रो शब्द/तिम्रो भाषा
तिम्रो मस्तिष्क र तिम्रो हृदयमा अनुवाद गर।

भौतिक अभीष्टजति
अतृप्तजति/अप्राकृतिकजति
सबै दुष्कर पातहरूमा छोप्दै
यो असह्य विश्वयातनाबाट मलाई उठ्नु छ।

मेरो सानो आँखीझ्याल ढेप्नुअगावै
तिम्रो त्यो व्यापक, विशाल र विस्तीर्ण
स्नेहको वक्षमा/सौन्दर्यको वक्षमा
केही आराम गरूँ लागेको छ।

यो थकित आकाङ्क्षा
भौतिक शरीर लिएर म तिमीतिरै बढिरहेछु
तिम्रा अँगालाहरू खुल्दै जाऊन्
हृदयले न्याय गरे आँसु पनि मन्जुर छ
मानवको हृदय फूलभन्दा पनि
कमजोर आयु लिएर बाँचेको छ
बरु यो जीर्ण आत्मामा आएर
तिम्रो पैतालाले टेके मन्जुर छ
प्रलय होस्, बरु
तिम्रो र मेरो नयाँ प्रारम्भको
तिम्रो र मेरो आत्मसात्को।
●

# मात्र एकदिन

●

एकदिन
तारा खस्दछ
र घामको चहकमा
जून बाँच्दछ।

एकदिन मन पोख्दछ
र फूलको महकमा
जीवन हाँस्दछ।

एकदिन
शीत पर्दछ
र प्रीतको बहकमा
गीत रच्दछ।


एकदिन
रीत अल्झन्छ
र अतीतको टहकमा
जित हार्दछ।

एकदिन
हात टुट्दछ
र साथको चहकमा
पात झर्दछ।

एकदिन
रात फैलिन्छ
र जीवनको मोहकतामा
कविता मर्दछ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : मीनबहादुर विष्ट
**नाम** : मीनबहादुर विष्ट
**जन्ममिति/स्थान** : २०११ फागुन २४, प्युठान
**लेखनप्रारम्भ** : २०३० तिर
**प्रथम प्रकाशन** : *सहर मेरो सहर* (***वेदना***, २०३२)
**राष्ट्रिय स्तरमा** : *यो नयाँ सडक* (***रूपरेखा***, २०३३)
**कृति** : ***मीनबहादुर विष्टका कविता*** (कवितासङ्ग्रह, २०६०), ***शिक्षाको सिद्धान्त***
**पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण, कृष्णचन्द्र रेग्मी पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरा लागि समसामयिक जीवन, त्यसका जटिलता र विसङ्गतिहरू अध्ययन गर्ने, बुझ्ने र व्यक्त गर्ने एक सशक्त माध्यम हो। मलाई कविता लेख्नका लागि समाजले नै प्रेरणा, ऊर्जा र खुराक प्रदान गर्दछ। म समाजबाट कविता प्राप्त गर्दछु र समाजलाई नै त्यो सुम्पन्छु। तर त्यो प्राप्त गर्ने र प्रदान गर्ने काम त्यति सहज रहेनछ। कविताको थिम प्राप्त गरेपछि कविता नबनुन्जेल मभित्र एउटा हुरी चल्छ। म आन्दोलित हुन्छु, छटपटिन्छु। शब्दहरू खोज्छु, फ्याँक्छु, जोड्छु र अन्ततः जब त्यो 'थिम' कवितामा बदलिन्छ, आनन्दको अनुभव गर्छु।

**नजरमा आफै** : कमसेकम म समुद्र हुनुपर्ने थियो
यात्रामा स्यानो गति नै सही
...मसिना हाँगाहरू हल्लाउन पुग्ने बतास हुनुपर्ने थियो
दुर्भाग्य!
म स्थिर नागार्जुन भएको छु
एउटा चिरनिद्राले मानौँ मलाई मोह गरिरहेछ
वा स्लो प्वाइजन पिलाइएको एउटा रोगी म।

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितावृत्तमा गरिमामयी सौन्दर्यपूर्ण समकालीन काव्यचेतनासम्पन्न चर्चित र लोकप्रिय कवि मीनबहादुर विष्टका कविताहरू सामाजिक भाँडभैलो, विरूपता, विसङ्गति र विषमताहरूप्रति शिष्ट व्यङ्ग्य हुन्। लोकविम्बद्वारा कतै जीवनका अनेकन् सूक्ष्म प्रासङ्गिक पीडाहरू, कतै अप्रसङ्ग खलनायकी दुःख र वेदनाहरूको काव्यिक सौन्दर्यपूर्ण मूर्च्छनामा प्रभावी अभिव्यक्ति दिनु कवि विष्टको काव्यिक निजत्व हो। उनका कविताहरूमा मानवीय मूल्य र अस्तित्वको सङ्कट, राष्ट्रियताको आडम्बरी खेल र सभ्यताको अवरोहजन्य प्रश्नमाथि गम्भीर चिन्तनको प्रकटीकरण गरिएको हुन्छ।

●

*मीनबहादुर विष्ट*

## गाउँको पाठशाला

●

जब म घुम्दै एक दिन गाउँको पाठशालामा पुगेँ
त्यहाँ देखेँ मुस्किलसाथ उभिएका
केही पर्खालहरू
र पर्खालहरूमा भ्mुन्ड्याइएका
कीराले खाएर धेरै ठाउँ प्वाल परेका
देशका, संसारका र वीरहरूका नक्साहरू।

जब म घुम्दै एक दिन गाउँको पाठशालामा पुगेँ
त्यहाँ देखेँ घामले पोलेर छहारी खोज्दै
पाठशालाभित्र पसेर
मौनवाचन गरिरहेका गाई–बाख्रा र गोठालाहरू
र पाठशालाका कोठाभित्र बस्न नसकेर
बाहिर रूखको सियाँलमुनि
चर्न लागेका मास्टर र विद्यार्थीहरू।

जब म घुम्दै एक दिन गाउँको पाठशालामा पुगेँ
त्यहाँ देखेँ
खुट्टा भाँचिएका कुर्सीमा चढेर
निदाइरहेका र निद्रामा बरबराइरहेका मास्टरहरू
र मास्टरहरूको आदेशबमोजिम
लोरी गाइरहेका
साना, दुब्ला र ख्याउटे विद्यार्थीहरू।

जब म फर्किरहेको थिएँ
कसैले सोध्यो–
'कसरी चलिरहेछ गाउँको पाठशाला?'
मैले भनेँ–
'जसरी चलिरहेछ यो देश।'

●

# मौन, मात्र मौन, बिलकुल मौन

●

एउटा राष्ट्र थियो, ग्लोबमा
मानचित्रमा एउटा सहर पनि थियो
एउटा देवल थियो, चोकमा
एउटा गिर्जाघर पनि थियो
एउटा मस्जिद पनि थियो
गीता थियो, बाइबल थियो, कुरान पनि थियो।

विज्ञान थियो, संस्कृति थियो
त्यसमाथि एउटा लास थियो
लास, एउटी मृत आमाको थियो
त्यसमाथि चढेर एउटा जीवित दूधे बालक
मृत आमाका दूधका लाम्टाहरू चुस्दै थियो।


इतिहास थियो, इतिहासको पोस्तक पनि थियो
तर यो स्पष्ट थिएन– ती आमाको मृत्यु किन भएको थियो?
यो पनि स्पष्ट थिएन– कसरी ती आमाको मृत्यु भएको थियो?
त्यो लास हेरेर दाबी यो गर्न सकिन्थ्यो कि
मृत्यु, एउटी आमाको थियो
मृत्यु, एउटा सृष्टिको थियो
मृत्यु, एउटा जीवनको थियो
इतिहासमा उल्लेख गरियोस् वा नगरियोस्
ती आमाको मृत्यु
कुनै अवैध पिताको बलात्कारद्वारा भएको थियो
कालगतिले भएको थिएन मृत्यु
अकालमा मरेकी थिइन् उनी
सृष्टिमाथि धावा बोल्ने हत्याराद्वारा
उनको हत्या गरिएको थियो
खबरमा यो कुरा प्रसारण गरियोस् वा नगरियोस्।

एउटा देश थियो, देशको छातीमा एउटा बस्ती पनि थियो
एउटा घण्टाघर थियो, समय पनि थियो
त्यसभित्र एउटा लास थियो, लास एउटी आमाको थियो
एउटा छाती पनि थियो
छातीभित्र ममता थियो, स्नेह थियो
आस्था थियो, विश्वास थियो
मृत ममता, मृत स्नेह
मृत आस्था, मृत विश्वास
त्यस छातीमाथि चढेर एउटा जीवित दूधे बालक
मृत आमाका दूधका लाम्टाहरू चुस्दै थियो।

अवश्य त्यहाँ सहर थियो, सभ्यता थिएन
मानिसहरू थिए, मानवता थिएन
आलिसान महलहरू थिए, आश्रय थिएन
गोदामघरहरू थिए, आहारा थिएन
अल्लाहको प्रतीक आयातुल्लाह पनि थियो
शान्तिको प्रतीक गौतम पनि थियो
अहिंसाको प्रतीक गान्धी पनि थियो
गीता थियो, बाइबल थियो, कुरानसमेत थियो
संस्कृति थियो, विज्ञान पनि थियो
नागरिकहरूमाथि घरी-घरी अतिक्रमणको साइरन बजाउने
लाज नभएको एउटा गतिछाडा राष्ट्र पनि थियो।

भूगोल थियो, भूगोलभित्र एउटा मुलुक पनि थियो
मुलुकको छातीमा मृत आमाको एउटा लास थियो
त्यसमाथि एउटा टुहुरो बालक थियो
पाठशाला थियो, अदालत थियो, अनाथालय पनि थियो
मौन, मात्र मौन
बिलकुल मौन।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : अशेष मल्ल

**नाम** : अशेष मल्ल

**जन्ममिति/स्थान** : २०११ चैत २१, धनकुटा

**फोन** : ०१-४४१९६८६

**इमेल** : info@sarwanam.org

**लेखनप्रारम्भ** : ७/८ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *झलक* (**मुक्तक**, २०२९)

**राष्ट्रिय स्तरमा** : ***रूपरेखा***मा (२०३१/३२ तिर)



**कृति** : ***अज्ञात प्रदेशहरूमा, निरन्तर-निरन्तर, एक्लो एकान्त*** (कवितासङ्ग्रह); ***कथाकोण, अर्धविराम, पानी जङ्गल र गाउँ*** (कथासङ्ग्रह); ***तुवाँलोले ढाकेको बस्ती, Black Sky, सडकदेखि सडकसम्म, अनादि क्रम*** (नाटक); ***तेस्रो आयाम : सैद्धान्तिक चिन्तन र विवेचना, सडक नाटक : सिद्धान्त, सिर्जना र प्रस्तुति, सडक नाटक*** (सिद्धान्त); ***दयावीरसिंह कंसाकार*** (जीवनी); ***समकालीन नेपाली नाटक***को सम्पादन

**पुरस्कार/सम्मान** : साझा पुरस्कार, युवा वर्ष मोती पुरस्कार, मुस्याचु पुरस्कार, गोपीनाथ अर्याल पुरस्कार, मानश्री पुरस्कार, सिर्जनशील पुरस्कार, सर्वश्रेष्ठ नाटककार र सर्वश्रेष्ठ निर्देशकका रूपमा पुरस्कृत

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता जीवन हो। बाढी आएर मनको बाँध भत्काएपछि कविता बन्दो रहेछ सीमाभन्दा पर, वाद र सिद्धान्तभन्दा पर...।

**नजरमा आफैं** : ईश्वरको सुन्दर सृष्टि यो जीवन
निरन्तर कर्म गरेपछि सायद पुगिन्छ
गन्तव्यमा र बुझिन्छ आफ्नै जीवनका अर्थहरू
र म त्यही यात्रामा निरन्तर हिँड्दै गरेको यात्री।

**सम्पादकको कलम** : साहित्यलाई सिद्धान्त र वादको बन्दी बनाउन नचाहने स्रष्टा अशेष मल्ल नेपाली साहित्यकै एउटा स्वाभिमानयुक्त, बहुमुखी र प्रतिभाशाली गर्बिलो नाम हो। सौन्दर्यचेतको सीमान्त उच्छलनमा कालिक सन्दर्भसहित जीवनको धुन अभिव्यञ्जित गर्न सक्षम उनका कविताहरू प्रकृति र जीवनको मानवीय विशिष्ट चेतनासम्मत सुरुचिपूर्ण कलात्मक समीकरण हुन्। उनका सिर्जनामा प्रयोगवादी आवरण भेटिए पनि झरिलो सरलता उनको काव्यिक आत्मा हो। यसैले त उनी भावकका हृदयमा काव्यगत अस्मिताको भव्यतासहित सर्वोपरि स्थापत्य कायम गर्न सफल छन्।

●

*अशेष मल्ल*

## नाम सोध्दा थाहा छैन भन्छे

●

घाँसको पहाड पिठ्यूँमा छ
घाम अस्ताउन लागेको छ
र उक्लिरहेकी छे उकालो
नाम सोध्दा 'थाहा छैन' भन्छे
परिचय हराएकी
आफैदेखि टाढा
बिनामूल्य जीवन बाँचेकी
को होली ऊ?
पखेटा फडफडाएर
खोरबाट झिसमिसे झर्दा-नझर्दै
कुचो भएर आँगनभरि बिच्छिने
भर्खर बाह्र नाघेकी
दुलाहा खोज्दै बाबु बेँसी झरेको छ
उकालो चढिरहेकी छे ऊ
जङ्गलका काँडाहरूसँग खेल्दै
फुल्न बिर्सेकी
को होली ऊ?
चुलो, जङ्गल, कुवा र गोठको स्कुलमा
कसौँडी, गाग्री, घाँस र दाउराका अक्षरहरू पढ्दै
जीवनको परीक्षामा हाम फालेर
सधैँ अनुत्तीर्ण
आफैँलाई बिर्सेकी
थकित
विश्रामहीन यात्रामा हिँडेकी
नाम सोध्दा थाहा छैन भन्छे
को होली ऊ?

●

# मुक्तिको कल्पना

●

चराका पखेटा काटिदिनोस्
र भन्नोस्
जा, उड् आकाशमा!
र भन्नोस्
तँ स्वतन्त्र छस्
बादलसँग बादल भएर
उड्न आकाशमा
चराका प्वाँखहरू उखेलिदिनोस्
र भन्नोस्
तेरो छातीमा
कहिल्यै हिर्काउनेछैन धनुका बाणहरू
र कहिल्यै सिकार गर्नेछैन
एकान्तमा
चराका पखेटा
काटिदिनोस्
र कल्पना गर्नोस्
मुक्त आकाशमा अकासिँदै उडेका
स्वतन्त्र उडानहरू
चराका प्वाँखहरू उखेलिदिनोस्
र गर्नोस् कल्पना
मुक्तिको।

●

# अनुहार


●

बिहान सबेरै
उठेर ऐना हेरेँ
चर्किएको थियो
थाहा भएन
मेरो अनुहार चर्किएको थियो
कि ऐना
किन चर्किन्छ
यसरी एकाएक
अनुहार कि ऐना
कि बेहोस छु म
नत्र कि बेहोस छ ऐना
किन चर्किन्छ
केवल अनुहार
एकाएक बिहान ?
हुन सक्छ
रातभर पाप रचेपछि
ऐनाझैँ चर्किन्छ अनुहार।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : विमल कोइराला

**नाम** : विमलप्रसाद कोइराला

**जन्ममिति/स्थान** : २०१२ वैशाख ६, भोजपुर

**फोन** : ०१-४४३३४८९

**इमेल** : koiralabimal@hotmail.com

**लेखनप्रारम्भ** : २०२८

**प्रथम प्रकाशन** : *देशप्रेम* (***मातृभूमि*** साप्ताहिक)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***मौन शिविरबाट*** (कवितासङ्ग्रह, २०४३), ***उत्सव मनाउने तयारीमा*** (कवितासङ्ग्रह, २०५५), ***विमल कोइरालाका कविता र वार्ताहरू*** (२०६०), ***विमल कोइरालाका कविता र गीतहरू*** (२०६४)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०४३), लक्ष्मीप्रसाद देवकोटा राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), तन्नेरी अभिनन्दन

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता जीवन र जगत् खोतल्ने अभिव्यक्तिको माध्यम हो।

**नजरमा आफै** : मैले आफूलाई कहिल्यै परीक्षण गर्न सकिनँ।

**सम्पादकको कलम** : यो गाह्रो जिन्दगीबीच सकारात्मक चिन्तन लिएर बाँच्नु निकै गाह्रो हुन्छ भन्ने सोचका कवि विमल कोइरालाका कविताहरू वास्तविक जीवनकै अनुभूतिसम्बद्ध अन्वेषणका क्रममा सिर्जित अभिलेख हुन्। मानवीय महत्तालाई सर्वोपरि मान्दै कवि कोइराला आफ्ना कविताहरूमा आस्तित्विक रङ्ग भर्दछन्। सत्यको पक्षमा स्वरित शब्दहरूको सौन्दर्यात्मक उत्सवमय उच्छलन कवि विमल कोइरालाको काव्यिक पहिचान हो।

●

*विमल कोइराला*

# यो सहरमा

●

यो सहरमा
म अनागरिक भित्रिएँ भन्ने
भ्रान्ति भइरहेछ।
चट्टान खोपेर निर्मित
गोडा मात्र अटाउने कहालीलाग्दा
भीरका बाटा पनि हुँदा रहेनछन्,
छ्वाङछ्वाङ्ती
आम्मै! पनि भन्न नपाइने
खहरे र खोला पनि हुँदा रहेनछन्,
त्यति सिस्नोका झ्याङ पनि देख्न पाइएन
बक्खु लाएर हिँड्नेहरू पनि देखिएनन्,
उँभो–उँभो उठेका महलहरू मात्र
काला चिल्ला सडकहरू मात्र
त्यहाँ कोही हामीजस्तो पनि देखिएन
रहेछन् एक जमात
जो फूल ओछ्याएर सुतिरहेछन्
अनि, अर्का
पेटीमा, सडकमा जताततै 'भोक लाग्यो' कराइरहेछन्
जो फूल ओछ्याएर सुतिरहेछन्
तिनलाई मैले यसअघि देखेको थिइनँ
जो 'भोक लाग्यो' कराइरहेछन्
सानैमा हराएका
ती त मेरै साक्खे भाइहरू पो रहेछन्
उनलाई पनि देखेको थिइनँ।
कोही कसैलाई नदेखेको
कोही कसैलाई नचिनेको
बथानको बस्तुभाउ बगरेले किनेजस्तो
यस्तो लाग्दै छ
म अनागरिक
यो सहरमा अनधिकृत प्रवेश गरिरहेछु।

●

# बाँकी समय : म तिम्रो साथ हुनेछु

●

सुविधाका मीठा प्रहरहरूमा
तिमी आफै बाँच
आफ्नै खुसीहरू आफ्नै निम्ति बाँच,
बाँकी समय
जुन कष्टकर छ, पीडादायी छ
जहाँ प्रत्येक पलले घोच्ने गर्छ
निद्राका डोबहरूलाई
जहाँ चिसा पाइतालाले टेक्ने गर्छ–
पुसको ठिहीमा आरामको तकियालाई
मलाई सम्झ– म तिम्रो साथ हुनेछु।
बिताऊ आहालिँदै खुसीको हिले दहमा
तिम्रा मीठा समयहरू
सेकेन्ड–सेकेन्ड, मिनेट–मिनेट निर्विघ्न/निरन्तर
सम्झेर यो कि यो संसार फूलको संसार हो
र फूलका खुट्टाहरू नरम रूपले परिचालित छन्
यौवनको यो सुन्दर धरतीमा,
ब्युँझेर जब देख्छौ कठिन जिन्दगीका अति कठिन
दुर्गम र अगम्य किनाराहरू
तिमीलाई अनुभव हुनेछ– तिमीलाई कसैको साथ चाहिएको छ
हो, ठीक त्यही बखत मलाई सम्झ
म तिम्रो साथ हुनेछु।

लहलहाउँदा विचारका अङ्कुरहरू नासेर
फस्टाउँदा आदर्शका मुनाहरू मारेर
जिन्दगीलाई आयुमा र आयुलाई वर्ष/महिनामा,
दिनमा र घण्टामा परिणत गरेर
जब जिन्दगी अनन्त मिनेटमा अनुवाद हुन थाल्छ
अनुभव हुँदो हो– यो धुकधुकी अहिल्यै निस्तेज भए...
विलासी जिन्दगीका कामनाहरू
यसै गरी सुरु हुन्छन्, बित्न थाल्छन् र मर्छन्
तर कुनै बखत घोचेछ यदि समयले भने
वा दुख्न थालेछ आरामको जिन्दगी भने

वा चिमोटेछ मीठो प्रहरले मर्मान्त हुने गरी कहिल्यै भने
स्वीकार गरेर जिन्दगीका भूलहरू मलाई सम्झ
युद्धका किल्लाहरूमा हुँ
वा नैतिक लडाइँमा समर्पित भइरहेको बेलामा हुँ,
म तिम्रो साथ हुनेछु
म बिलकुल तिम्रो साथै हुनेछु।
●


## सूर्य

●
बिहानीपखको कलिलो सूर्य
मलाई औधी मन पर्छ,
जेठ-असारमै पनि भतभती पोल्ने
ताता-उज्याला-राता एकसाथ थुप्रै सम्झना आउँछन्
सूर्यलाई देख्दा।

कहालीलाग्दो लामो रातको
डरलाग्दो छटपटीलाई चिरेर
झ्यालबाट लुक्दै जब सूर्य पस्छ मेरो कोठामा
म रोमाञ्चित हुन्छु
मानौँ मलाई नाउँ थाहा नपाएको कुनै मित्रले
पछिल्तिरबाट आँखा छोपिरहेछ,
म सम्झेजति नाउँ भन्दै जान्छु र हाँसेको आवाज मात्र आउँछ
सूर्य पनि लुकामारी खेल्छ मेरा आँखासँग त्यसै गरी
निद्रामा हुन्छु र पटक-पटक आयो कि भन्दै
आँखा उघारी हेर्छु,
जब सूर्य देख्छु
मेरो अनुहार
प्रसववेदनाबाट तत्काल मुक्त मेरी पत्नीले पहिले
मलाई देख्दाझैँ हुन्छ
हलुङ्गो, ज्यादै हलुङ्गो।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : कृष्ण प्रधान

**नाम** : कृष्ण प्रधान

**जन्ममिति/स्थान** : २०१२ जेठ ४, पाँचथर

**फोन** : ०१-४७७००३३

**इमेल** : pradhankrishna@rediffmail.com

**लेखनप्रारम्भ** : २०२५ सालदेखि

**प्रथम प्रकाशन** : *एक टुक्रा* (***युगज्ञान***, २०२९)

**राष्ट्रिय स्तरमा** : *नयाँ वर्ष* (***रूपरेखा***, २०३४)

**कृति** : ***मौन पहाड, सूर्यस्नान, म भग्नावशेष बूढो : भीमसेन थापाको दरबार*** (कवितासङ्ग्रह), ***आत्मवाद*** (चिन्तनकाव्य), ***पानीका जलक्रीडा*** (शृङ्खलाबद्ध कविता); ***समकालीन समालोचना*** (समालोचना); ***हनोईदेखि हो-चि-मिन्ह सिटीसम्म, साढेसातदेखि अढैयाको शनिसम्म*** (नियात्रा), ***नेपालमा वाणिज्य ब्याङ्किङ*** (आर्थिक), ***Development Finance and Nepal Rastra Bank***, ***नेपालमा ग्रामीण ब्याङ्किङ वित्तीय प्रणाली*** (सहलेखन)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), राष्ट्रिय कविता महोत्सवमा प्रथम, स्रष्टा सम्मान (सिक्किम)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवनप्रतिको अत्युत्तम अनुभूति। अनुभूतिको सशक्त माध्यम। साहित्यको सुन्दरतम र प्रभावी माध्यम हो कविता।

**नजरमा आफै** : मेरो सिर्जना देशका लागि काममा आओस्, बस!

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितासाहित्यमा परम्पराको निहित काव्यप्रवृत्तिबाट स्वतन्त्र एक सफल कविको नाउँ हो कृष्ण प्रधान। उनका कविताहरू पाठकीय चेतनालाई शब्दार्थसौन्दर्यको अन्तिम उत्कर्ष सीमासम्म पुऱ्याउन सक्षम छन्। कवितामा कथनपद्धतिको केन्द्रीय अन्वितिसूत्रले जब पाठकलाई बाँध्दै लान्छ, झङ्कृत पाठकीय चेतनाको उत्कर्षबिन्दु नजिकिँदै जान्छ। अन्ततः कलात्मक समीकरणमा पुऱ्याएर कविको काव्यिक अहम्ले विजय प्राप्त गर्दछ। त्यसपछिको मौनता र आनन्द नै भावकीय प्राप्ति हो भने यो स्थिति नै कविको अपार सफलता हो।

●

*कृष्ण प्रधान*

# विचार

●

उज्यालो हुँ
रातले ननाप्नू
मेरा दिनहरू
आकाश हुँ
नखोज्नू फैलावट
भूगोलमा
चेतना हुँ
नछाम्नू मलाई
खाँगीमा।

हिँडाइ हुँ
नरोक्नू पैताला
थकानमा
गतिमा गति हुँ
हिलो नछ्याप्नू
उठानमा
सृष्टि हुँ
कैद नगर्नू
मेरो रचना।

आकाशको सीमा छैन
क्षितिजले
ननाप्नू दृष्टि
विचार हुँ
कैद नगर्नू
पर्खालले
म आँधीमा
आँधी हुँ
गतिमा गति।

●

## जीवनको गति

●

ऐनामा हेर्दै छु
जीवन
व्यर्थै किन रोप्छौ
काँचका टुक्राहरू
मुटुमा

फूलमा हेर्दै छु
अनुहार
व्यर्थै किन उखेल्छौ
बोट
जमिनबाट

पानीमा खोज्दै छु
गति
व्यर्थै ढाकेर लहरहरूले
किन खोस्छौ
सपना

जीवन त्यति सस्तो छैन
व्यर्थै किन टाढिन्छौ
आफैबाट

म
जीवनको गति खोज्दै छु
व्यर्थै नरोप बाटामा
काँडाहरू।

●

# प्रवेशनिषिद्ध गोलार्धमा

●

जाँदै थियौँ,
जाँदाजाँदै नदीले छेक्यो।
कुनै पुल थिएन,
बाढी आएको थियो
पर्खियौँ
कुर्दाकुर्दै पानी सुक्यो नदीको
पार गर्‍यौँ।


त्यहाँ पनि बस्न मन थिएन
अघि बढ्यौँ,
फेरि त्यहाँ भयङ्कर हिउँ पर्‍यो
पहाडहरू सेताम्मे भए
हिउँले हातगोडा चल्न सकेनन्
पर्खियौँ;
अर्को साल आयो
हिउँ पग्लियो
फेरि अघि बढ्यौँ।

त्यहाँ पनि बस्न मन भएन
अझै अघि जानु थियो
बढ्यौँ,
तर त्यहाँबाट उता बढेको भए
तलतिर खसिने डर पलायो
टेबुलको पल्लो कुनामा पुगेर
अलमलिएको कमिलोझैँ
हामी अघि बढ्न सकेनौँ,
त्यसै दिनदेखि हामी अलमलिइरहेछौँ!

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : प्रतिसरा साय्मि

**नाम** : प्रतिसरा मानन्धर

**जन्ममिति/स्थान** : २०१२ असार १६, भक्तपुर

**फोन** : ०१-४२४२०११, ०१-४२६३७६९

**इमेल** : pratisara@hotmail.com

**लेखनप्रारम्भ** : २०२८

**प्रथम प्रकाशन** : *हिस्याइपिन्त* (***हसना***)

**राष्ट्रिय स्तरमा** : *दुःख पोखिएला भनेर* (***कविता***)

**कृति** : ***जि छकू नालिस भौँ, सिमा हः व मेमेगु बाखंत, तिकिनंगु-मि, उनैको यादमा*** (सीडी), ***तिकि-नुगःया लसय्*** (सीडी)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, मोतीलक्ष्मी सिरपा, दीपा जनमत पुरस्कार, शीर नैकाप यँ पश्चिम लागा हना पौ, नेपाल भाषा एफ. एम. न्यंमि गुथि सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : हृदयमा घोचेपछि वेदनाले पग्लिने भाषा हो कविता! घोचाइको रस मिसिएको मीठो स्वाद जीवन्त कविता हो। कविताको प्रसववेदनामा कविले भावनाको इतिहास निरन्तर रचिरहन्छ र कविता अमर हुन्छ।

**नजरमा आफै** : एक सरल व्यक्तित्व, बस!

**सम्पादकको कलम** : तिरस्कारको सकारात्मक एवम् ऊर्ध्वोन्मुख मानवीय पक्ष विद्रोहलाई आस्थाको रङ्गमा व्यक्त गर्ने स्रष्टा प्रतिसरा साय्मि आफ्ना कविताहरूमा विशेषतः वेदनाको अन्तरानुभूतिको नैसर्गिक अभिव्यक्तिका रूपमा प्रकटिएको अनुभूत हुन्छ। नारीविवशताको कोमलतम अनुभूतिका संवेदनशीलताहरू नै उनका विशेष पहिचान हुन्। यसरी विशेषतः नारीसंवेदनामा द्रवित उनको कवित्वले शाश्वत मानवीय पीडामा पूर्णता प्राप्त गर्दछ।

●

*प्रतिसरा साय्मि*

## धानका बालाको छायामा

●

म पुगेको बाटोछेवैमा
चञ्चल कति हरिया धानका बालाहरू
बतास चल्नेबित्तिकै त्यसै–त्यसै
खितितिती हाँसेर
घचेट्दै एकले अर्कालाई चलिरहने
जोबनले परिपूर्ण
भक्खरका तरुनीहरू !

पाँचसात दिनपछि होला
लाजले भुके–भुकेका तिनै धानका बालाहरू
स्वर्णफूलले सिउरेर कसैको दैलोमा
भित्र्याउन उभिएकी नयाँ दुलहीजस्तै

केही समयपछि–
ती धानका बालाहरू झन् कति निहुरिई बसेका
फलफूलले भरिएका रूखहरूजस्तै
भारी जीउकी दुलहीझैँ

आज फेरि देखेँ तिनै धानका बालाहरू
सुकेको पराल मात्रै भई
खेतमा पछारिएका।

क्यै छिनअघि मात्रै सुत्केरी व्यथाबाट मुक्त भएकी
स्वास्नीमान्छेझैँ !

रक्तहीन अनुहारकी
कमलपित्तको रोगले थला परेकी रोगीझैँ !

●

# लक्ष्यबाट टाढिँदै गएको किनार

●

जीवनका क्षणहरू
कत्ति नउम्लीकनै
चुपचाप सुक्दै गइरहेछन्
धेरै बेर उम्लिरहेर मात्र के गर्नु भनेजस्तो
खिन्नताले धुजिएको जीवन बोकेर।
जब आफ्नो थाप्लोमा लादिएको भार हुत्याउन सक्दैनौँ
आफू जलेर पनि, पोलिएर उम्लिँदा पनि।

त्यस्तै
रातो झन्डा हुन नसकेको कपडा
आज कसैको मेच–टेबिल पुछ्नलाई मात्र ठिक्क छ
भएभरको धूलो दागहरू
आफूले थापेर
कसैको 'सिट' सफा गर्नु
के जिन्दगी यो?

कोही–
टाइपिस्ट ऊ–
आफ्नो समय टाइप गर्दै गइरहेछ
तर अफिसको समयमा ऊ आफैँ
टाइप भएर गइदिएको हुन्छ
अशुद्ध अक्षरझैँ
टाइप गर्दागर्दै
मसी लाग्न छाडेको जीर्ण कार्बन पेपरजस्तो
झ्यार्रझुर्र च्यातिएको उसको सपना।

कोही–
गाडा घचेट्दै
जिन्दगीको डोरी बेरिँदै गइरहेका पाङ्ग्राहरू
यो खाल्डाखुल्डी हिले बाटोमा
शिरमा पहाड उचालेर
यो अन्तरिक्षको युगमा

पशुतुल्य गाडा तान्ने मानिसहरू
घामको आगोले
तप्कन्छन् तिनका रगत-पसिना
कसैको गाँसमा
तर खै ती बलिदानका कथाहरू ?
खै छाप तिनीहरूको इतिहासमा ?
यहाँ त
माटै नछोई रोपेको रूख, फूलहरूका खबरहरू छन्।
चार पाइला टेकेर
अनुहार देखाउने गरेको समाचारपत्र
अङ्कित हुन्छन् इतिहासमा
अरू पुछिन्छन्
साँच्ची
नमेटिने मसीले लेख्ने
रगत-पसिना बगाउनुपर्नेहरूसँग शक्ति छैन
त्यसैले
इच्छाएको उसको लक्ष्य
नभेटिने गरी परिस्थितिले केवल हुत्याइदिन्छ।
एउटी बिरामी डुइनी
प्वाल परेको डोकामा सपनाहरू बोकेर
उक्लन्छे
थकाइ मारेपिच्छे
रातो माटोजस्तै चुहिन्छन् सपनाहरू
ओइलाएको पातसरि लोत्रिएको उसको बच्चा

यी सबै आगाहरू
मलाई तताउने, मलाई उमाल्ने
तर म केवल बाफिएर सुक्दै गइरहेछु
उम्लाइमै थाकेर
जीवन त्यसै फुकुन्डिएर उडिरहेछ
फलामको पाताझैँ खुम्चिन नजान्ने सत्यमा।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : उषा शेरचन

**नाम** : उषा शेरचन (भट्टचन)

**जन्ममिति/स्थान** : २०१२ भदौ ६, पोखरा

**फोन** : ०१-५५२०९३७, ९८५१०००४७१

**इमेल** : ushadb55@hotmail.com

**लेखनप्रारम्भ** : –

**प्रथम प्रकाशन** : *जिन्दगी* (***गोरखापत्र***, २०३५)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***नजन्मेका आस्थाहरू*** (२०४८), ***सर्वकालीन पीडा र जागृतिको शङ्खघोष*** (कवितासङ्ग्रह, २०६२); ***अक्षरहरूका शिविरबाट*** (मुक्तकसङ्ग्रह, २०५६)

**पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार (२०४३), लोकप्रिया पुरस्कार (२०५७), पारिजात राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), रत्नश्री स्वर्ण पदक (२०४०), कविता महोत्सव (२०४५), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : पाठकको मन-मस्तिष्कलाई छुने शाब्दिक कला।

**नजरमा आफैं** : कसैको भलो गर्न नसके पनि कमसेकम कुभलो नचिताउने। ठूलो मान्छे भएर होइन, असल मान्छे भएर बाँच्न चाहने।

**सम्पादकको कलम** : जीवनका भागदौडहरू पन्छाएर सरल-सरल अनि तरल-तरल भएर कृत्रिमतारहित आत्माको आवाजले साहित्य सिर्जना गर्ने स्रष्टा उषा शेरचन आधुनिक नेपाली कवितासाहित्यवृत्तमा सुपरिचित नारीहस्ताक्षर हुन्। नारीको समान भूमिका र सहभागितासहित अधिकार र कर्तव्य दुवै रूपमा सचेत रही सत्यको अन्तरनुभूतिलाई शब्दार्थको सौन्दर्यसीमासम्म पुऱ्याएर कलात्मक अभिव्यक्ति दिनु कवयित्री शेरचनको काव्यिक निष्कर्ष हो। यसमा उनको आत्मविश्वास सबैभन्दा गहन काव्यिक सुन्दरता हो।

●

*उषा शेरचन*

# सपना र खण्डहर

●

निधारमा कहिल्यै निको नहुने
घाउका टिका थापेर
छातीमा कहिल्यै नमेटिने
सरापका कोसेली लिएर
युगौंदेखि अश्वत्थामाझैँ
भट्किरहन अभिशप्त छौँ

समर्पित प्रेमका
समर्पित छालहरू आज
वरदान होइन
अभिशाप बोकेर आएको छ

अनन्त–अनन्त प्रतीक्षापश्चात्
जिन्दगीका मोडमा अकस्मात्
एकअर्कासँग भेट्दा
न न्यानो अँगालोमा बाँध्नै सक्यौँ
न तातो स्पर्शले चुम्नै सक्यौँ

मुटुबाट निरन्तर माया चुहिरहँदा पनि
– अँजुलीमा भरिरहन सकेनौँ हामीले
आँखाबाट सहस्र मोतीका दानाहरू झरिरहँदा पनि
– औँलाहरूले टिपिरहन सकेनौँ हामीले

कठै : न मनका कुरा सबै ओकल्नै सक्यौँ
कठै : न मनका पीडा सबै पोख्नै सक्यौँ

आज अचानक एकअर्कालाई देख्दा
अग्निझैँ प्रज्वलित हुनुको साटो–
झन्-झन् हिउँझैँ जमिरह्यौँ,
पछारिएर छाती चट्टानमाथि–
रक्तरञ्जित मुटुले हेरिरह्यौँ

सङ्गृहीत पीडा जतातत‍ै दुखाएर
हाम्रा घायल यादको शिविरभित्र
हाम्रा अभिमानको शिविरभित्र
– कुण्ठित हाम्रा भावनाहरू
– खण्डित हाम्रा चाहनाहरू

उमेरका हदबन्दी नाघ्दासम्म पनि
न सँगसँगै हिँड्नै सक्यौँ
न सँगसँगै उड्नै सक्यौँ
न सँगसँगै जिउनै सक्यौँ

मनका अनन्त गहिराइबाट
एकअर्कालाई चाहँदाचाहँदै पनि
न मायाका सुन्दर संसार जोड्नै सक्यौँ
न घृणाका साङ्लाहरू नै तोड्न सक्यौँ

सपना त एक खण्डहर रहेछ
जसलाई घर हो भनेर न बस्नै सकिन्छ!
जसलाई घर होइन भनेर न बिर्सनै सकिन्छ!!
●

## प्रत्युत्तरमा व्यक्त इच्छाहरू

●

सगरमाथाझैँ शिर उचाल्न सिक भन्छौ तिमी...
हिटलरले उचालेको शिरले
विश्वयुद्ध जन्मायो
सम्पूर्ण विश्वलाई त्रसित पाऱ्यो
म चाहन्नँ, मैले उचालेको शिरले
मानवता ओइली झरोस्।


सागरझैँ गहिरिन सिक भन्छौ तिमी...
बुद्धको शान्तिसन्देशले अझै
हिंसा रोक्न सकेको छैन
दानवता मार्न सकेको छैन
म चाहन्नँ, मैले रोपेको शान्तिले
निर्बलता कोपिलाओस्।

इतिहासको पात्र बन्न सिक भन्छौ तिमी...
म जन्मेको युगमा कतै
नौलो बिहान छैन
नौलो दिन छैन
म चाहन्नँ, दोहोऱ्याएको इतिहासले
भावी सन्तति रुमल्लियोस्।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : सरुभक्त

**नाम** : भक्त श्रेष्ठ

**जन्ममिति/स्थान** : २०१२ तिज, पोखरा

**फोन** : ०००-५२१८५५

**इमेल** : sarubhakta2000@yahoo.com

**लेखनप्रारम्भ** : २०२४

**प्रथम प्रकाशन** : *मलाई दुइटा सूर्य देऊ*
(***आह्वान*** साप्ताहिक, २०३४)

**राष्ट्रिय स्तरमा** : *तीन मुक्तक* (**रूपरेखा**, २०३४)

**कृति** : ***बन्द खामभित्र*** (मुक्तकसङ्ग्रह), ***बोक्सीको आह्वान र घोषणापत्र, कवि, प्रेमी र पागल*** (कवितासङ्ग्रह), ***प्रयोगशालाभित्र, शिशिरका अन्तिम दिनहरू, इथर, युद्ध : उही ग्यासच्याम्बरभित्र, निमावीय, पागल बस्ती, तरुनी खेती, समय त्रासदी*** आदि गरी तीन दर्जन

**पुरस्कार/सम्मान** : मदन पुरस्कार, मोती पुरस्कार, लोकेन्द्र साहित्य पुरस्कार, गङ्की-वसुन्धरा पुरस्कार, रङ्गमञ्च पुरस्कार, रत्नश्री स्वर्णपदक, पर्वत साहित्य सम्मान, आरोहण सम्मान आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरो दृष्टिमा एक सम्बोधनकला हो सृष्टिप्रति र जीवनप्रति। कविता गहन अनुभूतिहरूको गहन कला हो, सूक्ष्म अनुभूतिहरूको सूक्ष्म कला हो।

**नजरमा आफै** : सायद म बाङ्गाटिङ्गा धर्साहरू हुँ
कहिलेकाहीँ जोडिन्छु र अर्थ हुन्छु
कहिलेकाहीँ टुक्रिन्छु र व्यर्थ हुन्छु

**सम्पादकको कलम** : प्रयोगवादी दुरूहताबाट मुक्त हुने प्रयाससहित जीवन र जगत्सित सोझै सम्बोधनीय संवादहरू हुन् कवि सरुभक्तका कविताहरू। समय र जीवनसँग साक्षात्कारित सौन्दर्य र त्रासदी उनका कविताका प्रमुख अलङ्कारहरू हुन्। प्रिय लोकविम्ब र प्रतीकहरूसहित चट्टानका जस्तै ठोकरहरूबीच जीवनका जब्बर र गहनतम अनुभूतिहरू उनका कवितामा स्वरित हुन्छन्, ध्वनित हुन्छन्। जीवन र कविताको तालमेलमा उनी स्वयम् आधुनिक कविताका सशक्त विम्ब हुन्।

●

*सरुभक्त*

## चट्टानहरू

●

१. चट्टानहरू अग्लिए हिमाल बन्छन्
चट्टानहरू अग्लिए पहाड बन्छन्
चट्टानहरू गहिरिए
जीवनका सागरहरू बन्छन्
जीवनका नदीहरू बन्छन्
तर जीवनका सागरहरूले
जति खियाए पनि
चट्टानहरू खिइँदैनन्
तर जीवनका नदीहरूले
जति काटे पनि
चट्टानहरू काटिँदैनन्

२. चट्टानहरू आफ्ना छातीमा
सागरका कविता रचना गर्छन्
चट्टानहरू आफ्ना छातीमा
नदीका कविता रचना गर्छन्
सागरका कविता रचना गर्दा
चट्टानहरू अलिकति खिइन्छन्
नदीका कविता रचना गर्दा
चट्टानहरू अलिकति काटिन्छन्
तर चट्टानहरू आफू खिइनुलाई
आफू खिइनु भन्दैनन्
तर चट्टानहरू आफू काटिनुलाई
आफू काटिनु भन्दैनन्

३. चट्टानहरू जीवन–उत्सर्गहरूमा
सागर भएर
सागरहरूसित खिइन्छन्
चट्टानहरू जीवन–बलिदानमा
नदी भएर
नदीहरूसित काटिन्छन्
कारण चट्टानहरूबिना सागरहरूको
कुनै रूप हुँदैन, आकार हुँदैन
कारण, चट्टानहरूबिना नदीहरूको
कुनै रङ्ग हुँदैन, गति हुँदैन
जीवनका सागरहरू र नदीहरूलाई
सागरहरू र नदीहरू बन्न
चट्टानहरूको माया चाहिन्छ
चट्टानहरूको समर्पण चाहिन्छ
तर चट्टानहरू
आफ्नो मायाले
जति खिइए पनि
चट्टानहरू नै हुन्छन्
अरू केही हुँदैनन्
तर चट्टानहरू
आफ्नो समर्पणले
जति काटिए पनि
चट्टानहरू नै हुन्छन्
अरू केही हुँदैनन्।
●

## किशोरीहरू

●
किशोरीहरू
कसैले कसैलाई पठाएको
सप्रेमपत्र
टाउको जोडेर पढ्दै छन्,
खासखुस–खासखुस गर्दै छन्

खुसुखुसु-खुसुखुसु हाँस्दै छन्
नखरा पारी
कुहिनाहरूले घोच्दै छन्
कोही 'नकरा मोरी' भन्दै छन्
कोही 'उत्ताउली मोरी' भन्दै छन्,
प्रेमपत्र पढी सिध्याएपछि
'कस्तो बाई' भनी
कसैसित रिसाउँदै छन्,

र त्यही नक्कली रिसमा
प्रेमपत्र कच्याककुचुक पार्दै छन्
अनि त्यसले हानाहान गर्दै
एकअर्कादेखि भाग्दै छन्,
एक सुरक्षित कुनामा पुगी
प्रेमपत्र फेरि फुकाउँदै छन्...
किशोरीहरू
कसैले कसैलाई पठाएको
गोप्य जीवन-मृत्युपत्र
टाउको जोडेर पढ्दै छन्
कसैको मोलमोलाइ गर्दै छन्।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : जीवन थिङ

**नाम** : जीवन थिङ

**जन्ममिति/स्थान** : २०१२ पुस, सिक्किम

**निधन** : २०३५ असार २०

**लेखनप्रारम्भ** : स्कुल जीवनदेखि

**प्रथम प्रकाशन** : *काशी जलिरहोस्* (***दियालो***, सन् १९७३)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***नार्सिसस*** (खण्डकाव्य), ***म बेतलहम सहरको हिप्पोपोटामस*** (कवितासङ्ग्रह); ***नवज्योति***, ***सुधा***को सम्पादन

**पुरस्कार/सम्मान** : रत्नश्री स्वर्ण पदक

## दृष्टिसन्दर्भ

**कविताप्रति** : नेपाली कविताले प्रतीकहरूलाई छाडेर विम्बहरूको संसारमा प्रवेश गरिसकेको छ।... सिक्किमको कविलाई आफ्नो सानो समुद्रको प्रतिनिधित्व गर्दा अन्तसम्म पुग्न यसै समग्र धारालाई समात्न आवश्यक हुने कारणले साहित्यिक प्रयोग सूक्ष्मतादेखि अलगाव राख्ने कुरो छैन। मेरो भन्नुको तात्पर्य के छ भन्देखि साहित्यलेखनको विस्तृत परिवेशमा अचेल हामीलाई दोब्बर प्रगति गर्नुपरिरहेछ। (साभार : ***साहित्यकार परिचय र अभिव्यक्ति***)

**नजरमा आफै** : साँझको छेकाबारमा उभिएर
म आफैलाई बेसरी छाम्छु
एउटा आकाश छ मेरो आँखामा
पहेँलो आकाश!
...............
सायद तिमीहरू उम्केर जान पनि सक्छौ
तर म उम्किन सकिनँ
त्यसैले बसेको छु पहेँलो आकाश आँखामा लिएर
घाम डुबेको हेर्दै घाइते सागरको किनारामा!! (साभार : *घाइते सागर...*)

**सम्पादकको कलम** : सिक्किमका स्रष्टा जीवन थिङ अत्यन्त भावुक प्रतिभाशाली कवि हुन्। कविको देश सिक्किमप्रति अनुरक्त कवि थिङका कवितामा सिक्किमका सुन्दर पहाड, पर्वत, झर्ना र छाँगाको वेदध्वनि सुनिन्छ। जीवनगत हीन-अवस्थाको विसङ्गत चेतनाबाट शब्दको रोपाइँ गर्दै अस्तित्व खोज्नु कवि थिङको काव्यिक अन्तर्वस्तु र निष्कर्ष दुवै हुन्। रङ्गहरूको मधुर संयोजनजस्तो, मृदुल धुनको रोमाञ्चकताजस्तो विम्बहरूको प्राञ्जलतासहितको दार्शनिक सौन्दर्यीकरण कवि थिङका तरुण वयकै काव्यिक उत्कर्ष र सफलता हुन्।

●

*जीवन थिङ*

## म बेतलहम सहरको हिप्पोपोटामस

●

हात चुँडालेर दिइसकेपछिको कथा हो यो
छाती र आत्मा पनि टकटकाइसकेर
एउटा पहाडमा उभिएर
डुब्दै गरेको सूर्यलाई हेर्दै
दुई थोपा आँसु चुहाई रूख भएको कथा हो यो!

झुसिलकीराले चुसिकेको सुनाखरीको एक थुँगो फूल
लिएर म सालिक भइरहेछु
पद्मासनमा रत बुद्धका आँखाको निर्जीव प्रकाश
मेरो अहिलेको उन्नत आकाश हो
पाखुरा र हत्केला उठाएर चढ्दाचढ्दै
देउराली भएर छेक्ने सपना
मेरो अहिले मुटुसम्म पुऱ्याएको बतास हो।

मलाई अब तिमीहरू जिन्दगीको कुरा नगर्नू
डर लाग्छ जिन्दगीसित
किनकि युक्लिप्टसजस्ता आँखामा
यसको एउटा होइन धेरै परिभाषाहरू
नाङ्गिसकेको मैले देखेको छु।

धान फल्ने सुरम्य पाखाको इतिहासजस्तो
मेरो पनि मिनोत्सा भएर लुगलुग काम्छन् आँखाहरू
यो भावावेशमा आफैलाई सम्हाल्न नसकेर
बुद्धका आँखाबाट प्रकाश पैँचो माग्न जाँदा
कञ्चनजङ्घा पनि मजस्तै तथागतअघि
निहुरेर रोएकोमा फिर्ता लिएको मेरो कसमले
आजकाल म सल्किरहेछु–
घाउ भएर बल्झन्छन् कोहीबेला
तरै पनि यो
ढोकासम्म पुगेर फर्किसकेको कथा हो यो।

हत्केलाहरू उम्रेर आकाशमा
मैले उभिएर सोधेपछिको कथा हो
वैयक्तिक प्रौढताहरू धूलो भएर
सन्दिग्धताहरू टाउका–टाउकामा उनेर
म्युजियममा झुन्ड्याएको निरोको वीणाजस्तै
आफै एउटा कीलामा लत्रेर
जम्मै आँसुहरू रोइसकेपछि फेरि
उप्किँदै बल्भेका घाउहरूसिबाय
मरणासन्न जीवनको कथा हो!

ग्यास च्याम्बरमा उसिनिएका सपनाहरूबीच
एउटा देश छ मेरो
सपनाको एउटा देश।

म घोषणा गरेर पिउँछु मेरो देशको कथालाई
पर्वतहरूको घेरा छ एउटा
माउसुलीहरूको जमातसिबाय
गँगटाहरूको प्रयासबाहेक
सडकका छेउहरूमा 'बार' हरू छन्
एउटा कुरा, बारहरूका राता–राता आँखाहरू छन्।
यिनै राता आँखाहरूमा डम्म लागेको कुइरो
तिछारिएका निधारमा बुई चढेका पसिनाका थोपाहरू
सन्नाटामा रोइरहेका भावनाका कफनहरूसित
हामी ओहोरदोहोर गर्छौं।


बिहान यहाँ पातहरूका डोलीमा
आँसुको गीत रोएर आउँछ
मध्याह्नमा घुम्तीभरि बतास
बहकिएर, बहकिएर रुन्छ
साँझभरि धुपीहरू निहुरेर
आफ्ना शिरहरू झुकाउँछन्
हरात ताराहरू आफ्नै लास बोकेर
बिहान पर्खन्छन्
बुख्याँचाको इतिहास हो यो
बुख्याँचाहरूको सहर/बदनामीको देश!

उमेरकैद पाएको घोषणा
एउटा बग्दै गरेको नदीको छेकबार
बेतलहम सहरका हिप्पोपोटामस
मेरो उसिनिएको कथा, मेरी मेहरुन्निस्सा
मेरो देश।

अभागका रित्ता सपनाहरू
आकाशगङ्गाजस्तै तिर्मिराएका
वैकल्पिक झुसिलकीराहरू
अवरोहपूर्ण अवरोधहरू
म भोग गर्छु, म पुर्खा भएर भोग गर्छु
बालुवाका प्यासा ओठहरू
समूह–सम्भोगले थकाएका कोठाका बिहानहरूमा
मिरमिरे घामका प्रयासी हातहरू
उठेर लथालिङ्ग परेका झोलिएका शरीर लिएर
स्वर्ग ढकढकाउने आँैलाहरू
नरक ढकढकाउने आँैलाहरू
पखाल्दै तुसारो र शीतमा टल्कने बतासले
हेर्दै छ किनारामा उभिएर सास फेरेको मेरो देशले।

हात चुँडालेर दिइसकेपछिको कथा हो यो
छाती र आत्मा पनि टकटकाइसकेर
एउटा पहाडमा चढेर
डुब्दै गरेको सूर्यलाई हेर्दै
दुई थोपा आँसु चुहाई रूख भएको कथा हो यो।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : विनय रावल

**नाम** : विनयसिंह रावल

**जन्ममिति/स्थान** : २०१३, वीरगन्ज

**निधन** : २०६२ जेठ

**लेखनप्रारम्भ** : किशोरावस्थादेखि

**प्रथम प्रकाशन** : *हिँड्न देऊ* (***अभिनव***, २०३१)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***मलाई तिमी आफूजस्तै बनाऊ*** (कवितासङ्ग्रह, २०४९); ***ठुल्दिदीको देश*** (यात्रासंस्मरण); ***श्रीजा*** (कविताप्रधान), ***मुकुट*** (द्वैमासिक), ***अभिनव*** (सामयिक सङ्कलन) को सम्पादन

**पुरस्कार/सम्मान** : मानश्री सम्मान (२०५८), भूपि शेरचन राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), गरिमा काव्य पुरस्कार (२०५६), वीरगन्ज उपमहानगरपालिकाद्वारा नगरको राष्ट्रिय पुरस्कार (२०५८)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता र जीवन भन्नु नै मेरा लागि एउकै कुरा हो।... यसलाई शुद्ध रूपमा मानवीय आधारमा विकसित गर्न सकेको खण्डमा यसले सम्पूर्ण राष्ट्रिय जीवनलाई नै टेवा दिनेछ भन्ने मेरो विश्वास छ। (साभार : ***साहित्यकार परिचय र अभिव्यक्ति***)

**नजरमा आफै** : 'ऊ' देश सोच्छ
र, कविता लेख्छ
यसै गरी
'ऊ' बाँच्दै आएको छ। (साभार : ***मलाई तिमी आफूजस्तै बनाऊ***)

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको परिदृश्यमा प्रकृति, समय र जीवनको विसङ्गत पृष्ठ छिचोल्दै आस्तित्विक रङ्गको दाबी गर्ने तरलवादी साहित्यिक आन्दोलनका एक प्रवर्तक कवि विनय रावल आफ्ना कविताहरूमा अध्ययन, अनुभव र कल्पनाको सौन्दर्यात्मक समायोजनसहित विद्रोहात्मक अभिव्यक्ति दिन्छन्। कवितामा प्रतीक र विम्बको ललित भङ्गिमा रावलको आफ्नोपन हो।

●

*विनय रावल*

# मलाई तिमी आफूजस्तै बनाऊ

●

विसङ्गति हेरेर बस्नु
यहाँको नियति भइसक्यो
नराम्रो खबर सुनेर बस्नु
यहाँको परम्परा नै भइसक्यो
छातीभित्र आक्रोश थिचेर बस्नु
यहाँको बाध्यता भइसक्यो।

हे ईश्वर!
किन मलाई आँखा चाहियो?
किन मलाई कान चाहियो?
किन मलाई मुख चाहियो?

मलाई दया गर
मलाई तिमी आफूजस्तै बनाऊ।

●

# बर्लिनको पर्खाल

●

'पर्खाल लगाएपछि
धेरै कुरो बाहिर पर्छ'
र, सबैभन्दा ठूलो कुरो
मान्छे–
मान्छेको आँखाबाट ओझेल हुन्छ।

पर्खाल लगाउनु भनेको नै
मान्छेको अपमान गर्नु हो
मान्छेलाई मान्छे नहुन दिनु हो
चाहे बर्लिनको पर्खाल होस्
चाहे चाउचेस्कुको साम्यवादको पर्खाल होस्
कुनै पर्खालको नियति पनि यही हो।
फेरि पनि मान्छे
किन लामो पर्खाल ठड्याउँछ?

के पर्खाल लगाएर
मान्छेको जात हराएको छ?
के पर्खाल लगाएर
मान्छेको विचार रोकिएको छ?

पर्खाल लगाएर केही दिन
कसैलाई पनि तर्साउन सक्छौ
कसैलाई पनि एक्लो पार्न सक्छौ
तर, पर्खाल स्वयम्मा एउटा विडम्बना हो
यो कहिल्यै अजम्मरी हुँदैन।
●

## मेरो आफ्नै कथा


●
जाडोमा–
आङमा– एक धरो लुगा नहुँदा
पेटमा– एक मुठी अन्न नहुँदा
बस्न– एउटा सानो ओढार नहुँदा
एउटी स्त्री
एउटा सानो बालकलाई काखमा गुटमुटयाएर
आँखाबाट सधैँ-सधैँ बलिन्द्र आँसु झारिरहन्थी
र, कहिलेकाहीँ
त्यो बालक चिच्याएको बेला
उसलाई कुट्थी पनि सुस्तरी।

बालक–
यस्तो किन हुन्छ
नबुझेर एकछिन टोलाउँथ्यो पनि।

आज बिस्तारै–बिस्तारै
ऊ सबै कुरा बुझ्दै छ
र, विगतका कुराहरू सम्झेर
ऊ धुरुधुरु रुन्छ पनि।
तपाईं पनि सोच्दै हुनुहोला
त्यो बालक को हो?
त्यो स्त्री को हो?

साँच्चै भनूँ
त्यो मेरो आफ्नै कथा हो
र, त्यो स्त्री
मेरी आफ्नै आमा हो!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : विश्वविमोहन श्रेष्ठ

**नाम** : विश्वविमोहन श्रेष्ठ

**जन्ममिति/स्थान** : २०१३ वैशाख १६, तेह्रथुम


**फोन** : ०१-४२७४४३३

**इमेल** : apecnepal@hotmail.com

**लेखनप्रारम्भ** : २०२४

**प्रथम प्रकाशन** : *दुई मुक्तक* (***तीनजुरे***, २०२७)

**राष्ट्रिय स्तरमा** : *जिन्दगी* (***गोरखापत्र***, २०३२)



**कृति** : ***विश्वविमोहनका केही कविताहरू*** (२०४४), ***अङ्गारका धमिला धर्साहरू*** (२०६२), ***एउटा गन्तव्यको खोजीमा*** (कवितासङ्ग्रह, २०६२); ***द ह्याजी लाइन अफ द कोल*** (अनुवाद, सन् २००५); ***तीनजुरे, स्पन्दन, सोपान, सिर्जना, नवरत्न*** आदिको सम्पादन

**पुरस्कार/सम्मान** : वासु शशी स्मृति पुरस्कार (२०६२), व्यथित काव्य पुरस्कार (२०५४), युवा वर्ष मोती पुरस्कार (२०४४), रत्नश्री स्वर्ण पदक (२०४४), कविता महोत्सव रजत पदक (२०३२), गद्दी आरोहण पदक, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, विभिन्न संस्थाद्वारा अभिनन्दित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता नभएको भए सम्भवत: जीवन र जगत्को यो महिमा, कमसेकम यस रूपमा, रसमाधुर्यका साथ, हृदयको अन्तरमा पल्लवित भएर सूर्योदयको मनोरम लालीजस्तै अनन्त आशाका साथ प्रकट हुने थिएन होला। त्यसैले कविता सभ्य समाजको परिष्कृत ऊर्जा हो जसले जड र अचेतन मस्तिष्कमा सिर्जनाका अनेकन् ज्वारभाटा एकाएक उमारिदिन्छ।

**नजरमा आफैं** : असरल्ल सपना तर मदमस्त गति,
न भीड, न पार्टी र पनि पृथक् देखिने प्रवृत्ति
सधैं केही गरौं भन्ने हुटहुटी
तर हररफ्तारमा भेटिने उही उकाली-ओराली
न पीडा, न प्राप्ति, सधैं मध्यम/आशावादी
हेर्दा हठीजस्तो सनातन तर सुललित/सहज जीवन
म हुँ विश्वविमोहन।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको परिदृश्यलाई दृष्टिगत गर्दा समकालीन पुस्तामा निकै चर्चित कवि विश्वविमोहन श्रेष्ठ सामयिक जीवनबोध गर्दै कवितामा जगत्को शाश्वत मूल्यको आग्रह गर्छन्। सङ्घर्षप्रति आस्थावान् र मानवीय गरिमाको स्थापनाप्रति सचेष्ट कवि विश्वविमोहन अभिव्यक्तिसौन्दर्यमा पनि त्यत्तिकै सचेतताका साथ जीवन्तता प्रदान गर्न रगतपच्छे भएर पनि प्रयत्नशील रहन्छन्। यही नै विश्वविमोहनीय काव्यकारिता हो।

●

*विश्वविमोहन श्रेष्ठ*

# बुद्ध : तीन आयाम

●

तिमी बुद्धको
स्वप्निल आँखालाई निहार
त्यहाँ शान्तिको
दिव्य सन्देश पाइन्छ
देश बनाउँदाबनाउँदै
वा देश बचाउँदाबचाउँदै
ती जो मरेर अमर बने
सहिदहरूलाई–
माया गर्ने
एउटा देश चाहिन्छ।

( १ )

देश शिरमा
सगरमाथा भएर उठेको छ
छातीमा महाभारतका
अनन्त कथाहरू समेटेर
पुछारमा
कोशीका अनन्त लहरहरूसँगै
फैलिँदै गएको छ,
तर नअटेर
कतै कसैको धड्कनमा
गौतम बुद्ध–
'ड्रइङ रुम' का भित्ताहरूमा
अचेल
'पोर्ट्रेट' भएर सजिँदै गइरहेछ।

( २ )

यो मेरा पुर्खाले सिर्जेको नेपाल
यसको पत्र–पत्र
बुद्धको आलोकले प्रज्वलित छ
यहाँ कति महाभारत सिर्जिए
कति महाभारत लडिए
तर पनि यसको अन्तरमा
शान्तिको गाथा लुकेको छ
क्रान्तिको अनन्त पीडामा दुख्ने
छातीको घाउमा होस्
वा विजयको शङ्खनादमा खिल्ने
ओठको हाँसोमा होस्
सर्वत्र 'बुद्ध' पाइन्छ
बुद्ध–
मेरो घरको चोटामा छ
बुद्ध–
मेरो टोलको चोकमा छ
बुद्ध–
ती सबभन्दा माथि
मेरो देशको गौरव
सगरमाथाको शिरमा छ।

( ३ )

●

## पहरा

●


हरे! कति कोतर्छौ
यो पहरालाई?
जति कोतरे पनि निस्कने त
ढुङ्गा न हो, ढुङ्गा
फगत ढुङ्गा।

त्यही ढुङ्गा
जसलाई खोपेर शिल्पीहरूले
मूर्ति बनाए र मन्दिरमा सजाए

पुजेर भक्तहरूले
देवता तुल्याए र
शिरमा चढाए
जोडेर मलामीहरूले
चिहान उठाए
जितेर वीरहरूले शिला ठड्याए
पाटी बनाए
पौवा बनाए
रोपेर वर-पीपल
चौतारी चिनाए
त्यही चौतारीमा बसेर
म अहिले हेरिरहेछु
बनाउँदा-बनाउँदा
अजङ्को त्यो पहरालाई
असङ्ख्य गोडाहरूले कुल्चने
धुलाम्मे सडक बनाए।

त्यो सडक भएर अचेल
धेरै परसम्म पुग्न सकिन्छ
जहाँ उभिएको छ ठिङ्ग
अर्को पहरा
अब त्यसलाई कोतर्ने कहिले?
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : राजेन्द्र भण्डारी

**नाम** : राजेन्द्र भण्डारी

**जन्ममिति/स्थान** : २०१३ असोज, कालिम्पोङ

**फोन** : ०३५९२-२३२०६१, ९४३४१५३३१२

**इमेल** : dr.rajendra@yahoo.co.in

**लेखनप्रारम्भ** : विद्यार्थीकालदेखि

**प्रथम प्रकाशन** : *मानवताको के सार* (***प्रकाश***, सन् १९६३)

**राष्ट्रिय स्तरमा** : *पूर्व-पश्चिम* (***मधुपर्क***, २०३३)

**कृति** : ***हिउँदे यी चिसा रातका पर्दाहरूमा*** (सन् १९७९), ***यी शब्दहरू : यी हरफहरू*** (सन् १९८६), ***क्षर/अक्षर*** (कवितासङ्ग्रह, सन् १९९८); ***प्रतिमान*** (समालोचना-सङ्कलन) को सम्पादन

**पुरस्कार/सम्मान** : दियालो पुरस्कार (सन् १९८२), डा. शोभाकान्ति थेगिम स्मृति पुरस्कार (सन् १९९९), शिवकुमार राई स्मृति पुरस्कार (सन् २०००), गुमानसिंह चामलिङ स्मृति पुरस्कार (सन् २००७)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जगत्को अनुभूति गर्न थालेकै बेलादेखि चेतन-अवचेतनमा अनेकौं अङ्कन वा छाप परिरहेकै छन्। जीवनजगत्प्रतिको दृष्टिकोण पनि विकसित भइरहेकै छ। कविताहरूमा यिनीहरूकै अभिव्यक्ति खोज्छु। यसैले मेरा लागि कविता श्वास-प्रश्वासजत्तिकै नजिक, प्रिय र अपरिहार्य छ। लेख्न सक्नु-नसक्नुका क्षणहरू सबैमा म तर कविता बाँचिरहेकै हुन्छु।

**नजरमा आफै** : जीवनजगत्को जङ्गलबीचको एउटा अकुशल यात्री— अनभिज्ञ र रनभुल्लमा परेको। कविताकलामा जीवनको सामल खोजिरहेको एउटा अकिञ्चन मानिस।

**सम्पादकको कलम** : कवि राजेन्द्र भण्डारी मान्छेको सामूहिक गतिशील सांसारिकताका कुशल शब्दचित्रकार हुन्। उनी शब्दको शक्ति र सीमानिर्दिष्ट आत्मनियन्त्रित लेखनद्वारा कवितामा सौन्दर्यात्मक घनत्व प्रदान गर्न सक्षम छन्। मानिसको विशिष्ट चेतनाद्वारा निर्देशित सत्य कविता न्यायशील बनोस् भन्ने कवि भण्डारी आफ्ना कवितामा सरल, सरस र जीवन्त ग्रामीण विम्बलोक सिर्जना गर्छन्। जसरी सितार बन्दा सुकेको काठ पनि सङ्गीतमय बन्छ त्यसरी नै कालिगडी सौन्दर्यचेतबाट उनको अन्तर्बोधात्मक शाब्दिक उच्छलन कवितामा अवतरित हुँदा त्यहाँ युग-अर्केस्ट्रा सिर्जना हुन्छ र युगकै प्रहरी कवि तिनै युग-अर्केस्ट्राको विशिष्ट श्रोता बन्न पुग्छन्। यसरी मादक अँध्यारोसँग एक्लै लड्ने योद्धा कवि भण्डारी कवितामै बुद्धत्व प्राप्त गर्दछन्। यहीं नै कवि भण्डारी सफल काव्यिक अस्तित्वबोध गर्छन्।

●

*राजेन्द्र भण्डारी*

# मेरो अरथि उठाउने कविता

●

कुसङ्गतमा परेका बदमास छोरा भए
मेरा अप्रकाशित कविताहरू।
छाडी गए मलाई अलन्तारमा।
कुनै-कुनै ता टाढैबाट फिस्स हाँसेर हिँड्नेसम्म भए।
चिठीसम्म नपठाउने कृतघ्न परदेशी भए।
तर मेरो अरथि उठाउन आउनेछ।
त्यही सधैँको मभित्रको मेरो अलिखित कविता।
वर्षौंदेखि मलाई नै रुँगेर बसेको
त्यो मेरो साक्खै कविता।
केही गर्न सकिनँ बिचरो त्यसलाई
नलेखेर अन्याय पनि गरेँ होला।
तर लेखेको भए त्यो पनि दाजुहरूजस्तै त हुन्थ्यो होला।
पख्-पख् भन्दै थुनिराखेँ
दिनभरि अनेकौँ मञ्चहरूमा
कहिले नायक बन्छु, कहिले खलनायक/विदूषक बन्छु।
हरेक नाटकपछि सबै संवाद बिर्सेर, वेशभूषा खोलेर
बेलुकी त्यसैसँग निदाउँछु।
तर केही गर्न सकिनँ त्यसलाई
एउटा सफा सेतो कागजसम्म दिलाउन सकिनँ।
तर त्यसैले पिलाउनेछ पानी मलाई मृत्युशय्यामा
उठाउनेछ मेरो अरथि।
त्यो मभित्र मगमगाइरहेको
मैले रगतले सिँचेको त्यो इन्द्रकमल
म कस्तूरीले नाभिमा बोकिहिँडेको बिना त्यो
विपद्को सखा
त्यो मेरो अलिखित कविता।

उठाउनेछ एक दिन त्यसैले मेरो अरथि।

●

# अरण्यगाथा

●

ठीक मेरो मस्तिष्कबाट सुरु भएर
तिमीमा टुङ्गिन्छ
यो जङ्गल।

त्यहाँ कति छन् बाघ र भालु सन्देहका
हामीलाई नै थाहा छैन।
त्यहाँ कति स्यालहरू छन् छलका
हामीलाई नै थाहा छैन।
गर्जिने गर्छन् वरिपरि अविश्वासका सिंहहरू
तिनका गुफा कहाँ छन्?
हामीलाई नै थाहा छैन।
आनन्दका मजुर
अनि प्रेमका चखेवा कति छन्?
कति छन् डाँफे-मुनाल हार्दिकताका?
हामीलाई नै थाहा छैन।
आफैभित्र गुजुल्टिएर अलमलिएका
जङ्गल भयौँ तिमी र म।
बिर्सनुपर्ने कुराजत्तिकै नजिक
अनि फेरि त्यत्तिकै टाढा भयौँ तिमी र म।
तिम्रो र मेरो सम्बन्धको वनमा
कहीँ-कतै फलेका होलान् मीठा-मीठा बयर,
अमारो, अम्बक र नसपाती।
कहीँ-कतै नुहेका पनि होलान् लटरम्म भएर
अनार, अङ्गुर र ऐँसेलु पारस्पर्यका।
तर हामीलाई थाहा छैन।

हामीलाई यत्ति थाहा छ
कि एउटा सिंह सधैँ गर्जिरहन्छ
तिम्रो र मेरो बीचमा
त्यो किन गर्जिरहन्छ?
हामीलाई नै थाहा छैन।

●

## बल्झिरहने यो रित्तता

●

कुइरो, बादल, धूवाँ
बिजुली, जून, तारा
यी केही पनि होइनन्, आकाशका।
एकलासको एउटा हावाघर हो आकाश।

पीडाका भ्वाइलिन,
उच्छ्वासका सारङ्गी
र उन्मादका धिन्ताङहरू
यी केही पनि होइनन् मनका।
मन भन्नु एउटा रित्तो गिलास।
आज अलिकति रक्सी।
भोलि सर्बत र पानी।

मन भन्नु एउटा रित्तो आकाश।
तर पनि एउटा रित्तता
किन सधैँ भरिन चाहिरहन्छ?
एउटा मौनता किन एक्लै छटपटाइरहन्छ?
एक मुठी हाड अनि मासु
केही धडकन र अलिकति आँसु
किन गीत बनेर फुटिरहन्छ?

बाटोले लगिसक्यो पैताला।
इच्छाले जिन्दगी किनिसक्यो।
समयले चुसिसक्यो गालाको लाली।
सबै थोक र सबै थोक नै मास्सिइसक्यो।
तैपनि एउटा रित्तो सडकमा
एउटा रित्तो मान्छे के-के खोजिरहन्छ।
अब किन्नु केही छैन।
तैपनि कोटको खल्तीमा एउटा पुरानो मोहर
किन अल्झिरहन्छ?
आकाशको आफ्नो रङ्ग छैन।
तैपनि आकाशको नीलो किन बल्झिरहन्छ?

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : महेश प्रसाईं

**नाम** : महेश प्रसाईं

**जन्ममिति/स्थान** : २०१३ असोज २१, मणिपुर, भारत

**फोन** : ०१-६६३४५१७, ९७४११३६३६२

**लेखनप्रारम्भ** : २०२७ देखि

**प्रथम प्रकाशन** : *वर्षा* (***पीपल***, २०२९)

**राष्ट्रिय स्तरमा** : *केही कविताहरू* (***समीक्षा***, २०३०)

**कृति** : ***भूमिकापछि*** (मुक्तकसङ्ग्रह, २०३३); ***अग्निको प्राग्भूमिमा*** (२०४२), ***केही चकमक र शिखाहरू*** (२०५१), ***निःसृत समुद्र र कालो तिर्खा*** (२०५२), ***प्रत्यञ्चको बादल*** (कवितासङ्ग्रह, २०५४); ***शब्दसारथि*** (विम्ब र विम्बहरू, २०५७)

**सम्मान/पुरस्कार** : प्रतिभा पुरस्कार, युवा वर्ष मोती पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, व्यथित काव्य पुरस्कार, धरणी सम्मान, कामेश्वर पोद्दार स्मृति सम्मान (भारत)

## दृष्टिसन्दर्भ

**कवितាप्रति** : कविताको कुलनी भाषा कविता नै हुन्छ। कविताको व्याख्या हुँदैन त्यसैले। कविताको सतत अर्थप्रकाश पनि कविता नै हुन्छ। अर्को कुनै ध्वनि भेटिँदैन त्यसैले। म जे भोग्दछु, ग्रहण गर्दछु र मन्थन भई प्रकटीकरणका लागि पेस गरिन्छु। अमूर्त सिद्धान्त मेरो आराध्य विषय हो। म अपूर्णतामा सम्पूर्णता पाउँछु, जीवनको विशिष्ट गति पाउँछु। त्यसैमा मेरो सजीव आकृति रहेको छ। जीवनको स्पन्दनको झङ्कार कविता साङ्गीतिक हुनुपर्छ, लालित्यपूर्ण हुनुपर्छ। अझ समष्टिमा आह्लादकारी हुनुपर्छ। जीवन छ। सृष्टि छ। सौन्दर्य छ। त्यसैले कविता छ।

**नजरमा आफै** : म कविता लेख्ने व्यक्ति हुँ। मैले लेख्न धेरै बाँकी छ। म अत्यन्त साधारण व्यक्ति हुँ। तर मेरो कविताप्रति तीव्र मोह छ। म कविता नलेखी बाँच्न सक्दिनँ। यसो हुँदा एउटा अत्यन्त साधारण व्यक्तिको वस्त्रमा रहेको कविलाई तपाईं, समाज र पाठकले पो मूल्याङ्कन गर्नुपर्छ। मैले आफूलाई नै भन्ने कुरा– अत्यन्त साधारण तर सहृदयी चाहिँ छु।

**सम्पादकको कलम** : प्रयोगवादी धारमा प्रवाहित अमूर्त शैलीका कवि महेश प्रसाईं आफ्ना समकालीन कविहरूभन्दा शिल्प, शैली, प्रतीक, मिथक एवम् विम्बहरूको प्रस्तुति र विचरणमा आफ्नो बेगल काव्यिक निजत्व स्वीकार गर्छन्। जीवनलाई सौन्दर्यका आँखाले ग्रहण गर्दै अस्तित्वको वक्ररेखामा यात्रारत कवि प्रसाईं आफ्ना कवितामा मानवीय मूल्यको स्थापन र विश्वबन्धुत्वको झन्डा फहराउन चाहन्छन्। दुर्बोधताको आरोप खेप्दाखेप्दै पनि उनी कविताको यही जोखिममा आह्लादित र रोमाञ्चित छन्।

●

*महेश प्रसाई*

# एउटा यस्तो बिहान

●

हरेक बिहान यहाँ पहिरो जान्छ
हरेक दिउसो यहाँ असङ्ख्य निर्दोषहरूको
एउटा शोकगीत मरणासन्न हुन्छ,
त्यसैले पहिरो गयो त के भयो
जान देऊ,
त्यसैले तिम्रो निर्दोषितामा
वज्र पऱ्यो त के भयो
पर्न देऊ,
कथङ्कदाचित् शोकगीत नगाऊ
यहाँ कसैलाई कसैको सरोकार हुन्न
यो मान्छेको बस्ती नै उस्तो
रोज यहाँ तिम्रो मान्छे सङ्कटापन्न हुन्छ।

र रोज यहाँ ससानो अपशकुनको भुइँचालो पनि जान्छ
भुइँचालो भन्नु पनि के र
दुर्बलहरूलाई मात्र त्रास देखाइन्छ,
रोज यहाँ–
कलिला आयुका समथर पर्तीमा
निरङ्कुश बुटहरूले परेड खेलिन्छ
निःसन्देह, निर्दोष मनका फूलबारीहरूमा
पाषाण दुर्विचारहरूले नित्य एक पल्ट वज्र प्रहार गरिन्छ
यसबेला, मन्दिरमा जहाँ घण्टहरू बज्नेछन्
यसबेला पूजनहरूमा जहाँ भजनहरू गाइनेछन्
ए कलिला आयुधहरू!
तिम्रो इन्साफको कुरा हुन सक्दैन,
नेपथ्यमा जहाँ षड्यन्त्र हुन्छ– निसाफ हुन सक्दैन
सूत्रधार आउँछ र जान्छ
तिम्रा कलिला मुटुहरूको संवाद
उसले पनि गाउन र गाउन लगाउन सक्दैन।

●

# अलिकति उज्यालाको गति हिँडिदिन्छु

●


अलिकति उज्यालाको गति हिँडिदिन्छु।

कुनै शान्त-प्रशान्त धुनसित
अलिकति अँध्याराको पाइला चपाएर
कोलाहलमा पनि उज्यालाको गति हिँडिदिन्छु
अलिकति स्पर्श उज्यालाको, अलिकति कलशको
अलिकति टहक जूनको, अलिकति मधुमासको
कतिपय रातले पोखेको चुकलाई नङ्ग्याएर
मुर्दामा पनि धड्कनको गति हिँडिदिन्छु
कहिले मुस्कान– चुपचापलाई चलाएर बाँचिदिन्छु
कहिले रोदन– अनङ्गलाई हराएर हिँडिदिन्छु
जस्तो अभिव्यक्ति
म बाँचेको पीडासित साटिदिन्छु
यति त लहर हो धरतीको
एकरती जीवन बाँचेको बेसै भनिदिन्छु।

अलिकति अँध्याराको गर्तमा उभिँदै
फुटेको मन बोकेर अझ केही बेर
नबोलेर पनि बोलेको जस्तो भइदिन्छु
ख्वै, कसरी नलेखूँ पीडा एक मुठी रक्तचापको?
ख्वै, कसरी नहेरूँ निद्रा अलिकति आत्मघातको?
कहिले त द्रोहका ससाना पङ्क्तिहरू चलाएर
जीर्णता हुनुको अवयवसित चहऱ्याउँदै, चटपटाउँदै
जसै मौनता पनि नलागेको मात्र बेसरी मातिदिन्छु
जस्तो सुनसानलाई सहऱ्याएर
विवश दिनहरू काढेको आधारशिला खोस्रँदै र फोर्दै
निर्वासित बाँच्नुको निःस्तब्ध देवताहरूलाई
पटक-पटक प्रकट गर्दै र जिउँताउँदै
ससाना मनका कोमल पाउहरू हिँडेर
अलिकति उज्यालोजति हिँडिदिन्छु।

यो सत्य हो अँध्यारा–अँध्यारा ओढारहरूमा
कुनै समय साँघुरो आकाश पनि चर्कनेछ
यो निर्विवाद हो आगतका पहारिला यात्रा, यात्राहरूमा
कुनै समय बूढो सूर्य पनि धपक्क बल्न सक्छ
किनभने असङ्ख्य, असङ्ख्यहरूका हृदयमा
आगो हुनुको जलन छँदै छैन– त्यसै नभन
अब तिनको सामर्थ्य समूह–समूह बनेर आएको छ
अब तिनको चेतन सहस्र–सहस्र भएर उठेको छ
जस्तो कति–कति रातहरूलाई लट्ठ्याएर मेरो सामु
प्रत्येक नेपालीको देउतालाई शोषण गरिएको थियो
जस्तो तिनका रगत–पसिनाका अवमूल्यनहरू चढाएर
कठै! आह्लादको मुठीभर पुरोधा बनाइएको थियो कुनै घडी!
एकान्तमा नबोलेको कुरा अब बोलिदिन्छु
जस्तो उज्याला, उज्यालाको स्पर्श सर्वत्र हिँडिदिन्छु।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : कृष्ण सेन 'इच्छुक'

**नाम** : कृष्ण सेन

**जन्ममिति/स्थान** : २०१३ कार्तिक, देहरादुन, भारत

**सहादत** : २०५९ जेठ १३

**फोन** : ९८४१४४७५९१ (मार्फत तक्मा के. सी.)

**इमेल** : takmakc@yahoo.com (मार्फत)

**लेखनप्रारम्भ** : २०२८/२९ देखि

**प्रथम प्रकाशन** : *भोलिप्रति* (***मातृभूमि***, २०३२ तिर)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***इतिहासको यस घडीमा*** (२०५६), ***शोकाञ्जली*** (२०४२), ***बन्दी र चन्द्रागिरि*** (२०५६), ***बन्दी आवाज, कृष्ण सेन 'इच्छुक' का रचनावली***

**पुरस्कार/सम्मान** : कृष्णमणि पुरस्कार, साहित्यसन्ध्या पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मेरा कविता गद्य कविता हुन्। म गद्य कवितामा पनि पद्यको लयात्मकता दिन चाहन्छु।... लय कविताको एउटा विशिष्ट तत्त्व हो।... कवितालाई सामान्य गद्यबाट छुट्ट्याउने र त्यसलाई सपाटपनबाट जोगाउने प्रमुख तत्त्व नै लयचेतना हो। (साभार : ***आस्था र निष्ठाका सतिसाल कृष्ण सेन इच्छुक***)

**नजरमा आफै** : मेरो हातबाट मेरो कलम खोसेर मलाई हतकडी पहिराइए पनि हामीहरू यात्रामा फेरि सँगसँगै कलमहरू उठाउनेछौँ।... पेसागत रूपले म पत्रकार भए पनि मूलतः म आफूलाई संस्कृतिकर्मी नै ठान्दछु। (साभार : ***आस्था र निष्ठाका सतिसाल कृष्ण सेन इच्छुक***)

**सम्पादकको कलम** : जनसङ्घर्षदेखि जनसमरसम्मका महागाथाहरूको कलात्मक स्वरूप दिने महान् साहित्यिक हस्तीहरूमा कवि कृष्ण सेन 'इच्छुक' को कवित्व नेपाली साहित्यिक जगत्को अग्रपङ्क्तिमा स्तम्भित छ। वर्गसङ्घर्षको घात-प्रतिघात र तत्सम्बद्ध सूक्ष्म करुण संवेदनशीलतासहित शब्द र अर्थको बेजोड संयोजनमा कवि इच्छुकका कविताहरू सौन्दर्यात्मक आदर्शको संवहन गर्दै विद्रोह र क्रान्तिकारी आस्थाको रङ्गमा निजत्वसहित सहज र सुन्दर कलाकारिताको विम्बात्मक मूर्च्छना सम्प्रेषित गर्न सक्षम छन्।

●

*कृष्ण सेन 'इच्छुक'*

# आइती

●

परेला रुझेको तिम्रा आँखामा
असीम पीडा छैन
यो पनि म भन्दिनँ
पीरले भक्कानिएको तिम्रो मुटुमा
असह्य वेदना छैन
यो पनि म भन्दिनँ
पानी दर्किरहेजस्तै तिम्रो मन धर्किरहेछ, आइती
तिमी रोइरहेकी छौ/आँसु काढिरहेकी छौ
आज तिम्रो सिउँदोको सिन्दूर पुछिएको छ
तिम्रो रहर खोसिएको छ/तिम्रो खुसी खोसिएको छ
मालीबिनाको फूलबारीमा मैलोजस्तै एक्ली छौ, आइती
आज तिम्रो उमेरको जोली खोसिएको छ।

पहराको निर्जन फूलजस्तो तिम्रो जीवनमा
विपत्को पहिरो गएको छैन
यो पनि म भन्दिनँ
विरहले जलेको व्यथित तिम्रो हृदयमा
सन्तापको वज्र परेको छैन
यो पनि म भन्दिनँ
आज तिमी हैन मेरो जीवनै उजाडिएजत्तिकै उदास छु म पनि
आइती, तिमी नै भन तर रोएर के हुन्छ?
रहरहरू जलेर खाग भएझैँ बेहाल तिम्रो छातीमा
घात-प्रतिघातको हुन्डरी चलेको छैन
यो पनि म भन्दिनँ
मन भरङ्गिएको शोकसन्तप्त आलो यौवनमा
विषादको हुरी बहेको छैन
यो पनि म भन्दिनँ
आज तिमी हैन मेरो संसारै बिरानिएजत्तिकै विह्वल छु म पनि
आइती, तिमी नै भन तर पीर गरेर के हुन्छ?

यो वर्ष
बाँधेर आँसुले हितको मायालाई

ऊ जाने बाटो छेकेकी थियौ तिमी
साहूको पेचले रन्थनिएको खसमलाई
अँगालोको छाँदले बेरेकी थियौ तिमी
गरेर छियाछिया विदीर्ण मुटुलाई
ऊसँग दसबिन्ती हात जोडेकी थियौ, तिमी
तर, तिम्रो शिरको स्वामी
विवशताको चोट र मर्दको इखले
जाल फाँडेर मुक्ताकाशमा उडेको पन्छीझैँ
वेग हान्दै लाहुर गएको थियो
निष्ठुरीजस्तै तिम्रो हितको परानी
तिमीलाई छाडेर दूर कतै भाउन्निएको थियो।

जस्तो कि
सानैमा टुहुरा हुने
यस देशमा असङ्ख्य नाबालक छन्/तिनलाई हेर
बैँसमा अबलाको जिन्दगी गुजार्ने
तिमीजस्तै हजार न हजार विधवा छन्/तिनलाई हेर
आर्जन खान नपाउँदै तन्नेरी छोराको
निःसन्तान भई मर्ने
पितृजस्तै वृद्ध मातापिता छन्/तिनलाई हेर
के पाए र तिनले पनि तिमीले जस्तै ती लाहुरेबाट
दसधारा आँसुको भाराबाहेक
के छ र तिनीहरूसँग पनि तिम्रो जस्तै
कष्ट, क्लेश र पीडाबाहेक
आइती, दुःखको भारी र चिन्ताबाहेक।

यसरी, ती जो लाहुर गएर
अर्कैको मुलुकमा पसिना बगाउने गर्छन्
तिनको पसिनाले खडेरीमा
आफ्नै घरको एक बित्ता बारी भिजे कति हुन्छ
ती जो अर्कैका लागि
नाहकमै लडेर व्यर्थैमा मर्ने गर्छन्
तिनको रगतले आफ्नै देशका
बन्जर, मरु र टार रातै पारी सिँचे कति हुन्छ
आइती, अब त मुख फोरेर बोलिदेऊ

पराईको लाखमा घिनले बाँच्नुभन्दा
आमाको काखमा हाँसी–हाँसी मर्न सिके कति हुन्छ!
●


## इतिहासको यस घडीमा

●
यस बेला केही निस्तेज शिरहरू झुकेर
सभक्ति अभिषेक चढाइरहेछन्
म तिम्रो ठाडो शिरलाई झन् ठाडो देख्न चाहिरहेछु
यस बेला केही दुर्बल मुठीहरू फुकेर
विनीत भावले जम्लाहात जोडिरहेछन्
म तिम्रो वज्रमुठीलाई झन् सबल देख्न चाहिरहेछु
यस बेला केही थकित पाइलाहरू गलेर
माझ–बिसौनीमै वास मागिरहेछन्
म तिम्रा जब्बर पाइलाहरूलाई झन् अग्रसर देख्न चाहिरहेछु
यस बेला केही कर्णकटु स्वरहरू काँपेर
प्रशस्ति वाचन गरिरहेछन्
म तिम्रो प्रखर वाणीमा युगको हुङ्कार सुन्न चाहिरहेछु।

व्यथित देशको चिन्ताले
आहत जनताको पीडा र सुस्केराले
हरदम अभिभूत तिमी
ए, मेरो युगको तरुण नायक!
यस बेला मैले कविता लेखूँ–नलेखूँ केही फरक पर्दैन
तर तिम्रो आँधीबेहरीमय महायात्रा भने रोकिनु हुन्न
इतिहासको यस सङ्क्रमणशील घडीमा
भोको पेटका ऊर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्र पुरुष
तिमी भने झुक्किनु हुन्न
कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस
तिमी भने यो फेदीमै अलमलिनु हुन्न।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : किशोर पहाडी

**नाम** : किशोरमान श्रेष्ठ

**जन्ममिति/स्थान** : २०१३ मङ्सिर २४, काठमाडौँ

**फोन** : ९८४१२२९७९६

**इमेल** : kishorepahadi@hotmail.com

**लेखनप्रारम्भ** : २०२८/२९ तिर

**प्रथम प्रकाशन** : *नव भानु तिमी नेपाली नव नभका* (*प्रतिभा,* २०२९)

**राष्ट्रिय स्तरमा** : *विन्दु* (***विदेह,*** २०३४)

**कृति** : ***घर-खण्डहर*** (२०३७), ***बाँच्नु र बाँचेकाहरू*** (२०३७), ***विशुदाइ*** (२०४५), ***सर्वज्ञ र सेक्स*** (कथासङ्ग्रह, २०५५); ***कथाकोण*** (संयुक्त कथासङ्ग्रह, २०४३); ***अध्याय*** (२०४७), ***किंवदन्ती*** (लघुकथासङ्ग्रह, २०५३); ***सहरमा बत्ती निभेको बेला*** (कवितासङ्ग्रह, २०५३); ***एकैसाथ हाँसौँ*** (२०५५), ***मालिक*** (अनुवादित कथासङ्ग्रह, २०५९); ***लमलम्ती दम*** (२०५७), ***त्यो तलाको आ-आफ्नो भाग*** (बालकथासङ्ग्रह, २०६१)

**पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा प्रथम पुरस्कार (२०२८), जी. ए. ए. सिल्ड (२०४०), साझा पुरस्कार (२०४५), युवा वर्ष मोती पुरस्कार (२०४८, अस्वीकार), पेन नेपाल पुरस्कार (२०४८), बालकृष्ण सम राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), पहलमानसिंह स्वाँर स्मृति साहित्य प्रतिभा सम्मान (२०६१), मैनाली कथा पुरस्कार (२०६३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविहरूका निम्ति कविता एउटा उडान हो जस्तो लाग्छ। पखेटा भएका चरीहरू जसरी आकाशमा उड्छन् त्यसरी नै कविका निम्ति कविता एउटा पखेटा हो। यसमा उड्न पाइन्छ, स्वतन्त्र भई हावामा कावा खान पाइन्छ।

**नजरमा आफै** : एउटा बुद्धू, मूर्ख, केही नजान्ने... तर सधैँ के-के न जानेको छु भनेर घमन्ड गर्ने। किशोर पहाडीले जिन्दगीमा के-के गल्ती गरेको छ, उसको के-के कमजोरी छ भनेर मलाई सब थाहा छ। त्यसैले सत्यमा ऊ एक बेकम्मा हो।

**सम्पादकको कलम** : वर्तमान पुस्ताका कवि किशोर पहाडी मूलत: कथाकार भए पनि उनका कविताहरू आफ्नो अस्तित्वको सूचना दिन स्वयम् समर्थ छन्। यद्यपि कथात्मक बान्कीमा काव्यधर्मिता निर्वाह गर्नु उनको निजी पहिचान हो। उनी आफ्ना कवितामा व्यङ्ग्यचेतसहित मान्छेको चेतनाले स्वीकृत गरेको पीडाको निष्कर्षमा उज्यालोको खोजी गर्छन्। यसैले उनका कविताहरू प्रसङ्ग र सन्दर्भहरूले इङ्गित गरेको आकाशभन्दा पनि प...र समयातीत छन् भन्ने मेरो दाबी छ।

●

*किशोर पहाडी*

## प्रजातन्त्र मेरो देशलाई

●

आकाशमा ताराहरू छन्,
धरतीमा किन छैन?
भएको भए खल्तीभरि
तिनै ताराहरू लिएर जान हुन्थ्यो,
अफिसबाट घरमा
ती साना छोराछोरीलाई
एकेकोटा बाँड्न हुन्थ्यो,
र भन्न हुन्थ्यो– "यो प्रजातन्त्र हो–
ल, उपभोग गर।"

छोराछोरीले ती ताराहरू के गर्दा हुन्?
छोराछोरीले प्रजातन्त्रलाई के गर्दा हुन्?
– बगैँचाको फूल ठानेर
कपालमा सिउरिँदा हुन् कि?
– काँचका गुच्चा ठानेर
औँलामा राखी खेल्दा हुन् कि?
या त दुधिलो चकलेट ठानेर
मुखमा राखी मर्‍याङमर्‍याङ टोक्दा हुन् कि?
– हावाको भकुन्डो ठानेर कि नभए
त्यसैलाई लात्तीले हानी मिल्काउँदा हुन् कि?

म बुइँगलमा छु,
उनीहरू तल आँगनमा छन्।
नत्र म तिनीहरूलाई भन्ने थिएँ–
"बाबूहो! यसो नगर,
बरु, सबैले आ–आफ्नो तारा
एकै ठाउँमा बटुलेर राख
– त्यसले
कमसेकम हाम्रो घर त उज्यालो होला।"

●

# मेरो छोरो पनि ठूलो मान्छे भएछ

●

वर्ष चौबीसको,
गहुँगोरो,
च्युँडोमा सानो खत भएको,
दुब्लो-दुब्लो,
चुरोट नखाने,
रक्सी नखाने,
अविवाहित,
घण्टाघर नजिकैको कलेजमा
आई. ए., बी. ए. र कुन्नि केजाति पढ्ने,
अग्लो-अग्लो
एक जना मेरो छोरो–
धेरै बाठो,
यस काठमाडौँमा कहाँ बस्छ खोइ?
– म उसलाई खोज्न आएको।

म उसलाई खोज्न आएको–
गाउँबाट उसको बाबु
एक्लै-एक्लै/भौँतारिँदै,
यता खोज्दै/उता खोज्दै।
मेरो छोरो–
साह्रै सोझो,
साह्रै कञ्चन,
बोल्नवर्न बिघ्न बाठो,
जतातते अगाडि लाग्ने,
अलि रिसाहा–
उद्दण्ड बानी,
धेरै पढ्ने/धेरै लेख्ने,
भावुक-भावुक मेरो छोरो
यस काठमाडौँमा कहाँ डेरा गरी बस्छ?
– म उसलाई खोज्न आएको
– उसको बाबु।

म उसको बाबु–
उसलाई अलिकति चामल लेराइदिएको
(भात पकाई खाला),
उसलाई अलिकति गुन्द्रुक लेराइदिएको
(च्वास्स अचार बनाउला),
पाखो बारी बेचेर
उसलाई अलिकति खर्च लेराइदिएको
(अभावले नपिरोल्ला),
उसकी आमाले बारीमा फलाएको
नासपाती लेराइदिएको
(खाजा बनाउला),
उसलाई यी सब माया–सद्भावनाका पोकाहरू
बुझाउन आएको–
– यो सहरमा कहाँ बसेको छ
खोइ मेरो छोरो ?

तर हरे !
जुलुसको माला लगाएर
आगोमा लडीबुडी खेल्दै हिँडेको
सारा नेपालले देखेको रहेछ उसलाई,
निडर छातीमा गोली थापेको
हाँस्दै–हाँस्दै ऐय्या... भनेको
साथीहरूले देखेका रहेछन् उसलाई,
रगतको आहालमा डुबेर
निसास्सिएको / छटपटिएको
वरपर सबैले देखेका रहेछन् उसलाई,
र अहिले म
रमागृहको सूचनापाटीमा टाँसिएको
उसको भव्य अनुहार देखिरहेको छु,
– आहा ! मेरो छोरो पनि ठूलो मान्छे भएछ।
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : हेमन्त श्रेष्ठ

**नाम** : हेमन्त श्रेष्ठ

**जन्ममिति/स्थान** : २०१४ मङ्सिर ४, म्याङलुङ-तेह्रथुम

**फोन** : २०२५७७३८९७ (अमेरिका)

**इमेल** : shresthahemanta@hotmail.com

**लेखनप्रारम्भ** : २०२९

**प्रथम प्रकाशन** : *नयाँ वर्ष* (***मधुगङ्गा***, २०३०)

**राष्ट्रिय स्तरमा** : –



**कृति** : ***देश भोकाहरूको रोटी होइन*** (२०५५), ***गीत म कसरी गाऊँ*** (२०५५)

**पुरस्कार/सम्मान** : स्वर्ण पदक (नाटक महोत्सव, २०३४), कांस्य पदश (कविता महोत्सव, २०३६), रजत पदक (कविता महोत्सव, २०४०), स्वर्ण पदक (कविता महोत्सव, २०४१)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मान्छेको अन्तर्निहित हृदयको कलात्मक अभिव्यक्ति हो। सम्प्रेषणीय र आम हृदयले ग्रहण गर्न सक्ने कविता नै प्रिय र दीर्घजीवी हुन सक्दछ। कविता एउटा त्यस्तो अस्त्र हो जसले हृदय पनि पगाल्न सक्छ र युद्ध पनि जित्न सक्छ। आजको कविता मात्र कल्पनाको बादलमा उडेर इन्द्रेनीको पिङमा झुलिरहन चाहँदैन, न तलाउमा डुबेर आत्महत्या गर्न लागेको जूनलाई उतार्नमै मात्र सीमित रहन्छ। अत: प्रकृति, जीवन र समाजमा आबद्ध शाश्वत सत्यको समुद्घाटनमा लागिपर्नु आधुनिक कविताको ध्येय हो।

**नजरमा आफै** : सपाट खाली कागज। कविभन्दा बढी कविताप्रेमी। मिसावटी बजारमा मिश्रित हृदय र मिश्रित जीवन बाँच्न विवश एउटा मान्छे।

**सम्पादकको कलम** : वाद र गुटलाई अनायासै अरूको दृष्टि आफूमा केन्द्रित तुल्याउने हल्लाका रूपमा स्वीकार गर्ने कवि हेमन्त श्रेष्ठका कविताहरू समाज र जीवनलाई नयाँ गतिका साथ निरन्तर परिवर्तनशीलताको आग्रहमा लेखिएका हुन्छन्। देशको अस्मितामा प्रश्नचिह्न नलागोस् भन्ने अन्तर्चाह बोकेका कवि हेमन्त कवितामा मानवीय विवशता र बाध्यताको नकारात्मक सोचप्रति व्यङ्ग्यात्मक कटाक्षसहित प्रेम र शान्तिको मृदुल उद्घोष गर्छन्।

●

*हेमन्त श्रेष्ठ*

# परिचय

●

आवेदनपत्र भर्दाभर्दै
एक दिन मैले
बाबुको नाम आकाश लेखेँ
आमाको नाम धरती
आफ्नो मान्छे मान्छे
र ठेगाना लेखेँ सडक।

कसको छोरो हुँ था' छैन
कसको नाति हुँ था' छैन
सायद काम नभएर हो
या दाम नभएर हो
कसैले बाबु हुन स्वीकार गरेन
कसैले आमा हुँ भनेर सकारेन
जन्मँदा पहिलो पटक
मैले आकाशलाई देखेको थिएँ
धरतीलाई चुमेको थिएँ
र आजन्म
मान्छेको मखुन्डो भिरेर
सडकमा भौँतारिइरहेछु।

कति दोहोऱ्याउने
आडम्बरी नामहरू
जिन्दगीले सधैँ
भोगिरहेछ पराजय
भर्दाभर्दै आवेदनपत्र
मैले हराइसकेछु
आफ्नो खास परिचय।

●

# गीत म कसरी गाऊँ?

●

छेउमा सागर छ
सागरसँगसँगै अनन्त लहर
र लहरसँगसँगै अनन्त सङ्गीत छ
म किनारको प्यासी बगर बनेर
पानीको गीतमा कसरी रमाऊँ?
तृष्णा बोकेर मनभरि
गीत म कसरी गाऊँ?

चाहेको वसन्त हो
कहिले पलाँससम्म फुलेन
गुराँसको रक्तिम अनुहारमा
स्वयम् लालीको रङ्ग चढेन
चाहनाको असीम गन्तव्यमा
अभावको काँडा कुल्चेर म
कसरी यात्राको टुङ्गो लगाऊँ?
उमेर काटेर बिनाअर्थ
गीत म कसरी गाऊँ?


भाषा छ तर शब्दहरू कैद छन्
सङ्गीत छ तर स्वरहरू कुँजिएका छन्
बिनादृष्टि कसरी म आँखाले देखूँ?
बिनाआवाज गीत म कसरी गाऊँ?

सारङ्गी बन्न सकिएन
कि खोक्रो पेटले पनि सङ्गीत सिर्जन सकूँ
अचानो भएर जिउन सकिएन
कि चोट खपेर पनि चुपचाप सहिरहूँ
आफ्नो त मन छ
मनसँगसँगै दुख्ने तन छ
कसैले बजाउँदैमा बज्न सकिएन
खुकुरी नाच्दैमा नाच्न सकिएन
एउटै बगैँचामा फुलेर के गर्ने?

म उन्यू गुलाफसँग कसरी प्रीत लाऊँ?
हीनताको बोझ बोकेर सधैँ
गीत म कसरी गाऊँ?

जीवनमा धेरै-धेरै पटक रोएँ
रोएर बाँच्नुलाई जीवन भनेँ
तर रोदनका स्वरहरू गीत बनेनन्
आँसुका थोप्लाहरू मोती बनेनन्
कलेँटी परेका ओठहरूले
कसरी मुस्कान छर्न सक्छ?
व्यथाले पोलेका गलाहरूमा
कसरी हाँसो रमाउन सक्छ?
ग्रहणले छोपेको घामबाट
स्वर्णिम ज्योति कसरी पाऊँ?
पीडा साँचेर मुटुभरि
गीत म कसरी गाऊँ?
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : राजेश्वर कार्की

**नाम** : राजेश्वर कार्की

**जन्ममिति/स्थान** : २०१४ मङ्सिर २६, खलङ्गा, जाजरकोट

**फोन** : ९८५१०३४०१६

**इमेल** : info@mountdigit.com

**लेखनप्रारम्भ** : २०२९

**प्रथम प्रकाशन** : ***नवरत्न***, नेपालगन्ज, २०३३

**राष्ट्रिय स्तरमा** : *दिपायल* (**कविता**, २०४३)



**कृति** : ***मेरो कविताको अन्तिम पृष्ठ*** (कवितासङ्ग्रह, २०६२); ***www.nepalikalasahitya.com*** (विशुद्ध साहित्यिक वेब पत्रिका), ***सगरमाथाको नृत्यमग्न आत्मा*** (प्रतिनिधि आधुनिक नेपाली कविता, सल्लाहकार सम्पादक), ***सिर्जना, कुशे*** (साहित्यिक पत्रिका) को सम्पादन

**पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०४४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता शब्दको सबैभन्दा सुन्दर कलात्मक भ्रम हो। यही भ्रमले मलाई अतिशय सुख दिन्छ। सायद भ्रम टुटेको दिन म दुःखी हुनेछु; जतिखेर संसार निस्पट्ट अन्धकार र कहालीलाग्दो लाग्नेछ।"

**नजरमा आफै** : जीवनको अन्तर्यात्रामा सत्यको खोजी गर्दागर्दै कसो-कसो, कता-कता भ्रमपूर्ण मादकतामा रमाएजस्तो भीडको एउटा पात्र।

**सम्पादकको कलम** : सशक्त प्रभावशील संरचनाले समयसित आफ्नो काव्यिक जिजीविषा अक्षुण्ण राख्न समर्थ कवि राजेश्वर कार्कीका कविताहरू जीवनका शाश्वत विसङ्गत पीडामा झङ्कृत हुँदै अस्तित्वको गीतमा ध्वनित हुन सक्षम छन्। कवितामा उनका शब्दहरू आफ्नो मौलिक रुवाइमा आँसु बनेर झर्छन्, तिनै पीडाका आवाजहरू सङ्गीत बन्छन् र विचारको सौन्दर्य, कथात्मकता एवम् व्यङ्ग्यधर्मिताको ध्वनिमाधुर्यसहित आफ्नै लयमा तरङ्गित हुन्छन्। यहींनेर कवि राजेश्वर कार्कीको कवित्व बेग्लो अस्तित्वमा मुखरित हुन्छ।

●

*राजेश्वर कार्की*

## मेरो गाउँ

●

शान्त भूगोलको हिमाली फेदमा बसेर
बिहानीको मृदु घामभरि
आफ्नो सौन्दर्य छरिरहेकी नवयौवनाजस्तो
अनि तिनै यौवनाको प्रेमभरि-भरि
प्रथम स्पर्शजस्तो
मेरो गाउँ–
आज, आफन्तहरूबाटै बेचिएर
यौवन लुटिएकी
अनि लुटिएर एड्ससहित फर्केकी
तिनै यौवनाको बेवारिस सपनाजस्तो
मेरो गाउँ–
यतिखेर, मुक्तिका नाममा
आर्यघाटमा मृत्यु कुरिरहेछ

सुनिन्छ–
मेरो गाउँको जस्तो
बेवारिस लासहरू जिम्मा लिन
सहरमा
थुप्रै एन. जी. ओ. हरू खुलेका छन्।

●

# विचार, सालिक र एकाकार

●

साँझ झमक्क परेपछि–
त्यो आदिम बस्तीमा उनीहरू आए
र विचारको खेती गरे

बस्तीका मानिसहरू
आगन्तुक विचारको पछि लागे

उज्यालो भयो–
बस्तीमा विचारको हरियाली छायो
बस्ती शान्त र सुन्दर देखियो

लेखिएका विचारहरूले भित्ता र पर्खालहरू चित्रमय भए
विचारकै रङ्गजस्ता घरहरू अग्लिए
बस्ती रङ्गमय भयो

देउराली–भन्ज्याङमा विचारकै हावा चल्थ्यो
चौतारीको छायामा विचारकै शीतलता हुन्थ्यो
त्यस बस्तीका पुल, कुलो र कुलेसाहरू सबै
सत्यमा विचारकै निकास थियो

बस्तीमा पुल जता थियो
मान्छेहरू त्यतै हिँड्थे
कुलो–कुलेसाहरू जता बग्थे
मान्छेहरू त्यतै लाग्थे

बस्ती विचारले सम्पन्न भयो?

मध्याह्नमा–
हेर्दाहेर्दै विचार फैलाउने मानिसको भव्य सालिक उभ्याइयो
चुपचाप मानिसहरू सालिकको पूजापाठ गर्दै रहे
उनीहरूले त्यही संस्कारलाई
आफ्नो सभ्यता बनाउँदै लगे

फेरि साँझ पऱ्यो–
शान्त बस्तीमा एकाएक अर्को ठूलो विचारको हुरी चल्यो
बालुवा–माटोका कणदेखि पतकरहरूसम्म पछि लागे
विचारको द्वन्द्व बस्तीभरि फैलियो

द्वन्द्वमा दुई विचारको अहम् टकराउँथ्यो
सपना देख्ने आँखामा चटचाङ पर्थ्यो
विचार, बस्तीको रूख–रूखमा पनि झुन्डिएको थियो
उक्त बस्तीका पाखा, पखेरा, रूख, ढुङ्गा, माटोबाट
विचारकै बास आउँथ्यो

बस्तीमा रात पऱ्यो–
पहिलो विचार सङ्कुचित बुझियो
मध्यरातमा–
सङ्कुचित विचार राख्नेको सालिक भत्काइयो
बस्ती क्रान्तिमय भयो

विचारले मान्छे बृहत् भए
तर बस्ती अत्यन्त साँघुरो भयो
अर्को विचार लेख्ने ठाउँ बस्तीमा बाँकी रहेन
किनभने विचार मानिसको मनमा नलेखेर
बस्तीका ढुङ्गा, माटो, भित्ता, पर्खाल र रूख–रूखमा लेखिएको थियो

यो रात–
म विचारको औचित्य खोज्दै
नौलो बिहान पर्खिरहेछु... !
जसरी उज्यालोमा अन्धकार विलीन हुन्छ
उसै गरी भिन्न–भिन्न विचार राख्ने
सबै आत्माको एकाकार बिन्दु खोजिरहेछु... !!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : श्यामल

**नाम** : हरिहर अधिकारी

**जन्ममिति/स्थान** : २०१६ पुस ३०, दैलेख

**फोन** : ०१-४२८३१०६/९८५१०१८५०५

**इमेल** : shyamal59@hotmail.com

**लेखनप्रारम्भ** : २०२६

**प्रथम प्रकाशन** : २०३१/३२ तिर

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***तपाईंहरूमार्फत*** (२०४४), ***लयब्रह्म*** (कवितासङ्ग्रह, २०६०)

**पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार (२०५६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), दैवी प्रकोप उद्धार पदक (२०५०), हृदयचन्द्रसिंह प्रधान सम्मान (२०५९)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरा लागि अँध्यारोमा पनि सुन्न र चिन्न सकिने प्रिय व्यक्तिको पदचाप हो। यो भाषाको पनि भाषा हो। एक सुन्दर र पूर्ण कवितामा पाइने ध्वन्यात्मकता अन्य कुनै विधामा पनि पाइँदैन। कविता, तिम्रो पूर्णतालाई अभिनन्दन!

**नजरमा आफै** : म मानिसको चिन्तनप्रक्रियालाई प्रभावित गर्न चाहन्छु। जीवनलाई स्वच्छ राख्न चाहन्छु। गतिशीलता नै जीवन हो, तसर्थ गतिहीनहरूलाई गति दिन चाहन्छु। एक कविको हैसियतले म जीवनजगत्लाई कविताद्वारा सुन्दर किसिमबाट हस्तक्षेप गर्न चाहन्छु। यस दुनियाँका अरबौं मानिसहरूको सङ्घर्षमय जीवन मेरो कविताको विषय हो। यो कवि त्यही उपक्रममा बाँच्दछ।

**सम्पादकको कलम** : आधुनिक नेपाली साहित्यवृत्तभित्र कविताको गुणवत्ता र सिर्जनकौशलमा विशेष महत्ता कायम राख्दै आफ्नै मौलिक पारामा सिर्जनारत साहित्यिक यात्री कवि श्यामल आफ्ना कविताहरूमा सीमान्त सङ्घर्षमा बाँचिरहेका मानिसका आकाङ्क्षाहरू बोल्न प्रतिबद्ध छन्। कवितामा उनको जनसरोकारसँगको गहन अन्तरङ्गता स्पष्ट अनुभूत हुन्छ। बाँचेकै जीवनबाट तरङ्गित प्रतीक र बिम्बयुक्त कलाचेत र प्रगतिचेतको सुन्दर मिश्रणबाट सिर्जित जीवन्त कलाकारिताजस्ता उनका कविताहरू जम्मामा आह्लादकारी जीवनवादी सुन्दर आलापहरू हुन्।

●

*श्यामल*

## दुष्टगाथा

●

ध्यानमुद्रामा
जसले देख्न सक्छ
बलात्कारको सपना
र मन्दिरको देवतासामु उभिएर
जसले वर माग्न सक्छ
आफ्नो दीर्घायुको
जसलाई थाहा छ– कतै छैन ईश्वर
तर जसले किरिया खान्छ
ईश्वरका नाममा सयौँ पटक
जसको महलको जगमा छन्
करोडौँ मानिसका
कङ्क्रिट भइसकेका खप्परहरू
र जसले उभ्यायो बङ्गला
अरूका स–साना घरका भित्ताहरूबाट
झिकेर इँटहरू
सुन्नोस् दुष्टगाथा।

यो सुन्दर पृथ्वी
र यसका जङ्गलका हरिया फाँटहरू
अग्ला–अग्ला हिउँका पहाड
जोडले बग्ने नदीहरू
र खेतका पहेँलपुर फाँटहरू
सबैको सौन्दर्य निचोरेर

जसले पिउन सक्छ
गर्मी याममा चिसो सर्बत
जसले जाडो छल्न सक्छ
ओढेर न्याना कम्बलहरू
जसले सुटुक्क चोर्न सक्छ
अरूका आँखाका नानीहरू
र जसले गाउन सक्छ सन्ध्याकालमा भजन
जसले आफ्ना तीखा नङले झिकेर फाल्छ
आफ्नो पुरानो काँचुली
तपाईंहरू पनि सुन्नोस्
दुष्टगाथा!

जहाँतहीँ
गाउँ-सहर, जतातती
फैलिन्छ दुष्टगाथा हरेक प्रहर
मानिसको शरीरमा पढ्न सकिन्छ– दुष्टगाथा
वायुतरङ्गबाट सुन्न सकिन्छ– दुष्टगाथा
रेडियोलाई थाहा छ
यो कुन दुष्टको मौसम हो
क्यासेटमा सुरक्षित हजारौँ दुष्टहरू
अर्को नयाँ दुष्टको प्रतीक्षामा छन्– दराजमा
र अर्को दुष्ट नयाँ काँचुलीमा प्रकट हुन्छ
अखबारको सम्पादक
अफिसको हाकिम
र अरू-अरू
लिपिबद्ध गर्दै छन् दुष्टगाथा
कृपया सुन्नोस्– दुष्टगाथा।

यो बन्द गर्न
अघि बढेको जुलुस
तितरबितर भइसक्यो
र चालू छ, सुन्नोस्– दुष्टगाथा।
●

## दसनीको लेहङ्गा

●

तातो हावाको झोँकाले
फरफराउँछ
पराजित मुलुकको झन्डाजस्तो
दसनीको लेहङ्गा।

धेरै चोट सहिसक्यो
धेरै रगत बगाइसक्यो
धेरै बलात्कार खपिसक्यो
जमिनदारको बाँझो खेतमा
धेरै कुलो लगाइसक्यो
घामपानीको मारले
जति मधुरो देखिए पनि
अझै रङ्गीन छ
हजारौँ फूल फुल्ने उद्यानजस्तो
दसनीको लेहङ्गा!

दाउरा लिन गएको
जङ्गलबाट फर्केन
कसैलाई थाहा छ कि
कहाँ फरफराइरहेछ बुट्टेदार
दसनीको लेहङ्गा।

●

## कविसन्दर्भ



इन्दिरा प्रसाई

**साहित्यिक नाम** : इन्दिरा प्रसाई

**नाम** : इन्दिरा प्रसाई

**जन्ममिति/स्थान** : २०१४ फागुन ३, दार्जिलिङ

**फोन** : ०१-४७७१४५५

**इमेल** : nai@wlink.com.np

**लेखनप्रारम्भ** : २०२५ तिर

**प्रथम प्रकाशन** : *तिमी नै तिमी, मिसप्रिन्ट रेखाहरू* (*प्रयोग*, २०३२)

**राष्ट्रिय स्तरमा** : *अपाङ्ग वर्षको महारथी* (***कविता***, २०३८)

**कृति** : ***बाइपङ्खी घोडा*** (२०५७), ***नेपाल न्युज डट कम*** (२०५९), ***माल्दाइलाई चिठी*** (२०६१); ***तिमी हुनुको*** (२०५७), ***ए समुद्र!*** (लामो कविता, २०६३); ***मन सायद उघ्रँदैन*** (२०५१), ***बयान*** (२०५५), ***दोस्रो सत्ता*** (कथासङ्ग्रह, २०६२); ***विश्वामित्र*** (२०५५), ***रनमाया*** (२०५८), ***शिखा*** (२०५९), ***उसको लोग्ने र बिरालो*** (उपन्यास, २०६०); ***The Husband and the Cat*** (2005)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, युवा वर्ष मोती पुरस्कार, मैनाली कथा पुरस्कार, राष्ट्रिय गौरव युवा सम्मान, भानु साहित्य सम्मान, प्रबल गोरखा दक्षिणबाहु, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, गद्दी आरोहण रजत पदक

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मनभित्र उकुसमुकुसिएका अन्तरङ्ग भावहरू बाहिर निकालेर हलुङ्गो हुने उपायका रूपमा कवितालाई लिन्छु। सृजनाको सुन्दर फूलबारी पनि हो मेरा लागि कविता। कविता लेख्दा र सुन्दर कविता वाचन गर्दा पनि मलाई अपार आनन्द लाग्छ। साँच्चै भन्ने हो भने आनन्दप्राप्तिको मार्ग हो मेरा लागि कविता।

**नजरमा आफै** : पृथ्वीमा भएका असङ्ख्य जीवात्मामध्येकै एक जीवात्मा हुँ म पनि। तर म स्वयम्का लागि भने सम्पूर्ण जीवात्मामध्ये एक विशेष जीवात्मा हुँ।

**सम्पादकको कलम** : नेपाली साहित्यजगत्मा अत्यन्त सक्रिय, सिर्जनशील एवम् एउटा इमानदार स्रष्टाको नाम हो इन्दिरा प्रसाई। मानवीय सूक्ष्म संवेदनको गम्भीर एवम् सौन्दर्यात्मक प्रेमिल झङ्कार उनको काव्यिक वर्चस्व हो। इमानदारितालाई पहिलो मानवीय सर्तका रूपमा स्वीकार गर्ने कवयित्री इन्दिरा प्रसाईको हस्तक्षेप आख्यान विधामा पनि निकै बलियो रहेको यथार्थलाई कुनै अन्यथाले धमिल्याउनेछैन। कतिपय प्रस्तुतिमार्फत राष्ट्रको अहम् सवालमा उनी सरोकारयुक्त अनुभूत हुन्छ र सौन्दर्यपूर्ण आह्लादमय प्राञ्जल भाषिक निर्मितिका साथ उनको काव्यपरिसर सम्प्रेषणीय एवम् प्रभावक बनेको छ। यही उनको काव्यिक वर्चस्व हो।

●

*इन्दिरा प्रसाई*

## देश खोजिरहेका हामी

●

तिमीलाई गुमाएका
मर्मान्त मुटुहरू
र तिम्रो अँगालोमा पुग्ने
व्यग्रतामा छटपटिएका छातीहरू
शरणार्थी शिविरमा
भेटेर, देखेर र सुमसुम्याएर
ए देश!
म तिमी नहुँदाको
अनुभूतिको सूक्ष्म आभासले पनि
सधैँ आक्रान्त छु।

त्यसैले
देशसँग कतै छलछाम गरे
कसैले कतै विश्वासघात गरे
मेरो मुटु चस्कन्छ
कोही देशलाई
फगत निजी महत्त्वाकाङ्क्षाको भऱ्याङ बनाएर
माथि उक्लिरहे
भऱ्याङतल
अविश्वासको खाडल गहिरिँदै जान्छ
र ओर्लंदा
उसको भूगोल बिग्रिसकेको हुन्छ।

यस बेला–
कतिको प्रहारले
देश घाइते छ,
थकित/गलित/शोषित भएर
देश त्यसै–त्यसै लमतन्न मूर्तिभन्दा चिसो छ।

अब पनि यस्तै र यस्तै हो भने
शरणार्थी शिविरमा
हूलका हूल भोका र नाङ्गा
देश हराएका मानिसहरू
तिमी, म र हामीमा रूपान्तरित
सायद सबै र सबै शरणार्थी
देश हराएका
देश पचाएका
हामी शरणार्थी

* * *

र त्यस बेला बितिसकेको समयसँगै
देश खोजिरहेका हामी।
●

## बाइपङ्खी घोडा

●


ती टापका आवाजहरू
सुदूर कतै
हो कि होइन जस्तो
फर्कन पनि सकेनन्
अन्ततः हराए कि?

त्यस दिन पनि
हजुरआमाले हालेको कथा
सार्थक
साँच्चिकै सार्थक भएझैँ
लाग्यो मलाई
र आँखा च्याती–च्याती
हेरिरहेँ
निर्निमेष,
तर त्यो कथा
मात्र दन्त्यकथा रहेछ।

सधैँझैँ ऊ आएन
आएको जस्तो गरेर
झुक्यायो मात्र मलाई।
अलमल्ल परेर पनि
किन पर्खिबस्छु म!
थाहा पाइसकेर पनि
मन्द विष पिउन
किन तयार छु म!

अन्तःपुरका ती शब्दध्वनिहरू
घण्ट-घण्टका प्रतिध्वनिहरू
ओढारमा आइपुगेर
हिनहिनाउँछन्,
सन्देश बोकेर
सन्देश हराउँछन्।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : दुर्गा दाहाल


**नाम** : दुर्गा दाहाल

**जन्ममिति/स्थान** : २०१४ फागुन १४, तेह्रथुम

**फोन** : ०१-६९१४६७३, ९८४१९५३४१३

**लेखनप्रारम्भ** : विद्यालय जीवनदेखि

**प्रथम प्रकाशन** : *छोटा कविताहरू*
(***हिमाल***, विद्यालयको मुखपत्र, २०२९)



**राष्ट्रिय स्तरमा** : *एसियाली आवाज* (मुक्तक) (२०३३/३४ तिर)

**कृति** : ***टाँगिँदै गरेको आकाश*** (कवितासङ्ग्रह, २०४३)

**पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मलाई जहाँसम्म विश्वास छ, कविहरूलाई लेख्नलाई समय त नलाग्ला तर त्यसलाई प्रभावी रङ्ग दिन भने धेरै सोच्नुपर्छ। मैले कविताका लागि यो समय ज्यादा थोरै पाएको छु।

**नजरमा आफै** : मैले स्वतन्त्र बग्न दिएको छु ममाथि सधैं निर्बाध एउटा कालो नदी। मैले उसलाई कहिल्यै छेक्न नसक्ने भएर, मैले उसलाई कहिल्यै थुन्न नसक्ने भएर उसको आँगनको पेटीमा मात्र जीवनको वास मागेको छु।

**सम्पादकको कलम** : हिजोआज प्रकाशनमा त्यति नदेखिए पनि साहित्य, कला र संस्कृतिलाई राष्ट्रको सही पहिचान ठान्ने आफ्नो छिमलका एक सशक्त हस्ताक्षर स्रष्टा दुर्गा दाहाल मान्छेको सुन्दर जीवनका पक्षमा वकालत गर्ने जीवनवादी कवि हुन्। उनका कविताहरू विम्ब र प्रतीकको मनोरम क्रीडास्थलका रूपमा निकै प्रभावक बनेका छन्। उनी आफ्नै सतहमा आफ्नै हातको सिरानीमा निदाउन चाहने तर आफ्नो सतहभन्दा मा...थि-माथि, प...र-पर आकाशमा सपना देख्ने कवि होइनन्। बरु आफ्नै सतह र परिधिमा मुक्ति खोज्ने र त्यहीँको पीडा मन्जुर गर्ने जोखिमप्रेमी कवि हुन्।

●

*दुर्गा दाहाल*

## मान्छेको स्वर

●

स्वर त ढुङ्गाको पनि हुन्छ
कोइलीजस्तै
लोभलाग्दो
मलाई मान्छेको स्वर नै किन मीठो लाग्छ?
मुर्दाघारीमा एक दिन पाषाणमाथि
मैले आँखाहरूमा सलाम गरेँ
कसले बसालेछ बस्ती पनि मुटु छेड्ने
पाषाणभित्र अप्सरा देखेँ
स्वर त ढुङ्गाको पनि हुन्छ
कोइलीजस्तै
लोभलाग्दो
मलाई मान्छेको स्वर नै किन मीठो लाग्छ?
आफूलाई गुफामा खाँदेर छोड एक पटक
तिमी के छौ?
चुपचाप... शून्य!
छोएर जाने स्पर्शलाई सोध!
तिमी कति अग्ला छौ?
स्वर कस्तो छ?
स्वर त ढुङ्गाको पनि हुन्छ
कोइलीजस्तै
लोभलाग्दो
मलाई मान्छेको स्वर नै किन मीठो लाग्छ?

●

## साँढे

●

म अब घाँटीमा दाम्लो नभिर्ने भएको छु
बरु मलाई कुनै गोठ चाहिएन
बरु मलाई कुनै कटेरो चाहिएन
मलाई सन्तोष छ

तिमी मलाई पुरातन संस्कार देऊ
मलाई तिम्रो अप्रतिम हृदयोद्भाव देऊ
म अब एउटा देश टेक्ने भएको छु
म अब अर्कै प्रदेश कुद्ने भएको छु
मलाई दाम्लामा जिन्दगी साट्न नदेऊ
तिम्रो कुँडोमा म अब नअघाउने भएको छु।
रातको साङ्लाले मेरो खुट्टा कसेको देख्छौ होला तिमी
मेरो हातको झङ्कारमा विद्रोह देख्न सक्दैनौ
म त मुटुमा आगो सल्काएर पनि हिँड्छु
घामलाई बढाएर अझ उज्यालो पनि माङ्छु
मलाई यस्तो परिवेशमा कुनै गुम्फन चाहिँदैन
र म भन्छु
यसका नसालु हातहरूले मेरो मुटु नरोप
म मुटुहरूमा कहिलेकाहीँ गीत पनि बोक्छु
म मुटुहरूमा कहिलेकाहीँ जित पनि बोक्छु
मलाई दाम्लामा जिन्दगी साट्न नदेऊ
तिम्रो कुँडोमा म अब नअघाउने भएको छु।
मलाई चाहिएको छ मात्र साँढेका जुराहरू
जो धरखराउँदैनन्
नलरबराउन पनि हिँड्नु छ
रफ्तारमा हात्तीका पाइतालाहरू
एउटा कछुवाको होस पनि चाहिएको छ
एकक्षणलाई स्यालको फुर्ती पनि चाहिएको छ
म सिङ्गै पहाड अब नउभिने भएको छु
मैले जँघारमा पनि यात्रा खिल्नु छ
मलाई दाम्लामा जिन्दगी साट्न नदेऊ
तिम्रो कुँडोमा म अब नअघाउने भएको छु।
खोज्नुपर्दै छ सङ्गीतहरू काप-कापमा चट्टानतिर
चिसिएर हिमदही जमेका मुटुहरू
जुन धुकधुकी नपाएर पिपका डल्लाजस्ता
जुन स्वर नपाएर गोबरका गुइँठाजस्ता
मृत्यु गनाएर दङदङ्ती
सडक खाताखात पुरिएको छ
मेरो यात्रामा गन्तव्य कोही पन्छाउन खोज्दै छ
म यात्रामा अब वेग खोज्ने भएको छु


म अब घाँटीमा दाम्लो नभिर्ने भएको छु
बरु मलाई कुनै गोठ चाहिएन
बरु मलाई कुनै कटेरो चाहिएन
मलाई दाम्लामा जिन्दगी साट्न नदेऊ
तिम्रो कुँडोमा म अब नअघाउने भएको छु।
●

## हिँड्दै गरेको मान्छे

●
मान्छेको बस्तीमा मान्छेकै
अनुहार कोपर्ने खेती हुन्छ
मान्छेको बस्तीमा मान्छेकै
अनुहार बिगार्ने रहर हुन्छ
यो गल्लीमा दिमागको
सम्पूर्णता बिछ्याएर मान्छेले
हिँड्दै गरेको बाटो के हो?
मलाई भ्रमहरूले नै यहाँ
यात्रा रोक्ने घोषणा गर्छन्।
दर्शनका पर्खालले चारैतिर
छेकिसकेको हो हिजो नै मान्छेलाई
चटचाङको शक्ति बोकेर
प्वालबाट छिर्दै छ यहाँ मान्छे
कला भनेर मान्छेहरू
दृश्य चोर्दै छन् प्रतिदिन-रात
परेड भएर जत्थाहरू
अभ्यास गर्दै छन् प्रतिदिन-रात।
रिक्ततामा पनि सहानुभूति छ
कस्तो दीप्ति हो आशाको
अनवरत जीवनमा झरिरहेछ।
●

# कविसन्दर्भ





**साहित्यिक नाम** : गोविन्द गिरी प्रेरणा

**नाम** : गोविन्द गिरी

**जन्ममिति/स्थान** : २०१५ वैशाख ५, मकवानपुर

**फोन** : ०१-७०३-५८७-०७९५ (अमेरिका)

**इमेल** : ggprerana@gmail.com

**लेखनप्रारम्भ** : २०३१ सालदेखि

**प्रथम प्रकाशन** : *स्वतन्त्रता* (स्थानीय भित्ते पत्रिका, हेटौडा)

**राष्ट्रिय स्तरमा** : *जीवन एक शब्दचित्र* (***गोरखापत्र***, २०३७)

**कृति** : ***स्वप्नकथा जारी छ, अचानक एक दिन, फूलहरू केही त बोल, राजमार्गका सुन्दरीहरू, दुई दशकका आवाजहरू*** (कवितासङ्ग्रह); ***सुतेको समुद्र, अन्तराल, यात्रा : अनन्त*** (कथासङ्ग्रह); ***फेरो, टिस्टाको किनारैकिनार, गुडबाई अमेरिका*** (यात्रासंस्मरण); ***पाउली बुलु*** (निबन्धसङ्ग्रह); ***प्रजातन्त्रको काफल पाक्यो हजुर*** (व्यङ्ग्य); ***तेलको धूप*** (समालोचना); ***उत्खनन, पाखण्डपर्व, अन्तिम खाडल, मात्र एक रात*** (उपन्यास)

**पुरस्कार/सम्मान** : नारायणी वाङ्मय पुरस्कार (२०४६), युवा वर्ष मोती पुरस्कार (२०५४), मैनाली कथा पुरस्कार (२०६१), शिवप्रसाद उन्नयन पुरस्कार (२०५३), प्रतिभा युवा सम्मान (२०५६)

# दृष्टिसन्दर्भ

**कविताप्रति** : कवितालाई म अत्यन्त आवेगको कलात्मक अभिव्यक्ति मान्दछु। म कविता सोचेर, घोत्लिएर होइन आवेगमै लेख्दै आइरहेको छु। आवेगको झिल्को नै कविता हो।

**नजरमा आफै** : म जे हुँ त्यो अत्यन्त कमले भनौँ नगण्यले नगण्य मात्र बुझेका छन्। सबैले जे बुझेका छन् त्यो म होइन। म गलत अर्थलगाइको सिकार (Victim of Misinterpretation) भएको छु।

**सम्पादकको कलम** : नेपाली साहित्यजगत्मा अत्यन्त कर्मठ एवम् सिर्जनशील सक्रिय प्रतिभाको नाम हो स्रष्टा गोविन्द गिरी प्रेरणा। गद्य र पद्य दुवै क्षेत्रमा समान रूपले कलम चलाउने कवि प्रेरणाले आधुनिक नेपाली कविताको इतिहासमा आफ्नो चेतना र संस्कृतिगत सृजनधर्म सशक्त बनाइसकेका छन्। उनी कवितामा आफ्नो सौन्दर्यचेतको सीमान्त फेदीबाट विम्ब, प्रतीक र मिथकको मनोहारी चित्रात्मक संयोजनसहित शिष्ट व्यङ्ग्यधर्मिताको रङ्गले विशिष्ट ध्वनिको अवतरण गराई भावकीय अन्तर्कन्दरामा अनुरणन सिर्जना गर्छन्। यहीँ उनले कविताको सार्वभौमिक प्रासङ्गिकतासहित काव्यिक स्व हासिल गरेका छन्।

●

*गोविन्द गिरी प्रेरणा*

## फूलहरू केही त बोल!

●

फूलहरू केही त बोल!

फूलहरू!
बगैँचामा फुलेर मात्र पुग्दैन
सुगन्ध छरेर मात्र पुग्दैन
मौनताले अभिषेक गरेर
एकान्तमा
साथ दिएर मात्र पुग्दैन
अब चुपचाप बसेर पुग्दैन।

फूलहरू केही त बोल!

तिम्रो सौन्दर्यले मलाई
नराम्ररी लट्ठ्याएको छ
तिम्रो सुन्दरताले मलाई
घरी-घरी पछ्याएको छ
तिम्रा अव्यक्त गीतका पङ्क्तिहरू
मैले बुझिसकेँ र पनि
मलाई त्यतिले पुगेन
मलाई तिम्रो भाषा चाहिन्छ
मलाई तिम्रा शब्दहरू चाहिन्छ।

फूलहरू केही त बोल!

युग–युगदेखि
चुपचाप–चुपचाप
उमेरहरू बितायौ
कोपिलैमा टिपे पनि चुप
फुलेर टिपे पनि चुप
ओइलाएर झर्दा पनि चुप
बगैँचाबाट बैठकमा सजिँदा पनि चुप
यतिन्जेल जति चुप भयौ तिमी
अब त केही बोल!

फूलहरू केही त बोल!
●

## बालकको भविष्य

●
बुद्धजयन्तीको बिहान
स्वयम्भूमा शान्तिका लागि
कामना भइरहेछ
सेता परेवा उडाइएका छन्
यसै बेला पश्चिमी राष्ट्रमा
एउटा शक्तिशाली आणविक परीक्षण
पूरा गरिएको छ
र ठीक यति बेला नै
एउटा बालकले
सकुशल आफ्नी आमाको कोखबाट
पृथ्वीमा पदार्पण गरेको छ
म यति बेला
अत्यन्त असजिलोसँग
बुद्ध सोचिरहेछु
त्यो बालकको भविष्य सोचिरहेछु।
●

# हराएको अनुहार

●

बालककालदेखि नै
आफ्नो अनुहार हेर्ने गरेको
ऐनामा
आफ्नै सासको बाफले
ढाकिदिएपछि
मैले आफ्नो अनुहार
क्रमशः धमिलो बन्दै गएको देखेँ
आफ्नो अनुहार आफ्नै कारणले
छेकिएको पाएँ।

म छाम्न थालेँ आफ्नो अनुहार
त्यो ऐनाको सतहमा
तर त्यहाँ त मेरै मुखबाट निस्केको
सासको बाफको बादल थियो
त्यो बादलको ओसको पर्खाल थियो।

मैले आफ्नो बाहुलाको फेरले
हतार-हतार पुछेँ ऐना र
खोज्न थालेँ
आफ्नो साबुत अनुहार!

भर्खरै हराएको मेरो अनुहार
ऐनामा यथावत् थियो
म मुसुक्क हाँसेँ आफूलाई पाएर
ऐनाको प्रतिविम्ब पनि हाँस्यो उस्तरी नै।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : राधेश्याम लेकाली

**नाम** : राधेश्याम गुप्ता

**जन्ममिति/स्थान** : २०१५ असार २२, इलाम

**फोन** : ०१-४२३९३०७

**इमेल** : rlekali@gmail.com

**लेखनप्रारम्भ** : २०३० देखि

**प्रथम प्रकाशन** : *भानुप्रति* (***सौगात***, २०३१)

**राष्ट्रिय स्तरमा** : २०३९ (***सञ्चेतना***)

**कृति** : ***वर्तमानको दस्तावेज*** (२०३९), ***प्रेमाभिव्यक्ति*** (२०४३), ***काठमाडौँ र काठमाडौँ*** (मुक्तकसङ्ग्रह, २०६२); ***पहाडहरू जलिरहेछन्*** (कवितासङ्ग्रह, २०६५)

**पुरस्कार/सम्मान** : ब्रिटिस गोरखा अध्ययन तथा अनुसन्धान केन्द्र, नेपाल केबल टेलिभिजन एसोसिएसन आदि संस्थाबाट विशेष सम्मान, साथै विभिन्न साहित्यिक सङ्घसंस्थाबाट विभिन्न सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : सापेक्ष अनुभूतिको तात्कालिक कलात्मक प्रकाशन।

**नजरमा आफै** : बर्बरीकको साहस समेटिएको असहाय मान्छे।

**सम्पादकको कलम** : लेखनमा भन्दा पनि साहित्यिक गतिविधिमै समर्पित स्रष्टाको नाउँ हो राधेश्याम लेकाली। यद्यपि कवि राधेश्याम लेकालीका मुक्तकहरू निकै सशक्त छन्। उनी आफ्ना कवितामा अलिकति सूक्ष्म अनुभूति, अलिकति सामयिक विडम्बनासहित मानवीय मूल्यको आग्रहमा युगको सामूहिक आवाज भर्दछन्। उनका कविताहरू यिनै सत्यको कलात्मक प्रकाशन हुन्।

●

*राधेश्याम लेकाली*

# पहाडहरू जलिरहेछन्

●

प्रकृतिको विशिष्ट सङ्गीतमा
आह्लादित शान्त र सुन्दर पहाडहरू
आज ज्वालामुखी बनेर
घृणा, आक्रोश र वेदना पोखिरहेछन्
हो, यतिबेला
खरानी, आँसु र टाटा रगतमा
अनूदित
पहाडहरू जलिरहेछन्

सूर्यको न्यानो अँगालो,
हिमाली हावाको मीठो अनुभूति,
बादलुको लुकामारी
र प्रकृतिको विशिष्ट नृत्यमा
आत्मविभोर ती सुन्दर पहाडहरू
आज क्रूर हुरी-बतासले
तुवाँलो र धूवाँको मुस्लोभित्र कुरूप बनेका छन्
हो, यतिबेला
खरानी, आँसु र टाटा रगतमा
अनूदित
पहाडहरू जलिरहेछन्

गुराँस र लालुपाते सिउरेर
धान, फापर र तोरीको लहै-लहैमा
मस्त ती दृढ पहाडहरू
विकृति र विसङ्गतिहरूमा बेरिएर
निर्मल आकाशमा कलङ्क अग्लिएका छन्
आज, चराहरू
दुर्गन्धित जङ्गलबाट बसाइँ सर्न थालेका छन्

हो, यतिबेला
खरानी, आँसु र टाटा रगतमा
अनूदित
पहाडहरू जलिरहेछन्

पहाडका सुन्दरताहरू
बलात्कृत युवतीको अस्तव्यस्त यौवनजस्तो
विरूप देखिएका छन्
घाँसदाउरा जाँदा
पहाड ठोक्किँदै बज्ने मायालुका गीतहरू
नारा र आक्रोशमा बदलिएका छन्
पहाडको न्यानो र आत्मीयता
मुर्दाको चिसोपनमा परिणत भएका छन्
खेतमा बर्सात रुँगेर बसेको साइँलाको
बिनाबादल
चटचाङ लागेर मृत्यु हुन्छ
प्रेमको धडकन बज्ने मेरा अटल पहाडहरू
आज, आक्रोशमा चिच्याइरहेछन्
हो, यतिबेला
खरानी, आँसु र टाटा रगतमा
अनूदित
पहाडहरू त जलिरहेछन्
●


## मौसम रोकिँदा गुलाब हाँस्दैन
●
बस्तीभन्दा पर कतै
षड्यन्त्र र जालझेलमा
मौसम रोकिएको छ
र वर बस्तीमा
    न सृष्टि!
    न प्रेम!!
    न शान्ति!!!


यसैले, बोधिसत्त्वमा हिंसा रोपेर
गुलाब हाँस्दैन
परदेशको खोलमा
आकाशमा बाज उडाएर
निर्भय अस्तित्व रहँदैन
मान्छे, मात्र मान्छे हो
जीवनभन्दा परको रङ्गमा रङ्गिँदा
मान्छेलाई आफ्नै अनुहार सुहाउँदैन
मान्छेले मान्छेलाई नै नचिन्ने बस्तीमा
        न सृष्टिको अर्थ!
        न प्रेमको अर्थ!!
        न शान्तिको अर्थ!!!

फेरि आँखामा आत्मीय पीडाको आँसु
र ओठमा मुस्कान पनि
एकसाथ सुहाएजस्तो लाग्दैन
क्षमा र प्रार्थनाको आडमा
कुटिलताको रङ्ग
प्रकृतिको एक झर बर्सातमै
अस्तित्वमा रहन्न
बरु, निर्धक्क वर्तमानलाई
प्रकृतिको मौलिक रङ्गमा रङ्गिन देऊ
विद्रोहको सचेतन सुन्दरतामा
अलिकति सम्झौताको सुगन्ध भरिदेऊ

हो, बस्तीभन्दा पर कतै
षड्यन्त्र र जालझेलमा
मौसम रोकिएको छ
र वर बस्तीमा
        न सृष्टि!
        न प्रेम!!
        न शान्ति!!!
        ●

## कविसन्दर्भ





**साहित्यिक नाम** : विवश पोखरेल

**नाम** : मनोहर पोखरेल

**जन्ममिति/स्थान** : २०१५ भाद्र १५, सुनसरी

**फोन** : ०२१-५३२३३०, ९८४२०३३४९३

**इमेल** : biwashpokharel@gmail.com

**लेखनप्रारम्भ** : वि. सं. २०३२/३३ तिर

**प्रथम प्रकाशन** : ***नयाँ सन्देश***मा (२०३४)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***अनिदो रात र बत्तीका पुतलीहरू*** (कवितासङ्ग्रह); ***समयविम्ब, स्नेह-अस्त्र*** (कथासङ्ग्रह); ***कर्कलाको छाता*** (बालकवितासङ्ग्रह); ***साँढेको दाइँ*** (व्यङ्ग्यनिबन्धसङ्ग्रह); ***पालुवा, नागबेली, मोती, तरङ्ग, नवकृति***को सम्पादन

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, राष्ट्रिय कविता महोत्सवमा पुरस्कृत, षडानन प्रतिभा पुरस्कार, पेन नेपाल कथा पुरस्कार, मोहन रेग्मी स्मृति वाणी पुरस्कार, जेसिज सम्मान, शिरोमणि सम्मान (विराटनगर), नवरङ्ग साहित्य प्रतिष्ठान सम्मान (झापा)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवनका विविध अनुभूति सम्भवत: कविता हुन् कि! यथार्थको सघन जङ्गलमा म कविताको परिभाषा खोजिरहेछु। सौन्दर्यसुवास र रङ खोजिरहेछु।

**नजरमा आफै** : जीवनको व्यस्त प्लेटफर्ममा गन्तव्यको टिकट हराएर निराश बाँचेको एउटा मान्छे।

**सम्पादकको कलम** : कथाकार, निबन्धकार एवम् रङ्गकर्मी विवश पोखरेल एक सफल कवि पनि हुन्। उनका कविताहरू मानवीय विडम्बना र सीमान्त आस्थाका सुरुचिपूर्ण अभिलेख हुन्। प्रशंसा सिर्जनशील साहित्यकारको सफलताको अवरोध हो भन्ने मान्यता राख्ने कवि विवश पोखरेललाई आफ्नो गन्तव्यको टिकट कतै हराएको नभई कवितामै रहेको मौन सूचना दिन चाहन्छु। कलासाधनाले निश्चय नै उनलाई गन्तव्य-शिखर पुऱ्याउने नै छ।

●

*विवश पोखरेल*

## आज तिम्रो ग्राहक मात्तिएको छ

●

तृषित आँखाहरू–
पौडी खेल्न थाल्छन् जब
तिम्रो यौवनको मानसरोवरमा
त्यसबेला मलाई–
तृप्तिको एउटा शान्त नदी तरेको भान हुन्छ
सुन्दरी! अहिले मेरो आँखा मात्तिएको छ।

उत्तेजित हातहरू चोर स्पर्श गर्न
आवेगका उकाली उक्लँदै
कछुवाका चालसँगै जब हिँड्न थाल्छन्
तिम्रा सुकोमल वक्षसमीप–
सत्य, त्यसबेला मलाई–
प्राप्तिको एउटा ठूलो आकाश भेटेको भान हुन्छ
सुन्दरी! आज मेरो मन मात्तिएको छ।

खन्याऊ–
खन्याउँदा हातका चुराहरू नबजाई खन्याऊ
आँखाका चञ्चल परेलीहरू
नचलाई खन्याऊ
तिमीले मुछेका सितनमा कतै–
तिम्रो रूप र यौवनको गन्ध नआओस्
अचेल सुकिलो वातावरण मात्तिएको छ।

मातेका बेला हामी–
यस्तै अविवेकका कुराहरू गर्छौं
यस्तै अचेतनाका कुराहरू गर्छौं
नशालु आँखामा 'पेन्डुलम' भएर
हल्लिइरहेछन् तिम्रा रूप र यौवनहरू
बिन्ती, नरिसाऊ–
आज तिम्रो ग्राहक मात्तिएको छ।
●

## नेपाली जनता

●
कतै केही हराएजस्तो
कता–कता
आफू आफैसँग डराएजस्तो
तपाईंकै देशको–
नागरिकजस्तो लाग्ने
एउटा अनुहार
भर्खरै गाउँबाट सहर पसेको छ
नडराउनुहोला–
ऊ विरोध बोल्दैन
बोल्नै नसक्ने गरी उसको जिब्रोमा
दुर्भाग्यको कालो सर्पले डसेको छ
तपाईं अवश्य चिन्नुहुन्छ
सम्भवतः ऊ–
तपाईंकै प्रतिचित्र हो
जो–
विश्वासको चौतारीमा अझै
आश्वासनको छाता ओढेर बसेको छ।
●


## प्रश्न

●

एउटा विषम रात तिमीसँग छ
एउटा स्वर्णिम प्रभात तिमीसँग छ
खै, के रोजूँ? दोसाँधमा छु
खुसी तिमीसँग छ/आघात तिमीसँग छ
मात्र शीतका–
केही थोपाहरू छन् मसँग
कर्कलाको भिरालो पात तिमीसँग छ
खण्डित–खण्डित छन् जिजीविषाहरू
कसरी बाँच्नु?
सधैँ आँधी–बतास तिमीसँग छ
मेरा आस्थाका आकाशभरि–
सर्वत्र तिमी नै तिमी छौ
देख्छु मेघ तिमीसँग छ/बर्सात तिमीसँग छ
सधैँ कागजको घरभित्र छ, तिम्रो खुसी
जीवन तिमीसँग छ/मृत्यु तिमीसँग छ
तिमीले जे कोरे पनि हुने–
एउटा सादा 'क्यानभास' हुँ म
रङ्ग तिमीसँग छ/कुची तिमीसँग छ
रूप कोर वा कुरूप कोर, तिम्रो खुसी
एउटा शिल्पी हात तिमीसँग छ
सोधूँ, कसलाई सोधूँ?
सुनाऊँ, कसलाई सुनाऊँ??
समय, भन, तिमी आफै भन!
किन यसरी सधैँ मेरो विवाद तिमीसँग छ????

●

## कविसन्दर्भ

**साहित्यिक नाम** : प्रमोद प्रधान

**नाम** : प्रमोदकुमार प्रधान

**जन्ममिति/स्थान** : २०१५ असोज १५, विराटनगर

**फोन** : ९८४१२४०१६१

**इमेल** : pramodhan@yahoo.com

**लेखनप्रारम्भ** : २०२७ सालदेखि

**प्रथम प्रकाशन** : ***नयाँ सन्देश***मा (२०२९)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***रातभरिका सुस्केराहरू*** (२०३२), ***विभाजित मान्छे*** (२०४०), ***एकान्त गीत*** (कवितासङ्ग्रह, २०५४); ***केही अध्ययन : केही अनुसन्धान*** (समालोचनासङ्ग्रह, २०४४); ***कान समात कान*** (२०५३), ***कानाकाना कुर्र*** (२०६२), ***सधैँभरि लुकामारी*** (बालकवितासङ्ग्रह, २०६२); ***नेपाली बालसाहित्यको इतिहास*** (२०५७); ***मोरङमा पत्रकारिताको अर्धशताब्दी*** (२०६१)

**पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार, युवा वर्ष मोती पुरस्कार, नेपाल बासास बालपुस्तक पुरस्कार, साझा बालसाहित्य पुरस्कार आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मानवमन र मस्तिष्कमा जीवन र जगत्का विभिन्न घटना, परिदृश्य, आघात, सुख आदिबाट पर्ने प्रभावको कलात्मक शाब्दिक अनुभूति हो। यसले पार्ने प्रभाव अनन्त रहन्छ। कवितामा विचारको प्रभाव हुनु स्वाभाविक हो। तर यो विचारलाई 'राजनीतिक वाद' का रूपमा प्रस्तुत गरिनु हुन्न।

**नजरमा आफै** : म साहित्यमा रुचि राख्ने सामान्य व्यक्ति हुँ। साहित्यको अध्ययन मेरो रुचिको विषय हो।

**सम्पादकको कलम** : मानवीय सर्वोपरि सत्तालाई स्वीकार गर्ने स्रष्टा प्रमोद प्रधान आधुनिक नेपाली कविताको कालखण्डमा निकै बलियो हस्तक्षेपसहित प्रवेश गरेका एक गर्बिलो हस्ताक्षर हुन्। अत्यन्त लालित्यपूर्ण शब्दको जादुगरी लयबद्धतामा संरचित उनका कविताहरूमा कतै सौम्य अस्वीकृति, कतै प्रकृतिको इन्द्रधनुषी रङ्ग, कतै जीवनको विसङ्गत एवम् अराजक सौन्दर्य, कतै अप्राप्तिका शालीन गुनासाहरू स्वरित हुन्छन्। यस्तो लाग्छ, जम्मामा उनका कविताहरू मधुवर्षिणी मेधायुक्त सिर्जनशीलताका प्रतिफलन हुन्।

●

*प्रमोद प्रधान*

# मैले प्रेम गरेकी केटी !

●

तिनी चुपचाप थिइन्;
मैले तिनको हात नियालेँ–
भालेको पहिलो डाकसँगै सचेत तिनका हात !
रात्रिको प्रथम प्रहरसम्मै सक्रिय तिनका हात !!
पानीले खाएका औँलाका कापहरू
सुमसुम्याई हेरेँ– कठोर चट्टानझैँ हत्केला
र, भान्सा र बारीका काममा प्राप्त पारिश्रमिक
काटिएका दागहरू !
दायाँ हातको चोर औँलामा
गाउँमा गतवर्ष लागेको मेलामा किनेको पित्तलको औँठी !

गालामा समाएर आफूतिर फर्काई
मैले तिनका दुवै आँखालाई पढ्न खोजेँ–
त्यहाँ वेदना र पीडाले युक्त
अनेक कथाहरू कस्तरी सलबलाइरहेका रहेछन् !
मैले आकाशको उपमा सम्झेँ–
तर कहाँ आकाश र कहाँ तिनका आँखा !
कुनै साम्य नै भेटिनँ।

तिनी उभिइरहेकी थिइन्;
तिनीतिर फर्केर टुक्रुक्क बसी
तिनका दुवै गोडालाई हेर्न थालेँ म–
उहुँ ! सौन्दर्ययुक्त भन्ने केही थिएन
पटपटी फुटेका कुर्कुच्चा,
स–साना औँलाहरू र
भुक्क उठेको माथिको भाग !
तर त्यसले मौन भाषामा बताइरहेथ्यो–
'श्रमको मूल्य मीठो हुन्छ।'

म पुनः उभिएँ–
हेरेँ एक पटक सम्पूर्ण अनुहार
केही पनि त थिएन
छेडिएका कानका लोतीहरू
पुराना घाउका पाप्राझैँ पुरिइसकेका थिए।
नाकमा भने उही मेलामा नै किनेको
सानो नक्कली बुलाकी टल्किरहेथ्यो
ओठ हेरेँ–
कलेटी परेर काला परिसकेका थिए ती पनि,
तेलबिनाका कपालहरू शिष्ट थिए।

केही पनि त थिएन
सौन्दर्य तिनमा
शब्दकोशमा भएका शब्दहरूझैँ...
तैपनि, एउटा सम्मोहन थियो
        एउटा आकर्षण थियो
मैले बिस्तारै तिनलाई अँगालोमा बाँधेँ
र, तिनको छातीमा टाउको लुकाएँ
र, धुकधुकी सुन्दै रहेँ...
त्यहाँ एउटा आदिगीत बजिरहेथ्यो;
मानवताका लागि अनवरत सङ्घर्षरत रहने
प्रणले भरिएका गीत...
मैले तिनलाई छातीमा टाँसिरहेँ, टाँसिरहेँ।
(चोरेर प्रकृतिको अलिकति सौन्दर्य
तिनलाई पनि बनाएका थिए रे
तिनका सृष्टिदाताले!
तर, तिनी त प्रकृतिभन्दा सुन्दरी थिई...)
●

# जीवन कविताजस्तो किन हुँदैन ?

●

म फूललाई हेर्छु
र, फूलसँग जीवनलाई दाँज्छु;
मभित्र एउटा प्रश्न उम्रन्छ–
जीवन फूलजस्तो सुन्दर किन छैन ?

नदी प्रवाहपूर्ण वेगमा बगिरहेको छ
म जीवनलाई त्यही नदीजस्तै बाँचेको हेर्न खोज्छु;
तर, मभित्र एउटा विरोध बोल्छ–
जीवन नदीजस्तै प्रवाहमय किन छैन ?

मानिसका अनुहारमा अनेक पीडा बोलिरहेछ
जीवन पीडित अनुहार झैँ असहाय बाँचिरहेछ
हुन त जीवन उज्यालो दीपशिखा हुनुपर्ने हो;
म आफैसँग बहस गरिरहेछु–
जीवन दीपशिखाझैँ उज्यालो किन छैन ?

साँच्चै,
म आफैसँग प्रश्न गरिरहेछु–
जीवन फूलजस्तै सुन्दर किन छैन ?
जीवन नदीजस्तै प्रवाहमय किन छैन ?
जीवन दीपशिखाझैँ उज्यालो किन छैन ?

म आफैसँग बहस लडिरहेछु
जीवन यात्राजस्तै रोमाञ्चकारी किन छैन ?
जीवन सङ्गीतजस्तै सुरिलो किन छैन ?
जीवन कविताजस्तो किन हुँदैन !

●

# कविसन्दर्भ



**साहित्यिक नाम** : शारदा शर्मा

**नाम** : शारदा शर्मा


**जन्ममिति/स्थान** : २०१५ कार्तिक, स्याङ्जा

**फोन** : ०१-४७२१४६१

**इमेल** : sharma_sharada@hotmail.com

**लेखनप्रारम्भ** : २०२३ तिर

**प्रथम प्रकाशन** : *नहार्ने योद्धालाई मेरो बधाई* (***पूजा***, २०३९)



**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***सीमान्त अनुभूति, युद्धोपरान्त, स्वर्णसूत्र*** (कवितासङ्ग्रह); ***आस्थाको भग्नावशेष*** (कथासङ्ग्रह); ***बी. पी. कोइरालाका नारीपात्र : दृष्टिकोण र आकाङ्क्षा*** (समालोचना); ***अग्निस्पर्श*** (मुक्त आलेखसङ्ग्रह)

**पुरस्कार/सम्मान** : –

# दृष्टिसन्दर्भ

**कविताप्रति** : यो संसारमा एक थरीका मान्छेले प्रयोग गर्न रुचाउने अभिव्यक्तिको एउटा माध्यम हो। आत्मसन्धानको मार्गमा एउटा विधि हो साधनाको।

**नजरमा आफै** : खै, बडो भ्रमित हुने गर्छु– कहिले ठीकै छु जस्तो लाग्छ, कहिले केही पनि नमिलेको जस्तो लाग्छ। आफूलाई बुझ्ने-चिन्ने प्रयत्नमै छु अहिलेसम्म।

**सम्पादकको कलम** : नेपाली साहित्यजगत्का शालीन स्रष्टा शारदा शर्मा जीवनका उज्याला-अँध्यारा सन्दर्भित सौन्दर्यबोधी इमानका प्रस्फुरणस्वरूप सर्वोपरि मानवीय मूल्यवत्ताका मधुवर्षिणी मेधायुक्त कविप्रतिभा हुन्। कवितामा दार्शनिक छलाङ मार्नु उनको सोख हो भने शब्दको सार्थक क्रीडासहितको प्रेमिल तरङ्ग उनको काव्यिक गन्तव्य हो। सम्पूर्णमा बौद्धिकतापूर्ण हृदयविलास र परमानन्द उनको काव्यिक धर्मसिद्ध पहिचान प्राप्ति हो।

●

*शारदा शर्मा*

# अवतरित उत्कर्ष

●

एकक्षणका लागि
जाज्वल्यमान् भयो समय
लाग्यो
बाँकी रहेन कतै अपूर्णता
अभाव बाँकी रहेन
सपना देख्न आकाश बाँकी रहेन
यसभन्दा माथि
पाइला राख्न उचाइ बाँकी रहेन
उत्कर्षको यो स्वर्णबिन्दु
कल्पनाको अर्को शिखर निर्माण नहुँदासम्म त,
स्वर्ग हुनुपर्ने थियो
किन हो
विषादमय भयो।

तीव्र उष्णताको पराकाष्ठा
तीव्र शीतको कठोर ठिही
मान्छेका कल्पनाको उत्कर्ष
सधैँ विकट र नभेटिसक्नु
कुन्नि कस्तो हुँदो हो
शिखरको स्थायित्व अनुभूति
निसास्सिएर मर्दो हो उत्तेजित मान्छे,
गतिहीनताले कुँजो हुँदो हो
विजयपताका गाड्न बाँकी कतै भूमि नभेटेपछि
उत्साह बल्दो हो दनदनी
शोकले
अकर्मण्य मूर्ति हुँदो हो मान्छे
शिखरप्राप्तिको रोमान्सकारी सुख-सम्मोहन
अवरोध आरम्भ नहुँदासम्म त,
चरम आनन्दमय हुनुपर्ने थियो
किन हो,
बोझिलो भयो।


उचाइदेखि हेर्दा
तल्तिर
स-साना पुड्का सह-शिखरहरू
कहालीलाग्दो दूरीमा
पाताल भास्सिएको भूमि
अन्ततः ओर्लनै पर्छ
जति अकासियो
उति नै कष्टप्रद हुन्छ अवतरण
सन्तुलन डगमगाए
अस्तित्व चूर्ण-चूर्ण हुन्छ।

सदा-सर्वदाका लागि
कसैलाई कवै उपलब्ध छैन उत्कर्ष
अँगालाभरि नअटाएका नाजुक कल्पपुष्प
अन्तरमा जुर्मुराएका खुसीका अथाह ज्वारभाटा
कति नै जतन गरे पनि
अन्ततः

सिमलका भुवाझैँ छरिएर उड्नेछन् चारैतर्फ
पानीका फोकाझैँ फुट्नेछन्
यावत् विजययात्राहरूको अन्तिम निष्कर्ष
आफ्नै उचाइ र आकारमा
आफ्नै धरातलमा
सम्पूर्णतः एक्लै र रित्तै
पराजित भएर
आइपुग्नै पर्छ
अपरिहार्य छ पीडा निःसन्देह
खुसी त खुसीजस्तो हुनुपर्थ्यो
किन हो
निःसारताको छायामा
मान्छेको सुख सधैँ बिटुलो भयो।

त्रासदीको महासमुद्रजस्तो जीवनमा
क्षण-क्षणको उमङ्ग
अमर हुनुपर्ने थियो
पाइला उचालेपिच्छै
विजय-उत्सवको आयोजना हुनुपर्थ्यो
अजर हुनुपर्ने थियो यी स-साना प्राप्तिको सुख
चिरन्तन हुनुपर्ने थियो
किन हो,
सौदामिनीसदृश
खपिनसक्नु प्रचण्ड उज्यालो भयो क्षणभर
र तत्काल समाप्त भयो।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : राजेन्द्र शलभ

**नाम** : राजेन्द्र शर्मा

**जन्ममिति/स्थान** : २०१५ माघ १, भद्रपुर, झापा

**फोन** : ९८५१०४००७१

**इमेल** : rshalabh@gmial.com

**लेखनप्रारम्भ** : तीसको दशकदेखि

**प्रथम प्रकाशन** : ***सूर्योदय***मा (२०२६ तिर)

**राष्ट्रिय स्तरमा** : *मान्छे : आफ्नो जिन्दगीलाई किस्तामा जिउँछ* (***मधुपर्क***, २०३९)



**कृति** : ***उज्यालोको सर्त*** (कवितासङ्ग्रह, २०६५); ***दूबो***को सम्पादन

**पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेता (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४१), सर्वश्रेष्ठ निर्देशक (जी. ए. ए., २०४१ र २०४२)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : सायद, दुखिरहेको घाउमा मलम लगाउँछ कविताले।
सायद, रिस उठेको बेला थुमथुम्याउने हात बनेर आउँछ कविता।
सायद, बिरक्तिएको मनलाई स्नेहको अँगालोमा बाँध्छ कविताले।
सायद, रुन मन लागेको बेला दरिलो काँध थापेर उभिन्छ कविता।
सायद, खुसी बाँड्न सँगै हाँस्न आइपुग्छ कविता।

**नजरमा आफैं** : राजेन्द्र शलभ एउटै माध्यममा बाँधिएर बस्न सक्दैन। अक्षरहरूले व्यक्त गर्न नसकेको कुरा ऊ दृश्यहरूमार्फत अभिव्यक्त गर्छ भने दृश्यहरूले भन्न नसकेको कुरा ऊ अक्षरहरूका माध्यमले अभिव्यक्त गर्छ, तर अभिव्यक्त गर्छ।

**सम्पादकको कलम** : पुस्तकाकार रूपमा कवितासङ्ग्रहको प्रकाशन ढिलो देखिए पनि स्रष्टाको सृष्टि कसै गरी मर्दैन भन्ने सत्यका दाबी हुन् कवि राजेन्द्र शलभ। शब्दको शक्ति, सामर्थ्य र सीमासँग अन्तरङ्गबाटै परिचित कवि शलभको अन्तर्निहित सौन्दर्यचेतना उनका कवितामा विम्बात्मकता, कथात्मकता र व्यङ्ग्यधर्मितासहित दार्शनिक आडमा अभिव्यञ्जित अनुभूत हुन्छ। यो उनको शैलीगत काव्यिक निजत्व हो भने कालिक चेतको स्पर्शसहित अनेकौं टुक्राहरूमा जीवनका सूक्ष्म संवेदनहरूको प्रेमिल विन्यास गर्दै मिश्रित बहुलरङ्गको एकमुस्ट सौन्दर्यमा उज्यालो खोज्नु उनको वैचारिक निष्कर्ष हो।

●

*राजेन्द्र शलभ*

## आमा

●

सूर्यजस्तै ठूलो रातो टीका
निधारमा लगाउँदा
मेरी आमा साह्रै राम्री देखिनुहुन्थ्यो
संसारकै सबभन्दा तेजस्वी स्वास्नीमानिस
तर बुबा बित्नुभएपछि
आमाले रातो टीका लगाउन छोड्नुभयो
बिनाटीका मलिन देखिन्छ आमाको अनुहार।

जब–जब गोधूलिको बेला
निधारमा सूर्यको रातो टीका लगाएको
आकाशलाई देख्छु
म आमालाई सम्झन्छु।
रातो टीका लगाएको
आकाश पनि राम्रो देखिन्छ
तर आमाजत्तिको राम्रो होइन।

●

## उज्यालोको सर्त

●

औँसीको रात थियो
टुकी बालेर म
फर्किएको मात्र थिएँ
सेतो लुगा लगाएको
एउटा रवाफिलो मानिस
मेरा अगाडि उभियो।

उसको मुठीका कापहरूबाट
उज्यालो चियाइरहेको थियो
मैले उसलाई सोधेँ–
‘तपाईंको मुठीमा के छ?’
उसले जवाफ दियो–
‘उज्यालो!’
मैले फेरि सोधेँ–
‘उज्यालोलाई किन मुठीमा थुनेर राख्नुभएको?’
उसले जवाफ दियो–
‘तिमीलाई दिनका लागि!’
दङ्ग परेर मैले हात बढाएँ र मागेँ–
‘दिनोस् न!’
उसले मुस्कुराउँदै भन्यो–
‘एउटा सर्त छ,
यो उज्यालो पाउनका लागि
तिमीले आँखा चिम्लिनुपर्छ!’
छक्क पर्दै मैले उसलाई हेरेँ र सोधेँ–
‘आँखा नै चिम्लिएपछि
यो उज्यालोको के अर्थ?’
●

## किसान

●

चारआलीतिरबाट
दुई जना गाडीवानहरू
सूर्य अस्ताउनुअघि नै
रित्ता बयलगाडाहरू लिएर फर्के

रित्ता पेटहरूजस्तै
रित्ता गाडीहरूमा
हरेक साँझ यसरी नै
यिनीहरू
जीवनको भारी बोकेर
खेतबाट फर्किन्छन्

बिहान सूर्यसँगै ब्युँझेर
लहलह धान फलाउँछन्
र रित्तो बयलगाडी लिएर
साँझ सूर्यसँगै घर फर्किन्छन्।
●

## रगत, आगो र संवेदना


●
अखबारका पानाहरूबाट
उछिट्टिएर रगत मनभित्र जमेछ
रगत पखाल्नलाई पानी
मनसम्म पुग्दैन
र आँसुले रगत पखालिँदैन।


हजुरआमाले
भात पकाउँदै गरेको आगो
कसरी हो उछिट्टिएर
देशभरि सल्किएछ
एक गाग्री पानीले पनि
यो आगो निभ्दैन।

मनको ज्वालामुखी हो यो
छिटो शान्त पनि हुँदैन
डर छ कतै
मनको ज्वालामुखी पड्कियो भने
र सँगै मन पनि डढ्यो भने
संवेदना मर्नेछ
हाँसो पनि मर्नेछ।

र भोलिको अखबारमा
मुर्दाको देशमा
रगत हुनेछैन
आगो र आँसु पनि हुनेछैन।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : फणीन्द्र नेपाल

**नाम** : फणीन्द्र नेपाल

**जन्ममिति/स्थान** : २०१५ फाल्गुन २१, सङ्खुवासभा

**फोन** : ९८५१०७१०५१

**लेखनप्रारम्भ** : १० वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *सेवक बनेर विकास गरौँ* (**रासेद**, २०३३)

**राष्ट्रिय स्तरमा** : ***रूपरेखा***मा २०३७ तिर

**कृति** : ***फणीन्द्र नेपालका कविता*** (२०४५), ***कालरात्रिमा विम्ब खोज्दै*** (कविता-सङ्ग्रह, २०४८); ***तरलतावादको अर्थप्रकाश*** (लेखसङ्ग्रह, २०४४); ***पूर्वार्द्ध, नेपाल, द्यौराली, हिमशिला, सूक्तिसिन्धु र अन्य समालोचना, नरहरि आचार्यका समालोचना***को सम्पादन

**पुरस्कार/सम्मान** : राष्ट्रिय युवा वर्ष मोती पुरस्कार (२०५०), देवकोटा पदक (२०३७), स्रष्टा पुरस्कार (२०४७), बहादुर शाह राष्ट्रिय गौरव सम्मान (२०५४), विभिन्न कविता प्रतियोगितामा स्वर्ण पदक

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता अनुभूतिको तरलता हो। यो कल्पना र भावनाको आवेगको अभिव्यक्ति हो। यथार्थमा कविता कविको अहम्‌को तुष्टीकरण हो। कतिपय अवस्थामा यो बौद्धिक विलास पनि हो।

**नजरमा आफै** : तरलवाद (२०४०) को घोषणापछिका मेरा कविता अतिरिक्त स्वर हुन्। समकालीनहरूबीच मेरो कवितापथ र शैली नयाँ र अपरम्परागत छ। तरलवादी आन्दोलनपछिका मेरा कविताप्रति म सन्तुष्ट छु, तर नयाँ सम्भावनालाई तरलवादले अन्त्य गऱ्यो भन्ने होइन। अझै नयाँ केही गर्नु छ।

**सम्पादकको कलम** : वादका निम्ति साहित्य होइन, साहित्यका निम्ति वाद हो भन्ने मान्यता राख्ने नेपाली साहित्यमा तरलवादका प्रवर्तकमध्येका एक अग्रणी कवि फणीन्द्र नेपाल प्रयोगचिन्तन र नवीन अर्थसन्दर्भमा विम्ब एवम् प्रतीकको सघन संयोजनसहित जीवनका पक्षमा लडिएको युद्धका काव्यिक विजेता हुन् र उनका कविताहरू जितपछिको रौनकपूर्ण झङ्कार हुन्। चिन्तन र सौन्दर्य दुवै अर्थमा उनका कविताको प्रासङ्गिकता कालान्तरसम्म रहिरहनेछ भन्ने विश्वास गर्न सकिन्छ। यद्यपि यो परिणति नै स्रष्टाको सिर्जनशीलताको पूर्णविराम भने होइन, किनकि अर्थको तरलताका कारण जहीँकहीँ प्रश्नहरू बाँकी नै रहन्छन्।

●

*फणीन्द्र नेपाल*

# सृष्टिसौन्दर्य

●

पहँला किरणहरू अट्टालिकामा पोतेर
जब पल्टन्छ निस्तेज सूर्य हिमालका छाती र शिरहरूमा
गेरु रङले धरतीको सम्पूर्ण शरीर शिथिल पार्छ र धरती बिरामी पर्छ
शान्ति सुदूर क्षितिजको गोरेटामा सुस्ताउँछ
झ्याउँकीरीका प्रार्थनाहरू पहाडबाट ब्युँझेर चट्टानमा विलीन हुन्छन्
गोधूलि समयमाथि खसेको सन्ध्यासँगै धरती सघन रातको घुम्टो ओढ्छ
क्रमशः नैमिषारण्यका आख्यानहरू आगामा जल्छन् वा जलाइन्छन्
संस्कृतिका आदर्शहरू क्रान्तिमा धुजिन्छन् वा धुज्याइन्छन्
अलिकति विजयको अधिकतम उल्लासमा
छातीमाथि शान्त सन्ध्याको बीभत्स युद्धहरू
सशरीर एक अँगालो कालो रात र शतसहस्र नारा बोकेर ओर्लन्छन्
प्रतिरोधमा–
एक चिम्टी जूनको
एक फिलिङ्गो ताराको
उज्यालो आशा लिएर प्रवेश गर्दछन् सुस्तरी–सुस्तरी सृष्टिका वरदानहरू
एउटा सिङ्गै समुद्रलाई चुच्चाभरि समेटेर
कुइराको गतिमा गौँथलीका जोडीहरू वनचरीझैँ अज्ञात दिशातिर लाग्छन्
र लाग्छन् सायद 'ह्याङ्गिङ गार्डेन' को निर्माण
जति हुन्छ।

अनभ्यस्त हातहरूले आरक्त घाम समाउँदै डाँडाका हरिया चउरमा
त्यही फाँटबाट कलिला रश्मि उघाउन लागेका निर्विषाद र निश्छल शिशुहरू
प्रतीक्षामा आगतको
अनागतलाई लत्याउँदै खेलका क्रममा
शुभ्रतासहित शुभयात्राबाट फर्केका इन्द्रेनीका मङ्गल घडाहरूको पवित्र जलले
नव निर्माणका निम्ति सृष्टिसौन्दर्यलाई अभिषेक गर्छन्
हल्का गुलाफी रङमा आफ्ना अनुहारहरू स्निग्धताले रँगाउँदै ती साना नानीहरू
स्वराष्ट्रका अनुपम फाँटभरि
कहिले बुकीका बुटयानमा वैशाख भएर फुल्छन्
गुराँसका अनुरक्त पातहरूमा डाँफेका प्वाँख अल्झाएर
देवदारुको शीतल छायामा शान्तिको सास फेरेर
कहिले सम्पूर्ण सृष्टिलाई सौन्दर्यको उद्रक्त गमलामा सजाउँछन्!

सान्ध्य चन्द्रमाले जून छर्कंदै वक्र पहाडमाथिबाट शुभ साइत गर्छ
प्रभाती सूर्यले घाम पोख्दै विस्तीर्ण आकाशबाट मङ्गल घडीको सङ्केत गर्छ
साइतको सङ्केतसँगै सगुन चिह्नहरू लिएर साना नानीहरू कोमल पैतालाले
नाप्न सुरु गर्छन् देशलाई
मातृत्वको गङ्गालाई छातीभरि अटाएर
नानीलाई काखी च्याप्ने हतारमा हरेक आमाहरू
स्नेहका धारहरू लहराउँदै दुग्ध-सर्बत-सागरमा बहना खियाउँछन्
यो देखेर गौतमी बद्धशिलाको निर्वासन श्रापबाट मुक्ति खोज्छिन्।


जीवनको सतहमा जीवनको वृत्त र केन्द्र : रहस्यमय संयोजन
नील नदीको लहरझैँ तरङ्ग-तरङ्ग : एक समायोजन
घुम्छ आफैलाई आफ्नो यात्रा
चक्कर काटेर एउटा-एउटा क्रम यात्राको
नियात्रा, निर्मानवीकरण : जीवनका अत्यासलाग्दा क्षणहरूमा जीवन टुक्रिन्छ
निश्चलता, निरीहता : एउटा जीवनले अर्को जीवनलाई लखेट्छ
विध्वंस, मरुता : जीवन सन्त्रासले पिरोलिन्छ
जलन, तपन : जीवन ओइलिएर ढुङ्गाको आधारशिविरमा पल्टिन्छ
विनाश, विशृङ्खलता : जीवन बाँच्ने आधारहरू जीवनले नै गुमाउँछ

अन्धकार!
रात्रिको यस्तो निस्पट्ट अन्धकारमा पनि
बालकहरू आफ्नो हृदयको प्यालेटमा सिर्जनालाई जोगाउँछन्।

नाराको पराजयपछि सत्वर
छाप्राको निर्माणसँगै धूलामा एउटा युद्ध-खेलको तयारी गरून् यी नानीहरू
जीवनको प्रकाशका निम्ति इन्द्रधनु भाँचेर आँखामा विद्युन्मालाका तारा
चम्काउँदै
समयको अनन्त क्षितिजमा विजयका गीतहरूको प्रतिध्वनिसँग खेल्दै
आफ्नो गन्तव्य आफै पहिल्याऊन्
चारैतिर सृष्टिको सुन्दर बीज हरियो भएर फुटेको छ
हो, निर्माण पनि यिनै साना नानीहरू हुन् र सृष्टि पनि
जो लेकबाट झरेर बेँसीभरि सलबलाइरहेछन्
धरतीबाट उठेर आकाशभरि चलमलाइरहेछन्।

साना नानीहरू : जसका साथमा निर्माणको छिनो र हातमा सीप हुन्छ
साना नानीहरू : जसका अन्तरमा अज्ञात सौर्य र मुटुमा हिम्मत हुन्छ
साना नानीहरू : जसका हृदयमा धैर्य र मनमा विश्वास हुन्छ
साना नानीहरू : जसका आँखामा सुदूर भविष्यको सङ्केत र स्वप्निलता हुन्छ
लेख्दै भोजपत्रको मानचित्रमा स्वाभिमानको इतिहास र गाउँदै गीत अस्तित्वको
उः हेर (उनीहरूको आगमन पर्खेर बाटामा दुवैतिर लाममा बसेका पर्यवेक्षकहरू!)
कलम र राँको बोकेर आउँदै छन् उनीहरू
– आकाश र धरतीको सङ्गमस्थलबाट
– स्वर्णिम-स्वर्णिम क्षितिजबाट
ती जो आउँदै छन्
तिनीहरू नै सृष्टिका सुन्दर फूलहरू हुन्।
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : जीवन आचार्य
**नाम** : जीवन आचार्य
**जन्ममिति/स्थान** : २०१५ चैत २०, पाँचथर
**निधन** : २०४५ वैशाख २३, काठमाडौँ
**फोन** : ९८४१३८७६२२ (मार्फत सङ्गीता आचार्य)
**लेखनप्रारम्भ** : २०२७
**प्रथम प्रकाशन** : *हिमालय* (२०२७)
**राष्ट्रिय स्तरमा** : २०३२ (स्रोत : कमल जङ्गली)
**कृति** : ***अन्तहीन सुरुआत*** (२०४१), ***जीवनका धुनहरू*** (कवितासङ्ग्रह, २०४७)
**पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार (२०४०), डोली पुरस्कार

# दृष्टिसन्दर्भ

**कवितាप्रति** : म लेख्दा (कविता लेख्दा) आफूले भन्न खोजेको कुरालाई उपयुक्त शब्द सोच्छु। त्यतिबेला 'जनता', 'साहित्यको विकास' आदि केही पनि सोच्दिनँ। लेख्दाखेरि अभिव्यक्तिका लागि मिल्ने शब्द भेटिनँ भने बुरुस सामतेर रङ्ग पोत्छु; यति गर्दा पनि भएन भने विचार पकाउन जति समय खर्च हुन्छ होस्, खर्च गर्छु। (साभार : ***साहित्यकार परिचय र अभिव्यक्ति***)

**नजरमा आफै** : धुनहरू अभिमञ्चित गरेर पर्दाभित्र म पर्दा उघ्रने प्रतीक्षामा बसेको छु। पर्दा उघ्रँदैन। (साभार : ***अन्तहीन सुरुआत***)

**सम्पादकको कलम** : यथार्थताको कसीमा सौन्दर्यसुखको अभियानप्रति सचेत कुची र कलमका संयुक्त साधक कवि जीवन आचार्यका कविताहरू आधुनिक नेपाली कविताकै विशिष्ट छलाङ हुन्। यसैले कवि आचार्य स्वयम्मा एक वाङ्मय वा इतिहास वा एक सामूहिक संरचना हुन्। चाहे असङ्ख्य प्रश्नका साथ, चाहे आह्लादमय अभिव्यक्तिका साथ, चाहे व्यतिरेकी अनुभूतिका साथ, चाहे विडम्बनाका साथ, चाहे प्रयोगका साथ कवि आचार्यका कविताहरू सीमान्त प्रभावक छन्। यसर्थ उनी नेपाली कविताका सार्वभौम प्राण हुन्; जिजीविषा हुन्।

●

*जीवन आचार्य*

## सङ्गीतकार

●

धुनहरू अभिमन्त्रित गरेर पर्दाहरूभित्र
म पर्दा उघ्रने प्रतीक्षामा बसेको छु
पर्दा उघ्रँदैन,
पर्दा ढिलोसम्म नउघ्रिएकोमा उद्घोषण हुन्छ
"सङ्गीतज्ञको पेट खोक्रो सारङ्गी भएकाले
उहाँको लास मात्रै प्रस्तुत गर्न सक्यौँ
त्यस सारङ्गी-शरीरलाई रेट्न सक्ने
तपाईंको शिल्प छ भने
कृपया स्टेजमा पाल्नुहोला।"

●

# मूर्तिकार

●

थुप्रै मूर्तिशिल्पका कलाकृतिहरूवरिपरि घुमेर
म ती हातहरूको प्रशंसा गर्दै
त्यो मस्तिष्क, त्यो शरीर अर्थात् त्यो कलाकार खोज्छु
एउटा मूर्ति चलमलाउँछ
म छक्क पर्छु– कलाकृति सुन्दर मात्र हैन सजीव रहेछन्,
हेर! मूर्ति त बोल्न पनि लाग्यो मूर्तिहरूमध्ये बीचबाट,
'मलाई पहिले किन्नुस् हजुर!
म ज्यादै भोको छु।'

●

# म नहारेको भए तिमी कसरी विजेता हुन्थ्यौ?

●

हामी दुवै एउटै बगैँचामा फक्रन लागेका
दुईवटा कोपिला थियौँ
लाखौँ झारपातहरूको रोदनबीच
तिमीले मेरो फक्रन लागेको कोपिला– चुँडयौ र फाल्यौ।
हुन सक्छ मैले पनि तिम्रो समानान्तरसँग फक्रनुको अर्थ
तिम्रो एक्लो प्रभुत्व बगैँचामा चल्नुको विरोध हुन्थ्यो।
यसरी म कोपिला नचुँडिएको भए
तिमी कसरी बगैँचामा एक्लो घमन्ड फक्रन्थ्यौ
म नहारेको भए तिमी कसरी विजेता हुन्थ्यौ?


म नानीहरूका असङ्ख्य पाइतालाहरू भएर
क्षितिज नाघ्नलाई डाँडाबाट शङ्खनाद गर्दै हिँडेको थिएँ
तर तिम्रो एउटै विशाल र कठोर पाइतालाले–
हामी सम्पूर्ण बालकहरूका– नरम-नरम पाइतालाहरू
– र, कोमल-कोमल मनहरू
कुल्चियौ र यस्तरी दबायौ–
हुन सक्छ मैले क्षितिज नाघ्नुको अर्थ
तिमी एक्लो सूर्य आकाशमा हाँस्न केही धमिलो हुन्थ्यो
यसरी म नदबेको भए–

तिमी कसरी मैमाथि टेकेर उभिने साहस गर्थ्यौ?
म नहारेको भए तिमी कसरी विजेता हुन्थ्यौ?

म बिस्तारै-बिस्तारै ढुङ्गाहरू बटुलिँदै
चौतारी भएर पहाड अग्लिँदै थिएँ
तिमी हिमाल पग्लेर मलाई बगाउँदै लग्यौ
यसरी म टुक्रिँदै गएँ र तिमी विशाल हुँदै गयौ
हुन सक्छ म पहाड अग्लिनुको अर्थ
तिमी हिमाल छोपिनु थियो।
यसरी म नटुक्रिएको भए तिमी कसरी सिङ्गो हुन्थ्यौ
या, यसरी म नटुक्रिएको भए–
तिमी कसरी हामी टुक्रा-टुक्राको गारो लगाएर अग्लो महल बन्थ्यौ?
म नहारेको भए तिमी कसरी विजेता हुन्थ्यौ?

अब हामी दुवैबीच एउटा प्रश्न (?) बाँकी रह्यो
तिमीले कोपिला चुँडेर फालेको मेरो बिरुवामा
अझै जराहरू र हाँगाहरू बाँकी छन्,
म पुनः बिरुवा हुर्कन सक्छु– लहलहाएर!
म पुनः कोपिला फक्रन सक्छु– मगमगाएर!!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : तीर्थ श्रेष्ठ

**नाम** : तीर्थप्रसाद श्रेष्ठ


**जन्ममिति/स्थान** : २०१६ कार्तिक १६, पोखरा

**फोन** : ०६१-५२०७१४

**लेखनप्रारम्भ** : २०२४ देखि

**प्रथम प्रकाशन** : *प्रजातन्त्र* (**फेवाताल**, २०२९)

**राष्ट्रिय स्तरमा** : *क्षतविक्षत धरती* (***रूपरेखा***, २०३२/३३ तिर)



**कृति** : ***तीर्थ श्रेष्ठका कविताहरू***, ***जिन्दगीको कुरुक्षेत्रबाट*** (कवितासङ्ग्रह), ***महाभारतका गीतहरू*** (मुक्तकसङ्ग्रह), ***पाइलाका निबहरूले*** (कविता/फोटोसङ्ग्रह, संयुक्त)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, युवा वर्ष मोती पुरस्कार

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरा लागि आफू अभिव्यक्त हुन र समाजपरिवर्तनका लागि सबैभन्दा महत्त्वपूर्ण माध्यम हो।

**नजरमा आफै** : सरल र सहज ढङ्गले अभिव्यक्त हुन मन पराउने मान्छे।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको वैचारिक आन्दोलन तरलवादका प्रवर्तकमध्येका एक कवि तीर्थ श्रेष्ठ आफ्ना कवितामा आस्तित्विक द्वन्द्वको टकरावबाट उत्पन्न जीवनका झिल्काहरू प्रस्तुत गर्छन्। साहित्यमा कुनै राजनीतिक सिद्धान्तको हस्तक्षेप स्वीकृत नगर्ने कवि श्रेष्ठका कविताहरू तत्क्षणको 'म' मा केन्द्रितजस्तो लागे पनि साधारणीकृत भएर 'हामी' मा आरोपित हुन्छन् र भावकको मन झङ्कृत पार्दै रसानुभूतिको क्षणमा पुऱ्याएर अलौकिक आनन्दको सुरुचिपूर्ण उत्सवमा सामेल गराउँछन्। यो उनको काव्यसामर्थ्यको अत्याधुनिक जीवन्तता हो।

●

*तीर्थ श्रेष्ठ*

# पुल

●

बालापन
र यौवनबीचको
पुल कस्तो हुन्छ ?

उमेरको हाँगो
हल्लाई–हल्लाई
मच्चिइरहेकाले
झारेका फूलहरूजस्तो हुन्छ ?
कि
आकाशका ताराहरू टिपेर
समयको उदास छातीमा
टाँगिदिएपछिको समयजस्तो हुन्छ ?

बालकहरू
र यौवनबीचको पुल कस्तो हुन्छ ?

आकाशमा
जून उदाएपछि
देखिने ताराहरूको मुस्कानजस्तो हुन्छ
कि मङ्सिरमा भेटिने भकारीको उन्मादजस्तो हुन्छ ?
अथवा अरू केजस्तो हुन्छ ?

म सत्य भन्छु
सत्यको उज्यालामा
मलाई हेर्ने मन छ
बालापन र यौवनबीचको
पुल कस्तो हुन्छ ?

●

## आमा

●

आमा हुनु
साह्रै असजिलो छ
पहाडजस्तो

उचाइमा पुगेर
मैदान भइदिनुपर्ने
मैदानमा पुगेर
उकालो भइदिनुपर्ने

आमा हुनु
साह्रै असजिलो छ
पहाडजस्तो

सन्तानहरू कहाँ पुग्छन्
खोलाहरूजस्तो
सपनाहरू कहाँ पुग्छन्
स्वच्छन्द चराहरूजस्तो

आमाहरू
पहाडको छेउको
चौतारी हुन अभिशप्त छन्
आमा हुन अप्ठ्यारो छ
आमा हुन
पहाड हुनुजस्तै गाह्रो छ

●

## लाहुरे फूल, म तिम्रो नाम फेर्न चाहन्छु

●

बास्नारहित तर प्लास्टिक होइनौ
तिमी लाहुरे फूल!
म यतिखेर युद्धमा क्षतविक्षत
मेरा पति सम्झिरहेकी छु
काँचो धागोले बेरिएको चिठी
लास गनाउने पेन्सन
र त्यही पेन्सनको आडमा
बाँचेको जिन्दगी जेनतेन सोचिरहेकी छु
मेरा पतिको जिन्दगीभरको कमाइ
म विधवाको टाउको लुकाउने थलो
र त्यसकै ढोकाअघि निर्लज्ज फक्रिरहेको
तिमी लाहुरे फूल!


भो भैगो! कति नुन-चुक छर्छौ
यो घाउमा
धेरै भयो/जिन्दगी नै घाउ भएको
धेरै भयो/जिन्दगी नै पीडा भएको
एकछिन सुस्ताउन देऊ लाहुरे फूल!

म घाउको पत्र पल्टाएर
सन्धिको इतिहास फेर्न चाहन्छु
म घाउ थमथमाएर
रगतको व्यापार बन्द गर्न चाहन्छु
म यो इतिहासको कालो पानालाई
च्यातेर फाल्न चाहन्छु
पर्ख! लाहुरे फूल
म तिम्रो नाम फेर्न चाहन्छु।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : जीवनाथ धमला

**नाम** : जीवनाथ धमला

**जन्ममिति/स्थान** : २०१६ कार्तिक २०, ओखलढुङ्गा

**फोन** : ०१-४९९००४४, ४२५९३३५

**इमेल** : jeenadha@hotmail.com

**लेखनप्रारम्भ** : २०३० सालदेखि

**प्रथम प्रकाशन** : *अनुभूति* (***राष्ट्रपुकार***, २०३५)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***मान्छेको अस्मिता*** (२०४९), ***ऊर्ध्वमुखी महायात्रा*** (कवितासङ्ग्रह, २०५५); ***बर्लिनतिरका झझल्काहरू*** (नियात्रासङ्ग्रह); ***व्यक्ति-व्यक्तित्व*** (जीवनी), ***नेपालको प्रजातान्त्रिक आन्दोलनका दुई शिखर पुरुष*** (जीवनी)

**पुरस्कार/सम्मान** : षडानन प्रतिभा पुरस्कार (२०५०), युवा वर्ष मोती पुरस्कार (२०५५)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता अनुभूतिको सुन्दरतम, कलात्मक अभिव्यक्ति हो। जीवन र जगत्लाई अभिव्यक्ति दिने अनुभूतिको सबभन्दा कोमल प्रस्तुति हो।

**नजरमा आफैं** : म अरूलाई बुझ्न खोज्ने र अरूबाट सिक्न खोज्ने क्रममा यात्राको फेदीमा रहेको सिकारु यात्री मात्र हुँ भन्ने लाग्छ।

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितासाहित्यमा एक परिचित नाम जीवनाथ धमलाका कविताहरूमा विम्ब र प्रतीकको आफ्नै किसिमको मौलिक बान्की भेटिन्छ। उनी कवितामा अनुभूतिको सान्निध्यसहित लयात्मक एवम् वैचारिक सौन्दर्यको सुन्दर र प्रभावकारी काव्यिक संयोजन गर्छन्। उनका कविताहरू यिनै सत्यका दाबी हुन्।

●

*जीवनाथ धमला*

# सपनाको खोजी

●

नीलो आकाशमुनि चिसो हुरी बहँदै थियो
आँगनमा/धुरीमा र फूलहरूमा,
घाम डुबिसकेपछि बाँकी रहेको अलिकति उज्यालो आकाश देखेर
त्यही उज्यालो छुन उड्दै थिए केही पक्षीहरू,
मलाई लाग्यो–
"डुब्न आँटेको उज्यालो छुन पुग्छन्/पुग्दैनन् तिनीहरू!
उनीहरूको अभिलाषा साकार बनिदिए हुन्थ्यो"
म हेरिरहें, उनीहरू उडिरहे,
यत्तिकैमा उज्यालो निखिसकेको थियो,
मैले देख्न छाडें, खै कहाँसम्म पुगे उनीहरू!
त्यसबेला अचानक सोच्न पुगेछु–
"अब धरतीमा कहिल्यै सूर्योदय हुँदैन कि!"
अब म,
न आफ्नै छेउका फूलहरू देख्न सक्थें,
न त माथिका सेता डाँडाहरू नै,
म पूर्णतया सृष्टिविपरीत सन्नाटाको केन्द्रबिन्दुमा
एक्लो कैदी भएर
अघि उडेका पक्षीहरूलाई सम्झिरहें,
अहिले सर्वथा मृत शान्ति थियो,
ध्वनि/प्रतिध्वनि कतै केही थिएन,
गोलार्धबाट सूर्य विस्थापित भएपछि
सर्वत्र निषेधसूचक अँध्यारो पोखिएको थियो,
मान्छेहरू निदाइसकेका थिए, र
निदाएका मान्छेहरूले सपना देख्न पनि निषेध थियो,
केही सुनिँदैनथ्यो त्यसबेला,
तर, म अनुभव गर्न सक्थें,
सानो छँदा सुनेको थिएँ–
"अँध्यारोमा भूतहरूले तर्साउँछन्"

मैले छेवैका फूलहरू रोएको अनुभव गरेँ, अहिले,
लाग्यो, अँध्यारोमा निस्कने भूतले फूलहरूलाई कुल्चेछ
र, तिनै फूलहरू रोइरहेछन्,
अहिले, फेरि सम्झेँ तिनै पक्षीहरू
कतै, तिनीहरूलाई पनि फूलहरूलाई जस्तै... !
म कतै बढ्न सकिनँ, जहाँ थिएँ त्यहीँ रहेँ,
सतहमा आकार थिएन, निराकार थियो,
एक दिनको घटना हो यो,
त्यसै निराकारभित्र म मेरो सपना खोज्दै थिएँ।
●

## सत्यका गतिहरू

●

एउटा कुरुक्षेत्र जितेर म
घर आइपुगेको छु,
मेरो आगमनलाई–
आमाका आँखाहरूबाट बर्सेको हर्षाश्रुका अविरल ध्वनिहरूले
स्वागत गरिरहेछन्,
आमाको अनुहारमा अहिले सत्य छचल्केको छ,
मेरो विजयको अबिर पोतिएको अनुहारलाई
यतिखेर आमाको प्रसन्न मातृत्वले देखिरहेछ।
आकाशले चैतन्यको गर्भ बिसाएको छ आँगनमा
र, उड्दै/बस्दै गरेका कपोतहरू
आँगनबाटै क्षितिजको सौन्दर्य पिइरहेछन्,
अहिले सत्य ढोकाहरूबाट छिरेर
दुखेका घाउहरू खोजिरहेछ ओछ्यानहरूमा
र, सुकेका आँतहरू छामिरहेछ मझेरीहरूमा
यसरी सत्य सधैँ सत्यकै खोजी गर्दो रहेछ।
सत्यका गतिहरूले माथि पुग्नु छ, धेरै माथि अठोटका शिखरहरूमा
जहाँबाट नदेखियून् माटोमा अँध्याराका टुक्राटाक्रीहरू
र, बढून् गतिहरू, पुछ्दै परेलीमा टल्किरहेका पीरहरू,
आज, माटोको चन्दन लागेको छ निधारहरूमा,
निधार झुक्दैन, जहाँ सत्य छ,

सत्यको शिर सधैँ उच्च हुन्छ, झुक्नै जान्दैन,
आँखाहरूमा कान्ति छ, कान्तिमा सत्य छ
यतिखेर सत्य आमाको दूध बनेर
नानीहरूको ओठ छाम्न खोजिरहेछ।
●


## सहर

●
अलिकति दुखेको निष्कलङ्क सत्य टल्किरहेछ
सहरको एक छेउबाट देखिएको अग्लो हिमालमा
अलिकति नियास्रो बाध्यता घुमिरहेछ
घण्टाघरका सुईहरूसँगै सडकहरूमा
एउटा एकान्त झुल्कन्छ साँझका बत्तीहरूसँगै
पशुपतिनाथको यस प्राचीन सहरहरूमा
बादलहरूको कुनाबाट एउटा दिव्य सन्दर्भ चियाइरहेछ
निश्छल रागहरूको आतिथ्य पर्खंदै, यसै सहरमा
कुन मुस्कानले म आफ्नो खुसी पोखिदिऊँ!
मान्छेका आँखाहरूमा द्रौपदीझैँ बाँचिरहेछ सहर!!

युगौँदेखि बूढानीलकण्ठ निश्चल निदाइरहेछन्
तरङ्गहीन पानीको पातलो बिछ्यौनामा,
उपनिषद्का स्कन्दहरू गनाइरहेछन्
पर्दाभित्र कतै पौराणिक युद्धहरूमा,
सन्नाटाका टुक्राहरू चोइटिन्छन्/खन्छन् र फुट्छन्
निर्बोध मान्छेहरूका निरीह मनहरूमा,
बुद्धका आँखाहरू भत्केर पोखिएका छन्
निरग्निका ज्वालाहरूले उम्लिरहेको सहरमा
कुन फूलका सुगन्धहरू अर्पण गरूँ यहाँको नीरवतालाई
चर्केको ऐनामा रातको प्रतिच्छायासँगै
आफ्नै अनुहार खोजिरहेछ, सहर!
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : दिनेश अधिकारी

**नाम** : दिनेशहरि अधिकारी

**जन्ममिति/स्थान** : २०१६ मङ्सिर २२, काठमाडौँ

**फोन** : ०१-४४७२७३७

**इमेल** : dhadhikari@gmail.com

**लेखनप्रारम्भ** : २०२८/२९ तिर

**प्रथम प्रकाशन** : *इच्छा र सम्झे पुग्छ* (***रत्नश्री***, २०३२/३३ तिर 'अधीर' उपनामबाट)

**राष्ट्रिय स्तरमा** : *शुभकामना* (***मातृभूमि***, २०३३)

**कृति** : ***अन्तरका छिटाहरू*** (२०३७), ***धर्तीको गीत*** (२०४४), ***आदिम आवाज*** (२०४५), ***अतिरिक्त अभिलेख*** (कवितासङ्ग्रह, २०५६); ***अविराम यात्रा*** (२०४८), ***आफ्नै मन : आफ्नै आँगन*** (२०५४), ***मन र मोडहरू*** (गीतसङ्ग्रह, २०६४); ***इन्द्रजात्रा*** (काव्य, २०५१); ***जङ्गलको कथा : जङ्गलको व्यथा*** (बालगीतिनाटक, २०५८); विभिन्न शीर्षकमा दसवटा एकल गीति एलबमहरू

**पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०५६), साझा पुरस्कार (२०५१), मानश्री पुरस्कार (२०५७), छिन्नलता गीत पुरस्कार (२०५९), मोती पुरस्कार (२०४९), सर्वनाम सम्मान (२०५६) आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मेरो जीवनको अभिन्न पक्ष हो। यसका माध्यमबाट मैले आफूलाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने गरेको त छु नै; यसैलाई माध्यम बनाएर मान्छेलाई माया गर्ने, निफन्ने र उधिन्ने काम पनि गर्दै आइरहेको छु।

**नजरमा आफै** : औसत मान्छे!

**सम्पादकको कलम** : चर्चित गीतकार दिनेश अधिकारी जिन्दगीकै गीतमा उनिएका अनुभवका जीवन्त लहरहरूलाई गति र झङ्कारसहित काव्यिक फ्रेममा फ्रेमिङ गर्न सक्ने एक सशक्त आधुनिक कवि हुन्। सरल विम्बात्मक प्रस्तुति, सामयिक बोध, सहजसम्प्रेषणसहित गम्भीर भावप्रकाशनमा उनी रमाउँछन्। कुनै वाद र विवादको पछि लागेर भन्दा केवल मान्छे हुनुको अर्थमा लेख्ने कवि अधिकारीका कविताहरू कोमल छन्, सौम्य छन्, बौद्धिकभन्दा बढी हार्दिक छन् र भावकको अन्तर्मनका कन्दरामा शालीन भएर ध्वनित भइरहन्छन्। यही सत्य दिनेश अधिकारीय काव्यिक निजत्व हो।

*दिनेश अधिकारी*

## सिपाही

●

पर्ख! अहिल्यै हातका खनखनाउँदा चुराहरू नफोर
बच्चा–मुख आमा–छातीमा टाँसिनुको भाँतीमा
चुल्ठीमा अल्झेको लालीगुराँस
तिम्रो यौवनलाई असाध्यै सुहाएको छ
सिन्दूर पखालेर–
रोक! आफैलाई विरूप नपार
पोते चुँडालेर–
इच्छाहरूमा भो! आफूलाई नमार
निधारमा झलमलाएको बाटुलो सिँदुरे टीको
तिम्रो गालाको लालीसँग खुबै खुलेको छ

* * *

काँचो धागोले बाँधेको
जाबो एउटा चिठी आयो भन्दैमा
म भन्दिनँ– तिम्रो लोग्ने मरेको छ
र, कसैले मरेकै हो भन्छ भने पनि
निरर्थकमा मरेको छैन तिम्रो लोग्ने
गर्व गर!
ऊ–
तिमीले अन्न उब्जाउने
यो देशको माटोलाई मलिलो पारेर गएको छ
निधारको अक्षता पखालेर सामल जुटाउनुपर्ने यो अभावमा
कोक्रोमै खोक्रो पेट बाँचिरहेको एउटा नानीलाई
उसले एक पेट 'रासन' छुट्ट्याएर गएको छ
तिमी त सिपाहीकी स्वास्नी पो हौ
के यत्ति पनि थाहा छैन–
मऱ्यो भनेको तिम्रो लोग्ने
बाफबाट पानी र पानीबाट बाफजस्तै
अहिले–
तिम्रो सुरक्षित देश भएर फर्केको छ

* * *

र, मसँग सोध्छ्यौ भने त
सुन!
सिपाही कहिल्यै पनि मर्दैन
कि त ऊ–
नियुक्ति लिएकै दिन मरिसकेको हुन्छ!!
●

## एक्लै हिँडदाको आनन्द

●
एक्लै हिँड्दाको आनन्द
तिमीसँग हिँड्दा हुँदो रहेनछ!

म चाहन्छु
बाटोमा हुरीसँग एक्लै जुधूँ
पछाडि कहिल्यै पनि नफर्कूं
र, आफ्ना पैतालाका डोबहरू छोड्दै रहूँ
चुम्लुङ्ग!
विषालु काँडाहरू ओढेको
अजङको पहाड नै भेटियो भने पनि बीचमा
फुकाल्दै काँडाका दाँतहरू
म, पहाडको उचाइमा अझै एक मान्छे अग्लाइ थप्न सकूँ
तर खै, के–के हुँदो रहेछ तिम्रो उपस्थितिमा
नचाहेर पनि आफूलाई
तिम्रा निम्ति सुरक्षित गर्नुपर्दो रहेछ!
एक्लै हिँड्दाको आनन्द
तिमीसँग हिँड्दा हुँदो रहेनछ!

म सङ्कोचले साँघुरिन चाहन्नँ
र, जिन्दगीलाई जस्ताको तस्तै भोग्न चाहन्छु
परे–
हाँडीमा फापरजस्तै भुटिन तयार छु
परे–
वेश्याको घाँघरजस्तै लुटिन तयार छु

मान्छेको निधारमा सधैँ कहाँ सूर्य उदाउँछ र?
म चाहन्छु–
अर्थोक केही नसके एउटा नै सही
इतिहास बनिसकेको वर्जित सिमाना त पार गरूँ
तर खै, किन हो तिम्रो सामीप्य
सर्पलाई बिनजस्तै हुँदो रहेछ!
एक्लै हिँड्दाको आनन्द
तिमीसँग हिँड्दा हुँदो रहेनछ!

तिमीसँगको सहवासबाट
ठ्याम्मै केही नपाएको त कहाँ हो र मैले?
अनुभवका लागि ठीकै छ
आवश्यकताबिनाको आलस्य पाएको छु!
उत्सवबिनाको उपहार हत्याएको छु!
मात्र आफूले चाहेजस्तो
अप्ठ्याराहरूसँग पौँठेजोरी खेल्न पाएको छैन
सङ्कटहरूको जन्जालभित्र पसेर
आफैँले आफ्नो बाटो पहिल्याउन पाएको छैन
म त आकाशको नापमा अविश्वास गर्ने मान्छे
(सक्दै सक्दिनँ या रोबोट–जिन्दगी भोग्न)
भन, फेरि कुन मनले तिम्रो सहयात्री हुन रुचाऊँ?
तिमीसँगको सहवासमा त
जिन्दगी–
सधैँ सोकेसमा सजाउनुपर्दो रहेछ!
एक्लै हिँड्दाको आनन्द
तिमीसँग हिँड्दा हुँदो रहेनछ!
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : कृष्ण धरावासी

**नाम** : कृष्णप्रसाद भट्टराई

**जन्ममिति/स्थान** : २०१७ साउन २, पाँचथर

**फोन** : ९८४१८२७६९०

**इमेल** : dharabasi@yahoo.com

**लेखनप्रारम्भ** : २०२८

**प्रथम प्रकाशन** : ***सूर्योदय***मा (२०३२)

**राष्ट्रिय स्तरमा** : *म सिद्धार्थ गौतम* (***रूपरेखा***, २०४३)

**कृति** : ***उन्मुक्तिका आवाजहरू*** (कवितासङ्ग्रह); ***शरणार्थी, राधा, आधा बाटो, तपाईं*** (उपन्यास); ***नारीभित्र त्यस्तो के छ हजुर, उत्तमजङ्ग सिजापतिको आलु, बालक हराएको सूचना, धरावासीका चर्चित निबन्धहरू*** (निबन्धसङ्ग्रह); ***लीलालेखन, तेस्रो आयाम, वैरागी काइँला, विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू*** (समालोचना)

**पुरस्कार/सम्मान** : महानन्द पुरस्कार, युवा वर्ष मोती पुरस्कार, उत्तम-शान्ति पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, प्रतिभा पुरस्कार, उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार, मदन पुरस्कार आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवनको कलात्मक प्रस्तुति हो कविता। सबै रङ्गहरू मिसिएका हुन्छन् यसमा।

**नजरमा आफै** : एउटा साधारण मान्छे हुँ। म खासै प्रतिभाशाली लेखक होइन, अभ्यासले बनिएको लेखक हुँ।

**सम्पादकको कलम** : जीवन र जगत्सम्बद्ध खलनायकीपूर्ण झेली समयका क्रूर नग्नताहरूको अन्वेषणात्मक निष्कर्षमा आफ्नो काव्यिक अहम्‌को स्थापन गर्न चाहने स्रष्टा कृष्ण धरावासीको उपस्थिति उपन्यासकार र समालोचकका रूपमा जति सशक्त छ, आधुनिक नेपाली कवितामा पनि उनको अर्थपूर्ण उपस्थिति जगजाहेर छ। उनका कविताहरू विश्वजनीन सर्वसत्तावादको विरोधमा तैनाथ हुन्छन्; मानवगरिमा एवम् महत्ताको स्वागतार्थ आतुर बन्छन्। स्थानीय विम्ब, प्रतीक एवम् मिथकको कलात्मक संयोजन उनको प्रिय कविताशिल्प हो। यसर्थ आधुनिक नेपाली कवितासाहित्यमा कथ्य र शिल्प दुवै दृष्टिले उनका कविताहरू रहरलाग्दा चुनौती हुन्।

●

*कृष्ण धरावासी*

## मुक्तिका सपनाहरू

●

मुक्तिका सपनाहरू सब बेकार हुन्
मानिसहरू एक–एकवटा आस्थाको कीलोमा कैद छन्।
एउटै रामलाई मऱ्यादापुरुष बनाउनका निम्ति
भक्तहरू रामभित्रको हराम देख्न असमर्थ छन्।

ओ सिद्धार्थ गौतम!
ओ एडोल्फ हिटलर!
ओ जडभरत!
कहाँ छ मानिसको मुक्तिफल?
कहाँ हो यो आस्थाको धरातल?
जसमा टेकेर मानिसहरू एउटा विश्वासको फल फल्दछन्।

सत्ताभरि त मानिस आफूलाई सम्हाल्नै व्यस्त छ
जीवनभरि त मानिस आफूलाई बचाउनै व्यस्त छ
आवाजभरि त मानिस आफ्नै वेदना कहन विवश छ
गतिभरि त मानिस आफ्नै आकाङ्क्षा दौडन विवश छ
फेरि कहिले ऊ आस्थाको उकालो चढ्ने हो?
फेरि कहिले ऊ मुक्तिको बिपना देख्ने हो?
मानिस त मानिसकै त्रासमा डुबेको छ
यी मीठा–मीठा सङ्गीतमय स्वरहरू सब बेकार हुन्
मानिस आफ्नै वेदनाको रोदनमा कैद छन्।

आदर्शहरूबाट एक–एकवटा खोल सापटी लिएर
दुष्टहरू पनि भक्तका समीप पुगे
एउटा–एउटा विद्रोहले
स–साना प्रशंसाहरूबीच शिर झुकायो
सत्ताका नङ्ग्रामा सुन्दर अनुहारहरू पनि विकृत बने
मानिसले आफूलाई आकाश बनाउन खोज्दाखोज्दै
उसको लक्ष्य सबै बेकार भयो
मानिस आफ्नै अनुहारमा कैद छन्।

मानिस फुल्दै, फल्दै, पाक्दै र झर्दै गयो
भूगोलका प्रत्येक दूरीमा आफ्ना पाइला राख्दै गयो
दासहरू मालिक भए, मालिकहरू दास
दासता झन्-झन् लोकप्रिय र सभ्य भयो।

मालिकहरू मुक्तिको सपना लिएर आउँछन्
मालिकहरू मर्यादाको उपदेश बोकेर आउँछन्
मालिकहरू आस्थाको कीलो गाड्दै आउँछन्
र मानिसहरू क्रमशः दास हुँदै जान्छन्
मुक्तिको सपना देख्दै जान्छन्
भक्तको मर्यादा पालन गर्दै जान्छन्
आदर्शको अर्थ केलाउँदै जान्छन्
ऐतिहासिक दासहरूभन्दा
महान् दास हुने यस होडबाजीमा
मानिसहरू आफ्नै प्रतिबद्धतामा कैद छन्।
●

# चियाको बोट

●
उच्चता हरेकको आकाङ्क्षा हो
अग्लो हुँदै जान पाउनु हरेकको हक हो
तर निरन्तर भाँचिँदै, निमोठिँदै
होचिँदै रहनु, होचिई नै रहनु
जीवनको रूप भएको छ।

जति पाउलिए पनि
जति मुना पलाए पनि
जति नयाँ-नयाँ टुसा हाले पनि
क्रूर नङ्ग्राहरूले निमोठिँदै जानुपर्ने
हरेक पल्टको आकाङ्क्षा फाँडिँदै जानुपर्ने
आफ्नो अनुकूल केही हुन नसक्ने
सधैँ अरूकै अनुकूल भइदिनुपर्ने
यो चियाको बोटजस्तो किन छ जिन्दगी?
यो चियाको बोटझैँ किन कुण्ठित छ जिन्दगी?

आफै मर्न पनि नसकिने
फेदै लगाएर कोही ढाल्न पनि नआउने
जहिले पनि प्राण मात्र राखेर
फेरि 'बौरी-बौरी' भनिरहने
क्रूरहरूका बीच नमर्नुकै कारणले
चियाको बोटझैँ किन विवश छ जिन्दगी ?

शोषणको विरोधमा लेखिएका पुस्तकहरू
एउटा देशजत्रो दराजमा पनि अट्दैनन् होला
अन्यायको विरोधमा मर्नेहरूको चिहान
एउटा महादेशजत्रै भूमिमा पनि अट्दैनन् होला
तर पनि यसलाई
न इतिहास दोहोरिएको भन्नु
न भविष्य निफनिएको
किन यो समय सधैँ वर्तमानझैँ लाग्छ
कुनै परिवर्तनविहीन, कुनै अभिलाषाविहीन।


मलाई चियाको बोटसँग विरोध छ
म जसरी भए पनि एक दिन
कल्पवृक्ष नै हुन्छु, झाँगिन्छु
निहुरिनु नै परोस्, बरु मन्जुर छ
सिमल हुन नसके बाँसै सही
तर म अग्लो हुन्छु-हुन्छु।

सयौँ वर्षदेखि एकै ठाउँ, एउटै बारीमा
फाँडिरहेछन्, निमोठिरहेछन्, मुन्टो चुँडिरहेछन्
कहिल्यै आकाश हेर्न नदिई मुन्टो चुँडिरहेछन्
र भन्छन्–
चिया संसारप्रसिद्ध पेय सबैको प्यारो हो।

त्यो प्यारो म,
समयको सारथि हुनुपऱ्यो
यद्यपि अब म यो जटिल र कालो नाटक गर्दिनँ
म चियाको बोट हुन सक्दिनँ
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : उदय निरौला

**नाम** : उदय निरौला (राज)

**जन्ममिति/स्थान** : २०१७, इलाम

**फोन** : ०१-६६१३७८४, ९८५१०४८५०२

**इमेल** : niroulaji@gmail.com

**लेखनप्रारम्भ** : २०३५

**प्रथम प्रकाशन** : २०३५ (***कन्दरा,*** इलाम)

**राष्ट्रिय स्तरमा** : *पहाडी हावामा अक्सिजन सकिएछ* (***गरिमा,*** २०४१ असार)

**कृति** : ***कोलाहल पिएर*** (२०४९), ***जराहरू किमार्थ मर्दैनन्*** (२०५४), ***शीतको मफलर*** (कवितासङ्ग्रह, २०६०); ***कोर्दै/मेट्दै*** (निबन्धसङ्ग्रह, २०५६); ***अनुराग, सरकारी सेवाभित्रका साहित्यिक स्रष्टाहरू*** (सहसम्पादन) को सम्पादन

**पुरस्कार/सम्मान** : कविता महोत्सव (प्रथम, २०४८), प्रतिभा पुरस्कार (विराटनगर, २०५०), ललिता काव्य पुरस्कार (२०४९)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता आफै बोल्छ, म बोल्दिनँ।"

**नजरमा आफै** : भावुक र अलि अव्यावहारिक।

**सम्पादकको कलम** : मूलत: सामाजिक विषमताप्रति गहिरो असन्तोष व्यक्त गर्दै मानवताको पक्षमा वकालत गर्ने वर्तमान पुस्ताका एक सचेत र सहृदयी कवि उदय निरौला निबन्धकार पनि हुन्। यद्यपि उनी मूलत: कवितामै मानवीय मूल्य-मान्यताका आस्थाप्रति प्रतिबद्धता जाहेर गर्छन्। कतिपय उनका कविताहरू क्यानभासझैँ चित्रात्मक भएर मन-मस्तिष्कमा उत्रन्छन्। यो उनको कवित्वशक्तिको पहिचान हो।

●

*उदय निरौला*

# म र बकाइनाको रूख

●

ऊ छ
शताब्दी उभिइरहेछ
कैयौँ इतिहास उभिइरहेछ
कैयौँ पुराण टिकिरहेछ
र नै! म छु
र नै! म हुन सकेको छु
म छु र नै ऊ जीववत् ठडिइरहेछ
उसको रिक्तताामा
मैले तिक्तता भोग्न पाउन्नँ
उसको शून्यतामा
म जीवन्तता भेट्टाउन्नँ
पूर्णतामा ऊ नभए म हुँदिनँ
यथार्थमा म नभए ऊ हुँदैन
वसन्तले सप्को मारेपछि
ऊ पतझड कङ्काल छोप्न सक्छ
वर्षाले भिजेपछि
ऊ हरियाली ओत्न सक्छ।
तर खै!
मान्छे हुनुमा वसन्त लट्ठिन्न
मान्छे हुनुमा बर्सात भत्किन्न
कस्तो विडम्बना!
ऊ एक स्थापित मूर्ति वाचाल छ
म बकबकाएर मौन छु
मैले रुनुपरेको छ
ऊ हाँस्न सकेको छ
ऊ झाँगिँदा पृथ्वी महकाउँछ
म झाँगिँदा पृथ्वी गनाउँछ

कस्तो विकृति!
ऊ तन्कँदा आकाश पछि सर्छ
म तन्कँदा पृथ्वी तल झर्छ
कति अन्तर छ
ऊ फैलनु उसको स्वतन्त्र संविधान हो
म तन्कनु यन्त्रणाहरूको फाली लाग्नु हो
ऊ तन्कनु उसको प्रकृतिप्रदत्त अधिकार हो
म तन्कनु लगामसितको पघा डोऱ्याइनु हो
तैपनि!
मेरो बान्कीमाथि ऊ ईर्ष्या राख्छ
र म उसको खुलापनको आरिस गर्छु
ऊ स्वतन्त्र छ
अपितु सिकारी हतियार सहनुपर्छ
म फाली कस्सिएको छु
व्याधा-बाणको विरोधमा छु
फरक छ
थुप्रै फरक छ
यद्यपि उसको रिक्ततामा
मैले तिक्तता भोग्न पाउन्नँ
उसको अनुपस्थितिमा
मैले यस माटाको बहीखातामाथि
सनाखत गर्न पाउन्नँ।
●


## दूबो
●
भीमकाय ढुङ्गाहरूले
वर्षौंदेखि थिच्दाथिच्दै पनि
अलिकति घाम चियाएर
काप-कापबाट
'दूबो' आकाश उभिएछ
सुस्त-सुस्त हावा फेरेर
प्वाल-प्वालबाट 'दूबो' झाँगिएछ।

ढुङ्गाहरूको पहाडे वजनजति किन नहोस्
भासिएर माटोजति किन नदुखोस्
तर थोरै भए पनि दुलो भेट्दा
'दूबो' थिचिन जान्दैन
अलिकति मात्र पनि उज्यालो पाउँदा
'दूबो' किचिन मान्दैन।

'दूबो' उचालिनु नियतिको आस्था बढ्नु हो
'दूबो' झाँगिनु प्रकृतिको बास्ना नमर्नु हो
नत्र च्याप-च्यापबाट 'दूबो'
बामे सर्ने थिएन
काप-कापबाट दूबो
ताती गर्ने थिएन।

यसैले दूबोको युधिष्ठिर पक्षलाई
दुर्योधन बारहरूले छेक्न सक्दैनन्
आगो खन्याए पनि तुसारो घोप्टचाए पनि
आकाश लम्कने उसका पाइला अवश्य मेटिँदैनन्
काप-कापबाट हुत्तिने उसको प्रक्रिया कदापि निमोठिँदैन
जत्रोसुकै वजनले थिचे पनि
जतिसुकै बारले छेके पनि
आखिर
दूबो– आकाश उभिएछ
दूबो– सुस्त-सुस्त झाँगिएछ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : अमर गिरी

**नाम** : अमर गिरी


**जन्ममिति/स्थान** : २०१७, भदौ २७, दाङ

**फोन** : ०१-२०६०३९०, ९८४१४५३५०४

**लेखनप्रारम्भ** : २०३० देखि

**प्रथम प्रकाशन** : *आमा* (***सन्देश,*** २०३१)

**राष्ट्रिय स्तरमा** : *कालापार धाउने जिन्दगीहरू*
(***वेदना,*** २०३६/३७ तिर)



**कृति** : ***घाम छेक्ने पहाड, तर पनि हामी जीवित छौँ, दुःसाध्य समय*** (कावतासङ्ग्रह)

**पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार, लोकेन्द्र साहित्य पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, तारा पन्त साहित्य पुरस्कार, पद्मनाभ-तिलकुमारी राणा साहित्यिक प्रतिभा पुरस्कार, प्रेस चौतारी (दाङ) द्वारा सम्मानित आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता भावना, अनुभूति, संवेदना, कल्पना र विचारको संश्लिष्ट कलात्मक विम्बाङ्कन हो; जो सोद्देश्य, सार्थक र सुन्दर हुनुपर्छ भन्ने लाग्दछ।

**नजरमा आफैं** : म सुन्दर जीवन र जगत्‌का निम्ति सङ्घर्ष गरिरहेको एक सामान्य मानिस हुँ। मेरो लेखनको सरोकार यही हो। मेरा आफ्ना कुनै विशिष्ट आकाङ्क्षाहरू छैनन्। असीम दुःखका बीच मैले कविता लेख्न सुरु गरेँ। दुःख र विद्रोह मेरा रचनाका आधार हुन्। अहिलेसम्म सङ्घर्षशील र असल मानिसका रूपमा बाँच्ने प्रयत्न गरेको छु, आउँदा दिनहरूमा पनि मेरो प्रयत्न यही हुनेछ।

**सम्पादकको कलम** : जीवनका अनेकौँ आघातहरूबाट आहत नभई पीडामुक्तिका लागि गरिएको विद्रोह, ठोकर, टकराव र सङ्घर्षबाट निस्केका उज्याला झिल्का हुन् कवि अमर गिरी; जसले प्रगतिका लागि आगामी अँध्यारोमा पनि मार्गनिर्देशन गरिरहेको हुन्छ। सदा सुन्दर जीवनका लागि श्रमप्रति सम्मान र समर्पण उनका कविताका गर्बिलो सत्य हुन् भने तीक्ष्ण काव्यचेतद्वारा अनुप्राणित सौन्दर्यात्मक सिर्जनशीलताका साथ त्यो सत्य प्रकाश्य हुनु कवि गिरीको काव्यिक उत्कर्षपूर्ण सफलता हो।

●

*अमर गिरी*

## नदीको माझमा

●

नदीको माझमा छु म
डगमगाइरहेछ डुङ्गा
उठिरहेछन् छालहरू
ती ठोकिन्छन्
ढुङ्गामा/किनारमा
भयभीत छु म
विस्मित छु म
सोच्छु–
किनारामा उभिएर हेर्नेलाई
कति अभूतपूर्व लाग्दो हो यो दृश्य?

आकाश सफा छ
सफा छन् पहाडहरू
पन्छी उडिरहेछन्
आकाशमा माथि–माथि
नदीको सुसाइमा मिसाएर
झन् मीठो सुनिन्छ लोकभाका
पहाड, न्यानो घाममा
सेकाइरहेछ पिठ्यूँ
तन्काउँदै शरीर
वृक्षहरू गरिरहेछन्
एकअर्कालाई अभिवादन
तर नदीको माझमा छु म
डुङ्गा गरिरहेछ ढलपल।

सदियौँदेखि भेट्न चाहेको
किनारा भेट्नु छ मैले
सदियौँदेखि मेट्न चाहेको
तिर्खा मेट्नु छ मैले
फेरि कहिल्यै नमेटिने गरी
नयाँ केही लेखियोस्
फेरि कहिल्यै नखोसिने गरी
नयाँ बिहान रचियोस्
सोचिरहेछु
तर नदीको माझमा छु म
उठिरहेछन् असङ्ख्य छालहरू
डुङ्गा गरिरहेछ ढलपल।
●

## सपनासिबाय

●
सायद
म मात्र एक विम्ब हुँ
जसलाई कविहरू प्रेमले उन्छन्
आफ्ना कविताका हरफहरूमा
कविता उड्दै-उड्दै आइपुग्छ मसम्म
कुनै दूर देशको पन्छीझैँ
म सुमसुम्याउँछु उसलाई
आत्मीय भावले
पढ्छु उसका आँखाहरू
छाम्छु धड्किरहेको हृदय
र राखेर सुत्छु सिरानीमा।

सायद
म मात्र एक आश्वासन हुँ
जसलाई बुन्छन् सत्ताका नियन्ताहरू
अनेकौँ घोडाहरूमा सवार भएर
दन्त्यकथाका राजकुमारझैँ
ती आइपुग्छन् मसम्म।

अनेकन् आभूषणले सजिएका राजकुमारहरू
ओर्लेर
आफ्ना वायुपङ्खी घोडाहरूबाट
अँगालो मार्छन् मलाई
जादुगरी आलिङ्गनमा
काट्न कोसिस गर्छु म
दु:खले भरिएका दिन र रातहरू।

यसै गरी बितेका छन्
कैयौँ युग मेरा
तैपनि
मैले सपना देख्न छाडेको छैन
हतभागी गाउँ हुँ म यस देशको
यति बेला मसँग
सपनासिबाय अरू केही छैन।
●

## जीवनको राजमार्गमा

●
दौडिएँ
जसरी दौडन्छन् गाडीहरू
बजेँ
जसरी बज्छन् हर्न
अझै पनि चलिरहेछ यो
जीवनको राजमार्गमा।

जीवनको राजमार्गमा
कहिले सुन्छु म
आफ्नै हृदयविणाको झङ्कार?
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : भूपाल राई

**नाम** : भूपाल राई

**जन्ममिति/स्थान** : २०१७ पुस, भोजपुर

**फोन** : ९८४१२६९४२८

**लेखनप्रारम्भ** : २०३३/३४ तिर

**प्रथम प्रकाशन** : *आमाको सम्झनामा* (***छहरा***, २०३४)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***सुम्निमाको तस्बिर, दाजै कविता गाउँमै छ*** (कवितासङ्ग्रह); ***पैलो हरफ शिरबन्दी*** (गीतसङ्ग्रह)



**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता जीवनजगत् र आफैलाई हेर्ने वा अभिव्यक्त गर्ने मान्छेको निजी संस्कृति हो।

**नजरमा आफै** : अनेकौँ सपना र संयोगको एक पुञ्ज।

**सम्पादकको कलम** : गीतकार भूपाल राई आधुनिक नेपाली कविताको कालखण्डमा बलियो काव्यिक हस्तक्षेपका साथ स्तम्भित कवि हुन्। उनका कविताहरूमा सौन्दर्यचेतना, जीवनचेतना र समयचेतनाको सुन्दर त्रिवेणी भेटिन्छ। नस्लबोधमा गौरव गर्ने कवि भूपाल राई आफ्ना कवितामा कतै प्रणय र विरहको स्वर, कतै प्रकृतिको कोमल सौन्दर्यको झङ्कार, कतै आफ्नै नदी, पहाड र झर्नाको वेदध्वनि लालित्यपूर्ण स्वप्नविम्बसहित अभिव्यञ्जन गर्नुमा आफ्नो काव्यिक निजत्व स्थापन गर्छन्।

●

*भूपाल राई*

# प्रेमवर्ष

●

तिमीलाई सम्झेपछि
मैले गुलाबको फूल च्यातेँ
फूल च्यातेँ र
ढोकाको सानो प्वालबाट चियाएँ
भित्र कुनै बन्दी रोइरहेको थियो।

गुलाबका पत्रहरूले छरिँदै भने–
"केही हजार वर्षअगाडि
कुनै एउटा फूलप्रेमीले
यसरी नै एउटा फूल च्यातेको थियो
यही ठाउँमा, यही बेला, यसरी नै
मेरो हत्या भएको थियो..."

"...नङमा जमेको रगतको बाँकी टाटा
हत्याको अतिरिक्त पुष्टि थियो
भीड थियो
न्यायाधीश र पुलिसहरू थिए
गुलाबका पत्रहरूमा अपराधी थुनिएको थियो
त्यही ठाउँमा, त्यही बेला, त्यसरी नै
केही हजार वर्षपछाडि
मलाई फेरि मेरो प्रेमीले सम्झ्यो..."

तिमीलाई सम्झेपछि
फेरि मैले गुलाबको फूल च्यातेँ
भित्र कुनै बन्दी बाँचिरहेको थियो
उस्तै काँट, उस्तै बान्की
उस्तै आँखा
बन्दीका रूपमा त्यहाँ अरू कोही थिएन
म आफै रोइरहेको थिएँ
त्यो बन्दी म थिएँ।
●

## तिम्रा जोर आँखालाई परेवा-सलाम

●
म आफ्नो पुरानो खेतीबाट
विश्रामको अनुमति खोजिरहेथेँ
एक्कासि तिम्रा आँखाबाट
एक जोर प्रहेलिका परेवा
पखेटा फटफटाएर
मलाई ठुड्न निस्कँदा
म त दुखेर आहाल भएछु
मेरो स्वाधीनताको डिलमा उभिएर
मेरै छातीको तरङ्गसँग खेल्छौ भने
पर्ख, तिम्रो हातमा म एउटा बल्छी राखिदिन्छु।

यतिखेर तिम्रो र मेरो हातमा
विश्वासको एउटा बम परीक्षणमा छ
मान्छे पछार्न सक्ने त्यो पुरानो चमत्कारसँग
खेल्न जानिएन भने
तिम्रो हातबाट चिप्लिएर
मेरै थाप्लोमा गिर्न सक्छ
र मेरो घातबाट उठेको धूवाँले
तिमीलाई पनि पिर्न सक्छ
फुकाइदेऊ त्यो चमत्कारी गाँठो
अब मेरै हातमा

हत्केलाभरि प्रीतिका जोर परेवा डाकेर
म त्यो बमलाई चारो बनाएर छरिदिन्छु।


तिम्रा ती जोर आँखालाई परेवा-सलाम!
एक दिन तिम्रो अँगालोभरि
परेवाको बथान थमाएर
म आफूलाई सबभन्दा धनी मान्छे साबित गर्दै
अन्तर्ध्यान हुनेछु
त्यो दिन तिमी भन्नेछौ–
"यो मान्छे
साँच्ची नै अभेक र अक्करहरूमा
हृदयको झोलुङ्गे टाङ्दो रै'छ
यो मान्छे
परेवाको सलाम चढाउँदो रै'छ।"
●

## मेरो प्रेम

●
ऊ रुँदा म पोखिन्छु... खिन्छु
ऊ लड्दा म धस्किन्छु... इन्छु
उसको बँचाइ त्यस्तो छ
जहाँ ऊसँगै म पनि कष्टप्रद बाँचिदिन्छु
अचेल म उसको मृत्युको कामनामा अहोरात्र उठिरहेछु
सके मुक्तिको सुख होस्– त्यो मृत्युमा मलाई
किनभने उसलाई मैले प्रेमकै लागि प्रेम गरेको छु।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : गोविन्द वर्तमान

**नाम** : गोविन्द अधिकारी

**जन्ममिति/स्थान** : २०१७, काठमाडौँ

**फोन** : ०१-४४६९५३७, ९८४१३४४६४६

**इमेल** : gbartaman@gmail.com

**लेखनप्रारम्भ** : २०३३

**प्रथम प्रकाशन** : *भएको भइदिए* (***निर्माण***, २०३४)

**राष्ट्रिय स्तरमा** : *स्थिति, आँखा र परिणामहरू* (***लालिमा***, २०३४)

**कृति** : ***सोह्र साँझहरू*** (यात्रासंस्मरण), फुटकर कविताहरू डेढ सयजति प्रकाशित

**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : साहित्यलाई म आत्मसन्तुष्टिका रूपमा स्वीकार गर्दिनँ। साहित्यले व्यक्तिको होइन, समष्टिको दायित्वबोध गर्नुपर्छ भन्ने मेरो धारणा छ। यिनै दायित्वबोधसहितको विशिष्ट सन्दर्भात्मक अभिव्यक्ति हो कविता र भौतिक जगत्मा निरन्तर भइरहेको परिवर्तनले मेरो काव्यात्मक चेतनालाई प्रभावित गरिरहेको हुन्छ। म कवितालाई निष्पक्ष र शाश्वत मान्दिनँ, तथापि मेरा निम्ति कविता भनेको एउटा त्यस्तो फूल हो जसमा शब्दका पत्रदलभित्र भावनाको पराग र विचारको सुगन्ध स्थापित भएको हुन्छ।

**नजरमा आफै** : एक आम नागरिक जो न्यायचेतनाका निम्ति अग्रगामी यात्रामा क्रियाशील हुन चाहन्छ।

**सम्पादकको कलम** : आधुनिक नेपाली कविताको परिदृश्यमा अर्थपूर्ण उपस्थिति जनाउने उदात्त प्रगतिचेतका सशक्त कवि गोविन्द वर्तमान कवितामा विचार वा भाव र कलमको सन्तुलनमा विश्वास राख्छन्। उनका सिर्जनाहरू समाजको अग्रगामी परिवर्तनप्रति प्रतिबद्ध देखिन्छन्। यसैले उनी समयचेतनाका कवि हुन्। उनको सिर्जनशील युद्ध आफ्ना लागि नभएर आफूजस्तैहरूका लागि हो। कुशल शब्दशिल्पी कवि वर्तमान कविता सरल नै हुनुपर्छ भन्ने मान्यताप्रति भने असहमत देखिन्छन्।

●

*गोविन्द वर्तमान*

## एक युवतीको प्राप्ति

●

सँगसँगै फेला परेका छन्
नयाँ पुस्तक र नयाँ प्रेमी
म दुवैसँग अनुरक्त छु।

पुस्तकहरूको संसारमा
करोडौँ पुस्तकहरूमध्ये एक
मैले फेला पारेको पुस्तक
मेरो जीवनमा कति सहायक हुनेछ
मूर्खताको वरिपरि रहेको मलाई
अहँ, पटक्कै अनुमान छैन।

प्रेमको परिभाषा विविध भइरहेको संसारमा
तथापि प्रेम स्वयम् परिभाषाहरूबाट भागिरहेको संसारमा
पुस्तकसँगै फेला परेको प्रेमीलाई
कविताको भाषामा
अग्लो भीरमा फुलेको फूल भन्न सकिन्छ
औँसीको अन्धकारमा बलेको मैनबत्ती भन्न सकिन्छ
दिक्दारीहरूको बीचमा आइपुगेको
सुखद समाचार भन्न सकिन्छ
अथवा थकाइहरूको बीचमा फेला परेको
विश्राम भन्न सकिन्छ
मुस्किलले फेला परेको यस्तो प्रेमी
क्रोध र घृणाको विकट पर्यावरणमा
मेरा दुर्बलताहरूविरुद्ध कति शक्तिशाली हुनेछ
अहँ, मलाई पटक्कै अनुमान छैन।

सहस्र ज्ञानहरूको सागरमा
एक चम्चा पानीमात्र हो कि होइन
फेला परेको पुस्तक पल्टाएर
अलमलिइरहेको छु म
लगातार मरिरहेको मानिसलाई बाँच्न सिकाउने
कला हो कि होइन
फेला परेको पुस्तक पल्टाएर
हेरिरहेको छु म
मेरा अलमल र निरीक्षणहरूका बीचमा
मेरो नजिकै उभिएको नयाँ प्रेमी
आफ्ना कामुक इच्छाहरूलाई निजीकरण गरेर
मसँग उदारवादको याचना गर्दै छ।


गएको शताब्दीमा जस्तो
यो शताब्दीमा
आँखा झिम्क्याएर बाटिने मनको डोरीजस्तो नभएर
विश्वकरण हुँदै गएछ प्रेम
र इन्टरनेटमा उदाउन थालेछन्
मायाका सहस्र बान्कीहरू
तिनैमध्ये एउटा बान्की लिएर
नयाँ प्रेमी मसमक्ष आइपुगेको छ
उसको उपस्थितिको आभास
फ्रेन्च परफ्युमझैँ लाग्दै छ मलाई
म बिस्तारै भयभीत हुँदै छु
किनभने मेरो बुद्धिको पाठेघरमा
प्रेम होइन प्रतिहिंसाले प्रवेश गर्दै छ।

जेठको गर्मीमा धापिएका ढाक्रेहरूका निम्ति
रूखको सियाँलजस्तो प्रेम
नयाँ प्रेमीको हृदयबाट
उहिल्यै विनाश भइसकेछ
प्रेमीका आँखामा बलिरहेको
अतिरिक्त मुनाफाको मुस्लो हेर्दै
म नयाँ सत्यसँग भेटघाट गर्दै छु।

नयाँ पुस्तक र नयाँ प्रेमीसँगको भेट
दुवै भेटहरूमा भेटिएको
नयाँ सत्यसँगको भेट
नयाँ सत्यसँग भएको भेटघाट
मस्तिष्कमा उदाएको
नयाँ चेतनासँगको भेट
सबै भेटहरूबाट भेटिएको
मभित्रै जन्मिएर मभित्रै भेटिएको
नयाँ मानिससँगको भेट
अथवा मेरै प्रतिरूपसँगको भेट
मेरै अवतारसँगको भेट
बृहत् प्राप्ति हो मेरो
यही प्राप्तिबाट पुलपुलिएर
म नयाँ पुस्तकलाई प्रेम गरिरहेको छु
र नयाँ प्रेमीलाई
पुस्तकझैँ पढिरहेको छु।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : अरुणा वैद्य

**नाम** : अरुणा वैद्य

**जन्ममिति/स्थान** : २०१८ चैत्र, काठमाडौँ

**फोन** : ०१-४२७१०७३, ९८५१०४९५८५

**इमेल** : arunavaidya@hotmail.com

**लेखनप्रारम्भ** : बाल्यकालदेखि

**प्रथम प्रकाशन** : *भाग्य* (***दमना***, २०३८ तिर)

**राष्ट्रिय स्तरमा** : *बिरसिलो आविष्कार* (***गोरखापत्र***, २०४२)

**कृति** : ***सङ्गीतमय मृत्यु*** (२०५०), ***समुद्रलाई आँसु चाहिँदैन*** (२०६०)

**पुरस्कार/सम्मान** : राष्ट्रिय कविता महोत्सवमा तृतीय (२०५२), क्याम्पस जीवनमा विभिन्न साहित्यिक कार्यक्रमहरूमा पुरस्कृत

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविताले जीवन र जगत्सँग सम्बन्धित मानवीय संवेदनाहरू पाठक एवम् श्रोतासमक्ष सम्प्रेषण गरोस् र समाजमा सकारात्मक अभिव्यक्ति देओस् भन्ने म चाहन्छु। कविता अतुलनीय र हृदयस्पर्शी कला हो, जीवनजगत्को प्रकाश हो। यसकारण यसले राजनीतिको बैसाखी टेक्नु हुँदैन भन्ने मलाई लाग्छ।

**नजरमा आफै** : मानवसंसारकै एउटा सामान्य सदस्य।

**सम्पादकको कलम** : स्रष्टा अरुणा वैद्यका कविताहरू वर्तमान सन्दर्भित जीवनका सुन्दर-असुन्दर दुवै पक्षको उच्छ्वालमा तरङ्गित मानवीय संवेदनाका गहन मूर्च्छना हुन्। शब्दको सङ्गीतमा जीवनका अँध्यारा इमानहरू, कतै जम्काभेटका उज्याला किनाराहरू लयबद्ध छन्। माधुर्यधर्मी विम्बात्मक अभिव्यञ्जनासहित मानवचेतनाका स्वीकृत पीडाहरूको झङ्कृत निष्कर्ष कवि वैद्यका कविताको रोमाञ्चकारी अन्तरङ्गता हो।

●

*अरुणा वैद्य*

## सङ्गीतमय मृत्यु

●

खसेर भर्खरै टेबलबाट
एउटा गिलासले अचानक
चकनाचुर मृत्यु भोग्नुपर्‍यो
एउटा सङ्गीतमय मृत्यु।
सुनेको मात्र थिएँ
अहल्याले रामको पैतालाको स्पर्शमा मुक्ति पाइन्
आफ्नै वरद हातको स्पर्शमात्रले पनि
भस्मासुर मुक्त भयो
र अहिले देख्नमा पाएँ
एउटा मानिस-हत्केलाको स्पर्शले
एउटा गिलासले मुक्ति पायो।
र कता-कता लाग्यो
जुन बेला पनि
जोसुकैको पनि
चुम्बन बेपर्दा र बेसर्म स्वीकार गर्ने
एउटी महसुर मदमस्त वेश्याले मुक्ति पाइन्।
उसको मृत्यु
यसरी नै लेखेको रहेछ
आफूलाई सधैँ आतुर च्याप्ने
बलिष्ठ हातबाटै हुनुपर्ने
र उसको अन्त्येष्टि पनि
यस्तै रहेछ
कि सधैँ मायाले उठाउने हातहरूबाट
त्रासको कुचोले बढारिँदै
घृणामा आफलिनुपर्ने।

आखिर
मृत्युमा पनि मीठो सङ्गीत बज्ने रहेछ
जीवनभर
सबैको
सबै किसिमको
प्यास मेट्दामेट्दै
गिलासले मानिसहरूबाट बेग्लै
एक झङ्कार सङ्गीत जगेर्ना राखेको रहेछ
र आफ्नो मृत्युमा
आँखाहरूमा पीडा फालेर
कानहरूमा मीठो आवाज
आहुति बजाएर गयो
न यसलाई आरोह भन्नु न अवरोह।
कसलाई के थाहा?
काँचको सुन्दर जीवन बोक्नुको अर्थ
क्षतविक्षत दुर्घटना सहनु हो,
पारदर्शी चमचमाउँदो शरीर पाउनु
कमजोर आयु भोग्नु हो
अनि काँच हुनु भनेको
होसियार राख्ने शक्ति हो
प्रतिविम्ब उतार्ने क्षमता हो
र काँच आफैमा
जगेर्ना रहेको मीठो सङ्गीत हो।
●


## समुद्रलाई आँसु चाहिँदैन
●

समुद्र घाम ताप्न
डिलमा बसेको छ
घाम तापिरहँदा ऊ कथा भन्दैन
कथाका थिमहरू बाकसमा बन्द गरेँ भन्छ
जुन बेला पनि खोल्दिनँ
सस्तो हुन्छ कथा
जोसुकैलाई सुनाउन्नँ भन्छ

कथा आफ्नै हो, आफैलाई बाँध्छु भन्छ
ऊ आफ्नै गहिराइमा
आफ्नो विगत खोतल्न चाहन्छ
भविष्य नियाल्न चाहन्छ
समुद्र आफ्नो स्वरूप
पानीमा नाप्न खोज्दै छ
उसको परिचयले किन उसैलाई चिनेन?
त्यो छाम्न खोज्दै छ पानीमा
चक्कर–चक्कर।

अब ऊ रुँदैन
अब ऊ बोल्दैन
अब ऊ गल्दैन
समुद्र हो उसको नाम
नुनिलो दह
त्यसैले
समुद्रलाई आँसु चाहिँदैन।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : एस्पी कोइराला

**नाम** : शङ्करप्रसाद कोइराला

**जन्ममिति/स्थान** : २०२० असार २, भोजपुर

**फोन** : ०१-४४८२८००

**इमेल** : spk@ntc.net.np

**लेखनप्रारम्भ** : २०३५

**प्रथम प्रकाशन** : २०३५

**राष्ट्रिय स्तरमा** : २०३५

**कृति** : ***टाँकीको घाँस*** (२०५७), ***निर्वस्त्र नगरीमा*** (कवितासङ्ग्रह, २०६४); ***धडकनभित्र*** (गीतसङ्ग्रह, २०६१); ***धडकनभित्र*** (२०६१), ***उपमा*** (गीति एलबम, २०६५) ***प्रहर*** (संयुक्त गीति एलबम, २०६३)

**पुरस्कार/सम्मान** : नेपाल सम्मान (२०५८), बगर सम्मान आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : साहित्यको सर्वाधिक शक्तिशाली कलात्मक अभिव्यक्ति।

**नजरमा आफै** : साहित्य र सिर्जनाप्रति अगाध आस्था र विश्वास राख्ने एउटा साहित्यिक आत्मा।

**सम्पादकको कलम** : जीवनसित प्रतिबद्ध स्रष्टा एस्पी कोइरालाका कविताहरू स्वयम् आफ्नो काव्यिक अस्तित्वको दाबी गर्न समर्थ छन्। गीतकार एस्पी कोइरालाको छाप लयमाधुर्यका रूपमा उनका कवितामा स्पष्टतः अनुभूत गर्न सकिन्छ। स्वस्थ समाजको परिकल्पनामा शब्दको हतियार लिएर समयका नग्न निर्ममताहरूको उत्खननसहित त्यसका चुनौतीहरू पार गर्दै अँध्यारोविरुद्धको युद्धमा विजयोन्मुख कवि कोइरालाले आफ्ना कवितामा समयसापेक्ष सौन्दर्यचेतसहितको व्यङ्ग्यधर्मिता एवम् गहन सरलतालाई काव्यिक निजत्वका रूपमा स्थापन गरेका छन्। कुनै अन्यथाले उनको काव्यिक अस्तित्वलाई धमिल्याउनेछैन।

●

*एस्पी कोइराला*

## सुरुआत

●

कसैबाट केही सिकिरहेछु अविरल
कोहीबाट केही सुनिरहेछु अविश्राम
सबैबाट सबै बुझिरहेछु निरन्तर
तैपनि सिक्ने, सुन्ने, बुझ्ने सुरुआत भएको छैन,
अरूको त के हुन्छ कुन्नि
मेरो भूगोलभित्र त
रात सकिएपछि मात्र साँझ पर्ने गर्छ।
सिकिसकेपछि सिक्ने
सुनिसकेपछि सुन्ने, बुझिसकेपछि बुझ्ने
यसरी मात्र मेरो हरेक कामको बिहानी हुन्छ।

अट्टहासभित्र रुमल्लिएको कोठाभरि
मन्द मुस्कानसम्म मसँग छैन
अरूहरूको त जान्दिनँ म
मेरो मानवशास्त्रमा सधैँ
हाँसो सकिएपछि मात्र खुसीको थालनी हुन्छ।
शोकाकुल आत्माहरूसँग बसेर घाटभरि
एक थोपो पीडा आफू बोक्न सक्दिनँ
एक बुँद आँसु आफ्नो वशमा छैन
अरूको त थाहा छैन मलाई
मेरो प्राणीशास्त्रमा निरन्तर
आँसु रित्तिएपछि मात्र दुःखको थालनी हुन्छ।

शङ्खनाद छरिएको छ रणभूमिमा
थोरै उत्साहको अंश पनि हराएको छ मबाट
कम्मरको खुकुरी हातसम्म आइपुगेन
अरू योद्धाको त थाहा छैन
मेरो इतिहासमा त अझै
सम्झौतापछि मात्र युद्ध सुरु हुन्छ।
परिवारको माझमा जिएर जीवनी
एक धर्को भविष्य कोर्न सकिनँ
एक थोप्लो भाग्य मसँग छैन
अरूको त भन्न सक्दिनँ म
मेरो ज्योतिषशास्त्रमा त निरन्तर
मृत्युपछि मात्र जीवन सुरु हुन्छ।
●

## जसमिन क्रिस्टी

●
जसमिन क्रिस्टी, आफू उभिएको प्यारो भूगोल
अन्तालियाको नाममा
धरतीका सारा सुन्दर उपमाहरू उद्घोष गर्दै गई–
*“सधैँ प्रसन्न र प्रशान्त*
*विस्तार र गहिराइको अनन्त*
*भूमध्यसागरीय आकर्षण*
*टर्कीसीमासम्म फैलिएको समुद्री किनार*
*षोडशीझैँ सुन्दर अन्तालिया*
*मानौँ यो सुन्दर मौसमसँग*
*आफ्नो सुन्दरताको दाबी गरिरहेछ...”*

तर, प्रिय जसमिन!
धरतीकै स्वर्ग भने पनि
अन्तालियाभन्दा मलाई
तिम्रो मनको भूगोल सुन्दर लाग्यो
* * *

जसमिन मलाई गाइड गर्दै गई
मानौँ, एउटा मादक मूर्तिका साथ कलासहर पेरिसमा
म, एक्लो तस्बिर खिचाउँदै छु

कहिले यस्तो लाग्थ्यो
कि ब्रह्माले प्राण भरेर
मानौँ, मेरो सेवामा भर्खरै पठाएजस्तो
हात समातेर तान्दै
जसमिन मलाई भनिरहेकी थिई–
*"धरतीको यो सुन्दरतालाई तिमी कैद गरिरहेछौ!*
*या सुन्दरताले नै तिमीलाई कैद गरिरहेछ!!"*

तर, प्रिय जसमिन!
यो पर्यावरणीय सुन्दरताले भन्दा
मेरो हिमालजस्तो तिम्रो मुहारमा सजिएको
मेरो रारा र फेवाजस्तो तिम्रा आँखाको भूगोलले
मलाई कैद गरिरहेछ...!

माफ गर जसमिन!
तिम्रो भूमिका लागि समर्पित
तिम्रा सारा उपमाहरूभन्दा
मेरो पहाडी झर्नाझैँ सलल बगेको तिम्रो केशराशि
मेरो हिमाल पग्लेर बगेको
कञ्चन पहाडी नदीजस्तो तिम्रो मस्त चाल
मेरै देउरालीमा लालीगुराँसझैँ फक्रेको तिम्रो मदमस्त यौवन
मेरो गाउँभरि लटरम्म झुलेका सुन्तलाका केस्राजस्ता
मधुमस्त तिम्रा ओठ
रानीवनको कुहू-कुहूजस्तो सङ्गीतबद्ध तिम्रो मुस्कान
उहिल्यै साहिँली मोरीले प्रेमले दिएको
आलो नौनीजस्तो तिम्रो महकिएको सौन्दर्य
र, नीलगिरिबाट चियाएको पूर्णचन्द्रजस्तो तिम्रो कौमार्यको भूगोल
मलाई झनै सुन्दर लाग्यो...!
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : दुबसु छेत्री

**नाम** : दुर्गाबहादुर सुवेदी छेत्री

**जन्ममिति/स्थान** : २०२० श्रावण, झापा


**फोन** : ०१-४४३१४७७, ४४३२६७३, ४४३२६७६

**इमेल** : dubasuchhetri@gmail.com

**लेखनप्रारम्भ** : ७ वर्षको उमेरदेखि

**प्रथम प्रकाशन** : *आगोको गीत* (***सङ्क्रान्ति***, २०३६)

**राष्ट्रिय स्तरमा** : *पानीभित्र पनि आकाश हुन्छ* (***रूपरेखा***, २०४०)



**कृति** : ***दुबसु छेत्रीका प्रारम्भिक कविता*** (२०४७), ***दुबसु छेत्रीका केही कविता*** (२०४७); ***दुबसु छेत्रीका प्रारम्भिक मुक्तक*** (२०६२); ***तिमीले छोडेका यादहरू*** (२०५४), ***ज्योति-ज्योति-महाज्योति*** (गीति क्यासेट, २०५५); ***मुटु चोर्ने आँखाहरू*** (गीतिसङ्ग्रह, २०६२)

**पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, भानुभक्त पुरस्कार, युवा वर्ष मोती पुरस्कार, व्यथित काव्य पुरस्कार, गरिमा सम्मान पुरस्कार, मेखामलिखा पुरस्कार, गजलश्री सम्मान, सर्वोत्कृष्ट गीतकार पुरस्कार, हारती सांस्कृतिक सम्मान, नागरिक मञ्च स्वर्ण सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कहिले दुबसु कविताको अघि हिँडिरहेको हुन्छ, कहिले कविता दुबसुको अघि हिँडिरहेको हुन्छ। कहिले दुबसु र कविता सँगसँगै हिँडिरहेका हुन्छन्। कहिले दुबसु कविता भइरहेको हुन्छ, कहिले कविता दुबसु भइरहेको हुन्छ। कहिलेकाहीँ यस्तो लाग्छ– कवितामा दुबसु छ र कहिलेकाहीँ यस्तो लाग्छ– दुबसुमा कविता छ।

**नजरमा आफै** : मलाई माया गर्नेहरू पनि छन्, मेरो ईर्ष्या गर्नेहरू पनि छन्। मलाई माया गरी-गरी ईर्ष्या गर्नेहरू पनि छन्। मलाई ईर्ष्या गरी-गरी माया गर्नेहरू पनि छन्। तर मलाई माया गर्नेहरू चाहिँ छन्। माया गर्नेहरू नै बढी छन्।

**सम्पादकको कलम** : आधुनिक नेपाली कवितावृत्तमा कवि दुबसु छेत्रीका कविताहरू मानवीय सहस्र सन्ताप, असङ्गति, दुर्नियति एवम् मान्छेभित्रकै खलनायकीद्वारा सिर्जित उत्पीडनजस्ता अँध्यारोको झङ्कृत स्पर्श र त्यही अँध्यारोविरुद्ध उज्यालोका मधुर सङ्गीत हुन्। उनी शब्दार्थको मोहक सौन्दर्यबोधी चेतनासहित काव्यिक लहरमा लहरिँदै, तरङ्गिँदै जिन्दगीको मजा गुनगुनाउँछन् र उत्सवमय बन्छन्। जम्मामा उनका कविता स्वयम् नै काव्यिक अस्तित्वको सामर्थ्यवान् सूचना हुन्, दाबी हुन्।

●

*दुबसु छेत्री*

## नेल्सन मन्डेला–२

●

उज्यालोका फूलहरू कहीं–कहीं फुल्दा रहेछन्
अँध्यारामा, औंसीमा र जङ्गलमा
शासनका निस्पट्ट काला रातमा
एउटा सानो जूनकीरीले पनि
अन्धकार चिर्न सक्ने रहेछ
त्यति हो
जूनकीरीको पखेटा लाग्नुपर्छ
जूनकीरी उडुन्जेल पर्खनुपर्छ,

उज्यालोका लाभाहरू जहाँतहीँ सल्किँदा रहेछन्
एसियामा, अमेरिकामा, नेपाल वा दक्षिण अफ्रिकामा
एउटा सानो किरणले पनि
अन्धकारको कसिँगर बढार्न सक्ने रहेछ
त्यति हो
दियालो बाल्नुपर्छ
दियालो बलुन्जेल पर्खनुपर्छ,

उज्यालोको प्रवाह जहिल्यै पनि गतिमान् हुँदो रहेछ
हिमाल भए पनि, सागर भए पनि
मरुभूमि भए पनि
उज्यालोले आफ्नो गति नछोड्दो रहेछ
एउटा सानो झिल्काले पनि
आफनो रङ्ग र ढङ्गलाई नछोड्दो रहेछ
त्यति हो
चिराक सल्केको हुनुपर्छ
चिराक सकुन्जेल पर्खनुपर्छ,

अँध्यारामा शासन गर्ने
सोख भएकाहरूलाई
जूनको जुहार थाहा हुँदैन
घामको बहार थाहा हुँदैन
उज्यालोको प्रहार थाहा हुँदैन,

अँध्यारामा आँखा देख्नेहरूलाई
अँध्यारामा बाटा छेक्नेहरूलाई
उज्यालोमा हिँड्ने बाटो थाहा हुँदैन
उज्यालोमा टेक्ने माटो थाहा हुँदैन
उज्यालोमा पुज्ने नासो थाहा हुँदैन,

हत्केलाले सूर्य छेक्न खोज्नेहरूलाई
बन्दुकले विश्वास दाग्न खोज्नेहरूलाई
उज्यालोको गीत थाहा हुँदैन
उज्यालोको प्रीत थाहा हुँदैन
उज्यालोको जित थाहा हुँदैन,

तिमी जून हौ
तिमी घाम हौ
तिमी ज्योति हौ र
तिमी सिङ्गो उज्यालो हौ
उज्यालो कहिल्यै एक्लो हुँदैन
तिमी त्यसैले एक्लो भएनौ र हुँदै हुँदैनौ
जङ्गलमा तिमी जूनकीरी भयौ

आँसीमा तिमी जून भयौ
अँध्यारामा तिमी घाम भयौ
बाँध्न खोजियो तिमीलाई
तिमी जूनकीरी भएर उड्यौ
छोप्न खोजियो तिमीलाई
तिमी जून भएर चम्कियौ
ढाक्न खोजियो तिमीलाई
तिमी घाम भएर झुल्कियौ,

उज्यालोसँग रावण, कंस र हिरण्यकशिपु पनि हारेका छन्
उज्यालोसँग नेपोलियन, हिटलर र मुसोलिनी पनि हारेका छन्
उज्यालोसँग सत्ता पनि हारेको छ
उज्यालोसँग समय पनि हारेको छ
त्यसैले तिम्रो मुक्तिको युद्धमा मैले आफूलाई होमें
अलिकति अघिपछिको कुरा मात्र थियो
समयले स्वतन्त्रताको भाका बुझ्ने त निश्चित थियो
तिम्रो मुक्तिमा
मैले सधैँ गाइरहने उन्मुक्तिको
मेरो गीत गाउँछु म
मान्छे कहिल्यै बाँधिँदैन र बाँध्नु हुँदैन
मान्छे जून हो
मान्छे जूनकीरी हो
मान्छे घाम हो
र मान्छे सिङ्गो उज्यालो हो
उज्यालो कहिल्यै बाँधिँदैन र बाँध्नु हुँदैन
मान्छे कहिल्यै बाँधिँदैन र बाँध्नु हुँदैन।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : टङ्क वनेम

**नाम** : टङ्क वनेम

**जन्ममिति/स्थान** : २०२० भदौ ५, ताप्लेजुङ

**फोन** : ०७८५३१६३४६१ (यू. के.)

**इमेल** : tankawanem@yahoo.co.uk

**लेखनप्रारम्भ** : बाल्यकालदेखि नै

**प्रथम प्रकाशन** : *आमाको माया* (**पर्वते**, २०४१)

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***पेन्जिरि पेन्–मिक्हाः*** (भूल गर्ने जोडी आँखा– लिम्बू भाषाको कवितासङ्ग्रह), ***साँघुरी र बूढासुब्बा*** (कवितासङ्ग्रह, २०६३)

**पुरस्कार/सम्मान** : –

## दृष्टिसन्दर्भ

**कविताप्रति** : थोरैमा धेरै कुरा अटाउने साहित्यिक विधा कविता सुख-दुःखको अभिव्यक्ति हो; जो अर्को समयमा लेखनसमयसँग सम्बद्ध समाजको दर्पण बन्नेछ।

**नजरमा आफैं** : जिउनुमा साधारण मान्छे र पेसाले बन्दुक समाउने मान्छे तर अस्तित्व खोजिहिँड्दा ऊ अधिक संवेदनशील बन्छ।

**सम्पादकको कलम** : कवि टङ्क वनेम आधुनिक नेपाली कवितावृत्तमा डायस्पोरिक पीडा अपनत्वप्रेमका शाब्दिक जादुगरका रूपमा स्तम्भित छन्। काव्यसौन्दर्यमा जीवनसौन्दर्य अनि समयसौन्दर्य घोलेर उनी कलाको मादकताले पाठकको हृदयमा सम्प्रेषित हुन्छन्। त्यतिखेर थाहा लाग्छ कि उनको एक हातमा बन्दुक र अर्को हातमा कलम रहेछ। उनी यस्तै काव्यिक हृदयले कविताफूल सिर्जना गर्छन्। यही सभ्यताको समयपीडा उनको काव्यिक निजत्व बनेको छ।

●

*टङ्क वनेम*

## युद्धमैदानको एउटा सपना

●

जूनताराको झल्लारी छाता ओढाउँदै
निद्राको डोली सजाएर
परी नाच्ने हिमालपारिबाट
युद्धमैदानको एउटा सपनामा
सपनाकी रानी लिन आउँछिन्
अनि–
दन्त्यकथाको राजकुमारजस्तो
पहाड– माथि–माथि
सुनाखरी टिप्दै
सुनपाती र भैरुङपातीको
बुटा–बुटामा अल्झेर
मृगशावकजस्तो
लुकामारी खेल्न थाल्छु
जूनको आभामा
मुस्कुराएको हिमालवारिपारि
नौरङ्गे डाँफेझैँ
म पनि वेग हान्न लाग्छु।

सबैतिर– व्याप्त शान्ति छ
क्षेप्यास्त्रको धूवाँ छैन
न नक्षत्र–तारा–ग्रह
कसैको हस्तक्षेप नै छ
शान्तिको मन्त्र फलाक्दै
ब्यानर बोक्ने
मान्छेहरूको भीड छैन
हातमा तारबार बोकेर
युद्धको शङ्ख फुक्ने
कसैमाथि कसैको
इख छैन।

अहो, कस्तो शान्ति!
तर सपनाकी रानी फेरि–
बिपनाको डोली बोकेर आउँछिन्
अनि–
सङ्घर्षमय संसारको भीडमा
छाडेर भाग्छिन्
त्यतिखेर म
दन्त्यकथाको राजकुमार हैन
युद्धमैदानमा योद्धा भएर
एउटा मोर्चा रुङिरहेको हुन्छु।

सङ्गिन र बारुद बोकेर
मान्छेको छाती घोच्ने
दाउ हेर्दै
सपनाको शान्तियात्रामा
उडिरहेको हुन्छु।
हे ईश्वर!
यो मेरो बिपना सपना भए
मान्छेको छातीमा गोली हानेर
मेरो जीवन
निर्वाह गर्नुपर्ने त थिएन!
●

## सत्य

●

धवलागिरी अग्लो हुन्छ भनेर
सगरमाथा भत्काउनेहरू
सुम्निमाको वस्त्र फुकाल्दै
अराजक भाषामा
मुन्धुमको युग छोट्याउँछन्
चोमोलुङ्माको शिर निहुरेर
सपनामा व्यङ्ग्य गर्छ।

तर
प्रार्थनामा उठेका हातहरूलाई
चेतनाका देवताहरू अस्वीकार गर्छन्
क्रमशः युगको हिमालचुली भत्किरहन्छ
तर शाश्वत सत्य
आस्था नभत्केपछि
लाटोकोसेरो बासेको साइत पारेर
फेरि एउटा सूर्य उदाउँछ।

हो, सत्यको हार कहाँ हुन्छ र ?
सगरमाथाको शिरमाथि
हिउँका फूलहरू
सेताम्मे फुलिरहन्छन्
न पत्थरको पहाड भत्किन्छ
न आस्थाको वस्त्र फुस्किन्छ।
●

## मेरो बैँस

●
सोत्र्याम्मै भएर
कच्याङकुचुङ मनहरू
स्वाभिमानको छाती
दहसतको घाँटी रेटेर
थुक्क !
सान्थुङ्गे फूलको
नकच्चरो बैँसझैँ
किन फुलेको होला
युद्धमैदानमा मेरो बैँस ?
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : खुमनारायण पौडेल

**नाम** : खुमनारायण पौडेल

**जन्ममिति/स्थान** : २०२१ भदौ ६, पर्वत

**फोन** : ०१-५५३८४७८

**इमेल** : khum99@gmail.com

**लेखनप्रारम्भ** : २०३४/३५ तिर

**प्रथम प्रकाशन** : *सामन्तीलाई हाँक* (***विश्वज्योति***, २०३७)

**राष्ट्रिय स्तरमा** : *बाँच्न जन्मेको भोक* (***समष्टि***, २०४४)

**कृति** : ***अन्तिमेत्थम्*** (२०४९), ***नरमेध*** (कवितासङ्ग्रह, २०५६); ***नोबेल पुरस्कार विजेता साहित्यकार*** (जीवनी, २०६२), ***नेपालमा विज्ञान र प्रविधि*** (२०६४) को सहलेखन; ***आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम*** (अभिनन्दनग्रन्थ, २०६०), ***वैज्ञानिक गोरेटोमा*** (आत्मवृत्तान्त, २०६२), ***जीवनसरिता : धर्मरत्न यमीका कविता, छहरो*** (२०४४), ***नवकविता*** (२०४५), ***आभा*** (२०५०), ***सुनगाभा*** (२०५१), ***मधूलिका*** (२०५६–२०६२) को सम्पादन र सहसम्पादन

**पुरस्कार/सम्मान** : राष्ट्रिय कविता महोत्सव पुरस्कार (२०४९), चालीसको दशकका काव्यनायक (२०५१), उत्कृष्ट गीतकार पुरस्कार (२०५३), नारायणी वाङ्मय पुरस्कार (२०५६), प्रतिभा पुरस्कार (२०५८), युवा वर्ष मोती पुरस्कार (२०५९), महेन्द्र विद्याभूषण 'क' (२०५९), हरिभक्त कटुवाल प्रतिभा पुरस्कार (२०६२)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : मान्छे नियाल्नु, उसको सौन्दर्य र कुरूपता अनि उसका यावत् अवयवहरू छाम्नु, मानवीय स्वतन्त्रताको झन्डा बोक्नु, कहिले आफू भएर अरूलाई व्यक्त गर्नु अनि कहिले अरू भएर आफूलाई प्रकाशन गर्नु।

**नजरमा आफै** : हल्ला, भीड र जमातबाट टाढा बस्न रुचाउने एउटा अन्तर्मुखी मान्छे।

**सम्पादकको कलम** : समकालीन नेपाली साहित्यवृत्तमा कविताको जोखिममा आवृत्त स्रष्टा खुमनारायण पौडेलका कविता मानवीय सत्ता, महत्ता र गरिमाका सुरुचिपूर्ण अभिलेख हुन्। चित्ताकर्षक बिम्बविधानसहित करुणाको भेलमा आस्था र विश्वासको सङ्घर्ष उनको काव्यिक निजत्व हो। यसैले कवि पौडेल जीवनको विसङ्गत आँधी-हुरीमा पनि जीवनको कालिक सौन्दर्यबोध गर्दै अस्तित्वको दाबी गर्छन्। यहीँ उनको काव्यिक मेधा पुष्टि हुन पुग्दछ।

●

*खुमनारायण पौडेल*

# चर्चको साँझ

●

डेन्युबका किनाराहरूमा आशाहरू
पुलबाट आत्महत्या गर्छन्
मान्छेहरू धमिलो पानीमा
आफ्नो अनुहारको नियति हेर्छन्
कि नीलो आकाशमा निरुद्देश्य दगुरिरहेका
बादलका आकृतिहरूमा डुब्छन्
वसन्तमा अबेला आइपुग्ने भियनाको साँझ
बाथले कक्रिएर चर्चको पार्कमा
आफ्नो दाह्री सुमसुम्याउने गर्छ।

क्षण-क्षणमा चर्चका गजुरहरू उडाउने बतासले
मृत्यु कुर्दै गरेका दम्पतीहरूको
मुटु हल्लाएर जान्छ
वृद्धाश्रमको मैलो पर्दा
उदास-उदास हल्लिइरहन्छ।

वृद्धाश्रमको मैलो पर्दाबाट
उदास अनुहारहरू बिरालो सुमसुम्याउँछन्
गमलाका फूलहरू ओइलाउँछन्
उनीहरूलाई थाहा छ
पार्कमा खेल्दै गरेका नानीहरू
कसैका पनि होइनन्
एकछिन आफ्ना भएका जस्ता मात्रै हुन्
पखेटा उम्रिएपछि उनीहरू
जानेछन् अर्को क्षितिजमा
र प्रत्येक वर्ष क्रिसमसमा मात्र भेटिनेछन्
मात्र बूढो हातले
उनीहरूको आँसु पुछिरहन्छ
वृद्धाश्रमको मैलो पर्दा
उदास-उदास हल्लिइरहन्छ।

ओइलाउँदै गरेका फूलहरूमा
केही रङ नथपिए पनि
केही सुगन्ध नथपिए पनि
कुहिन छाड्दैनन् जराहरू
भित्र-भित्रसम्म वर्तमानले
असहमति देखाइरहन्छ
चर्चबाट आइरहने
घण्टीको नीरस स्वरले पनि
सम्मोहन जन्माउन खोज्छ जीवनको
प्रत्येक हिउँदको कठोर हिमपातले
सबै सम्मोहन मक्किएर जान्छ
जिन्दगी विगतको अलबममा अल्झिरहन्छ
वृद्धाश्रमको मैलो पर्दा
उदास-उदास हल्लिइरहन्छ।
●


## प्रयोगशालाभित्रको क्षण

●
कुनै समय
पुरानो पात झर्छ
पुरिन्छ जिन्दगीको कथा
माटोका/बालुवाका पत्रहरूमा
एउटा उद्घाटन हुन नसकेको रहस्य
हामीहरू खोज्छौँ
अलमलिन्छौँ प्रवेशनिषेध ढोकाभित्र
प्रयोगशालाको भित्ते घडी
हामीतर्फ हेरेर हल्लन्छ
अलार्मको तरङ्ग
मौनता चिर्दै
झ्यालबाहिर निस्कन्छ
हातहरू काँप्छन्
अलिकति अम्ल पोखिन्छ टेबुलमा
यस समय हुन सक्छन्

दृष्टिहरू
– थिएटरको स्टेजमा
मनहरू
– पार्कको एकान्तमा
भावनाहरू
– सङ्गीतका आरोह–अवरोहहरूमा
पेसाहरू
– डेबिट–क्रेडिटका पानाहरूमा
हामीहरू भने
चिच्याउन सक्दैनौँ
निर्बन्ध हिँड्न सक्दैनौँ
पृथक् बन्छ हाम्रो परिवेश
झ्यालबाट छिर्न नसकी
चिसो बतास
बाहिरबाट फर्किन्छ
लहरे पीपलका लामा–लामा हाँगाहरू
गोधूलिमा समवेत उदासी स्वर सुसेल्छन्
त्यो उदासीबीच
समाधान हुन नसकी
फोसिल, आफ्नो गाथा
व्यङ्ग्य गरिरहन्छ
त्यो व्यङ्ग्य हामी
चुपचाप सहिरहन्छौँ।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : ललिजन रावल

**नाम** : ललिजन रावल

**जन्ममिति/स्थान** : २०२१ पुस २८, अछाम

**फोन** : ९८४१४८१८४९

**लेखनप्रारम्भ** : २०३६ तिर

**प्रथम प्रकाशन** : *सङ्घर्ष* (***मातृभूमि***, २०३७)

**राष्ट्रिय स्तरमा** : ***रूपरेखा***मा (२०३८)

**कृति** : ***यस पटक पनि*** (२०४०), ***मरुभूमिमाथि*** (कवितासङ्ग्रह, २०४८); ***केही गजलहरू*** (२०४२), ***बिरानो यो ठाउँमा*** (गजलसङ्ग्रह, २०४६), ***सिरानीमा आँसु*** (गजल-कवितासङ्ग्रह, २०५९); ***प्रतिनिधि नेपाली गजलहरू, समकालीन नेपाली गजल, सरकारी सेवाभित्रका स्रष्टा र सिर्जना***को सम्पादन

**पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, तन्नेरी प्रतिभा सम्मान

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवन र जगत्‌बाट प्राप्त अनुभव र अनुभूतिहरूलाई इमानदारीका साथ अभिव्यक्त गर्दै भोलिको समयका लागि आजको समयको दस्तावेज हो कविता।

**नजरमा आफै** : केही राम्रो लेख्न सकौँ भन्दै सधैँ क्रियाशील रहन खोज्ने एउटा मान्छे।

**सम्पादकको कलम** : नेपाली साहित्यजगत्‌मा निकै क्रियाशील व्यक्तित्व एवम् प्रगतिशील धारका एक सफल कवि एवम् गजलकार ललिजन रावलका सिर्जनाहरू मूलत: सामाजिक अँध्यारोले लपेटेर राखेको विसङ्गति र विकृतिसम्बद्ध मानवीय संवेदनाका झङ्कार हुन्; आफ्नै भूगोलीय आकाङ्क्षा र प्रेमसहित मान्छेकै खलनायकीविरुद्धका विम्बात्मक शब्दप्रकाश हुन्।

●

*ललिजन रावल*

## रात परेन आज यो सहरमा

●

रात परेन आज यो सहरमा
दिन लम्बिँदै छ पर-परसम्म
दिनको लम्बाइमा
ज्यामीले कति बेरसम्म घोट्टिनुपर्ने हो ?
उज्यालोको ज्यादतीमा
कमैया कहिलेसम्म सुस्ताउन नपाउने हो ?

रात ढलेन अझैसम्म भन्दै
कति-कति कविताहरू लेखिए यसै सहरमा
प्रभातको आह्वानमा कति-कति गीत गाइए यसै सहरमा
तर आज प्रतीकका सङ्केत फरक हुन थालेका छन्
विम्बले अर्कै झलक बोक्न थालेका छन्;
दिनभरिको थकान मेटाउन
साँझ किन आउन सकेन यहाँ ?
रातलाई कसले रोक्यो बीचबाटैमा ?
दिनको आतङ्क र उज्यालोको ज्यादतीविरुद्ध
कालो चस्मा लाउनु नै कहाँ पर्याप्त हुन्छ ?

उज्यालोलाई अट्टालिकाबाट/महलहरूबाट
छाप्राहरूसम्म पुऱ्याउने ती हातहरूलाई के थाहा थियो र ?
कि त्यही उज्यालोले छाप्रोको अलिकति चैन र आराम पनि
झनै खलबल्याइदिनेछ भनेर !

रात परेन आज यो सहरमा
र अलिकति सुखका सपनाहरू पनि देख्न पाइएन
दिनभरिको कोलाहल र यन्त्रणाबाट मुक्त हुन
एकान्त र एकलासको क्षण पनि भेट्टाउन सकिएन
कसैको सम्झनामा दुई थोपा आँसु खसाउन
एउटा उपयुक्त समय पनि भएन।

कत्रो अन्याय गऱ्यो यो दिनले
के दिन भनेको यही हो?
उज्यालोको अर्थ यही नै हो?
पानी गति हो तर त्यसले जीवनलाई बगाउन पनि सक्छ
आगो शक्ति हो तर त्यसले सिर्जनालाई डढाउन पनि सक्छ
सबैलाई थाहा छ, यो कुनै नौलो कुरा होइन
त्यसैले त दिनको आतङ्क र उज्यालोको ज्यादती पनि
सहजै स्वीकार गरिरहेछन् मानिसहरू यस सहरमा
र कतै-कतै गाइँगुइँ सुनिन्छ
रात परेन आज यो सहरमा।
●

## जङ्गल

●
यति चाँडै जङ्गललाई
तिमीले बिर्स्यौ कसरी?

जङ्गलबाटै सुरु भएथ्यो
आदिम सभ्यता
जङ्गलबाटै प्रयोग गर्न सिकेथ्यौ
पाषाण हतियार
जङ्गलबाटै प्रारम्भ गऱ्यौ
साङ्केतिक भाषाको प्रयोग
जङ्गलबाटै भएथ्यो विचारको विस्तार
र सधैँ-सधैँ प्रदान गऱ्यो तिमीलाई
जङ्गलले नै सुरक्षा
सहर प्रवेशपछि
यति चाँडै
जङ्गललाई बिर्स्यौ कसरी?
भर्खरको विगत बिर्स्यौ कसरी?

जङ्गल मरेको छैन
आफूभित्रका खोलानालाहरूको गतिमा जीवित छ

रूख–बिरुवाका पातहरू निरन्तर हावामा हल्लिँदै
ज्युँदोपन देखाइरहेका छन्
जङ्गलभित्र एकलासमा
फूलहरू फुलेकै छन्
सुवास र सौन्दर्य छरेकै छन्,
तिमी भने गमलाका फूलहरूमा रमाएका छौ,
राजधानी प्रवेशपछि
अत्याधुनिकताको अभिनयमा
जङ्गललाई आदिम देख्यौ कि कसो ?
जङ्गलदेखि विरक्त भयौ कि कसो ?
तर आफ्नो प्रारम्भलाई नबिर्स यसरी

एकपटक पाइतालाले चुम जङ्गललाई
खोला र नदीनालाहरूको चिसो पानीलाई स्पर्श गर
र सम्झ जङ्गलभित्र समाहित भएका
ती महान् आत्माहरूलाई
जो तिम्रा र मेरा निम्ति
समधिस्थ भए त्यसरी,
यसैले
सम्पूर्ण सुविधायुक्त राजधानीबाट
सुदूर जङ्गललाई अवश्य सम्झिने गर
जो तिम्रो उद्‌गमस्थल थियो
जो तिम्रो प्रस्थानबिन्दु थियो।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : राजकुमार के. सी.

**नाम** : राजकुमार के. सी.

**जन्ममिति/स्थान** : २०२२ फाल्गुन २६, रामेछाप

**फोन** : ९८४१४११२९९

**इमेल** : rajkhatry@hotmail.com

**लेखनप्रारम्भ** : २०३८

**प्रथम प्रकाशन** : ***मिर्मिरे***मा (२०३८)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***भूगोलका रेखाहरूबाट*** (२०४५), ***निहत्था मेरो सडक*** (कवितासङ्ग्रह, २०४९); ***विपुल*** (साहित्यिक त्रैमासिक) को सम्पादन

**पुरस्कार/सम्मान** : साहित्य सन्ध्या पुरस्कार (२०४४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जनताका पीडालाई सरल र सहज ढङ्गबाट सौन्दर्य पक्षलाई आत्मसात् गर्दै सम्प्रेषण गर्ने माध्यम।

**नजरमा आफै** : अन्यायका विरुद्ध आवाज उठाउने र इमानदारितामा रहने।

**सम्पादकको कलम** : स्रष्टा राजकुमार के. सी. मार्क्सवादी सौन्दर्यका कवि हुन्। विचार र कलाको सन्तुलित सौन्दर्यमा उनका कविताहरूको उत्कर्षता सगर्व महसुस गर्न सकिन्छ। मूलत: सृष्टिका अथाह वैभवहरूसित साक्षात्कारित उनको विम्बविधान जादुमय लाग्दछ, मानौँ उनी शब्दका विशिष्ट जादुगर नै हुन्। यथार्थत: सङ्घर्षबाटै मान्छेमा निहित असाधारण शक्तिको पहिचान हुन्छ; त्यही सङ्घर्षपूर्ण मानवीय मूल्यवत्ताको खोजी र प्राप्ति उनको काव्यिक सत्ता हो।

●

*राजकुमार के. सी.*

# अगेनाको डिलमा एक साँझ

●

निकै लामो यात्रापछि
जतिबेला एउटा यस्तै साँझ
म तिमीकहाँ आएको थिएँ
चुपचाप अगेनाको डिलमा बसेर
झिक्राहरू सल्काउँदै थियौ

दिनभर बालुवा बोकेर थाकेको तिम्रो शरीर
रोसी खोलाको चिसो बतास
अनि, असङ्ख्य पीडाका भेलहरूमा हेलिँदाहेलिँदै
तिमी बिलकुल निर्झर भइसकेका थियौ
शब्दविहीन
भावविहीन
तिम्रा आँखाहरूले कुनै भयावह क्षणको सङ्केत गरिरहेका थिए।
हावाको झोक्काले जति खेर तिम्रो अगेनाको आगो निभाउँथ्यो
तिमी त्यसलाई पुनः बाल्ने प्रयत्न गर्थ्यौ
जसरी आफ्नो अगाडि एक्कासि मलाई देखेर तिमी झस्कियौ
र केही बोलेनौ
ठीक त्यही क्षण निभायो फेरि बगरको
चिसो बतासले तिम्रो अगेनाको आगो
फेरि सल्कायौ
र मलाई बस्ने इसारा गर्‍यौ
निकै घडी रात बितेपछि
जब तिमीसँग बिदा भएर निस्किएँ
मलाई हेरेर तिमी टोलाइरह्यौ
धरै समयपछि त्यस्तै एउटा साँझ
म आज फेरि तिमीकहाँ आएको छु
तिमी त्यहीँ छौ
र त्यहीँ अगेनाको डिलमा बसेर
झिक्राहरू बाल्ने कोसिस गर्दै छौ

अहिले पनि
बगरका ढुङ्गाहरूझैँ निष्प्राण देखिन्छौ
त्यो साँझ जतिबेला
तिम्रो अगेनामा बसेर सँगै आगो बालेका थियौँ
बिर्सिएका थिएनौ तिमीले त्यो क्षण
अलिकति खुसी लिएर आउने
प्रतीक्षामा तिमी झिक्राहरू सल्काइरहेका थियौ
म आएँ त्यस्तै साँझ
तर रित्ता बिलकुल रित्ता हातहरू लिएर
●

## डेउडा गाउँदै

●

कति पटक घुम्यो होला
कति ढुङ्गाहरूलाई फोड्यो होला
घुम्दाघुम्दै कति वर्ष बितिसक्यो होला
आँसुसँगै कति बग्यो होला पानी
तैपनि मन रुन छोडेन
र रुँदै–रुँदै त्यही साँझ फेरि उसले गायो

"तँ घुम्न्या मेरो मन घुम्छ
नघुम्यै कर्णाली"
बगरका बालुवाहरू चाल्दै
झीना हातहरूले ढुङ्गाहरू फोड्दै
गिट्टी ओसार्दै
अनि रुँदै नदीका भेलहरूसँग हेलिँदै
खाली पेटमा डेउडा गाउँदै
कति रात त्यसै बित्यो होला
कति पुस्ता त्यसै बित्यो होला
टाढा आकाशमा उडिरहेका कन्याङकुरुङका हूलहरूलाई हेर्दै
नदीको एउटा किनारमा उभिएर
उसले फेरि गायो
"तँ घुम्न्या मेरो मन घुम्छ
नघुम्यै कर्णाली"

उसका डेउडाका भाखासँगै नदी एकनास सुसाइरह्यो
कुनै खुसीको खबर लिएर कतैबाट कोही आएन
डुब्यो, त्यस दिनको घाम पनि त्यसै नरमाइलोसँग डुब्यो
विगतका दिनहरूमा जस्तै अशुभ समाचार दिएर
मन भारी तुल्याउँदै दिन बित्यो
के थाहा, नदी अहिले कुन मायेमा बगिरहेछ?
र कतातिर बगिरहेछ?
पर बगरपारि दोभानमा घरी बालुवा चाल्दै
घरी गिट्टी फोड्दै
उसले फेरि उही भाखामा गायो
"तँ घुम्न्या मेरो मन घुम्छ
नघुम्यै कर्णाली"

उसलाई खोज्दै जब घुम्यो नदी फनफन्ती आफ्नै मायेमा
एक्कासि हुत्तिँदै अलि पर कुइनेटोमा पुग्यो र टक्क अडियो
र हाम फाल्दै फर्कियो
आफ्ना छालहरूले उसलाई एकछिन न्यानो स्पर्श गऱ्यो
अनि मन लागी-नलागी बिदाइका हातहरू हल्लाउँदै
गहभरि आँसु लिएर
फर्किंदै हेर्दै
एउटा अनन्त यात्रामा नदी उसबाट टाढा भयो
ऊ केवल किनारामा उभिएर हेरिरह्यो टाढा-टाढासम्म
अनि फेरि उही भाखा गायो, गाइरह्यो
"तँ घुम्न्या मेरो मन घुम्छ
नघुम्यै कर्णाली"
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : आहुति

**नाम** : विश्वभक्त दुलाल

**जन्ममिति/स्थान** : २०२३ चैत १, काठमाडौँ

**फोन** : ०१-५५४०२९५, ९७४१०५७८९४

**लेखनप्रारम्भ** : २०३९ सालदेखि

**प्रथम प्रकाशन** : *साँच्चै गर्छौ र तिमी?* (***दियो***, २०४३)

**राष्ट्रिय स्तरमा** : ,,



**कृति** : ***तपस्वीका गीतहरू*** (कवितासङ्ग्रह, २०४९); ***नयाँ घर*** (उपन्यास, २०५१), ***स्खलन*** (उपन्यास, २०६०); ***हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न*** (समाजशास्त्र, २०६१)

**पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार (२०४९)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता सम्पूर्ण साहित्यको नाभि हो जुनबिना विभिन्न साहित्यिक विधाको कल्पना मेरो विचारमा सम्भव छैन।

**नजरमा आफै** : साहित्य मेरो रुचि हो, राजनीति मेरो दायित्व। दायित्व र रुचिबीच तैरिरहेको मानिस।

**सम्पादकको कलम** : शब्दको गरिमामय औचित्यसहित समाजका निमुखाहरूको पीडालाई कवितामा अनुवाद गर्न सफल कवि आहुति सफल उपन्यासकार एवम् चिन्तक पनि हुन्। वर्तमान पुस्तामा उनी सबल काव्यदृष्टि भएका एक परिपक्व कवि मानिन्छन्। उनका कविताहरू आदर्श र नैतिकताका अशोभनीय घिनलाग्दा प्रवृत्तिविरुद्धका आवाज हुन्। उनी आफ्ना कवितामार्फत लेखकीय संवेदना र पाठकीय संवेदनालाई एकाकार गराउन सक्षम छन्। यही उनको काव्यवर्चस्व पनि हो।

●

*आहुति*

## ऐनाको जिन्दगी

●

हामीमध्ये एउटा मानिस
ऐनाझैँ बाँच्दछ
र ऐनाझैँ मर्दछ
हामीमध्ये एउटा मानिस!

एक निश्चित बिन्दुबाट सुरु हुन्छ जिन्दगी
ऐनाको
सपाट चिप्लो जड प्रकाशहीन ऐनाको छाती
हरदम प्रतीक्षा गरिरहन्छ उज्यालो
मानौँ ऐना उज्यालाको सातै जुनीको व्याकुल प्रेमी हो!
तर
कतै दूर क्षितिजबाट
या नजिक सल्किरहेको टुकीबाट
जब ऐनाको अँगालामा बाँधिन आइपुग्छ उज्यालो
उज्यालालाई हृदयमा बाँध्नाको सट्टा
कमसेकम एक टुक्रा उज्यालो साँच्नाको सट्टा
कुनै निष्ठुर प्रेमीको भाँती
उज्यालालाई मिल्काइदिन्छ ऐना
हृदयमा पस्नै नदिई उज्यालालाई परावर्तन गरिदिन्छ ऐना
जब हराउँछ उज्यालो
सपाट चिप्लो जड प्रकाशहीन ऐनाको छाती
पर्खिन थाल्छ फेरि व्याकुल प्रेमीझैँ उज्यालो!

हामीमध्ये एउटा मानिस
यसरी नै ऐनाझैँ बाँच्दछ
यसरी नै ऐनाझैँ मर्दछ
हामीमध्ये एउटा मानिस!

प्रभातको मलिन किरण होस्
या पूर्णिमाको शीतल जून
ऐनाको हृदयमा कुनै उमङ्ग फुल्दैन

झरिरहेको झर्ना, बगिरहेको नदी
खेलिरहेका नानीहरू, गाइरहेका चराहरू
ऐनाको हृदयमा कुनै झङ्कार हुन्न
दृश्य सिर्फ फाल्नाका निम्ति हो!

रगतले लतपतिएको सडकको दृश्य
सडकमा लडिरहेको जुलुसको आक्रोश
हामीमध्ये त्यस मानिसको हृदयमा कुनै परिवर्तन हुन्न
भाउ बढेको रेडियोको समाचार
या आफै उभिएको भूगोल, च्यातिएको खबर
त्यस मानिसको छातीमा कुनै आगो सल्किन्न
खबर सिर्फ चर्चाका निम्ति हो!

कुरूप चेहराहरू जाऊ
र हेर आफ्ना अनुहारका खतहरू ऐनामा
सुन्दर अनुहारहरू जाऊ
र रमाऊ ऐनामा हेरेर आफ्नै प्रतिविम्ब
ऐना न कुरूपलाई घृणा गर्छ
न सुन्दरतालाई बाँधेर आफै सुन्दर हुने चेष्टा गर्छ
दृश्य सिर्फ फाल्नाका निम्ति हो!


सुन्दर सही विचारहरू जाऊ
र अँगालो हाल्ने प्रयास गर त्यस मानिसलाई
परिवर्तनका महान् सम्भावनाहरू जाऊ
र उज्यालो छर त्यस मानिसका चारैतिर
तर त्यो मानिस
न खराब बन्छ
न सम्भावनामा बाँधिएर कुनै फड्को मार्छ
सिर्फ खराब बन्न नसकेर
असल चिजको चर्चा गर्छ, सिर्फ गर्छ
एक राम्रो ढाँचामा बनेको कुनै ऐनाझैं
सब चिज परावर्तन मात्रै गरिरहन्छ!
हामीमध्ये एउटा मानिस यसरी नै ऐनाझैं बाँच्दछ
यसरी नै ऐनाझैं मर्दछ
हामीमध्ये एउटा मानिस!

ऐनाझैँ बाँचिरहेको
हामीमध्येको एउटा मानिस
जसरी रुन सिकाउँछ अरूलाई
त्यसरी आफू रुँदैन
जसरी हाँस्न सिकाउँछ अरूलाई
त्यसरी आफू हाँस्दैन
जसरी बाँच्न सिकाउँछ सबैलाई
आफू त्यसरी बाँच्दैन
जसरी सही सुन्दर सुरुवात गर्न सिकाउँछ सबैलाई
तर आफै ऊ कहिल्यै सुरुवात गर्दैन
जसरी फेर्न र फेरिने ज्ञानको सागर बाँड्छ सधैँ
त्यसरी ऊ कहिल्यै आफूलाई फेर्दैन
ऊ यसरी पर्खिन्छ आफूमा परिवर्तन
कि पर्खिंदापर्खिंदै ऊ बूढो हुन्छ!

हामीमध्येको एउटा मानिस
जे-जे ठोकिन्छ उसको मस्तिष्कमा
सबै परावर्तन गर्छ
बदल्ने जिम्मा सब अरूलाई बाँडेर
आफू जीवनमा फड्को नमारीकनै कतै अड्किन्छ!
हामीमध्येको एउटा मानिस ऐनाझैँ बाँच्दछ
ऐनाझैँ मर्दछ!

यताउता घुमिरहने
हामीमध्येको त्यो एउटा मानिस
कहीँ तपाईं आफै त होइन?
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : विप्लव ढकाल

**नाम** : बाबुराम ढकाल

**जन्ममिति/स्थान** : २०२४ वैशाख १, भोजपुर

**फोन** : ०१-४४८६७४१, ९८४१८४४६४४

**इमेल** : viplavdhakal@hotmail.com

**लेखनप्रारम्भ** : २०३६ तिरदेखि

**प्रथम प्रकाशन** : *राजा म आवाज दिन्छु* (***शुभकामना***, २०४१)



**राष्ट्रिय स्तरमा** : *कविता लेखे पनि - कविता नलेखे पनि* (***दृष्टि*** साप्ताहिक, २०४५)

**कृति** : ***चिताको ज्वाला*** (काव्य, २०४२); ***हिउँको यात्रा*** (मुक्तकसङ्ग्रह, २०४५); ***भोजपुरको साहित्यिक रूपरेखा*** (२०४९); ***निर्जन बन्दरगाह*** (२०५१), ***कालो मध्यान्तर*** (कवितासङ्ग्रह, २०६०); ***अन्तिम नायिका*** (एकाङ्कीसङ्ग्रह, २०५४)

**पुरस्कार/सम्मान** : षडानन प्रतिभा पुरस्कार (२०५०), युवा वर्ष मोती पुरस्कार (२०६१), गरिमा सम्मान पुरस्कार (२०६२) आदि

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "शब्दहरू पागल भएपछि कविताको जन्म हुन्छ...।"

**नजरमा आफै** : व्यक्ति विप्लव ढकाल जति शान्त, सरल र सन्तुलित छ, कवि विप्लव ढकाल त्यति नै असन्तुलित, निर्मम र अघोरी छ। ऊ आफ्नो चेतनाको अन्तर्यात्रामा अत्यन्त कठोर मानसिक यातनाको पथबाट गुज्रिरहेको एक्लो, नितान्त एक्लो यात्री हो।

**सम्पादकको कलम** : शब्दहरू पागल भएपछि होइन, शब्दहरूलाई पागल बनाएर कविताको जन्म दिने सामर्थ्य भएका वर्तमान पुस्ताका सशक्त कवि विप्लव ढकाल कलाको घनीभूत सौन्दर्यमा आस्था राख्छन्। समय र जीवनको निर्मम घर्षणबाट निर्मित अस्तित्वको दाबी गर्छन्। इतिहास र परम्पराप्रति सचेत प्रश्न गर्दै सप्रमाण मान्छे बाँच्नुको अहम् कलाको सौन्दर्यसारमा समर्पण गर्छन्। जम्मामा उनी कविताको घनत्वमा विप्लवत्वलाई एकाकार गराउँछन् र परमानन्दमा उत्सवमय बन्छन्।

●

*विप्लव ढकाल*

## अर्को अन्धकार

●

यो रात पनि त्यत्तिकै बित्यो
बिहान अर्को अन्धकार सुरु हुन्छ!

तिनै आत्मघाती कविताहरू
चन्द्रमा र नदीका आदिम एकालापहरू
त्यही कुरूप शान्ति
र कानुनको मुरलीबाट निस्केका दूषित बाफहरू!
त्यही विक्षिप्त घाम, त्यही ईश्वर,
त्यही साइकल र त्यही भोक दोहोरिन्छ फेरि!
त्यही थकाइ, त्यही बन्दुक
र त्यही सम्भोग दोहोरिन्छ फेरि!
कुकुर रोइरहेको निस्पट्ट अन्धकारमा
त्यही मृत्यु दोहोरिन्छ फेरि!

यो रात पनि त्यत्तिकै बित्यो
बिहान अर्को अन्धकार सुरु हुन्छ!

●

## खर्पनमा लसुन बोकेर

●

ईश्वरलाई लसुन मन पर्दैन
म खर्पनमा लसुन बोकेर
स्वर्ग हिँडिरहेको छु!

यो जङ्गलको आत्मा
मेरो दुःखको अन्तिम कविता होइन
यो आवाजको सुरुङ
मेरो युद्धको अन्तिम आधारशिविर होइन
हरेक बिहान

म ब्युँझँदा एम्बुलेन्समा सुतिरहेको हुन्छु
र शब्दहरू सडकमा हिँडिरहेका हुन्छन्
यो दुःखान्त यात्रा
मेरो आस्थाको अन्तिम बाँसुरी होइन!

म सुदूर अतीतको आकाशमा
मेरो आदिम आत्मा खोजिरहेको छु
जङ्गलको बीचमा रात पर्छ
अँध्यारोमा
एउटा श्रापित काकाकुलले मलाई देख्छ
उसका इन्कलाबी रुवाइहरूमा
अब कुनै अन्तिम अर्थहरू बाँचेका छैनन्
यो निर्जन मूर्च्छनाभित्र
म रुन्छु... रोइरहन्छु!

मलाई पृथ्वीमा
फर्किन मन छैन
र म खर्पनमा लसुन बोकेर
स्वर्ग हिँडिरहेको छु!
●

## सान्नानी फगत गलैँचा हो

●

सिस्नुका हाँगाहरूमा
काउछोको लहराले घाँटी बाँधेर
घाम अहिले तुर्लुङ्ग झुन्डिएको छ
र कुहिरोझैँ एउटा विषाक्त माकुरो
पहाडबाट–
बिस्तारै–बिस्तारै ओर्लिरहेको छ!
यसैले सान्नानी गलैँचा हो
ऊ गलैँचा बुन्छे र घाममा सुकाउँछे
सान्नानी फगत गलैँचा हो
ऊ घाम बुन्छे र गलैँचामा सुताउँछे!

जिन्दगीको हिउँदमा
जब तुसारोका जङ्गलहरू उम्रिन्छन्
सान्नानी बेगमबेली फूलका झाङबाट
हाहाकार टिपेर फर्किन्छे!
हरेक शिशिरपछि
मनका फाँटहरूमा बुकी फुल्न नपाउँदै
हतार–हतार वसन्तहरू भागिरहेछन्
सान्नानी रोधीघरबाट
सुनसान आकाश लिएर फर्किन्छे
र साकेवाका प्रत्येक सिलीहरूमा
झुमर र झिँझिया नृत्यका तलाउहरूमा
कुमुदिनीका प्रेमपत्रहरू च्यातेर
सान्नानी टुहुरीझैँ एकतमासले रोइरहन्छे!

काफलको उदास हाँगामा बसेर
चरी – 'काफल पाक्यो!' – भन्छ
सान्नानी काफलको फेदमुनि बसेर
रात–रातभर रोइरहन्छे!
रोइरहन्छे...
किनभने सान्नानी फगत गलैँचा हो!
र बूढो फेदाङ्वा–
गलैँचामाथि सुतेर
अहिले पुसको पहारिलो घाम तापिरहेको छ!!
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : प्रवीण राई 'जुमेली'

**नाम** : प्रवीणप्रकाश राई

**जन्ममिति/स्थान** : २०२४ जेठ, सिक्किम

**फोन** : ००९१-०३५९२२२८८७६

**इमेल** : sabdaanjali@yahoo.com

**लेखनप्रारम्भ** : सन् १९८६

**प्रथम प्रकाशन** : ***स्रष्टा***मा (सन् १९८६)

**राष्ट्रिय स्तरमा** : ***समकालीन भारतीय साहित्य***मा (सन् १९९५ तिर)

**कृति** : ***घाउका आवर्तहरू*** (सन् १९९५), ***आत्मदंश*** (सन् १९९८), ***शब्दातीत*** (सन् २००१), ***निनादको निम्ति निनाद*** (सन् २०००), ***इम्पास्टो अक्षर*** (सन् २००७), ***शब्दसन्ताप*** (सन् २००७)

**पुरस्कार/सम्मान** : स्रष्टा कथा पुरस्कार (सन् १९९१), डा. शोभाकान्ति थेगिम स्मृति पुरस्कार (सन् १९९८), उत्कृष्ट लेखक पुरस्कार (सन् २००७), विभिन्न संस्थाद्वारा अभिनन्दित

## दृष्टिसन्दर्भ

**कविताप्रति** : विचारोद्रेक र भावोद्रेकले समयलाई समात्न कुद्नु। अन्य यावत् उपभोगका कुराहरू समेट्दै। अक्षर माध्यम। सुन्दरतालाई पनि कायम राख्दै। अपितु पुरानोको भ्रममा अलमलिइरहेर होइन।

**नजरमा आफैं** : कविता र साहित्यिक जिजीविषासित बाँचिरहनुको स्वमहाविश्वास राख्नु। सांसारिकता रहर र बाध्यता दुवै। उब्रिएका यावत् प्राणीहरूको दृष्टिमा मात्र एउटा 'खिल्ली' को पात्र।

**सम्पादकको कलम** : नेपाली कवितासाहित्यवृत्तमा स्रष्टा प्रवीण राई 'जुमेली' अत्याधुनिक जीवन्तताका कवि हुन्। कविताहरूमा उनी शब्दका जादुगरजस्ता लाग्छन्। मानवीय सूक्ष्म संवेदन र विशिष्ट चिन्तनद्वारा निर्देशित शब्दको अनुष्ठानमा अनुप्राणित उनका कविताहरू जीवनमय छन्, सुरुचिमय छन्, सङ्गीतमय छन्, आह्लादमय छन्। विचारसौन्दर्य र शिल्पसौन्दर्यको तादात्म्यमा उनको सृजनधर्मिता प्रज्वलित छ जसद्वारा भावकको मन हिउँ र आगोद्वारा छोइएसरि छोइन्छन्, जहाँ कवि 'जुमेली' को काव्यिक अहम्ले विजय प्राप्त गर्दछ। उनको काव्यरचना र रचनाको आस्वादन दुवै पक्षमा युद्धको जित र जितपछिको पुनर्निर्माणजस्तो कलापूर्ण प्राप्तिको मजा झुम्न सकिन्छ।

●

*प्रवीण राई 'जुमेली'*

# प्रतीक्षाका लागि एक कविता

●

अगणित 'फेरि' हरूको शृङ्खला छ जीवनमा
जसरी :
    फेरि बर्खा लाग्छ
    फेरि मकै पाक्छ/काटिन्छ
    फेरि अदुवा रोपिन्छ/खनिन्छ
    फेरि हिउँदसित धूलो र जाडो पनि आउँछ
    फेरि रूखहरूबाट पातहरू खस्छन्
    फेरि आँखाहरू बाटैभरि बिछिन्छन्

घरी–घरी किन त्यही 'फेरि' हरूमा जीवनको उष्मा खोजिन्छ
सायद वसन्तले 'त्यो हिउँदमा आउँछु है' भनेको थियो होला
फेरि अनेकौँ हिउँदहरू अतीत बने
समयको अहर्निश बाँसुरीले त्यसलाई पनि
गीत बनायो कि कसो

शिशिरमा नाङ्गिन्छन् रूखहरू त्यसरी नै
जसरी नाङ्गिन्थे हजारौँ वर्षअघि
वर्षाका लागि तर रूखहरूको प्रतीक्षा
अनुभूतिरहित छ आँखाहरूलाई

एउटा बस्ती बसेकै छ, नाङ्गिएका ती रूखहरूमा
पालुवा, फेरि पात, फेरि झ्याम्म परेको रूख
सायद खुसीहरूले सिँच्छन् कि कसो
मानिसको बोटलाई

इच्छाहरूको डायरी छ एउटा धेरै पुरानो
त्यसले सधैँ बगैँचाहरूको नाम लेख्छ
शून्यताका पृष्ठहरूमा।
सायद अब बित्नपर्ने
शिशिरहरूको गन्ती बताएन कसैले
वसन्त आउने दिनाङ्क भनिदिएन कसैले
आँखाहरू 'ह्यापी प्रिन्स' बनिसके
किनकि त्यसले गौँथली बनी आउने वाचा गरेको थियो
बाटोलाई होइन
आकाशलाई कुर्ने भएछन्, यसैर आँखाहरू

मनको कुना आफ्नै छ थाकेर पल्टिने
कुन्नि कसरी रँगिन्छ 'सनफ्लावर', तर रँगिन्छ
कुन्नि कसरी कथिन्छ 'मुनलाइट सोनाटा', तर कथिन्छ
फेरि शाहजहाँ दिनहरू बित्छन् यसै-यसै
अनिर्मित ताजमहलहरू हेर्दै झ्यालबाट

प्रतीक्षाको यो समयहीनतामा
म देख्छु तिरस्कृत मुमताजहरूको सेना
त्यसले पाउन नसकेको शृङ्गार खोज्दै
जीवन निदाउन नसकेको कारण सोध्दै।
शरणार्थीझैँ लुटिनुको साक्षी हुन् यी घाउहरू
लुटिएकै आफ्नो निद्रा कतै
फर्काइमाग्न पो आएका हुन् कि सन्नाटाहरू??
●

# घुम्तीमा छेलिँदै जाने दृश्यहरू

●

पढिने ऋचाहरू आफ्नै थिए कञ्चनजङ्घाका
त्यसको छहारीमा बित्ने समयभरि
इतिहासका बग्रेल्ती अलिखित घुम्तीहरूमा
दृश्यहरू छेलिँदै जान्थे
छेलिँदै जान्छन् दृश्यहरू अझै पनि।
किन होला, कञ्चनजङ्घाका ऋचाहरू अब त
परिणत भए शोकगीतहरूमा
ए दाजै, किन होला टिस्टा/रङ्गितको पानी
नुनिलो भयो नि
माछाहरू कुन खोलामा बसाइँ सरिसके होला!

व्याप्त यी सन्नाटाहरूमुनि
अश्रुत बनेका श्मशान विरोधहरू
शान्तिको भयानक रूप भनी परिभाषित भए
कसलाई थाहा कि 'आमाको सपना' भरि प्रत्येक बिहान
हराएको आफ्नो भाषा खोज्छन् सन्नाटाहरू
'शान्तिबिनाको धरती कस्तो हुन्छ ए?' भन्दै
मौन प्रश्नहरू गर्छन्।

मौनता त तर हाम्रो जीवनशैली नै बन्यो क्यार!
त्योबिना बाँच्ने कुराहरू हामीले सोच्न पनि छाडेछौँ।
समयसीमाभित्र यसरी नै हामी
कति एक्लो भएछौँ, दाजै
त्यसका घुम्तीहरूमा हामी छेलिँदै-छेलिँदै आज
अलिकति अविश्वास उब्रियौँ
उब्रियौँ अलिकति अनास्था।

सायद अविरल बग्ने ती लाचार पसिनाहरू
अलिकति श्राप बग्छन् अझै
अलिकति अनर्थ बोल्छन्।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : लोकेन्द्र शाह

**नाम** : लोकेन्द्रविक्रम शाह

**जन्ममिति/स्थान** : २०२४ साउन १५, जाजरकोट

**निधन** : २०४८ साउन १६, काठमाडौँ

**लेखनप्रारम्भ** : –

**प्रथम प्रकाशन** : ***किरण*** साप्ताहिक (नेपालगन्ज)

**राष्ट्रिय स्तरमा** : –

**कृति** : ***मन एकान्तमा हराउँदैन*** (कविता-गीतसङ्ग्रह, २०४५), ***बूढो करङमा वृत्त*** (कवितासङ्ग्रह, २०४८); ***लोकेन्द्रका कथाहरू***; ***पर्म*** (द्वैमासिक), ***टेलिपत्र*** (साप्ताहिक) को सम्पादन

**पुरस्कार/सम्मान** : स्थानीय पुरस्कारहरू

## दृष्टिसन्दर्भ

**कविताप्रति** : साहित्य (कविता) ले समयको वास्तविक प्रतिनिधित्व गर्नुपर्छ। (साभार : ***साहित्यकार परिचय र अभिव्यक्ति***)

**नजरमा आफै** : तपाईंले उसलाई चिन्नुभएन ?
ऊ भनेको मै हुँ
म एक्लै थिएँ
सपनाको खोजीमा, सडकमा। (साभार : ***मन एकान्तमा हराउँदैन***)

**सम्पादकको कलम** : गीतकारका रूपमा पनि स्थापित स्रष्टा लोकेन्द्र शाह केही नयाँको खोजी गरिरहने विद्रोहका कवि हुन्। उनी सामाजिक विसङ्गति र विकृतिहरूको सशक्त प्रतिकार गर्छन् आफ्ना कविताहरूमा। उनका कविताहरू भाषिक एवम् अभिव्यक्ति-शैलीसौन्दर्यका दृष्टिले जति सुन्दर छन् त्यति नै जीवनबोध, समाजबोध, राष्ट्रबोध एवम् समयसापेक्ष युगबोधका दृष्टिले पनि सुन्दर छन्। यो उनले अल्पायुमै प्राप्त गरेको काव्यिक सफलता हो।

●

*लोकेन्द्र शाह*

## ऊ अर्थात् म

●

सबैले विश्वासघात गरे
सडकमा ऊ एक्लै करायो
उसको बोलीमा कसैले 'हो' भनेन
जसले पहिलो 'हो' भन्ने गर्दथे
आफ्ना घरका झ्यालहरूबाट लुकेर उसलाई हेर्न थाले
ऊ फेरि एक्लै सडकमा थियो।
तपाईंले उसलाई चिन्नुभएन?
ऊ भनेको मै हुँ
म एक्लै थिएँ
सपनाको खोजीमा, सडकमा।

सपना खोज्नेहरू कोही थिएनन्
सबै मीठा सपनाहरू देखिरहेका थिए
सडकमा ऊ चिच्यायो
ऊ नाङ्गिएको थियो– सर्वाङ्ग।
उसले लुगा लगाएको थिएन
टाउकामा टोपी थिएन
खुट्टामा जुत्ताहरू थिएनन्
सबै आङ नाङ्गै थियो
ऊ एक्लै थियो, सडकमा
तपाईंले उसलाई चिन्नुभएन?
ऊ भनेको मै हुँ,
म एक्लै थिएँ
जिन्दगीको खोजीमा, सडकमा।

यस पटक पनि उसले निकै मजासँग लाचारी खप्यो
बर्सातहरूमा पनि ऊ तृषित रह्यो
प्यास बुझेन उसको
नदीहरूकै बीचमा भएर पनि
ऊ गर्मीले अत्तालिएको थियो
र अन्त्यमा ऊ कराउन बाध्य भयो
कराउँदै ऊ सडकहरूमा आयो
सायद तपाईंहरूले पनि उसलाई
निकै नजिकबाट देखेको हुनुपर्छ
बाटोमा, चोकमा कराउँदै हिँडेको
हुन सक्छ, तपाईंहरूले उसलाई पागल सम्झनुभएको होस्
ऊ भनेको मै हुँ
चेतनाको खोजीमा/चोकमा, बाटोमा।

सुकेका पातहरूको सरसराहट मन पराएन
कोइलाहरूबाट निस्केको आगोले
ऊभित्रको जाडो मेटिएन।
मसिनबाट निस्केका बरफका टुक्राहरूले
उसको मुटुभित्रको गर्मी कम भएन।
ऊ रोयो, करायो र उसले जीवन माग्यो
ऊ अझै पनि जिन्दगी खोजिरहेछ
र कुनै पनि दिन तपाईंहरूको आँगनमा आउनेछ।
उसले भिक्षा माग्नेछ
चामलका दानाहरू नदिनुहोला
सुनका असर्फीहरू माग्नेछैन
उसले तपाईंहरूसँग मन माग्नेछ
उसले तपाईंहरूसँग जीवन माग्नेछ
उसको माग पूरा गर्नुहोला
सम्भवतः तपाईंहरूले उसलाई चिन्नुहुनेछैन
ऊ भनेको म हुनेछु
भविष्यको खोजीमा, मनहरूमा।
●

## नाटक / नाटक

●

मन्दिर–
म बनेको छु
ऊ बनेको छ
सबै बनेका छौँ।
देउता–
कोही हुन तयार छैन
कसैले भन्छ–
म देउता बन्छु तर मन्दिरभित्र बस्दिनँ
मूर्तिजस्तै भएर टाँसिएँ भने नि?

मूर्ति टाँसिएको हो वा
देउता आफैँ टाँसिएका!
पूजा गर्छन् मूर्ति किन मानिस?
देउतापूजा वा मूर्तिपूजा?
कसैले अचानक प्रश्न गर्छ।
निर्देशक अचम्म मान्छ,
लेखक टाउको फर्काउँछ
कलाकारहरू मुखामुख गर्छन्।

मूर्ति कोही बन्दैन,
पुजारी बन्छन्,
मन्दिर बन्दछन्,
बटुवा बन्छन्,
भक्त बन्छन्– सबै
तर मूर्ति कोही बन्दैन।

निर्देशक अचम्म मानिरहेछ
कलाकारहरू अन्योलमा छन्
आखिर किन कोही कलाकार मूर्ति बन्दैन?

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : मोमिला

**नाम** : मोमिला जोशी

**जन्ममिति/स्थान** : २०२४ साउन, हुलाकटोल, धनकुटा


**फोन** : ०१-२०५११५१, ९८५१०५०६०९

**इमेल** : momila.joshi@gmail.com

**लेखनप्रारम्भ** : २०३३ देखि

**प्रथम प्रकाशन** : *प्रतिविम्बित मानवता* (***निर्माण***, २०४२/४३ तिर)

**राष्ट्रिय स्तरमा** : *प्रतीक्षा फेरि चिताको* (***रूपरेखा***, २०४४)



**कृति** : ***पैयुँ फुल्न थालेपछि*** (२०५२), ***जूनकीरीहरू ओर्लिरहेछन्*** (२०५५), ***दुर्गम उचाइमा फूलको आँधी*** (कवितासङ्ग्रह, २०६०); ***नीलो-नीलो आकाश र दुई थोपा आँसु*** (निबन्ध-कवितासङ्ग्रह, सहलेखन, २०५३); ***ईश्वरको अदालतमा आउटसाइडरको बयान*** (ललित निबन्धसङ्ग्रह, २०६३); ***हेमचन्द्र पोखरेलका केही कविता, निर्वस्त्र नगरीमा*** (कविता-सङ्ग्रह), ***नोबेल, कलाश्री*** (साहित्य वार्षिकी), ***www.nepalikalasahitya.com*** (साहित्यिक वेब पत्रिका), ***कालचक्र*** (कविताङ्क, सहसम्पादन), ***सगरमाथाको नृत्यमग्न आत्मा*** (प्रतिनिधि आधुनिक नेपाली कविता) को सम्पादन

**पुरस्कार/सम्मान** : पद्मकन्या पदक (२०५२), प्रज्ञा पदक (कविता महोत्सव, २०५५), शताब्दी युवा सम्मान (२०५७), मोहन रेग्मी स्मृति सम्मान (२०५८), गुञ्जन प्रतिभा पुरस्कार (२०६२), युवा वर्ष मोती पुरस्कार (२०६३), धनकुटा प्रतिभा पुरस्कार (२०६४)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : "कविता प्रकृतिको प्रत्यक्ष सिर्जना शिरीष, गुलाफ र गुराँसभन्दा अलि प...र शिरीषजस्तै, गुलाफजस्तै र गुराँसजस्तै आस्तित्विक जोखिममा वक्ररेखाले हिँडिएका मानवसिर्जना हुन्, शब्दको जादुगरी कलात्मक प्रकाशना हुन्; जसले आवाज दिन्छ मान्छेकै चेतनामा, स्पर्श गर्छ मान्छेकै हृदयमा र सम्मोहनमा मान्छेले त्यहीँ आफू हुनुको गर्वबोध गर्छ।"

**नजरमा आफै** : हजार पीडाहरूलाई माया गर्दै जीवनको वक्ररेखामा आफ्नो अस्तित्व खोजिरहेको एक आउटसाइडर!

**सम्पादकको कलम** : कवि विप्लव ढकालका शब्दमा– "बीसौँ शताब्दीको अन्तिम दशकतिर अथवा एक्काइसौँ शताब्दीको प्रारम्भिक प्रहरतिर नेपाली कविताको नयाँ इतिहास कसरी रेखाङ्कित हुँदै थियो? यो प्रश्न भविष्यले आफ्नो अतीतलाई सोध्नका लागि सुरक्षित राखेको छ जसका सर्वाङ्गीण उत्तरहरूको महत्त्वपूर्ण अंशलाई मोमिलाका कविताहरूले समेटेका छन्।" (साभार : ***दुर्गम उचाइमा फूलको आँधी***)

●

*मोमिला*

## दुर्गम उचाइ

●

आफूलाई कतै छाडेर
अधुरो म
कविता पूरा गर्न सक्दिनँ।

जीवन रहेसम्म नै
अनुभूतिको विस्तारमा म
अन्तिम सिमाना कोर्न सक्दिनँ।

यतिखेर
बुझिएको जीवनको अन्तिम पृष्ठमा
पीडाको विशेषाङ्क पढिरहेछु
देवालयहरूमा
विलापको घण्ट बजिरहेछ
र पनि म
बरफको अन्तिम उचाइ सोच्न सक्दिनँ।

मानार्थ खुसीमा म
बुझ्नुका दुर्गम उचाइ उक्लिरहेछु
र लाग्दै छ
मैले नदेखेको ईश्वरबाट अलग्गिएर
मेरो माटोको घाइते छाया
मलाई पछ्याइरहेछ
र पनि मेरो माया नै अन्तिम भनेर
माटोलाई
मसँगै सती आउन
अनुरोध गर्न सक्दिनँ।

●

## भोलिको घाम अस्ताएन

●

यहाँ...
कैयन् हिमरातहरू
झरीपछिको मृदुल घामझैँ
पहेँलिएर दुख्छ
पोहोर सालका खुसीहरूमा
दुख्दै–दुख्दै रङ्ग चढ्छ
अग्लाइको होड पिउँदै
स्वयम्मा छलिएका वर्तमान पहाडहरू
बिरानो आँसु रुन्छ...

लाग्छ, हरेक साँझ हुनुअघि, वर्तमान
प्रतिद्वन्द्वीहीन आत्मप्रेम गर्न चाहन्छ
र..., हरेक बिहान हुनुअघि
स्वर्गको कामनारहित जीवन बाँच्न खोज्छ
तर, यो प्रहर
समयको सुकुमार रहर– वर्तमान
तृप्तिको स्वप्नझरी रुझ्दै
भोलिको कुमारी घाम सिउरेर
एक्लै–एक्लै मुस्कुराइरहेछ...

फेरि वर्तमानका होसभरि आस्थालाई
सङ्गतिका सर्जामहरू घृणा गर्छन्
जीवनका हारहरू
केवल आफ्नै मलामी हिँड्ने तरखरमा हुन्छन्
धरहरा चोइटिएर छरिएका अवशेषहरूलाई
रानीपोखरी चुम्न कुनै छेकबार हुन्न
तर, पुनः धरहराको सपना
सगरमाथाभन्दा अग्लो भइदिन्छ
लाग्छ, सारा सङ्गतिका लहरहरू
किनार नपुग्दै विसङ्गत हुन्छन्...

तर... पनि
न्याउली सधैँ किन बिरानो रात रुन्छ!
सृष्टि किन यहाँ एउटा
अथाह व्यथा बनेर दुख्छ!
हिँडिएको बाटो पनि
नागबेली पर्दै अजिँगर बन्छ...

खै! यो सपना र बिपनाको सङ्घर्षमा
आफैसँगको कस्तो युद्ध हो जीवन...!
आफैसँगको कस्तो प्रेम हो जीवन...!
आफैसँगको कस्तो घृणा हो जीवन...!
तर क्षितिजपारिको देशमा पनि
सयपत्रीका पत्रदलहरूमा
प्रभाती शीत जिन्दगी खोजिरहेथ्यो...

मृत्यु दुख्दैन हिजोआज
मृत्युपछिको जिन्दगी दुख्छ
झर्ना झर्नुको पीडा
पिउनेलाई नशा चढ्छ
तर, सुन्दरता देख्नु र भोग्नुका दुवै पीडाहरूमा
विसङ्गतिका सर्जामहरू पिरती लाउँछन्
कहिले, सिङ्गो दिन घाम पिएर प्यासी साउन
सिङ्गो रात जूनतारा फुलाउँछन्
कहिले, रातभर चिसो ओढेर आत्मविजयीहरू
भरदिन आफ्नै चिहानको पहरा बस्छन्
तर, युगको आँखामा कहिल्यै
भोलिको घाम अस्ताएन...
●

# कविसन्दर्भ



**साहित्यिक नाम** : रमेश श्रेष्ठ

**नाम** : रमेशध्वज श्रेष्ठ

**जन्ममिति/स्थान** : २०२४ पुस १७, पोखरा


**फोन** : ०६१-५२६७४४

**इमेल** : rameshartwork@yahoo.com

**लेखनप्रारम्भ** : २०३५/३६ तिर

**प्रथम प्रकाशन** : –

**राष्ट्रिय स्तरमा** : –



**कृति** : ***नपोतिएका रङ्गहरू, चराहरूको पहाड, आमा नदीहरू, बुद्धविम्ब : अक्षरविम्ब, In the Name of Buddha, घाँस उखेलिरहेकी केटी, रोदी रोएको देशमा, कविता र साँझ*** (कविता भीसीडी), ***अक्षरको खेत*** (प्रकाशोन्मुख)

**पुरस्कार/सम्मान** : नव कविता पुरस्कार, मोती पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, विम्बकवि सम्मान

# दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता अभिव्यक्तिकलाको सबैभन्दा प्रखर माध्यम हो। संसारमा सबै कुरा नअटाउन सक्छ, तर कवितामा सबै कुरा अटाउन सक्ने क्षमता रहन्छ।

**नजरमा आफै** : जीवनको जुलुसको एक थोपा।

**सम्पादकको कलम** : वर्तमान पुस्ताका एक चर्चित स्रष्टा रमेश श्रेष्ठ आफ्ना कवितामा विम्बका बादशाहका रूपमा प्रस्तुत हुन रुचाउँछन्। यो उनको काव्यिक पहिचान नै हो। विम्बमय चित्रात्मक शैलीमा कविका ऐकान्तिक अनुभूतिहरू साधारणीकृत भएर कवितामा प्रकाश्य हुँदा जीवन्त अन्तरङ्गता अनुभूत हुन्छ। यहींनेर उनी काव्यिक उत्कर्षता हासिल गर्दछन्; जहाँ हामी जीवनको मधुर सङ्गीत सुन्न सक्छौँ, हृदयिल मूर्च्छनाको झङ्कृतिमा रोमाञ्चित हुन सक्छौँ। यो क्षण नै कविको सफलताको क्षण हो।

●

*रमेश श्रेष्ठ*

## शब्दहरूको शरणमा

●

तिम्रो सौन्दर्यक्रान्तिको चन्द्रमाले
शरणार्थी बनायो
बाध्य भएको छु
शब्दहरूको शरणमा
फूलमाया!
तिम्रै गीतहरू गाइरहन्छन्
मायाका सुदूर जङ्गलहरू!

के थिएन र मसँग!
संसार बनाउने हातहरू–
आकाश धान्न सक्ने थाप्लो–
जीवन बोक्न सक्ने काँध–
पहाड चढ्ने विश्वासका खुट्टा–
के थिएन र मसँग!
हिमाल मेरै पर्खाइमा अचल रहन्थ्यो
पहाड मेरै बिहानसँग ब्युँझन उठ्थ्यो
आफैमाथि चिप्लेटी खेलेर नदीहरू
मेरा रहरका ओठहरूसँगै उर्लिरहन्थ्यो
तँछाडमछाड गरेर झरिरहन्थ्यो इन्द्रेनी
के थिएन र मसँग!

कहिलेकाहीँ सबै थोक भएर पनि
शरणार्थी बन्नुपर्दो रहेछ
दास बनाउँदो रहेछ सम्पन्नताले
फूलमाया!
सबै थोक भएर
मन नभइदिएको भए मसँग
मेरो कवि डुब्ने थिएन
तिम्रो सौन्दर्यक्रान्तिको चन्द्रमाभरि
गाउने थिएनन् चराहरूले
मेरा आवाजहरू टिपेर
तिम्रा गीतहरू,
उमारिरहन्छु
अभिव्यक्तिका तह-तह खेतहरू
शब्दहरूको शरणमा तिम्रो स्तुति,
हराइरहन्छन् बतास भएर
तिम्रो मायाको जङ्गलमा
मेरो हृदयका जराहरू!
●

## कविको देश

●
निरन्तर कुचीबाट बलात्कृत
क्यानभासहरूमा
रङहरू रोइरहेको देख्दा
मैले कविलाई सोधेँ
किन घाम हतार-हतार
अस्ताउन खोजिरहेको छ
आकाशमा डढेलो लगाउँदै?

अनुहारभरि भय पोतेर
किन उदाइरहेको छ जून
पोखिन नसकेको शीतझैँ
कर्कलोमाथि?

आखिर किन फुल्दैनन्
रङ्गीन सपनाहरू मानचित्रमा
मैले कविलाई पुनः सोधेँ?
कवि एकछिन आफैभित्र
हराउन खोज्यो
त्यो साँझ कति च्यातियो
कति सिइयो
मनका डिलहरू
त्यो कविलाई थाहा छ।
भोलिपल्ट अखबारको
पाँचौँ लहरमा
कुद्दै थिए
मेरा बेलगाम आँखाहरू
अकस्मात् हावा रोकिएझैँ
अकस्मात् बाढी चलेझैँ
देश हराएको बिस्मातमा
कविले आत्महत्या गरेछ।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : केवलचन्द्र लामा

**नाम** : केवलचन्द्र लामा

**जन्ममिति/स्थान** : २०२४ मङ्सिर, दार्जिलिङ

**फोन** : ९८३२०७८३४९, ९८३२५६०४३२

**लेखनप्रारम्भ** : सन् १९८०

**प्रथम प्रकाशन** : *दार्जिलिङ* (***चोकबजार***)

**राष्ट्रिय स्तरमा** : *Sprouting*
(***Knit India through Literature***)

**कृति** : ***खण्ड-अखण्ड*** (खण्डकाव्य, सन् १९९१), ***केवलय*** (कविताहरू, सन् १९९३)

**पुरस्कार/सम्मान** : युग परिबोध गिरी पुरस्कार (सन् १९९३)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : नितान्त आफ्नै सामाजिक ढाँचामा जीवन र जनको पक्षमा हृदयको कुरा हार्दिकत्वले भनिदिने राम्रो र गुलियो स्वर– कविता।

**नजरमा आफै** : चल्ती परिपाटीभन्दा अलि बेग्लै सब थोक पुगेको कविता रच्ने सपनामा के-के नपुगेको उही बासी पाराको कविता लेखिरहने कवि।

**सम्पादकको कलम** : कलापूर्ण आस्तित्विक खोजमा हिँडिरहेका स्रष्टा केवलचन्द्र लामा अत्याधुनिक जीवन्तताका कवि हुन्। कुनै प्रणालीविहीन, कुनै लिखित संविधानहीन जीवनको अभिव्यक्तिमा पनि कुनै विशेष प्रणाली, विधा नहुँदा-नहुँदै पनि कविताको सौन्दर्यात्मक उत्सवले छोइनु, झङ्कृत हुनु कवि केवलचन्द्रको केवलीयपन भन्न मन पराउँछु। जम्मामा आजको जिन्दगीले खोजेको प्रश्नका सुरुचिपूर्ण कलात्मक उत्तरहरू हुन् कवि लामा कविताहरू।

●

*केवलचन्द्र लामा*

# घर

●

घरमा मान्छे मात्र बस्दैन
घरमा सपना पनि बस्छ।

एक कुनामा डल्लो परेर बसिरहन्छ
उमेर निकै ढल्केपछि
एक बिहान अल्पन्छ।

घरको अघिल्लो खिर्कीबाट एउटा सपनाको ज्यान जान्छ।
घरको पछिल्लो दैलोबाट अर्को सपनाको प्राण निस्कन्छ।

कुनै न कुनै सपना सिँगारपटार गरेर
घरमा बसिरहन्छ सधैँ।

*

घरमा मान्छे मात्र बस्दैन
एल्बमको हरेक कोठामा
अतीतहरू खचाखच बस्छन्।
सम्झनाले कहिले घरमा रङ्गपचेरा गर्छ।
सम्झनाले कहिले दसैँलाई रुवाउँछ।

घरको पाठ्यपुस्तकमा वर्तमानकाल मात्र हुँदैन,
भविष्यत्काल पनि हुन्छ।
आँगनको नाङ्गो रूखले भविष्य समातेर उभिइरहन्छ– एक्लै
र कठ्याङ्ग्रिई बस्छ एक्लोपनले।
घाम अस्ताएपछि बूढो घर
आफ्नी बूढी स्वास्नीका आँखाभित्र पस्छ
र पुग्छ कालो ओढारमा, भेट्टाउँछ
एक रास कङ्काल– सूर्योदयको।
भोलिको उज्यालोको कुन्नि कस्तो आसमा
बूढो घर निदाउने सश्रम आतुरीमा हुन्छ
ऐठनका सल्याङमल्याङ कोब्राहरूमाझ।

*

घरमा आकाश पस्छ बर्खाले मातृभाषा भुल्दा।
घरमा पृथ्वी पस्छ बालीले आशा मार्दा।

*

घरमा छोराको तन्नेरी सम्झना सुत्छ राति-राति
जब घर फर्कने बाटो सहिद हुन्छ पल्टनमा।

*

सुट्ठीसारै भएपछि
घर विश्वभ्रमणमा निस्कन्छ
घरमै छोडेर बूढा बा-आमा।
घरमा बाको सुस्केरा र थकान बस्छ
घरमा आमाको आँसु र बिमार बस्छ।

*

हाम्रो घरमा मान्छे मात्र बस्दैन
हाम्रो घरमा वैभवको फोटोकपी बस्छ।
हाम्रो घरमा हर्कबडाइँको निम्नस्तरीय उल्था बस्छ।
हाम्रो घरमा सन्त्रासको व्याकरण बस्छ।
हाम्रो घरमा असुरक्षाको भर्खर छापिएको किताब
र त्यसको पुरानो संस्करण मिलेर बस्छ।

हाम्रो घरमा मान्छे मात्र बस्दैन
हाम्रो घरमा उपर्युल्लिखित सबै शाखा-सन्तानको गुँड नै बस्छ...।
●

## बिहान

●

कालो छालाको ज्याकेट र
कालो चस्मा लाएको काले बिहानले
ऐठनको डरलाग्दो गुन्डाबाट जोगाउँछ हुन त।
तर दिनभरिको ज्यालास्वरूप माग्छ
एक दिनको मजदुरी अनि दिनपछि
कालो पर्दा थुनिएको ओछ्यानमा
उज्यालाको अस्थिपञ्जरले मुसारेर
माग्छ एक चोला समर्पण।

एउटा किच्चक व्यापारी हुन्छ त्यो चमचम हिमाल।
साहू हुन्छन् हरिया चोरबाटाहरू।
ऋण हुन्छ त्यो सुरमय नीलो।
डाका हुन्छ सूर्योदय, तर घाम जन्मँदैन।
एकै जना पनि हुँदैन मलाई बचाउने
उज्यालोको काले छोरोबाट।

मलाई सुत्न दिनोस् गुटुमुटु, बिन्ती
सिरानीमै राखी पुरानो अँध्यारोको
यो नयाँ फुटबल।

●

## कविसन्दर्भ





**साहित्यिक नाम** : भीष्म उप्रेती

**नाम** : भीष्मप्रसाद उप्रेती

**जन्ममिति/स्थान** : २०२४ माघ १३, झापा

**फोन** : ०१-४७८३७९१, ९८४१३०६४३२

**इमेल** : lumana@enet.com.np

**लेखनप्रारम्भ** : २०३८/३९ तिर

**प्रथम प्रकाशन** : *मैले माया गरेँ* (***मिर्मिरे***, २०४५ कार्तिक)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***आकाश खस्यो भने के हुन्छ?, समुद्र र अन्य कविता, अक्षरवर्षा, प्रेमको प्रतिध्वनि, कवितामा पहाड*** (कवितासङ्ग्रह); ***यात्राका केही थुँगा फूल, नीलो पानी र नीला भावनाहरू, लहर-लहरका अक्षरहरू, तेहरान डायरीको एक साता*** (नियात्रा); ***हिँड्दै गर्दा*** (निबन्धसङ्ग्रह)

**पुरस्कार/सम्मान** : बी. बी. सी. युवा कविता उत्सवमा प्रथम (२०४९), राष्ट्रिय कविता महोत्सवमा प्रथम (२०५०), उत्तम-शान्ति पुरस्कार (२०५५), युवा वर्ष मोती पुरस्कार (२०६२)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता अभिव्यक्तिको श्रेष्ठ कलात्मक निकास हो। यसले जीवनको गीत-सङ्गीत र अनुभूति पूरा-पूरा बोकेको हुन्छ, हुनुपर्छ। मेरा लागि त बाँच्ने विभिन्न प्रक्रियाहरू/क्रियाहरू जस्तो श्वासप्रश्वास, खाना, थकाइ र निद्राजस्तै अनिवार्य तत्त्व हो जीवनको। बाँच्न र प्रेम गर्न सिकाउने प्रेरणा हो।

**नजरमा आफैं** : कसैलाई चोट पुऱ्याउन नचाहने तर आफू केही सिर्जनात्मक कार्य गरिरहन चाहने आम मान्छेजस्तै सामान्य रहर भएको मान्छे। एक्लो टापुजस्तो फुत्त माथि पुगेर दुःखी हुन नचाहने तर समूहसँगै माथि चढिरहन मन पराउने मान्छे।

**सम्पादकको कलम** : कवि भीष्म उप्रेतीका कविताहरू जीवनगीत बज्ने सूक्ष्म संवेदनाका प्रेमिल तरङ्गहरू हुन्। अनुभूतिको उच्छ्वालमा चेतनाग्रस्त शब्दक्रीडाको सौन्दर्यमयी सुरुचिपूर्ण आकर्षणले भावकलाई मोहित पार्नु उनको काव्यिक निजत्व हो। र उनी कविताको घनत्वमा केन्द्रित सिर्जनशील उत्कर्षोन्मुख शब्दका जादुगर हुन् भन्न म रुचाउँछु।

●

*भीष्म उप्रेती*

# किताब

●

अचम्म होइन त!
किताबमा छैनन् अक्षरहरू आज।

कहाँ गएछन् अक्षरहरू
एकसाथ, अचानक?

बिहानबिहानै
कालो बादल उठिरहेछ चारैतिरबाट
मैलो बोरा ओढेर सडक–पेटीमा
फोहोरछेउमा सुतिरहेछन् केटाकेटीहरू
अस्पतालको बाहिरपट्टि सडकमा
भयानक रोगले मरिरहेकी छे युवती
टालैटालोले बनाएको मैलो लुगामा
हिमालमा जाडो छल्ने प्रयासमा छन् भरियाहरू
र एक छाक भातमा
आफूलाई बेचिरहेछन् मानिसहरू।

म एक–एक गर्दै सोचिरहेछु सबै दृश्य
चेतनालाई बेस्सरी कोर्रा हान्दै
अमिलिँदै, पाक्दै
हराइरहेछु अनुभूतिको सिङ्गो जङ्गलमा।

कति पढ्नु एकोहोरो किताब मात्र
पत्रपत्र च्यातेर समयलाई
म आज दुःख र मान्छेको जीवन पढ्छु।

किताबमा छैनन् अक्षरहरू आज।

●

# हिउँ

●

बेलुका ओछ्यानमा
ओभानै सुतेको म
बिहान हुँदा हिउँ नै हिउँले पुरिएको थिएँ।

आकाश रिसाएको थिएन
बादल सुकिलो थियो रहरजस्तो
तैपनि हिउँ खसेछ राति
र रातभरि नै एकनास खसेछ
घरभित्र, ओछ्यानमा सिरकभित्र
मायाको न्यानोभित्र
निर्लज्ज छिरेछ हिउँ
र शरीर नामको रूखका हाँगा-हाँगामा थुप्रिएछ
एक-एक गर्दै खसालेछ हरिया पातहरू।

म केवल चिन्ताको नदीले
अलि धेरै छोइएको थिएँ साँझमा
हावाको वेगजस्तै दु:खले
अलि धेरै हिर्काइएको थिएँ साँझमा
म छटपटीका तिखा दाँतहरूले
बेस्सरी टोकिएको थिएँ साँझमा।

यो ठाउँमा चिन्ता
एकै रातमा जमेर हिउँ बन्दो रहेछ
दु:ख र छटपटी
एकै रातमा जमेर हिउँ बन्दो रहेछ
र हिउँले असाध्यै पोल्दो रहेछ।

बेलुका ओछ्यानमा
ओभानै सुतेको म
बिहान हुँदा हिउँ नै हिउँले पुरिएको थिएँ।

●

# मृत्यु

●

कहिलेकाहीँ मलाई
मृत्यु पनि सङ्गीतजस्तो लाग्छ।

त्यसबेला जब
आस्थाहरू पराजित हुन बाध्य हुन्छन्
निर्ममतापूर्वक टुक्रयाइन्छन् सपनाहरू
सङ्कल्प निरीह बन्छ
र पाइला–पाइलामा
सम्झौतामा खण्डित हुन्छ जिन्दगी...

नजिकै कतै सुमधुर धुनजस्तो
मृत्यु बज्छ
र हावामा लहराउँछ सबै दुःख
फूलजस्तो कोमल बन्छ उदासी
सारा थकाइहरू, पीडाहरू
सङ्गीतका तालहरू बन्छन्
लय बन्छ।

नजिकै कतै अनुराग बोकेर
मृत्यु बज्छ
र घामजून सबै अँध्यारो हुन्छ
दृश्यहरू दृश्य हुँदैनन्
आकारहरू आकार हुँदैनन्
तर आभास हुन्छ धुनजस्तो
सङ्गीतजस्तो, मृत्युजस्तो।

ढुकढुकाउँदैमा मात्र बाँचिने हो र?
कहिलेकाहीँ मलाई
मृत्युबोधको झङ्कारले गहिरोसँग छुन्छ
मृत्यु पनि त्यसबेला सङ्गीतजस्तो लाग्छ।

●

## कविसन्दर्भ



**साहित्यिक नाम** : सुधा एम. राई

**नाम** : सुधा राई

**जन्ममिति/स्थान** : २०२४ चैत्र, दार्जिलिङ


**फोन** : ०३५९२-२०१२७५, ०९४३४४२९६८९

**लेखनप्रारम्भ** : सन् १९८०

**प्रथम प्रकाशन** : *भूल* (***गलबन्दी***, सन् १९८०)

**राष्ट्रिय स्तरमा** : *बेसहारा* (सन् १९८६)

**कृति** : ***फूलको यौवन फूलैसित जोड*** (सन् १९९५), ***विरोधाभास*** (सन् २०००), ***पदचिह्न*** (कवितासङ्ग्रह, सन् २००७); ***खलिल जिब्रानका प्रेमपत्रहरू*** (अनुवाद); ***समाधानहीन पाइलाहरू*** (कथासङ्ग्रह, सन् १९९८)



**पुरस्कार/सम्मान** : राज्यस्तरीय खुल्ला कविता प्रतियोगितामा प्रथम (सन् १९९७), स्रष्टा पुरस्कार (सन् १९९९)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : जीवन र जगत्को सन्धानमा उभिएको कला हो। कविता-सिर्जनामा शाश्वतता, पारदर्शिता र इमानदारिता हुनुपऱ्यो, कला तब बाँच्दछ।

**नजरमा आफैं** : खोज्दै छु आफैलाई कविताभित्र– धैर्यसाथ गमेर। कविता लेख्न मात्र होइन, म कवितै भएर बाँच्न चाहन्छु र कवितामै जीवनको अस्तित्व खोजिरहेछु।

**सम्पादकको कलम** : वर्तमान नेपाली कवितावृत्तमा स्रष्टा सुधा एम. राई एक सशक्त आधुनिक प्रक्षेपण हुन्। आफूभित्र अनि आफूवरिपरि एकनास-एकनास साउतीमा बजिरहने नारीमनका झङ्कृतिहरू उनका कविताका अन्तर्वस्तु हुन्। कवि र कविताको सदृश-सौन्दर्यले स्रष्टाप्रतिको भावकीय आस्था यसै-यसै चुलिँदै जान्छ। अझ विचारको गम्भीरतासहित कालिगडी काव्यिक सौन्दर्यसन्धानको विशिष्टीकरणले कवयित्री सुधा आफ्नो सशक्त नवीन पहिचानसहित स्तम्भित कविप्रतिभा हुन् भन्नुमा मलाई कुनै हिचकिचाहट छैन। यहाँ प्रस्तुत गरिएका उनका कविताहरू स्वयम् नै उल्लिखित सत्यका दाबी हुन्।

●

*सुधा एम. राई*

## व्यर्थै गएछु ऐनाको बजारमा

●

व्यर्थै गएछु हेर्न
आफ्नो विम्ब
ऐनाको बजारमा।

सन्चै थियो, दुखेको थिएन, बल्भेको थिएन
मझेरीमा पानीका तप्कनाले खोपिल्टाएजस्तो
समय र साइनोका घाउहरू
बिर्सेकै थिएँ जसरी अरूले
केवल बाँचेथ्यो अतीतका केही डोबहरू।

उफ्!
यो कस्तो भीडको अनुहार
ऐनाको बजारमा
जति भीड टेक्दै जान्छु
मान्छे र ऐनाको अनुहारमा पार्थक्य पाउँछु
भीडमा हराएको आफ्नै अनुहार ऐनासामु भ्रम र द्वन्द्व पाउँछु
हाँस्नुपर्ने कि रुनुपर्ने?
दुबिधा र उद्विग्नताको मन बोकी
बजारको गेटबाहिर निस्कन्छु
मनको घाउ एक हातले सुमसुम्याउँदै
अर्को हातले हराइपठाएको अनुहार छाम्छु।

व्यर्थै गएछु हेर्न
आफ्नो विम्ब
ऐनाको बजारमा।

●

# नारी मीरा बन्छे

●

भर्खरै मात्र मौनताबाट ब्युँझेकी छे
भर्खरै मात्र भ्रान्तिबाट उक्सेकी छे
हो!
ऊ नारी थिई, हो, रहनेछे
यही भूमिका निभाउँदै आजपर्यन्त बाँचेकी छे
तर कसैको अनुग्रहले मुक्त भई
अस्तित्वको चट्टानबाट सम्बोधन गर्दै छे।

जब ऊ छोरी थिई
परिवारको सुखसयलमा आह्लादित भएर
आफूलाई चिन्ने प्रयास गरिन।

जब ऊ पत्नी भई
पतिभन्दा अग्लो र पर केही दृष्टान्त भएन
पतिको चरणधूलि र मर्यादा बचाउन
कर्तव्य उसको शिखरभन्दा सानो थिएन।

जब ऊ बुहारी भई
अपरिचितमाझ परिचय खोज्दै
तिनीहरूको जो हुकुममा कदाचित् पछि परिन।

जब ऊ आमा भई
सिर्जनाको भार स्वयम्मा लादेर
पृथ्वीजत्रो फाँटिलो छातीमा
आफैलाई खोज्न भ्याइन।
एउटै स्वास्नीमान्छे
भिन्दाभिन्दै भूमिका निर्वाह गर्दा
जोबन कहाँ अल्भियो, पोख्यो, बोध भएन
जीवन आफैमा कहाँ चुक्यो, थाहा पाइन
जीवन मिसिनझैँ धावा बोलिरह्यो
प्रत्येक धावामा मिसिन भई
ऊ खर्चिरही।

ऊ नारी थिई
केवल नारी नै रही।

यै धरतीमा शाश्वत र उद्भासित साइनो लिएर
जब प्रकृति–पुरुषले उसको ललाटमा
मायाको चुम्बन भर्छ
हजार कोस दूरत्वमा पनि
जब उसको नाम उच्चारण हुन्छ
तब उसको अन्तःकरण झङ्कृत भई ब्युँझन्छ
नामको प्रत्येक उच्चारणमा
उसको हृदयको स्पन्दन उत्साहित भई फुल्ने गर्छ
पुलकित भई
अनि चियाउँछे...
प्रकृतिजस्तो सुन्दर केही देख्दिन
प्रत्येक पदार्थ र वस्तुको आफ्नै लेबल देख्छे
प्रत्येक भोगाइ र पीडामा शकुन पाउँछे
हो! ऊ नारी नै हो।

ऊ कसैकी छोरी बन्न सक्छे,
ऊ कसैकी पत्नी बन्न सक्छे,
ऊ कसैकी बुहारी बन्न सक्छे,
ऊ कसैकी आमा बन्न सक्छे,
तर जब ऊ कसैकी प्रेमिका हुन्छे
ऊ मीरा बन्छे
नारी मीरा बन्छे।
●

## कविसन्दर्भ



**साहित्यिक नाम** : सञ्जय बान्तवा

**नाम** : सञ्जय बान्तवा

**जन्ममिति/स्थान** : २०२५, दार्जिलिङ-भारत


**फोन** : ०-९४५०५३२९८९

**इमेल** : sanbant@yahoo.com.in

**लेखनप्रारम्भ** : स्कुले जीवनदेखि

**प्रथम प्रकाशन** : सन् १९८५

**राष्ट्रिय स्तरमा** : सन् १९८५



**कृति** : ***विसङ्गतिमा भिक्टिम्स कविताहरू*** (सन् १९८९), ***मोहदंश*** (सन् १९९१), ***महाभिनिष्क्रमण*** (सन् १९९४), ***शब्ददाह*** (सन् २००२), ***त्यो गाउँ/त्यो बस्तीमा*** (कवितासङ्ग्रह, सन् २००७)

**पुरस्कार/सम्मान** : युगपरिबोध गिरी पुरस्कार (सन् १९९२)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता सदा प्रासङ्गिक रहने सत्यका समरूप हुन्।

**नजरमा आफै** : एक सामान्य मान्छे।

**सम्पादकको कलम** : सङ्क्रमणको पीडाबोध, चिन्तन र अन्वेषणबाट काव्यिक दिशाबोध गर्दै नयाँ क्षितिज स्थापनाकै ध्याउन्नमा कविता बाँचेका कवि सञ्जय बान्तवा संवेदनाको गहिराइबाट शिल्पमाधुर्यको विम्ब उक्लँदै कवितामा जीवनको शाश्वत उचाइ चुम्दछन्; जहाँ लाग्छ, उनी हराएको आफूलाई नै भेट्दछन् र अस्तित्वको उत्सव गाउँछन्।

●

*सञ्जय बान्तवा*

# सङ्केत

●

निस्सन्देह उभिएको छु
यो एउटा टापुमा
आफ्नो ओभानो शिर जोगाएर।

ठीक पैतालामुनिबाट डुबाउग्रस्त विस्तार फैलिन्छ
जहाँ–जहाँ पानी बग्दछ।
पानी बोकेर आएको एक पाइला अभावमाथि
उभ्दछु म
यो टापुमा।

यो अग्लाइमा
मेरो जीवितता निर्जन बन्दछ।
आफू अझ अग्लो बन्दै बाँच्न खोज्दाको जङ्गलभित्र
भेट्दछु म सुनसानको बाघ
भीषण भयको अजिँगर।

यो सभ्यताको
महादेशमा।

अवश्य उभिएको छु
यी खुट्टामा
आफ्नो काँधमाथि आफूलाई चढाएर।

हेर्नलाई
यो महाजङ्गलभित्र,
कतै बत्तीको सङ्केत कतैतिर छ कि
कुनै अर्को बस्तीमा।

●

## तिमीलाई मेरो उज्यालोको रिन छ

●

यी हात मैले
काटिनलाई दिएको थिइनँ।

किरणका एक-एक थोपा
एक-एक अँजुलीभरिको मणिजस्तो प्रकाश
दिएर आफ्नो उज्यालो रित्याएको थिएँ।
मेरी आमाको श्रीसम्पत्ति गुमाएर
मेरा बाबुको जायजेथा मासेर
तिम्रा निम्ति आफू सर्वस्व स्वाहा हुन
मैले तिमीलाई कदापि साथ दिएको थिइनँ।

यो आवाज दिएको थिएँ
रङ्ग-कुची, सङ्गीत र ताल दिएको थिएँ
ज्यान दिएको थिएँ/प्राण दिएको थिएँ;
आज अपमान र क्रन्दन पाउन
मैले मरिगए तिम्रो स्वरलाई बुलन्द गरेको थिइनँ।

मैले मेरो त्यो वर्तमान
तिम्रो आजको यो अभिमानका निम्ति
कहिल्यै तर्पण गरेको थिइनँ।

तिमीलाई मेरा सहस्रौं उज्यालोको रिन छ!
आज तिमीसँग म हिसाब माग्दछु–
तिम्रो हातमा
किन अन्धकार शेष छ!

●

## अस्ताउन लागेको सूर्य : एक कविता

●

डुब्न लागेको सूर्य
दिनहरूको पहाडसँगै मान्छेका क्षितिजमा,
यो साँझ

मनहरूमा फेरि अनेकौँ लहडको बादल उठेको छ
सधैँ खोँच परेका यी आँखाहरूको दृश्यबाट।

प्रत्येक भेटमा मलाई बिहानले
एउटा विक्षिप्त दिउँसो भएर सताउँछ
मेरो उपस्थितिका तारहरू अझ कस्सिएर
यो साँझ परिरहेको बेला
यी कल्पनाहरूमा अनेकौँ दुःखको यही गीत बजिरहन्छ।

अस्ताउन लागेको घामले
मेरा निम्ति रातको निःस्तब्धता
छोडेर जान लाग्दा
यो साँझ झर्दै गरेको बेला
मेरा खुसीहरू/जिन्दगीहरू वास खोज्न उडेका छन्
सधैँ कता–कता पुगेको मेरो मनका दूरान्तहरूबाट।
मलाई भने आफ्नो मोहले पटक्कै छोड्दैन,
प्रसङ्ग उठेर सधैँ यही दृश्य र दृष्टान्तहरूको
तरङ्ग भाँचिइरहन्छन्;
म समुद्रको किनारमा उभिएर
जस्तो आफूभित्र छाल उर्लिरहेको छु।
सम्बन्धित मेरा दृष्टिहरू कुदेका छन्
सूर्य अस्ताउने क्षितिजको आडतिर,
जसरी सधैँ मेरा पाइलाहरू
रातको झ्याङ पन्छाउँदै
मेरै निम्ति मात्र उज्यालो घर खोज्दै फर्कन्छन्।

आफूलाई सुमसुम्याइरहने कल्पनाले मलाई कहिल्यै बिर्सँदैन,
म आफ्ना आँखाहरूमा बगेर
डाँडा र पहराको ठोसता छामिरहन्छु
डुबिरहेको सूर्यलाई सङ्केतको बत्ती देखेर
जस्तो म आफूलाई बिर्सँदै
सायद सधैँ यसैले खोजिरहन्छु/खोजिरहेको छु।
●

## कविसन्दर्भ





**साहित्यिक नाम** : श्रवण मुकारुङ

**नाम** : श्रवण मुकारुङ

**जन्ममिति/स्थान** : २०२५ जेठ २६, भोजपुर

**फोन** : ०१-४४२६३९८, ९८४१७४९५२७

**इमेल** : mukarung_shravan@yahoo.com

**लेखनप्रारम्भ** : २०४०/४१ तिर

**प्रथम प्रकाशन** : *आजकाल रानीपोखरीमा* (***उत्साह***, २०४३/४४ तिर)

**राष्ट्रिय स्तरमा** : ,,

**कृति** : ***देश खोज्दै जाँदा*** (२०४९), ***जीवनको लय*** (कवितासङ्ग्रह, २०६०); ***हिउँको दरबार*** (गीतसङ्ग्रह, २०५३); ***यलम्बर*** (नाटक, २०५३); ***फूलको आवाज*** (२०५५), ***निष्कर्ष*** (२०५७), ***Geaso Movement for Equality*** (एलबम, २०६३); ***बिसे नगर्चीको बयान र अन्य कविता*** (भीसीडी, २०६३)

**पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ गीतकार (रेडियो नेपाल, २०४७), राष्ट्रिय कविता महोत्सवमा द्वितीय (२०४८), राष्ट्रिय कविता महोत्सवमा प्रथम (२०५३), युवा स्रष्टा सम्मान (२०५६), रवीन्द्र गीत सम्मान (२०५६), मोहन रेग्मी स्मृति पुरस्कार (२०५९), युवा वर्ष मोती पुरस्कार (२०६०), समय सम्मान (२०६२), लोकेन्द्र साहित्य पुरस्कार (२०६२), जीवन स्मृति पुरस्कार (२०६३), शुभप्रभात काव्य सम्मान (२०६३), स्रष्टा सम्मान (२०६४), विशिष्ट सम्मान (सन् २००७), विशिष्ट सम्मान (सन् २००७)

## दृष्टिसन्दर्भ

**कविताप्रति** : कविता मानिसको उच्चतम कलामध्ये एक हो जसले मानिस स्वयम्लाई सभ्य र सुसंस्कृत बनाउन अहम् भूमिका निर्वाह गर्दछ।

**नजरमा आफै** : सरल तर महत्त्वाकाङ्क्षी।

**सम्पादकको कलम** : शब्दब्रह्मलाई अन्तर्भूत गरेर समयसंवाहक बनी कवितायत्रामा यात्रारत शब्दसारथि कवि श्रवण मुकारुङका कविताहरू उच्च कल्पनाशक्तिका साथ सूक्ष्म संवेदनका कलापूर्ण शालीन प्रकटीकरण हुन्। सृष्टिको सौन्दर्यपूर्ण वैभवका साथ सुन्दर र सरल जीवनको महत्त्वाकाङ्क्षी तिर्खाबाट सिर्जित उनका काव्यिक मूर्च्छनाहरू यथास्थितिविरुद्धका सङ्गीत हुन्; मानवीय नस्लप्रेमका झङ्कार हुन्।

●

*श्रवण मुकारुङ*

## जाडो

●

ल्याम्पपोस्टमुनि आगो तापिरहेछन्– नानीहरू

युगौँदेखि छ– जाडो

उहिल्यै त दाउरा बाल्थे रे ताप्न
बाल्थे रे– पानी र हावा
हामीले बाल्यौँ टायर भत्केका मिनी बसका
बाल्यौँ खबरकागज र राजनेताका पम्प्लेट
आज नानीहरू बालिरहेछन्– धर्मग्रन्थका अन्तिम पृष्ठ
फिल्मफेयर र आधुनिक कविता
के बाल्लान् भोलिका नानीहरू?
के बाल्लान् हँ... ?!

युगौँदेखि छ– जाडो

ल्याम्पपोस्टमुनि आगो तापिरहेछन्– नानीहरू।

●

## पुरानो मानिस

●

यस धरतीको सबभन्दा पुरानो मानिसलाई मार्न
सबभन्दा नयाँ कुरा चाहिन्छ

तिमीसित अब
के छ त्यस्तो कुरा... ?

सुधारिएको प्रजातन्त्र?
गणतन्त्र?

अत्याधुनिक बन्दुक
ट्याङ्क, मिसाइल, रकेटलन्चर
वा–
जैविक हतियार
अथवा–
अन्तर्राष्ट्रिय गीत... ?

घर जलाइदियौ
घरसँगै–
उसका बालबच्चाहरू जले
श्रीमती, दाजुभाइ र इष्टमित्रहरू जले
उसले लगाएको भाङ्ग्रा, भोटो र गादो जल्यो
बक्खु, धोती र हाकुपटासी जल्यो
थाहा छ
ऊ किन जलेन ?

उसलाई आतङ्ककारी भन्यौ
सरकारी गुप्तचर भन्यौ
तिम्रो चरम यातनाले
उसका विनयी हातहरू छिनालिए
निर्दोष आँखा र जिब्रो थुतिए
घाँटी र खुट्टाहरू गिँडिए
उसको पृथिवीजस्तो मुटुलाई
सङ्गिनले उनेर
विजयको हुङ्कार गर्‍यौ
तर थाहा छ
ऊ किन मरेन ?

यस धरतीको सबभन्दा पुरानो मानिसलाई मार्न
सबभन्दा नयाँ कुरा चाहिन्छ

तिमीसित अब
के छ त्यस्तो कुरा... ?

भाषा ?
धर्म ?

जाति
संस्कृति, सम्प्रदाय, राष्ट्रियता
वा–
मानवअधिकार
अथवा–
सुप्रिम अमेरिका?

तिमीसित अब
के छ बाँकी त्यस्तो कुरा... ?
जसले–
यस धरतीको सबभन्दा पुरानो मानिसलाई मार्न सक्छ
के तिमी–
खेतमा धानको गन्धलाई मार्न सक्छौ?
के तिमी–
पहाडमा बतासको गन्धलाई मार्न सक्छौ?
के तिमी–
समुद्रमा पानीको गन्धलाई मार्न सक्छौ?

तिमीसित अब
के छ त्यस्तो कुरा...
भन! के छ?
जसले–
यस धरतीको पसिनाको गहुँगोरो गन्धलाई मार्न सक्छ।
●

# नेपाली कलासाहित्य डट कम प्रतिष्ठान


*संरक्षक*

**द्वारिका श्रेष्ठ, जलेश्वरी श्रेष्ठ**
**उषा शेरचन, गोविन्द गिरी प्रेरणा**

*संस्थापक सल्लाहकार*

**राजीवविक्रम शाह**

*अध्यक्ष*

**मोमिला**

*उपाध्यक्ष*

**राजेश्वर कार्की**

*महासचिव*

**गीता कार्की**

*कोषाध्यक्ष*

**सुरेन्द्र श्रेष्ठ**

*सदस्य*

**कुमार नगरकोटी, सुन्दर बस्नेत, अरुणा वैद्य,**
**फटिकप्रसाद पौडेल, अनन्त वाग्ले, युवराज अर्याल**

*मानार्थ सदस्य*

**एस्पी कोइराला**

*विशिष्ट सदस्य*

**कृष्णराज तिमिल्सिना, महेन्द्रबहादुर गुरुङ, मोहनबहादुर कायस्थ**
**डा. बद्री पोखेल, योगेन्द्रकुमार कार्की, महेशविक्रम शाह**